"समृद्ध राप्ती सोनारीको आधार; शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र दीगो पूर्वाधार"

प्रथम आवधिक विकास योजना

(०७९/८०-०८३/८४)

राप्ती सोनारी गाउँपालिका

अगैया, बाँके

सिद्धार्थ इन्स्टिच्यूट अफ रिसर्च एण्ड कन्सल्टेन्सी सर्भिस प्रा.लि.,
तिलोत्तमा, रुपन्देही

Working Team:

Mr. Ramesh Kumar Adhakari	: Development Planner/Team Leader
Dr. Ramesh Chandra Paudel	: Economist/Financial Analyst
Mr. Har Govinda Pandey	: Sociologist/Community Dev.
Mr. Tikaram Ghimire	: Development expert/GESI Expert
Mr.Tikaram Panthi	: Institutional Development Expert
Senior Er. Krishna Prasad Bhandari	: Infrastructure Dev.Expert
Mr. Kushal Sharma	: GIS Expert
Mr.Bishnu Prasad Ghimire	: Environmental Expert
Mr. Krishna Gyawali	: Computer Operator

Report Prepared by:

Siddhartha Institute of Research and Consultancy Services Pvt.Ltd
Tilottama Municipality, Rupandehi, Nepal
Phone: 9857025863/ 9847038702/9858020889
Email: siracsnepal@gmail.com

Source of Information:

For Attribute Database: Rapti Sonari Rural Municipality Profile – 2075
Report of Central Bureau of Statistics, 2011, 2078

For Spatial Database: Topographical Map- 1998, LRMP Map- 1978,
Landsat Image- 2010 and Field Visit 2022
Google Earth Engine.

संघीय गणतन्त्र नेपाल
N
Sudoorpaschim
Karnali
Gandaki
Bagmati
Province No 1
Lumbini
Province No 2

बाँके
वैजनाथ गाउँपालिका
कोहलपुर नगरपालिका
खजुरा गाउँपालिका
जानकी गाउँपालिका
नेपालगंज उपमहानगरपालिका
डुडुवा गाउँपालिका
राप्तीसोनारी गाउँपालिका
नरैनापुर


बाँके जिल्ला
राप्तीसोनारी गाउँपालिका
N
Salyan
Kohalpur Nagarpalika
Dang
Duduwa Gaunpalika
Narainapur Gaunpalika
INDIA
1
2
3
4
5
6
7
8
9
संकेत
N वडा नम्बर
वडा सीमाना
गाउँपालिका/नगरपालिका सीमाना
जिल्ला सीमाना
अन्तर्राष्ट्रिय सीमाना
Scale
Km
स्रोत: स्थलरुप नक्सा (स्केल १:२५०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग
Projection System: MUTM, Spheroid - Everest 1830
LLRC,2016

कृतज्ञता

राप्ती सोनारी गाउँपालिकाको आवधिक विकास योजना तर्जुमा जस्तो महत्वपूर्ण एवम् दूरगामी महत्व राख्ने कार्यको जिम्मेवारी प्राप्त गरी विभिन्न क्षेत्रको अनुभव प्राप्त विज्ञहरुको परिचालनबाट सन्तोषजनक रुपमा काम सम्पन्न गर्ने अवसर उपलब्ध गराएकोमा प्रथमतः प्रदेश प्रशिक्षण प्रतिष्ठान, लुम्बिनी प्रदेश, नेपालगञ्ज र राप्ती सोनारी गाउँपालिका, बाँके प्रति कृतज्ञता प्रकट गर्दछौं । प्रस्तुत आवधिक योजनामा राप्ती सोनारी गाउँपालिकाको सर्वाङ्गिण विकासका लागि सबै पक्ष समेटेर प्रतिवेदनका रुपमा प्रस्तुत गरिएको छ । विश्वव्यापी रुपमा सोच्ने तथा स्थानीय रुपमा काम गर्ने (Think Globally, Act Locally) भन्ने मान्यता अनुरुप नै राप्ती सोनारी गाउँपालिकासँग सम्बद्ध सबै प्रकारका सम्पदाहरुको उचित संरक्षण र विकास गर्ने उद्देश्यबाट प्रेरित भई यो प्रतिवेदन तयार गरिएको छ । स्थानीय विकासमा स्थानीय परम्परागत सीप, ज्ञान र प्रविधिको मौलिकपनको जगमा टेकेर आधुनिक विकासको थालनी गर्ने अभिप्राय यस आवधिक योजनाको रहेको छ । स्थानीय स्तरमा रहेको परम्परागत सीप, ज्ञान र प्रविधि जो शताब्दीयौं देखि यस स्थान विशेषको भूगोलमा अनुकूलन भएको छ, त्यसलाई नै परिमार्जन गर्दै आधुनिकीकरणको बाटो समाएर स्थानीय विकासका गतिविधि सञ्चालन र प्रवर्द्धन गरिनुपर्दछ । त्यस्तो विकास अभियानमा मात्र स्थानीय जनता सक्रिय हुन सक्दछन्, जन-सहभागिताको सुनिश्चितता हुन्छ र स्थानीय स्रोत र साधनको उचित संरक्षण, परिणाममुखी परिचालन र विनासमुक्त विकास हुन सक्दछ । साथै त्यस्तो परिणाममुखी विकासका परिणामहरुको वितरण पनि समन्यायिक हुँदा मात्र विकास दीगो हुन्छ र सम्बृद्धिलाई भरपर्दो टेवा दिन्छ भन्ने मान्यताबाट यो योजना तर्जुमा भएको छ । हामीलाई विश्वास छ, आम जनता र जनताद्धारा निर्वाचित जनप्रतिनिधिहरुको वर्तमान नेतृत्व अत्यन्त सचेत, जागरुक र गतिशील छ । उहाँहरुकै सक्रीय सहभागीतामा यो आबधिक योजना तलदेखि माथि (Bottom-up Approach) को नमूनामा तयार गरिएको छ । त्यसैले यसको स्वामित्व ग्रहण गर्नका लागि सबै पक्षलाई सहजता हुने विश्वास लिइएको छ । आबधिक योजनाले **"समृद्ध राप्ती सोनारीको आधार, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र दीगो पूर्वाधार"**भन्ने दीर्घकालीन सोँच तय गरेको छ । फलतः यस आबधिक योजनाले निर्दिष्ट गरेका योजनाहरुको कार्यान्वयनबाट राप्ती सोनारी गाउँपालिकाको विकासको स्वरुपमा सकारात्मक परिवर्तन आउने कुरामा हामी आशावादी रहेका छौं । योजनागत अवधारणा निर्माणका चरणमा उत्साहजनक सहभागीता तथा राय सुझाव दिई योजना तर्जुमा कार्यलाई गुणस्तरीय बनाउन अतुलनीय सहयोग गर्नुहुने गाउँपालिकाका निवर्तमान अध्यक्ष श्री लाहुराम थारु, उपाध्यक्ष श्री धनी कुमारी खत्री, वडाध्यक्षहरु, कार्यपालिकाका सदस्यहरु, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत श्री लोक बहादुर शाही प्रति विशेष आभार व्यक्त गर्दछौं । यस आवधिक योजनालाई व्यवहारिक एवं कार्यान्वयनयोग्य बनाउनका लागि योजनाका विभिन्न चरणमा आफ्नो अमूल्य राय सुझाव, सल्लाह प्रदान गर्नुहुने यस पालिकाका नव निर्वाचित अध्यक्ष श्री तप्त बहादुर पौडेल, उपाध्यक्ष श्री मनिषा थारु, वडाध्यक्षहरु, कार्यपालिकाका सदस्यहरु र प्रमुख प्रशासकीय अधिकृत श्री सिंहराज डाँगी प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौ । त्यसै गरी विभिन्न विषयगत समितिका संयोजक एवं सदस्यहरु, निर्देशक समितिका सदस्यहरु, सबै शाखाका शाखा प्रमुख तथा कर्मचारीहरु, विभिन्न राजनैतिक दलका व्यक्तित्वहरु, विभिन्न सामाजिक संघ संस्थाका प्रतिनिधिहरु र शिक्षण संस्थाका प्रमुखहरु समेतको प्रत्यक्ष/अप्रत्यक्ष सहयोगबाट यो आवधिक विकास योजना तर्जुमा गर्ने कार्य यथा समयमा सम्पन्न गर्न सम्भव भएकोले सबै प्रति आभार व्यक्त गर्दछौं । यस गाउँपालिकाको समग्र विकासका लागि बृहत छलफल, स्थलगत अवलोकन, पार्श्वचित्र तयारी, दीर्घकालीन महत्वका योजनाको छनौट र क्षेत्रगत योजनाका विभिन्न रणनीति तर्जुमा गर्ने कार्यमा उल्लेखनीय सहयोग प्राप्त भएकोमा हाम्रो संस्था सम्पूर्ण महानुभावहरु प्रतिआभार व्यक्त गर्दछ ।

राप्ती सोनारी गाउँपालिकाको भौतिक, सामाजिक, आर्थिक लगायतका समग्र विषयवस्तुको विस्तृत रुपमा अध्ययन र विश्लेषण गरी यो योजना तयार गरिएको छ । यो योजना तर्जुमा गर्दा सीमित आर्थिक श्रोतको परिचालनबाट विभिन्न क्षेत्रका विज्ञ एवम् दक्ष जनशक्तिको प्रयोग र नवीनतम प्रविधि तथा उपकरणको माध्यबाट GIS नक्सा तयार गरी पूर्वाधारका सबै विषयहरु, भू-उपयोगको स्थिति, वनजङ्गल, कृषि क्षेत्र, बजार, आवास, जल क्षेत्र, सडक सञ्जाल समेत GIS नक्सामा संकेत गरिएको छ । यस योजनाले गाउँपालिकालाई वार्षिक रुपमा तर्जुमा गरिने गाउँ विकास योजना निर्माण गर्न दिशा निर्देश गर्नेछ भने मध्यकालिन खर्च संरचना आंकलनका लागि पथप्रर्दशक र आधार स्तम्भ हुनेछ भन्ने विश्वास लिइएको छ । गाउँपालिकाबाट योजना तर्जुमा र कार्यान्वयनमा योजनागत अनुशासन कायम राखिएमा गाउँपालिकाले राखेको दीर्घकालि सोँच, लक्ष, उद्देश्य समेत साकार हुनेमा विश्वस्त छौं ।

गाउँपालिकासँग साझेदारी गर्न चाहने विभिन्न संघ संस्था, निजी क्षेत्र, सहकारी क्षेत्र, गैरसरकारी संघ संस्था, दातृ निकायका साथै प्रदेश र संघीय सरकारबाट समेत यो योजनाले परिलक्षित गरेका क्षेत्रमा बजेट प्रवाह हुनेछ, साझेदारीका लागि सहजता हुनेछ ।

अन्तमा, योजनाको तयारीको क्रममा महत्वपूर्ण सल्लाह एवं सुझाव दिनुहुने र यो आवधिक योजना तर्जुमाका लागि कार्यादेश (TOR) दिई योजना तर्जुमाको चरणमा आवश्यक सल्लाह, सुझाव प्रदान गरी सहजीकरण गर्नुहुने प्रदेश प्रशिक्षण प्रतिष्ठान, नेपालगञ्जका निर्देशक श्री गुरु प्रसाद शर्मा र सो कार्यालयका पदाधिकारीहरु प्रति हार्दिक आभार प्रकट गर्दछौं । योजना निर्माणका प्रत्येक चरणमा टोली नेताको हैसियतले योगदान गर्नुहुने श्री रमेश कुमार अधिकारी, स्थानीय शासन विज्ञ श्री टीकाराम घिमिरे, संस्थागत तथा सुशासन विज्ञ श्री टीकाराम पन्थी, आर्थिक विकास विज्ञ डा.रमेश पौडेल, पूर्वाधार विकास विज्ञ वरिष्ठ इन्जिनियर श्री कृष्ण प्रसाद भण्डारी, GIS विज्ञ श्री कुशल शर्मा, सामाजिक विकास विज्ञ श्री हर गोविन्द पाण्डे समेतका विज्ञ व्यक्तित्वहरु प्रति आभारव्यक्त गर्दछु । यसैगरी यस संस्थाका पदाधिकारी एवं विज्ञ सदस्यहरु र कम्प्युटर अप्रेटर श्री कृष्ण ज्ञवाली समेतका संस्थाका सदस्यहरु प्रति आभार व्यक्त गर्दछु ।

लिल बहादुर के.सी.
अध्यक्ष
SIRACS, Butwal

विषय-सूची

कृतज्ञता i

विषय-सूची iii

तालिका-सूची vi

चित्र-सूची viii

संक्षिप्त शब्दार्थ ix

कार्यकारी सारांश x

अ.नेपाली

आ.अंग्रेजी xv

परिच्छेद-१

परिचय

१.१ पृष्ठभूमि १

१.२ भौगोलिक, आर्थिक र सामाजिक स्थिति १

१.२.१ भूगोल १

१.२.२ जनसंख्या ४

१.२.३ भूमिको उपयोग ८

१.२.४ आर्थिक क्षेत्रको स्थिति १०

१.२.५ सामाजिक क्षेत्रको स्थिति १५

१.२.६ भौतिक पूर्बाधार अवस्था २४

१.२.७ वन तथा वातावरण २८

१.२.८ संस्थागत व्यवस्था ३४

१.३ पालिका समृद्धिको आधार ३८

१.४ योजना तर्जुमाका मार्गदर्शक आधारहरु ३८

१.५ योजना तर्जुमा विधि ३९

परिच्छेद-२

विगतका योजनाको क्षेत्रगत समीक्षा तथा स्थिति विश्लेषण

२.१ आर्थिक ४५

२.२ सामाजिक ४७

२.३ भौतिक पूर्बाधार ४८

२.४ वन, वातावरण तथा विपद व्यवस्थापन ५१

२.५ संस्थागत विकास र सुशासन ५२

२.६ वजेट विश्लेषण ५३

परिच्छेद-३

आवधिक योजना खाका

३.१ पृष्ठभूमि ५६

३.२ अवसर र चुनौती ५७

३.३ पन्ध्रौ योजनाको सोच र लक्ष्य ६०

३.४ प्रादेशिक प्रथम योजनाको सोच र लक्ष्य ६१

३.५ तीनै तहका आवधिक विकास योजना बीचको अन्तर सम्बन्ध र तादाम्यता ६१

३.६ पालिकाको दीर्घकालिन सोच ६२

३.७ लक्ष्य ६३

३.८ उद्देश्य ६३

३.९ प्रमुख परिमाणात्मक लक्ष्य ६४

३.१० रणनीति तथा कार्यनीति ६५
३.११ प्रमुख कार्यक्रम ६८
३.१२ नतिजा खाका ७०
३.१३ अपेक्षित उपलब्धी ७८

परिच्छेद-४

आर्थिक विकास

४.१ कृषि विकास ७९
४.२ पशुपन्छी विकास ८१
४.३ घरेलु तथा साना उद्योग ८४
४.४ वन पैदावार तथा खनिज सम्पदा ८५
४.५ पर्यटन विकास ८८
४.६ सहकारी विकास ९०
४.७ वाणिज्य तथा आपूर्ति ९२
४.८ श्रम तथा रोजगार र गरिबी निवारण ९४

परिच्छेद-५

सामाजिक विकास

५.१ शिक्षा १०५
५.२ स्वास्थ्य सेवा १०८
५.३ महिला, जेष्ठ नागरिक तथा फरक क्षमता १११
५.४ दलित, उत्पीडित वर्ग उत्थान ११६
५.५ आदिवासी जनजाति विकास ११८
५.६ बालबालिका, वाल अधिकार तथा वाल संरक्षण ११९
५.७ युवा, खेलकूद तथा संस्कृति १२१
५.८ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण १२६
५.९ खानेपानी तथा सरसफाई १२८

परिच्छेद-६

भौतिक पूर्वाधार विकास

६.१ सडक तथा यातायत क्षेत्र १३७
६.२ सञ्चार तथा सूचना प्रविधि १४४
६.३ विद्युत्त तथा उर्जा १४६
६.४ भवन तथा वस्ति विकास १४७
६.५ सिँचाई १५१
६.६ नदी नियन्त्रण १५३

परिच्छेद-७

वन, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन

७.१ वन विकास तथा वातावरण संरक्षण १६१
७.२ जैविक विविधता १६७
७.३ पार्क तथा खुल्ला क्षेत्र १७०
७.४ सीमसार तथा जलाधार क्षेत्र १७१
७.५ जलवायु परिवर्तन तथा अनुकूलन रणनीति १७४
७.६ विपद् व्यवस्थापन १७६

परिच्छेद-८

संस्थागत विकास तथा सुशासन

८.१ संथागत सुशासन, सेवा प्रवाह तथा क्षमता विकास १८४
८.२ वित्तीय सुशासन १८९

८.३ न्याय प्रणाली १९१
८.४ नवितम प्रविधिको प्रयोग १९३
८.५ शान्ति सुरक्षा १९४
८.६ अनुगमन तथा मूल्यांकन पद्धतिमा सुधार १९५
८.७ तथ्यांक प्रणाली १९७
८.८ सामुदायिक-गैसस-साझेदारी १९९

परिच्छेद-९
वित्तीय विश्लेषण

९.१ पालिकाको विगत ३ बर्षको वजेट विश्लेषण २०६
९.२ आवधिक योजनाको बजेट अनुमान २०९
९.३ स्रोत परिचालन २३३

परिच्छेद-१०
कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

१०.१ कार्यान्वयन कार्ययोजना २३६
१०.२ अनुगमन तथा मूल्याङ्कन २६१
१०.३ नतिजामा आधारित अनुगमन ढाँचा अनुसार वार्षिक समीक्षा २६३
१०.४ मध्यावधि मूल्याङ्कन २७१
१०.५ अन्तिम मूल्याङ्कन २७२

समग्र निष्कर्ष **२७३**
सन्दर्भ सामाग्री **२७५**
अनुसूचिहरु **२७६**
अनूसूचि १ : पालिकाका गौरब तथा रुपान्तरणकारी योजना तथा प्रमुख कार्यक्रम २७६
अनुसूचि २ : परियोजना बैंक २७८
अनुसूचि-३ : PDP तर्जुमाका क्रममा भएका छलफल कार्यक्रम तथा विभिन्न गोष्ठीका परिदृष्य २८२
अनुसूचि-४ : PDP तर्जुमाको क्रममा भएका छलफल तथा गोष्ठीको उपस्थिति विवरण २८५

तालिका-सूची

तालिका नं. १.१ : मासिक औसत अधिकतम तथा न्यूनतम तापक्रम र वर्षाको विवरण २
तालिका नं. १.२ : गा.वि.स.का वडा विभाजन ३
तालिका नं. १.३ : वडा अनुसार मुख्यमुख्य टोल बस्तीहरू ३
तालिका नं. १.४ : वडागत जनसङ्ख्या तथा घरधुरी विवरण ४
तालिका नं. १.५ : उमेरगत जनसङ्ख्या ५
तालिका नं. १.६ : जातीय आधारमा वडागत घरधुरी ६
तालिका नं. १.७ : धर्मको आधारमा घरधुरी ६
तालिका नं. १.८ : मातृभाषाका आधारमा घरधुरी ६
तालिका नं. १.९ : मुख्य पेसाका आधारमा जनसङ्ख्या ७
तालिका नं. १.१० : शारिरिक/मानसिक असक्तता अनुसार जनसङ्ख्या ७
तालिका नं. १.११ : व्यक्तिगत घटना (पञ्जिकरण) सम्बन्धी विवरण ८
तालिका नं. १.१२ : भूमिको उपयोग सम्बन्धी विवरण ८
तालिका नं. १.१३ : जमिन उपभोगको आधारमा घरधुरी विवरण ९
तालिका नं. १.१४ : पशु/कृषि सेवा केन्द्रहरूको विवरण १२
तालिका नं. १.१५ : घरको वार्षिक औसत आम्दानी १२
तालिका नं. १.१६ : वार्षिक आम्दानीको आधारमा घरधुरी विवरण १२
तालिका नं. १.१७ : खाद्य आत्मनिर्भरताको आधारमा घरधुरी विवरण १३
तालिका नं १.१८ : स्वघोषणाको आधारमा विभिन्न आर्थिक अवस्थाका घरधुरी विवरण । १३
तालिका नं. १.१९ : प्रमुख पर्यटकीय स्थलहरू १४
तालिका नं. १.२० : प्रमुख धार्मिक स्थलहरूको विवरण १४
तालिका नं. १.२१ : राप्ती सोनारी गाउँपालिकाका विद्यालयहरुको विवरण १५
तालिका नं. १.२२ : कक्षागत विद्यार्थी विवरण १६
तालिका नं. १.२३ : जम्मा विद्यार्थी संख्या र बिद्यालयहरुमा उपलब्ध सेवाहरु १६
तालिका नं. १.२४ : स्वास्थ्य संस्थाहरु सम्वन्धी बिवरण १८
तालिका नं. १.२५ : स्वास्थ्य सेवाका लागि जनशक्ति विवरण १९
तालिका नं. १.२६ : प्राथमिकता प्राप्त स्वास्थ्य सेवाहरुको केही सूचकांक १९
तालिका नं. १.२७ : शीर्ष १० रोगहरुको अवस्था २०
तालिका नं. १.२८ : ३ वर्षमा स्वास्थ्य क्षेत्रमा प्रवाह भएको बजेट विवरण २०
तालिका नं. १.२९ : पानीको मुख्य श्रोत २१
तालिका नं. १.३० : शौचालयको किसिम २२
तालिका नं. १.३१ : बाल क्लबहरुको विवरण २३
तालिका नं. १.३२ : सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको विवरण २३
तालिका नं. १.३३ : स्थानीय मेलाहरूको विवरण २४
तालिका नं. १.३४ : राप्ती सोनारी गाउँपालिकाका सडकहरुको वडागत बिवरण २५
तालिका नं. १.३५ : खाना पकाउने इन्धनका स्रोतहरू २६
तालिका नं. १.३६ : बत्ती बाल्ने इन्धनका स्रोतहरू २७
तालिका नं. १.३७ : घरको छानाको अवस्था २८
तालिका नं. १.३८ : सामुदायिक वनहरुको विवररण २९
तालिका नं. १.३९ : प्रमुख नदी, खोला तथा तालहरू ३०
तालिका नं. १.४० : पार्क तथा उद्यानहरुको विवरण ३२
तालिका नं. १.४१ : राप्ती सोनारी गाउँपालिकामा सम्भावित विपद्का प्रकार तथा स्तरीकरण ३३
तालिका नं. १.४२ : विपद् व्यवस्थापनमा क्षमता अभिवृद्धि उत्थानशील क्रियाकलापहरुको विवरण ३३
तालिका नं. १.४३ : गाउँपालिका तथा बडा कार्यालयको स्विकृत स्थाई दरवन्दी विवरण ३४
तालिका नं. १.४४ : संस्थागत क्षमता स्व-मूल्यांकन ३६
तालिका नं. १.४५ : गाउँपालिकामा रहेका प्रहरी इकाईहरूको विवरण ३७

तालिका नं. १.४६ : क्लब तथा समूहहरूको विवरण ३७
तालिका नं. ३.१ : पाँच वर्षको प्रमुख परिमाणात्मक लक्ष्य ६४
तालिका नं. ३.२ : आवधिक विकास योजनाको एकीकृत नतिजा खाका ७०
तालिका नं. ४.१ : आर्थिक विकासको नतिजा खाका ९८
तालिका नं. ५.१ : सामाजिक विकासको नतिजा खाका १३२
तालिका नं. ६.१ : राप्ती सोनारी गाउँपालिकाको प्रमुख सडकहरु १३८
तालिका नं. ६.२ : प्राथमिता क्रममा रहेका सडकहरुको विवरण १३९
तालिका नं. ६.३ : भौतिक पूर्वाधारको नतिजा खाका १५७
तालिका नं. ७.१ : वन, वातावरण संरक्षण तथा विपद् व्यवस्थापनको नतिजा खाका १८०
तालिका नं. ८.१ : संथागत विकास, सेवा प्रवाह तथा सुशासनको नतिजा खाका २०१
तालिका नं. ९.१ : गाउँपालिकाको सार्वजनिक खर्चको विवरण २०७
तालिका नं. ९.२ : गाउँपालिकाको राजश्व तथा आयस्रोतको विवरण २०८
तालिका नं. ९.३ : आन्तरिक आय प्रक्षेपण २०९
तालिका नं. ९.४ : लगानीका विभिन्न श्रोतहरुको प्रक्षेपण २१०
तालिका नं. ९.५ : प्रक्षेपित खर्च तथा कार्यक्रमगत लगानीको विवरण २११
तालिका नं. १०.१ : जिम्मेवारी सहितको योजना कार्यान्वयन तालिका २३८
तालिका नं. १०.२ : आवधिक योजनाको अनुगमन तथा मूल्यांकन प्रक्रिया २६२
तालिका नं. १०.३ : आवधिक योजनाको नतिजामूलक अनुगमन तथा मूल्यांकन खाका २६४

चित्र-सूची

चित्र नं. १.१ : भू-धरातलीय स्वरुप २

चित्र नं. १.२ : पालिकाको प्रशासनिक विभाजन ४

चित्र नं. १.३ : जनसंख्या वितरण ५

चित्र नं. १.४ : भू-उपयोगको अवस्था ९

चित्र नं. १.५ : तरकारी तथा फलफूल पकेट क्षेत्र १०

चित्र नं. १.६ : कृषि पकेट क्षेत्र ११

चित्र नं. १.७ : शैक्षिक संस्थाहरु १७

चित्र नं. १.८ : स्वास्थ्य संस्थाहरु १९

चित्र नं. १.९ : खानेपानी टंकी २२

चित्र नं. १.१०: सडक सञ्जाल २६

चित्र नं. १.११ : विद्यमान सिँचाई प्रणाली २८

चित्र नं. १.१२ : नदी प्रणाली तथा जलाधार क्षेत्र ३०

चित्र नं. १.१३ : पार्क तथा खुल्ला क्षेत्र ३२

चित्र नं. १.१४: विपद् जोखिम क्षेत्र ३४

चित्र नं. १.१५ : लेखाजोखावाट प्राप्त नतिजा माकुरेजालोमा ३६

चित्र नं. १.१६ : सुरक्षा सेवा ३७

चित्र नं. १.१७ : अध्ययन विधि ३९

चित्र नं. ३.१ : योजनाको मान्यता ५६

चित्र नं. ३.२ : तीनै तहका योजना बीचको अन्तर सम्बन्ध ६२

चित्र नं. ४.१ : प्रस्तावित पर्यटन मार्ग ८८

चित्र नं. ६.१ : प्राथमिकता प्राप्त सडकहरु १३९

चित्र नं. ६.२ : बसोबास तथा नमूना शहर १४९

चित्र नं. ६.३ : नदी नियन्त्रण १५६

चित्र नं. ७.१ : सीमसार क्षेत्र १७३

चित्र नं. १०.१: योजना/कार्यक्रम M&E का ५ वटा पक्षहरु २७२

संक्षिप्त शब्दार्थ

आ.व.	आर्थिक वर्ष
कि.मी .	किलो मीटर
कि.वा.	किलोवाट
गा.पा	गाउँपालिका
गा.वि.स.	गाउँ विकास समिति
गैसस	गैर सरकारी संस्था
नि.मा.वि.	निम्न माध्यमिक विद्यालय
मा.वि.	माध्यमिक विद्यालय
मी.	मीटर
मे.ट.	मेट्रिक टन
लैससास	लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण
सा.व.उ.समिति	सामुदायिक वन उपभोक्ता समिति
CBS	Central Bureau of Statistics
CFUG	Community Forest Users' Group
CTEVT	Council for Technical Education and Vocational Training
DEM	Digital Elevation Model
DPR	Detail Project Report
DRMP	Disaster Risk Management Plan
EA	Environmental Assessment
EIA	Environmental Impact Assessment
FAR	Floor Area Ratio
FGD	Focus Group Discussion
GDP	Gross Domestic Product (कूल ग्राहस्थ उत्पादन)
GESI	Gender Equality and Social Inclusion
GHGs	Green House Gases
GIS	Geographical Information System
GPS	Global Positioning System
Ha	Hectare
HH	Household
ICT	Information and Communications Technology
IEE	Initial Environment Examination
IT	Information Technology
KII	Key Informant Interview
NTFPs	Non Timber Forest Products
NEA	Nepal Electrician Authority
NBC	National Building Code
PPP	Public Private Partnership
RM	Rural Municipality
RoW	Right of Way
RTMP	Rural Transport Master Plan
SDG	Sustainable Development Goals
SRN	Strategic Road Network
SWOT	Strength Weakness Opportunity and Threats
3R	Reduce, Reuse, Recycle
TOR	Terms of Reference
WASH	Water Sanitation and Hygiene

कार्यकारी सारांश

नेपालको संविधानले राज्यको पुनर्संरचना गरी संघ, प्रदेश र स्थानीय तहमा अधिकारको बाँडफाँड गरेपछि आफ्नो भौगोलिक सीमा भित्र संविधानको अनुसूची बमोजिमका अधिकारहरुको निर्वाध प्रयोग गर्न सकिने संवैधानिक व्यवस्था अनुसार स्थानीय तहको समग्र विकास र जनताको जीवनस्तरमा आशातीत सुधार ल्याउने उद्देश्यबाट स्थानीय तहहरु योजनाबद्ध ढङ्गले अगाडी बढिरहेको अवस्था छ । पालिकावासीहरुलाई खुसी र समृद्ध बनाउने महान् सोँचलाई निश्चित अवधि भित्र अपेक्षित उपलब्धी हासिल गर्न राप्ती सोनारी गाउँपालिकाबाट विविध प्रयास भैरहेको सन्दर्भमा योजनागत अनुशासनको परिपालना सहित विकासको गतिलाई तीव्रता दिने उद्देश्यले यो आवधिक विकास योजना तर्जुमाको कार्य अगाडि बढाइएको हो ।

योजना तर्जुमाको तयारी चरणमा गाउँपालिकाका सम्पूर्ण पदाधिकारी, कर्मचारी, पालिका क्षेत्र भित्र रहेका विभिन्न राजनैतिक दल एवं सरोकारवाला व्यक्ति, संघ संस्था, विभिन्न निकायका प्रतिनिधिका साथै योजना विद्, विज्ञ समूह समेतको भव्य उपस्थितिमा यसको शुभारम्भ गरिएको हो । अगैया स्थित गाउँपालिकाको सभाहलमा आयोजित सो अभिमुखीकरण तथा कार्यशाला गोष्ठी कार्यक्रममा अभिव्यक्त भएका महत्वपूर्ण राय, परामर्श, सुझाव तथा विचारहरु योजना तर्जुमाका लागि महत्वपूर्ण रहे । यस गोष्ठीमा उपस्थित भेलाबाट विभिन्न विषयगत समिति गठन गर्नुका साथै पालिकाका अध्यक्षको संयोजकत्वमा निर्देशक समिति समेत गठन गरिएको हो । कार्यशाला गोष्ठीमा पाँच वटै क्षेत्रगत समितिहरु बीच आ-आफ्ना क्षेत्रका विषयगत योजना तर्जुमाका लागि विस्तृत छलफल, अन्तरक्रिया र समूहगत प्रस्तुती पश्चात योजनाको प्रारम्भिक खाका तयार भएको हो । योजना तर्जुमाका लागि अति आवश्यक पर्ने गाउँपालिकाको पार्श्वचित्र अद्यावधिक गर्ने क्रममा गाउँ कार्यपालिकाका वडाध्यक्ष, वडासदस्य, पालिकावासी, टोल विकास संस्था, सहकारी, वन उपभोक्ता समिति, सिँचाई समिति, समाजसेवी, सामाजिक अगुवा, नागरिक समाज समेतका बुद्धिजीवि व्यक्तित्वहरुसँग छलफल, अन्तरक्रिया गर्नुका साथै ९ वटै वडाहरुको अध्ययन, अवलोकन, नक्सांकन गरिएको छ । यस क्रममा GIS Expert, इन्जिनियर, वातावरणविद्, अर्थशास्त्री, समाजशास्त्री, सुशासनविद् लगायतका विषय-विज्ञहरु परिचालन भएका छन् । पालिका क्षेत्रको भू-उपयोग, सडक लगायतका पूर्वाधारको अवस्था, सामाजिक, साँस्कृतिक, वातावरणीय तथा विपद् जोखिम क्षेत्र समेतको अध्ययन अवलोकन गरी यथार्थ र वस्तुगत सूचना संकलन गरिएको छ । गाउँपालिकाको यही वस्तुगत विवरणको आधारमा विद्यमान अवस्थाको आंकलन, SWOT Analysis, भू-उपयोगको अवस्था अनुसार विषयगत क्षेत्रको Zoning, श्रोत आंकलन जस्ता विषयहरुलाई ध्यानमा राखी यो आवधिक विकास योजना तर्जुमा गरिएको छ । यस योजनामा भू-उपयोगको अवस्था लगायत भौतिक, सामाजिक, आर्थिक, वातावरणीय र विपद् जोखिम, संस्थागत क्षमता विकास, आर्थिक तथा वित्तीय विश्लेषण, कार्यक्रम कार्यान्वयन योजना तथा अनुगमन तथा मूल्यांकन सम्बन्धी व्यवस्था, नतीजामा आधारित खाका (Log-frame),अनुमानित लागत विवरण र बहुक्षेत्रगत लगानी योजना समेत समावेश गरिएको छ । पालिकालाई समृद्धिको दिशा तर्फ स्तरोन्नती गर्ने सन्दर्भमा रोजगारी श्रृजना, उत्पादनमा बृद्धि र पालिकाबासीको आय स्तरमा सुधार ल्याउने उद्देश्यबाट शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार क्षेत्रलाई अग्रणी क्षेत्रको रुपमा राखी यी क्षेत्रहरुको विकासका लागि विभिन्न कार्यक्रमहरु समावेश गरिएको छ । आवधिक विकास योजना तर्जुमाका क्रममा **"समृद्ध राप्ती सोनारीको आधार, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र दीगो पूर्वाधार"** भन्ने दीर्घकालीन सोँच अनुमोदन भई सो सोँच अनुरुप आगामी ५ वर्षका लागि परिमाणात्मक लक्ष्य र उद्देश्य एवं रणनीतिहरु तय गरिएका छन् । यीनै लक्ष्य तथा उद्देश्य तर्फ परिलक्षित राप्ती सोनारी गाउँपालिकाको आवधिक विकास योजनाका सम्पूर्ण विषयवस्तुलाई दश (१०) वटा परिच्छेदमा प्रस्तुत गरिएकोछ ।

परिच्छेद-१ को परिचय शीर्षकमा पालिकाको परिचय सहित आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वातावरण र संस्थागत व्यवस्थाको वर्तमान अवस्थाको वस्तुस्थिति विश्लेषण गरिएको छ । त्यसैगरी पालिकाको समृद्धिको आधार, योजना तर्जुमाका मार्गदर्शक आधारहरु र योजना तर्जुमा विधि समेतको चर्चा पनि यसै परिच्छेदमा गरिएको छ ।

बाँके जिल्लाका ८ वटा पालिका मध्य जिल्लाको पूर्व उत्तर अवस्थित १०४१.८२ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस गाउँपालिकाको नामाकरण राप्ती नदी र चुरेको तलहटीमा बसेको सुनार क्षेत्र (सोनारी) को नामबाट भएको हो । साविकमा ६ वटा गा.वि.स.हरु मिलाई बनेको राप्ती सोनारी गाउँपालिकामा हाल ९ वटा वडाहरु रहेका छन् । पालिकाको वस्तुस्थिति विवरण-२०७५ अनुसार यहाँको कूल जनसंख्या ६७२९४ रहेको छ, जसमध्ये पुरुषको संख्या

३४१६८ र महिलाको संख्या ३३१२६ रहेको छ । १२६७७ घरधुरी रहेको यस पालिकाको ८.६४% भू-भाग कृषि क्षेत्र, ७९.७९% भू-भाग वनजंगल क्षेत्र, ५.८७% झाडी तथा घाँसे मैदान र ०.९७% भू-भाग खोला तथा पानीले ढाकिएको छ । पालिकावासीको मुख्य पेशा कृषि रहेको छ, तर पनि कृषिलाई व्यवसायीकरण र आधुनिकीकरण गर्न सकिएको छैन । विभिन्न पूर्वाधारहरुको कमिले गर्दा गैर कृषि क्षेत्रका आर्थिक गतिविधिहरु खासै सञ्चालनमा आउँन सकेको अवस्था छैन । जैविक विविधता र प्राकृतिक सौन्दर्यताको धनी यस पालिकामा पर्यटन प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालन गर्न सकिने अवस्था छ । यस योजनाको कार्यक्रममा प्रस्ताव गरिए अनुसार पर्यटन मार्ग निर्माण गर्ने र उक्त पर्यटन मार्गमा विभिन्न संरचनाहरु जस्तै-होमस्टे, होटल, मोटल सहितको पर्यटकीय आवास, जंगल सफारी तथा ऱ्याफ्टीङ्ग, फिसिङ्ग जस्ता क्रियाकलापहरुको आवश्यक व्यवस्थापन गर्न सकेमा यसबाट आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्न सकिने अवस्था छ । यस पालिकामा २ वटा क्यापम्स, २२ मा.वि., ५० आधारभूत तहका विद्यालयहरु र ७२ प्रारम्भिक बालविकास केन्द्र सञ्चालनमा छन् । यस पालिकाको ५ वर्ष भन्दा माथिको साक्षरता दर ९६.३४ % रहेको छ । स्वास्थ्य संस्था तर्फ १५ शैयाका एक अस्पताल, ३ वटा आधारभूत स्वास्थ्य केन्द्र, ५ वटा स्वास्थ्य चौकीहरु रहेका छन् । खानेपानी तर्फ ९.७% परिवारलाई पाइपबाट पिउने पानीको सुविधा उपलब्ध छ भने यो पालिका खुल्ला दिशामुक्त घोषणा भइसकेकोछ । २ वटा इलाका प्रहरी कार्यालय र ५ वटा प्रहरी चौकीहरुबाट पालिका/वडाहरुको समन्वयमा शान्ति सुरक्षाको व्यवस्थापन भैरहेकोछ । यस पालिकामा हाल क, ख, ग र घ क्षेणीमा गरी जम्मा २७६ कि.मी. सडक निर्माणको चरणमा छ, तर सबै सडक पक्की गर्न भने सकिएको छैन । पालिकाका गाउँवस्तीहरु छरिएर रहेको अवस्थामा छन्, बजारहरुलाई व्यवस्थित गराउन सकिएको छैन । यस पालिकाको अति महत्वपूर्ण सम्पत्तिको रुपमा वन क्षेत्र रहेको छ । यस पालिकामा ७४ वटा सामुदायिक वनहरु रहेका छन् । राष्ट्रिय गौरवको रुपमा रहेको बाँके राट्रिय निकुन्ज र मध्यवर्ति क्षेत्रको अधिकांश भाग यसै पालिकामा पर्दछ ।

हाल गाउँपालिकाको आफ्नै नयाँ भवन निर्माण भैसकेको छैन । साविकका ६ वटा गा.वि.स.हरु रहेको स्थानमा हाल वडा कार्यालयहरु सञ्चालनमा छन् । इन्टरनेटको सजह पहूँच नहुँदा पालिकासँग वडाहरुको नेटवर्किङ्ग गर्न सकिएको छैन । चुस्त दुरुस्त कार्यसम्पादन र सेवा प्रवाहमा यो पालिका प्रयत्नशील छ । ०७७/०७८ को स्व-मूल्यांकनमा यस पालिकाले ४९ % अंक प्राप्त गरेको अवस्था छ ।

यसै परिच्छेदको दफा १.३ अनुसार पालिकाको समृद्धिको आधार उल्लेख गरिएको छ । यो पालिकाको समृद्धिको लागि जैविक विविधता, प्राकृतिक सौन्दर्यता, साँस्कृतिक विविधता जस्ता महत्वपूर्ण पक्षहरुको संरक्षण र सम्वर्द्धन गर्ने, कृषिलाई आधुनिकीकरण र व्यवसायिकीकरण गर्ने, पर्यटकीय पूर्वाधारहरु निर्माण गरी पर्यटन प्रवर्द्धन गर्ने, आवश्यक भौतिक पूर्वाधारहरुको व्यवस्था गरी गैर कृषि क्षेत्रका आर्थिक क्रियाकलाप सञ्चालन गर्ने जस्ता कार्यबाट रोजगारी सिर्जना र आर्थिक वृद्धि हुन सक्ने देखिएकोले यी पक्षहरुलाई यस योजनामा समृद्धिको आधारको रुपमा लिएकोछ ।

प्रस्तुत योजना तयार गर्दा विभिन्न प्रक्रियागत र नीतिगत आधारहरु लिएको छ । नीतिगत आधार मध्य नेपालको संविधान, नेपाल सरकारको पन्ध्रौ योजना, दीगो विकासको लक्ष्य, प्रदेश सरकारको प्रथम आवधि योजना, योजना तर्जुमा दिग्दर्शनहरु र विभिन्न ऐन, नियम, कार्यविधिहरुको आधार लिइएको छ । प्रथम परिच्छेदको अन्तमा यो आवधिक योजना तर्जुमा विधिलाई स-विस्तार वर्णन गरिएको छ ।

परिच्छेद-२ को विगतका योजनाको क्षेत्रगत समीक्षा तथा स्थिति विश्लेषण शीर्षक अन्तरगत ५ वटै क्षेत्रगत विकास योजनाको विगतका प्रयासहरु बारे छुट्टा-छुट्टै विश्लेषण गरिएको छ । गत तीन आ.व.मा यस पालिकाको समग्र आम्दानी खर्चको स्थिति र श्रोत विश्लेषण पनि यसै परिच्छेदमा राखिएको छ ।

२०७३ सालमा साविकका ६ वटा गा.वि.स.हरु मिलाई बनेको यस गाउँपालिकाको यो आवधिक योजना नै योजना व्यवस्थापनको पहिलो शुरुवात हो । क्षेत्रगत योजनाको विश्लेषण गर्दा विगत तीन वर्षका वार्षिक नीति तथा कार्यक्रम पुस्तिकाको अवलोकनको आधारमा विभिन्न उप-क्षेत्रहरुमा भएको लगानी र उपलब्धीको विश्लेषण गरिएको छ । आवधिक योजनाको अन्तिम वर्ष यस पालिकाको कूल जनसंख्याको आकार सूत्रबद्ध रुपमा निकाल्दा ७२३२३ हुने देखिन्छ । वृद्धि हुने यो जनसंख्यालाई आवश्यक पर्ने खाद्य सुरक्षा, आवास, शिक्षा, स्वास्थ्य, खानेपानी, सडक जस्ता सेवा तथा पूर्वाधारहरुको आपूर्तिमा चुनौती थपिनेछ । साथ-साथै वातावरण संरक्षण, जलवायु परिर्वतन तथा अनुकूलन, विपद् व्यवस्थापन, सामाजिक समावेशीकरण, संस्थागत क्षमता विकास जस्ता पक्षहरुमा योजनाबद्ध ढङ्गले अघि बढी व्यवस्थापन गर्नु पनि त्यत्तिकै चुनौती छ ।

यस परिच्छेदको अन्तमा विगत तीन वर्षको बजेट विश्लेषण गरिएको छ । आन्तरिक श्रोतको अंश कम रहेको यो पालिकाको मुख्य श्रोत नै अन्तर सरकारी वित्तीय हस्तान्तरण शीर्षकमा प्राप्त हुने अनुदान देखिन्छ, जस्को अंश सरदर ५९% रहेको छ । गाउँपालिकाको विगत तीन वर्षको कूल आयलाई विश्लेषण गर्दा वार्षिक सरदर १०% वृद्धि भएको देखिन्छ भने खर्च तर्फ विगत दुई वर्षमा केही रकम मौज्दात देखिदा खर्च गर्ने क्षमतामा सुधार आउँन जरुरी छ । राजश्वको दायरालाई फराकिलो बनाउने, अन्तर स्थानीय तह बीच साझेदारी, सार्वजनिक निजी र सहकारी साझेदारी, जनसहभागीता जस्ता श्रोतहरुको परिचालन गरी आवश्यक लगानी जुटाउन यो योजनामा सिफारिश गरिएको छ ।

परिच्छेद-३ को आवधिक योजना खाका अन्तरगत पृष्ठभूमि, अवसर र चुनौती, राष्ट्रिय पन्ध्रौ योजना, प्रादेशिक प्रथम योजना र यस गाउँपालिकाको प्रथम आवधिक योजनाको दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य र यी तीनवटै योजना बीचको तादाम्यता र अन्तर सम्बन्ध जस्ता विषयहरुको विश्लेषण गरिएको छ । त्यसैगरी योजनाको प्रमुख परिमाणात्मक लक्ष्य, रणनीति तथा कार्यनीति, प्रमुख कार्यक्रमहरु, अपेक्षित उपलब्धी र परिच्छेदको अन्तमा नतीजा खाका प्रस्तुत गरिएको छ । पन्ध्रौ योजनाको **समृद्ध नेपाल, सुखी नेपाली** भन्ने दीर्घकालीन सोँच र प्रादेशिक प्रथम योजनाको **समृद्ध प्रदेश, सुखी जनता** भन्ने दीर्घकालीन सोँचसँग तादाम्यता राख्दै यस आवधिक योजनाको दीर्घकालीन सोँच **समृद्ध राप्ती सोनारीको आधार, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र दीगो पूर्वाधार** भन्ने रहेको छ । समृद्धि र सुख प्राप्तीका लागि पन्ध्रौ योजना तथा प्रादेशिक योजनाले अंगिकार गरेका लक्ष्यहरुलाई यस योजनाले पनि आत्मसात गरेको छ । पाँच वटै क्षेत्रगत योजनाका महत्वपूर्ण कार्यक्रमहरु र यी कार्यक्रमहरुको नतीजामुखी उपलब्धीका लागि नतीजामूलक खाका यसै परिच्छेदमा उल्लेख गरिएको छ । योजनाहरुलाई गौरब तथा रुपान्तरणकारी योजनाहरु, मुख्य कार्यक्रमहरु र अन्य कार्यक्रमहरुको छुट्टा छुट्टै वर्गीकृत गरी अनुसूचीमा राखिएको छ ।

परिच्छेद-४ को आर्थिक विकास अन्तरगत कृषि विकास, पशुपंक्षी विकास, घरेलु तथा साना उद्योग, खनिज सम्पदा, पर्यटन विकास, सहकारी, वाणिज्य तथा आपूर्ति र श्रम तथा रोजगार र गरिबी निवारण जस्ता आर्थिक उप-क्षेत्रका विषयहरु समेटिएका छन् ।

"समृद्ध राप्ती सोनारीको आधार; शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र दीगो पूर्वाधार" भन्ने दीर्घकालीन सोँचमा शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधारलाई समृद्धिको मुख्य आधार बनाइएकोले यी क्षेत्रहरुलाई यो योजनामा विशेष प्राथमिकतामा राखिएको छ । गरिबी न्यूनीकरण, रोजगारी तथा आयमा वृद्धि र सामाजिक समावेशीता जस्ता पक्षहरुलाई टेवा पुग्ने गरी कृषि, पर्यटन लगायत गैर कृषि क्षेत्रका अन्य आर्थिक उप-क्षेत्रका कार्यक्रमहरु लक्षित गरिएका छन् । यस परिच्छेदमा कृषि पेशालाई व्यवसायीकरण र आधुनिकीकरण गर्ने, विभिन्न पूर्वाधारहरु तयार गरी पर्यटन प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्ने र यसका लागि होटल, होम स्टे, विविध मनोरञ्जनका कार्यक्रमहरु सञ्चालन गरी रोजगारी र आयस्तर वृद्धि गर्ने, उद्यमशीलताको विकास गरी घरेलु तथा साना उद्योगलाई प्रवर्द्धन गर्ने, सहकारीहरुलाई उत्पादनसँग जोड्ने, उत्पादित वस्तुहरुको बजारीकरण गर्ने र आपूर्तिमा सहजता ल्याउने जस्ता कार्यका लागि विभिन्न कार्यक्रमहरु सिफारिश गरिएका छन् ।

परिच्छेद-५ को सामाजिक विकास अन्तरगत शिक्षा, स्वास्थ्य, महिला, जेष्ठ नागरिक तथा फरक क्षमता, दलित उत्पीडित वर्ग उत्थान, आदिवासी जनजाती, बालबालिका, युवा खेलकूद तथा संस्कृति, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, खानेपानी तथा सरसफाई जस्ता विषयहरु समेटिएका छन् ।

शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई जस्ता सेवामा नागरिकहरुको सहज पहूँच र यस्ता सेवाहरुलाई गुणस्तरीय बनाउन विभिन्न रणनीति, कार्यनीति र कार्यक्रमहरु सिफारिश गरिएको छ । प्राविधिक जनशक्ति उत्पादनका लागि प्राविधक कक्षा सञ्चालन गर्न सिफारिश गरिएको छ । २५ वटा विद्यालयहरुको ट्रस भवन विस्थापन कार्यक्रम र २०० वटा थप कक्षा कोठा निर्माण कार्यक्रम पनि यस योजनमा राखिएको छ । १ वटा आवसीय मा.वि. स्थापना गर्ने, स्थानीय पाठ्यक्रम तर्जुमा गरी लागु गर्ने, पठन-पाठनमा गुणस्तरीयता कायम गर्ने जस्ता कार्यक्रमहरु शिक्षा विकास तर्फ समावेश गरिएको छ । स्वास्थ्य तर्फ १५ शैयाको नयाँ अस्पताल निर्माण र विद्यमान स्वास्थ्य चौकीहरुको स्तरोन्नती कार्यक्रम, एम्बुलेन्स तथा प्रयोगशाला सेवाहरु, मातृशिशु स्वास्थ्य जस्ता कार्यक्रमहरु समावेश छन् । युवा परिलक्षित कार्यक्रम, खेलकूद विकास र विविध संस्कृतिको संरक्षण र प्रवर्द्धनका लागि विभिन्न कार्यक्रमहरु राखिएका छन् । महिला, बालबालिका, जेष्ठ नागरिक, शारीरिक असक्त र सामाजिक बञ्चितीकरणमा परेका विभिन्न वर्गहरुको सामाविक समावेशीतालाई ध्यानमा राखी छुट्टा-छुट्टै कार्यक्रमहरु सिफारिश गरिएको छ ।

परिच्छेद-६ को भौतिक पूर्वाधार विकास अन्तरगत सडक तथा यातायात, सञ्चार तथा सूचना, विद्युत तथा उर्जा, भवन तथा वस्ती विकास, सिँचाई, नदी नियन्त्रण जस्ता विषयहरु समेटिएका छन् ।
योजनाको अन्त्यसम्म मुख्य सडकहरु ९१ कि.मी. सडक कालो पत्रे गर्ने, १७४ कि.मी. लिंक रोड मध्ये स्तरीय ग्राभेलिङ गर्ने र बजेटको उपलब्धता अनुसार क्रमश कालो पत्रे गर्दै जाने, ५० कि.मी. सडक नयाँ निर्माण गर्ने, २५५ कि.मी. मर्मत सम्भार गर्ने र २ वटा व्यवस्थित बसपार्क मध्ये १ वटा मिनि बसपार्क समेत निर्माण गर्ने लक्ष्य राखी कार्यक्रम तय भएका छन् । कुसुम नजिक राप्ती नदीमा १८० मीटर लामो पक्की पुल निर्माण गर्ने लक्ष्य रहेको छ । पालिकाको आफ्नै प्रशासकीय भवन निर्माण गर्ने, १५ शैयाको अस्पताल निर्माण र २ वटा सामुदायिक भवन निर्माण जस्ता कार्यक्रमहरु यस परिच्छेदमा राखिएका छन् । ४ नं.वडा कार्यालय बैजापुर देखि बैजापुर चोक हुँदै सूर्यलालपुर चोकसम्म हुलाकी सडकको दाँया दाँया १.८ कि.मी. लम्बाईको नमूना शहरको रुपमा बजार विकास गर्ने कार्यक्रम राखिएको छ । सिक्टा सिँचाई योजनाबाट निर्माण भएको पश्चिम नहरबाट लिफ्टिङ प्रणाली मार्फत वडा नं.२, ८ र ९ मा सिँचाई गरिनेछ भने पूर्वी नहरको निर्माणबाट वडा नं.३-७ सिँञ्चित हुनेछन् । खासगरी वडा नं.२, ३, ४, ५, ६ र ७ मा राप्ती नदी नियन्त्रणबाट १० कि.मी. भन्दा बढी नदी नियन्त्रणको काम हुनेछ र ४ कि.मी. मोरङ्गा खोलामा तारजालीको काम हुनेछ । अन्य विविध कार्यक्रमहरु यस परिच्छेदमा सिफारिश गरिएको छ ।

परिच्छेद-७ को वन, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन शीर्षक अन्तरगत वन विकास तथा वातावरण संरक्षण, जैविक विविधता, पार्क तथा खुला क्षेत्र, सीमसार तथा जलाधार क्षेत्र, जलवायु परिवर्तन तथा अनुकूलन रणनीति,विपद् व्यवस्थापन सम्बन्धी विषयहरु राखिएका छन् । पालिकाको कूल क्षेत्रफलको ७९.७९% भूमि वनजंगल, ०.९७% भूमि खोला नाला तथा पानीले ढाकिएको छ । प्राकृतिक जडिबुटी, विभिन्न प्रजातीका रुख, वनस्पति, वन्यजन्तु तथा विभिन्न प्रजातीका चराचुरुङ्गी समेतको अवस्थितिले गर्दा यो पालिका जैविक विविधताले भरिपूर्ण छ । ७४ वटा सामुदायिक वनहरु यस पालिकामा विद्यमान रहेका छन् । वातावरण संरक्षण र प्रवर्द्धनका लागि वन संरक्षण, वृक्षारोपण, सीमसार तथा पानीका मूल संरक्षण जस्ता कार्यक्रमहरु राखिएका छन् । त्यसैगरी विपद् व्यवस्थापन, जलवायु अनुकूलनका लागि जनचेतना अभिवृद्धि तथा जन परिचालनका कार्यक्रमहरु सिफारिश गरिएको छ ।

परिच्छेद-८ को संस्थागत विकास तथा सुशासन शीर्षक अन्तरगत संस्थागत सुशासन, सेवा प्रवह तथा क्षमता विकास, वित्तीय सुशासन, न्याय प्रणाली, नविनतम प्रविधिको प्रयोग, शान्ति सुरक्षा, अनुगमन तथा मूल्यांकन, तथ्यांक प्रणाली र सामुदायिक-गैसस-साझेदारी सम्बन्धी विषयहरु समेटिएका छन् । पालिका तथा वडाहरुबाट सम्पादन हुने सेवा प्रवाहलाई चुस्त, दुरुस्त, छिटो छरितो बनाउन, जवाफदेहिता, पारदर्शीता र उत्तरदायित्व जस्ता सुशासनका पक्षहरुलाई आत्मसात गरी जनता प्रति जिम्मेवार बन्न विभिन्न नीतिगत/प्रक्रियागत विषयहरु सिफारिश गरिएको छ ।
त्यस्तै प्रभावकारी न्याय सम्पादन, नतीजामा आधारित अनुगमन तथा मूल्यांकन र नविनतम प्रविधिको प्रयोगका लागि क्षमता विकासका कार्यक्रम सिफारिश गरिएको छ । तथ्यांक प्रणालीलाई अद्यावधिक गरी सार्वजनिकीकरण गर्ने, विद्युतीय सुशासनलाई बढावा दिने, सामाजिक सद्भाव मार्फत समाजमा शान्ति सु-व्यवस्था कायम गर्ने, आर्थिक, सामाजिक विकासमा सामुदायिक संस्था तथा गैसस बीच साझेदारी गर्ने जस्ता विषयहरु यस परिच्छेदमा समावेश गरिएको छ ।

परिच्छेद-९ को वित्तीय विश्लेषण शीर्षक अन्तरगत पालिकाको विगत तीन वर्षको बजेट विश्लेषण, आवधिक योजनाको बजेट अनुमान र श्रोत परिचालन जस्ता विषयहरु राखिएका छन् । जस अनुसार पालिकाको गत तीन आर्थिक वर्षको आम्दानी खर्च विश्लेषण गरिएको छ । जसमा आन्तरिक आयको अंश १५.२८% छ भने अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तरगत प्राप्त हुने रकमनै आम्दानी एवं लगानीको मुख्य श्रोत रहेको देखिएको छ । यही वास्तविकतालाई ध्यानमा राखी आगामी पाँच वर्षको लागि ६२४२०.१५ लाख आय प्रक्षेपण गरी खर्च तर्फ ३४०४३.९५ लाख चालु खर्च र २८३७६.२० लाख पुँजीगत खर्च प्रस्ताव गरिएको छ । त्यसैगरी क्षेत्रगत विकास अन्तरगत ३४०५.१५ लाख आर्थिक विकासमा, ६२४२.७६ लाख सामाजिक विकासमा, १४७५५.६२ लाख पूर्वाधारमा, २२७०.१० लाख वन वातावरण र विपद् व्यवस्थापनमा, १७०२.५७ लाख संस्थागत विकास, सेवा प्रवाह र सुशासन तथा अन्तर सम्बन्धित विषयमा लगानी प्रस्ताव गरिएको छ ।
श्रोत परिचालन तर्फ आन्तरिक श्रोत वृद्धिका उपायहरु सहित जनसहभागीता परिचालन, अन्तर स्थानीय तह साझेदारी, सार्वजनिक-निजी-सहकारी-साझेदारी, गैसस तथा सामुदायिक संस्थाहरु बीच साझेदारी, महत्वपूर्ण

आयोजनाहरुमा केन्द्र सरकार तथा प्रदेश सरकारसँग अन्तर सम्बन्ध र सहकार्य जस्ता पक्षहरुमा ध्यान दिई श्रोत परिचालन गर्न सिफारिश गरिएको छ । त्यस्तै सार्वजनिक खर्चमा वित्तीय अनुशासन र मितव्ययिता कायम गर्न सुझावहरु प्रस्तुत गरिएको छ ।

परिच्छेद-१० को कार्यान्वयन, अनुगमन तथा मूल्यांकन शीर्षक अन्तरगत कार्यान्वयन कार्ययोजना, अनुगमन तथा मूल्यांकन, नतीजामा आधारित ढाँचा अनुसार वार्षिक समीक्षा, मध्यावधि मूल्यांकन र अन्तिम मूल्यांकन सम्बन्धी विषयहरु राखिएका छन् ।

कार्यान्वयन पक्षलाई जवाफदेहिताका साथ प्रतिफलमुखी बनाउन कार्यान्वयन योजना समेत राखिएको छ । त्यसैगरी अनुगमन तथा मूल्यांकनको संयन्त्र र कार्यरत जनशक्तिको क्षमता विकास गर्दै अनुगमन तथा मूल्यांकनलाई नतीजामुखी बनाउन छुट्टै खाका प्रस्तुत गरिएको छ । आवधिक योजनाले अङ्गिकार गरेका लक्ष्य, उद्देश्य प्राप्ती र योजनाको समग्र परिणामलाई नतीजामुखी एवं उपलब्धीमूलक बनाउन र योजना प्रभावको तथ्यगत जानकारीका लागि मध्यावधि मूल्यांकन तथा अन्तिम मूल्यांकनको खाका समेत सिफारिश गरिएको छ ।

योजना दस्तावेजको अन्त्यमा समग्र निष्कर्ष, चार वटा अनुसूचीहरु र सन्दर्भ सामाग्री समावेश गरिएको छ । स्थानीय तहका लागि आवधिक योजना तर्जुमा दिग्दर्शनको आधारमा सबै विषयहरु विस्तृत रुपमा समेट्दा र सारांश खण्डको अंग्रेजीमा समेत अनुवाद गर्दा यो दस्तावेज अपेक्षा गरे भन्दा ठूलो रहन गयो । तैपनि यो दस्तावेज समग्र पालिकावासीहरुको लागि सम्पत्तिको रुपमा रहनेछ ।

Executive Summary

After the constitution of Nepal has restructured the state and divided the rights at the federal, province and local levels, the local levels are moving ahead in a planned manner with the objective of bringing overall development at the local level by improving the living standards of the people as per the constitutional provision. The work of formulating this periodic development plan has been taken forward with the objective of accelerating the pace of development with the obedience of planned discipline in the context of various efforts being made by Rapti Sonari Rural Municipality to attain the desired achievement within a certain period of time.

In the preparatory phase of the plan formulation, the orientation and workshop programme has been inaugurated in the presence of all the municipal authorities, employees, representatives of various political parties and stakeholders, representatives of various organizations as well as planners and other members of expert group. The opinions, suggestions and ideas expressed in the orientation and workshop program held at the municipality meeting hall, were very important for the formulation of this plan. Various sectoral committees have been formed from the meeting and a steering committee has also been formed under the convenership of Palika Chairman. The preliminary outline of the plan has been prepared after detailed discussion, interaction and group presentation among all the five sectoral committees in the workshop.

In the process of updating the profile of the municipality, which is very important to formulate the plan, discussions and interactions have been held with the ward chairpersons, ward members, cooperatives, forest users committee, irrigation committee, social workers, social leaders and civil society to update the profile as per required.

In order to this, GIS expert, engineer, environmentalist, economist, sociologist, good governance expert and other experts have been mobilized. Real information has been collected by observing the land use pattern, condition of different infrastructures including roads, social, cultural, environmental and disaster risk areas. Keeping in the view of different issues like SWOT analysis, land use zoning, resource assessment have been addressed on the basis of this municipal profile. This plan includes land use pattern and other sectoral subjects like physical, social, economic, environmental and disaster risk, institutional capacity development, economic and financial analysis, program implementation plan, monitoring and evaluation system, results based log frame, estimated cost details and multi-sectoral investment plan are also included. In order to upgrade the municipality towards prosperity, various programs have been included for the development of education, health, agriculture, tourism and infrastructure sectors as a lead sectors with the objective of generating employment, increasing production and improving the income level of the municipal people. During the formulation of the Periodic Development Plan, **Basis of Prosperous Rapti Sonari; Education, Health, Agriculture, Tourism and Sustainable Infrastructure** has been approved as the long-term vision and other quantitative goals, objectives and strategies for next five years have been set according to this long term vision. Reflecting towards these goals and objectives, the entire content of the periodic development plan of Rapti Sonari Rural Municipality has been presented in ten chapters.

Under the introduction Heading of **Chapter-1 :** Including the introduction of the municipality, the current situation of economic, social, physical infrastructure, environment and institutional system has been analyzed. Similarly, the basis of prosperity of the municipality, the guidelines for planning and the method of plan formulation are also discussed in this chapter.

Among the 8 municipalities of Banke district, Rapti Sonari Rural Municipality, with the area of 1041.82 km is located in the east north side of the district, and is named Rapti Sonari by the name of Rapti River and Sonari (Sonari is a old settlement of Sunar, beneth the Chure Talahatti) Rapti Sonari Rural Municipality is formed by merging the then 6 VDCs and now 9 wards in the merged Rapti Sonari Rural Municipality. According to the profile of the municipality-2075, the total population is 67294, out of which 34168 are male and 33126 are female. With 12677 households, 8.64% of the land area is covered by agriculture, 79.79% by forest area, 5.87% by bush and grassland and 0.97% by water bodies. Agriculture is the main occupation of the municipal people, but it has not been commercialized and modernized. Due to the steep terrain and lack of various infrastructures, economic activities in the non-agricultural sector are not into operation remarkably. Rich in biodiversity and natural beauty, this municipality has the potentiality of tourism promotion programs. Making a Tourist Marga by connecting different places and sites, if some infrastructures like home stay, hotel, motel and other necessary arrangements as well as Jungle Saffari, fishing, boating is managed, it will be possible to promote internal and external tourism. The municipality has 2 campus, 22 secondary schools, 50 basic level schools and 72 early child development centers are in operation. The literacy rate of this municipality above 5 years is 96.34%. The municipality has one 15 bed hospital, 5 health posts and 3 basic health center are in operation. On the drinking water side 9.7% of the households have access to piped drinking water and this municipality has been declared open defecation free. Two police station and 5 police posts are providing law and order in coordination with the ward offices and local communities. At present, a total of 276 km of A, B, C and D grade roads are under construction, but all the road has not been black topped yet. The settlement of the municipality are scattered and the markets have not been organized. The most important asset of this municipality is the forest area. There are 74 community forests spread over this municipality. Banke National Park, a pride project of nation and most of its Madhyawarti zone falls under this municipality.

Currently, municipality does not have its own building. Ward offices are currently in operation in the places of then six VDCs. It has not been networking the wards with the municipality due to easy internet access. The municipality is striving for efficient and prompt service delivery. In the self-assessment of 077/078, this municipality has secured 49% marks.

According to section 1.3 of this chapter, the basis of the prosperity of the municipality has been mentioned. For the prosperity of the municipality, protection and promotion of important aspects like biodiversity, natural beauty, cultural diversity, modernization and commercialization of agriculture, construction of tourism infrastructures for promoting tourism, managing required physical infrastructures for non-agricultural economic activities may generate and accelerate economic growth and these aspects are taken as the basis of prosperity in this plan.

Various procedural and policy bases have been taken while preparing this plan. The constitution of Nepal, the Fifteenth Plan of the Government of Nepal, the Sustainable Development Goals, the First Periodic Plan of the Provincial Government, the guidelines for formulating the plan and various acts, rules and procedures are the main policies to be addressed while formulating this plan. At the end of the first chapter, the method of formulating this periodic plan is described in detail.

The past efforts of all the five sectoral development plans have been analyzed in separately under the heading of sectoral review and situation analysis of the past plans in **Chapter-2.** Income

source analysis and the status of the overall income and expenditure of this municipality in the last three fiscal years has also been included in this chapter.

This periodic plan of Rapti Sonari Rural Municipality, is the first beginning of the plan management. While analyzing the sectoral plan, the investment and achievements in various sub-sectors have been analyzed on the basis of the observation of the annual policy and program booklet of the last three years. In the last year of the periodic plan, the total population size of this municipality will be 72323. This growing population will be challenged in the supply of essential services such as food security, housing, education, health, drinking water, roads and infrastructure. At the same time, it is equally challenging to manage more in a planned way in the areas of environment protection, climate change and adaptation, disaster management, social inclusion, and institutional capacity building.

At the end of this chapter, the budget for the last three years is analyzed. The share of internal resources is low. The main source of this municipality is the grant received under the title of Intergovernmental Financial Transfer, which has an average share of 59%. Analyzing the total income of the municipality in the last three years, it is seen that it has increased by 10% annually. It is recommended to widen the scope of revenue, mobilize resources such as inter-local level partnership, public-private and cooperative partnership and people's participation.

Periodic plan framework of **Chapter-3** analyzes the background, opportunities and threats. The National Fifteenth Plan and its vision, mission, goals, the Provincial First Plan and its vision, mission, goals and the long term vision, goals and objectives of the Rapti Sonari Rural Municipality's first Periodic Development Plan and the relationship and coherence between these three plans are described respectively. Similarly, major quantitative goals, strategies and policies of the plan, major programs, expected achievements and at the end of the chapter result based log frame are presented. The Fifteenth Plan's vision **Prosperous Nepal; Happy Nepali,** and the vision **Prosperous Province; Happy People** of the Provincial First Plan, and the vision of this periodic plan,**Basis ofprosperous Rapti Sonari; Education, Health, Agriculture, Tourism and Sustainable Infrastructure,** is interlinked with earlier. This plan has also assimilated the goals mentioned in the Fifteenth Plan and the Provincial Plan for prosperity and happiness. The key programs of all the five sectoral plans and the result based log frame for the qualitative achievements of these programs are outlined in this chapter. These projects are categorized into pride projects, game changer projects and the projects classified for project bank are placed on a separate schedule.

Under the heading of economic development of **Chapter-4** covers the economic sub-sectors such as agriculture development, livestock development, cottage and small industries, mineral resources, tourism development, cooperatives, commerce and supply, labor and poverty alleviation.

According the vision **Basis ofprosperous Rapti Sonari; Education, Health, Agriculture, Tourism and Sustainable Infrastructure,** education, health,agriculture, tourism and infrastructureare the main pillars of prosperity have been given special priority in this plan. Agriculture, Tourism and other other non-agricultural sectors programs are targeted towards poverty reduction, employment generation and income growth and social inclusion. In this chapter commercialization and modernization of agriculture, building of various infrastructures for tourism promotion programs and increase employment and income level by opening hotels, home-stays, various entertainment programs, developing entrepreneurship for the promotion of

cottage and small industries, and linking cooperatives with production, marketing of local products, ease of supply and other programs have been recommended in this chapter.

Under the heading of social development of **Chapter-5** covers the issues such as education, health, women, senior citizens and different abilities, upliftment of Dalit oppressed class, ethnicity, children, youth, sports and culture, gender equality and inclusiveness, drinking water and sanitation.

Various strategies, policy and programs have been recommended for easy access of citizens to services such as education, health, drinking water and sanitation and to make such services qualitative as well. It has been recommended to conduct technical school for the production of technical manpower. The construction program of replacing 25 truss buildings into RCCand 200 extra rooms is proposed in this plan. Programs such as coordinating with schools for conducting various public awareness programs, formulating and implementing local curricula, and maintaining quality education have been included in the education development. The health sector includes programs such as construction of a new 15-bed hospital and upgrading of existing health posts, ambulance and laboratory services, and maternal and child health. Various programs have been set up for the development of youth, sports development and preservation and promotion of diverse cultures. Separate programs have been recommended keeping in view the inclusiveness of women, children, senior citizens, the physically challenged and the socially deprived classes.

The physical infrastructure development of **Chapter-6** covers the issues such as roads and transportation, communication and information, electricity and energy, building and settlement development, irrigation and river training.

By the end of this plan, 91 km. blacktopped road, among the 174 km. other link roads, at the beginning standard gravelling work and then gradually blacktopped according to resources availability of these link roads,50 km. construction of new road, maintenance of 216 km. roads and building well-organized bus park are the main programs of road and transportation. The construction of the municipality's own administrative building and maintenance of the ward office building, construction of a 15-bed hospital and construction of two community buildings are included in this chapter. There is also programs for the development and expansion of 1.8 km long well-organized market from4 no. ward office Baijapur-Baijapur Chowk to Suryalalpur chowk along the Hulaki Lokmarg both side. Ward no. 2, 8 and 9 will be irrigated through lifting system from the Western Canal constructed under Sikta Irrigation project and ward no. 3-7 will be irrigated through construction of Eastern Canal. Especially in ward no. 2, 3, 4, 5, 6 and 7, more than 10 km river training programme will be conducted to control Rapti river. There will be 4 km. tarpaulin work on Moranga river as well as other river control works. Other miscellaneous programs are recommended in this chapter.

Chapter-7 covers forest development, environment protection and disaster management, biodiversity, parks and open areas, wet land and watershed areas, climate change and adaptation strategies and disaster management.79.79% of the total area of the municipality is forested and 0.97% is covered by water bodies. Due to the presence of natural herbs, different species of trees, flora, fauna and even different species of birds, this municipality is full of biodiversity. There are 74 community forests in this municipality. Programs such as forest conservation, aforestation, wet land and water conservation programs have been set up for the protection and promotion of

the environment. Similarly, people awareness and mobilization programs have been recommended for disaster management, climate adaptation and waste management.

Chapter-8 covers the institutional development, service delivery and good governance, financial governance, judicial system, use of latest technology, law and order, monitoring and evaluation, data system and community-NGOs-partnership programme. Various policy/procedural issues have been recommended to make the service delivery efficient, prompt being accountable to the people by assimilating the aspects of good governance through accountability, transparency and responsibility.

Similarly, capacity building programs have been recommended for effective delivery of justice, results based monitoring and evaluation and application of latest technology. Issues, such as updating the data and making it publicized, promoting e-governance, maintaining law and order in the community through social harmony, partnerships between community organizations and NGOs in social and economic development sectors is mentioned in this chapter.

The financial analysis of **Chapter-9** covers the topics such as budget analysis of the municipality for the last three years, budget estimation for periodic plan and resource mobilization. Accordingly, the income and expenditure of the municipality for the last three fiscal years has been analyzed. While the share of internal revenue of municipality is 15.28%, the amount received under intergovernmental financial transfers is the main source of income and investment. Keeping this ground reality, a projected income of Rs.62420.15 lakhs for the next five years has been proposed, among which 34043.95 lakhs will be current expenditure and 28376.20lakhs capital expenditure as well. Similarly, under sectroal development, 3405.15 lakhs in economic development, 6242.76 lakhs in social development, 14755.62lakhs in infrastructure, 2270.10 lakhs in forest environment and disaster management, 1702.57 lakhs in institutional development, service delivery and good governance has been proposed.

Recommendations for resource mobilization including internal resource augmentation measures, mobilization of people participation, inter-local level partnership, public-private-cooperative-partnership, partnership between NGOs and community organizations, inter-relationship and cooperation with federal and provincial governments on important projects has been recommended. Similarly, suggestions have been made to maintain financial discipline and economy in public expenditure.

Under the heading of implementation, monitoring and evaluation of **Chapter-10** covers the topics like implementation action plan, monitoring and evaluation, annual review according to the results-based format, mid-term evaluation and final evaluation.

An implementation plan has also been recommended to make implementation result oriented with accountability. Similarly, a separate log frame has been presented to make the monitoring and evaluation result oriented by developing the capacity of monitoring and evaluation mechanism and working manpower. A framework for mid-term evaluation and final evaluation is also recommended to make the goals, objectives and overall results of the plan result-oriented and achievable, and to provide factual information on the impact of the plan. At the end of the planning document includes the overall conclusion, four schedules and bibliography. Covering all the topics in detail on the basis of plan formulation guidelines and even translating the executive summary into English, the size of the plan document became larger than expectation. However, this document will remain as an asset for the municipality and entire municipal people.

परिच्छेद-१
परिचय

१.१ पृष्ठभूमि

बाँके जिल्लाका २ वटा नगरपालिका र ६ वटा गाउँपालिकाहरू मध्ये प्राकृतिक सौज्दर्यताले भरिपूर्ण तथा रमणीय पालिकाको रुपमा राप्ती सोनारी गाउँपालिकालाई लिन सकिन्छ । जैविक विविधता, प्राकृतिक सौन्दर्यता र मूर्त, अमूर्त साँस्कृतिक सम्पदाहरुको धनी यस पालिकाका जनताको सामाजिक न्याय र आर्थिक समृद्धिको लागि योजनाबद्ध विकास गर्ने मूलभूत उद्देश्यबाट यो प्रथम आवधिक विकास योजना तर्जुमा गर्न लागिएको छ । कुनैपनि विकास योजना तर्जुमा गर्दा वा कार्यक्रमहरु तय गर्दा भरपर्दो तथ्यांकको आवश्यकता पर्दछ । त्यसका लागि गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक तथा संस्थागत पक्षहरुको प्राथमिक तथ्यांकहरु अद्यावधिक गर्नु जरुरी हुन्छ । यस आवधिक योजनामा गाउँपालिकाको वस्तुगत विवरण-२०७५, शिक्षा तथा स्वास्थ्य सम्बन्धी सूचना प्रणाली-२०७८, प्रकोप सम्बन्धी संकटासन्नता नक्सार परामर्शदातृ संस्थाले GIS प्रविधि र प्रत्यक्ष अप्रत्यक्ष रुपमा विभिन्न श्रोत एवं जानकार व्यक्तिहरुबाट लिएका प्राथमिक तथा द्वितीय श्रोतका सूचनाहरुलाई यस परिच्छेदको विभिन्न खण्डका साथै अन्य परिच्छेदहरुमा आवश्यकतानुसार समावेश गरिएको छ ।

१.२ भौगोलिक, आर्थिक र सामाजिक स्थिति

१.२.१ भूगोल

बाँके जिल्लाका २ वटा नगरपालिका र ६ वटा गाउँपालिकाहरू मध्ये राप्ती सोनारी गाउँपालिका भौगोलिक विविधतायुक्त गाउँपालिकाको रुपमा परिचित छ । यो गाउँपालिकाको पूर्व-पश्चिम लम्बाइ करिब ५३ किलोमिटर रहेको छ भने उत्तर-दक्षिणको चौडाइ १४ कि.मि. रहेको छ । १०४१.८२ वर्ग कि.मि. कूल क्षेत्रफल रहेको यो पालिका बाँके जिल्लाका सबै पालिकाहरु मध्ये सबैभन्दा बढी क्षेत्रफल भएको गाउँपालिका हो । यहाँको धेरै जसो भाग जङ्गल क्षेत्रले ओगटेको छ भने सानो क्षेत्रमा मात्र कृषि भू-भाग तथा बसोबास रहेको छ । भौगोलिक विभाजन अनुसार राप्ती सोनारी गाउँपालिकाको उत्तरी क्षेत्रमा भावर र चुरे पर्वत श्रृङ्खलाका साथै बाँके राष्ट्रिय निकुञ्ज पर्ने भएकाले यस क्षेत्रमा जनसङ्ख्याको खासै चाप छैन । राप्ती सोनारी गाउँपालिकाको नाम 'राप्ती' र 'सोनारी' दुई शब्दको संयोजनबाट बनेको छ । यहाँ 'राप्ती' भन्नाले प्युठान जिल्लाको झिमरुक र माडी जस्ता ठूला खोलाहरुको संगमबाट दक्षिण पश्चिम बहदै आएको राप्ती नदीलाई बुझाउँछ भने 'सोनारी' शब्दले चुरेको तलहटीमा बसेको 'सुनार' क्षेत्रलाई बुझाउँछ ।

राप्ती सोनारी गाउँपालिकाको पूर्वमा दाङ जिल्ला पर्दछ । पश्चिममा कोहलपुर न.पा. र डुडुवा गा.पा. पर्दछ । यस्तै उत्तरमा दाङ र सल्यान जिल्ला पर्दछन् भने दक्षिणमा नरैनापुर गा.पा. र भारतको सीमाना रहेको छ । बाँके जिल्लाका साबिकका ६ वटा गा.वि.स.हरू-खासकुश्मा, कचनापुर, बैजापुर, बिनौना, फत्तेपुर र महादेवपुरीलाई मिलाएर राप्ती सोनारी गाउँपालिका बनेको हो । यस गाउँपालिकाको भौगोलिक अवस्थिति समुद्र सतहबाट १६६ मिटर उचाई देखि १२३६ मि.उचाईसम्म रहेको छ । यो गाउँपालिका २८° १५'००"उत्तरी अक्षांश र ८१° ७८'००" पूर्वी देशान्तरसम्म फैलिएको छ । राप्ती सोनारी गाउँपालिका प्राकृतिक, सांस्कृतिक र पर्यटकीय दृष्टिले निकै मनोरम र महत्वपूर्ण क्षेत्र मानिन्छ ।

भौगोलिक बनावट अनुसार यस पालिकालाई तीन भागमा विभाजन गर्न सकिन्छ :

(क) तराईको समथर भूमि

(ख) उत्तरको भावर क्षेत्र

(ग) चुरे पर्वत श्रेणी

उत्तरी क्षेत्र भावर तथा चुरे पर्वत श्रृंखला र बाँके राष्ट्रिय निकुञ्ज पर्ने भएकाले यस क्षेत्रमा जनसङ्ख्याको चाप छैन । तराईको समथर भूमिमा मुख्य वस्ती रहेका छन् भने अन्य स्थानमा छरिएर रहेका वस्तीहरु छन् । पालिकाको बीच भाग भएर राप्ती नदी पश्चिम दक्षिण तर्फ बगेको छ । कैयौं ठाडा खोलाहरु उत्तरको चुरे तथा भावर हुँदै समथर भूमिमा आई राप्ती नदीमा मिसिएका छन् । यी खोलाहरुमा वर्षायाममा मात्र पानी रहन्छ भने सुख्खायाममा धेरै जसो सुख्खा नै रहन्छन् ।



चित्र नं.१.१ : भू-धरातलीय स्वरुप

हावपानी तथा जलवायु

हावापानीका हिसाबले यो गाउँपालिका समशीतोष्ण हावापानी भएको क्षेत्रमा पर्दछ । यहाँ जलवायुको रेकर्ड खजुरा र नेपालगञ्ज स्थित जलवायु मापन केन्द्रबाट लिइने गरिएको छ । यहाँको औसत वर्षा १३१७ मिमि रहेको छ भने न्यूनतम तापक्रम औसतमा १९ डिग्री सेल्सियस र अधिकतम तापक्रम औसतमा ३७ डिग्री रहेको देखिन्छ । औसत मासिक तापक्रम २५ डिग्री सेल्सियस छ । तापक्रम तथा वर्षाको विवरण निम्न तालिकामा दिइएको छ ।

तालिका नं. १.१ : मासिक औसत अधिकतम तथा न्यूनतम तापक्रम र वर्षाको विवरण

महिना	वर्षा (mm)	तापक्रम न्यूनतम (^{0}C)	तापक्रम अधिकतम (^{0}C)	औसत मासिक तापक्रम (^{o}C)	आर्द्रता (%)	हावाको गति (km/hr)	सूर्योदय (hrs)
जनवरी	१८.५	७.५	२०.३	१३.९	६४.९३	१.३	७.५८
फेब्रुवरी	२२.४	९.६	२५.५	१७.६	५४.२७	१.८	८.२५
मार्च	१२.६	१३.३	३१.३	२२.३	४८.५५	२.२	८.७३
अप्रिल	१६	१८.७	३६.७	२७.७	३८.९	२.५	९.७३
मे	६६	२३.३	३७.३	३०.३	४४.१६	२.९	९.४५
जून	१८८.६	२५.५	३६.३	३०.९	६२.७८	२.८	६.०८
जुलाइ	४०५.७	२६.२	३३.५	२९.८५	७४.६४	२.४	४.९२
अगस्त	३३६.२	२६	३३.२	२९.६	७५.५२	२	४.८३
सेपटेम्बर	१८५.६	२४.९	३२.९	२८.९	७४.८४	१.८	५.१७
अक्टुवर	५४.७	१९.८	३१.६	२५.७	६२.३८	१.२	७.२२
नोभेम्वर	४.६	१३.७	२८.१	२०.९	५७.३६	१	८.४७
डिसेम्वर	६.७	८.८	२३.४	१६.१	५९.८४	०.९	८.०७
औसत	१३१७.६	१८.९५	३१.५२	२५.२४	५९.८५	१.९९	७.३१

स्रोत : राप्ती सोनारी घरधुरी सर्भेक्षण, २०७५

गाविस समायोजन

वि.सं.२०७३ सालमा बाँके जिल्लाको उत्तर पूर्वमा पर्ने साबिकका ६ वटा गाविस खासकुश्मा, कचनापुर, बैजापुर, बिनौना, फत्तेपुर र महादेवपुरीलाई गाभेर ९ वटा वडामा विभाजन गरी राप्ती सोनारी गाउँपालिका गठन गरिएको हो । उक्त समायोजनको विवरण तल उल्लेख गरिएको छ :

तालिका नं. १.२ : गा.वि.स.का वडा विभाजन

खासकुश्मा गाविसका वडा नं. १ देखि ९ लाई	राप्ती सोनारी गा.पा वडा नं. १
कचनापुर गाविसका वडा नं. १ देखि ९ लाई	राप्ती सोनारी गा.पा वडा नं. २
बैजापुर गाविसका वडा नं. १, २, ५ र ६ लाई	राप्ती सोनारी गा.पा वडा नं. ३
बैजापुर गाविसका वडा नं. ३, ४, ७, ८ र ९ लाई	राप्ती सोनारी गा.पा वडा नं. ४
विनौना गाविसका वडा नं. १ देखि ९ लाई	राप्ती सोनारी गा.पा वडा नं. ५
फत्तेपुर गाविसका वडा नं. ८ र ९ लाई	राप्ती सोनारी गा.पा वडा नं. ६
फत्तेपुर गाविसका वडा नं. १ देखि ७ लाई	राप्ती सोनारी गा.पा वडा नं. ७
महादेवपुरी गाविसका वडा नं. ६ देखि ९ लाई	राप्ती सोनारी गा.पा वडा नं. ८
महादेवपुरी गाविसका वडा नं. १ देखि ५ लाई	राप्ती सोनारी गा.पा वडा नं. ९

स्रोत : राप्ती सोनारी घरधुरी सर्भेक्षण, २०७५

टोल बस्तीहरू

राप्ती सोनारी गाउँपालिका भित्र रहेका टोल बस्तीहरू धेरै भएता पनि वडा अनुसार मुख्य-मुख्य टोल बस्तीहरूको विवरण तल उल्लेख गरिएको छ :

तालिका नं. १.३ : वडा अनुसार मुख्य-मुख्य टोल बस्तीहरू

वडा नं.	टोल/बस्तीको नाम
१	बक्सवा, बढोपुर, भम्का, बसेरी, चप्परगौरी, ढिप्पुरटोल, गाभर, घारीटोल, हरूवा, खैरेनी, खेतानटोल, खोकरी, कुसुम, लौकी, सौरी, सिक्टा, सिउपुर, सिउपुरटोल, भगरटोल, भवानीयापुर
२	अगैया, गोबरपुर, गुराखोला, हर्देवा, कचनापुर, खोरिया, मदुवा, माथेबास, ओभरी
३	भैंसा, बेलासपुर, बेलडाँडा, भगौतीपुर, भवानियापुर, गलसाबाँस, नारायणपुर, नवलपुर, सानो खैरेनी, सिनाबाँस, सिसुवा, ठूलो खैरेनी, उज्यालो बजार
४	आँधरपुर, बैजापुर, बनतरी, बिच्काटोल, बुद्धचोक, कुम्भर, लामिडाँडा, लटानिया, नारायणपुर, नयाँबस्ती, राजपुर
५	बैजापुर, बिनौना, लटानिया, नयाँबस्ती
६	डाँडाटपरी, ढलैया, गोडियनपुर, हब्रहवा, मोहनपुर, पडनाहा, पनेरिया, शान्तिपुर
७	वसन्तपुर, भेलुनिया, विसम्भरपुर, छप्परतल्ली, डाँडाटपरी, देउपुरा, फरेदा, गेडवा, नालापारी, भेलौनिया, पहाडीपुर, पिप्रहवा, सर्रा, सर्री, शान्तिपुर, सिसमघारी
८	बालापुर, ओभरी, पेरानी
९	बाह्रबिघा, दंगालीटोल, ढकेरी, गुरुवागाउँ, कौवाकरा, खैरानी, खैरेनी, खैरी, लाहुरेटोल, महदेवा, पेरानी, उड्डैन

स्रोत : राप्ती सोनारी घरधुरी सर्भेक्षण, २०७५



चित्र नं.१.२ : गाउँपालिकाको प्रशासनिक विभाजन

१.२.२ जनसंख्या

राप्ती सोनारी गाउँपालिकाको कूल जनसङ्ख्या वि.सं.२०६८ सालको जनगणना अनुसार ५९९४६ जना रहेको छ, जसमा महिला ३१३२९ जना र पुरूष २८६१७ जना थिए । वि.सं.२०७५ सालको घरधुरी सर्भेक्षण अनुसार यहाँको जनसङ्ख्या ६७,२९४ छ, जसमा महिला ३३,१२६ जना र पुरूष ३४,१६८ जना छन् । २०७८ मा गरिएको राष्ट्रिय जनगणनाको प्रारम्भिक प्रतिवेदन अनुसार यस पालिकाको कूल जनसंख्या ६७७८२ रहेको छ । जसमा महिला ३५७६७ र पुरुष ३२०१५ रहेका छन् । जनसंख्याको वडागत विवरण र घरधुरी निम्न तालिकामा दिइएको छ ।

तालिका नं. १.४ वडागत जनसङ्ख्या तथा घरधुरी विवरण

वडा नं.	राष्ट्रिय जनगणना २०६८						राप्ती सोनारी घरधुरी सर्भेक्षण २०७५					
	घरधुरी	महिला	पुरुष	जम्मा	जम्मा प्रतिशत	लैङ्गिक अनुपात	घरधुरी	महिला	पुरुष	जम्मा	जम्मा प्रतिशत	लैङ्गिक अनुपात
१	११८७	२,७८२	२,५३१	५,३१३	८.८६३	९१.०	१३०३	२,९९८	२,८९७	५,८९५	८.८	९६.६
२	१७०३	४,६१८	४,२४०	८,८५८	१४.७८	९१.८	१९८३	४,८५६	४,९५०	९,८०६	१४.६	१०१.९
३	७४४	२,६६५	२,३५३	५,०१८	८.३७१	८८.३	९७२	२,९०१	३,०१८	५,९१९	८.८	१०४.०
४	११६२	३,८१२	३,४००	७,२१२	१२.०३	८९.२	१४६९	३,७५६	४,०२२	७,७७८	११.६	१०७.१
५	१२०४	३,८१८	३,५१४	७,३३२	१२.२३	९२.०	१४६९	३,९३३	४,२०६	८,१३९	१२.१	१०६.९
६	११९३	३,९२३	३,४८४	७,४०७	१२.३६	८८.८	१५४९	४,६५१	४,६७६	९,३२७	१३.९	१००.५
७	१६४६	४,७५६	४,८०४	९,५६०	१५.९५	१०१.०	२०४९	५,१८६	५,४०६	१०,५९२	१५.७	१०४.२
८	९८९	२,४६२	१,९७९	४,४४१	७.४०८	८०.४	८६१	१,९८५	२,०३५	४,०२०	६.०	१०२.५
९	९१४	२,४९३	२,३१२	४,८०५	८.०१६	९२.७	११४८	२,८६०	२,९५८	५,८१८	८.६	१०३.४
जम्मा	**१०७४२**	**३१,३२९**	**२८,६१७**	**५९,९४६**	**१००**	**९१.३**	**१२६७७**	**३३,१२६**	**३४,१६८**	**६७,२९४**	**१००.०**	**१०३.१**

केन्द्रीय तथ्यांक विभागबाट २०७८ मा लिएको जनसंख्याको प्रारम्भिक नतिजा			
परिवार संख्या	महिला	पुरुष	जम्मा
१५४९१	३५७६७	३२०१५	६७७८२

स्रोत : राष्ट्रिय जनगणना २०६८, २०७८ र राप्ती सोनारी घरधुरी सर्भेक्षण-२०७५



चित्र नं. १.३ : जनसंख्या वितरण

उमेरगत जनसंख्या

उमेरगत जनसङ्ख्याको विश्लेषण गर्दा सवैभन्दा धेरै संख्या १५ देखि २४ वर्ष उमेर समूहको रहेको छ । यो समूहको जनसङ्ख्या १६,५८१ छ । यसैगरी सवैभन्दा कम संख्यामा ७५ देखि माथिको उमेर समूह रहेको छ र यो संख्या जम्मा ७५० रहेको देखिन्छ । ५ वर्षभन्दा कम उमेर समूहका बालबालिकाको संख्या ५२०० जना रहेकोछ । उमेर अनुसारको जनसङ्ख्याको विवरण तलको तालिकामा दिइएको छ :

तालिका नं. १.५ उमेरगत जनसङ्ख्या

उमेर समूह	वडा									जम्मा	प्रतिशत
	१	२	३	४	५	६	७	८	९		
५ वर्षभन्दा मुनि	४९३	६८१	४४१	५७५	५९२	६६४	१०१६	३०५	४३३	५२००	७.७
५-९ वर्षसम्म	६६८	९०२	४७९	६७८	६८८	८१०	११६५	३४५	४८८	६२२३	९.२
१०-१४ वर्षसम्म	७३५	१०६५	६५३	८३७	८६०	१०२२	११४६	४०१	५९८	७३१७	१०.९
१५-१८ वर्षसम्म	७३८	११६६	७९७	९९५	९८७	११६०	१३०९	४३६	६९०	८२७८	१२.३
१९-२४ वर्षसम्म	७०१	११९८	७६५	१०१०	९८०	११७७	१२५१	४८२	७३९	८३०३	१२.३
२५-२९ वर्षसम्म	६६२	१०५८	५८५	८१२	८१६	९३४	१०२५	४६६	५८६	६९४४	१०.३
३०-३४ वर्षसम्म	४२०	६९९	४५९	५६९	६६०	७३९	७६६	३६१	४६६	५१३९	७.६
३५-३९ वर्षसम्म	४०५	७१४	४३९	५२९	५७५	७१८	६८९	२८६	४५७	४८१२	७.२
४०-४४ वर्षसम्म	२५३	४८१	२८४	३९९	४२७	४७५	४५९	२०८	३४३	३३२९	४.९
४५-४९ वर्षसम्म	२०४	४९४	२५९	४१८	४१०	४६७	४५३	१६९	२५०	३१२४	४.६
५०-५४ वर्षसम्म	११५	३७७	२०९	२४३	२८०	३१५	३३०	१४७	१६७	२१८३	३.२
५५-५९ वर्षसम्म	११३	२९४	१२८	१९३	२४०	२१६	२३६	१३८	१५३	१७११	२.५
६०-६४ वर्षसम्म	१४२	२३३	१४९	१८४	२११	१९४	२१७	१२८	१४१	१५९९	२.४
६५-६९ वर्षसम्म	११२	२१६	१२१	१५४	१७१	१७६	१९८	६६	१५७	१३७१	२.०
७०-७४ वर्षसम्म	७२	१३१	९५	१२६	१३१	१४६	१८५	४२	८९	१०१७	१.५
७५ वर्षभन्दा माथि	६२	१०१	५६	५६	१११	११४	१४९	४०	६१	७५०	१.१
जम्मा	**५८९५**	**९८१०**	**५९१९**	**७७७८**	**८१३९**	**९३२७**	**१०५९४**	**४०२०**	**५८१८**	**६७३००**	**१००**

स्रोत : राप्ती सोनारी घरधुरी सर्भेक्षण-२०७५

जातीय आधारमा घरधुरी

राप्ती सोनारी गाउँपालिकामा विभिन्न जात तथा जनजातिका मानिसहरूको बसोवास रहेको पाइन्छ । राप्ती सोनारी घरधुरी सर्भेक्षण-२०७५ अनुसार यस गाउँपालिकामा बसोवास गर्ने सबै भन्दा धेरै घरधुरी ५४.२ प्रतिशत जनजातीको रहेको छ । जनजाती समूह भित्र पनि सब भन्दा बढी थारु जाती छन्, जसको घरपरिवार संख्या ५३६५ रहेको छ । यस पछि दोस्रोमा २८.२ प्रतिशत ब्राह्मण/क्षेत्री समूह रहेको छ । ब्राह्मण/क्षेत्री समूहमा पनि क्षेत्री समुदाय बढी रहेको छ । त्यस पछि क्रमशः दलित, मधेसी र अन्यको रहेको छ । जनजाती समूह भित्र पर्ने लोपोन्मुख राजी जातिका ३ घरधुरी र अल्पसंख्यक खुना जातिका ११९ घरधुरी यस गाउँपालिकामा रहेको देखिएको छ । जातीय आधारमा घरधुरी सम्बन्धी विवरण तलको तालिकामा दिइएको छ ।

तालिका नं. १.६ जातीय आधारमा वडागत घरधुरी

जातिगत विवरण	वडा									जम्मा	प्रतिशत
	१	२	३	४	५	६	७	८	९		
ब्राह्मण/क्षेत्री	४६७	९१०	११३	२०९	३७२	२२९	२०५	५२९	६२७	३६६१	२८.९
जनजाती	६३०	८१८	८१३	१०५५	१०३३	१२०३	६३४	२३७	४४७	६८७०	५४.२
मुसलमान	१	६		२	१	२	३७७			३८९	३.१
दलित	२००	२३६	४४	७५	५६	१०५	२१९	८७	६७	१०८९	८.६
मधेसी	४	११	२	१	५	६	६०८	७	७	६५१	५.१
अन्य	१	२		१	२	४	६	१		१७	०.१
जम्मा	**१३०३**	**१९८३**	**९७२**	**१३४३**	**१४६९**	**१५४९**	**२०४९**	**८६१**	**११४८**	**१२६७७**	**१००**

स्रोत : राप्ती सोनारी घरधुरी सर्भेक्षण-२०७५

धर्मको आधारमा घरधुरी

राप्ती सोनारी घरधुरी सर्भेक्षण-२०७५ अनुसार यस गाउँपालिकामा बसोबास गर्ने जातिहरूले अवलम्बन गर्दै आएको धर्मको आधारमा हेर्दा यहाँ ९५.५९% घरधुरीहरू हिन्दू धर्मावलम्बी छन् भने ३.०९ प्रतिशत इस्लाम धर्मावलम्बी रहेको देखिन्छ । धर्मको आधारमा घरधुरी विवरण निम्न तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. १.७ धर्मको आधारमा घरधुरी

अवलम्बन गरिएका धर्म	वडा									जम्मा	प्रतिशत
	१	२	३	४	५	६	७	८	९		
हिन्दु	१२६९	१९०३	९७१	१३३५	१४६७	१५२२	१६४६	७७६	११४३	१२०३२	९५.५९
इस्लाम	१	६		२	१	२	३७७			३८९	३.०९
क्रिश्चियन	२९	६१		१	१	२३	२१	२१	३	१६०	१.२७१
बौद्ध	४					२				६	०.०४८
जम्मा	**१३०३**	**१९७०**	**९७१**	**१३३८**	**१४६९**	**१५४९**	**२०४४**	**७९७**	**११४६**	**१२५८७**	**१००**

स्रोत : राप्ती सोनारी घरधुरी सर्भेक्षण-२०७५

मातृ भाषाको आधारमा घरधुरी

राप्ती सोनारी घरधुरी सर्भेक्षण-२०७५ अनुसार यस गाउँपालिकामा आठ वटा भाषिक समुदायको बसोबास रहेको देखिन्छ । यहाँ नेपाली भाषीहरुको घरधुरी संख्या ४७.२ प्रतिशत छ भने दोस्रोमा थारू भाषी घरधुरी ४१.६ प्रतिशत रहेको छ । यस्तै अवधी भाषा बोल्ने घरधुरी संख्या ९.५ प्रतिशत देखिन्छ । मातृ भाषाको आधारमा घरधुरी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. १.८ मातृ भाषाका आधारमा घरधुरी

मातृ भाषा	वडा									जम्मा	प्रतिशत
	१	२	३	४	५	६	७	८	९		
अवधी	६	१३	३	३	८	१९	११३२	६	७	११९७	९.५
नेपाली	११८८	१४१५	१८३	४१०	५०८	४८८	३६५	६५२	७३७	५९४६	४७.२
मैथिली		२								२	०.०

थारू	१०२	५३३	७५६	९२३	९२८	९५०	५२६	१३७	३८३	५२३८	४१.६
मगर	७	५	११	१	२५	९०	२१	१	१९	१८०	१.४
हिन्दी		१								१	०.०
नेवार		१	१८	१		२		१		२३	०.२
जम्मा	**१३०३**	**१९७०**	**९७१**	**१३३८**	**१४६९**	**१५४९**	**२०४४**	**७९७**	**११४६**	**१२५८७**	**१००**

स्रोत : राप्ती सोनारी घरधुरी सर्भेक्षण-२०७५

मुख्य पेसाका आधारमा जनसङ्ख्या

घरधुरी सर्भेक्षण-२०७५ अनुसार १६ वर्ष माथिको जनसङ्ख्याको पेसागत आधारमा विश्लेषण गर्दा यहाँका ४४% मानिसहरु कृषि पेसामा रहेको देखिन्छ, भने ज्यालादारी काम गर्नेहरू १३%, नोकरी गर्नेहरू ४.१% र घर गृहस्थीको प्रतिशत २२% रहेको छ ।

तालिका नं. १.९ : मुख्य पेसाका आधारमा जनसङ्ख्या

मुख्य पेसा	वडा									जम्मा	प्रतिशत
	१	२	३	४	५	६	७	८	९		
कृषि	७३२	२१५९	३४८४	४८९०	१७६९	२०३५	३१६१	५०४	१७५४	२०४८८	४३.७
पशुपालन	२२	५२	६	१४	१८	२४	२९	४३	४१	२४९	०.५
नोकरी	१६१	३९२	६२	१६३	१९५	३३५	१२७	२४०	२५६	१९३१	४.१
उद्योग व्यापार	७९	१६२	४३	७१	१३८	१७४	७८	१०९	१२२	९७६	२.१
ज्यालादारी	७१२	१५२३	१०८	९२	८८२	१००५	९१०	२८४	४४६	५९६२	१२.७
वैदेशिक रोजगारी	२५९	५८०	४१	६०	३३६	१८२	३१४	२४०	१८७	२१९९	४.७
व्यावसायिक कार्य	३	४	८	२	५	१०	५	४	४	४५	०.१
प्राविधिक कार्य	२	७	२२	००	१७	१०	६	५	७	७६	०.२
धार्मिक कार्य	१	६		००	१	३	१५	३	२	३१	०.१
विद्यार्थी	४२६	६७४	२२३	१८४	५४२	५६०	४५०	४५०	४८५	३९९४	८.५
काम गर्न नसक्ने	१०६	१०९	२	२	१३६	२००	१०५	८०	२९	७६९	१.६
घरायसी काम	१३३७	१२३१	१८३	२३	१७३५	२०४४	१८१८	९०७	८००	१००७८	२१.५
अन्य	००	११	००	००	१	३	२	००	१	१८	०.०
ड्राइभर पेसा	१	१७	३	१	९	१०	२	९	३१	८३	०.२
जम्मा	**३८४१**	**६९२७**	**४१८५**	**५५०२**	**५७८४**	**६५९५**	**७०२२**	**२८७८**	**४१६५**	**४६८९९**	**१००**

स्रोत : राप्ती सोनारी घरधुरी सर्भेक्षण-२०७५

असक्तताका आधारमा जनसङ्ख्या

राप्ती सोनारी गाउँपालिकामा शारीरिक तथा मनोसामाजिक रूपमा अशक्त मानिसहरूको संख्या ७३३ जना रहेकोछ । असक्तता मध्ये सबभन्दा बढी सङ्ख्या शारीरिक असक्तको छ, जसको सङ्ख्या ३९५ रहेको छ । ७३३ जना असक्तहरु मध्ये पूर्ण असक्त (रातो कार्ड) प्राप्त गर्ने ८० जना, अति असक्त (निलो कार्ड) प्राप्त गर्ने १३४ जना, मध्यम असक्त (पहेंलो कार्ड) प्राप्त गर्ने १२८ जना र सामान्य असक्त (सेतो कार्ड) प्राप्त गर्ने ७१ जना रहेका छन् । ३२० जनाले परिचयपत्र लिएको देखिदैन । यस गाउँपालिकाको अशक्तता सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. १.१० : शारिरिक/मानसिक असक्तता अनुसार जनसङ्ख्या

असक्तता अवस्था	वडा									जम्मा	प्रतिशत
	१	२	३	४	५	६	७	८	९		
शारीरिक	२३	६१	२३	३९	३३	६५	९७	२४	३०	३९५	०.६
दृष्टि सम्बन्धी	४	१२	४	१	२०	७	६१	८	८	१२५	०.२
सुनाई सम्बन्धी	३	१३	२	२	५	३	२२	२		५२	०.१
सुनाई तथा दृष्टि सम्बन्धी		१	१				३			५	०.०
स्वर बोलाइ सम्बन्धी	४	१२	९		१०	६	२१	३	३	६८	०.१
मनोसामाजिक				४	२	४	८		१	१९	०.०

बौद्धिक	१	७	१		१४	५	१६	१	५	५०	०.१
बहु असक्तता		६	१	१	३	२	१		१	१५	०.०
अन्य					२	१		१		४	०.०
जम्मा	**३५**	**११२**	**४१**	**४७**	**८९**	**९३**	**२२९**	**३९**	**४८**	**७३३**	**१००**

स्रोत : राप्ती सोनारी घरधुरी सर्भेक्षण-२०७५

व्यक्तिगत घटना (पञ्जिकरण) सम्बन्धी विवरण

जन्म, मृत्यु, विवाहदर्ता, बसाइसराई जस्ता तथ्यांकबाट जनसंख्याको विद्यमान संरचनालाई विश्लेषण गरी आगामी वर्षहरुको जनसंख्या स्थिति प्रक्षेपण गर्न र विकास निर्माणका क्रियाकलापलाई योजनाबद्ध रुपमा अगाडी बढाउन मद्दत पुग्दछ । त्यसैले पञ्जिकरण सम्बन्धी व्यवस्थालाई अद्यावधिक गरिएको हुन्छ । यस गाउँपालिकाको २०७८ को व्यक्तिगत घटनादर्ता (पञ्जिकरण) विवरण देहायको तालिकामा दिइएको छ ।

तालिका नं. १.११ : व्यक्तिगत घटना (पञ्जिकरण) सम्बन्धी विवरण (२०७८ श्रावण देखि २०७८ फाल्गुन मसान्तसम्म)

वडा नं.	जन्म दर्ता				मृत्यु दर्ता				सम्बन्ध बिच्छेद	बिवाह दर्ता	बसाइसराई				जम्मा
											आएको		गएको		
	पुरुष	महिला	तेस्रो लिङ्गी	जम्मा	पुरुष	महिला	तेस्रो लिङ्गी	जम्मा			दर्ता संख्या	सदस्य संख्या	दर्ता संख्या	सदस्य संख्या	
१	**११४**	**११७**		**२३१**	**२६**	**२६**		**५२**	**१**	**६३**	**८**	**१८**	**१९**	**६४**	३७४
२	८४	१११		१९५	२०	१६		३६	३	७६	१९	७२	१४	४६	३४३
३	९१	५९		१५०	१०	१२		२२	२	८१	१४	५४	३	८	२७२
४	७५	९०		१६५	२२	२५		४७	१	७०	२९	७५	६	२५	३१८
५	९७	९५		१९२	२४	१४		३८	०	८०	११	३८	४	१५	३२५
६	१३७	१९०	१	३२८	२८	२१	१	५०	१	७८	६	१६	७	२३	४७०
७	१९२	१८७		३७९	४७	२४		७१	२	८४	४	८	७	२२	५४७
८	५३	४८		१०१	१७	२४		३५	२	४४	२७	८४	३	१४	२१२
९	५६	४५		१०१	१६	१४		३०	५	५९	१३	४५	१५	५४	२२३
जम्मा	**८९९**	**९४२**	**१**	**१८४२**	**२१०**	**१७०**	**१**	**३८१**	**१७**	**६३५**	**१३१**	**४१०**	**७८**	**२७१**	**३०८४**

श्रोत : राप्ती सोनारी गाउँपालिका पञ्जिकरण शाखाको विवरण-२०७८

१.२.३ भूमिको उपयोग

यस गाउँपालिकाको बनावट दक्षिणमा भारतका सीमानाबाट सुरु भई उत्तरमा चुरे पहाडसम्म फैलिएको हुँदा यसको धरातलीय स्वरूप पनि दक्षिणबाट क्रमशः उत्तरतिर उठ्दै गएको छ । त्यसैले उत्तर तर्फको जमिनमा केही भिरालोपन र दक्षिण तर्फ समथर रहेको छ । यस गाउँपालिकाको अधिकांश भू-भाग घना वन क्षेत्रले ओगटेको छ । त्यसपछि क्रमशः खेतियोग्य भूमि, झाडी बुट्यान तथा घाँसे मैदान, आवादी क्षेत्र, नदी उकास क्षेत्र, बाँझो जमिन र पोखरी तथा नदी खोला क्षेत्रले ढाकिएको अवस्था छ । भू-उपयोग सम्बन्धी SIRACS Survey २०७८ अनुसारको विवरण निम्न तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं.१.१२ : भूमिको उपयोग सम्बन्धी विवरण

भू-उपयोगको अवस्था	क्षेत्रफल (वर्ग कि.मी.)	क्षेत्रफल (हेक्टर)	प्रतिशत
घना वन क्षेत्र	८३१.३०	८३१३०	७९.७९
खेतीयोग्य भूमि	८९.९९	८९९९	८.६४
झाँडी तथा घाँसे मैदान	६१.११	६१११	५.८७
आवादी क्षेत्र	७.११	७११	०.६८
नदी उकास क्षेत्र	४१.४४	४१४४	३.९८
बाझो जमिन	०.७३	७३	०.०७
पोखरी, नदी, खोला क्षेत्र	१०.१४	१०१४	०.९७
जम्मा	**१०४१.८२**	**१०४१८२**	**१००**

श्रोत : SIRACS सर्वेक्षण-२०७८



चित्र नं.१.४ : भू-उपयोगको अवस्था

परिवारको स्वामित्वमा रहेको जग्गा जमिन सम्बन्धी विवरण

मुख्य पेशाको रुपमा रहेको कृषि पेशालाई प्रवर्द्धन गर्न जग्गा जमिनको आवश्यकता पर्ने हुन्छ । व्यक्तिगत रुपमा आफ्नो स्वामित्वमा रहेका जग्गा जमिनको उपयोगबाट नै कृषि लगायतका अन्य आर्थिक गतिविधि सञ्चालन गरिने हुँदा व्यक्तिको स्वामित्वमा रहेको जग्गा जमिनको अत्यन्त महत्व हुन्छ ।

यस गाउँपालिकामा स्वामित्वको आधारमा जग्गा जमिनको अवस्था हेर्दा नम्बरी र ऐलानी समेत गरी ९७% घरधुरीको आफ्नो जमिन रहेको देखिन्छ । यहाँ १ देखि ५ कठ्ठासम्म जमिन हुने घरपरिवारहरू लगभग ३०% रहेका छन् भने १ बिघा भन्दा बढी जमीन हुने घरपरिवारको संख्या १९% रहेको छ । उपयोगको आधारमा जग्गा सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं.१.१३ : जमिन उपभोगको आधारमा घरधुरी विवरण

जग्गाको स्वामित्व	वडा									जम्मा	प्रतिशत
	१	२	३	४	५	६	७	८	९		
जग्गा नभएको	७४	२०	२	२३	३१	३०	१९७	३	२	३८२	३.०
१ देखि ५ कट्ठासम्म	४७२	७६६	१७५	२२६	३५३	४०७	६१७	३३०	३८०	३७२६	२९.६
६ देखि १० कट्ठासम्म	३७९	५१२	२३४	२७१	३८३	३५४	३७२	२१५	३५९	३०७९	२४.५
११ देखि १५ कट्ठासम्म	१५७	२६४	१८७	२०७	२२१	२०४	२४५	११२	१८३	१७८०	१४.१
१६ देखि २० कट्ठासम्म	१०८	१६९	१०९	१७६	१४४	१५५	१७९	७६	११५	१२३१	९.८
२१ कट्ठा देखि माथि	११३	२३९	२६४	४३५	३३७	३९९	४३४	६१	१०७	२३८९	१९.०
जम्मा	**१३०३**	**१९७०**	**९७१**	**१३३८**	**१४६९**	**१५४९**	**२०४४**	**७९७**	**११४६**	**१२५८७**	**१००**

स्रोत : राप्ती सोनारी घरधुरी सर्भेक्षण-२०७५

१.२.४ आर्थिक क्षेत्रको स्थिति

कृषि तथा पशुपालन

कृषियोग्य जमिन

यस गाउँपालिकाको थोरै अंश मात्र खेतीपातीका लागि उपयुक्त देखिन्छ । यहाँ धान, मकै, गहुँ, चना, अरहर, मसुरो, आलु आदि प्रमुख बालीका रूपमा खेती गरिन्छ । अधिकांश जमिनमा सिंचाई सुविधा उपलब्ध नभएको साथै खेती प्रणाली पनि परम्परागत हुँदा अधिकांश खेतीपाती आकाशे वर्षामा निर्भर भएर हुनुपर्दा बहुसंख्यक किसानहरू न्यून उत्पादन गर्न बाध्य छन् । यस गाउँपालिकाको कूल क्षेत्रफलको ९.२% (९,५८२ हेक्टर) मात्र खेतीयोग्य जमिन छ । राष्ट्रिय गौरवको आयोजनाको रुपमा यस प्रदेशकै ठूलो सिक्टा सिंचाई आयोजना सम्पन्न हुने क्रममा रहेकोले यहाँका किसानहरू लाभान्वित हुने आशामा रहेका छन् ।

कृषि बाली उत्पादन

अन्नबाली लगाउने जमिनको अवस्थालाई हेर्दा यहाँ मुख्यतया वर्षमा २ बाली प्रणालीहरू देखिन्छन् । प्रथम बाली प्रणालीमा बर्खे बाली प्रणाली रहेको छ । यस अन्तर्गत धान र मकै बाली प्रमुख रहेको छ । दोस्रो बाली प्रणालीमा हिउँदे बाली प्रणाली रहेको देखिन्छ । यस अन्तर्गत गहँ, मुसुरो, आलु, तोरी, मास, तरकारी र अन्य गेडागुडी बाली रहेका छन् । राप्ती सोनारी गाउँपालिकामा बाली लगाउने किसानहरूको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

कृषि उत्पादन पकेट क्षेत्रहरू

यहाँको हावापानी, माटो, कृषकहरूको रुचि तथा अवस्था, बजार र ढुवानीको अवस्थालाई विश्लेषण गरी किसानहरूको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन कृषि विकास कार्यालयले यस जिल्लामा सघन बाली विकास तथा उत्पादकत्व वृद्धि गर्न बाली विकास कार्यक्रमहरू अगाडि सारेको छ । उपयुक्त हावापानी, माटो तथा पूर्वाधार विकासका कारण यो जिल्ला कृषिको व्यवसायीकरणका दृष्टिले धेरै सम्भावना भएको जिल्लाका रूपमा रहेको छ । राप्ती सोनारी गाउँपालिकामा तरकारी, धान, मकै तथा फलफूल बाली उत्पादन हुने पकेट क्षेत्रहरू मध्ये शम्शेरगञ्जमा तरकारी, वडा नं.३ मा धान र वडा नं.३ कै भवानीयापुरमा आँपको पकेट क्षेत्र तथा चालु आर्थिक वर्षमा फत्तेपुर क्षेत्रलाई मकै उत्पादनको पकेट क्षेत्र घोषणा गर्ने कार्यक्रम छ ।यहाँ उत्पादित सामग्रीले उचित बजार पाएको खण्डमा कृषकको जीवनस्तर उठ्ने कुरामा दुईमत रहँदैन ।



चित्र नं. १.५ : तरकारी तथा फलफूल पकेट क्षेत्र



चित्र नं. १.६ : कृषि पकेट क्षेत्र

बालीमा लाग्ने मुख्य रोगहरू

यहाँका कृषि बालीहरूमा लाग्ने मुख्य रोगहरूमा खैरो, थोप्लो मरुवा, गवारो, पतेरो, कालो पोके, सिन्दूरे, खूम्रे, डढुवा, रातो कमिला, कटवर्म, लाही, खस्रे गवारो, टुप्पा सुक्ने, पाउडरी, मिल्डयु, कत्ले र बोक्रा सुक्ने आदि रहेका छन् । यी रोगहरूले कृषि बालीहरूलाई वर्षभरि नै आक्रमण गरिरहने हुँदा यहाँको कृषि उपजमा ठूलो क्षति पुग्नेगरेको छ ।

पशुपालनको अवस्था

यस गाउँपालिकामा वनजंगल तथा चरन क्षेत्र प्रसस्त भएका कारण यहाँ गाई, गोरु, भैंसी, राँगा, बाख्रा जस्ता पशुहरु पाल्ने गरेको देखिन्छ । यहाँ पालिने साना जातका पशुपंक्षीमा बाख्रा, भेंडा, सुँगुर, कुखुरा आदि पाल्ने घरधुरीहरू धेरै रहेका छन्। यस पालिकामा ४ वटा माछापालन व्यवसायी र केही क्षेत्रमा मौरीपालन गरेको देखिन्छ ।

पशु सेवा केन्द्रहरू र प्रदान गरिने सेवाहरु

कृषकहरुको आयस्तरमा वृद्धि गर्ने लक्ष्यका साथै मानव जीवनलाई स्वस्थ राख्नका लागि विभिन्न किसिमका पशु स्वास्थ्य कार्यक्रमहरू सञ्चालन हुँदै आइरहेका छन् । यस क्षेत्रलाई बढी व्यवस्थित राख्न र पशु सेवालाई जनसमुदायको घरदैलोमा पुऱ्याई पशुपालन पेशालाई प्रवर्द्धन गर्न पशु सेवा इकाईहरुले सहजीकरणको काम गरिरहेका छन् । पशुपालन व्यवसायलाई बढी व्यवस्थित र आय-आर्जनको मूल माध्यम बनाउनका लागि पशु सेवा इकाईहरुबाट प्रदान गरिने सेवाहरू निम्नानुसार छन्:

- **पशु उत्पादन कार्यक्रम :** पशु प्रजनन् सेवा
- **पशु स्वास्थ्य सेवा :** गोबर परीक्षण, पिसाब परीक्षण, रगत परीक्षण, थुनेलो परीक्षण, छालाको रोग परीक्षण, शव परीक्षण, नमूना सङ्कलन तथा प्रेषण
- **हस्पिटल उपचार सेवा :** मेडिकल उपचार, माइनर सर्जिकल उपचार, मेजर सर्जिकल उपचार, गाइनाकोलोजिकल उपचार, रोग निरोधक खोप कार्यक्रम
- **रोग नियन्त्रण तथा जन स्वास्थ्य संरक्षण सेवा :** ग्रामीण पशु स्वास्थ्य सेवा विस्तार, गुणस्तर नियम (मासु

निरीक्षण तथा सुपरीवेक्षण)

- तालिम कार्यक्रम (सेवा केन्द्र स्तरीय तथा क्षेत्रीय स्तर)।
- पकेट/प्याकेज कार्यक्रममा फलोअप भैंसी, बाख्रा, कुखुरा।
- गरिबी निवारण तथा स्वरोजगार प्रवर्धन।
- व्यावसायिक कुखुरापालन फलोअप कार्यक्रम।

तालिका नं. १.१४ : पशु/कृषि सेवा केन्द्रहरूको विवरण

क्र.सं	पशु/कृषि सेवा केन्द्रहरू	ठेगाना
१.	कृषि सेवा केन्द्र, धामपुर	राप्ती सोनारी पुरै
२.	पशुसेवा केन्द्र	कुसुम
३.	पशुसेवा केन्द्र	धामपुर
४.	पशुसेवा केन्द्र	ढकेरी

आम्दानीका स्रोतहरु

राप्ती सोनारी घरधुरी सर्भेक्षण-२०७५ अनुसार यस गाउँपालिका भित्रका घरधुरीको वार्षिक औसत आम्दानी सब भन्दा बढी कृषि तथा पशुपालनबाट हुन्छ भने दोस्रोमा ज्याला मजदुरीबाट हुने गर्दछ। यस्तै तेस्रोमा वैदेशिक रोजगारी, नोकरी तथा पेन्सनबाट हुने गर्दछ। आम्दानीका श्रोतहरु र औसत आम्दानी विवरण तलको तालिकामा दिइएको छ।

तालिका नं.१.१५ : घरको वार्षिक औसत आम्दानी (रु.)

विवरण	वडा									जम्मा औसत
	१	२	३	४	५	६	७	८	९	
कृषि/पशुपालन	२३७१५	२०९५९	२५२१८	६००१९	३६२३८	१३४५	४९८४७	४५६७९	४९२३८	४००७९
व्यापार उद्योग	४७५९	७५९८	८६५०	८०८७	८०५८	९५५६	३५२१	१६८४४	९,५७५	७८३५
नोकरी/पेन्सन	७१२८	२१६२६	९४०९	१६८२६	८६५४	२१९५५	६१६७	३७४५७	२२४९३	१५७७०
वैदेशिक रोजगार	२०६५४	४०१७७	९०१६	८६४९	२७२७४	१३६५३	२२६३०	४६८६३	१६७४९	२३०७२
ज्याला मजदुरी	२४६१७	३४५४२	४६२९०	३९३३३	४१३२८	३६८९४	३००११	१८३६६	२४९८६	३३३८१
सामाजिक सुरक्षा भत्ता	१७८२	३७३	४३२	५७८	१४०	११७४	१८५५	७११	१२६	८५६
अन्य	१९२	५८४	-	३७	-	१३	२१३	१११७	१७५	२३८
जम्मा वार्षिक आम्दानी	**८२८४७**	**१२५८५९**	**९९०१६**	**३३५२९**	**२१६९२**	**१३४५९१**	**११४२४३**	**१६७०३७**	**१२३३४१**	**१२१२३१**

स्रोत : राप्ती सोनारी घरधुरी सर्भेक्षण-२०७५

आम्दानीको स्तर

राप्ती सोनारी घरधुरी सर्भेक्षण-२०७५ अनुसार यस गाउँपालिकामा घरपरिवारको सम्पूर्ण आम्दानी अनुसार वार्षिक रु.२५,००० सम्म आम्दानी हुने घरधुरी ४% छन् भने रु.२५,००० देखि रु.५०,००० सम्म हुने १४% रहेका छन्। यस्तै रु.५०,००० देखि रु.७५,००० सम्म हुने १५% छन् भने रु.७५,००० देखि १,००,००० हुने २०% छन्। यस गाउँपालिकामा वार्षिक रु.१,००,००० देखि २,५०,००० सम्म आम्दानी हुने घरपरिवारको संख्या ४१% रहेको देखिन्छ। आम्दानी स्तर अनुसारको विवरण तलको तालिकामा दिइएको छ।

तालिका नं. १.१६ : वार्षिक आम्दानीको आधारमा घरधुरी विवरण

आम्दानी स्तर	वडा									जम्मा	%
	१	२	३	४	५	६	७	८	९		
रु.२५,००० सम्म	१८६	८५	३०	६	२३	४४	७०	९	१९	४७२	३.७
रु.२५,००० देखि ५०,०००	३९९	३०१	१६३	१०३	१५०	१४२	२८८	६८	१२१	१७३५	१३.८
रु.५०,००० देखि ७५,०००	१८३	३३३	१९२	११४	२६३	१८६	३८२	६६	१६८	१८८७	१५.०
रु. ७५,००० देखि १,००,०००	२१३	३६१	३१६	३४५	२६६	२५७	३८६	९५	२२३	२४६२	१९.६
रु. १,००,००० देखि २,५०,०००	२५९	६८७	२४४	६७९	६९५	७७१	८२७	४३२	५७७	५१७१	४१.१

रु. २,५०,००० देखि ४,००,०००	५८	१८१	२६	७९	६४	१३३	८६	१२२	३६	७८५	६.२
रु. ४,००,००० देखि माथि	५	२२	१२	८	१६	५	५	२	७५	०.६	
जम्मा वार्षिक आम्दानी	**१३०३**	**१९७०**	**९७१**	**१३३८**	**१४६९**	**१५४९**	**२०४४**	**७९७**	**११४६**	**१२५८७**	**१००**

स्रोत : राप्ती सोनारी घरधुरी सर्भेक्षण-२०७५

खाद्यान्नमा आत्मनिर्भरताको अवस्था

यस गाउँपालिकाका मानिसहरूको मुख्य पेशा कृषि नै हो । खाद्य आत्मनिर्भरताको अवस्थालाई विश्लेषण गर्दा आफ्नो आम्दानीले ३ महिना भन्दा कम समय खान पुग्ने घरधुरीहरू १५% रहेका छन् भने ९ देखि १२ महिना सम्म पुग्ने घरधुरी संख्या ४७.९% देखिन्छ । यहाँका १०.५ प्रतिशत घरधुरीले मात्र आफ्नो आम्दानीबाट बचत गर्ने गरेका छन् । यस गाउँपालिकाको खाद्यान्न आत्मनिर्भरतालाई तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. १.१७ खाद्य आत्मनिर्भरताको आधारमा घरधुरी विवरण

विवरण	वडा									जम्मा	%
	१	२	३	४	५	६	७	८	९		
३ महिना भन्दा कम	७३६	२८३	८३	८१	९५	२३६	९९	१३४	१०१	१८४८	१४.७
३ देखि ६ महिनासम्म	९८	४६३	१२५	१६८	१६०	१७४	१३६	१०२	१६३	१५८९	१२.६
६ देखि ९ महिनासम्म	१२३	३०४	१५२	२९२	१४७	१९८	२९७	१०२	१७४	१७८९	१४.२
९ देखि १२ महिनासम्म	३१८	६६३	४७१	७९६	७९१	६२७	१२८१	४०९	६७८	६०३४	४७.९
बचत हुन्छ	२८	२५७	१४०	१	२७६	३१४	२३१	५०	३०	१३२७	१०.५
जम्मा	**१३०३**	**१९७०**	**९७१**	**१३३८**	**१४६९**	**१५४९**	**२०४४**	**७९७**	**११४६**	**१२५८७**	**१००**

स्रोत : राप्ती सोनारी घरधुरी सर्भेक्षण-२०७५

आर्थिक अवस्था (स्वघोषणामा आधारित)

राप्ती सोनारी घरधुरी सर्भेक्षण-२०७५ अनुसार यस गाउँपालिका भित्रका घरधुरीलाई आफ्नो स्वविवेकमा आफूलाई कुन आर्थिक हैसियतको श्रेणीमा राख्नुहुन्छ भन्ने प्रश्नमा सबभन्दा धेरै घरपरिवार अर्थात ३८% ले आफूहरू गरिब वर्गमा पर्ने बताए । निम्न मध्यम वर्गीय श्रेणीमा रहेको बताउनेहरूको संख्या पनि गरिब वर्गमा पर्नेहरू कै हाराहारीमा ३६% देखिन्छ । स्वघोषणामा आधारित आर्थिक हैसियतको विवरण तलको तालिकामा दिइएको छ ।

तालिका नं.१.१८ स्वघोषणाको आधारमा विभिन्न आर्थिक अवस्थाका घरधुरी विवरण ।

आर्थिक अवस्था	वडा									जम्मा	%
	१	२	३	४	५	६	७	८	९		
धेरै गरिब	१९७	३८	१६	६०	१४	३९	२४१	७४	३०	७०९	५.६
गरिब	५२८	६३०	२८९	६३९	३७४	६३६	९५३	३०८	४०२	४७५९	३७.८
निम्न मध्यम वर्ग	२४७	६९६	४८७	४८७	७७८	५३७	४२६	२१०	६७४	४५४२	३६.१
मध्यम वर्ग	२९२	५५४	१७४	६३	२८१	३०८	३९९	१३६	३२	२२३९	१७.८
उच्च मध्यम वर्ग	१३	१४	५	२	२१	२८	११	५४	५	१५३	१.२
धनी	२५	३८	८७	१४	१०	३	१७७	१.४			
धेरै धनी	१	१	१	५	८	०.१					
जम्मा	**१३०३**	**१९७०**	**९७१**	**१३३८**	**१४६९**	**१५४९**	**२०४४**	**७९७**	**११४६**	**१२५८७**	**१००**

स्रोत : राप्ती सोनारी घरधुरी सर्भेक्षण-२०७५

पर्यटन तथा धार्मिक/साँस्कृतिक स्थलहरुको विवरण

यस पालिकाका मुख्य आर्थिक गतिविधिमा कृषि व्यवसाय पछि पर्यटन व्यवसायलाई लिन सकिन्छ । जैविक विविधता तथा प्राकृतिक सौन्दर्यताको धनी यस पालिकामा पर्यटन उद्योगको लागि विभिन्न पूर्वाधारहरु विकास गरी पर्यटन प्रवर्द्धन गर्न सकिने अवस्था विद्यमान छ । राष्ट्रिय गौरबको रुपमा रहेको बाँके राष्ट्रिय निकुञ्ज, विविधतायुक्त विभिन्न वन वनस्पति, वन्यजन्तु तथा चराचुरुङ्गीहरुको वासस्थान, सिक्टा सिँचाई बाँध, पालिकाको बीच भागबाट अविरल रुपमा बगिरहने रमणीय राप्ती नदी, खर्से ताल लगायतका विभिन्न ताल तलैयाहरु, ढकेरी राष्ट्रिय वनस्पति उद्यान तथा विभिन्न पार्कहरु, गाईलेक, गौशाला, विभिन्न मठ-मन्दिर जस्ता धार्मिक स्थलहरु समेतका प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरुबाट पर्यटन प्रवर्द्धन गर्न सकिने प्रबल सम्भावना छ । पर्यटन प्रवर्द्धनका लागि विभिन्न संरचनाहरु जस्तै- होमस्टे, होटल, मोटल सहितको पर्यटकीय आवास व्यवस्था, राप्ती नदीमा डुङ्गा सञ्चालन, जंगल सफारी, हात्ती सफारी, राप्ती नदीमा फिसिङ्ग, खुला चिडियाखानाको अवधारणा अनुसारका संरचनाहरु समेतको आवश्यक व्यवस्थापन

गर्न सकेमा यसबाट आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्न सकिने अवस्था छ । त्यसैगरी साँस्कृतिक संग्रहालयको स्थापना, धार्मिक तथा साँस्कृतिक सम्पदाहरुको संरक्षण र विकास गर्नु पनि पर्यटन प्रवर्द्धनको लागि आवश्यक छ । यस पालिकामा विभिन्न सामुदायिक वन, केही सीमसार तथा ताल र पोखरीहरु समेत रहेको हुँदा तिनीहरुलाई पर्यटन प्रवर्द्धनको क्षेत्रमा विकास गर्न सकिने सम्भावना छ । यस गाउँपालिकामा विभिन्न धार्मिक/साँस्कृतिक केन्द्रहरु पनि रहेका छन् । यस्ता धार्मिक/साँस्कृतिक महत्वका स्थलहरुबाट पनि पर्यटन प्रवर्द्धन गर्न सहयोग पुग्ने हुँदा यस्ता साँस्कृतिक केन्द्रहरुको थप पहिचान सहित संरक्षण सम्वर्द्धन गर्न जरुरी छ । गाउँपालिकामा रहेका विभिन्न पर्यटकीय एवं धार्मिक/साँस्कृतिक स्थलहरुको विवरण निम्न तालिकामा दिइएको छ ।

तालिका नं.१.१९ : प्रमुख पर्यटकीय स्थलहरू

क्र.सं.	पर्यटकीय स्थलहरु	ठेगाना
१	ढकेरी पार्क (ढकेरी वनस्पती उद्यान)	ढकेरी, महादेवपुरी
२	सिक्टा सिँचाई जलाशय तथा बाँध	अगैया
३	राप्ती पकरी पुल, झोलुङ्गे पुल	अगैया, कचनापुर
४	गौशाला मन्दिर	कचनापुर
५	राप्ती पुल	सिन्धनुवा, फत्तेपुर
६	राप्ती तटबन्ध (राप्ती छेउमा)	बिनौनादेखि फत्तेपुर
७	बाँके राष्ट्रिय निकुञ्ज	महादेवपुरी, कचनापुर, कुसुम
८	शिव मन्दिर	चिलरिया बिनौना
९	कन्याराज	बिनौना
१०	झोलुङ्गे पुल	कुसुम
११	विद्युत पावर हाउस	बैजापुर
१२	खैर भन्टी गुफा	बैजापुर
१३	खर्चे ताल	वडा नं.१

तालिका नं. १.२० प्रमुख धार्मिक स्थलहरूको विवरण

क्र.सं.	धार्मिक स्थलहरु	ठेगाना
१	पोखरा माता मन्दिर	लालपुर, फत्तेपुर
२	दुर्गामाता मन्दिर	रजल्ला, फत्तेपुर
३	मरिमाता मन्दिर	कोशी सरियापुर, फत्तेपुर
४	शिव मन्दिर	सरियापुर, फत्तेपुर
५	राधाकृष्ण मन्दिर	सर्रा, फत्तेपुर
६	राधाकृष्ण मन्दीर	सर्टी, फत्तेपुर
७	शिव मन्दिर	भवानीपुर, फत्तेपुर
८	मलङ्गसा (मुस्लिम)	पिप्रहवा, फत्तेपुर
९	राधाकृष्ण मन्दिर	चचरफर्का, बिनौना
१०	शिव मन्दिर	गोडधोई, बिनौना
११	शिव मन्दिर	चिलरिया, बिनौना
१२	कन्याराज मन्दिर	चचरफर्का, बिनौना
१३	भूवरभवानी माता मन्दिर	नारायणपुर, बैजापुर
१४	शिव मन्दिर	नारायणपुर, बैजापुर
१५	सिद्ध साई कुमारी मन्दिर	टिकुलीपुर, कचनापुर
१६	गौशाला मन्दिर	टिकुलीपुर, कचनापुर
१७	शिव मन्दिर	महादेवपुरी बजार
१८	शिव मन्दिर	कुसुम बजार
१९	भरैया देवीको स्थान	सिक्टाको वनमा नदीको ढिकमा गुफा भित्र । यहाँ कसैको केही सामान हरायो भने देवीलाई भाकल गरेमा भेटिन्छ भन्ने जनविश्वास छ ।

बैंक तथा वित्तीय संस्था

वित्तीय संस्थाको रुपमा यस गाउँपालिकामा विभिन्न बैंकका शाखाहरु रहेका छन् । यसका अलावा गाउँपालिकामा विभिन्न प्रकृतिका ४३ वटा सहकारी संस्थाहरु रहेका छन् ।

उद्योग तथा व्यापार

यस पालिकामा रोजगारी सिर्जना गर्ने स्तरका उद्योग धन्दाहरु स्थापना भएका छैनन् । यस गाउँपालिकाको वडा नं.२ को कचनापुरको औरहियामा निजी क्षेत्रबाट करिब ३ अर्बको लागतमा ठूलो कागज उद्योग सञ्चालन गर्न पूर्वाधार निर्माणको भइरहेको छ । तथापि होटल, टेलरिङ्ग, सुनचाँदी, कुटानी-पिसानी, हेयर कटिङ, आर्ट जस्ता सेवामूलक साना उद्योगहरु सञ्चालनमा रहेका छन् । साथै यस पालिकाको वडा नं.२ र ८ मा वनजन्य वस्तुमा आधारित २ वटा साना उद्योगहरु सञ्चालनमा रहेका छन् । कृषि, वनजन्य उत्पादनमा आधारित अन्य उद्योगहरु र ठूला होटल, होमस्टे र रिसोर्टहरु खोली पर्यटन प्रवर्द्धन गर्न सकिने सम्भावना रहेको हुँदा त्यस तर्फ ध्यान जान जरुरी छ ।

व्यापार तर्फ यस पालिका रहेका कुसुम, अगैया, शम्शेरगञ्ज, ढकेरी, नारायणपुर, बेलासपुर, बिनौना तथा फत्तेपुर स्थित बजारहरुमा दैनिक उपभोग्य सामानहरुको बिक्री वितरण लगायत अन्य व्यापारिक गतिविधहरु सञ्चालनमा रहेको अवस्था छ ।

प्राकृतिक श्रोत (खानी/खनिज)

यस गाउँपालिकाको वडा नं.२, ६ र ९ मा नदीजन्य वस्तुहरु बालुवा, ढुङ्गा, गिट्टी खानीहरुबाट कच्चा पदार्थहरु निकाली क्रसर उद्योगहरु सञ्चालन भएका छन् । वातावरण विग्रन नदिई खानीहरुबाट उत्पादित वस्तुहरुको निर्यात सम्बन्धी अभिलेख राखी पालिकाले अनुगमन तथा नियमन गरी कानूनको दायरामा ल्याउन सकेमा रोजगारी तथा स्थानीय आयश्रोतमा टेवा पुग्ने देखिन्छ ।

१.२.५ सामाजिक क्षेत्रको स्थिति

शिक्षा

नेपालको संविधान २०७२ ले शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रुपमा स्वीकार गरेको छ । त्यसैगरी आधारभूत तहसम्मको शिक्षामा पहूँच तथा आधारभूत तहलाई अनिवार्य र निशुल्क शिक्षा, माध्यमिक तहसम्म निशुल्क शिक्षा पाउने हक सुनिश्चित गरिएको छ । नेपालको संविधानले आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन स्थानीय तहलाई र उच्च तथा प्राविधिक शिक्षाको व्यवस्थापनको अधिकार प्रदेश सरकारलाई दिएको छ ।

हाल राप्ती सोनारी गाउँपालिकामा सामुदायिक तर्फ ५४ तथा संस्थागत तर्फ १८ गरी जम्मा ७२ वटा बिद्यालयहरु संचालनमा रहेका छन् । जसमध्ये माध्यमिक तहको पढाई हुने विद्यालय-२२ (११ वटामा +२), आधारभूत तहसम्मको पढाई हुने बिद्यालय-५० र सामुदायिक तथा संस्थागत बाल विकास केन्द्र ७२ वटा रहेका छन् । त्यस्तै गाउँपालिकामा उच्च शिक्षा प्रदानगर्ने क्याम्पसहरुको संख्या २ रहेको छ । राप्ती सोनारी गाँउपालिकाको एक मात्र माध्यमिक बिद्यालयमा प्राविधिक शिक्षा तर्फको कृषि बिषयको पढाई भैरहेकोछ । हाल सम्म यस राप्ती सोनारी गाउँपालिकामा प्राविधिक शिक्षालय तथा सीप विकास केन्द्रहरु स्थापना हुनसकेका छैनन् । बिद्यालयहरु सम्वन्धी बिवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं.१.२१ : राप्ती सोनारी गाउँपालिकाका विद्यालयहरुको विवरण

विवरण	सामुदायिक	संस्थागत	कूल
बाल बिकास केन्द्रहरु	५४	१८	७२
१ देखि ३ कक्षा सम्म पढाई हुने बिद्यालय (आधारभूत तह)	७	०	७
१ देखि ५ कक्षा सम्म पढाई हुने बिद्यालय (आधारभूत तह)	१२	८	१९
१ देखि ८ सम्मको पढाई हुने बिद्यालय (आधारभूत तह)	१६	७	२३
१ देखि १० सम्म पढाई हुने बिद्यालय (मा.वि.)	९	२	११
१ देखि १२ सम्म पढाई हुने बिद्यालय (मा.वि.)	१०	१	११
उच्च शिक्षा पढाइ हुने क्याम्पस	२		२

श्रोत : शिक्षा शाखा, राप्ती सोनारी गाँउपालिका, २०७८

बिद्यालयमा कक्षागत रुपमा बिद्यार्थीको बिवरण

राप्ती सोनारी गाउँपालिकाको शिक्षा शाखाको शैक्षिक सत्र २०७७ को तथ्यांक अनुसार गाउँपालिका भित्रका सामुदायिक तथा संस्थागत बिद्यालयहरुमा अध्ययनरत छात्रा तथा छात्रहरुको बिवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं.१.२२ : कक्षागत विद्यार्थी विवरण

छात्रा/छात्र	कक्षागत बिवरण													जम्मा
	बा.बि	१	२	३	४	५	६	७	८	९	१०	११	१२	
छात्रा	९६३	८२१	७२१	७४४	७५१	८००	७४२	७४९	७६४	८१९	७८६	४७३	२२८	**९३६१**
छात्र	१०९९	९५९	८२२	८३५	७२८	७६४	७५८	७५०	७६६	६९०	६३४	२३२	१३५	**९१७२**
जम्मा	**२०६२**	**१७८०**	**१५४३**	**१५७९**	**१४७९**	**१५६४**	**१५००**	**१४९९**	**१५३०**	**१५०९**	**१४२०**	**७०५**	**३६३**	**१८५३३**

श्रोत : शिक्षा शाखा, राप्ती सोनारी गाँउपालिका, २०७८

विवरण	वडाहरु									जम्मा
	१	२	३	४	५	६	७	८	९	
आधारभूत तह	९	६	५	४	६	७	८	१	४	५०
मा.वि तह	२	३	१	३	३	२	२	४	२	२२
उच्च शिक्षा पढाइ हुने क्याम्पस	०	१	०	०	०	०	१	०	०	२
जम्मा	**११**	**९**	**६**	**७**	**९**	**९**	**११**	**५**	**६**	**७४**

बिद्यार्थी संख्या तथा विद्यालयमा उपलब्ध सेवाहरु

गाउँपालिकाको शिक्षा शाखाको २०७७ को तथ्यांक अनुसार प्रारम्भिक बाल विकास देखि विद्यालय तहमा अध्ययन गर्ने जम्मा छात्र छात्राको संख्या १८५३३ रहेको छ । जस मध्ये छात्राको संख्या ९३६१ भने छात्रको संख्या ९१७२ रहेको छ । यो छात्रा तथा छात्रको संख्या विद्यार्थी शिक्षक अनुपात तथा विद्यालयमा हाल प्राप्त सेवा सुविधाहरुको विवरण तलको तालिका दिइएको छ ।

तालिका नं. १.२३ : जम्मा विद्यार्थी संख्या र बिद्यालयहरुमा उपलब्ध सेवाहरु

क्र.सं.	बिबरण	इकाई	परिमाण
१	बिद्यालयमा छात्र छात्रा (ECD देखि मा.वि. तहसम्म)	जम्मा विद्यार्थी संख्या	१८५३३
		छात्रा संख्या	९३६१
		छात्र संख्या	९१७२
	प्रारम्भिक बाल बिकास कक्षा	ECD तर्फ जम्मा	२०६२
		छात्रा संख्या	९६३
		छात्र संख्या	१०९९
	कक्षा १ देखि १२ सम्म	१-१२ सम्मको जम्मा	१६४७१
		छात्रा संख्या	८३९८
		छात्र संख्या	८०७३
२	बिद्यार्थी शिक्षक अनुपात दरबन्दी अनुसार माध्यमिक तह	संख्या	१:७१
३	आधारभूत तहको खानेपानी भएका बिद्यालयहरु	संख्या	४५
४	पक्की शौचालय भएका बिद्यालयहरु	संख्या	७२
५	बालबालिकामैत्री शौचालय भएका बिद्यालयहरु	संख्या	२२
६	विद्युत सेवा उपलव्ध भएका बिद्यालयहरु	संख्या	सबै (सोलार समेत)
७	बाल क्लब गठन भएका बिद्यालयहरु	संख्या	१०
८	जनशक्ति सहितको प्राथमिक उपचार सेवा उपलब्ध बिद्यालय	संख्या	६
९	अपाङ्गमैत्री पूर्वाधारहरु निर्माण भएका बिद्यालयहरु	संख्या	०
१०	इन्टरनेट सेबा उपलब्ध बिद्यालयहरु	संख्या	२७
११	बिज्ञान प्रयोगशाला भएका बिद्यालयहरु	संख्या	१०
१२	खेल मैदान भएका बिद्यालयहरु	संख्या	सवै
१३	कम्प्युटर प्रयोगशाला भएका बिद्यालयहरु	संख्या	१०
१४	पुस्तकालय कक्ष व्यवस्था भएका बिद्यालयहरु	संख्या	१०

श्रोतः शिक्षा शाखा, राप्ती सोनारी गाउँपालिका २०७८

साक्षरता दर : गाउँपालिकाको घरधुरी सर्वेक्षण २०७५ अनुसार पाँच बर्ष तथा सो भन्दा माथिको जनसंख्याको साक्षरता दर ८५.३०% रहेको थियो । जसमा महिला साक्षरता ८१% तथा पुरुष साक्षरता दर ८९.५०% रहेको थियो । गाउँपालिकाको शिक्षा शाखाका अनुसार हाल यस गाउँपालिकाको साक्षरता दर ९६.३४% रहेको छ ।

विद्यालय नजाने बालबालिकाको विवरण:

राप्ती सोनारी गाउँपालिका शिक्षा शाखाका अनुसार पाँच वर्ष देखि १५ वर्षसम्मका विद्यालय जाने उमेरका बालबालिकाहरु मध्ये हाल ३१९ जना बालवालिकाहरु बिद्यालयको पहुँच बाहिर रहेका छन् । बि.स २०७७ को बिवरण अनुसार पाँच वर्ष देखि १५ वर्षसम्मका (कक्षा १ देखि १० सम्म) बिद्यालय जाने बालबालिकाको संख्या १५४०३ रहेको छ । यसरी बिद्यालयको पहुँच बाहिर रहेका बालवालिकाहरुको सङ्ख्या अहिले पनि करिव २.०२% रहेको छ । आगामी बर्षहरुमा गाउँपालिकाले बिशेष कार्यक्रम सञ्चालन गरी बिद्यालय बाहिर रहेका सबै बालवालिकाहरुलाई शिक्षाको मूलधारमा ल्याउनु पर्ने हुन्छ ।



चित्र नं. १.७ : शैक्षिक संस्थाहरु

स्वास्थ्य

नेपालको संविधानले नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने मौलिक हकको व्यवस्था गरेको छ । स्वस्थ तथा उत्पादनशील मानव संसाधनको महत्वलाई दृष्टिगत गरी गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवामा समतामूलक पहूँचको लागि तीनै तहको सरकारहरुले स्वास्थ्य क्षेत्रलाई आफ्नो दायित्वको रुपमा लिई यस क्षेत्रमा लगानी गर्न आवश्यक छ । राप्ती सोनारी गाउँपालिकामा विद्यमान स्वास्थ्य सेवाको बिभिन्न अवस्थालाई तल उल्लेख गरिएको छ ।

स्वास्थ्य संस्थाहरुको बिवरण

राप्ती सोनारी गाउँपालिका अर्न्तगत सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरुको बिवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं.१.२४ : स्वास्थ्य संस्थाहरु सम्वन्धी बिवरण

क्र.सं	स्वास्थ्य संस्थाको किसिम	संख्या	स्थान /वडा	कैफियत
१	अस्पताल (१५ शैयाको)	१	• बैजापुर- वडा नं.४	साविकको बैजापुर स्वास्थ्य चौकीलाई १५ शैयाको राप्ती सोनारी अस्पतालमा स्तरोन्नती गरिएको ।
२	स्वास्थ्य चौकीहरु	५	• खासखुस्मा-वडा नं.१, • कचनापुर-वडा नं.२, • बिनौना-वडा नं.५, • फत्तेपुर-वडा नं.७, • महादेवपुरी-वडां.९	साबिका गाविसहरुमा स्थापना भएका स्वास्थ्य चौकीहरु हाल वडागत रुपमा संचालन गरिएको ।
३	आधारभूत स्वास्थ्य केन्द्र	३	• सिसुवा वडा नं ३ • शम्शेरगञ्ज वडा नं ८ • शिदनवा वडा नं ६	
४	सामुदायिक स्वास्थ्य केन्द	१	• गुर्दनगौरी वडा नं.४	
५	नागरिक आरोग्य केन्द्र	१	• ढकेरी वडा नं.९	प्रदेश सरकार अन्तरगत
६	वर्थिङ सेन्टर	६	• राप्ती सोनरी अस्पाताल तथा सबै स्वास्थ्य चौकीहरुमा	
७	गाउँघर क्लिनिक	२०	• वडा नं.१ ३ वटा • वडा नं.२ ४ वटा • वडा नं.३ र ४ ४ वटा • वडा नं.५ ३ वटा • वडा नं.६ र ७ ३ वटा • वडा नं.८ र ९ ३ वटा	
८	खोप केन्द	३४	• वडा नं.१ ५ वटा • वडा नं.२ ७ वटा • वडा नं.३ र ४ ५ वटा • वडा नं.५ ५ वटा • वडा नं.६ र ७७ वटा • वडा नं.८ र ९ ५ वटा	
९	पोलि क्लिनिक	१	• स्वेता पोलि क्लिनिक वडा नं.४	
१०	औषधी पसल	२६	• वडा नं.१ देखि ९ सम्म	
११	Micrpscopy Center	४	• महादेवपुरी, कचनापुर, बैजापुर र बिनौना	
१२	क्षयरोग उपचार केन्द्र	९	• सबै वडाहरुमा	



चित्र नं. १.८ : स्वास्थ्य संस्थाहरु

तालिका नं.१.२५ : स्वास्थ्य सेवाका लागि जनशक्ति विवरण

क.सं.	पदको नाम	जनशक्ति विवरण	
		स्वीकृत दरबन्दी	आपूर्ति अवस्था
१	डाक्टर	०	२
२	स्वास्थ्य अधिकृत/ सिनियर अहेव/अहेव	२४	२९
३	सिनियर अ.न.मी/अ.न.मी	१२	१४
४	ल्याव टेक्निसियन	४	४

तालिका नं.१.२६ : प्राथमिकता प्राप्त स्वास्थ्य सेवाहरुको केही सूचकहरुमा बिगत ३ बर्षहरुको तुलनात्मक अवस्था

सूचकहरु	आर्थिक बर्ष			लुम्बिनी प्रदेश	राष्ट्रिय
	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७७/७८	२०७७/७८
खोप कार्यक्रमहरु					
बि.सि.जी कभरेज	८३.८०	८३.६०	८२.००	९४.३०	९०.७०
डि.पि.टी, हेपटाईटिस बि	८५.५०	८२.२०	८६.७०	९३.५०	८७.३०
रुवेला कभरेज (९-११ महिना)	८२.६०	८५.८०	८१.७०	८७.९०	८२.२०
पोषण कार्यक्रम					
जन्मदा २ ५. के.जी. भन्दा कम तौल भएका बालबालिकाको प्रतिशत	५.८	५.८	५.२	१०	७.२
१८० दिन आइरन चक्की प्रयोग गर्ने गर्भवती महिलाको प्रतिशत	१२३.४०	५८.८०	५८.५०	५४.९०	४४.८०
भिटामिन ए प्रयोग गर्ने महिलाहरुको प्रतिशत	५३.००	१०१.५०	५७.३०	६४.४०	६१.००
शुरक्षित मातृत्व					
पहिलो पटक स्वास्थ्य संस्थामा जाँच गराउने	७६	७६.३	७६.९	७५.२	६९.२

सूचकहरु	आर्थिक बर्ष			लुम्विनी प्रदेश	राष्ट्रिय
	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७७/७८	२०७७/७८
गर्भवतीको प्रतिशत					
४ पटक सम्म स्वास्थ्य संस्थामा जाँच गराउने गर्भवतीको प्रतिशत	५४.८	५८.९	६२.२	६०.७	५५.४
स्वास्थ्य संस्थामा प्रसुती गराउनेको प्रतिशत	५४.३	६४.७	५७.५	७९.६	६४
मातृ मृत्यु दर	०	०	१	७२	२४८

श्रोतः राप्ती सोनारी गाउँपालिकाको स्वास्थ्य प्रोफाइल-२०७८

तालिका नं.१.२७ : शीर्ष १० रोगहरुको अवस्था

क.सं.	रोगको विवरण	उपचारमा आएका संख्या
१	फङगल इन्फेक्सन	३६५७
२	टाउकोको दुखाई	३१७०
३	ग्यास्टीक	३११७
४	स्वास प्रस्वास सम्वन्धी	२९०६
५	छाला सम्वन्धी रोग	१९०८
६	जलन	१७२९
७	Conjunctivitis	१५५६
८	टाईफाइड	१३६४
९	जुका	१२५५
१०	झाडा पखला	११५०

श्रोतः राप्ती सोनारी गाउँपालिका, स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली-२०७८

तालिका नं.१.२८ : ३ वर्षमा स्वास्थ्य क्षेत्रमा प्रवाह भएको बजेट विवरण (रु हजारमा)

बजेट बिवरण	राप्ती सोनारी गाउँपालिका		
	२०७६/७७	२०७७/७८	२०७८/७९
गाउँपालिकाको कूल बजेट	७६,०८४.०	६५,४५१.०	१३६,१२०.०
स्वास्थ्य क्षेत्रको बजेट	१५,३६२.०	६५,४५१.०	५४,०१२.०
शसर्त	३,०३७.०	४५,५००.०	४०,४००.०
निशर्त	१२,३२५.०	१९,९५१.०	१३,६१२.०
प्रति व्यक्ति प्रति बर्ष स्वास्थ्यमा भएको खर्च	०.५८	०.५०	०.७६
बजेट खर्च (प्रतिशत)	५५	७५	

Source : Health Profile prepared by USAID-2075

खानेपानी तथा सरसफाई

प्रत्येक नागरिकलाई खानेपानी तथा सरसफाईको अधिकार हाम्रो संविधानले मौलिक हककै रुपमा व्यवस्था गरेको छ । खानेपानी तथा सरसफाई सेवाले मानव जीवनमा बहु-आयामिक प्रभाव पार्ने अवस्था त छनै, यसबाट बाल मृत्युदर कम भै सरदर आयु बृद्धि गर्नमा मद्दत पुग्ने, नागरिकको समग्र स्वास्थ्य स्थितिमा सुधार भै उत्पादनशील मानव संसाधनको विकास हुने र सामाजिक रहन सहनमा अनुकूल सुधार गर्न योगदान पुग्दछ ।

खानेपानी तथा सरसफाई नागरिकका आधारभूत आवश्यकता भित्र पर्दछन् । अधिकांश रोगहरु पानी तथा पानीजन्य कारणले हुने गर्दछन् । जनचेतनाको अभावमा अहिले पनि कतिपय गाउँ वस्तीहरुमा शुद्ध खानेपानीको अभावमा समय समयमा झाडापखाला लगायतका रोगहरु लाग्ने गरेको पाइन्छ । राप्ती सोनारी गाउँपालिकाले विभिन्न श्रोतहरुको परिचालन मार्फत सहज रुपमा आफ्ना नागरिकहरुलाई शुद्ध खानेपानी उपलब्ध गराउन प्रयत्नशील रहेको छ ।

खानेपानीको मुख्य स्रोत

राप्ती सोनारी गाउँपालिकाका झण्डै ७९% घरधुरीहरूले टयूवेल प्रयोग गरेको देखिन्छ । त्यसैले टयूवेल नै यहाँको खानेपानीको मुख्य स्रोत रहेको छ । त्यसबाहेक सार्वजनिक धारा, सार्वजनिक इनार, बोरिंग र घरआँगन भित्रै पाइपबाट ल्याइएको पानीले समेत यहाँको खानेपानी आपूर्ति हुने गरेको छ । खाने पानीको श्रोतको विवरण तलको तालिकामा दिइएको छ ।

तालिका नं.१.२९ : पानीको मुख्य श्रोत

पानीको श्रोत	वडा									जम्मा	%
	१	२	३	४	५	६	७	८	९		
घर आँगन भित्रै पाइपबाट आउने घरधुरी संख्या	२२	२२		४			२२	५०	२२१	३४१	२.७
सार्वजनिक धाराको पाइपबाट आउने	३५९	४१		४१	८४	२४८	४१	२२	४६	८८२	७.०
निजी टयूवेल (सतही)	८१	१७७०	६४६	१२३७	१३७५	१२५७	१९६४	७२३	८७७	९९३०	७८.९
निजी टयूवेल (बोरिंग)	५७	६१	३२३	१८	४	३९	११	१	२	५१६	४.१
निजी इनार	१४०	४		३	१					१४८	१.२
सार्वजनिक इनार	६४४	६४		९	२		३			७२२	५.७
जार बोतलको पानी						५		१		६	०.०
मुलनदी तलाउ		१		१८						१९	०.२
अन्य					३					३	०
सार्वजनिक टयूवेल (सतही)		७	२	८			३			२०	
जम्मा	**१३०३**	**१९७०**	**९७१**	**१३३८**	**१४६९**	**१५४९**	**२०४४**	**७९७**	**११४६**	**१२५८७**	**१००**

श्रोत : राप्ती सोनारी घरधुरी सर्भेक्षण-२०७५

राप्ती सोनारी गाउँपालिकाको वस्तुस्थिति विवरण-२०७५ अनुसार २.७% घरधुरीले मात्र पाइपको पानी प्रयोग गरिरहेका छन् । ८०% भन्दा बढी घरधुरीहरुले ट्युबेलको पानी उपयोग गरिरहेको अवस्था छ । त्यसपछि इनार, नदी, तलाउ र अन्य श्रोतको प्रयोग गरेको देखिएको छ । पाइपबाट व्यवस्थित रुपमा आपूर्ति गरिने पानी बाहेक अन्य पानीका श्रोतहरु त्यति सुरक्षित देखिदैनन् । यस पालिकामा अझै पनि ठूलो संख्याका घरधुरीहरु शुद्ध पिउने पानीको पहुँचमा टाढा देखिन्छन् । नेपाल सरकारको एक घर एक धाराको अवधारणा अनुसार आगामी दिनहरुमा गाउँपालिकाले शुद्ध खानेपानी प्रयोग गरिरहेका घरधुरीहरुलाई निरन्तरता दिदै बाँकी रहेको जनसंख्यालाई समेत शुद्ध खानेपानीको आपूर्ति गर्नुपर्ने देखिन्छ । गाउँपालिकामा विभिन्न निकायहरु मार्फत विभिन्न खानेपानीका आयोजनाहरु निर्माणाधीन अवस्थामा रहेका छन् । यी आयोजनाहरु सम्पन्न भएपछि मात्र यहाँका जनतालाई भरपर्दो रुपमा खानेपानी आपूर्ति भएको हुनेछ ।

सरसफाई तर्फ राप्ती सोनारी गाउँपालिका खुला दिशामुक्त गाउँपालिका घोषणा भैसकेको छ । तथापि यसको निरन्तरता तथा पूर्ण सरसफाई तर्फको पाटो चुनौतीपूर्ण छ । शौचालयको स्थितिलाई हेर्दा ४२% घरहरुमा व्यवस्थित शौचालय र ५०% भन्दा बढी घरहरुमा कच्ची शौचालयहरु निर्माण भएको देखिन्छ । अझै पनि ५% घरहरुमा शौचालयहरु निर्माण हुन सकेका छैनन् ।

सरसफाईको हिसावले यस गाउँपालिकामा ठोस कार्यक्रम सञ्चालन भएको पाइदैन । तसर्थ गाउँपालिकाले यस आवधिक योजना तथा क्षेत्रगत योजनामा खानेपानी तथा सरसफाईलाई एकीकृत रुपमा समेटी कार्यान्वयन गर्न जरुरी छ ।



चित्र नं. १.९ : खानेपानी टंकी

शौचालयको किसिम

यस गाउँपालिकामा बनेका शौचालयहरू मध्ये सेफ्टी ट्यांकीमा जोडिएका शौचालय बनाउने घरधुरीहरू ४१% रहेका छन् भने ढाकिएको घरायसी चर्पी हुने घरधुरी ५२% रहेका छन् । शौचालयको अवस्था निम्न तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं.१.३० : शौचालयको किसिम

शौचालयको किसिम	वडा									जम्मा	%
	१	२	३	४	५	६	७	८	९		
सार्वजनिक ढलमा जोडिएको फ्लस भएको चर्पी	३९	१५		३०	६	१९	२८	४	२	१४३	१.२
सेफ्टी ट्यांकमा जोडिएको फ्लस भएको चर्पी	८१५	११४५	३५९	८०१	३१५	४२४	४३०	२८८	२८४	४८६१	४०.७
ढाकिएको घरायसी चर्पी	३४५	७४६	५४७	३२१	९९३	८४२	११५२	४५३	८१४	६२१३	५२.१
खुल्ला घरायसी चर्पी	२२	५	६	२२	५०	१७६	३४३	३१	३६	६९१	५.८
सार्वजनिक चर्पी	२			१	१	१०	३	६	१	२४	०.२
जम्मा	**१२२३**	**१९११**	**९१२**	**११७५**	**१३६५**	**१४७१**	**१९५६**	**७८२**	**११३७**	**११९३२**	**१००**

स्रोत : राप्ती सोनारी घरधुरी सर्भेक्षण-२०७५

बालबालिका तथा बाल क्लबहरुको विवरण

संविधानले बालबालिकाको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरी बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागीता जस्ता विषय समेटी सर्वाङ्गीण विकासको प्रत्याभूत गरेको छ । दीगो विकास लक्ष्यमा गुणस्तरीय शिक्षा तथा स्वास्थ्य, सुरक्षित, पहूँचयोग्य हरित सार्वजनिक स्थलमा पहूँच, बालबालिका विरुद्ध हुने सबै प्रकारका विभेद, शोषण, दुर्व्यव्यहार र हिंसाको अन्त्य गरी सशक्त गर्ने जस्ता परिमाणात्मक लक्ष्य किटान गरिएको छ ।

राप्ती सोनारी गाउँपालिकाको घरधुरी सर्वेक्षण अनुसार १९ बर्ष मुनिका बालबालिका तथा किशोर किशोरीहरुको जनसंख्या ३८% रहेको छ । वालबालिका, युवा, किशोर किशोरीहरुलाई राज्यको तर्फवाट आवश्यक सुरक्षा र संरक्षण

प्रदान गर्नु आवश्यक छ । उनीहरुलाई अन्य नागरिक सरह समाजमा स्थापित गर्न र उनीहरुको शारीरिक, मानसिक एवं भावनात्मक विकासको लागि विशेष कार्यक्रम मार्फत सम्वोधन गर्नुपर्दछ । बालबालिकाहरुलाई मनोवैज्ञानिक ढंगले व्यवहार गरेर उनीहरुको अधिकार र हितको ग्यारेण्टी गरिनु पर्दछ । गाउँपालिकाबाट बालबालिकाहरुको शारीरिक, मानसिक तथा भावनात्मक विकासका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन हुँदै आएको छ । गाउँपालिकाले बिद्यालय तह तथा समुदायस्तरमा बालबालिकाहरुलाई विभिन्न क्लवहरुमा आबद्ध गराई उनीहरुको क्षमता विकास गर्दै आएको छ । आजका बालबालिका भोलीका राष्ट्रका कर्णधारका रुपमा रहेको हुँदा उनीहहरुलाई उचित वातावरण तथा अवसर प्रदान गर्नु गाउँपालिकाको कर्तव्य एवं दायित्व पनि हो । यस पालिकामा रहेका बाल क्लबहरुको विवरण निम्न तालिकामा दिइएको छ ।

तालिका नं.१.३१ : बाल क्लबहरुको विवरण

समुदायमा आधारित				विद्यालयमा आधारित			
बालक्लबको संख्या	कूल सदस्य बालबालिका			बाल क्लबको संख्या	कूल सदस्य बालबालिका		
	बालक	बालिका	जम्मा		बालक	बालिका	जम्मा
१४	३४८	२९५	६४३	१३	३८५	२८८	६७३

श्रोतः राप्ती सोनारी गाउँपालिकाको वस्तुस्थिति विवरण-२०७५

जेष्ठ नागरिक, एकल महिला तथा फरक क्षमता भएका व्यक्तिहरु

हाम्रो संविधानले राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको प्रत्याभूति हुने गरी जेष्ठ नागरिक, एकल महिला तथा फरक क्षमताका व्यक्तिहरुको हकलाई मौलिक हकको रुपमा व्यवस्थित गरेको छ । यस अनुसार सामाजिक सुरक्षा भत्ता लगाएतका अन्य सेवाहरु सरकारबाट प्रदान हुँदै आएको छ । नागरिकहरुको जीवन सहज, सुरक्षित एवं सम्मानित बनाई सामाजिक न्याय प्रदान गर्ने काममा तीनै तहका सरकारको समन्वयात्मक भूमिका हुन्छ ।

आर्थिक वर्ष ०७८/७९ मा सामाजिक भत्ता पाउने जेष्ठ नागरिकहरु (७० वर्ष माथि), अति विपन्न समुदायका जेष्ठ नागरिकहरु, एकल महिला, शारीरिक अशक्त, दलित बालबालिका तथा लोपोन्मुख जाती समेतको विवरण निम्न तालिकामा दिइएको छ ।

तालिका नं.१.३२ : आ.व.२०७८/०७९ मा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको विवरण

क्र.सं	विवरण	वार्षिक कायम संख्या			
		पुरुष	महिला	अन्य	जम्मा संख्या
१	जेष्ठ नागरिक (७० वर्ष माथि)	११८८	१२३२	०	२४२०
२	जेष्ठ नागरिक दलित	१४१	१०६	०	२४७
३	जेष्ठ नागरिक एकल महिला	०	५८७	०	५८७
४	विधवा	०	९२८	०	९२८
५	पूर्ण अपाङ्गता	६७	७६	०	१४३
६	अति अशक्त अपाङ्गता	२६८	१७२	०	४४०
७	दलित बालबालिका	३०१	२७६	०	५७७
८	लोपोन्मुख जाती	११	८	०	१९
	जम्मा	**१९७६**	**३३८५**	**०**	**५३६१**

श्रोतः राप्ती सोनारी गाउँपालिका सामाजिक शाखा-२०७८

प्रमुख चाडपर्वहरू

यस गाउँपालिकाका मानिसहरू आफ्नो धार्मिक आस्था अनुसार फरक-फरक खालका चाडपर्वहरू मनाउँछन् । यहाँ हिन्दू, मुस्लिम, बौद्ध आदि विभिन्न धार्मिक सम्प्रदायको बसोबास छ । पालिकामा रहेका विभिन्न समुदायले आ-आफ्नो धर्म संस्कृति अनुसार विभिन्न चाडपर्व मनाउने सन्दर्भमा सबै समुदाय बीच आपसी सद्भाव र खुसी साटासाट गर्ने परम्परा पनि विद्यमान रहेको छ । धार्मिक आस्था अनुसार यहाँ मनाइने चाडपर्वको विवरण निम्नानुसार छ ।

हिन्दु धर्मसँग सम्बन्धित चाडपर्व

यस पालिकामा रहेका हिन्दू धर्मावलम्बीहरुले मनाउने चाडपर्वमा अधिकांश समानता पाइन्छ र केही असमानता पनि छन् । विशेषगरी दशैं तिहार, माघी (माघे सङ्क्रान्ति), होली, श्रीपञ्चमी, शिवरात्रि, रामनवमी, नागपञ्चमी, रक्षाबन्धन,

श्रीकृष्ण जन्माष्टमी, तीज, ऋषिपञ्चमी, कुशे औंसी, धुरिया पूजा (थारू जाति) र आइतबारी (थारू जाति) आदि पर्वहरु यी सम्प्रदायहरुले मनाउने गर्दछन् ।

इस्लाम धर्मसँग सम्बन्धित चाडपर्व

यस पालिकामा रहेका मुस्लिमहरुले मुहर्रम, रमजान, इद उल फित्र, इदअजहा उल या बकरिद, नमाज अदा जस्ता चाडपर्वहरु इस्लामिक परम्परा अनुसार मनाउने गर्दछन् ।

क्रिश्चियन धर्मसँग सम्बन्धित चाडपर्व

क्रिश्चियन धर्म प्रति आस्था राख्ने समुदायले क्रिसमस डे, नमस्ते डे जस्ता पर्वहरु मनाउने गर्दछन् ।

स्थानीय मेलापर्वहरू

यस गाउँपालिकामा विभिन्न किसिमका स्थानीय मेलापर्वहरू मनाइने गरिन्छ । थारु समुदायको अधिक संख्या रहेकोले यहाँको सबभन्दा ठूलो मेलापर्वमा माघी मेलालाई मानिएको छ । यो मेला विभिन्न तरिकाबाट धुमधामले मनाउने गरिन्छ । स्थानीय मेलापर्वको विवरण निम्नानुसार छ ।

तालिका नं.१.३३ : स्थानीय मेलाहरूको विवरण

क्र.सं.	मेलाको नाम	मेला लाग्ने स्थान	मेला लाग्ने समय
१	पोखरामाता मेला	लालपुर, फत्तेपुर	मंसीर
२	मरिमाता मेला	कोशी सदियापुर, फत्तेपुर	माघ
३	मलङ्गसा बाबा मेला	पिप्रहवा, फत्तेपुर	फाल्गुन
४	शिवजी मेला		फाल्गुन
५	सतीभौनी मेला	भवानियापुर, वडा नं.३	चैते दशैं
६	तीज महोत्सव मेला	ढकेरी पार्क	भदौ
७	शिवरात्रि मेला	चचरफर्का	शिवरात्रिको दिन
८	माघी मेला	भूवरभवानी, बैजापुर भगौतीपुर	माघ (यो मेलामा भारतबाट समेत दर्शनार्थी आउँछन्।)
९	डिग्रे मेला	टिकुलीपुर, कचनापुर	
१०	गौशाला मेला (शिवरानी)	कचनापुर	
११	शिवरात्रि मेला	बैरिया, कुसुम	
१२	कन्याराज मेला	बिनौना	माघ

१.२.६ भौतिक पूर्बाधार अवस्था

सडक सञ्जालको वर्तमान अवस्था

समृद्ध राप्ती सोनारीको आधार; शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र दीगो पूर्वाधार भन्ने पालिकाको मूल नारा रहेकोले सडक पूर्वाधार विकासलाई मूल आधार मानिएको छ । पालिकाको समग्र विकासका लागि सडक सञ्जाल अत्यन्त जरुरी हुन्छ । यस गाउँपालिकामा सडक सञ्जालको विकासका लागि विभिन्न योजनाहरु सञ्चालनको अवस्थामा छन् । राप्ती सोनारी गाउँपालिकामा हालसम्म प्रायः सबै जसो सडकहरु ग्रावेल स्तरका र केही सडकहरु कालो पत्रे स्तरका छन् । सडकको स्तरोन्नती गरी ग्रावेल सडकलाई कालो पत्रे गर्ने योजनाहरु सञ्चालनमा ल्याउन जरुरी छ, तर पनि सडक निर्माण अत्यन्त खर्चिलो हुने हुँदा श्रोतको अभावमा योजनाहरुको कार्यान्वयन चुनौतीपूर्ण छ । वर्तमानमा यो पालिकाका सबै वडा/क्षेत्रमा कच्ची, ग्रावेल तथा पक्की सडक सञ्जालबाट जोडिदा करिब ९५% पालिकावासीले सडक सुविधा उपलब्ध गरेको अवस्था छ ।

केन्द्रीय सडक सञ्जाल अन्तरगत पूर्व पश्चिम लोकमार्ग, हुलाकी लोकमार्ग र कृषि सडक यसै पालिकाको वडा नं.१, २, ८ र ९ तथा वडा नं.३, ४, ५, ६ र ७ को मध्य भाग हुँदै गएकोले यी सडकमा अन्य विभिन्न सहायक तथा भित्रि सडकहरु जोडिएको अवस्था छ । यस पालिकामा रहेका विभिन्न स्तरका सडकको वडागत विवरण निम्न तालिकामा दिइएको छ ।

तालिका नं.१.३४ : राप्ती सोनारी गाउँपालिकाका सडकहरुको वडागत बिवरण

वाड नं.	सडकको किसिम लम्बाई (किलोमिटर)					जम्मा कि.मी.	सडकको संख्या
	पूर्व पश्चिम राजमार्ग	हुलाकी लोकमार्ग	मुख्य सडक	रिङ्गरोड	लिंक रोड		
१	२७	०	२१	१०	१०.५		लिंक रोड १० वटा, मुख्य सडक २ वटा (दाङ्गको भौवा नाका जोड्ने १ र खोकरी धमाका १)
२	२३	०	१७	०	१२		लिंक रोड १२ वटा, मुख्य सडक १
३	०	१	४.५	०	२४		लिंक रोड २६ वटा, मुख्य सडक १
४	०	४.५	०	०	२५		लिंक रोड १५ वटा, मुख्य सडक १
५	०	८	०	०	१९		लिंक रोड १२ वटा, मुख्य सडक १
६	०	१५	०	०	२६		लिंक रोड २० वटा, मुख्य सडक १, हुलाकी सडक १
७	०	१	१०	०	२५		लिंक रोड १७ वटा, मुख्य सडक (कृषि) १, हुलाकी सडक १
८	८	०	२	३	१७		लिंक रोड १९ वटा, मुख्य सडक १
९	३.५	०	०	१४	१५.५		लिंक रोड १२ वटा
जम्मा	**६१.५**	**२८.५**	**५४.५**	**२७**	**१७४**	**२७६**	

श्रोत : SIRACSसर्भेक्षण-२०७८

पालिकामा निर्माण भइसकेका पक्की पुलहरुको विवरण यस प्रकार छ ।

- कचनापुर-बिनौना राप्ती पुल (वडा नं.२ र ५)
- सिक्टा सिँचाई व्यारेज पुल (वडा नं.२ र ३ जोड्ने)
- सिंघैया नालामा पक्की पुल (वडा नं.७)
- महुवा टोल चुकेनालामा पक्की पुल (वडा नं.८)
- कमैया डाँडाँमा पुल निर्माण (वडा नं.४)
- मछेबार जिरो, कचनापुर, शम्शेरगञ्ज सडकमा निर्माण भएको पक्की पुल (वडा नं.२)
- मोरङ्गा सोता पक्की पुल (हुलाकी सडक) वडा नं.३ र ४

यस गाउँपालिकामा निर्माण सम्पन्न भइसकेका र निर्माणाधीन झोलुङ्गे पुलहरु निम्नानुसार छन् ।

- राप्ती नदी झोलुङ्गे पुल (खासकुश्मा, भवानीपुर, वडा नं.१)
- राप्ती नदी झोलुङ्गे पुल (लौकी, वडा नं.१)
- राप्ती नदी झोलुङ्गे पुल (भम्का, वडा नं.१)
- राप्ती नदी झोलुङ्गे पुल (अमुवा, वडा नं.१)
- खोला झोलुङ्गे पुल (वडा नं.८)
- झिझरी खोला झोलुङ्गे पुल (वडा नं.९)
- परुवा खोला झोलुङ्गे पुल निर्माण (वडा नं.१)



चित्र नं.१.१० : सडक सञ्जाल

विद्युत तथा बैकल्पिक उर्जा

इन्धन उपयोग विवरण (खाना पकाउने इन्धनको आधारमा घरपरिवार)

बाँके जिल्लाको राप्ती सोनारी गाउँपालिकाका घरधुरीहरूले खाना पकाउने मुख्य स्रोतहरूको प्रयोग हेर्दा ९१% घरधुरीका जनता काठ दाउरामा निर्भर भएको देखिन्छ । यहाँ ९% घरपरिवारले मात्र एल.पी.ग्यास र गोबर ग्यास प्रयोग गरेको पाइन्छ । यहाँका २२ घर मात्र मट्टीतेलमा निर्भर छन्, जुन कुरा तलको तालिकामा दिइएको छ । वातावरण संरक्षणको लागि वन जङ्गलको वचाउ गरी दाउरा माथिको निर्भरता कम गर्नु आवश्यक छ । यसका लागि हालका दिनमा अन्य वैकल्पिक उर्जालाई पनि जोड दिन थालिएको छ । यस पालिकामा खाना पकाउने इन्धनको श्रोत र परिवार संख्या निम्न तालिकामा दिइएको छ ।

तालिका नं.१.३५ : खाना पकाउने इन्धनका स्रोतहरू

विवरण	वडा									जम्मा	प्रतिशत
	१	२	३	४	५	६	७	८	९		
काठ दाउरा	११७०	१८७३	८२३	१२४८	१२२३	१४९५	१९८८	६८१	९८५	११४८६	९१.३
मट्टीतेल	२	२		३	१	४	६	१	३	२२	०.२
एल.पी. ग्यास	१२२	८८	३३	५७	११४	२५	२१	११४	८२	६५६	५.२
गोबरग्यास	९	९	११३	३०	१३१	२५	२९	१	७६	४२३	३.४
जम्मा	**१३०३**	**१९७०**	**९७१**	**१३३८**	**१४६९**	**१५४९**	**२०४४**	**७९७**	**११४६**	**१२५८७**	**१००**

स्रोत : राप्ती सोनारी घरधुरी सर्भेक्षण-२०७५

विद्युत जडानको वर्तमान अवस्था

जलविद्युत राष्ट्रको पूर्वाधार विकासको महत्वपूर्ण आधार मानिएको छ । प्रकाश उर्जाको सबैभन्दा सरल र भरपर्दो स्रोतको रुपमा विद्युत उर्जालाई लिने गरिन्छ । राप्ती सोनारी गाउँपालिकामा गरिएको सर्वेक्षण अनुसार यस क्षेत्रका ९०% घरहरुमा मात्र विद्युत पुगेको अवस्था छ । विविध कारणले हरेक घरधुरीमा विद्युत लाइनको विस्तार गर्न नसकिदा अझै पनि वडा नं.१ को नाकागाउँ, वडा नं.४ को विभिन्न टोलहरुमा समेत गरी करिब १०% घरपरिवारले विद्युत उपयोग गर्न नसकेको अवस्था छ । विद्युत विस्तार र आपूर्तिका लागि नेपाल विद्युत प्राधिकरण र प्रदेश तथा केन्द्र सरकारसँगको सहकार्य तथा समन्वयमा बाँकी घरहरुमा विद्युत लाइन विस्तार गर्ने लक्ष्य राखिएको छ । यस बाहेक

सोलार उर्जालाई दोस्रो उर्जाको रुपमा प्रयोग गरिरहेको अवस्था छ । केही घरपरिवारमा गोवर ग्यास उर्जालाई पनि प्रकाश उर्जाको रुपमा उपयोग गरिरहेको अवस्था छ ।

बत्ती बाल्ने इन्धनका स्रोतहरू (आ.व.२०७४/०७५ को विद्युत उर्जा सम्बन्धी अवस्था)

राप्ती सोनारी घरधुरी सर्भेक्षण-२०७५ अनुसार राप्ती सोनारीका वडा नं. १, ३, ४, ५ र ७ का अधिकांश बस्तीमा बत्ती बाल्नका लागि मुख्य गरी सोलार ऊर्जामा निर्भर रहनु परेको स्थिति देखिन्छ । गाउँपालिका भित्र विद्युतबाट बत्तीको प्रयोग गर्ने परिवार सङ्ख्या ४५% छ भने सोलारको प्रयोग गर्नेहरू ५२% रहेको देखिन्छ । बत्ती बाल्ने इन्धनका श्रोतहरु तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं.१.३६ : बत्ती बाल्ने इन्धनका स्रोतहरू

विवरण	वडा									जम्मा	प्रतिशत
	१	२	३	४	५	६	७	८	९		
बिजुली		१९६२				१४२३	३४४	७९४	११४१	५६६४	४५.०
मट्टीतेल	१३	५	५	११	४	४०	२६४	२	३	३४७	२.८
गोबरग्यास		१	६	४	६	१	२			२०	०.२
सोलार	१२८४	२	९६०	१३१९	१४४८	६०	१४३२	१	२	६५०८	५१.७
अन्य (इमर्जेन्सी लाइट)	६			४	११	२५	२			४८	०.४
जम्मा	**१३०३**	**१९७०**	**९७१**	**१३३८**	**१४६९**	**१५४९**	**२०४४**	**७९७**	**११४६**	**१२५८७**	**१००**

स्रोत : राप्ती सोनारी घरधुरी सर्भेक्षण-२०७५

भवन तथा आवास

नेपालको संविधान बमोजिम सुरक्षित आवास जनताको मौलिक अधिकार भित्र पर्दछ । दलित, सीमान्तकृत, राउटे, गन्धर्व र बादी तथा नदी किनारमा असुरक्षित बसोबास गर्ने नागरिकहरुलाई सुरक्षित आवास निर्माण गरी जोखिमबाट मुक्त गराउनु स्थानीय सरकारको दायित्व हो । त्यसका लागि सरकारले जनता आवास कार्यक्रम अन्तरगत लक्षित वर्गलाई सुरक्षित आवास निर्माण गर्दै आएको छ । यसका अलावा पालिका भित्र रहेका सबै कार्यालयहरुबाट सुविधाजनक रुपमा सेवा प्रवाह गर्न आवश्यक कार्यालयहरुको निर्माण तथा मर्मत सम्भार गर्नुपर्ने हुन्छ । राप्ती सोनारी गाउँपालिकाले आफ्नै भवनमा प्रशासकीय क्रियाकलापहरु गरिरहेको अवस्था छ । ९ वटा वडाहरु मध्ये केही वडा कार्यालयहरु पुनर्निर्माण तथा मर्मत गर्नुपर्ने देखिन्छ ।

यस गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुको आफ्नै भवन र खेलमैदान रहेकोमा केही विद्यालयहरुको कम्पाउण्ड वाल निर्माणको चरणमा रहेको अवस्था । गाउँपालिकाको क्याम्पसहरु मध्ये लक्ष्मी बहुमुखी क्याम्पस कचनापुरको भवन निर्माणको अन्तिम चरणमा रहेको र छात्रावास भवन बनाउनुपर्ने देखिन्छ । जनता माध्यमिक विद्यालय वडा नं.९ मा ८ कोठे नयाँ भवन निर्माण गर्नुपर्ने आवश्यक्ता छ । बैजापुरमा १५ शैयाको अस्पतालको टेण्डर भई गाउँपालिकाकै गौरबको आयोजना निर्माणको चरणमा रहेको छ । ढकेरी स्वास्थ्य चौकीको भवन निर्माण गर्नुपर्ने बाहेक अन्य स्वास्थ्य चौकीहरु यस कार्यपालिकाको अवधिमा प्राय निर्माण भईसकेका छन् । वडा नं.१, २, ८, ९ तथा राप्ती पारिका वडाहरुका प्रहरी चौकीहरुको पनि पक्की भवन रहेको छ ।

वडा नं.६ मा विपन्न दलित तथा मुस्लिम वर्गको लागि बनाइएको जनता आवास अन्तरगतका भवनहरु ६८ वटा रहेका छन् । वडा नं.४ को वडा कार्यालय देखि बैजापुर चोक हुँदै सूर्यलालपुर चोकसम्म हुलाकी सडकको दाँया बाँया किनारमासुविधा सम्पन्न (ढल निकास, फुटपाथ, इन्टरनेट, खानेपानीको सुविधा, पार्किङ्गको सुविधा सहित हरियाली) नमूना शहर निर्माण गरी सौन्दर्यकरण गर्ने यस आवधिक योजनाको प्रस्ताव छ । बाढी पिडितको लागि बहुउद्देश्यीय सामुदायिक भवनको रुपमा टिकुलीपुर वडा नं.२ मा सेल्टर आवास (आश्रय स्थल) बनाउनुपर्ने जरुरी देखिन्छ । त्यो बाहेक वडा नं.६ र ७ को लागि उपयुक्त स्थानमा १ र वडा नं.४ र ५ को लागि राप्ती किनारको सडक नजिक हुने गरी यस्तै प्रकारको सेल्टर भवनहरु निर्माण गर्नुपर्ने देखिन्छ ।

घरको छानाको अवस्था

घरको छानाले घरको तथा त्यहाँ बस्ने परिवारको अवस्था दर्शाउछ । राप्ती सोनारी गाउँपालिकामा खर वा फुसको छानो भएका घरहरु ३१२७ रहेको छ भने टायल, झिँगटीले छाएका घरहरू ३८९३ रहेको देखिन्छ । जस्तापाताले छाउने

घर सङ्ख्या ३५६५ रहेको छ भने पक्की वा ढलान भएको घर सङ्ख्या २००२ रहेको देखिन्छ । घरको छानाको किसिम तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं.१.३७ : घरको छानाको अवस्था

छानाको किसिम	वडा									जम्मा	%
	१	२	३	४	५	६	७	८	९		
खर वा फुसको छानो भएको	७५९	४०६	७३	५७३	८५	१७६	९१७	८६	५२	३१२७	२४.८
टायल, झिँगटी वा स्लेटको छानो	९	६००	३६१	२६५	९२५	४०८	२८६	१६३	८७६	३८९३	३०.९
जस्तापाताको छाना भएको	३८३	७२१	३९८	४१४	२३४	६१९	३७२	३५४	७०	३५६५	२८.३
पक्की वा ढलान घर भएको	१५२	२४३	१३९	८६	२२५	३४६	४६९	१९४	१४८	२००२	१५.९
जम्मा	**१३०३**	**१९७०**	**९७१**	**१३३८**	**१४६९**	**१५४९**	**२०४४**	**७९७**	**११४६**	**१२५८७**	**१००**

स्रोत : राप्ती सोनारी घरधुरी सर्भेक्षण-२०७५

मुख्य सिँचाई आयोजना र सिँचित क्षेत्रको विवरण

भूमिगत जलभण्डारको उपयोग गरी तराई तथा भित्री मधेशमा वर्षैभरि सिंचाइ सेवा उपलब्ध गराउने उद्देश्यले स्यालो तथा डिप ट्युबबेल सिंचाइ आयोजना कार्यान्वयनमा रहेको छ । सिंचाइ क्षेत्रमा राष्ट्रिय गौरवका विभिन्न आयोजनाहरूमध्ये बाँके जिल्लाको राप्ती नदीमा ब्यारेज निर्माण गरी ४२,७६६ हेक्टर जमीनमा सिंचाइ सुविधा उपलब्ध गराउने उद्देश्यले सिक्टा सिंचाइ आयोजना सञ्चालन हुँदै आएको छ । यसका अलवा राप्ती नदिबाट पम्पिङ्ग सहित अन्य कुला तथा ठाडा खोलाहरुबाट समेत सिंचाई गरिदै आएको छ ।



चित्र नं. १.११ : विद्यमान सिँचाई प्रणाली

१.२.७ वन तथा वातावरण

वन क्षेत्रको अवस्था

राप्ती सोनारी गाउँपालिका भित्र मध्यवर्ती वन क्षेत्र लगायत विभिन्न सामुदायिक वनहरु रहेका छन् । यी सामुदायिक वनहरुको विवरण निम्न तालिकामा दिइएको छ ।

तालिका नं.१.३८ : सामुदायिक वनहरुको विवरण

वडा	संख्या
१	१८
२	१५
३	६
४	५
५	५
६	५
७	३
८	९
९	८
कूल जम्मा	**७४**

श्रोत : SIRACS सर्वेक्षण-२०७८

यी सामुदायिक वनहरुका अतिरिक्त बाँके राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र, निजी वन, घाँसे मैदान र वन क्षेत्र भित्र रहेका खुला चउर तथा नाङ्गा डाँडाँहरु रहेका छन् ।

जलाधर क्षेत्र

यस गाउँपालिकाको बीच भागबाट भएर बग्ने मुख्य नदी राप्ती नदी हो । पालिकामा यस नदीको बहाब पश्चिम हुँदै दक्षिण तर्फ गएको अवस्था छ । उत्तर तर्फको चुरे तथा भावर क्षेत्रबाट बर्खायाममा बग्ने खोला नालाहरुमा मोराङ्गवा, तीन मुहान, सिघाइया, भैंसा बुडवा, इमालिया, छोटा, उल्टो, बैरिया, गबर, अमृता, गेरुवा, मिमरी, चगाई, परुवा सोता, तरुवा, चिलरिया जस्ता खोलाहरु छन् । यी खोलाहरु सुख्खायाममा प्राय पानी बिहिन हुने हुनाले खासै उपयोगी देखिदैनन् । चुरे र भावर क्षेत्रको घाँटीमा रहेको विभिन्न प्रजातिका वन वनस्पति रहेको राष्ट्रिय निकुञ्जको कारणले ठाउँ-ठाउँमा पानीका मूलहरु पनि देखिन्छन् । यस पालिकामा जैविक विविधतायुक्त खर्चे ताल, पोखरा ताल लगायतका ताल तलैयाहरु, सीमसार क्षेत्र र केही सार्वजनिक पोखरीहरु विद्यमान रहेको अवस्था छ । मुख्य जलाधार क्षेत्र निम्नानुसार छन् ।

जलाधार क्षेत्रहरु

- राप्ती नदी जलाधार क्षेत्र (चुरे तथा भावर समेतका क्षेत्रहरु)
- करेकुवा खोला जलाधार क्षेत्र, वडा नं ३
- पथरहिया खोला जलाधार क्षेत्र, वडा नम्बर ४
- गोजरहवा खोला जलाधार क्षेत्र, वडा नम्बर ४
- भूतहुवा खोला जलाधार क्षेत्र, वडा नम्बर ५



चित्र नं. १.१२ : नदी प्रणाली तथा जलाधार क्षेत्र

प्रमुख नदी, खोला तथा तालहरू

यस गाउँपालिकामा बग्ने प्रमुख नदी, खोला तथा तालहरू मध्ये राप्ती नदी प्रमुख नदीको रुपमा रहेको छ । जैविक विविधताले भरिपूर्ण खर्चे तालका साथै कुण्डा ताल र पोखरा ताल जस्ता तालहरु पनि यस पालिकामा रहेका छन् ।

तालिका नं.१.३९ : प्रमुख नदी, खोला तथा तालहरू

क.सं	नदी, खोला तथा ताल	स्थान	अवस्था र असर
१	राप्ती नदी	राप्ती सोनारी पूरै	डुबान, कटान र भूक्षय
२	मोरङ्गवा खोला	बैजापुर	डुबान, भूक्षय
३	तीन मुहान खोला	फत्तेपुर	डुबान, भूक्षय
४	सिघाइया खोला	फत्तेपुर	डुबान, भूक्षय
५	भैंसा बुडावा खोला	फत्तेपुर	डुबान, भूक्षय
६	इमालिया खोला	बिनौना	डुबान, भूक्षय
७	छोटा खोला	बिनौना	डुबान, भूक्षय
८	उल्टो खोला	फत्तेपुर	डुबान, भूक्षय
९	कुण्डा ताल	फत्तेपुर	डुबान, भूक्षय
१०	पोखरा ताल	कुसुम	डुबान, भूक्षय
११	बैरिया खोला	कुसुम	डुबान, भूक्षय
१२	गबर खोला	महादेवपुरी	डुबान, भूक्षय
१३	अमृता खोला	महादेवपुरी	डुबान, भूक्षय
१४	गेरुवा खोला	महादेवपुरी	डुबान, भूक्षय
१५	मिमरी खोला	महादेवपुरी	डुबान, भूक्षय
१६	चगाई नाला	महादेवपुरी	डुबान, भूक्षय
१७	परुवा सोता	कुसुम	डुबान, भूक्षय
१८	खर्चे ताल	साबिक खास कुश्मामा रहेको	तीन वर्ग किलोमिटरमा फैलिएको यो सीमसार क्षेत्र अजिंगर, गोही र माछाको वासस्थानका रूपमा प्रसिद्ध छ ।

स्रोत : राप्ती सोनारी घरधुरी सर्भेक्षण-२०७५

जैविक विविधता

राप्ती सोनारी गाउँपालिका क्षेत्रको ७९.७९% भू-भाग वन जंगलले ढाकेको क्षेत्र हुनाले यहाँ विविध प्रजातीका जनावर, चराचुरुङ्गी तथा वनस्पतीहरु रहेका छन् । राष्ट्रिय गौरबकै रुपमा रहेको बाँके राष्ट्रिय निकुञ्जको अधिकांश भाग यही पालिकामा पर्ने हुनाले यो पालिका जैविक विविधतामा अझ धनी छ । त्यसैगरी संघीय सरकार मातहत ढकेरी वनस्पति उद्यान पनि यसै पालिकामा रहेको छ ।

बाँके राष्ट्रिय निकुञ्ज

जैविक विविधताको संरक्षण र विश्वमै दुर्लभ मानिएको पाटे बाघको संरक्षण गर्ने प्रतिबद्धता अनुरुप वि.सं. २०६७ साल बैशाख ३० गते विश्वको सर्वोच्च शिखर सगरमाथाको फेदी कालापत्थरमा बसेको मन्त्रिपरिषद्को बैठकबाट घोषणा भई २०६७ साल आषाढ २८ गते बाँके राष्ट्रिय निकुञ्जको स्थापना भएको हो । बाँके जिल्लाको उत्तर पूर्व क्षेत्रमा ५५० वर्ग कि.मी. क्षेत्रफल ओगटेको यस निकुञ्जले दक्षिणमा कम्दि जैविक मार्ग हुदै भारतको सोलेहवा वाइल्ड लाइफ सेन्चरीसँग र पश्चिममा बर्दिया राष्ट्रिय निकुञ्ज, खाता जैविकमार्ग तथा राष्ट्रिय र सामुदायिक वन हुँदै भारतको कतर्नियाघाट वाइल्ड लाइफ सेन्चरीसँग जोडिएको छ । यस निकुञ्ज तथा मध्यवर्ती क्षेत्र समुन्द्र सतहको उचाई न्युनतम १५३ मिटर (बाँकेको ढकेरी नजिक) देखि १२४७ मिटर (दाङ्गको चुरे क्षेत्रको फुर्केसल्ली नजिक रहेको कुईने धुरी) सम्म फैलिएको छ । निकुञ्ज क्षेत्रको करिव ५३% भू-भाग चुरे क्षेत्रले ओगटेको छ ।

निकुञ्ज स्थापनासँगै बाँके, दाङ्ग र सल्यान जिल्लाको केही भागलाई समेटी निकुञ्ज वरिपरीको ३४३ वर्ग कि.मि. क्षेत्रलाई मध्यवर्ती क्षेत्र घोषणा गरी उक्त क्षेत्रमा स्थानीय उपभोक्ताहरुको प्रत्यक्ष सहभागितामा एकीकृत संरक्षण तथा विकासको अवधारणा अनुरुप विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

राप्ती र बबई नदी बिचको चुरे पहाड, नदी तटीय स-सना उपत्यकाहरु र भावर तथा तराईको समथर भू-बनोटमा फैलिएको यस निकुञ्जमा जैविक विविधताको दृष्टिले आठवटा पारिस्थितिकीय प्रणाली, १२४ वनस्पति प्रजाति, ३०० भन्दा बढी प्रजातिका पंक्षी, ५८ प्रजातिका माछा, ३२ प्रजातिका स्तनधारी, २२ प्रजातिका सरीसृप तथा ६ प्रजातिका उपयचरहरु पाइन्छन् । सालक, हुँडार, चौका, जङ्गली हात्ती र पाटेबाघ जस्ता संरक्षित स्तनधारी वन्यजन्तु, कालो गरुड र राजधनेशजस्ता पन्छी र अजिङ्गर, सुनगोहोरो जस्ता संरक्षित घस्रने वन्यजन्तु रहेका छन् । निकुञ्जमा बाघ र हात्ती सहित चित्तल, जरायो, लगुना, बँदेल, नीलगाई, चितुवा, भालु लगायतका जनावर छन् । यस क्षेत्रमा ११ प्रजातिका दुर्लभ तथा सङ्कटापन्न स्तनधारी र ५० प्रजातिका अन्तर्राष्ट्रिय स्तरमै दुर्लभ मानिएका पंक्षी अभिलेख गरिएका छन् । बर्दिया राष्ट्रिय निकुञ्जसँग पनि जोडिएको हुँदा ठूला वन्यजन्तुका लागि यो महत्वपूर्ण वासस्थान पनि हो । जंगल क्षेत्रको ९०% भाग साल, कर्मा, खयर र सिसौ जातका रुखहरुले गरिएको छ ।

वातारण संरक्षणमा एक महत्वपूर्ण कोसेढुङ्गा मानिएको बाँके राष्ट्रिय निकुञ्जको अद्वितीय र अनुपम जैविक विविधता संरक्षण गर्ने मूल उद्देश्य रहेको छ । निकुञ्जका प्रमुख कार्यहरु निम्न अनुसार रहेका छन् ।

- तराई, भावर तथा चुरे क्षेत्रको पारिस्थितिकीय प्रणालीहरुको (Ecosystems) संरक्षण गर्नु,
- सङ्कटापन्न, दुर्लभ र महत्वपूर्ण वन्यजन्तु वनस्पती (Fauna and Flora) लगायत जैविक विविधता संरक्षण गर्नु,
- वन्यजन्तु, वनस्पती र तिनको बासस्थान संरक्षण एवं व्यवस्थापनको लागि अध्ययन अनुसन्धान गर्नु,
- अद्वितीय सौन्दर्यका भू-दृश्यहरु सिमसार, हरियाली, पदयात्रा र मनोरञ्जनको दृष्टिकोणले महत्वपूर्ण मानिएका क्षेत्रहरुको संरक्षण गर्नु,
- संरक्षित क्षेत्रहरु भित्र र आसपासमा बसोवास गर्ने बासिन्दाहरु एवं समुदायहरुको परम्परागत रिती रिवाज एवं साँस्कृतिको जर्गेना गर्न टेवा पुऱ्याउनु,
- मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्यक्रमबाट स्थानीय बासिन्दाहरुको अर्थपूर्ण सहभागितामा संरक्षण तथा सामुदायिक विकासका कार्यक्रमहरु सञ्चालन गर्नु ।

निकुञ्जमा बसोबास गर्ने तीन प्रजातिका स्तनधारी प्राणी (बाघ, धारीदार हाइना, चार सिङ्गे हिरण), चार प्रजातिका चराहरू (जायन्ट हर्नबिल, ब्ल्याक स्टर्क, बेङ्गाल फ्लोरिकन र कम फ्लोरिकन) र दुई प्रजातिका सरीसृपहरू (घरियाल गोही र अजगर) राष्ट्रिय निकुञ्ज र वन्यजन्तु संरक्षण ऐन १९७३ द्वारा संरक्षित छन् । समथर भू-भाग, पहाड र चुरिया पहाडको बासस्थान रहेका रोयल बंगाल टाइगर, एसियाटिक जंगली हात्ती र चार-सिङ्गे मृग जस्ता प्रमुख प्रजातिहरूको संरक्षणको व्यवस्था सम्वेदनशील छ । दक्षिणमा राप्ती नदी र उत्तरमा बबई नदीले निकुञ्जको जीवन रेखाको काम गरेको छ । यो राष्ट्रिय निकुञ्ज भित्र पूर्व-पश्चिम क्षेत्रमा ७२ किलोमिटर र कोहलपुर-बबई रत्न राजमार्ग करिब ३०

किलोमिटर पर्दछ । वन्यजन्तुहरु राजमार्गबाटै वारपार गर्ने गर्दछन् । यसले एकातर्फ राजमार्गका कारण वन्यजन्तु असुरक्षित रहेको देखाउँछ भने अर्कातर्फ राजमार्ग पनि वन्यजन्तुका कारण असुरक्षित हुन पुगेको पनि देखिन्छ । वन्यजन्तुले सडक पार गर्ने क्रममा सवारी दुर्घटना पनि हुनसक्ने देखिन्छ ।

ढकेरी वनस्पति उद्यान

यस पालिकाको वडा नं.९ ढकेरीमा संघीय सरकार मातहत वनस्पति उद्यान सञ्चालनमा रहेको छ । ५ हेक्टर क्षेत्रफलमा फैलिएको यस उद्यानमा करिब ४०० प्रजातिका वनस्पति रहेका छन् । यी मध्ये १२१ प्रजातिका झार वनस्पति, बुट्यान प्रजातिका ८३, रुख प्रजातिका ५६ र २९ प्रजातिका लहराहरु संरक्षण गरिएको छ । उद्यानमा दुर्लभ, लोपोन्मुख तथा रैथाने वनस्पति प्रजातिको संकलन तथा संरक्षण गर्ने, स्वदेशी शोभनीय फूल विरुवाहरुको अध्ययन तथा अनुसन्धान गर्ने, फूल विरुवाहरु रोपण तथा उत्पादन गरी वनस्पति उद्यानलाई आकर्षक र मनमोहक बनाउने प्रयास गरिएको छ । जैविक विविधताको संरक्षण गर्ने उद्देश्यबाट स्थापित यो उद्यान भित्र श्रीखण्ड बगैचा, वानास्पतिक पारिवारिक बगैचा, शैक्षिक बाटीका, जडिबुटी नर्सरी, क्याक्टस् हाउस आदि रहेका छन् । यो उद्यान विद्यार्थी, वन-वैज्ञानिक एवं अनुसन्धानकर्तालाई अध्ययन केन्द्रको रुपमा रहनुको साथै जैविक विविधता र पर्या-पर्यटकीय दृष्टीले समेत अति नै महत्वपूर्ण रहेको छ ।

पार्क तथा उद्यान

यस पालिकामा रहेका पार्क तथा उद्यानहरुको विवरण निम्न तालिकामा दिइएको छ ।

तालिका नं.१.४० :पार्क तथा उद्यानहरुको विवरण

क.सं.	पार्क तथा उद्यान	ठेगाना
१	थारु संग्रहालय तथा पिकनिक पार्क	वडा नं.३, वैसाना
२	बाँके शहीद स्मृती पार्क	वडा नं.६, फत्तेपुर
३	पर्यटकीय पार्क	वडा नं.८, शम्शेरगञ्ज
४	राष्ट्रिय वनस्पति उद्यान	वडा नं.९, ढकेरी
५	रिम्ना पिकनिक पार्क	वडा नं.९, ढकेरी

श्रोत : SIRACS सर्वेक्षण-२०७८



चित्र नं.१.१३ : पार्क तथा खुल्ला क्षेत्र

विपद् व्यवस्थापन

विपद्को दृष्टिकोणले राप्ती सोनारीको अधिकांश भूगोल अत्यन्त जोखिममा रहेको छ । जिल्ला विपद् व्यवस्थापन योजना-२०७१ अनुसार जिल्लामा विपद् उत्पन्न गर्ने प्रमुख प्रकोपका रूपमा बाढी देखिएको छ । पहिरो तथा भूक्षय, आगलागी, खडेरी, शीतलहर, हुरीबतास र महामारी क्रमशः अन्य प्रकोपको रुपमा रहेका छन् । नेपाल भूकम्पीय जोखिममा रहेको मुलुक भएकोले सरकारले विपद् व्यवस्थापनका कार्यक्रम तय गर्दा भूकम्पीय जोखिम व्यवस्थापनलाई पनि प्राथमिकता दिनुपर्ने हुन्छ । राप्ती सोनारी गाउँपालिकामा उत्तरबाट दक्षिणतिर बग्ने राप्ती नदी र अन्य खोलानालाहरूले बर्षेनी धेरै उब्जाउ भूमि कटान गर्दछन् । बाढीबाट यो गाउँपालिका बढी प्रभावित हुने गरेको छ । यहाँका प्रमुख विपद्हरूमा बाढी, आगलागी, हुरीबतास, वन्यजन्तुहरुबाट हुने धनजनको क्षति र महामारी पर्दछन् । बाढीबाट उच्च जोखिममा रहेका ठाउँहरूमा बैजापुर, बिनौना, फत्तेपुर र कचनापुर पर्दछन् । राप्ती सोनारी गाउँपालिकामा सम्भावित विपद्का प्रकार तथा स्तरीकरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं.१.४१ : राप्ती सोनारी गाउँपालिकामा सम्भावित विपद्का प्रकार तथा स्तरीकरण

वडा नं.	क्षेत्रहरू	सम्भावित विपद्का प्रकारहरू						संकटापन्नता स्तर
		बाढी	आगलागी	महामारी	शीतलहर	हुरीबतास	भूकम्प	
१	साविक खासकुश्मा (१-९)	३	१	१	१	१	१	न्यून
२	साविक कचनापुर (१-९)	४	१	१	१	२	१	मध्यम
३	साविक बैजापुर (१,२,५,६)	३	१	२	१	२	१	मध्यम
४	साविक बैजापुर (३,४,७,८,९)	३	१	२	१	२	१	मध्यम
५	साविक बिनौना (१-९)	५	१	२	१	३	१	उच्च
६	साविक फत्तेपुर (८-९)	५	१	२	१	३	१	उच्च
७	साविक फत्तेपुर (१-७)	५	१	२	१	३	१	उच्च
८	साविक महादेवपुरी (६-९)	३	१	१	१	२	१	मध्यम
९	साविक महादेवपुरी (१-५)	३	१	१	१	२	१	मध्यम

स्रोत : जिल्ला विपद् प्रतिकार्य योजना, बाँके-२०७१

विपद् व्यवस्थापनमा क्षमता अभिवृद्धि मार्फत उत्थानशील कार्यक्रम

विपद् व्यवस्थापनमा क्षमता अभिवृद्धि मार्फत उत्थानशील समुदाय परियोजना १ डिसेम्बर, २०१९ बाट शुरु भई ३१ डिसेम्बर २०२१ सम्म २ वर्ष सञ्चालन भएको छ । AWO International, Aktion Deutschland Hilft, Bee-Group समेतको सहयोगमा विशेष गरी पालिकाको वडा नं.६ र ७ मा केन्द्रित यस परियोजनाबाट विपद् व्यवस्थापनमा क्षमता अभिवृद्धि कार्यक्रम अन्तरगत भए गरेका उपलब्धीहरुको संक्षिप्त विवरण निम्न तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं.१.४२ : विपद् व्यवस्थापनमा क्षमता अभिवृद्धि उत्थानशील क्रियाकलापहरुको विवरण

क.सं	क्रियाकलाप	इकाई	परिमाण
१	महिला सशक्तिकरण केन्द्र गठन तथा क्षमता विकास	संख्या	६
२	वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन	संख्या	९
३	वडा स्तरीय विपद् व्यवस्थापन समिति तथा कार्यदललाई तालिम क्षमता विकासमा सहयोग	संख्या	५
४	गाउँ स्तरीय विपद् र संकटासन्नता नक्सांकन तालिम र नक्सांकन	संख्या	१९
५	गाउँपालिकालाई सबै वडाको विपद्, संकटासन्नता तथा क्षमता विश्लेषण गर्न सहयोग	संख्या	१८
६	गाउँपालिकालाई स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना निर्माणमा सहयोग	संख्या	१
७	१० जनालाई सडक नाटक तालिम तथा नाटकद्वारा जनचेतना	संख्या	२०
८	बाढी, कोभिड, भुकम्प, आगलागी र शीतलहर सम्बन्धी जनचेतनाको लागि रेडियो जिङ्गल प्रसारण	संख्या	८८२०
९	विद्यालय विपद् व्यवस्थापन योजना गर्न सहयोग	विद्यालय	४
१०	विपद्मा सुरक्षित निकासको लागि टेवा पर्खाल निर्माण सहयोग	वटा	१
११	वडा विपद् व्यवस्थापन समितिहरुलाई पूर्व सूचना प्रणाली सञ्चालनका लागि सामाग्री र सूचना बोर्ड निर्माणमा सहयोग	वडा	९
१२	बहुउद्देश्यीय आपत्कालीन आश्रयस्थल निर्माण सहयोग	वटा	२
१३	राप्ती नदीको तटबन्धनमा बाँस, कास, कुश, नेपियर वृक्षारोपण	हेक्टर	२.९८
१४	३ वटा सामुदायिक वनलाई बहुमूल्य विरुवा वृक्षारोपण सहयोग	हेक्टर	५.३२

श्रोत : विपद् व्यवस्थापनमा क्षमता अभिवृद्धि उत्थानशील परियोजना-२०२१



चित्र नं. १.१४ : विपद् जोखिम क्षेत्र

१.२.८ संस्थागत व्यवस्था

राप्ती सोनारी गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरुको स्वीकृत दरबन्दी निम्नानुसारको रहेको छ ।

तालिका नं.१.४३ : गाउँपालिका तथा बडा कार्यालयको स्विकृत स्थाई दरवन्दी विवरण

पालिका तर्फ		
क.सं.	**पद नाम**	**संख्या**
१	प्रमुख प्रशासकीय अधिकृत	१ जना
२	शाखा अधिकृत शिक्षा	१ जना
३	इन्जिनियर (सिभिल)	१ जना
४	कम्प्युटर इन्जिनियर अधिकृत	१ जना
५	नायब सुब्बा	७ जना
६	प्रा.स./सुब्बा	१ जना
७	स.म.वि.नि.	१ जना
८	लेखापाल	१ जना
९	आ.ले.प. सुब्बा	१ जना
१०	खरिदार	२ जना
११	सब इन्जिनियर (सिभिल)	२ जना
१२	सव इन्जिनियर (सिभिल)	१ जना
१३	कार्यालय सहयोगी	२ जना
	जम्मा	२२
वडा कार्यालय तर्फ		
१	वडा सचिव	१ जना
२	प्रशासन सहायक	१ जना
३	स.इन्जिनियर/अं.स.इन्जिनियर	१ जना
४	कार्यालय सहयोगी	१ जना
	जम्मा	४

गाउँपालिकाको हालको साँगठनिक संरचना



गाउँपालिकाको संस्थागत क्षमता स्व-मूल्यांकनको नतिजा आ.ब २०७७/७८

हालै सम्पन्न आ.व २०७७/७८ को स्थानीय सरकार संस्थागत स्वमूल्याङ्कनको नतिजामा राप्ती सोनारी गाउँपालिकाले ४९% अंक प्राप्त गरेको छ । उक्त मूल्याङ्कनमा मुख्यतया शासकीय प्रवन्ध, संगठन तथा प्रशासन, बजेट तथा योजना तर्जुमा, वित्तीय तथा आर्थिक व्यवस्थापन, भौतिक पुर्वाधार, सेवा प्रवाह लगायत अन्तर सम्वन्धित विषयहरु समावेश गरिएको छ । प्राप्त नतिजालाई आधार लिदा गाउँपालिकाले आगामी दिनहरुमा आफ्नो कार्य क्षमतामा सुधार गर्नुपर्ने क्षेत्रहरु प्रसस्तै रहेको देखिन्छ । लेखाजोखा तथा विश्लेषणवाट आएको नतिजा तलको तालिका तथा माकुरे जालोमा देखाइएको छ ।

तालिका नं.१.४४ : संस्थागत क्षमता स्व-मूल्यांकन (०७७/०७८) विवरण

क्र.स	बिषयगत क्षेत्रहरु	सूचकको अङ्कभार	प्राप्त अङ्क
१	शासकीय प्रवन्ध	९.००	७
२	संगठन तथा प्रशासन	८.००	४
३	बार्षिक बजेट तथा योजना व्यवस्थापन	११.००	५.५
४	बित्तीय तथा आर्थिक व्यवस्थापन	११.००	७.५
५	सेवा प्रवाह	१६.००	९
६	न्यायिक कार्य सम्पादन	७.००	५
७	भौतिक पूर्वाधार	१३.००	६
८	सामाजिक समावेशीकरण	१०.००	०.५
९	वातावरण संरक्षण तथा विपद् व्यवस्थापन	९.००	३.७५
१०	सहकार्य र समन्वय	६.००	०.७५
	जम्मा	**१००.००**	**४९.००**

श्रोतः https://lisa.mofaga.gov.np



चित्र नं. १.१५ : लेखाजोखावाट प्राप्त नतिजा माकुरेजालोमा

सुरक्षा सम्बन्धी व्यवस्था

यस पालिकामा विभिन्न प्रहरी इकाईहरुबाट सर्वसाधारण जनतालार्ई आवश्यक सुरक्षा प्रदान गर्ने व्यवस्था गरिएको छ । समाजमा शान्ति सु-व्यवस्था कायम राख्न र विभिन्न अपराधिक गतिविधिहरु नियन्त्रण गर्न स्थानीय निर्वाचित प्रतिनिधिहरुसँग आवश्यक समन्वय गरी यी इकाईहरु आ-आफ्नो क्षेत्रमा सक्रीय छन् । यस पालिकामा रहेको प्रहरी इकाईहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं.१.४५ : गाउँपालिकामा रहेका प्रहरी इकाईहरूको विवरण

क्र.सं.	प्रहरी इकाई	स्थान
१.	ईलाका प्रहरी कार्यालय	राप्ती सोनारी ४, बैजापुर
२.	ईलाका प्रहरी कार्यालय	राप्ती सोनारी १, कुसुम
३.	प्रहरी चौकी	राप्ती सोनारी २, गाभर, अगैया
४.	प्रहरी चौकी	राप्ती सोनारी ८, ढकेरी
५.	प्रहरी चौकी	राप्ती सोनारी २, कचनापुर
६.	प्रहरी चौकी	राप्ती सोनारी ७, फत्तेपुर "क"
७.	अस्थायी प्रहरी पोष्ट	राप्ती सोनारी ८, फत्तेपुर "ख"
८	नेपाली सेना	बाँके राष्ट्रिय निकुञ्जको सुरक्षार्थ कार्यरत
९	ससस्त्र प्रहरी बल	राजमार्ग सुरक्षा, शम्शेरगञ्ज र कुसुम

श्रोत :- SIRACS सर्वेक्षण-२०७८



चित्र नं. १.१६ : सुरक्षा सेवा

तालिका नं.१.४६ : क्लब तथा समूहहरूको विवरण

क्र.सं.	क्लब तथा समूहहरू	ठेगाना
१.	राप्ती युवा क्लब	फत्तेपुर
२.	समाज परिवर्तन युवा क्लब	कचनापुर
३.	राप्ती युवा क्लब	कचनापुर
४.	राप्ती सोनारी युवा क्लब	बैजापुर
५.	युवा सशक्तिकरण केन्द्र नेपाल	फत्तेपुर
६.	मिलान युवा क्लब	बेलबाँस २, कचनापुर
७.	खास कुसम युवा समिती	कुसुम
८.	CBAPU युवा समिती	कुसुम
९.	सामुदायिक मेलमिलाप केन्द्र	राप्ती सोनारी पुरै
१०.	आमा समूह	राप्ती सोनारी पुरै
११.	उपकार महिला समूह	कुसुम
१२.	खुना महिला समूह	कुसुम

१३.	शान्ती समूह	फत्तेपुर
१४.	परिवर्तन महिला समूह	फत्तेपुर
१५.	जननी महिला समूह	कचनापुर
१६.	संगीनी महिला समूह	महादेवपुरी
१७.	अप्सरा महिला समूह	बिनौना
१८.	भूवरभावनी महिला समूह	बैजापुर

स्रोत : राप्ती सोनारी घरधुरी सर्भेक्षण-२०७५

१.३ पालिका समृद्धिको आधार

राप्ती सोनरी गाउँपालिकाको भू-बनोट, विविधतायुक्त प्रकृति तथा संस्कृति, प्राकृतिक श्रोत र साधन, अबिरल रुपमा पालिकाको बीच भागबाट बगिरहने राप्ती नदी, उर्वर कृषि भूमि, प्राकृतिक सौन्दर्यता तथा जैविक विविधता, विभिन्न सम्पदाहरुको व्यवसायिक उत्पादनको सम्भाव्यता, क्रियाशील जनशक्ति, निर्वाचित जनप्रतिनिधिहरुको राजनैतिक अठोट र इच्छाशक्ति, संघ, प्रदेश र स्थानीय सरकार बीचको विकास प्रतिको आपसी तादाम्यता र सहयोग जस्ता पक्षहरु यस पालिकाको आर्थिक समृद्धिको आधारको रुपमा रहेका छन् । यी आधार र अवसरहरुको कुशल परिचालनबाट मात्र यो पालिका समृद्धि तर्फ अघि बढ्न सक्ने देखिएको छ । **समृद्ध राप्ती सोनारीको आधार; शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र दीगो पूर्वाधार** भन्ने दीर्घकालीन सोंच लिएको यस पालिकाले समृद्धिका लागि आर्थिक, सामाजिक, भौतिक पूर्वाधार तर्फ जोड दिनुपर्दछ । गुणस्तरीय पूर्वाधार निर्माण गरी उत्पादन र उत्पादकत्व बढाउन यस पालिकाको महत्वपूर्ण भूमिका रहन्छ । प्रस्तुत सोंचलाई परिलक्षित गरी यस योजनमा विषय क्षेत्रगत कार्यक्रमहरु तय गरिएका छन् । अतः पालिकाको यो आवधिक विकास योजना समृद्धिको आधारशीला निर्माणको प्रथम योजना हुनेछ ।

१.४ योजना तर्जुमाका मार्गदर्शक आधारहरु

राप्ती सोनारी गाउँपालिकाको आवधिक विकास योजना तर्जुमा गर्दा निम्न बमोजिम प्रक्रियागत तथा नीतिगत आधार लिइएको छ ।

प्रक्रियागत आधार

- यो आवधिक विकास योजना तर्जुमा गर्दा सहभागीतामूलक पद्धतिलाई अवलम्बन गरिएको छ ।
- भू-उपयोग योजना र त्यसको विश्लेषण गर्दा आधुनिक प्रविधिको प्रयोग गरिएको छ ।
- क्षेत्रगत र क्षितिजीय अध्ययन गरी अवसर र चुनौतीहरुको विश्लेषण गरिएको छ ।
- ऐतिहासिक स्थल तथा मठ मन्दिरहरुको लिखित दस्तावेज उपलब्ध नहुनाले पुस्तान्तरण कथनलाई आधार मानिएको छ ।
- भौतिक संरचनाहरुको अनुमानित लागत तयार गर्दा वर्तमान दररेट अनुसार परिमाणात्मक रुपमा उल्लेख गरिएको छ ।
- पालिका क्षेत्रको अवस्था एकीन गर्दा स्थानीय समुदायसँगको छलफल र प्रत्यक्ष अवलोकनको आधार लिइएको छ ।
- मुख्य-मुख्य आयोजनाहरु सरोकारवालहरुसँगको छलफल, साक्षात्कारबाट पहिचान गरिएको छ ।
- स्थानीय नामहरु स्थानीय जनताकै सहमतिमा राखिएका छन् ।
- स्थलगत सर्वेक्षण, अन्तरक्रिया र विभिन्न विषयगत समितिहरुसँगको व्यापक छलफल तथा अन्तरक्रियाबाट प्राप्त निष्कर्षलाई आधार बनाइएको छ ।
- आवधिक योजनाको बजेट अनुमान गर्दा गाउँपालिकाको विगतको वित्तीय अवस्था र श्रोत परिचालनको विश्लेषण सहित अगामी ५ वर्षका लागि बजेट प्रक्षेपण गरिएको छ ।
- दीगो विकासका लक्ष्यहरु र संघ तथा प्रदेशका योजना तथा कार्यक्रमहरुसँग तादात्म्यता कायम गर्ने प्रयत्न गरिएको छ ।
- विकास योजनाहरुको क्षेत्रगत बाँडफाँड र सन्तुलनलाई ध्यानमा राखिएको छ ।
- गाउँपालिकाले आफ्नो समृद्धिका लागि लिएको सोँच, लक्ष्य र रणनीतिहरुलाई यस आवधिक योजनामा पनि मार्गदर्शक आधारको रुपमा राखिएको छ ।

नीतिगत आधार

- नेपालको संविधान, २०७२ अनुसार स्थानीय तहका लागि व्यवस्थित गरिएका अधिकार र दायित्व सम्बन्धी व्यवस्थालाई मुख्य मार्गदर्शक आधारमा लिएको छ ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद-६, दफा २४ को व्यवस्था अनुसार स्थानीय तहलाई निक्षेपित अधिकारहरुको कार्यान्वयनका लागि योजना निर्माण गर्नुपर्ने व्यवस्थालाई मार्गदर्शक आधार मानिएको ।
- पन्ध्रौं योजना (०७६/७७-०८०/८१), राष्ट्रिय योजना आयोग ।
- प्रथम आवधिक योजना (०७६/७७-०८०/८१), प्रदेश योजना आयोग, लुम्बिनी प्रदेश ।
- दिगो विकासका लक्ष्यहरू (२०१६-२०३०)
- राष्ट्रिय अनुगमन तथा मूल्याकंन दिग्दर्शन, २०७५
- राष्ट्रिय भू-उपयोग नीति, २०६९
- विषयगत ऐन तथा नीतिहरू
- नेपाल पक्ष भएका सन्धी सम्झौताहरु
- राष्ट्रिय योजनाबाट जारी भएको स्थानीय तहको योजना तर्जुमा दीग्दर्शन २०७५ ।
- राप्ती सोनारी गाउँपालिकाका विगत ४ वर्षका वार्षिक योजना तथा कार्यक्रमहरु ।

१.५ योजना तर्जुमा विधि

अध्ययन विधिले कुनै पनि अध्ययनको सम्पूर्ण स्वरुपको चित्रण गर्नुपर्ने हुन्छ । यो आवधिक विकास योजना निर्माणको मूल उद्देश्य गाउँपालिकाको वर्तमान अवस्थाको अध्ययन गरी पालिकाले तय गरेका सोँच, लक्ष्य, रणनीति समेतलाई आधार मानी सहभागितात्मक प्रक्रियाबाट आविधिक योजना तर्जुमा गर्नु रहेको छ । योजना तर्जुमामा अवलम्वन गरिएका विधि र प्रक्रियाहरु निम्न बमोजिम छन् ।



चित्र नं. १.१७ : अध्ययन विधि

१.५.१ सवद्ध दस्तावेजको अध्ययन

यो आवधिक योजना तर्जुमाको क्रममा गाउँपालिकाको बस्तुगत विवरण-२०७५, विगत ३ वर्षको वार्षिक बजेट, नीति तथा कार्यक्रमहरु, पालिकाका विभिन्न क्षेत्रगत योजनाहरु, बाँके जिल्लाको वस्तुगत विवरण, लुम्बिनी प्रदेशको वस्तुस्थिति विवरण-२०७५, राष्ट्रिय योजना आयोगले तयार पारेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन-२०७५, प्रदेश योजना आयोगले तयार गरेको प्रदेश अनुगमन तथा मूल्यांकन दिग्दर्शन-२०७५, पन्ध्रौ योजना (०७६/७७-०८०/८१), लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना (०७६/७७-०८०/८१), दीगो विकासका लक्ष्यहरु जस्ता दस्तावेजहरु सुक्ष्म रुपमा अध्ययन गरिएको छ । यो योजना निर्माणका क्रममा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन सम्बन्धी विभिन्न नीतिगत व्यवस्थाहरु, प्रतिवेदनहरु, लेखहरु र सन्दर्भ पुस्तकहरुको समेत सिंहावलोकन गरिएको छ ।

१.५.२ तथ्यांङ्क संकलन

योजना तर्जुमाका लागि प्राथमिक तथा द्धितीय तथ्यांङ्कहरुको आवश्यकता पर्दछ । यो योजना तर्जुमाका लागि आवश्यक तथ्यांङ्कहरु देहायका विधिबाट संकलन गरिएको छ ।

- प्राथमिक तथ्याङ्कहरु विशेष गरी भू-उपयोगको अवस्था, विद्यमान सडक तथा भौतिक पूर्वाधारको अवस्था, आवासीय क्षेत्र, वातावरणीय अवस्था, प्राकृतिक, ऐतिहासिक, पुरातात्विक, धार्मिक एवं साँस्कृतिक महत्वका स्थल जस्ता विषयमा GIS maping, स्थलगत अवलोकन तथा परीक्षण, स्थानीय समुदायसँगको साक्षात्कार, समेतबाट सूचनाहरु लिई प्राथमिक तथ्यांङ्क संकलन गरिएको छ ।
- प्राथमिक तथ्याङ्क संकलन गर्दा लक्षित समूहसँग छलफल (FGD), मुख्य सूचना कर्तासँग साक्षात्कार (KII), स्थलगत अवलोकन जस्ता विधि अपनाइएको छ ।
- राप्ती सोनारी गाउँपलिकाबाट २०७५ मा लिइएको घरधुरी सर्वेक्षणबाट प्राप्त विभिन्न तथ्यांङ्क र विवरणहरुलाई द्धितीय श्रोतको रुपमा प्रयोग गरिएको छ ।
- गाउँपालिकाका शिक्षा, कृषि, सामाजिक विकास, प्राविधिक, आर्थिक, राजश्व समेतका शाखाहरुबाट सम्बन्धित विषयका द्धितीय स्तरका तथ्यांङ्कहरु लिइएको छ ।
- राष्ट्रिय योजना आयोगको पन्ध्रौ योजना, सन् २०३० सम्मको दीगो विकास लक्ष्य, लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना र पालिकाबाट प्रकाशित विभिन्न प्रकाशनहरु समेतबाट द्धितीय स्तरका तथ्याङ्कहरु संकलन गरिएको छ ।
- यस्तै गुगल अर्थ, गुगल म्याप, इन्टरनेट, विभिन्न Website जस्ता सूचना प्रविधिको प्रयोग गरी द्धितीय स्तरका तथ्याङकहरु प्रयोगमा ल्याइएको छ ।
- पालिकाका विभिन्न प्रतिवेदन, राजपत्र, निर्णयहरु, विगतका योजनाहरु, पालिकाबाट तर्जुमा भएका कानूनहरु, नेपाल सरकारका विभिन्न निकायबाट लागू गरिएका मापदण्ड तथा निर्देशिका समेतलाई द्धितीय तथ्यांकको आधार मानिएको छ ।

१.५.३ अध्ययन क्षेत्रको भ्रमण तथा स्थलगत सर्वेक्षण

अध्ययन टोलीले गाउँपालिकाको विभिन्न स्थानमा स्थलगत भ्रमण गरी स्थलगत सर्वेक्षण तथा अवलोकनको माध्यमबाट तथ्याङ्क तथा जानकारी संकलन गरेको छ । यसरी संकलित तथ्यांकहरु छलफलबाट पुनः अध्यावधिक गरिएको छ । नापी विभागबाट तयार गरिएको स्थलरुप नक्सालाई आधार नक्साको रुपमा लिई Arc GIS Software बाट स्थलगत सर्वेक्षण तथा अवलोकन पश्चात स्रोत नक्साहरु तयार गरिएको छ । यस सन्दर्भमा मुख्य रुपमा गाउँपालिकामा रहेका भौतिक पूर्वाधारहरु-सडक, सञ्चार, विद्युत, सिँचाई, खानेपानी जस्ता संरचनाहरु र आर्थिक, सामाजिक तथा वातावरणीय क्षेत्रको अवस्था बारे सर्वेक्षण, अवलोकन तथा स्थलगत जाँच गरी नक्सामा समेत परिमार्जन गर्ने कार्य गरिएको छ । स्थलगत भ्रमण तथा सर्वेक्षणबाट वडागत आवश्यकता तथा समस्याको पहिचान पश्चात विभिन्न विषयगत समितिहरुको वृहत भेलामा छलफल तथा अन्तरक्रिया गर्ने कार्य भएको छ ।

१.५.४ योजना अवधारणा निर्माण

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन-२०७५ मा तोकिए बमोजिमको ढाँचामा आवधिक योजना तर्जुमा गर्ने कार्यादेश बमोजिम राप्ती सोनारी गाउँपालिकाको आयोजना र प्रदेश प्रशिक्षण प्रतिष्ठान, लुम्बिनी प्रदेश, नेपालगञ्जको सहयोगमा २०७८ साल फाल्गुन २२ देखि २४ गते सम्म आवधिक योजना तर्जुमा सम्बन्धी अभिमुखीकरण तथा

कार्यशाला गोष्ठी सञ्चालन गरी योजना तर्जुमा कार्य अगाडि बढाइयो । गोष्ठीको पहिलो दिनको पहिलो सत्रमा आवधिक योजना तर्जुमाको उद्देश्य, आवश्यकता एवं औचित्यता र योजना तर्जुमा प्रक्रिया बारे विषय विज्ञहरुबाट प्रस्तुती एवं सहजीकरण गर्नुका साथै पालिकाका पदाधिकारी तथा राजनैतिक दलका प्रतिनिधिहरुले योजना तर्जुमाको औचित्यता माथि प्रकाश पार्नुभएको थियो । सोही दिनको दोस्रो सत्रमा विज्ञ समूहका टोली नेता र विषय विज्ञहरु समेतबाट योजना तर्जुमाका मूल्य मान्यता एवं प्रक्रियाहरुको बारेमा सहभागिहरुलाई अभिमुखीकरण गरिएको थियो । कार्याशाला गोष्ठीको दोस्रो दिन योजना तर्जुमा दिग्दर्शनमा तोकिए बमोजिम पालिका प्रमुखको अध्यक्षतामा निर्देशक समिति तथा सदस्यहरुको विज्ञता र रुचीको आधारमा विभिन्न ५ वटा विषयगत समितिहरु गठन गरियो । यस कार्यशालामा विषयगत विज्ञको सहजीकरणमा दीर्घकालिन सोच, गाउँ विकासको लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता, अवसर तथा चुनौती विश्लेषण, अग्रणी क्षेत्रहरुको पहिचान, योजनाको नतिजा तालिका जस्ता विषयहरु सामुहिक छलफलबाट निर्क्यौल गरियो । त्यसैगरी क्षेत्रगत विकासका सोँच, लक्ष्य, रणनीति र कार्यक्रमहरु सहितको मस्यौता सम्बन्धित समितिको अन्तरक्रिया तथा छलफलबाट तयार भई उक्त मस्यौदालाई संयुक्त बैठकमा समूहगत प्रस्तुती गरी व्यापक छलफलबाट आवधिक योजनाको प्रारुप तयार पार्ने कार्य सम्पन्न गरियो ।

१.५.५ विश्लेषण

१.५.५.१ तथ्यांक विश्लेषण

स्थलगत अवलोकन तथा अध्ययन, समूहगत छलफल (FGD), मुख्य सूचना कर्तासँग साक्षात्कार (KII), विभिन्न दस्तावेजहरुको अध्ययन र पालिकाको तथ्यांक बैंकबाट द्वितीय स्तरका तथ्याङ्कहरु प्राप्त गरी तथ्यांङ्क भण्डारण, प्रशोधन गरी तथ्याङ्क विश्लेषण गरिएको छ । यसरी तथ्यांङ्क विश्लेषण गर्दा Microsoft Excel-2007र SPSS Version-2017 जस्ता तथ्याङ्कीय उपकरणहरु प्रयोगमा ल्याइएको छ । विश्लेषणमा परिमाणात्मक र गुणात्मक विधिको अवलम्बन गरिएको छ । परिमाणात्मक तथ्याङ्कलाई चित्र, ग्राफ्स, स्तम्भ चित्र, वृत्त चित्र, Trend Lines, कथनात्मक साराँश जस्ता विधिहरु प्रयोग गरी विश्लेषण गरिएको छ । यी तथ्याङ्कहरु मार्फत निम्न क्षेत्रगत अवस्थाको निम्नानुसार विश्लेषण गरिएको छ ।

भौगोलिक अवस्थाको विश्लेषणः

गाउँपालिकाको भौगोलिक अबस्थाको विश्लेषणमा यसको भू-अवस्थिति, भू-स्वरुप, नदीनाला, वातावरणीय अवस्था आदिको विश्लेषण गरिएको छ । साथै विश्लेषण गर्ने क्रममा भौगोलिक अवस्थितिले आर्थिक विकासमा पर्ने सकारात्मक प्रभाव र चुनौती समेतलाई ध्यानमा राखी क्षेत्रगत योजनाहरु तय गरिएका छन् ।

सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण :

जनसंख्याको वनोट, भाषा, धर्म, सँस्कृति, बसाइसराई, जनसंख्याको प्रक्षेपण जस्ता सामाजिक तथा साँस्कृतिक अवस्थाको विश्लेषण गरिएको छ । त्यसैगरी शिक्षा, स्वास्थ्य, सुरक्षा, वातावरणीय अवस्थाको जानकारी सहित आगामी दिनमा सामाजिक पूर्वाधारमा गर्नुपर्ने लगानी जस्ता बिषयमा समेत यो विश्लेषणबाट योगदान पुग्ने अपेक्षा गरिएको छ

आर्थिक अवस्थाको विश्लेषण

आवधिक योजना तर्जुमाको क्रममा गाउँपालिकाको विद्यमान आर्थिक अवस्था र भविष्यको प्रबृत्तिलाई समेत विश्लेषण गरिएको छ । पालिकाको समग्र आर्थिक विकासका लागि सञ्चालन गर्नुपर्ने विभिन्न कार्यक्रमहरु र यसमा विभिन्न साझेदार संस्थाहरुले खेल्ने भूमिका, आम्दानीका विभिन्न श्रोतहरु तथा सम्भावना बारे ध्यान दिइएको छ । यसका साथै गाउँपालिकाको विगत ३ वर्षको आयव्यय विवरणको आधारमा ५ वर्षको आम्दानी प्रक्षेपण गरी सो आधारमा योजनागत कार्यक्रम तर्जुमा तथा आवश्यक लगानीको निर्क्यौल गरिएको छ ।

भौतिक तथा वातावरणीय अवस्थाको विश्लेषण

भौतिक विकासका पूर्वाधारहरु-सडक तथा यातायात, विद्युत, सञ्चार, नदी नियन्त्रण, खानेपानी आदिको अध्ययन तथा विश्लेषण गरिएको छ । दीगो विकास र व्यवस्थापनका लागि वातावरणीय पक्षको पनि अध्ययन गरिएको छ । वातावरणीय व्यवस्थापनमा खास गरी भू-क्षय, नदीखोला तथा पहिरो नियन्त्रण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन जस्ता पक्षमा अध्ययन विश्लेषण गरी वातावरणीय असर न्यूनीकरणका लागि विभिन्न कार्यक्रमहरु तय भएका छन् ।

सुशासन तथा सेवा प्रवाह अवस्थाको विश्लेषण

यस पालिकामा संस्थागत सुशासनको अवस्था, जनतालाई उपलब्ध गराइएका विभिन्न सेवाहरु र प्रभावकारीता के कस्तो छ, सो सम्बन्धमा विश्लेषण गरिएको छ । विद्यमान दरबनदी अवस्था, कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकास र वित्तीय सुशासन सम्बन्धमा पनि विविध विश्लेषण सहित कार्यक्रमहरु सिफारिश गरिएको छ । न्याय प्रणालीको प्रभावकारीता, शान्ति सुरक्षाको सुदृढीकरण, अनुगमन तथा मूल्यांकन पद्धतिमा सुधार, तथ्यांक प्रणालीमा सुधार, नवीनतम प्रविधिको प्रयोग र विद्युतीय सुशासन जस्ता विषयहरुमा अध्ययन विश्लेषण गरिएको छ । सामुदायिक-गैसस-साझेदारी प्रक्रियालाई प्रभावकारी बनाउन विशेष सुझावहरु समेत दिइएको छ ।

१.५.५.२ नक्सांकन तथा विश्लेषण

गाउँपालिकाको भौतिक पूर्वाधारहरु-सडक, खानेपानी, विद्युत, सञ्चार, नदी नियन्त्रण लगायतका पूर्वाधारहरु नक्साङ्कनद्धारा प्रस्तुत गरिएको छ भने सामाजिक पूर्वाधारहरु जस्तै शिक्षा, स्वास्थ्य, धार्मिक मठमन्दिर तथा ऐतिहासिक स्थलहरुको नक्सांकन गरिएको छ । साथै भौगोलिक तथा प्राकृतिक श्रोतहरुको पहिचानको नक्सांकन र वर्तमान भू-उपयोगको स्थितिलाई नक्सांकन सहितको विश्लेषण गरिएको छ । नक्सांकन कार्य गर्दा सर्भे विभागको टोपोसिट, Landsat Image 2015 का तस्वीरहरु, Google Earth Pro का तस्वीरका तथ्यांकलाई GIS Software प्रयोग गरी निम्नानुसारका नक्सा तयार गरिएको छ :

- अवस्थिति तथा राजनैतिक विभाजन
- भौगोलिक स्वरुप
- नदी प्रवाह तथा जलाधार
- जमिनको ढाल तथा पाखाको मोहोडा
- हावापानी तथा बनस्पति
- वर्तमान भू-उपयोग
- वस्ती वितरण तथा जनघनत्व
- सेवा प्रवाह
- बिद्यालय/महा-विद्यालय
- पुलपुलेसा, जलबिद्युत तथा खनिज
- पर्यटकीय तथा ऐतिहासिक क्षेत्र
- सडक/पदमार्ग
- प्रकोप जोखिम क्षेत्र

१.५.६ अन्तर तथा अपेक्षा पहिचान

विकास योजना तर्जुमाको क्रममा अवसर तथा चुनौतीको पहिचान गरी क्रमबद्ध रुपमा विश्लेषण गरिएको छ । योजना मान्यतामा प्राप्त अवसरहरुको अधिकतम उपयोग गर्ने र विद्यामान चुनौतीहरुलाई न्यूनीकरण गर्दे अघि बढ्ने रणनीति अपनाइन्छ । माथि प्रकरण १.५.५ अन्तरगत गरिएको विभिन्न पक्षको विश्लेषण र विद्यमान अवसर तथा चुनौतीहरु समेतको आधारमा पालिकाको विद्यमान अवस्थाबाट पालिकावासीको आकांक्षा तथा आवश्यकता र यी आवश्यकता परिपूर्तिका लागि उपलब्ध हुन सक्ने (सम्भाव्य) श्रोत साधन समेतको विश्लेषण गरी अन्तर तथा अपेक्षा पहिचान गरिएको छ । छलफल तथा अन्तरक्रियाको क्रममा गाउँपालिकाका निर्वाचित पदाधिकारीहरु तथा जनप्रतिनिधिहरु, कर्मचारीहरु, विज्ञ समूहहरु, समाजसेवी, प्राध्यापक, शिक्षक, सामाजिक कार्यकर्ता, महिला, पछाडि परेका/पारिएका विभिन्न वर्ग, समूहसँगको छलफल तथा अन्तरक्रियाबाट स्थानीय आवश्यकता, सम्भावना, अवसर तथा चुनौतीको पहिचान भएको छ । यो छलफल तथा अन्तरक्रियाबाट वास्तविक आवश्यकता पहिचान सहित योजना तर्जुमा गर्न सहयोग पुगेको छ । साथै यो छलफलले एकातिर सम्बन्धित क्षेत्रको प्रमुख समस्या पहिचान गर्न मद्दत पुग्यो भने अर्कोतिर गाउँपालिकाका सम्भावना समेत पहिल्याउन सहयोग पुगेको छ । यही जनअपेक्षा तथा आवश्यकताबाट नै

यस आवधिक योजनाको अन्तर पहिचान एवं विश्लेषण गरी योजनागत कार्यक्रमहरु तथा आयोजनाहरुको प्राथमिकीकरण र अग्रणी क्षेत्र सहितको कार्ययोजना बनाउन विशेष सहयोग पुगेको छ ।

१.५.७ योजना दस्तावेज प्रस्तुती, छलफल तथा अन्तरक्रिया

१.५.७.१ योजना मस्यौदा प्रस्तुती छलफल तथा अन्तरक्रिया

योजना तर्जुमाका विभिन्न चरणहरुबाट प्राप्त विवरण तथा सूचनाहरु, सुझाव एवं निचोडका आधारमा आवधिक योजना दस्तावेजको मस्यौदा तयार गरी २०७९/०२/२६ गते आयोजना गरिएको विभिन्न सरोकारवाला पक्षहरु सहितको योजना तर्जुमा गोष्ठीमा परामर्शदातृ संस्थाका विज्ञहरुको तर्फबाट उक्त मस्यौदा प्रस्तुती भई व्यापक अन्तरक्रिया एवं छलफल भयो । यस गोष्ठीमा योजना मस्यौदामा छुटेका विषयहरुलाई उपलब्ध हुन सक्ने सम्भावित साधन श्रोतको आधारमा समेट्न रयोजनालाई यथार्थपरक र कार्यान्वयनयोग्य बनाउन सुझाव प्राप्त भएको थियो । यी सुझावहरुलाई समावेश गरी आवधिक योजनाको अन्तिम मस्यौदा तयार गरियो ।

१.५.७.२ आवधिक योजनाको अन्तिम दस्तावेज तयारी

योजना मस्यौदा उपर स्थानीय योजना तर्जुमा गोष्ठीबाट र प्रदेश प्रशिक्षण प्रतिष्ठानबाट प्राप्त भएका विभिन्न सुझाव एवं पृष्टपोषणलाई समावेश गरी राप्ती सोनारी गाउँपालिकाको पाँच वर्षे आवधिक योजनाको यो अन्तिम दस्तावेज तयार पारिएको छ । यस दस्तावेजलाई मुख्य रुपमा दश परिच्छेदमा विभाजन गरी सबै क्षेत्रगत विषयका विभिन्न उप-क्षेत्रहरुलाई समेत समेट्ने प्रयास भएको छ । यो आवधिक योजनामा योजनाविद् एवं विषय विज्ञहरुको सुझाव लिई स्थानीय तहको अधिकार एवं दायित्व सम्बन्धी विषयहरुका साथै प्राविधिक पक्षलाई समेत समेटी तार्किक र वस्तुनिष्ठ रुपमा अन्तिम रुप दिइएको छ । गाउँपालिकाका विभिन्न सरोकारवाला पक्षहरुको व्यापक सहभागीतामा प्रस्तुत योजना तर्जुमा गरिएकोले यसको कार्यान्वयनमा पनि सम्बद्ध सबै पक्षको अपनत्व हुने अपेक्षा गरिएको छ ।

परिच्छेद-२
विगतका योजनाको क्षेत्रगत समीक्षा तथा स्थिति विश्लेषण

पृष्ठभूमि

साढे छ दशक लामो योजनाबद्ध विकासको अवधिमा राष्ट्रिय स्तरमा दश वटा पञ्चवर्षीय योजना र पाँचवटा त्रिवर्षीय योजना कार्यान्वयनमा आए । चालु पन्ध्रौं योजनाको दीर्घकालीन सोँच **समृद्ध नेपाल, सुखी नेपाली** अन्तरगत चारवटा समृद्धिका लक्ष्य र ६ वटा सुखका लक्ष्य निर्धारण गरिएका छन् । उपरोक्त लक्ष्यहरु पूरा गर्न आठवटा रणनीति तय भएका छन् । योजनालाई परिणाममुखी बनाउन योजनाको अवधिमा परिमाणात्मक लक्ष्यहरु निर्धारण गरिएका छन् । दीर्घकालीन सोँचका राष्ट्रिय लक्ष्यहरु पूरा गर्न उच्च आर्थिक वृद्धिदरका लागि कृषि क्षेत्रमा रहेको ठूलो जनशक्तिलाई उद्योग र सेवा क्षेत्र तर्फ रुपान्तरण गर्ने उद्देश्य रहेको छ । पन्ध्रौं पञ्च वर्षीय योजनाको आधार वर्ष २०७५/०७६ मा नेपालको प्रति व्यक्ति राष्ट्रिय आय १०४७ अमेरिकी डलर रहेकोमा वि.सं.२१०० सम्म प्रति व्यक्ति आय १२ हजार एक सय अमेरिकी डलरमा पुऱ्याई नेपाललाई उच्च आयस्तर भएको मुलुकमा स्थापित गर्ने लक्ष्य राखिएको छ ।

राष्ट्रिय योजनाले राखेका लक्ष्यहरु प्राप्तीका लागि प्रादेशिक र स्थानीय सरकारले बनाएका आवधिक योजनाका लक्ष्यहरु पनि त्यसै तर्फ उन्मुख हुनुपर्दछ । नेपालको संविधान, २०७२ बमोजिम राज्यको पुनर्संरचना पश्चात लुम्बिनी प्रदेशले प्रथम आवधिक योजना (०७६/७७-०८०/०८१) कार्यान्वयनमा ल्याएकोछ । **समृद्ध प्रदेश, सुखी जनता**भन्ने प्रदेशको दीर्घकालीन सोँचलाई साकार गर्न प्रादेशिक लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र परिमाणात्मक लक्ष्यहरु निर्धारण भएका छन् । आधार वर्ष २०७५/०७६ मा ७% रहेको कूल ग्राहस्थ उत्पादनलाई योजनाको अन्तिम वर्षसम्म ९.५% पुऱ्याउने, निरपेक्ष गरिबीको रेखामुनी रहेको १८.२% जनसंख्यालाई अन्तिम वर्षसम्म १०% सम्ममा झार्ने, प्रदेशका जनताको प्रति व्यक्ति आय ८०३ डलरबाट १६०० डलरमा पुऱ्याउने, अपेक्षित आयु वर्ष ६९.३% लाई बढाएर ७२ वर्ष पुऱ्याउने, १५ वर्ष माथि उमेरको साक्षरता दर ८५% पुऱ्याउने, बालमृत्यु दरलाई प्रतिहजार ४५ बाट घटाएर २५ मा झार्ने, खानेपानी र विद्युतीकरण भएका घर संख्या १००% पुऱ्याउने, सिंचित क्षेत्रलाई ५१% बाट बढाएर ७०% पुऱ्याई उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, सडकको लम्बाई १२५०० कि.मी. पुऱ्याउने र सम्पूर्ण सडक मध्ये पक्की सडकको लम्बाई १९३८ कि.मी.बाट बढाएर ३५०० कि.मी. पुऱ्याउने जस्ता परिमाणात्मक लक्ष्यहरु निर्धारण गरिएका छन् ।

राप्ती सोनारी गाउँपालिका आफ्नो क्षेत्रको सन्तुलित विकासका लागि प्रदेश र संघले राखेका लक्ष्यहरुलाई आत्मसात गर्दै जन-आवश्यकताको पहिचान, प्राथमिकीकरण, श्रोत साधनको खोज र परिचालन मार्फत यहाँका जनताको आय र जीवनस्तरमा सुधार गर्न परिलक्षित छ । त्यसका लागि विकासका हरेक क्रियाकलापमा पारदर्शीता, जवाफदेहिता र सुशासन कायम गर्नमा पालिकाको अहं दायित्व हुन्छ । कमजोर तथ्यांक प्रणाली र सो को अभिलेखीकरण व्यवस्थित नहुदा पालिकाबाट उपलब्ध आर्थिक वर्ष २०७६/०७७, २०७७/०७८ र २०७८/०७९ का वार्षिक विकास योजनामा विनियोजन गरिएका बजेटलाई आधारमानी विगत ३ वर्षका योजनाको निम्नानुसारको क्षेत्रगत समीक्षा र स्थिति विश्लेषण गरिएकोछ । तर उपलब्ध सामाग्रीहरुमा पालिकाले निर्धारण गरेको लक्ष्य बमोजिम उक्त आर्थिक वर्षका योजनाका उपलब्धी उल्लेखित नहुँदा विगतका योजनालाई सुक्ष्म रुपमा समीक्षा गर्न सकिएको छैन । विकासको स्तर मापन गर्ने प्रमुख सूचक मानव विकास सूचकांक हो । आधार आर्थिक वर्षमा राप्ती सोनारी गाउँपालिकाका जनताहरुको औषत आयु, पालिकाका जनताहरुको शिक्षाको स्तर र त्यहाँका जनताहरुको वार्षिक आम्दानीको यथार्थ चित्रण पालिकाको पार्श्वचित्रले उल्लेख नगरेकोले मानव विकास सूचकांक निकाल्न सकिएको छैन । तर पनि राप्ती सोनारी गाउँपालिकामा शिक्षा प्रतिको बढ्दो चेतनाका कारणले संयुक्त राष्ट्र संघीय विकास योजनाले सन् २०२१ मा दिएको तथ्यांक बमोजिम लुम्बिनी प्रदेश र समग्र तराईमा बस्ने जनताहरुको मानव विकास सूचकांक औषतमा ०.५६३उल्लेख गरेकोले यहाँको मानव विकास सूचकांक पनि उक्त सूचकांकको हाराहारीमा हुनुपर्छ भन्न सकिन्छ, तर पालिकाका वडा नं.१ का चप्परगौरी, खयरभट्टी, महेशपुर, मासपानी, झुरुवा र वनवा क्षेत्र तथा वडा नं.४ का गुर्दनगौरी, बाँसखोली जस्ता ग्रामीण वस्तीका जनताहरु शिक्षा, स्वास्थ्य, यातायात तथा विद्युत समेतको पहुँचबाट आजसम्म बञ्चित हुनुले समग्र तराईको औषत मानव विकास सूचकांक भन्दा केही कम भएको अनुमान गर्न सकिन्छ । योजना विकासका समग्र पक्षहरुको विश्लेषण सहित आवधिक योजना तर्जुमा गर्दा विद्यमान जनसंख्या, बसाइसराईबाट जनसंख्या परिवर्तनमा पर्ने चाँप, जनसंख्या वृद्धिदर र माग र आपूर्ती समेतलाई विश्लेषण गरी योजना तर्जुमा गर्नुपर्ने हुन्छ । वि.सं.२०६८ को जनसंख्या र वि.सं.२०७८ को केन्द्रीय तथ्यांक विभागले प्रकाशन गरेको प्रारम्भिक तथ्यांकलाई

आधारमानी निम्नानुसारको शुत्र प्रयोग गरी जनसंख्या वृद्धिदर निकाल्दा १.३% वृद्धिदर प्रति वर्ष हुन आउँछ, जुन वृद्धिदर राष्ट्रिय वृद्धिदर भन्दा बढी हो ।

$$\text{वृद्धि हुने जनसंख्या प्रतिशत दर} = \frac{\dfrac{\text{२०७८ को जनसंख्या - २०६८ को जनसंख्या}}{\text{२०६८ को जनसंख्या}}}{\text{वर्षको अन्तर}} \times १००$$

$$= \frac{\dfrac{६७७८२-५९९४६}{५९९४६}}{१०} \times १००$$

$$= १.३\%$$

जस अनुसार उपरोक्त १.३० प्रतिशत जनसंख्याको वृद्धिदर कायम रहने हो भने निम्न शुत्र प्रयोग गरी वि.सं.२०८४ सम्म राप्ती सोनारी गाउँपालिकाको जनसंख्या निम्नानुसारको हुनेछ ।

$$P = P_0 \times e^{rt}$$

जहाँ,

P = Total Population after time 't'
P_0 = Starting Population
r = % rate of Population growth/100
t = time in years
e = 2.71828
$P = 67782 \times 2.71828^{.013x5}$
$= 67782 \times 2.71828^{.065}$
$= 67782 \times 1.067 = 72323$

प्राप्त तथ्यांकलाई आधार मानी शूत्रबद्ध गर्दा २०७९ देखि २०८४ सम्मको ५ वर्ष अन्तरालमा कूल जनसंख्या ६७७८२ बाट ७२३२३ पुग्ने हुँदा उक्त जनसंख्यालाई आवश्यक पर्ने खाद्य सुरक्षा, शिक्षा, स्वास्थ्य, खानेपानी, पूर्वाधार, वातावरण तथा सरसफाई, जलवायु अनुकूलन, सुशासन तथा सेवा प्रवाह र संस्थागत विकासका योजनाहरु बनाई माग पूर्ति गर्न चुनौती देखिन्छ । तसर्थ योजना बनाउँदा गाउँपालिकाले न्यूनतम रुपमा उक्त जनसंख्याको माग विश्लेषण गरी तर्जुमा गर्दा उपयुक्त हुन्छ ।यस परिच्छेदमा आर्थिक वर्ष ०७६/०७७ देखि आर्थिक वर्ष ०७८/७९ सम्म गाउँपालिकाले तर्जुमा गरेका वार्षिक विकास योजनाहरुका आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, बन, वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत विकास र सुशासन क्षेत्रहरुमा छुट्याइएको बजेटबाट क्षेत्रगत समीक्षा र स्थिति विश्लेषण गरिएको छ ।

२.१ आर्थिक विकास

आर्थिक विकासका क्षेत्रहरु विशेषगरी कृषि तथा पशुपालन, घरेलु तथा साना उद्योग, पर्यटन, वन पैदावार तथा खनिज सम्पदा, वाणिज्य तथा आपूर्ति, सहकारी, रोजगारी तथा गरिबी निवारण जस्ता पक्षहरुमा विगत तीन वर्ष देखिका योजनागत विवरण निम्न अनुच्छेदहरुमा उल्लेख गरिएको छ ।

राप्ती सोनारी गाउँपालिकाको पार्श्वचित्र अनुसार २०४३७ मानिसहरु कृषि तथा पशुपालनमा निर्भर छन् । "खेती गरौ, भकारी भरौ" भन्ने नाराका साथ व्यवसायिक खेती गर्न उत्प्रेरणा जगाउने कार्यक्रम, बजार व्यवस्थापन, कृषि उपज बजारमा पुऱ्याउन ढुवानीमा अनुदान, टोल-टोलमा कृषक समूह र गाउँ-गाउँमा कृषि तथा पशु सहकारी, कृषक परिचय पत्र वितरण कार्यक्रम, कृषिको यान्त्रिकीकरणमा जोड, कृषि उत्पादन सामाग्रीमा ७५ प्रतिशत अनुदान, कृषि उपकरणमा ५० प्रतिशत अनुदान, उन्नत जातको बिउ विजन वितरण, वैकल्पिक सिँचाई प्रणाली र थोपा सिँचाई कार्यक्रम, कृषि पकेट क्षेत्र तथा सुपर जोन घोषणा, नगर बिउ आत्मनिर्भर कार्यक्रम, बाली बीमा सचेतना कार्यक्रम, बेरोजगारी युवा लक्षित कृषि कार्यक्रम, तुलनात्मक लाभ दिने खेती मार्फत विपन्न तथा महिला वर्गको आय स्तर वृद्धि गर्ने कार्यक्रम, माटो परीक्षण तथा बाली संरक्षण विशेष कार्यक्रम, प्राङ्गारिक मल उत्पादनमा जोड दिई अर्गानिक खेती उत्पादन प्रोत्साहन कार्यक्रम, पशुपंक्षीको नश्ल सुधार, पौष्टिक दाना र आहारका लागि अनुदान कार्यक्रम, पशुपंक्षीको

कृत्रीम गर्भाधान कार्यक्रम, पशुपंक्षी विशेष उत्पादन क्षेत्रमाभकारो सुधार कार्यक्रम, सुलभ ऋण तथा पशु बीमा व्यवस्थापन कार्यक्रम, दुग्ध पदार्थ तथा मासुको गुणस्तर कायम गर्न अनुगमन र परीक्षण कार्यक्रम आदि शीर्षकहरुमा तीन वर्षकोबजेट विनियोजन गरी खर्च गरेको देखिन्छ ।

नीति तथा कार्यक्रमहरु हेर्दा दीर्घकालीन कृषि योजना तयार गर्ने लक्ष्य भएको, तुलनात्मक लाभका बालीहरु प्रति कृषकहरुलाई आकर्षण गर्न व्यवसायिक तरकारी खेती, कागती, किभी खेतीमा लगानी गरिएको, आलु कोल्ड स्टोरको निर्माण भएको, नमूना कृषि फर्म निर्माणमा लगानी गरिएको, कृषि उपज संकलन केन्द्र निर्माण गरिएको, कृषि उपकरणहरु खरिद गरी वितरण गरिएको, कृषि मेला प्रदर्शनी, आकस्मिक रोगबाट बच्न बाली संरक्षण, फलफूलका विरुवा वितरण, प्लाष्टिक टनेल भित्र तरकारी उत्पादन कार्यक्रम, कोभिड-१९ ले स्वदेश फिर्ता भएका १०० जना युवालाई कृषि रोजगार कार्यक्रम, धान, मकै, गहुँ, मसुरो र प्याजको सुपर जोन निर्माण कार्यक्रम, कृषक सम्मान कार्यक्रम, बगर खेती कार्यक्रम, कृषक पाठशाला सञ्चालन कार्यक्रम, कम्पोजिट बिउ वितरण कार्यक्रम, धान दिवस कार्यक्रम, कृषक भ्रमण कार्यक्रम, उत्पादनमा आधारित अनुदान, च्याउको किट वितरण, व्यवसायिक कृषिमा ब्याज अनुदान र थुप्रै सिँचाई योजनाहरुमा गाउँपालिकाले लगानी गरेको छ ।

नेपालको संविधान २०७२ ले प्रत्येक नेपालीलाई खाद्य सम्प्रभूताको हक हुने उल्लेख गरेपनि लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना अनुसार प्रदेशका १०.२% घर परिवार गम्भिर खाद्य असुरक्षामा रहेको उल्लेख गरिएको छ । यस पालिकामा ७८ वटा कृषक समूह, ६० वटा अगुवा व्यवसायिक कृषक, ८ वटा कृषि पर्यटन क्षेत्र, २६ वटा एकीकृत कृषि व्यवसायि केन्द्र छन् ।यसको अतिरिक्त यस पालिकामा धेरै महिला कृषि उद्यमी सहकारीहरु ९ वटै वडामा छन् । यसबाट दीगो विकास लक्ष्यमा नेपाल पक्षबाट हस्ताक्षर भएको २०३० सम्म शून्य भोकमरीको प्रतिबद्धता पूरा गर्न मद्दत हुन्छ ।

राप्ती सोनारी गाउँपालिका पर्यटन विकासको सम्भावना भएको क्षेत्र हो । ग्रामीण पर्यटन तथा घरवासका लागि प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरु धेरै भएको यो पालिकाको आर्थिक विकासमा पर्यटन क्षेत्रले महत्वपूर्ण योगदान दिन सक्छ । यिनै कुराहरुलाई मध्यनजर गरी पालिकाले धार्मिक धरोहरहरुको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धनात्मक कार्यक्रम, होमस्टे सञ्चालन, च्याफ्टीङ, जंगल सफारी, थारु संग्रहालय र पर्यटन गुरुयोजना बनाई मुख्य-मुख्य क्षेत्रको पर्यटकीय विकास पवर्द्धन र प्रचार-प्रसार समेतका कार्यक्रमहरु विगत तीन वर्षको नीति तथा कार्यक्रमहरुमा राखिएको छ, तर पर्यटनका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन गुरुयोजना बनाई व्यवस्थित रुपमा पर्यटन मार्ग निर्धारण गर्ने काम सम्पन्न भएको देखिदैन । पर्यटन विकासका लागि सम्भावना तथा अवसरहरु बारे अन्तरक्रिया, महत्वपूर्ण पर्यटकीय स्थलहरुको छनौट, पर्यटन विकास तथा प्रचार प्रसार, पर्यटन गुरुयोजना निर्माण, पर्यटन सूचना केन्द्रहरुको स्थापना, पर्यटन जनशक्तिको उत्पादन, हिल स्टेशन निर्माण, पर्यटकीय वस्तुहरुको उत्पादन, कोशेली घर निर्माण, पर्या-पर्यटनको विकास, स्तरीय होमस्टे सञ्चालन, अर्गानिक खेतीको उत्पादन र प्रचार प्रसार, संग्राहलयको स्तरोन्नती, उद्यान र इको-भिलेजहरुको निर्माण, पर्यटक सुरक्षा नीतिको निर्माण, कृषि पर्यटनको विकास र स्थानीय श्रोत, साधन र सीपको विकास गरी उद्योगहरुलाई पर्यटनसँग जोड्ने अवधारणा निर्माण गरी विकास गर्न सकेमा कृषि तर्फको निर्भरता प्रतिशत घटाई पर्यटन उद्योगमा रुपान्तरण गरी प्रसस्त आय आर्जन गर्न सकिन्छ ।

राप्ती सोनारी गाउँपालिकामा ४३ वटा सहकारीहरु छन् । यी सहकारीहरुले कृषि, पशुपालन, व्यापार-व्यवसाय, शिक्षा, स्वास्थ्य र अन्य उपभोग्य सामाग्रीहरुको सस्तो पसलको रुपमा सेवा दिइरहेका छन् । सहकारीहरुमा बचत तथा ऋण सहकारी, बहुउद्देश्यीय सहकारी, कृषि र पशुपालन सम्बन्धी महिला उद्यमी सहकारी, दूग्ध सहकारी तथा साना किसान कृषि बहुउद्देश्यीय सहकारीहरु छन् । अधिकांश महिला सहकारीहरु सफल भएको र महिलाहरुको आबद्धता बढ्दो क्रममा रहेकोले रोजगारी र लगानीबाट आत्मनिर्भर हुँदै जाने क्रम बढ्दो छ । विगत तीन वर्षको योजनामा पालिकाले सहकारीहरुको क्षमता वृद्धि कार्यक्रम, गुणस्तर र पारदर्शी बनाउन अनुगमन तथा नियमन गर्ने कार्यक्रम, सहकारीलाई स्थानीय उत्पादन वृद्धि गरी रोजगारी सिर्जना गर्ने कार्यक्रम, सहकारीलाई सामूहिक हीत र आय आर्जनको माध्यम बनाउने कार्यक्रम, सहकारीको पूँजीलाई उत्पादनमा केन्द्रित बनाउने कार्यक्रम, कृषि दूग्ध र माछापालन व्यवसायमा सहकारीको लगानी बढाउने नीतिगत कार्यक्रम जस्ता क्षेत्रहरुमा बजेट विनियोजन गरिएको छ ।

विगत तीन वर्षको योजनामा स्थानीय श्रोत र कच्चा पदार्थ, सीप, श्रम र प्रविधिको उपयोग गरी लघु तथा साना उद्योग स्थापना गर्ने नीति, सञ्चालित उद्योगहरुको प्रवर्द्धन कार्यक्रम, निजी क्षेत्रलाई लगानीमैत्री बनाई प्रतिस्पर्धी औद्योगिक वातावरण कायम गरी औद्योगिक वस्तुको उत्पादन र रोजगारी बढाउन निजी क्षेत्रलई आकर्षित गर्ने

कार्यक्रम, हस्तकला, काष्ठकला, शील्पकलाको संरक्षण र प्रवर्द्धन गरी परम्परागत सीपलाई जर्गेनागर्ने कार्यक्रमजस्ता कार्यक्रमहरुमा पालिकाले सामान्य बजेट छुट्याइएको छ । लघु उद्यमको विकास गर्न महिलाहरुलाई ढाका बुन्ने तालिम, धातुका चुरा बनाउने तालिम, स्वीटर बुन्ने तालिम, सिलाई कटाई तालिम, युवाहरुलाई रोजगार बनाउन युवा उद्यम विकास तालिम, कृषि तथा पशुजन्य उत्पादनको औद्योगीकरण, वनजन्य उत्पादनको औद्योगीकरण, पर्यटन क्षेत्रको औद्योगीकरण जस्ता महत्वपूर्ण क्षेत्रमा बजेट विनियोजन गरी रोजगार सिर्जना मार्फत आय आर्जन गर्न सकिएको छैन । तीन वर्षका नीति तथा कार्यक्रमहरु र विनियोजित बजेटको अवलोकन गर्दा व्यापार व्यवसायलाई स्वच्छ र प्रतिस्पर्धी बनाउने कार्यक्रम, बजारको नियमित अनुगमन गरी उपभोक्त हीत संरक्षण गर्ने कार्यक्रम नीतिगत रुपमा राखिएको देखिन्छ, तर व्यापार र वाणिज्य तर्फ विगतका तीन वर्षका योजनाहरुमा उल्लेखनीय लगानी भने गरेको देखिदैन । मूल्य सूचीको निर्धारण गर्ने, पालिकामा आयात र निर्यात भएको उत्पादनको अभिलेख राख्ने जस्ता महत्वपूर्ण पक्ष ओझेलमा पर्नाले वाणिज्य क्षेत्रसँग सम्बन्धित अल्पकालिन तथा दीर्घकालीन योजना निर्माण गर्न कठिन हुन्छ । आउँदा वर्षहरुमा व्यापार तथा वाणिज्यसँग सम्बन्धित तथ्यांकहरुको अभिलेख राख्न जरुरी छ । उपभोक्ता संरक्षण नियमावली, २०७६को मातहतमा रही पैठारीकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, बिक्रेता, सेवा प्रदायक, सार्वजनिक वितरण केन्द्र, सुपथ मूल्य पसलको व्यवस्थापन गरी वस्तु तथा सेवाको मूल्य निर्धारण, बजार अनुगमन तथा निरीक्षण कार्यक्रमलाई व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

यस गाउँपालिकामा बेरोजगारको संख्या बढ्दै गएकोले रोजगार मार्फत गरिबी निवारण गर्न निजी क्षेत्र, सहकारी तथा गैरसरकारी क्षेत्रसँग समन्वय सहकार्य गर्नुपर्ने हुन्छ । पालिकाको विगतका तीन वर्षको नीति तथा कार्यक्रम अवलोकन गर्दा बेरोजगार व्यक्तिहरुको सूचीदर्ता गर्ने कार्यक्रम, रोजगार हुन चाहाने तर पूँजी जुटाउन नसक्ने युवायुवतीहरुलाई बिउ पूँजीको व्यवस्थापन गर्ने जस्ता कार्यक्रमहरु राखिएता पनि त्यसको राम्रो नतिजा प्राप्त हुन सकेको देखिदैन । केही क्रसर उद्योग र प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सीमित व्यक्तिहरु लाभान्वित भएका छन्, तर बेरोजगारी समस्या हल गरी गरिबी निवारण हुन सकेको अवस्था छैन । पालिकाका केही वडामा जिल्ला समन्वय समिति मार्फत गरिबी निवारणसँग सम्बन्धित कार्यक्रमहरु राखिएको भए पनि यस कार्यक्रमलाईप्रभावकारी रुपमा सञ्चालन गरी बेरोजगार युवायुवतीलाई रोजगारी दिन सकेको अवस्था छैन ।

पालिकाको विगत तीन वर्षको वार्षिक योजना र कार्यक्रम अवलोकन गर्दा आर्थिक विकासका लागि आर्थिक वर्ष २०७६/०७७ मा ७६.८१ लाख (कूल पूँजिगत खर्चको ३.८८ प्रतिशत), आर्थिक वर्ष २०७७/०७८ मा १००.०० लाख (३.३९ प्रतिशत) र आर्थिक वर्ष २०७८/०७९ मा ११०.०० लाख (४.१५ प्रतिशत) विनियोजन गरी खर्च गरिएको छ । क्षेत्रगत योजना तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्नमा निम्न अवस्था देखिएको छ ।

- कृषि तथा पशु विकास योजना तर्जुमा भएको छैन ।
- लगानी प्रतिफल विश्लेषण गरिएको छैन ।
- पर्यटन योजना निर्माण भएको छैन ।
- व्यापार तथा बाणिज्य क्षेत्रसँग सम्बन्धित विशिष्टीकृत अभिलेख राखिएको छैन ।
- गरिबी निवारण र रोजगारी सिर्जना गर्ने ठोस योजना तर्जुमा भएको छैन ।
- सहकारी तथा उद्योग क्षेत्रको विकासका लागि ठोस कार्यक्रम ल्याउन सकिएको छैन ।

२.२ सामाजिक विकास

राप्ती सोनारी गाउँपालिकाको दिर्घकालिन सोच "समृद्ध राप्ती सोनारीको आधार; शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र दीगो पूर्वाधार" रहेको छ । समृद्धि प्राप्तीको लागि गाउँपालिकाले पूर्वाधार बिकासको साथै सामाजिक तथा आर्थिक बिकासलाई उत्तिकै महत्वका साथ हेरेको देखिन्छ । भनिन्छ जव शिक्षा, स्वास्थ्य, सरसफाई लगायतका क्षेत्रमा सामाजिक रुपमा बञ्चितिमा परेका तथा आर्थिक रुपमा पछाडि परेका समूहलाई विकासको मूलधारमा ल्याइदैन तवसम्म दीगो विकासको परिकल्पना समेत गर्न सकिदैन ।

राप्ती सोनारीको वर्तमान तथ्याङ्कलाई हेर्दा शिक्षाको क्षेत्रमा प्रसस्तै कामहरु भएको देखिन्छ । **गणुस्तरीय र जीवनो पर्यान्त शिक्षामा लगानी** भन्ने नाराका साथ सरोकारवालाहरु तथा समुदायहरुसँग हातेमालो गरी अगाडी बढ्ने नीति लिएकोछ । सबै बालबालिकाको पढ्ने अधिकारको सुनिश्चितता गर्न अनिवार्य निशुल्क आधारभूत शिक्षाको सुनिश्चितता गरी माध्यमिक शिक्षा लाई निशुल्क गर्ने नीति लिएको छ ।

हाल राप्ती सोनारी गाउँपालिकामा सामुदायिक तर्फ ५४ तथा संस्थागत तर्फ १८ गरी जम्मा ७२ वटा बिद्यालयहरु संचालनमा रहेका छन् । जसमध्ये माध्यमिक तहको पढाई हुने विद्यालय-२१ (११ वटामा +२), आधारभूत तहसम्मको पढाई हुने बिद्यालय-५० र सामुदायिक तथा संस्थागत बाल विकास केन्द्र ७२ वटा रहेका छन् । त्यस्तै गाउँपालिकामा उच्च शिक्षा प्रदानगर्ने क्याम्पसहरुको संख्या २ रहेको छ । राप्तीसोनारी गाउँपालिकाको एक मात्र माध्यमिक बिद्यालयमा प्राविधिक शिक्षा तर्फको कृषि बिषयको पढाई भैरहेकोछ । पालिकाको शिक्षा शाखाका अनुसार पाँच वर्षदेखि १५ वर्षसम्मका विद्यालय जाने उमेरका बालबालिकाहरु मध्ये करिव २.०२ प्रतिशत बिद्यालयको पहुँच बाहिर रहेका छन् । हाल तैयार हुन लागेको गाउँपालिकाको आवधिक विकास योजनाले विद्यालयहरुको भौतिक पूर्वाधार विकासका साथै आधारभूत तहका अन्य सुविधाहरुको व्यवस्थापन गर्नसके शिक्षा क्षेत्रमा भएको लगानीको सही सदुपयोग भएको मानिनेछ ।

नेपालको संबिधानले आधारभूत स्वास्थ्य र सरसफाई स्थानीय तहको अधिकार सूची भित्र र स्वास्थ्य सेवालाई प्रदेशको अधिकार सूची भित्र राखेको छ । हाल राप्ती सोनारी गाउँपालिकाले १,२,५,७,९ नम्वर वडाहरुमा रहेका साविकका प्राथमिक स्वास्थ्य चौकीहरु र वडा नं ३ को सिसुवा, वडा नं ६ को शिदनवा तथा वडा नं ८ को शम्शेरगञ्जमा रहेका आधारभूत स्वास्थ्य केन्द्रहरु र वडा नं १ मा रहेको सामुदायिक स्वास्थ्य केन्द्रबाट स्वास्थ्य सेवा प्रवाह गरिरहेको छ । त्यसैगरी गत बर्ष मात्र वडा नं ४ को बिजयपुरमा रहेको स्वास्थ्य चौकीलाई स्तरोन्नती गरी १५ शैयाको अस्पतालमा स्तरोन्नती गरिएबाट थप गुणस्तरिय स्वास्थ्य सेवा पाउनेमा पालिकाबासी आसावादी रहेकाछन् । गाउँपालिकाको बिभिन्न स्थानमा रहेका २० वटा गाउँघर क्लिनिक तथा ३४ वटा खोप केन्द्रहरुबाट समेत समय समयमा स्वास्थ्य सम्वन्धी सेवा प्रवाह भैरहेको छ । गाउँपालिकाको बिगत ३ आ.व.को तथ्यांक अनुसार पालिकामा खोपको कभरेज संघीय तथा प्रादेशिक औसत भन्दा कम रहेको छ । त्यसैगरी मातृ मृत्यु दर तथा शिशु मृत्यु दर समेत संघीय तथा प्रादेशिक भन्दा निकै कम देखिन्छ । पछिल्ला दिनहरुमा स्वास्थ्य चेतनामा आएको परिवर्तन तथा स्वास्थ्य सेवाका क्षेत्रमा भएको लगानी तथा सेवा विस्तारले जनताको स्वास्थ्य अवस्थामा सकारात्मक परिवर्तनहरु आइरहेको पाइन्छ ।

राप्ती सोनारी गाउँपालिकामा मुख्यतः थारु, क्षेत्री, मगर, बिश्वकर्मा, मुसलमान परियार्र लगायतका जातजातिको बसोवास रहेको छ । शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रहरुमा अन्य जातजातिहरुको तुलनामा क्षेत्री तथा थारुहरुको पहुँच बढी भएको देखिन्छ । यस गाउँपालिकामा बसोवास गर्ने दलित, लगायतका अल्पसंख्यक जातजातिहरुको शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा लगायतका क्षेत्रहरुमा पहूँच तुलनात्मक रुपमा कम रहेको छ । यसरी पछाडी परेको बर्गको उत्थानका लागि विशेषत उनीहरुको क्षमतामा अभिबृद्धि गरी शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा लगायतका क्षेत्रहरुमा उनीहरुको पहूँच अभिबृद्धि गर्न विशेष कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

बिभिन्न लक्षित बर्गहरुमा सामाजिक न्यायको सुनिश्चितता कायम गर्न राप्ती सोनारी गाउँपालिकाले महिला, बालवालिका, जेष्ठ नागरिक, फरक क्षमता भएका नागरिक, दलित, आदिवासी/जनजाति लगायत बिपन्न तथा सामाजिक रुपमा बञ्चितीमा रहेका समुदायहरुको आर्थिक तथा सामाजिक बिकासकालागि बिभिन्न कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । पालिका स्तरमा एकल महिला सुरक्षा कोष स्थापना, बिद्यालय तथा बस्ती स्तरमा गठन भै कृयाशिल रहेका बाल क्लवहरु, सवै वडाहरुमा अपाङ्गता सञ्जाल र गाउँपालिका स्तरीय सञ्जाल गठन तथा परिचालन, अनाथ बालवालिका स्याहार केन्द्रको स्थापना तथा संचालन जस्ता कृयाकलापहरु यसका ज्वलन्त उदाहरण हुन् ।

युवाहरुलाई स्वरोजगार बनाउन विभिन्न सीपमूलक तालिम, व्यवसाय र उद्यम गर्न चाहाने युवाहरुलाई सहुलियत ऋणको व्यवस्थापन, पूर्वाधार निर्माणमा युवाहरुलाई प्रोत्साहन दिने कार्यक्रम, व्यवसायिक कृषि तथा पशुपालन गर्ने युवाहरुलाई आवश्यकता अनुसारको सीप, प्रविधि तथा उपकरण प्रदान जस्ता कार्यक्रममा बजेट विनियोजन गरी कार्यान्वयन गरिएको छ । युवाहरुको शारीरिक तन्दुरुस्ती र युवा उर्जालाई गतिशील बनाउन पालिकाका विभिन्न वडाहरुमा खेलमैदान निर्माण गर्न बजेट विनियोजन गरी अपेक्षित उपलब्धी हासिल भएको छ ।

२.३ भौतिक पूर्वाधार

सडक तथा यातायात क्षेत्र

राप्नी सोनारी गाउँपालिकाको दीर्घकालीन सोँचले दीगो पूर्वाधार विकाससम्म जोड दिन्छ । भौतिक पूर्वाधार विकास तर्फ सडक तथा यातायता, पुल निर्माण, सूचना तथा सञ्चार प्रविधिको विकास, विद्युत तथा उर्जा, भवन तथा वस्ती विकास, सिँचाई र तटबन्ध/बाँध तथा नदी नियन्त्रण आदी पर्दछन् ।.१८कि.मि.को हुलाकी सडक, वडा नं.१, ८ र ९

का रिङ्गरोड, अगैया देखि कचनापुर हुँदै नेपालगञ्जको राँझा एयरपोर्ट जोड्ने सडक यस पालिकाका गौरवका सडक आयोजनाहरु हुन् । आर्थिक वर्ष २०७६/०७७ माा सडक तथा पुल निर्माणमा १८३८.२६ लाख बजेट विनियोजन भएपनि ९८५.९५ लाख(५३.६४%)मात्र खर्च भएको देखिन्छ । त्यसैगरी आर्थिक वर्ष २०७७/०७८ मा विनियोजित बजेट रु.११४४.४६ लाख भएपनि ९३३.१८ लाख(८१.५४%) खर्च भएको देखिन्छ । चालु आर्थिक वर्ष २०७८/०७९ को माघ महिनासम्म १०१५.३२ लाख विनियोजित बजेट मध्ये ३०१.३२ लाख (२९.६८%) खर्च भएको देखिन्छ । विगत ३ वर्षको सडक तथा पुल निर्माणमा वडा नं.१ मा झोलुङ्गे पुलहरु र धेरै जसो भित्री सडक ग्राभेलिङ्गमा अधिकांश बजेट केन्द्रित भएको देखिन्छ ।

वर्तमान युग सूचना तथा सञ्चारको युग हो । सूचना तथा सञ्चारमा भएको भूमण्डलीकरणले विश्वलाई एउटा सानो गाउँ बनाएको छ । सर्वसाधारणको चेतना जगाउन र सूचना प्रवाह गर्न सञ्चार जगतले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । आम सञ्चारका माध्यमका रुपमा रहेको रेडियो, टि.भी., पत्रपत्रिका, फोन, इमेल र इन्टरनेटको विस्तारले बहु-आयामिक विकासमा टेवा पुऱ्याउँछ । सञ्चारमैत्री सरकार र विकासमैत्री सञ्चारको अवधारणाको अनुरुप राप्ती सोनारी गाउँपालिकाले कृषि, वातावरण, महिला, बालबालिका, सडक तथा समावेशी विकासमैत्री सामाग्री प्रकाशन, प्रसार, एफ.एम. रेडियो, टेलिभिजन, पत्रपत्रिका लायतका स्थानीय सञ्चार माध्यमसँग सहकार्यमा जोड दिदै आएको र स्थानीय सञ्चारकर्मीहरुलाई त्यस्ता सामाग्री तयार गर्न प्रोत्साहन दिदै आएको छ । पालिकामा रहेका विभिन्न कार्यालयमा सञ्चार सुविधाको लागि पालिकाको सबै क्षेत्र समेट्ने गरी नेपाल दूरसञ्चार संस्थान र एनसेलका टावरहरु मार्फत टेलिफोन, इमेल, इन्टरनेटका सुविधाहरु प्राप्त भएका छन् । आधुनिक प्रविधि तर्फ शिक्षक, विद्यार्थी र कर्मचारीहरुलाई उत्प्रेरित गराई कार्यालयमा विद्युतीय शासन र शिक्षामा प्रविपिधको प्रयोग मार्फत गुणस्तरीय शिक्षा दिने पालिकाले नीति लिई कार्यान्वयन गरेको पाइन्छ । त्यसैगरी डिजिटल बोर्ड मार्फत सूचना प्रवाहमा सरलता ल्याई डिजिटल नागरिक वडापत्र मार्फत मोबाईल एप्लिकेशनबाटै गुनासो र उजुरी लिने व्यवस्था समेत मिलाइएको छ । सो को लागि पालिकाले आर्थिक वर्ष २०७६/०७७ को बजेटमा सञ्चार तर्फ ७८.०० लाख, २०७७/०७८ मा १५.७५ लाख र आर्थिक वर्ष २०७८/०७९ मा १०८.५० लाख विनियोजन गरिएको छ, सो मध्ये २०७८ माघ मसान्त सम्म ५१.२३ लाख(४७.३२%) खर्च भएको छ ।

पूर्वाधार विकासको पनि पूर्वाधार मानिने विद्युत तथा उर्जाको उत्पादन र यस्को अधिकतम सदुपयोग गरेर मात्र आर्थिक समृद्धिमा योगदान पुऱ्याउन सकिन्छ । कृषिको आधुनिकीकरण गर्न, औद्योगिकरण गर्न, पर्यटनको विकास गर्न, विदेशबाट आयातित उर्जाको न्यूनीकरण गरी यातायातमा आत्मनिर्भर हुन विद्युत तथा उर्जाको प्रयाप्त विकास हुनुपर्दछ । राप्ती सोनारी गाउँपालिकाको पार्श्वचित्र अनुसार ९१ प्रतिशत जनताहरुले खाना पकाउने इन्धनको रुपमा काठ, दाउरा प्रयोग गरेको र अन्य ९ प्रतिशत जनताहरुले एल.पी.ग्यास, गोबर ग्यास र मट्टीतेलको प्रयोग गरेको देखिन्छ । यस पालिकाको वडा नं.१, ३, ४, ५ र ७ का दुर्गम वस्तीहरुमा बत्तिका लागि सोलार उर्जामा भर पर्नुपरेको देखिन्छ । आर्थिक वर्ष २०७६/०७७ मा विद्युत विस्तार नभएका वडा नं.३, ४ र ५ का केही वस्ती छनौट गरी सौर्य प्यानल जडान गरिएको, सामुदायिक विद्युतीकरणका लागि बजेट विनियोजन गरिएको, सोलार सडक बत्ति जडान गर्ने र विद्युत खपत न्यूनीकरणका लागि एल.इ.डी. बल्व प्रयोग गर्ने नीति पालिकाले लिएको देखिन्छ । आर्थिक वर्ष २०७५/०७६ सम्म विजुली बत्ति प्रयोग गर्नेको संख्या ४५ प्रतिशत र सोलार उर्जा प्रयोग गर्नेको संख्या ५२ प्रतिशत रहे पनि विगत ३ वर्षको वार्षिक योजनामा विद्युत प्रसारण लाईनमा धेरै लगानी भइसकेकोले पालिकाको अधिकांश घरपरिवारले हाल विजुली बत्तिको प्रयोग गरिरहेका छन् । विगत ३ वर्षको योजना हेर्दा विद्युत तथा उर्जा तर्फ आर्थिक वर्ष २०७६/०७७ मा ५९.४२ लाख, आर्थिक वर्ष २०७७/०७८ मा ४२६.२१ लाख र चालु आर्थिक वर्षमा २५.०० लाख विनियोजन भई खर्च भइरहेको छ ।

आधुनिक र व्यवसायिक कृषिको विस्तार तथा उत्पादकत्व वृद्धिका लागि भरपर्दो सिँचाई सुविधाको आवश्यक पर्दछ । यस पालिकामा८.६४ प्रतिशत कृषियोग्य जमिन भएपनि सम्पूर्ण क्षेत्रमा सिँचाई सुविधा उपलब्ध छैन । यस पालिकाले खेति गरौ भकारी भरौ भन्ने साँचका साथ कृषकलाई व्यवसायिक खेति तर्फ उन्मुख गराउने, सिँचाईको अभाव भएका क्षेत्रमा आकाशे पानी संकलन र थोपा सिँचाई कार्यक्रम सञ्चालन गर्ने, बोरिङबाट सिँचाई गर्नका लागि कृषकहरुलाई स्यालो ट्युबेल, डिप बोरिङ प्रविधि तर्फ अनुदान दिने नीतिगत व्यवस्था रहे पनि कृषियोग्य भूमिको सम्पूर्ण क्षेत्र सिँचित हुन सकेको छैन । यसै पालिकामा राष्ट्रिय गौरवको सिक्टा सिँचाई योजना रहेको छ तर पनि पालिकाको सम्पूर्ण खेतियोग्य भूमिलाई यस योजनाले सिँचित गर्न सकेको छैन । वडा नं.६ र ७ मा धेरै पहिले निर्माण भएको पुरानो

नहरले सिँचाईको सुविधा दिएको र सिक्टा सिँचाई योजनाको पूर्व दक्षिण तर्फको नयाँ नहर नबन्दासम्म विगत ३ वर्षको योजनामा उक्त पुरानो नहरलाई नै मर्मतको लागि बजेट बिनियोजन गरी खर्च गरेको पाइन्छ । सिँचाई पूर्वाधारको निर्माण गर्न आर्थिक वर्ष २०७६/०७७ मा ५७.५० लाख बजेट बिनियोजन भएकोमा ४३.१२ लाख(७४.८१%) खर्च भएको देखिन्छ । त्यसैगरी आर्थिक वर्ष २०७७/०७८ मा ७६.४० लाख विनियोजन भएकोमा ४३.०२ लाख(५६.३१%) खर्च भएको देखिन्छ । चालु आर्थिक वर्ष २०७८/०७९ मा ९६.०६ लाख विनियोजन गरिएकोमा २०७८ माघ मसान्त सम्म २५.६७ लाख (२६.७२%) खर्च भएको छ ।

दीगो विकास लक्ष्यले समावेशी र दीगो सहरीकरण गर्ने, सबैलाई सुरक्षित प्रयाप्त र क्षमता भित्र रहने गरी आवासको व्यवस्था गर्ने, शहरी गरिबीलाई कम गर्ने, सबैलाई हरियाली र खुला ठाउँ उपलब्ध गराउने विषयहरुउल्लेख गरेको छ । आवास मानिसको आधरभूत आवश्यकता भएकोले गरिब, पिछडिएका एवं सीमान्तकृत वर्गलाई सुरक्षित आवास सुविधा उपलब्ध गराउने क्रममा सरकारले दलित, मुस्लिम, राउटे, बनकरिया, गर्न्धव, बाधी एवं सुरेन समुदायलाई लक्षित गरी जनता आवास कार्यक्रम सञ्चालमा ल्याएको छ ।समग्र पालिकामा आर्थिक वर्ष २०७५/०७६ सम्म२५ प्रतिशत फुसको छाना भएको कच्ची घरहरु छन् । नदी किनारका जोखिमयुक्त ठाउँहरुमा बसेका घरपरिवारलाई सुरक्षित स्थानमा सारी सुरक्षित आवास निर्माण गर्ने क्रममा यस पालिकाको वडा नं.६ मा हेल्बेटास मार्फत ६८ वटा घरहरु निर्माण भएका छन् । यती हुँदा हुँदै पनि पालिकामा जेष्ठ नागरिक, हिंसा पीडित महिला र अपाङ्ग मानिसहरुको लागि प्रयाप्त आवासहरु बनेको देखिदैन । पालिकाले योजनबद्ध शहरी विकासगुरुयोजना निर्माण नगर्दा कृषि भूमि अनियन्त्रित तवरले खण्डीकरण भइरहेको छ । विगत ३ वर्षको पालिकाका योजनाहरुको अवलोकन गर्दा आफ्नै भवन नभएका वडा कार्यालयहरुको भवन निर्माण, अधुरा भवनहरुको निर्माण, सार्वजनिक स्थलहरुमा रहेका भौतिक संरचनाहरुको मर्मत तथा सम्भार, आधारभूत स्वास्थ्य केन्द्रका भवनहरु निर्माण, ग्रामिण विद्युत शहरी भवन निर्माण, हेल्थपोष्ट भवन निर्माण, कृषि सहकारी संस्थाका भवन निर्माण, महिला सामुदायिक भवन निर्माण, सामाजिक उद्यमी महिला सहकारी संस्था भवन निर्माण, वि.पि.स्मृति भवन निर्माण, मन्दिर र मदरसाका भवन निर्माण, विभिन्न विद्यालय तथा क्याम्पसका कम्पाउण्ड वाल र भवन निर्माण, सेल्टर भवन निर्माण, बहुउद्देश्यीय सभाहल निर्माण, सामुदायिक भवन निर्माण र १५ शैयाको अस्पताल निर्माण जस्ता शीर्षकहरुमा बजेट विनियोजन गरी खर्च गरेको पाइन्छ । यी विभिन्न कार्यक्रमका लागि आर्थिक वर्ष २०७६/०७७ मा ५९४.३४ लाख विनियोजन भएकोमा ३१५.४० लाख मात्र खर्च गरिएको देखिन्छ । त्यसैगरी आर्थिक वर्ष २०७७/०७८ मा आवसीय तथा गैरआवसीय र निर्मित भवनको संरचनात्मक सुधारका लागि ७१२.४५ लाख विनियोजन गरिए पनि ६२३.२१ लाख खर्च भएको देखिन्छ । आर्थिक वर्ष २०७८/०७९ मा सोही शीर्षक अन्तरगत ४६६.७२ लाख विनियोजन भएकोमा २०७८ माघ मसान्त सम्म १३९.९९ लाख खर्च भएको देखिन्छ ।

राप्ती सोनारी गाउँपालिकाको प्रमुख समस्या मध्ये नदी कटान, डुबान हो । वडा नं.१, २, ८ र ९ मा उत्तर तर्फबाट वर्षायाममा खहरे खोलामा आउने बाढीले जमिन कटान तथा डुबान र वडा नं.३, ४, ५, ६ र ७ मा दक्षिण पूर्वबाट बग्ने खहरे खोलाले गर्ने क्षति तथा समग्र पालिकाका अधिकांश वडाहरुमा राप्ती नदीले गर्ने क्षतिले हरेक वर्षका वार्षिक योजनाहरुमा स्थानीय आवश्यकता हेरी तटबन्ध तथा बाँध निर्माणका लागि बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । विगत ३ वर्षको बजेट अवलोकन गर्दा तटबन्ध तथा बाँध निर्माण शीर्षक अन्तरगत आर्थिक वर्ष २०७६/०७७ मा ४८.५० लाख विनियोजन गरेकोमा ४३.७१ लाख (९०.१२%) खर्च गरेको देखिन्छ । त्यसैगरी आर्थिक वर्ष २०७७/०७८ मा यसै शीर्षक अन्तरगत २९.५० लाख विनियोजन भएकोमा ११.९५ लाख(४०.५२%) खर्च भएको देखिन्छ । चालु आर्थिक वर्ष २०७८/०७९ मा २२.०० लाख रकम विनियोजन भएकोमा २०७८ माघ मसान्त सम्म १४.३० लाख(६५.०२%) खर्च भएको देखिन्छ । तटबन्ध गरी खेतियोग्य जग्गा र वस्तीलाई सुरक्षित बनाउन पालिकाले आउँदा आर्थिक वर्षहरुमा आवश्यक बजेट विनियोजन गर्नुपर्ने देखिन्छ । पालिकाको क्षेत्रगत योजनाको अवस्था हेर्दा निम्नानुसार देखिएको छ ।

- गाउँपालिकाको यातायात गुरुयोजना तर्जुमा भएको छैन ।
- भारतको सिमाना सम्म पुग्ने बडा.नं १ र ४ का दुर्गम बस्तीहरु सम्म सडक, बिद्युत तथा अन्य पुर्वाधारहरुको पहुँच पुग्न सकेको छैन ।
- गाउँपालिकाको बस्ती बिकास योजना तर्जुमा गरिएको छैन ।
- बिपद तथा जोखिमको अवस्थामा आश्रयका लागि बहुउद्देश्यीय सामुदायिक भवनको क्षमता कम छ ।
- सिँचाई र तटवन्ध तर्फ आउदा बर्षहरुमा बजेट बढाउनुपर्ने देखिन्छ ।

२.४ वन, वातावरण तथा विपद् व्यवस्थापन

वन विकास, वातावरण संरक्षण एवं सन्तुलन, जैविक विविधता संरक्षण तथा प्रवर्द्धन, जलवायु परिवर्तन अनुकूलन र विपद् व्यवस्थापन तथा उत्थानशीलता जस्ता अति सम्वेदनशील र महत्वपूर्ण सवालहरुमा हामीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा आफ्नो प्रतिबद्धता जनाएका छौं । सोही अनुसार हाम्रा दीर्घकालीन सोँच तथा लक्ष्य, आवधिक योजनाहरु, नीति तथा रणनीतिहरु यस दिशा तर्फ परिलक्षित छन् । सन् २०३० सम्म पूरा गर्नुपर्ने दीगो विकासका लक्ष्य तथा सूचकहरुले पनि यी पक्षहरुमा विशेष ध्यान केन्द्रित गरेको देखिन्छ । हरेक सरकारले आफ्ना योजना तथा कार्यक्रममा यी पक्षहरुलाई के कसरी कार्यान्वयन गरेको छ, आवधिक विकास योजना तर्जुमाको सन्दर्भमा समीक्षात्मक टीप्पणी गर्न आवश्यक हुन्छ ।

राप्ती सोनारी गाउँपालिका वनजंगल, वन्यजन्तु तथा जैविक विविधताको दृष्टिले अति सम्पन्न मानिन्छ, यसमा यस पालिकाले आफूलाई गौरबको महसूस गर्नुपर्दछ ।७९.७९ प्रतिशत भू-भाग वनजंगलले ढाकिएको यो पालिकामा बाँके राष्ट्रिय निकुञ्जको अधिकांश भाग, मध्यवर्ती क्षेत्र समेतका राष्ट्रिय वन क्षेत्रहरु र ७४ वटा सामुदायिक वनहरु रहेकोअवस्था छ । यहाँ विभिन्न पारस्थितिकीय प्रणालीका साथै विभिन्न प्रजातिका वन, वनस्पति र वन्यजन्तु पाइन्छन् । बाह्रै महिना अविरल रुपमा बगिरहने राप्ती नदी यो पालिकाको महत्वपूर्ण प्राकृतिक सम्पत्ति हो, जस्ले प्राकृतिक रुपमा पालिकालाई मनोरम बनाउनका साथै वातावरण सन्तुलनमा अति महत्व राख्दछ । प्रकृतिका यस्ता महत्वपूर्ण उपहार हुँदा हुँदै राप्ती नदीमा आउँने बाढी तथा डुबानबाट वर्षेनी हुँने धनजनको क्षति, वन्यजन्तुको आक्रमणबाट हुँने मानवीय क्षतिका अतिरिक्त पशुधन तथा कृषिवालीको क्षति र स्वयं वन्यजन्तुको पनि क्षति जस्ता प्रकोपबाट यो पालिका उत्तिकै प्रताडित अवस्थामा छ । यही पृष्ठभूमिमा पालिकाले वन, वातावरण एवं जैविक विविधताको संरक्षण र प्रकोप उत्थानशीलता कार्यक्रम मार्फत सन्तुलित विकास गर्नुपर्ने हुन्छ ।

पालिकाले विगत वर्षहरु देखि माथिका पक्षहरुमा विशेष ध्यान दिदै आएको छ, तर श्रोतको प्राचुर्यता नहुँदा योजनाबद्ध ढङ्गले अघि बढ्न सकेको अवस्था छैन । राष्ट्रिय निकुञ्जसँग समन्वय गरी मध्यवर्ती क्षेत्रमा विविध आयआर्जनका कार्यक्रमहरु सञ्चालन भएका छन् । वन, वातावरण एवं जैविक विविधता संरक्षणमा जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् । वन्यजन्तुबाट हुँने क्षति नियन्त्रणका लागि वडा नं.१, २, ८, ९ र अन्य सामुदायिक वन क्षेत्रमा समेत सामुदायिक वन समितिसँग समन्वय गरी तारवार/घेरावारको कार्य पालिकाले अगाडी बढाएको अवस्था छ र वडा समितिहरुले पनि यस कार्यलाई विशेष प्राथमिकतामा राखेको देखिन्छ । जंगली जनावरबाट हुने वालीनाली क्षति नियन्त्रण गर्नका लागि वडा नं.१ को वन सीमान्त क्षेत्रमा र वडा नं.२ को गोहारपुर र हर्देवा गाउँमा तारजाली घेरावार कार्यक्रम एउटा उदाहरण हो । राप्ती कटान, डुबान नियन्त्रण गर्न जनताको तटबन्ध कार्यक्रम तथा तीनै तहका सरकारको श्रोत साधनबाट तटबन्ध निर्माणको कार्यक्रम वर्षौ देखि सञ्चालनमा छ तर आवश्यक साधन श्रोत सहित योजनाबद्ध तवरले समन्वयात्मक रुपमा अगाडी बढ्न सकेको अवस्था छैन ।

यस पालिकामा विगत २ वर्ष देखि विपद् व्यवस्थापनमा क्षमता अभिवृद्धि मार्फत उत्थानशील समुदाय परियोजना (विशेष गरी पालिकाको वडा नं.६ र ७ मा) सञ्चालनमा रहयो । यस कार्यक्रमबाट ९ वटै वडामा वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन, यी समितिको क्षमता विकासमा सहयोग, विपद् संकटासन्नता नक्सांकन तालिम र नक्सांकन, सबै वडाको विपद् संकटासन्नता तथा क्षमता विश्लेषणमा सहयोग, स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना निर्माणमा सहयोग, सडक नाटक तालिम तथा जनचेतना, विपद् सम्बन्धी जनचेतनाको लागि रेडियो जिङ्गल प्रसारण, वडा विपद् व्यवस्थापन समितिहरुलाई पूर्व सूचना प्रणाली सञ्चालनका लागि सामाग्री र सूचना बोर्ड निर्माणमा सहयोग, बहुउद्देश्यीय आपत्कालीन आश्रयस्थल निर्माण सहयोग, राप्ती नदीको तटबन्धनमा बाँस, कास, कुश, नेपियर जातका विरुवाहरुको वृक्षारोपण, ३ वटा सामुदायिक वनलाई बहुमूल्य विरुवा वृक्षारोपण सहयोग जस्ता कार्यक्रमहरु सञ्चालन गरी विपद् व्यवस्थापनमा क्षमता अभिवृद्धि र उत्थानशील क्रियाकलापहरु सञ्चालन गरिएका छन् । यसबाट विपद् व्यवस्थापनमा सकारात्मक योगदान पुगेको देखिन्छ । यस परियोजनाको कूल लागत रु.१ करोड ८६ लाख ९ हजार ८ सय ९४ रहेको देखिन्छ । यस पालिकाको पालिका स्तरीय विपद् प्रतिकार्य योजना तर्जुमा भएको देखिन्छ तर प्रस्तुत योजना व्यवहारिक र कार्यान्वयनयोग्य भने देखिएन । वन, वातावरण तथा विपद् व्यवस्थापनको सन्दर्भमा पालिकाले लिएका नीतिगत व्यवस्था र विगत ३ वर्षको यो क्षेत्रमा छुट्याईको बजेट विवरण निम्नानुसार छ ।

- वन, वनस्पति दीर्घकालीन संरक्षण नीति तर्जुमा भएको छ ।

- वन तथा वन्यजन्तु संरक्षणका लागि सा.व.उ.स. तथा निकुञ्जको समन्वयमा प्रवर्द्धनात्मक कार्यक्रमहरु अगाडी बढाइएको छ ।
- हरियाली प्रवर्द्धनका लागि एक घर एक विरुवा कार्यक्रम सञ्चालनमा आएको छ ।
- बाढी डुबानको क्षति न्यूनीकरण गर्न तथा स्थायी समाधानका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय गरी श्रोत परिचालन गर्ने नीति लिएको छ ।
- गाउँपालिकामा आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना गरी श्रोत साधन व्यवस्थापन र भण्डारण गर्ने नीति लिइएको छ ।
- नेपाली सेनासँगको समन्वयमा वडा नं.८ को शम्शेरगञ्जमा सर्पदंश उपचार केन्द्र सञ्चालनमा छ ।
- कूल पूँजिगत खर्च मध्य आर्थिक वर्ष २०७६/०७७ मा ८०.०० लाख, २०७७/०७८ मा १०.८६ लाख र २०७८/०७९ मा १००.०० लाखयो क्षेत्रमा बजेट छुट्याइ विविध कार्यक्रमहरु सञ्चालन गरिएको अवस्था छ ।

२.५ संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन

गाउँपालिकावाट गरिने सेवा प्रवाहमा जनताको समान र सहज पहूँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गराउन समय समयमा सार्वजनिक सुनुवाई, योजनाहरुको सार्वजनिक लेखा परिक्षण जस्ता क्रियाकलापहरु सञ्चालन गरिएको छ । गाउँपालिकाबाट सञ्चालन गरिने गतिविधिको वारेमा गाउँपालिकाको वेवसाईट, बुलेटिन तथा प्रत्यक्ष जनताहरुसँग छलफलका कार्यक्रमहरु सञ्चालन गरी जानकारी गराउने गरिएको छ । पालिकाबाट प्रवाह हुने सेवा सुबिधालाई कानून सम्मत ढंगले सरल, सहज र पारदर्शी बनाई जनप्रतिनिधि र कर्मचारीहरुलाई जनमुखी, उत्तरदायी र जिम्मेवार बनाई सुशासनको प्रत्याभुती हुने गरी कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

सञ्चारका माध्यमहरु जस्तै स्थानीय रेडीयो, पत्रपत्रिका, कार्यालयको सूचना पाटी, कार्यालयबाट प्रकाशन गरिने बुलेटिन तथा गाउँपालिकाकै वेभसाईट सूचना प्रवाहका प्रमुख माध्यमहरु भएकोले सञ्चार माध्यमको प्रयोग गरी पालिकाबाट भएगरेका गतिविधिहरु जनसमक्ष पुऱ्याउने गरिएको छ ।

मानव स्रोत विकासमा जनप्रतिनिधि तथा कर्मचारीको शीप, क्षमता, ज्ञान, तालिम सहितको दक्षता अभिवृद्धि हो । शीप, क्षमता, ज्ञान एवं दक्षता भएको खण्डमा समूहमा वसेर काम गर्न सक्ने र लक्ष्यतर्फ संगठनलाई सहज रुपमा डोऱ्याउन सकिने हुन्छ । राप्ती सोनारी गाउँपालिकाका जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको क्षमता, ज्ञान, दक्षता, शैक्षिक योग्यता सम्वन्धी डाटा वेस तैयार भैनसकेको अवस्था छ । संगठन विकासको लागि हालसम्म गाउँपालिकाको रणनीतिक एवं जनशक्ति विकाश योजना वनिसकेको छैन । हरेक वर्ष क्षमता विकासको निम्ति केही रकम वार्षिक वजेटवाट छुट्याइएको देखिन्छ । सो बजेटवाट क्षमता अभिबृद्धि सम्वन्धी केही कार्यक्रमहरु सञ्चालन गरिएता पनि यो पर्याप्त छैन । गाउँपालिकामा कार्यरत कर्मचारीहरुको क्षमता पहिचान गरी आवश्यकता अनुसारका क्षमता अभिबृद्धिका तालिम तथा प्रविधियुक्त बनाई उनीहरुको कार्यदक्षता अभिवृद्धि गर्न सकेमा सेवा प्रवाहलाई छिटो, छरितो, निष्पक्ष, पारदर्शी एवं प्रभावकारी बनाउन सकिन्छ ।

गाउँपालिकाको आफ्नो नयाँ कार्यालय भवन बनिनसकेको अवस्थामा बिगतमा सिक्टा सिंचाई आयोजनाले हस्तान्तरण गरेको भवनहरुबाट कार्य सम्पादन हुदै आएको छ । सेवा प्रवाहका लागि आवश्यक कार्यकक्षका साथै न्यूनतम भौतिक उपकरण्हरुको समेत व्यवस्थापन भएको देखिन्छ । गाउँपालिकाका सवै ९ वटै वडाहरुले आफ्नै भवनबाट सेवा प्रवाह गरिरहेको अवस्था छ ।

वित्तीय सुशासन आर्थिक अनुशासन एवं सभ्य समाजको द्योतक हो । छनौट भएका कार्यक्रम तथा आयोजनाहरुको खर्चको व्यवस्थापन, आयोजनाको ठेक्का पट्टामा हुने अस्वस्थ प्रतिस्पर्धालाई नियन्त्रण गरी पारदर्शी र प्रविधिमैत्री प्रतिस्पर्धाको व्यवस्था, प्रभावकारी आन्तरिक लेखापरीक्षण, नियमितता, मितव्ययिता, औचित्यता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण, समयमै बेरुजु फछ्र्यौट, पारदर्शी खरिद प्रक्रिया, आम्दानी खर्चको विवरण सावर्जनिकीकरण तथा पारदर्शीता, राजश्व र व्ययको अनुमान तथा स्वीकृति, बैकिङ प्रणाली मार्फत भुक्तानी जस्ता औजारहरु वित्तीय सुशासनका लागि अपरिहार्य छन् । सार्वजनिक लेखा, सामान्य प्रशासन, शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार, राजश्व र अन्य विभिन्न क्षेत्रको डिजिटल तथ्यांक राख्न गाउँपालिकाले बिभिन्न सफ्टवेयरहरुको प्रयोग गर्दै आएको छ । गाउँपालिकाले आफ्नै वेवसाइट निर्माण गरी पालिकाका मुख्य नीति, कार्यक्रम र सूचनाहरु राख्ने व्यवस्था गरेको छ ।

पालिकाले न्याय प्रणालीमा समग्र सुधारको लागि अख्तियार प्राप्त पालिकाका पदाधिकारी तथा कर्मचारीहरुलाई न्याय सम्पादनमा निष्पक्ष र सक्षम बनाउन समय-समयमा तालिम र सेमिनारमा भाग लिन लगाउने, न्यायीक क्षेत्रको कार्यबोझको आधारमा अन्य जनशक्तिको व्यवस्थापन गर्ने, कानूनी सल्लाहकार र इजलासको व्यवस्था गर्ने, पसलहरुमा अनिवार्य मूल्य सूची राख्न लगाउने आदि नीति लिई कार्यान्वयन गरिरहेको छ ।

समृद्ध राप्ती सोनारीको परिकल्पनालाई सार्थक वनाउनका लागि नागरिक सुरक्षा सहितको शान्तिपूर्ण बातावरण आवश्यक पर्दछ । गाउँपालिकामा शान्ति सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्न, शान्तिपूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चिताका साथै स्थानीय स्तरमा संचालन हुने विकाश निर्माणका गतिविधिहरुलाई सुचारु गराउने दायित्व समेत स्थानीय सरकारको हुने हुँदा राप्ती सोनारी गाउँपालिकाको इलाका प्रहरी कार्यालयहरु तथा प्रहरी चौकीहरुसँगको सहयोग र समन्वयमा शान्ति सुरक्षा सम्बन्धी कार्यलाई सुझबुझका साथ अगाडी बढाइरहेको अवस्था छ । यस कार्यमा स्थानीय स्तरमा गठन भएका सामुदायिक संघ संस्थाहरुले समेत अहं भूमिका निर्वाह गरिरहेका छन् ।

विकास निर्माणका कामहरुको अनुगमन तथा गुणस्तर परीक्षण गर्न मूल्यांकन गरी आवश्यक सुधार ल्याउन योजनाको प्रकृति हेरी उपभोक्ता समिति गठन गर्ने, सार्वजनिक सुनुवाई र सार्वजनिक लेखा परीक्षण गर्ने, प्राविधिकहरुको क्षमता अभिवृद्धि गरी कामको गुणस्तर परीक्षण गर्ने आदि कार्यको लागि पालिकाले आवश्यक बजेट विनियोजन गरी काम नियमित रुपमा अगाडी बढाइरहेको अवस्था छ ।

समृद्ध नेपाल, सुखी नेपाली को दीर्घकालीन साँच र यसको प्राप्तीका लागि निर्धारण गरिएका क्षेत्रगत लक्ष्यहरुसम्म पुग्न विभिन्न क्षेत्रका विषयगत तथ्यांकहरुको जरुरत पर्दछ । आर्थिक वर्ष २०७५/०७६ मा पालिकाले आफ्नो वस्तुस्थिती विवरण प्रकाशन गरे पनि कतिपय तथ्यांकहरुमा विश्वसनीयता कम रहेको अवस्था छ ।

हाल राप्ती सोनारी गाउँपालिकालाई कार्य क्षेत्र बनाई विभिन्न गैससहरु कार्यरत रहेका छन् । गाउँपालिकासँग ती संघ संस्थाहरुको समन्वय तथा सहकार्यको अवस्था राम्रो रहेको छ । गैर सरकारी संस्थाहरुले आफ्ना बार्षिक कार्यक्रमहरु गाउँ सभामा पेश गरी स्वीकृत गराई कार्यान्वयन गर्ने प्रावधान रहेता पनि हालसम्म त्यस्तो हुन भने सकेको छैन । गाउँपालिकाले सवै वडाहरुका टोल बस्तीहरु समेटी टोल विकास संस्थाहरु गठन गरी ती संस्थाहरु मार्फत विभिन्न सामाजिक परिचालन तथा सशक्तिकरणका गतिविधिहरु सञ्चालन गरी अति विपन्न तथा बञ्चितीमा परेका व्यक्तिहरुलाई विकासको मूलधारमा ल्याउन आवश्यक पहल गर्न सकिन्छ । त्यस्तै गाउँपालिकामा क्रियाशील रहेका परम्परागत समूहहरु तथा समुदायमा आधारित संस्थाहरु युवा क्लब तथा आमा समूहहरुसँगको सहकार्यलाई निरन्तरता दिनुपर्ने हुन्छ । यस्ता समुदायमा आधारित संस्थाहरु गाउँपालिकाको सामाजिक पुँजीका रुपमा रहेका छन् । संस्थाहरुसंगको सहकार्यको वातावरणलाई अझ बढी सुदृढ र मजवुत पार्दै ती संस्थाहरु मार्फत विभिन्न राष्ट्रिय अभियान लगायतका सामाजिक रुपान्तरणका कार्यहरुमा परिचालन गर्न सकिन्छ । विगतमा समुदाय स्तरमा गठन भएका सामुदायिक संस्थाहरु र सहकारी संस्थाहरुसंग संकलित आर्थिक पुँजीलाई एकीकृत गरी साझेदारीमा उत्पादनमुखी कार्यक्रममा परिचालन गर्न सकिने भएतापनि त्यसो हुन सकेको छैन ।

२.६ वजेट विश्लेषण

स्थानीय तहको सार्वजनिक वित्त सम्बन्धी व्यवस्था

राज्यको पुनर्संरचना पश्चात संवैधानिक हैसियत प्राप्त स्थानीय सरकारको विकास योजना सम्बन्धी कार्यक्रमहरु अघि बढाउँदा गाउँपालिकाको सार्वजनिक वित्तको अवस्था र तत्सम्बन्धी नीतिहरुको विश्लेषण गर्न आवश्यक हुन्छ । स्थानीय तहको सार्वजनिक वित्तीय अवस्था र वार्षिक नीति तथा बजेट आवधिक योजना तर्जुमाको प्रमुख आधार र सरोकारको विषय हो । वर्तमान स्थानीय तहहरु आफ्नो वित्तीय नीति आफै तर्जुमा गर्न सक्ने, आफ्नो वार्षिक वजेट र आवधिक विकास योजना आफै निर्माण र कार्यान्वयन गर्न सक्ने गरी अधिकार र दायित्वका हिसाबले अग्र भागमा रहेका छन् । यसै सन्दर्भमा राप्ती सोनारी गाउँपालिकाको समष्टिगत आर्थिक तथा वित्तीय अवस्थाको विश्लेषण सहित यस पक्षको सुदृढीकरणका लागि आवश्यक ध्यान दिनुपर्ने हुन्छ । आन्तरिक राजश्व ज्यादै न्यून हुनु र आन्तरिक ऋण एवं वैदेशिक सहयोग प्राप्त गरी परिचालन गर्न सक्ने वैधानिक आधार एवं अभ्यास नहुँदा वर्तमान अवस्थामा स्थानीय तहको समष्टिगत वित्तीय तथा आर्थिक क्षेत्र साँघुरो रहेकोले यो पालिका पनि संघीय तथा प्रदेश सरकारको विभिन्न अनुदान र राजश्व बाँडफाँडमा भर पर्नुपर्ने अवस्था छ ।

वित्तीय संघीयताको सैद्धान्तिक र व्यवहारिक प्रयोगको सन्दर्भमा स्थानीय तहको वजेट तथा कार्यक्रमहरुमा खर्चको बाँडफाँड र राजश्व उठाउने अधिकार स्थानीय तहले प्राप्त गरेका छन् । यस अन्तरगत खर्चका विभिन्न क्षेत्रहरुमा राजश्व उठाउने अधिकार दिइएको छ । संघीय र प्रदेश तहका सार्वजनिक खर्चका विभिन्न क्षेत्र र शीर्षकहरु स्थानीय तहमा पनि लागु हुन्छ भने स्थानीय तहमा उठाउन सकिने कर तथा अन्य गैर कर राजश्वका शीर्षकहरुलाई कानूनतः स्पष्ट पारिएको अवस्था छ । स्थानीय तहको समग्र आय व्ययको संरचनाले स्थानीय तहको सार्वजनिक वित्त जनाउँने हुँदा यस अन्तरगत सार्वजनिक खर्च र राजश्वका शीर्षक तथा दरहरु, अन्तर सरकारी वित्त, सार्वजनिक ऋण (आन्तरिक/बाह्य) तथा सहयोग (अनुदान) परिचालन, जनसहभागीता परिचालन, सार्वजनिक निजी सहकारी साझेदारी जस्ता विषयहरु पर्दछन् । सार्वजनिक खर्च अन्तरगत प्राप्त हुने श्रोतहरुमा आन्तरिक राजश्व, अन्तर सरकारी वित्त तथा राजश्व वाँडफाँडबाट प्राप्त हुने रकम र बैदेशिक अनुदान सहायतावाट प्राप्त हुने रकम पर्दछन् । रकम खर्च नपुग भएको अवस्थामा घाटा वित्त व्यवस्था हुने र यसका लागि आन्तरिक ऋण परिचालन गरी खर्च व्यवस्थापन गर्नुपर्ने अवस्था सिर्जना हुन्छ ।

सार्वजनिक खर्च विश्लेषण

राप्ती सोनारी गाउँपालिकाको सार्वजनिक खर्चको ढाँचालाई मूलतः दुई भागमा विभाजन गरिएको छ-चालु खर्च र पुँजीगत खर्च । चालु खर्च अन्तरगत गाउँपालिकाका प्रशासनिक कर्मचारी तथा पदाधिकारीहरुको तलब भत्ता तथा अन्य सेवा सुविधाहरुमा हुने खर्चहरु पर्दछन् भने संघीय सरकारको शसर्त अनुदानमा आधारित शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, उर्जा, खानेपानी जस्ता क्षेत्रगत कार्यक्रमका सञ्चालन खर्चहरु पर्दछन् । पुँजीगत अन्तरगत आर्थिक विकास, पूर्वाधार विकास, सामाजिक विकास, संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन, वातावरण संरक्षण एवं विपद् व्यवस्थापनका क्षेत्रमा हुने पुँजीगत (पुँजी निर्माणका) खर्चहरु पर्दछन् ।

गाउँपालिकाबाट प्राप्त बिबरण अनुसार आर्थिक वर्ष २०७६/०७७ मा कूल सार्वजनिक खर्च तर्फ ८३३८.७१ लाख विनियोजन भएको मध्ये चालु खर्च तर्फ रु ४८७८.४४ लाख (५८.५० %) र पुँजीगत खर्च तर्फ ३४६०.२७ लाख (४१.५० %) विनियोजन भएको देखिन्छ । उक्त विनियोजित रकम मध्ये चालु खर्च ३९३२.१३ लाख (८०.६०%) र पुँजीगत खर्च तर्फ १९७४.८१ लाख (५७.०७ %) यथार्थ खर्च भएको देखिन्छ । त्यसै गरी आ.व २०७७/७८ मा कूल सार्वजनिक खर्च तर्फ ९३९०.१७ लाख विनियोजन भएको मध्ये चालु खर्च तर्फ रु ५७१२.९५ लाख (६०.८३ %) र पुँजीगत खर्च तर्फ ३६७७.२१ लाख (३९.१७ %) विनियोजन भएको देखिन्छ । उक्त विनियोजित रकम मध्ये चालु खर्च ४७५०.०१ लाख (८३.१४%) र पुँजीगत खर्च तर्फ २९४७.३४ लाख (८०.१५%) यथार्थ खर्च भएको देखिन्छ ।

चालु आ.व.२०७८/०७९ को प्रस्तावित कूल ८७४७.३२ लाख मध्ये ६१००.०८ लाख (६९.७३ %) चालु खर्च र २६४७.२३ लाख (३०.२७ %) पुँजीगत खर्च तर्फ विनियोजन भएको देखिन्छ ।

आ.व.२०७६/०७७ र आ.व.२०७७/०७८ मा भएको कूल पुँजीगत खर्च मध्ये आर्थिक विकास तर्फ क्रमश ७६.८१ लाख (३.८९%) र १००.०० लाख (३.३९%), सामाजिक विकास तर्फ १९४.०० लाख (९.८२%) र १५१.८८ लाख (५.१५%), पूर्वाधार विकास तर्फ १५६४.०० लाख (७९.२०%) र २५२०.०० लाख (८५.५०%), वातावरण तथा विपद् व्यवस्थापन तर्फ ८०.०० लाख (४.०५%) र १०.८६ लाख (०.३६%) र संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फ ६०.०० लाख (३.०३%) र १६४.८५ लाख (५.५९%) खर्च भएको देखिन्छ ।

चालु आ.व.२०७८/०७९ मा कूल पुँजीगत खर्च मध्ये आर्थिक विकासमा ११०.०० लाख (४.१५%), सामाजिक विकासमा २५३.५० लाख (९.५७%), पूर्वाधार विकासमा २१०१.७३ लाख (७९.३९%), वातावरण तथा विपद् व्यवस्थापन तर्फ १००.०० लाख (३.७७ %) र संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फ ८२.०० लाख (३.०९%) खर्च प्रस्ताव गरेको देखिन्छ ।

अघिल्लो आ.व.को तुलनामा आ.व.२०७७/०७८ मा कूल खर्च ३०.३० प्रतिशतले वृद्धि भएको देखिन्छ । उल्लेखित खर्च तर्फ राजश्व बाँडफाँड तथा समानीकरण अनुदानमा आधारित खर्च आ.व.२०७६/०७७ मा २९३७.८० लाख, आ.व.२०७७/०७८ मा २३७०.४६ लाख र आ.व.२०७८/०७९ मा ३५८४.०४ लाख छ ।

यसैगरी सशर्त अनुदानमा आधारित खर्च उक्त तीन आ.व.को क्रमशः २५०७.०८ लाख, ३१८०.९५लाख र ३२०१.१४ लाख विनियोजन भएको देखिन्छ । यी खर्चहरुलाई चालु खर्च शीर्षकको अंगका रुपमा उल्लेख गरिएको छ ।

राजश्व तथा आयश्रोत विश्लेषण

राप्ती सोनारी गाउँपालिकाको राजश्व शीर्षक अन्तरगत आन्तरिक राजश्व र विगत आर्थिक वर्षमा खर्च हुन नसकेको मौज्दात रकमलाई समावेश गरेको देखिन्छ । आ.व.२०७६/०७७ मा आन्तरिक राजश्व अन्तरगत जम्मा १४४६.६४ लाख रहेको देखिन्छ, भने आर्थिक वर्ष २०७७/०७८ मा आन्तरिक राजश्व तथा मौज्दात तर्फ १८५०.७९ लाख रहेको छ । त्यसैगरी आ.व.२०७८/७९ को लागि आन्तरिक राजश्व तथा नगद मौज्दात शीर्षकमा १८६२.८४ लाख प्रस्ताव गरिएको छ । राजश्व तर्फ आ.व. २०७६/०७७ र २०७७/०७८ मा राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम क्रमश १३०४.८२ लाख र ११७०.४५ लाख रहयो भने आ.व.२०७८/०७९ मा १७८३.०१ लाख आम्दानी प्रस्ताव गरिएको छ । अन्तर सरकारी वित्तीय हस्तान्तरण शीर्षक अन्तरगत आ.व.२०७६/०७७ मा ४२६३.३१ लाख, आ.व.२०७७/०७८ मा ५१७६.५६ लाख आम्दानी रहयो भने आ.व.२०७८/०७९ लागि ५२१२.१७ लाख प्रस्ताव गरिएको छ । आन्तरिक राजश्व तथा आयश्रोतको विश्लेषण गर्दा आन्तरिक राजश्वको अंश न्यून देखिदा राजश्व वृद्धिका लागि आवश्यक पूर्वाधार सहित नीति/कनूनहरु निर्माण गरी निजी क्षेत्रमैत्री वातावरण कायम गर्न सकेमा राजश्वको दायरालाई फराकिलो बनाउन सकिने छ ।

परिच्छेद-३
आवधिक योजना खाका

३.१ पृष्ठभूमि

बाँके जिल्लाका विभिन्न गाउँपालिकाहरुमध्ये जिल्लाको उत्तर-पूर्व सीमानामा अवस्थित राप्ती सोनारी गाउँपालिका विकासका दृष्टिले तुलनात्मक रुपमा पछाडि परेको गाउँपालिका हो । नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन-२०७४ ले निर्देशित गरेको अधिकारको परिधिभित्र रहेर आफ्नो गाउँठाउँको विकास र सम्वृद्धिको खाका आफै कोर्ने, निर्धारित खाका एवं योजना अनुसार समयबद्ध कार्यान्वयन गर्ने र स्थानीय जनताको दीगो तथा उच्च जीवनस्तरका लागि स्थानीय सरकारको दायित्वलाई व्यवस्थित गर्ने उद्देश्यले प्रस्तुत आवधिक योजना तयार गरिएको हो । नेपालका अन्य ग्रामीण क्षेत्रहरु जस्तै राप्ती सोनारी गाउँपालिका क्षेत्रमा पनि विभिन्न भौतिक पूर्वाधारहरुको कमी, परम्परागत उत्पादन पद्धती, न्यून उत्पादन र उत्पादकत्व, कृषि तथा गैर कृषि आर्थिक क्रियाकलापहरुमा पछौटेपना, निरपेक्ष गरिवी, सामाजिक पूर्वाधारको क्षेत्रमा रहेको पछौटेपनालाई अन्त गरी अघि बढ्नु आजको आवश्यकता हो । जनताको प्रत्यक्ष सहभागिता र निगरानीमा सहभागितामूलक, समावेशी, समन्यायिक आर्थिक तथा सामाजिक विकासको लागि अल्पकालीन, मध्यकालीन, दीर्घकालीन दृष्टिकोण राख्दै विकासका उद्देश्यहरु, रणनीतिक कार्यक्रमहरु र आयोजनाहरुको छनौट गर्ने, योजना कार्यान्वयनको कार्ययोजना र अनुगमन तथा मूल्याङ्कनको सुस्पष्ट ढाँचा र कार्यविधि प्रस्तुत गर्नु यस आवधिक योजनाको कार्यभार रहेको छ । यस योजनाले विकास निर्माण र सार्वजनिक सेवा प्रवाहलाई स्थानीय जनताको निकट पहूँचमा राखी उनीहरुको सम्वृद्धिको रेखा आफै कोर्ने सहभागितामूलक रणनीति अवलम्वन गरेको छ । स्थानीय जनताको प्रत्यक्ष संलग्नतामा दीगो विकासका लक्ष्य, संघीय, प्रादेशिक सरकारका नीति तथा कार्यक्रम, गैरसरकारी संघ संस्थाहरु तथा निजी क्षेत्रको क्रियाकलाप समेतलाई साझेदार क्रियाकलापका रुपमा ग्रहण गरी गाउँपालिकालाई समन्वयात्मक भूमिका र विकासको केन्द्र (Focal point) का रुपमा सुदृढ गर्ने अवधारणा यस योजनामा राखिएको छ ।

वर्तमानमा जन-आवश्यकता र आकांक्षाका साथै तीब्र रुपमा भैरहेको प्रविधिको विकास र आधुनिकताको कसीमा पालिकावासीको माग अनुसारको सेवा प्रवाह गर्न नसकिएको अवस्था छ । गरिबी, वातावरणीय ह्रास, छरिएका बस्तीहरु, बेरोजगारी र आवश्यक पूर्वाधारहरुको अभाव जस्ता समस्याहरु वर्तमानमा बढ्दै गइरहेका छन् । कमजोर संस्थागत क्षमता र दीर्घकालीन विकास अवधारणाको अभावमा गाउँपालिकाको विकासमा संलग्न सरोकारवालाहरुलाई समन्वयात्मक ढंगले अगाडी बढाउन सकिएको छैन । यही यथार्थतालाई ध्यानमा राखी सरकारले दशकौं देखि विभिन्न योजना तथा कार्यक्रमहरु कार्यान्वयनमा ल्याएको हो । गरिबी घटाउने र पूर्वाधार सेवाहरुको स्तर बृद्धि गर्ने उद्देश्यका साथ सरकारले विभिन्न पालिकाहरुमा लगानी पनि गरिरहेको छ । यसै सन्दर्भमा सरकारले पछिल्ला दिनहरुमा आवधिक विकास योजना (Periodic Development Plan-PDP) तर्जूमाका लागि सहजीकरण गरिरहको अवस्था पनि छ ।राज्यको पुनर्संरचना पश्चात स्थानीय तहहरु समृद्धिको अग्रपंक्ति (Front Line) मा रहेका छन् । **सिंहदरबारको अधिकार जनताको घर आँगनमा** भन्ने भनाईलाई चरितार्थ गर्नका लागि यी स्थानीय तहहरु योजनाबद्ध ढङ्गले अघि बढ्नु पर्ने हुन्छ । यसै सन्दर्भमा राप्ती सोनारी गाउँपालिकाले आफ्नो समग्र विकासका लागि आवधिक विकास योजना (PDP) तर्जुमा गर्न लागेको हो । आवधिक विकास योजना तर्जुमा गर्दा पालिकाको विद्यमान अवस्था आँकलन गर्ने, स्थान विशेषको विश्लेषण (Spatial Analysis) गर्ने, SWOT Analysis गर्ने, भू-उपयोगको अवस्था अनुसार विषयगत क्षेत्र (Zoning) निर्धारण गर्ने, श्रोतको आँकलन गर्ने जस्ता विषयहरुमा ध्यान केन्द्रित गरिएको छ । त्यसैगरी योजनालाई नतिजा मा आधारित गराउन निम्न ३ विषय वस्तुमा केन्द्रित रहनु पर्ने यथार्थलाई समेत ध्यान दिइएको छ ।



चित्र नं. ३.१ : योजनाको मान्यता

त्यसैगरी योजना तर्जुमाको प्रक्रियामा क्षेत्रगत समितिमा मात्र सीमित नरही वस्तीस्तरमा जाँदा जनआकांक्षाको वास्तविक प्रतिबिम्ब योजनामा झल्कने यथार्थतालाई समेत ध्यान दिई राप्ती सोनारी गाउँपालिकाको यो आवधिक विकास योजना (PDP) तर्जुमा गरिएको छ । **समृद्ध नेपाल, सुखी नेपाली** भन्ने राष्ट्रिय नारालाई साकार पार्ने सन्दर्भमा आ.व.२०७६/०७७ देखि लागु भएको संघीय सरकारको पन्ध्रौ राष्ट्रिय योजना र लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाले अंगिकार गरेका सोँच, लक्ष्य, उद्देश्य, रणनीति तथा सन् २०३० सम्मको दीगो विकासको लक्ष्य समेतमा तादाम्यता कायम गर्ने गरी यो आवधिक विकास योजनाका लक्ष्य तथा नीतिहरु किटान गरिएका छन्, कार्यक्रमहरु यही दिशामा केन्द्रित गर्ने प्रयास गरिएको छ ।

३.२ अवसर र चुनौती

"समृद्ध राप्ती सोनारीको आधार; शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र दीगो पूर्वाधार" भन्ने सोंच सहित अघि बढेको यस पालिकाको आवधिक विकास योजना तर्जुमा गर्ने सन्दर्भमा विभिन्न श्रोतबाट प्राप्त तथ्यांक र सूचनाहरुको विश्लेषण गरी विभिन्न क्षेत्रगत विषयका अवसर र चुनौतीहरु पहिचान गरिएको छ । वर्तमान जनसांख्यिक स्थिति, स्थानीय स्तरमा उपलब्ध साधन श्रोत, वस्तु तथा सेवाको विद्यमान अवस्था, तीनै तहका सरकार बीचको अन्तर सम्बन्ध र विकासका लागि सहयोग जस्ता पक्षहरु विश्लेषण गरी अवसर र चुनौती निर्धारण गरिएको छ ।

आर्थिक पक्ष

अवसर

- कृषिका लागि उत्पादनशील उर्वर भूमिमा सतह तथा भूमिगत सिँचाईको भरपर्दो व्यवस्था गरी खाद्यान्न तथा नगदे बाली उत्पादनमा वृद्धिका साथै व्यवसायिक खेती गर्न सकिने ।
- पशुपालन, पंक्षीपालन, मौरीपालन व्यवसायबाट अर्थोपार्जन गर्न सकिने ।
- वैज्ञानिक वन व्यवस्थान, वन्यजन्य वस्तु उत्पादन तथा यसमा आधारित उद्योगका साथै जडिबुटी उत्पादन/प्रशोधनबाट लाभ लिन सकिने ।
- पालिकामा उत्पादित वस्तुहरु पूर्व पश्चिम लोकमार्ग र हुलाकी लोकमार्ग हुँदै देशका विभिन्न भागहरुमा लैजान सकिने ।
- राष्ट्रिय गौरबको सिक्टा सिँचाई योजनाबाट लाभ लिई उत्पादन बढाउन सकिने ।
- बाँके राष्ट्रिय निकुञ्ज, वनस्पति उद्यान, विभिन्न ताल तलैया, सिक्टा सिँचाई बाँध, जंगल सफारी जस्ता अवलोकनीय स्थल र दृष्यबाटपर्यटन प्रवर्द्धन गर्न सकिने ।
- सडक सञ्जालको विस्तारित अवस्थाले आर्थिक क्रियाकलाप सञ्चालनमा सहजता भएको ।
- प्राकृतिक सौन्दर्यता र जैविक विविधताको दृष्टिले महत्वपूर्ण बाँके राष्ट्रिय निकुञ्ज, पालिकाको बीच भागबाट अबिरल बगिरहने राप्ती नदी र अन्य महत्वपूर्ण धार्मिक तथा पर्यटकीय स्थलहरुलाई समेटी एकीकृत पर्यटन Package को रुपमा विकास गरी पर्यटन प्रवर्द्धन गर्न सकिने ।
- गाउँपालिकाका रमणीय क्षेत्रहरु, साँस्कृतिक विविधता र पहिचानको उपयोग गरी बहु-आयामिक पर्यटनको विकास गर्ने ।
- पालिका क्षेत्रमा विद्यमान श्रोतहरु-जल, जंगल, जडिबुटी, नदीजन्य वस्तु तथा खनिज जस्ता श्रोतहरुको विकास कार्यमा उपयोग गर्ने ।
- परिश्रमी स्वभावका जनतालाई उत्पादनसँग जोडी आय आर्जन र रोजगारीका कार्यक्रम सञ्चालन गर्ने ।
- युवाशक्तिलाई मानवीय पूँजीको रुपमा विकास र परिचालन गरी आर्थिक रुपान्तरणका क्षेत्रमा सहभागी गराउने ।
- राज्यको पुनर्संरचना पश्चात स्थानीय तहमा उल्लेख्य जिम्मेवारी र बजेट प्रवाह भएको छ, यसलाई उत्साहका साथ सदुपयोग गरी आर्थिक समृद्धिमा थप टेवा पुऱ्याउने ।
- मेहनती र विकासप्रेमी जनताहरुको बसोबास भएकोले उत्पादकत्व बढाई स्थानीय अर्थतन्त्र सुदृढ गर्न सकिने अवस्था रहेको ।

चुनौती

- आवश्यक साधन श्रोतको अभावमा बढ्दो जन आवश्यकता परिपूर्ति गर्ने ।
- अव्यवस्थित जग्गा विकास र आन्तरिक बसाइसराई जस्ता गतिविधिले कृषि उत्पादनमा आइरहेको ह्रासलाई व्यवस्थित गर्ने ।
- अतिक्रमणको चपेटामा परेको सार्वजनिक जग्गाको नियन्त्रण र संरक्षण गर्ने ।
- कृषिलाई आधुनिकीकरण र व्यवसायीकरण गर्ने पक्षलाई साकार पार्न परम्परागत कृषि प्रणाली र अप्रयाप्त सिँचाई जस्ता विषयहरुको व्यवस्थापन गर्ने ।
- स्वरोजगार तथा आय आर्जनका कार्यक्रम सञ्चालन गरी पालिकामा रहेको विद्यमान बेरोजगारीलाई रोजगारीको अवसर सिर्जना गर्ने । श्रम पलायनलाई रोक्ने ।
- पालिकाको विद्यामान श्रोतको पहिचान र परिचालन गर्ने ।
- भू-उपयोग योजना बनाई भूमिको उचित प्रयोग गर्ने ।
- वन्यजन्तुबाट हुने मानवीय तथा कृषि बालीमा हुने क्षतिलाई न्युनीकरण गर्ने ।

सामाजिक पक्ष

अवसर

- विद्यालयहरुको संख्यात्मक हिसाबले सबैको पहुँच पुग्ने अवस्था छ । गुणस्तरीय पठन पाठनबाट असल नागरिक तयार गर्न सकिने अवस्था रहेको ।
- उत्पादित शैक्षिक जनशक्तिको प्रयोगबाट आर्थिक/सामाजिक क्षेत्रमा अधिकतम लाभ लिने ।
- जेष्ठ नागरिक, एकल महिला, शारीरिक अपाङ्गता र सीमान्तकृत समुदायलाई सामाजिक सुरक्षा भत्ताको व्यवस्था रहेको ।
- विभिन्न आमा समूह, महिला समूह, सहकारी संस्था गठन र स्थापना भई महिला जागरण र विकासमा परिचालन भएको ।
- न्यायिक समिति र मेलमिलाप केन्द्रबाट समाजमा सु-व्यवस्था कायम गर्ने ।
- शिक्षा क्षेत्रमा पालिकाको विशेष ध्यान केन्द्रित हुँदा यो क्षेत्रले बढी लाभ लिने ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणबाट जनताहरु बढी उत्साहित भएको ।

चुनौती

- शैक्षिक संस्थाहरुको पठनपाठनमा गुणस्तरीयता कायम गर्ने ।
- सम्पूर्ण पालिकालाई घरेलु हिंसाबाट मुक्त गर्ने ।
- बालमैत्री/अपाङ्गमैत्री संरचनाहरुको व्यवस्थापन गर्ने ।
- हिंसा पिडीत तथा वेवारिसेहरुको लागि पुनर्स्थापना केन्द्रको व्यवस्था गर्ने ।
- शिक्षा तथा स्वास्थ्य सेवालाई गुणस्तरीय र भरपर्दो बनाउने ।
- लैङ्गिक, जातीय र धार्मिक विभेदलाई बल पुऱ्याउने अन्धविश्वास, कु-संस्कार, कु-प्रथा एवं परम्पराबाट समाजलाई मुक्त गर्ने ।
- पालिका भित्र रहेका ऐतिहासिक, साँस्कृतिक एवं पुरातात्विक महत्वका साँस्कृतिक स्थलहरु तथा मठ मन्दिर संरक्षण र सम्वर्द्धन गर्ने ।
- शिक्षित युवाहरुको वैदेशिक पलायनलाई रोक्न उपयुक्त विकल्पद्वारा व्यवस्थापन गर्ने ।
- पालिकावासीहरुलाई धाराबाट स्वच्छ पिउने पानीको व्यवस्थापन गर्ने ।
- स्वास्थ्य तथा सरसफाई क्षेत्रमा जनचेतनामा प्रखरता ल्याउने ।
- खानेपानी आपूर्ति तथा सरसफाई व्यवस्थापन भरपर्दो बनाउने ।

- महिलाहरुलाई विकासको मूल प्रवाहमा ल्याउने ।
- नेपाल भारत सीमामा हुने चोरी तस्करी जस्ता अवैध कार्यहरुको नियन्त्रण गर्ने ।

भौतिक पूर्वाधार

अवसर

- भू-उपयोग योजना बनाई कार्यन्वयन गर्न सकिने अवस्था विद्यमान रहेको ।
- सुन्दर पालिका निर्माणका लागि योजनाबद्ध प्रतिबद्धता अघि बढेको ।
- पूर्व पश्चिम राजमार्ग र पालिकाको बीच भागबाट गएको हुलाकी राजमार्ग लगायत विभिन्न सडक सञ्जालबाट आवागमनमा सहजता एवं बजार विस्तारबाट विभिन्न आर्थिक क्रियाकलापहरु सञ्चालन गरी लाभ लिने सकिने ।
- राष्ट्रिय प्रसारण लाइनबाट पालिकाको सबै वडा/क्षेत्रमा विद्युत पहूँच भएको ।
- राष्ट्रिय गौरवको सिक्टा सिँचाई आयोजनाबाट लाभ लिई कृषि उत्पादकत्वमा वृद्धि गर्न सकिने ।

चुनौती

- सडक, नाली निर्माण र भवन निर्माण जस्ता पूर्वाधारहरुमा विद्यमान राष्ट्रिय मापदण्ड प्रणालीलाई अवलम्बन गर्ने ।
- सडक निर्माणमा अत्यधिक प्रयोगमा ल्याइने डोजरलाई उपयुक्त व्यवस्थापन गर्ने ।
- अव्यवस्थित वस्तीलाई व्यवस्थित गर्ने ।
- सार्वजनिक तथा निजी सवारी साधनको पार्किङ्ग तथा उपयुक्त बसपार्कको व्यवस्थापन गर्ने ।
- जीर्ण विद्यालय भवनहरुको Retrofitting र भूकम्प प्रतिरोधी बनाउने ।
- विभिन्न घर तथा बजारबाट निस्कने ठोस फोहरको दीर्घकालीन व्यवस्थापन गर्ने ।
- विकासका साझेदारहरुको सहयोग, समन्वय र राजनैतिक प्रतिबद्धता जस्ता विषयहरुलाई निरन्तरता दिने ।
- पालिकामा बाह्रै महिना चल्ने सडक सञ्जालको विकासबाट कृषि, उद्योग, पर्यटन र उर्जाको विकास गर्ने ।
- विद्युत सेवालाई सर्वसुलभ बनाउने ।
- राप्ती नदीबाट हुने कटान तथा डुबानलाई नियन्त्रण गरी धनजनको क्षति रोक्ने ।

वातावरण तथा विपद्

अवसर

- बाँके राष्ट्रिय निकुञ्ज, ७४ सामुदायिक वनहरु समेत गरी ७९.७९% वन क्षेत्रले ढाकेको यो पालिकामा हरियाली प्रवर्द्धन हुनु ।
- ८० प्रतिशत भन्दा बढी भू-भाग बनवनस्पतिले ढाकिएको र पालिकाको बीच भागबाट अबिरल बग्ने राप्ती नदीको कारणले वातावरण संरक्षण र पर्यावरणीय सन्तुलनमा सकारात्मक अवस्था रहेको ।
- प्राकृतिक सौन्दर्यता तथा जैविक विविधताको दृष्टिले सबल हुनु ।
- खाली स्थान तथा रमणीय पार्क निर्माणका लागि सबै वडामा सार्वजनिक जग्गा उपलब्ध हुन सक्ने अवस्था विद्यमान हुनु ।
- पालिका खुला दिशामुक्त भई १००% कार्यान्वयनमा आउनु ।

चुनौती

- यातायातका साधन दिनानुदिन बढिरहेको अवस्थाले वातावरण प्रदुषण र मानव स्वास्थ्यमा पर्ने प्रतिकूल असर नियन्त्रण गर्ने ।
- प्लाष्टिकजन्य वस्तुको अत्यधिक प्रयोगबाट मानव स्वास्थ्य र कृषि योग्य भूमिमा पर्ने असरलाई नियन्त्रण गर्ने ।
- पशुपालन व्यवसाय घटदै गएको कारण कृषिमा अत्यधिक प्रयोग हुने विषादीलाई नियन्त्रण गर्ने ।
- वन क्षेत्रको अतिक्रमण, वन विनास तथा डढेलो नियन्त्रण गर्ने ।

- अत्यधिक डोजर प्रयोगबाट हुने भूक्षय नियन्त्रण गर्ने ।
- राप्ती नदीबाट हुने कटान तथा डुबान नियन्त्रण गर्ने ।
- वन्यजन्तु र मानव बीचको सम्बन्धलाई अनुकूल बनाउने ।

संस्थागत पक्ष

अवसर

- नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन अनुसार पालिकालाई प्राप्त अधिकार एवं दायित्वलाई व्यवस्थित गर्ने सन्दर्भमा आवश्यक कानूनहरु तर्जुमा गरी कार्यान्वयनमा आउनु ।
- निर्वाचित जनप्रतिनिधिहरु जन आकांक्षा अनुरुप कार्य गर्न आत्मविश्वासका साथ उत्साहित रहनु ।
- विद्युतीय शासन पद्धति अन्तरगत सूचना र प्रविधिको प्रयोग हुनु ।
- विकास निर्माणमा जन सहभागितालाई प्राथमिकतामा राख्नु ।
- पालिकाको कृषि विकास योजना, खानेपानी तथा सरसफाई योजना (WASH Plan) तर्जुमा भै कार्यान्वयनमा आउनु ।
- पालिकाको संस्थागत विकास गरी सेवा प्रवाहलाई चुस्त, दुरुस्त, सहज र प्रभावकारी बनाई सुशासनको प्रत्याभूति दिने ।
- स्थानीय विपद् व्यवस्थापन समितिको गठन र विपद् व्यवस्थापन कोष स्थापना गरी क्रियाशील रहनु ।

चुनौती

- आधुनिक प्रविधियुक्त जनशक्तिको व्यवस्थापन गर्ने ।
- पालिकाका हरेक गतिविधिहरुलाई पारदर्शी बनाउने कार्य र कार्यरत जनशक्तिलाई जनमुखी/सेवामुखी बनाउने ।
- पालिका केन्द्रलाई नीति निर्माण र वडा कार्यालयहरुलाई Core Function मा संलग्न गराउनका लागि आवश्यक जनशक्तिको व्यवस्था गर्ने ।
- परम्परामा आधारित अनुगमन तथा मूल्यांकन पद्धतिलाई नतिजा मा आधारित बनाई कार्यान्वयनमा ल्याउने ।
- गाउँपालिकालाई वित्तीय श्रोत साधनबाट आत्मनिर्भर बनाउने ।
- आवश्यक कानूनहरुको तर्जुमा गरी कार्यान्वयन गर्ने ।

३.३ पन्ध्रौ योजनाको दीर्घकालीन सोच र लक्ष्य

यस योजनामा तीब्र आर्थिक विकास र समृद्धिको दूरगामी सोँच सहितको राष्ट्रिय लक्ष्यहरु निर्धारण गरिएको छ । आय वृद्धि, गुणस्तरीय मानव पूँजि निर्माण र आर्थिक जोखिमको न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा र वि.सं.२०८७ सम्म दीगो विकास लक्ष्य हासिल गर्दै नेपाललाई निरपेक्ष र बहु-आयामिक गरिबीको अवस्थाबाट मुक्त गरी उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नती गर्नका लागि दीर्घकालीन सोँच लक्षित रहेको छ ।

योजनाको दीर्घकालीन सोँच

प्रस्तुत योजनाको दीर्घकालीन सोँच **समृद्ध नेपाल, सुखी नेपाली** रहेको छ । समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त, स्वास्थ्य, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुकमा रुपान्तरणका लागि यो सोँच परिलक्षित छ ।

दीर्घकालीन राष्ट्रिय लक्ष्य :

दीर्घकालीन राष्ट्रिय लक्ष्यमा समृद्धि र सुख प्राप्तीका लागि महत्वपूर्ण लक्ष्यहरु किटान गरिएको छ । सर्वसुलभ पूर्वाधार तथा सघन अन्तर आबद्धता, मानव पूँजी निर्माण र यसको पूर्ण उपयोग, उच्च र दीगो उत्पादन तथा उत्पादकत्व र समतामूलक राष्ट्रिय आय समृद्धि तर्फका प्रमुख लक्ष्यहरु हुन भने मर्यादित जीवन, सभ्य र न्यायपूर्ण समाज, स्वस्थ र सन्तुलित पर्यावरण, सुशासन, सबल लोकतन्त्र र राष्ट्रिय एकता, सुरक्षा र सम्मान जस्ता लक्ष्यहरु सुख तर्फका प्रमुख लक्ष्यहरु हुन् । दीर्घकालीन सोँच र लक्ष्य प्राप्तिका लागि राष्ट्रिय रणनीतिहरु तय गरिएको छ भने कूल ग्राहस्थ

उत्पादनमा कृषि क्षेत्रको अंश २७% बाट घटेर ९%, उद्योग क्षेत्रको अंश १५.२% बाट बृद्धि भई ३०% र सेवा क्षेत्रको अंश ५७.८% बाट ६१% पुग्ने परिणात्मक लक्ष्यहरु र यस अवधिमा वार्षिक औषत १०.५% आर्थिक बृद्धिदरको अनुमान सहित वि.सं.२१०० मा उद्योग र सेवा क्षेत्रको व्यापक विस्तार भई अर्थतन्त्रमा ठूलो संरचनागत एवं गुणात्मक परिवर्तन हुने अनुमान गरिएको छ । योजनाको आधार वर्ष २०७५/०७६ मा नेपालको प्रति व्यक्ति आय १०४७ अमेरिकी डलर रहेकोमा वि.सं.२१०० मा १२१०० अमेरिकी डलर प्रति व्यक्ति आय सहित नेपाल उच्च आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने अनुमान रहेको छ ।

यहि राष्ट्रिय सोँच, लक्ष्य तथा परिमाणात्मक लक्ष्यहरुसँग तादाम्यता कायम गर्दै राप्ती सोनारी गाउँपालिकाको प्रथम आवधिक विकास योजना तर्जुमा गर्ने सन्दर्भमा १५ औं योजनालाई महत्वपूर्ण मार्गदर्शक आधारको रुपमा लिइएको छ ।

३.४ प्रादेशिक प्रथम योजनाको सोच र लक्ष्य

समृद्ध नेपाल, सुखी नेपाली भन्ने दीर्घकालीन सोँच र समुन्नत एवं समाजवाद उन्मुख अर्थतन्त्र सहितको उच्च जीवनस्तर भएका सुखी नागरिक बस्ने मुलुकको रुपमा नेपाललाई स्थापित गर्ने मान्यता र लक्ष्य सहित १५ औं योजना कार्यान्वयनमा आएको छ । तीनै तहका सरकारले यही सोँच, लक्ष्यलाई आत्मसात गरेमा मात्र राष्ट्रले परिकल्पना गरेको गन्तव्यमा पुग्न सकिने भएकोले आर्थिक वर्ष २०७६/०७७ देखि कार्यान्वयनमा आएको लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनामा पनि यही सोँच, उद्देश्य, रणनीतिसँग मिल्ने गरी प्रादेशिक सोँच, लक्ष्य, उद्देश्य, रणनीति तय गरिएका छन् ।

प्रादेशिक योजनको दीर्घकालीन सोँच :

समृद्ध प्रदेश, खुशी जनता भन्ने दीर्घकालीन सोँच प्रथम प्रादेशिक योजनाको रहेको छ । जस अनुसार उच्च आर्थिक वृद्धि सहितको समृद्ध अर्थतन्त्र, जीवन निर्वाहका लागि रोजगारी र स्वच्छ वातावरण एवं आधारभूत भौतिक सुविधाहरुको उपलब्धता मार्फत समृद्ध प्रदेश खुशी जनता बनाउने सोँच राखिएको छ ।

प्रादेशिक योजनाको लक्ष्य

समाजवाद उन्मुख, सामाजिक न्यायमा आधारित, समावेशी, सन्तुलित र दीगो विकासको माध्यमबाट आर्थिक वृद्धि दरलाई उच्च पार्दै प्रदेशवासी जनताको जीवनमा गुणात्मक परिवर्तन ल्याउनु यस योजनाको मुख्य लक्ष्य रहेको छ ।

यस योजनामा आर्थिक वर्ष २०८०/०८१ को अन्त्य सम्ममा कूल ग्राहस्थ उत्पादनको वृद्धि दर ७.४ प्रतिशतबाट ९.५ प्रतिशत (औषत) मा पुऱ्याउने, गरिबीको रेखामुनी रहेको जनसंख्यामा १८.२ प्रतिशतबाट १० प्रतिशतमा झार्ने, प्रतिव्यक्ति आय अमेरिकी डलर ८०३ बाट १६०० मा पुऱ्याउने, वेरोजगारी दर ११.२ प्रतिशतबाट ६ प्रतिशतमा झार्ने, ५८ प्रतिशत साक्षारताबाट ८५ प्रतिशत पुऱ्याउने, बाल मृत्युदर प्रतिहजार ४५ बाट २५ मा ल्याउने, माध्यमिक (९-१२) तहमा कूल भर्नादर ७४.७ प्रतिशतबाट ९३ प्रतिशतमा पुऱ्याउने, खानेपानी सुविधा पुगेको परिवार ८९.८३ प्रतिशतबाट १०० प्रतिशत पुऱ्याउने, विद्युत सेवा ८१.०३ प्रतिशतबाट १०० प्रतिशत पुऱ्याउने, सिंचित क्षेत्र ५१ प्रतिशतबाट ७० प्रतिशत पुऱ्याउने, इन्टरनेटको पहूँच भएका परिवार ४९.४ प्रतिशतबाट ८५ प्रतिशत पुऱ्याउने परिमाणात्मक लक्ष्यहरु यस योजनामा राखिएका छन् ।

त्यस्तै प्रदेश भित्र प्राविधिक उच्च शिक्षाको सहज उपलब्धता, स्वास्थ्य सेवा तथा बीमामा पहूँच, फोहर संकलन केन्द्रको व्यवस्था, आधारभूत आवासको उपलब्धता, पालिकाहरुमा पुग्ने सडकहरुको कालो पत्रे गरी स्तरोन्नती, खेल मैदान तथा बहुउद्देश्यीय भवनको व्यवस्था, तरकारी उत्पादनमा आत्मनिर्भर हुने अवस्था जस्ता लक्ष्यहरु पनि किटान गरिएको छ ।

जसरी राष्ट्रिय योजनाका सोँच, लक्ष्य, उद्देश्य, रणनीतिलाई प्रादेशिक योजनाले आत्मसात गरी अघि बढेको अवस्था छ, राप्ती सोनारी गाउँपालिकाको यो प्रथम योजनामा पनि यीनै दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य, रणनीतिसँग तादाम्यता कायम गर्ने गरी योजना तर्जुमा गरिएको छ ।

३.५ तीनै तहका आवधिक विकास योजना बीचको अन्तर सम्बन्ध र तादाम्यता

नेपालको संविधान बमोजिम राज्यको पुनर्संरचना पश्चात तीनै तहका सरकारले आ-आफ्नो दायित्व र क्षेत्र भित्र योजनाबद्ध विकासका लागि विभिन्न सोँच, लक्ष्य सहित आवधिक योजनाहरु तर्जुमा गर्दा र कार्यान्वयनमा जाँदा यस्ता योजनाहरु बीच आपसी सम्बन्ध र तादाम्यता कायम गरिनु पर्दछ । यस्ता योजनामा उल्लेख भएका कार्यक्रम तथा आयोजनाहरु परस्पर बाँझिने, दोहोरिने भयो भने कार्यान्वयनमा अस्पष्टता हुनुका साथै उपलब्ध साधन श्रोतको सही

ढङ्गबाट परिचालन हुन सक्दैन । त्यसैले पन्ध्रौ राष्ट्रिय योजना र लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाले लिएका सोँच, लक्ष्य, प्राथमिकता र कार्यक्रमहरुसँग यस योजनामा तादाम्यता राख्ने प्रयत्न गरिएको छ । स्थानीय तहको अधिकार सूची र केन्द्र, प्रदेशबाट निक्षेपित हुने अनुदान एवं राजश्व बाँडफाँडलाई यस आवधिक योजनाको वित्तीय अनुमान र क्षेत्रगत कार्यक्रमहरु तय गर्दा विशेष ध्यान दिइएको छ ।

चित्र नं. ३.२ :तीनै तहका योजना बीचको अन्तर सम्बन्ध

३.६ पालिकाको दीर्घकालीन सोँच

पृष्ठभूमि

राप्ती सोनारी गाउँपालिकाको यो प्रथम आवधिक विकास योजना हो । गाउँपालिकाले आगामी ५ वर्षमा सम्पन्न गर्ने आफ्नो क्षेत्र भित्रका विभिन्न क्षेत्रगत विकासका रणनीति, कार्यनीति र कार्यक्रमहरु यस योजनामा समेटिएका छन् । यी विषयहरु पालिकाको दीर्घकालीन सोँच र लक्ष्यलाई प्राप्ती गर्ने दिशा तर्फ उन्मुख छन् ।

आवधिक विकास योजना तयार गर्दा आर्थिक विकास र समृद्धिको लागि दूरगामी सोँच सहितको लक्ष्य, उद्देश्यहरु निर्धारण गर्न जरुरी हुन्छ । राष्ट्रले लिएको दीर्घकालीन सोँच **समृद्ध नेपाल, सुखी नेपाली** को नारालाई व्यवहारमा उतार्न सबै स्थानीय तहहरु त्यही दिशा तर्फ लक्षोन्मुख हुन आवश्यक छ । गाउँपालिकाको समष्टिगत अवस्थालाई दृष्टिगत गरी विकासका विभिन्न क्षेत्रहरुमा रहेको सम्भाव्यता र प्रतिबद्धतामा आधारित भै आगामी २०/२५ वर्षका लागि दीर्घकालीन सोँच निर्धारण गरिन्छ । यस पालिकाको आवधिक योजना तर्जुमा गर्दा पहिलो कार्याशाला गोष्ठीका सहभागीहरु बीचको छलफल तथा विषय विज्ञको राय सुझावका आधारमा स्थानीय जनताको आवश्यकता, विकासको सम्भावना र अग्रणी क्षेत्रको अवस्थालाई केन्द्रमा राखी यो दीर्घकालीन सोँच निर्धारण गरिएको छ ।

दीर्घकालीन सोँच : "समृद्ध राप्ती सोनारीको आधार, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र दीगो पूर्वाधार" रहेको छ ।

दीर्घकालीन सोँच कथनका पुष्ट्याइका आधारहरु

- **शिक्षा :** शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मानव अधिकारलाई व्यवहारमा कार्यान्वयन गर्न शिक्षामा सबैको सहज एवं समतामूलक पहुँच सुनिश्चितताका लागि शिक्षालाई जीवनपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरीय बनाई नैतिकवान, सदाचारयुक्त तथा प्रविधियुक्त जनशक्ति स्थानीयस्तरमै उत्पादन गरी सामाजिक समृद्धिमा टेवा पुऱ्याउन शिक्षालाई विशेष प्राथमिकतामा राखिएको छ ।

- **स्वास्थ्य** : नेपालको संविधानले प्रत्याभूत गरेको निशुल्क आधारभूत स्वास्थ्य सेवा पाउने हक कार्यान्वयन गर्न र स्वास्थ्य सेवालाई नियमित, प्रभावकारी, गुणस्तरीय तथा सर्वसुलभ बनाई स्थानीय पालिकावासीहरुको स्वास्थ्य सेवामा सहज पहुँच सुनिश्चित गरी सामाजिक समृद्धिमा टेवा पुऱ्याउन स्वास्थ्य सेवालाई विशेष प्राथमिकता दिइएको छ ।
- **कृषि** : अधिकांश पालिकावासीहरुको जीविकाको आधार कृषि भएकोले यस क्षेत्रलाई व्यवसायीकरण र आधुनिकीकरण गर्नका लागि आवश्यक सेवा सुविधाहरुको सुनिश्चितता गरी उत्पादन र उत्पादकत्व वृद्धि मार्फत रोजगारी सिर्जना, गरिबी न्यूनीकरण र जनताको जीवन स्तरमा सुधार सहित आर्थिक समृद्धिमा टेवा पुग्ने भएकोले कृषि क्षेत्रलाई विशेष प्राथमिकतामा राखिएको छ ।
- **पर्यटन** : प्राकृतिक सौन्दर्यता, जैविक विविधता र मूत अमूर्त सम्पदाहरुको धनी यस पालिकामा पर्यटन विकासको प्रचूर सम्भावना छ । जैविक विविधताले भरिपूर्ण बाँके राष्ट्रिय तथा विभिन्न सामुदायिक वनहरु, अबिरल बगिरहने राप्ती नदी, विभिन्न ताल तलैया र धार्मिक क्षेत्रहरुलाई समेटी एकीकृत पर्यटन विकास र प्रवर्द्धनबाट रोजगारी सिर्जना र आय आर्जन मार्फत आर्थिक लाभ लिन सकिने देखिएकोले पर्यटनलाई विशेष प्राथमिकतामा राखिएको छ
- **पूर्वाधार** : कृषि, पर्यटन लगायतका आर्थिक विकासमा अन्य उप क्षेत्रहरु र सामाजिक विकासका क्षेत्रहरु समेत सडक, पुल-पुलेसा, सिँचाई, खानेपानी, विद्युत, सूचना तथा सञ्चार, भवन तथा वस्ती विकास र बजारीकरण जस्ता पूर्वाधारहरुको आवश्यक व्यवस्थापन र सञ्जालीकरणबाट मात्र विकासका विभिन्न क्रियाकलापमा सहजता हुने र यसबाट आर्थिक समृद्धि तर्फको यात्रामा महत्वपूर्ण योगदान पुग्ने भएकोले पूर्वाधार क्षेत्रलाई विशेष महत्व दिइएको छ ।
- **समृद्धताको आधार** : माथि उल्लेखित विषयहरु समृद्ध पालिका निर्माणका प्रमुख आधारहरु हुन् । दीर्घकालीन सोँचलाई निश्चित समय सीमा भित्र साकार पार्नका लागि उपलब्ध साधन श्रोतलाई सोही अनुरुप प्रवाहित गर्नुपर्ने हुन्छ । समृद्धिबाट जनताको आधारभूत आर्थिक, सामाजिक हैसियतमा सकारात्मक परिवर्तन आउन आवश्यक हुन्छ । विकास प्रतिफलमा समतामूलक हिस्सेदारी र न्यायपूर्ण वितरण भए मात्र दीगो विकास र समृद्धिले सार्थकता पाउने हुँदा यस योजनामा यस पक्षलाई पनि समृद्धि हासिल गर्ने आधारको रुपमा समावेश गरिएको छ ।

३.७ लक्ष्य

पालिकावासीको रोजगारी, आय तथा जीवनस्तरमा गुणात्मक र दीगो सुधार गर्ने प्रमुख लक्ष्य यस पालिकाको रहेको छ । यो लक्ष्यले योजनाका उद्देश्य, प्राथमिकता, रणनीति, कार्यनीति र कार्यक्रमहरुलाई निर्देश गर्दछ ।

३.८ उद्देश्य

माथि उल्लेखित प्रमुख लक्ष्य प्राप्तीका लागि यस योजनामा देहाय अनुसारका उद्देश्यहरु निर्धारण गरिएको छ ।

- कृषि, पर्यटन, उद्योग लगायतका क्षेत्रहरुको विकास र प्रवर्द्धन मार्फत दीगो तथा उच्च आर्थिक वृद्धि हासिल गर्ने ।
- समुन्नत र मर्यादित जीवनका लागि शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका सामाजिक पूर्वाधारहरुको समुचित विकास गर्ने ।
- स्तरयुक्त भौतिक पूर्वाधारहरुको विकास मार्फत आर्थिक, सामाजिक क्रियाकलापमा सहज पहूँच सुनिश्चित गर्ने ।
- वातावरण र विकास बीच सन्तुलित सम्बन्ध बनाई दीगो विकासमा जोड दिने र प्राकृतिक प्रकोपबाट हुने क्षती न्यूनीकरण गर्ने ।
- सहज तथा गुणस्तरीय सेवा प्रवाह र जवाफदेही सार्वजनिक सेवा मार्फत पालिकावासीलाई सुशासनको प्रत्याभूति गराउने ।

३.९ प्रमुख परिमाणात्मक लक्ष्य

तालिका नं. ३.१ : पाँच वर्षको प्रमुख परिमाणात्मक लक्ष्य

क्र.सं	लक्ष्य सूचकको विवरण	परिमाणात्मक इकाई	योजना प्रारम्भ हुंदाको अवस्था	योजनाको अन्तमा अपेक्षित लक्ष्यहरु	कैफियत
क	**आर्थिक विकास**				
१	आर्थिक वृद्धि दर	प्रतिशत	५.८*	८	*के.त.बि.-२०७८
२	प्रति व्यक्ति कूल आय	अमेरिकी डलर	१३६२*	१५००	*के.त.बि.-२०७८
३	गरिबीको रेखा मुनीको जनसंख्या (निरपेक्ष गरिबी)	प्रतिशत	१७*	११	*के.त.बि.-२०७८
४	बेरोजगारीको दर	प्रतिशत	११.२**	५.००	**प्रथम प्रादेशिक योजना
५	कृषि उत्पादकत्व (प्रमुख बाली)	मे.ट/प्रति हेक्टर	३.७	४.४४	
६	अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान	प्रतिशत	७०	५५	
७	अर्थतन्त्रमा गैर कृषि क्षेत्रको योगदान	प्रतिशत	३०	४५	
ख	**सामाजिक बिकास**				
१	साक्षरता दर (५ वर्ष माथि)	प्रतिशत	९६.३४	९८.५	
२	बालविकास केन्द्रबाट कक्षा १ मा भर्ना	प्रतिशत	८७	९८	
३	बिद्यालय छाड्ने दर (कक्षा ९-१२)	प्रतिशत	१२	५	
४	५ वर्ष मुनिका बाल मृत्यु दर (प्रति हजार जीवित जन्ममा)	संख्या	४५**	२०	**प्रथम प्रादेशिक योजना
५	स्वास्थ्य संस्थामा सुत्केरी गराउने गर्भबती	प्रतिशत	६२	७९.६	
६	मातृ मृत्यु दर (प्रति लाख जीवित जन्ममा)	संख्या	७२**	५०	**प्रथम प्रादेशिक योजना
७	औषत आयु	वर्ष	६९.३**	७५	**प्रथम प्रादेशिक योजना
८	शुद्ध खानेपानीको उपलब्धता	प्रतिशत	९.७	६०	
ग	**पूर्वाधार विकास**				
१	सडक कालोपत्रे (पालिका स्तरीय)	कि.मी.	२०	१११	
२	विद्युत उपलब्धता	प्रतिशत	९०	१००	
३	सिंचाई सुविधा उपलब्धता	प्रतिशत	४४	९४	
४	मोवाइल प्रयोगकर्ता(परिवार)	प्रतिशत	९२	१००	
५	इन्टरनेट सेवामा पहुँच (परिवार)	प्रतिशत	४९.४**	८५	**प्रथम प्रादेशिक योजना
घ	**बन बातावरण तथा बिपद ब्यबस्थापन**				
१	सामुदायिक वन	संख्या	७४	८०	
२	बृक्षारोपण	हेक्टर	NA	३०	
३	पक्की शौचालय भएका घर	प्रतिशत	४०	७५	
४	विपद् व्यवस्थापनका लागि तालिम प्राप्त जनशक्ति	संख्या	१००	२००	
ङ	**सुशासन तथा सेवा प्रवाह**				
१	विद्युतीय सफ्टवेयर तथा एप्स निर्माण र प्रयोग	संख्या	१०	१५	
२	बेरुजु फछ्र्यौट	प्रतिशत		९०	
३	ऐन, नियम तथा कार्यविधि तर्जुमा	संख्या	६१	१०४	
४	आन्तरिक आयमा बार्षिक बृद्धि	प्रतिशत	१५.२८	२०.००	
५	संस्थागत स्वमूल्यांकनमा पालिकाको अंक	प्रतिशत	४९	८५	

*** राष्ट्रिय आधार**प्रादेशिक आधार**

३.१० रणनीति तथा कार्यनीति

माथि उल्लेखित लक्ष्य तथा उद्देश्यलाई साकार पार्न यस योजनामा देहाय अनुसारको रणनीति एवं कार्यनीति अख्तियार गरिएको छ ।

उद्देश्य १: कृषि, पर्यटन, उद्योग लगायतका क्षेत्रहरुको विकास र प्रवर्द्धन मार्फत दीगो तथा उच्च आर्थिक वृद्धि हासिल गर्ने ।	
रणनीति	**कार्यनीति**
• कृषि तथा पशुपालन व्यवसायलाई व्यवसायीकरण गर्नका लागि सहकार्य तथा प्रोत्साहनको व्यवस्था गर्ने ।	• कृषि तथा पशुपालनका लागि पकेट क्षेत्रहरु निर्धारण गरी यस्ता पकेट क्षेत्रमा आवश्यक प्रविधि, प्राविधिक सेवा र वित्तीय सहायता उपलब्ध गराउने ।
• प्राकृतिक सौन्दर्यता, साँस्कृतिक तथा जैविक विविधतालाई उपयोगमा ल्याई पर्यटन विकास र प्रर्वद्धन गर्ने ।	• पर्यटन विकासमा स्थानीय सरकारले अग्रणी नेतृत्व लिई निजी क्षेत्रसँगको साझेदारी तथा सहकार्यमा पर्यटन प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालन गर्ने ।
• कृषि, वन र खनिजमा आधारित उद्योग विकासमा निजी क्षेत्रसँग सहकार्य गर्ने र स्थानीय श्रोतमा आधारित आर्थिक विकास गर्ने ।	• कृषि, वन र खनिजमा आधारित उद्योगको विकास र उत्पादनमा निजी क्षेत्रलाई सक्रीय रुपमा सहभागी गराउन संस्थागत व्यवस्था गर्ने । • स्थानीय श्रोत साधनको पहिचान र नक्सांकन गरी यस्ता श्रोतमा आधारित उद्योग/व्यवसाय सञ्चालनमा साझेदारी तथा संस्थागत व्यवस्था गर्ने ।
• आर्थिक विकासका लागि आवश्यक भौतिक पूर्वाधारको निर्माण र संस्थागत व्यवस्था मिलाउने ।	• सडक, सिँचाई, विद्युत, शीत-भण्डार जस्ता पूर्वाधारहरुको संस्थागत व्यवस्था स्थानीय सरकारले गर्ने ।
• श्रमको उचित प्रयोग गरी रोजगारी श्रृजना मार्फत गरिबी न्यूनीकरण गर्ने	• विपन्न वर्गहरुलाई विभिन्न सीपमूलक तालिमहरु सञ्चालन गरी उद्यमशीलताको विकास गर्ने । • वेरोजगार युवाहरुको तथ्यांक लिई रोजगारीका अवसरहरु उपलब्ध गराउन उद्यमशीलता तालिम र सहुलियतपूर्ण ऋणको व्यवस्था गर्ने • महिला तथा विपन्न वर्गहरुलाई स्वरोजगार माध्यमबाट आत्मनिर्भर बनाउन पालिकाले छुट्टै कोषको स्थापना गरी परिचालन गर्ने ।

उद्देश्य २ : समुन्नत र मर्यादित जीवनका लागि शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका सामाजिक पूर्वाधारहरुको समुचित विकास गर्ने ।	
रणनीति	**कार्यनीति**
• गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा सहज पहूँचको व्यवस्था गर्ने र प्राविधिक शिक्षाको अवसर बढाउने ।	• विद्यालयहरुको भौतिक सुधार, शिक्षक व्यवस्थापन, अनुगमन तथा मूल्यांकन पद्धतिमा सुधार गरी शिक्षालाई गुणस्तरीय बनाउने । • कृषि तथा पशु प्राविधिक, प्लम्बर र इलेक्ट्रीसिएन जस्ता मध्यम स्तरका प्राविधिक जनशक्ति उत्पादन गरी स्थानीय स्तरमै सेवा प्रवाह गर्न CTEVT अन्तरगत प्राविधिक शिक्षालयको स्थापना र सञ्चालन गर्ने । • साक्षरता कार्यक्रम अभियानकै रुपमा सञ्चालन गर्ने । • प्रत्येक वडामा वर्थिङ्ग सुविधा सहितको स्वास्थ्य संस्था स्थापना गर्ने, भैरहेका स्वास्थ्य संस्थाहरुको स्तरवृद्धि गरी स्वास्थ्य सेवालाई गुणस्तरीय र सहज बनाउने ।
• स्वच्छ खानेपानीको उपलब्धता र सरसफाइ सेवाको सुनिश्चित गर्ने ।	• एक घर, एक खानेपानी धारा कार्यक्रमलाई अभियानका रुपमा सञ्चालन गर्ने । • प्रत्येक टोल वस्तीमा सरसफाइ अभियान चलाउने ।
• मौलिक संस्कृति, भाषा र परम्पराको संरक्षण	• विभिन्न भाषा, कला र संस्कृतिको संरक्षण, सम्वर्द्धनमा

गर्ने	सहयोग गर्ने ।
• खेलकूदको माध्यमबाट युवाहरुलाई आत्मसम्मान तथा राष्ट्रिय गौरब वृद्धिमा सरिक बनाउने ।	• स्थानीय युवा क्लबहरुलाई प्रोत्साहन सहित खेल मैदान, भौतिक संरचना निर्माणमा स्थानीय सरकारले सहयोग गर्ने • खेलकूदलाई विद्यालय शिक्षाको अभिन्न अङ्ग बनाउने, प्रत्येक विद्यालयमा खेलकूद मैदानको व्यवस्था गर्ने ।
• सेवा, सुविधा र अवसर वितरणमा समन्यायिक सिद्धान्त अवलम्बन गरी सामाजिक सुरक्षा र न्याय प्रणालीको प्रवर्द्धन गर्ने ।	• जेष्ठ नागरिक, शारीरिक असक्त र असहायहरुको लागि विशेष ध्यान दिई उनीहरुको सामाजिक सुरक्षामा सुनिश्चितता गर्ने । • दलित, विपन्न तथा पिछडा वर्गहरुको आवास तथा जन जीविकाका लागि आवश्यक प्रबन्ध गर्ने । • न्याय प्रणालीलाई पहूँचयोग्य र भरपर्दो बनाउने ।
• सामाजिक समावेशिता, जनसहभागीता र समानतामा आधारित विकास प्रक्रिया अवलम्बन गर्ने ।	• विकास कार्यहरु सहभागीतामूलक र समावेशी आधारमा अघि बढाउने । • विकासबाट प्राप्त उपलब्धीमा सबै वर्गको पहूँच पुऱ्याई न्यायोचित आधारमा वितरण गर्ने । • वार्षिक बजेटलाई लैंगिकमैत्री बनाई कार्यान्वयन गर्ने ।

उद्देश्य ३ : स्तरयुक्त भौतिक पूर्वाधारको विकास मार्फत आर्थिक, सामाजिक क्रियाकलापमा सहज पहूँच सुनिश्चित गर्ने	
रणनीति	**कार्यनीति**
• भौतिक पूर्वाधार विकासका लागि दीर्घकालीन नीति र भू-उपयोग योजना तयार गरी कार्यान्वयन गर्ने ।	• समग्र भौतिक विकासको गुरुयोजना तयार गरी सो अनुसारका कार्यक्रमहरु कार्यान्वयन गर्ने ।
• संघीय सरकार तथा प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा प्रमुख सडक तथा पुलको निर्माण गर्ने ।	• प्रमुख सडकहरु कालो पत्रे तथा मोटरेबल पुल निर्माणका लागि संघीय सरकार तथा प्रदेश सरकारसँग सहकार्य गरी लगानी सुनिश्चित गर्ने ।
• विद्युत तथा सञ्चार सेवाको सुनिश्चितताका लागि निजी क्षेत्रसँग समेत साझेदार गर्ने ।	• विद्युत नपुगेको वस्ती/घरहरुमा विद्युत व्यवस्थापन गर्न विद्युत प्राधिकरकणसँग सहकार्य गर्ने । सञ्चार सेवाका लागि निजी क्षेत्रसँग सहकार्य गर्ने ।
• सार्वजनिक तथा सामुदायिक भवन निर्माणमा जोड दिने ।	• पालिका भवन, वार्ड भवन र प्रत्येक वार्डमा आवश्यकतानुसार सामुदायिक भवनहरु निर्माण गर्ने ।
• वस्ती विकास तथा बजारीकरणका लागि आवश्यक पूर्वाधारको व्यवस्था गर्ने ।	• भू-उपयोग योजना अनुसार आवश्यक पूर्वाधारको सुनिश्चितता सहित वस्ती विकास तथा बजारीकरणको व्यवस्था गर्ने ।
• स्थानीय पूर्वाधार निर्माण र मर्मत सुधारमा आवश्यक समन्वय र जनसहभागीता परिचालन गर्ने ।	• स्थानीय पूर्वाधार निर्माण तथा मर्मत सुधारमा स्थानीय श्रोत साधन तथा जन सहभागिताको अधिकतम उपयोग गर्ने । • राप्ती नदी नियन्त्रणका लागि केन्द्र तथा प्रदेश सरकारसँग समन्वय गरी नदी नियन्त्रण कार्यक्रम सञ्चालन गर्ने, साथै जनसहभागिता परिचालन गर्ने ।

उद्देश्य ४ : वातावरण र विकास बीच सन्तुलित सम्बन्ध बनाई दीगो विकासमा जोड दिने र प्राकृतिक प्रकोपबाट हुने क्षती न्यूनीकरण गर्ने ।	
रणनीति	**कार्यनीति**
• विभिन्न पूर्वाधार तथा आर्थिक विकासका कार्यक्रमहरु सञ्चालन गर्दा दीगो विकासको मान्यता अवलम्बन गर्ने र प्राकृतिक	• दीगो विकासको अवधारणा अनुसार प्राकृतिक श्रोत तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने । • पूर्वाधार तथा आर्थिक विकासका कार्यक्रमहरुमा स्थानीय

सम्पदाहरुको संरक्षणमा स्थानीय प्रविधिको अधिकतम उपयोग गर्ने ।	श्रोत साधन, प्रविधि र ज्ञानको अधिकतम उपयोग गर्ने । ● प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरुलाई पर्यटन र आर्थिक विकास कार्यक्रमहरुसँग आवद्ध गर्ने ।
● राप्ती सोनारी गाउँपालिकामा रहेका विभिन्न प्राकृतिक सम्पदाहरु र जैविक विविधताका श्रोतहरुको सूची तैयारी र अद्यावधिक गर्ने ।	● प्राकृतिक तथा वातावरणीय श्रोतहरुको नक्सांकन गरी संरक्षणका कार्यक्रमहरु सञ्चालन गर्ने । ● यस पालिकामा पाइने वन्यजन्तुहरुको आवश्यक सूची तयार गरी संरक्षणमा ध्यान दिने र वन्यजन्तुबाट हुने हानी नोक्सानी नियन्त्रण गर्न प्रदेश तथा केन्द्र सरकारसँग समन्वय गर्ने । ● वन्यजन्तु र मानव बीचको सम्बन्धलाई अनुकूल बनाउन खोज/अनुसन्धान गरी कार्यान्वयन गर्ने ।
● विपद् व्यवस्थापनमा संस्थागत क्षमता अभिवृद्धि, संस्थागत सहकार्य र विपद् न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि गर्ने ।	● विद्यालय स्तरमा प्राकृतिक विपत्ति र विपद् व्यवस्थापन बारे नियमित कार्यक्रम सञ्चालन गर्ने । ● सम्भावित विपद् र विपद् न्यूनीकरण बारे जनचेतना जगाई आवश्यकतानुसार जनपरिचालन गर्ने । ● वडा स्तरमा समेत विपद् कोषको स्थापना गरी आवश्यकतानुसार परिचालन गर्ने । ● वडा स्तरसम्म विपद् प्रतिकार्य योजना बनाई कार्यान्वयन गर्ने ।

उद्देश्य ५ : सहज तथा गुणस्तरीय सेवा प्रवाह मार्फत पालिकावासीहरुलाई सुशासनको प्रत्याभूति गराउने	
रणनीति	**कार्यनीति**
● सार्वजनिक सेवा प्रवाहलाई पारदर्शीता, जवाफदेहिता र समय सीमा भित्र आवद्ध गरी आन्तरिक तथा बाह्य श्रोतको मितव्ययी र परिणाममुखी ढङ्गले परिचालन एवं उपयोग गर्ने	● सेवा प्रभावलाई पारदर्शी, जनमुखी, उत्तरदायी बनाउन नागरिक समाज लगायत सरोकारवालाहरुको निगरानी बढाउने । ● डिजिटल प्रविधिको प्रयोगबाट सेवा प्रवाहमा सरलीकरण र प्रभावकारीता ल्याउने । ● सार्वजनिक पदमा रहेका व्यक्तिहरुले मितव्ययिता, जवाफदेहिता र सदाचारलाई जीवनशैली कै रुपमा पालन गर्ने व्यवस्था गर्ने । ● आन्तरिक तथा बाह्य श्रोतको उपयोगलाई मितव्ययी एवं परिणाममुखी ढङ्गबाट परिचालन गर्न जवाफदेही र जिम्मेवारी बनाइनेछ ।
● सामाजिक समावेशिता, जनसहभागीता र समानतामा आधारित विकास प्रक्रिया अवलम्बन गरिनेछ ।	● पालिकाबाट सञ्चालन हुने विभिन्न कार्यक्रम तथा विकास योजना सम्बन्धी नीतिहरु तर्जुमा गर्दा सामाजिक समावेशीतालाई विशेष ध्यान दिइनेछ । ● विकास प्रक्रिया र प्रतिफलमा विभिन्न समुदाय, लिङ्ग, वर्ग, क्षेत्र र विकासका विभिन्न आयामहरुलाई मध्यनजर गरी समन्वायिक तथा सन्तुलित तवरले वितरण गर्न विशेष ध्यान दिइनेछ ।
● राष्ट्रसेवकलाई जिम्मेवारी वहनमा थप परिणाममुखी र उत्तरदायी बनाउने ।	● राष्ट्रसेवकलाई जिम्मेवार, कर्तव्यनिष्ट र उत्तरदायी बनाउन कार्य सम्पादन सम्झौताका साथै दण्ड र पुरस्कारको उचित व्यवस्थापन गर्ने ।
● गाउँपालिकालाई नीति निर्माण, नियमन तथा सहजीकरण गर्ने केन्द्रको रुपमा विकास गरी सेवा प्रवाह लगायतका Core Fuctions मा वडा	● गाउँपालिकालाई नीति, योजना तर्जुमा र नियमन, सन्तुलन, समन्वय तथा सहजीकरणमा केन्द्रित गरी बाँकी कार्यहरु वडाबाटै सम्पादन गर्न संगठनात्मक व्यवस्था गर्ने ।

कार्यालयलाई जिम्मेवार बनाउने ।	• गाउँपालिका कार्यालय तथा वडा कार्यालयहरु प्रविधिमैत्री तथा जनमैत्री बनाई तालिम प्राप्त जनशक्तिको व्यवस्थापनद्वारा सेवा प्रवाह गर्ने ।
• संस्थागत क्षमता अभिवृद्धि र नेतृत्व विकासलाई प्राथमिकता दिने ।	• क्षमता विकास योजना बनाई कर्मचारी तथा जन प्रतिनिधिहरुलाई क्षमता विकास तथा नेतृत्व विकास सम्बन्धी तालिम दिने ।

३.११ पालिकाका गौरब तथा रुपान्तरणकारी योजना तथा प्रमुख कार्यक्रम

३.११.१ पालिकाका गौरब तथा रुपान्तरणकारी योजना

- निर्माणाधीन पूर्व पश्चिम हुलाकी लोकमार्ग २०.५ कि.मी., नारायणपुर-बैजापुर-फत्तेपुर (कुण्डा) (वडा नं.२, ३, ४, ५, ६)
- माछेबार जिरो-कचनापुर-शम्शेरगञ्ज १७ कि.मी. सडक (वडा नं.२)
- १५ शैया राप्ती सोनारी अस्पताल (वडा नं.४)
- सिक्टा सिँचाई आयोजना (वडा नं.३-७)
- प्रस्तावित राप्ती पक्की पुल, कुसुम-राप्ती पारी (वडा नं.१)
- कुसुम-बैरिया-भवानीयापुर रिङ्गरोड १० कि.मी. (वडा नं.१)
- नमूना शहर विकास, वडा नं.४ को वडा कार्यालय देखि बैजापुर चोक हुँदै सूर्यलालपुर चोक सम्म हुलाकी लोकमार्ग दाँया बाँया-१.८ कि.मी
- सिक्टा पश्चिमी नहरबाट लिफ्ट सिँचाई आयोजना (वडा नं.२, ८, ९)
- कुसुम-खर्चे ताल-भुवरभवानी मन्दिर-बिनौना-कचनापुर पुल-गौशाला मन्दिर-ढकेरी वनस्पति उद्यान-जंगल सफारी ट्रयाक हुँदै अगैया-सिक्टा ब्यारेज पर्यटकीय मार्ग ।
- औद्योगिक ग्राम निर्माण कार्यक्रम (वडा नं.४ बैजापुर)

३.११.२ प्रमुख कार्यक्रमहरु

आर्थिक विकास तर्फका प्रमुख कार्यक्रमहरु

- औद्योगिक कृषि बजार निर्माण कार्यक्रम (वडा नं.४)
- खाद्य भण्डार, शीत भण्डार निर्माण कार्यक्रम (वडा नं.८)
- दुग्ध संकलन तथा चिस्यान केन्द्र निर्माण कार्यक्रम (वडा नं.८)
- जैविक मल उत्पादन कार्यक्रम (वडा नं.५)
- जडिबुटी प्रशोधन उद्योग प्रवर्द्धन कार्यक्रम (वडा नं.२, ८)
- पर्यटन विकास योजना तर्जुमा कार्यक्रम
- कृषि विकास योजना तर्जुमा
- कोशेली घर निर्माण कार्यक्रम

सामाजिक विकास तर्फका प्रमुख कार्यक्रमहरु

- विद्यालयको ट्रस भवन विस्थापन कार्यक्रम (२५ वटा)
- थप कक्षा कोठा निर्माण तथा मर्मत सम्भार (२०० वटा)
- शिक्षक तालिम केन्द्र निर्माण कार्यक्रम
- स्थानीय भाषामा पाठ्यक्रम निर्माण कार्यक्रम
- ICT ल्याब निर्माण (१२ वटा मा.वि.मा)
- छात्रावास निर्माण कार्यक्रम (वडा नं.२)
- स्वास्थ्य चौकी भवन निर्माण २ वटा (महादेवपुरी, खासकुश्मा)
- कचनापुर स्वास्थ्य चौकी स्तरोन्नती कार्यक्रम (वडा नं.२)
- औषधी भण्डार केन्द्र निर्माण (गाउँपालिका केन्द्रमा)
- थप २ एम्बुलेन्स सेवा सञ्चालन कार्यक्रम

- सुविधायुक्त जेष्ठ नागरिक मिलन केन्द्र निर्माण कार्यक्रम (वडा नं.२ र ४)
- बहुउद्देश्यीय कभर्ड हल निर्माण (वडा नं.२)
- बहुसाँस्कृतिक संग्राहलय निर्माण (वडा नं.५)

भौतिक पूर्वाधार विकास तर्फका प्रमुख कार्यक्रमहरु

- बालापुर रिङ्गरोड ३ कि.मी. (वडा नं.८)
- सोहनपुर-भर्था-नरैनापुर जोड्ने कृषि सडक १० कि.मी. (वडा नं.७)
- रिङ्गरोड निर्माण १४ कि.मी. (वडा नं.९)
- नयाँ ट्र्याक निर्माण ५० कि.मी. (वडा नं.४ देखि भारतीय सीमा गाउँसम्म)
- महादेवपुरी स्वास्थ्य चौकी भवन निर्माण (वडा नं.९)
- गाउँपालिका प्रशासकीय भवन निर्माण
- खाद्य भण्डार, शीत भण्डार निर्माण कार्यक्रम (वडा नं.८)
- बहुउद्देश्यीय सामुदायिक भवन निर्माण (वडा नं.२ र ६)
- प्रहरी चौकी भवन निर्माण (वडा नं.२ र ७)
- एकीकृत वस्तीको सम्भाव्यता अध्ययन कार्यक्रम
- राप्ती लिफ्ट सिँचाई आयोजना (वडा नं.१ र ४)
- फत्तेपुर पूरानो नहरको बाँध मर्मत सुधार कार्यक्रम (वडा नं.६)
- वडा नं.२ को राजपुरसम्म बाँकी ४ कि.मी. राप्ती तटबन्ध निर्माण कार्यक्रम
- वडा नं.५ को घुमैया खोलामा १ कि.मी. तटबन्ध कार्यक्रम
- वडा नं.१ को बोट खोला गाउँको बादरभोरी नदी नियन्त्रण कार्यक्रम
- राप्ती नदी तटबन्ध कार्यक्रम, १.५ कि.मी. (वडा नं.५)
- राप्ती नदी तटबन्ध कार्यक्रम (वडा नं.३ को बैसा देखि वडा नं.४ को जगपुर सम्म)
- वडा नं.९ को मौवा टोलको सुकिनालामा तटबन्ध निर्माण ३ कि.मी.
- वडा नं.४ को मोरङ्गा खोलामा तटबन्ध निर्माण ४ कि.मी.
- वडा नं.८ को बालापुर परुवा खोला र खन्यारमा तटबन्ध निर्माण ४ कि.मी.
- राप्ती नदीमा तटबन्ध निर्माण २ कि.मी. (वडा नं.६ र ७)
- लालपुर-नरैनापुर सीमानामा हुलाकी सडक रहेको पुल निर पानी निकासका लागि तटबन्ध गरी सिघैंया नालामा पुऱ्याउने (वडा नं.७)
- सिंघैया नालालाई गहिरो बनाई २ कि.मी. तटबन्ध निर्माण कार्यक्रम (वडा नं.७)

वन, वातावरण संरक्षण एवं विपद् व्यवस्थापन तर्फका प्रमुख कार्यक्रमहरु

- ल्याण्ड फिल्ड साइड डि.पि.आर. निर्माण कार्यक्रम
- खर्चे लगायत अन्य ताल तलैया संरक्षण कार्यक्रम
- अमरुवा वस्ती स्थानान्तरणका लागि अध्ययन (वडा नं.२)
- वन्यजन्तु नियन्त्रणका लागि तारजाली घेरावार कार्यक्रम (वडा नं.१, २, ४, ६, ८ र ९)

संस्थागत विकास तथा सुशासन तर्फका प्रमुख कार्यक्रमहरु

- क्षमता विकास योजना तर्जुमा
- आन्तरिक राजश्व सुधार कार्ययोजना निर्माण
- आवश्यक ऐन, नियम तथा कार्यविधि तर्जुमा
- मोबाइल एपमा आधारित सेवा प्रवाह सफ्टवेयर निर्माण
- गुणस्तर प्रयोगशाला स्थापना कार्यक्रम
- गाउँपालिका वस्तुगत विवरण अद्यावधिक कार्यक्रम
- टोल विकास संस्था गठन र परिचालन कार्यक्रम

३.१२ नतिजा खाका

राप्ती सोनारी गाउँपालिकाको समग्र विकास प्रयासहरुलाई एकीकृत गरी पालिकावासीहरुको समृद्धिको मूल लक्ष्य प्राप्ती तर्फ अग्रसर हुन एकीकृत स्वरुपको आवधिक योजना तर्जुमा गरिएको छ । यस योजनामा स्थानीय तहको अधिकार क्षेत्रलाई मुख्य आधार मानी आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन तथा वातावरण र संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्रहरुलाई एकीकृत गरी यो आवधिक योजना प्रारुप तयार गरिएको छ । लक्ष्य अनुसारको उपलब्धी तथा नतिजा को सुनिश्चितताका लागि र कार्यान्वयन तथा अनुगमन मूल्यांकन सम्बन्धी पक्षलाई नतिजा मूलक बनाउने उद्देश्यबाट तयार गरिएको यस आवधिक योजनाको समष्टिगत विकासको एकीकृत नतिजा खाका देहाय अनुसार रहको छ ।

तालिका नं. ३.२ : आवधिक विकास योजनाको एकीकृत नतिजा खाका

नतिजा श्रृङ्खला	सूचक तथा पुष्ट्याईका आधारहरु					पुष्ट्याईका आधारहरु	जोखिम पक्ष तथा पूर्वानूमान
	सूचक विवरण	इकाई	आधार वर्ष ०७८/७९	लक्ष्य (सम्मको अवस्था) ०८१/८२	०८३/८४		
लक्ष्य : पालिकावासीको रोजगारी, आय तथा जीवनस्तरमा गुणात्मक र दीगो सुधार गर्ने	आर्थिक वृद्धि दर	प्रतिशत	५.८*	६.५	८	• गाउँ वस्तुगत विवरण • अध्ययन प्रतिवेदन • मूल्याङ्कन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• तीनै तहका सरकारको स्थायित्व हुनेछ । • पालिका तहमा संस्थागत क्षमता अभिवृद्धि भएको हुनेछ • विभिन्न आर्थिक क्रियाकलापहरुमा निजी क्षेत्रको सक्रीय सहभागीता रहनेछ ।
	प्रति व्यक्ति कूल आय	अमेरिकी डलर	१३६२*	१४२५	१५००		
	गरिबीको रेखा मुनीको जनसंख्या (निरपेक्ष गरिबी)	प्रतिशत	१७*	१४	११		
	बेरोजगारीको दर	प्रतिशत	११.२**	८.०	५		
	कृषि उत्पादकत्व (प्रमुख बाली)	मे.ट/प्रति हेक्टर	३.७	४.१	४.४४		
	साक्षरता दर (५ वर्ष माथि)	प्रतिशत	९६.३४	९७.५	९८.५		
	५ वर्ष मुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा)	संख्या	४५**	३०	२०		
	स्वास्थ्य संस्थामा सुत्केरी गराउने गर्भबती	प्रतिशत	६२	७०	७९.६		
	मातृ मृत्यु दर (प्रतिलाख जीबित जन्ममा)	संख्या	७२**	५८	५०		
	औषत आयु	वर्ष	६९.३**	७३	७५		
	शुद्ध खानेपानीको उपलब्धता	प्रतिशत	९.७	५०	६०		
	सडकमा पहुँचभएको जनसंख्या	प्रतिशत	९५	९७	१००		
	सडक कालोपत्रे (पालिका स्तरीय)	कि.मि.	२०	७०	१११		
	विद्युत उपलब्धता	प्रतिशत	९०	९७	१००		
	सिंचाई सुविधाको उपलब्धता	प्रतिशत	४४	७०	९४		
	इन्टरनेट सेवामा पहुँच परिवार	प्रतिशत	४९.४**	७०	८५		
	संस्थागत स्वमूल्यांकनमा पालिकाको अंक	प्रतिशत	४९	७०	८५		
असर १ : कृषि, पर्यटन, उद्योग लगायतका क्षेत्रहरुको	अर्थतन्त्रमा गैर कृषि क्षेत्रको योगदान	प्रतिशत	३०	४०	४५	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन	• राजनीतिक स्थीरता सहित संघीय शासन व्यवस्था संस्थागत हुनेछ ।
	कूल खाद्यान्न उत्पादन	मे.ट.	३३३३८	३७०००	४००००		
	मौसमी वर्षामा आधारित खेतमा सिँचाई	प्रतिशत	५६	३०	६		

नतिजा श्रृङ्खला	सूचक तथा पुष्ट्याईका आधारहरु					पुष्ट्याईका आधारहरु	जोखिम पक्ष तथा पूर्वानूमान
	सूचक विवरण	इकाई	आधार वर्ष ०७८/७९	लक्ष्य (सम्मको अवस्था) ०८१/८२	०८३/८४		
विकास र प्रवर्द्धन मार्फत दीगो तथा उच्च आर्थिक वृद्धि हासिल गर्ने ।	पशुपंक्षीका विभिन्न श्रोतबाट मासु उत्पादन	मे.ट.	४५३	५००	६००	• अध्ययन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• संघ, प्रदेश र स्थानीय तहका नीति र कानून तर्जुमा भएको हुनेछ । • सरकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ । • जलवायु परिवर्तन र विपदको असर न्यून हुने छ ।
	उद्योग, वन र खनिज सम्पदाबाट रोजगारी	संख्या	NA	१५०	२००		
	दूध उत्पादन (वार्षिक)	मे.ट.	२७६०	३०००	३२००		
	सुधारिएको गोठ र खोरहरु	संख्या	९	३०	५०		
	१० जना भन्दा बढी रोजगारी दिने उद्योग	संख्या	३	४	५		
प्रतिफल १.१ : कृषि तथा पशुपालन व्यवसायलाई व्यवसायीकरण गर्नका लागि आवश्यक सहकार्य तथा प्रोत्साहनको व्यवस्था गरिनेछ ।	मकै उत्पादन पकेट क्षेत्र	संख्या	२	४	५	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • अध्ययन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• कृषि विकास रणनीतिको कार्यान्वयन हुनेछ । • कृषि सेवा प्रवाह तथा प्रविधिको प्रयोग हुनेछ । • बजार अवधारणा अनुसार कृषि अनुसन्धान र प्रविधि हस्तान्तरण हुनेछ । • सरकारी, गैसस र निजी क्षेत्रको कार्यक्रम र लगानीमा बृद्धि हुनेछ • जलवायु परिवर्तन तथा विपदको असर न्यून हुनेछ ।
	तरकारी पकेट क्षेत्र	संख्या	३	५	७		
	फलफूल पकेट क्षेत्र	संख्या	१	२	२		
	अण्डा उत्पादन (वार्षिक)	गोटा	२३४५२५०	२५०००००	२७०००००		
	पालिका बाहिर निर्यात हुने बोका, खसि, भेडा (वार्षिक)	संख्या	५६२८	६५००	७२००		
प्रतिफल १.२ : प्राकृतिक सौन्दर्यता, साँस्कृतिक तथा जैविक विविधतालाई उपयोगमा ल्याई पर्यटन विकास र प्रर्वद्धन गरिनेछ ।	स्तरीय होटल, मोटल, रेष्टुरेण्ट र रिसोर्ट	संख्या	NA	५	७	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • अध्ययन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• पर्यटन प्रवर्द्धनसँग सम्बन्धित नीति कानून तर्जुमा हुनेछ । • संघ, प्रदेश तथा स्थानीय सरकार, विकास साझेदार र निजी क्षेत्रबाट पर्यटन विकासमा लगानी हुनेछ ।
	वन पैदावारसँग सम्बन्धित उद्योग	संख्या	NA	५	७		
	होमस्टे संचालन	संख्या	२	३	४		
	पर्यटन मार्ग	संख्या	०	०	१		
	साँस्कृतिक संग्राहलय	संख्या	१	२	२		
प्रतिफल १.३: कृषि, वन र खनिजमा आधारित उद्योग विकासमा निजी क्षेत्रसँग सहकार्य गरी स्थानीय श्रोतमा आधारित आर्थिक विकास गरिनेछ ।	घरेलु तथा साना उद्योग	संख्या	NA	१५	२०	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • अध्ययन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• उद्यम तथा व्यापार प्रवर्द्धन सम्बन्धी स्थानीय नीति कानून तर्जुमा हुनेछ । • आर्थिक क्रियाकलाप सञ्चालनका लागि निजी क्षेत्रमैत्री वातावरण कायम हुनेछ ।
	दर्ता भएका क्रसर उद्योग	संख्या	३	३	३		
प्रतिफल १.४ : आर्थिक विकासका लागि	जडिबुटी प्रशोधन उद्योग स्थापना	संख्या	२	३	४	• गाउँ वस्तुगत विवरण	• आर्थिक विकासका लागि आवश्यक
	उद्योग ग्रामको स्थापना	संख्या	०	१	१		

नतिजा श्रृङ्खला	सूचक तथा पुष्ट्याईका आधारहरु					पुष्ट्याईका आधारहरु	जोखिम पक्ष तथा पूर्वानूमान
	सूचक विवरण	इकाई	आधार वर्ष ०७८/७९	लक्ष्य (सम्मको अवस्था) ०८१/८२	०८३/८४		
आवश्यक भौतिक पूर्वाधारको निर्माण र संस्थागत व्यवस्था मिलाइनेछ ।	दूग्ध संकलन केन्द्र	संख्या	६	८	१०	• सर्वेक्षण प्रतिवेदन • अध्ययन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	पूर्वाधारहरु (सडक, विद्युत, सञ्चार, खानेपानी) तयार भई निजी क्षेत्र आकर्षित हुनेछ । • आर्थिक क्रियाकलाप सञ्चालनका लागि निजी क्षेत्रमैत्री वातावरण कायम हुनेछ ।
	चिस्यान केन्द्र स्थापना	संख्या	०	१	१		
	खाद्य भण्डार निर्माण	संख्या	०	१	१		
	शीत भण्डार निर्माण	संख्या	०	१	१		
प्रतिफल १.५ श्रमको उचित प्रयोग गरी रोजगारी श्रृजना मार्फत गरिबी न्यूनीकरण गर्ने	महिला तथा युवाहरुका लागि उद्यमशीलता तालिम	संख्या	NA	३	५	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • अध्ययन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• सरकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ । • सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित कार्यक्रममा निरन्तरता हुनेछ ।
	गरिब परिवार लक्षित आय आर्जन कार्यक्रमबाट लाभान्वित	संख्या	NA	१५०	२००		
	सामाजिक परिचालन मार्फत आय आर्जनका लागि बचत संकलन तथा परिचालन समूह	संख्या	NA	६	९		
असर २ : समुन्नत र मर्यादित जीवनका लागि शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका सामाजिक पूर्वाधारहरुको समुचित विकास गर्ने ।	गाँउपलिकाको शिक्षामा लगानी	प्रतिशत	१४	१८	२५	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • अध्ययन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• राजनीतिक स्थिरता सहित संघीय शासन व्यवस्था संस्थागत हुनेछ । • स्थानीय नीति कानून तर्जुमा हुनेछ । • सरकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।
	मध्यम स्तरको प्राविधिक जनशक्ति उत्पादन (वार्षिक)	संख्या	NA	५०	१५०		
	स्वास्थ्य संस्थामा पुग्न लाग्ने औषत समय	मिनेट	४५	३०	३०		
	निर्णय प्रकृयामा महिला सहभागिता	प्रतिशत	३३	३८	४०		
	चारै पटक गर्भ जाँच गराउने गर्भवती	प्रतिशत	७४	८०	८५		
	बालमैत्री स्थानीय शासन घोषणा भएका वडा	संख्या	०	६	९		
प्रतिफल २.१ : गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा सहज पहूँचको व्यवस्था गर्ने र प्राविधिक शिक्षाको अवसर बढाइनेछ ।	नमूना सामुदायिक विद्यालय	संख्या	१	२	२	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • अध्ययन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• स्थानीय नीति कानून तर्जुमा हुनेछ । • अभिभावक तथा स्थानीय सरोकारवालाको प्रतिबद्धता र सहभागीतामा बृद्धि हुनेछ । • सरकारी, गैर सरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ । • स्थानीय स्तरमा सहकार्य र साझेदारीमा बृद्धि हुनेछ ।
	प्राविधिक धारका विद्यालय	संख्या	१	२	३		
	एम्बुलेन्स सेवा	संख्या	५	६	७		
	शिक्षक विद्यार्थी अनुपात (माध्यमिक तह)	अनुपात	१:७१	१:५५	१:४०		
	विज्ञान प्रयोगशाला भएका विद्यालय	संख्या	८	१५	२०		
	आधारभूत तहमा स्थानीय भाषामा पाठ्यक्रम निर्माण	पटक	०	१	१		
	ICT ल्याब भएका विद्यालय	संख्या	१०	१५	२२		
प्रतिफल २.२ : स्वच्छ खानेपानीको	बालमैत्री शौचालय भएका बिद्यालयहरु	संख्या	२२	५०	७२	• गाउँ वस्तुगत विवरण	• संघ, प्रदेश, गैरसरकारी र निजी
	फोहोर संकलन केन्द	संख्या	१	५	९		

नतिजा श्रृङ्खला	सूचक तथा पुष्ट्याईका आधारहरु					पुष्ट्याईका आधारहरु	जोखिम पक्ष तथा पूर्वानूमान
	सूचक विवरण	इकाई	आधार वर्ष ०७८/७९	लक्ष्य (सम्मको अवस्था) ०८१/८२	०८३/८४		
उपलब्धता र सरसफाइ सेवाको सुनिश्चितता गरिनेछ ।	फोहोर विर्सजन केन्द्र	संख्या	०	०	१	• सर्वेक्षण प्रतिवेदन • अध्ययन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ । • स्थानीय सरोकारवालाको प्रतिवद्धता, सहभागीता, समन्वय तथा सहकार्य र साझेदारीमा बृद्धि हुनेछ ।
	शौचालय स्तर वृद्धि	प्रतिशत	४०	५५	७५		
प्रतिफल २.२ : स्वच्छ खानेपानीको उपलब्धता र सरसफाइ सेवाको सुनिश्चितता गरिनेछ ।	बालमैत्री शौचालय भएका बिद्यालयहरु	संख्या	२२	५०	७२	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • अध्ययन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• सरकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ • स्थानीय सरोकारवालाको प्रतिबद्धता र सहभागीतामा अभिबृद्धि हुनेछ ।
	फोहोर संकलन केन्द	संख्या	१	५	९		
	फोहोर विर्सजन केन्द्र	संख्या	०	०	१		
	शौचालय स्तर वृद्धि	प्रतिशत	४०	५५	७५		
प्रतिफल २.४ : खेलकूदको माध्यमबाट युवाहरुलाई आत्मसम्मान तथा राष्ट्रिय गौरब वृद्धिमा सरिक बनाइनेछ ।	मुख्य खेल मैदान	संख्या	७	९	१०	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • अध्ययन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• स्थानीय सरोकारवालाको प्रतिवद्धता, सहभागीता, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । • युवामैत्री वातावरण र लगानीमा बृद्धि हुनेछ ।
	पालिकामा रहेका कभर्डहल	संख्या	०	१	१		
	प्रशिक्षण प्राप्त खेलाडी	संख्या	NA	३०	४५		
	युवा उद्यमशीलता तालिम	संख्या	NA	२७०	४५०		
प्रतिफल २.५ : सेवा, सुविधा र अवसर वितरणमा समन्यायिक सिद्धान्त अवलम्बन गरी सामाजिक सुरक्षा र न्याय प्रणालीको प्रवर्द्धन गरिनेछ ।	जेष्ठ नागरिक मिलन केन्द्र स्थापना	संख्या	०	१	१	• गाउँ वस्तुगत विवरण सर्वेक्षण प्रतिवेदन • अध्ययन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• स्थानीय नीति कानून तर्जुमा हुनेछ • संघ, प्रदेश, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ । • सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित वर्ग कार्यक्रमको निरन्तरता हुनेछ
	अनाथ बालबालिका स्याहार केन्द्र	संख्या	१	१	१		
	बालक्लब सञ्चालन	संख्या	२७	४५	६५		
	बालश्रम मुक्त वडा	संख्या	०	५	९		
	अति विपन्न महिला समूह गठन तथा परिचालन	संख्या	NA	५	९		
	शारीरिक अशक्तहरुको सञ्जाल निर्माण तथा परिचालन	संख्या	१	१	१		
प्रतिफल २.६ सामाजिक समावेशिता, जनसहभागीता र समानतामा आधारित विकास प्रक्रिया अवलम्बन गर्ने ।	लैंगिक उत्तरदायि बजेट परीक्षण (वार्षिक)	पटक	१	३	५	• गाउँ वस्तुगत विवरण सर्वेक्षण प्रतिवेदन • अध्ययन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• स्थानीय नीति कानून तर्जुमा हुनेछ • संघ, प्रदेश, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ । • सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित वर्ग कार्यक्रमको निरन्तरता हुनेछ
	लैससास नीति तर्जुमा	संख्या	०	१	१		

नतिजा श्रृङ्खला	सूचक तथा पुष्ट्याईका आधारहरु					पुष्ट्याईका आधारहरु	जोखिम पक्ष तथा पूर्वानूमान
	सूचक विवरण	इकाई	आधार वर्ष ०७८/७९	लक्ष्य (सम्मको अवस्था) ०८१/८२	०८३/८४		
असर ३ : स्तरयुक्त भौतिक पूर्वाधारको विकास मार्फत आर्थिक, सामाजिक क्रियाकलापमा सहज पहूँच सुनिश्चित गर्ने ।	बाह्रै महिना यातायात सुचारु सडक	प्रतिशत	५०	८०	१००	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • अध्ययन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• संघ, प्रदेश र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ • समुदायको सहभागीता, योगदान र निगरानीमा बृद्धि हुनेछ ।
	गाउँपालिकाका कामहरु डिजिटल रुपमा व्यवस्थापन	पालिका/वडा संख्या	०	१०	१०		
	दाउरा प्रयोग गर्ने घरपरिवार	प्रतिशत	९१.३	७०	५०		
	व्यवस्थित नमूना शहर	संख्या	०	०	१		
	बाह्रै महिना सिँचाई हुने क्षेत्र	प्रतिशत	४४	७०	९४		
	नदी कटानबाट संरक्षित क्षेत्र (लम्बाई)	कि.मि.	१०	२०	३०		
प्रतिफल ३.१ : गाउँपालिका भित्र पर्ने रणनैतिक सडकहरुको स्तरोन्नतीका लागि केन्द्र, प्रदेशसँग समन्वय गर्दै गाउँपालिका स्तरीय अन्य महत्वपूर्ण सडकहरुको स्तरोन्नती, पक्की पुल तथा झोलुङ्गे पुल समेतको निर्माण तथा विकास गर्ने	ग्रामिण यातायात गुरु योजना निर्माण	संख्या	०	१	१	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • अध्ययन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• स्थानीय नीति कानून तर्जुमा हुनेछ • स्थानीय सरोकारवालाको • प्रतिवद्धता, सहभागीता, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । • संघ, प्रदेश र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ
	नाली सहित सडक कालो पत्रे	कि.मी	२०	७०	१११		
	नयाँ कच्ची सडक निर्माण गर्ने (५० कि.मी.)	कि.मी.	०	२५	५०		
	सडकको साल बसाली मर्मत सम्भार	कि.मी.	२५५.५	२५५.५	२५५.५		
	बसपार्क अध्ययन तथा निर्माण	संख्या	०	१	२		
	सुविधायुक्त प्रतिक्षालय	संख्या	०	२	४		
	पक्की पुल निर्माण	संख्या	७	९	११		
	झोलुङ्गे पुल निर्माण	संख्या	७	८	९		
प्रतिफल ३.२ : सूचना तथा सञ्चार प्रविधिलाई सबैको पहुँचमा पुऱ्याउने ।	ल्याण्डलाइन विस्तार/जडान	संख्या	०	१००	१००	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • अध्ययन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• स्थानीय नीति कानून तर्जुमा हुनेछ • सबै पक्षको सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ ।
	टेलिफोन टावर स्थापना	संख्या	०	२	२		
	मोबाइल टावर	संख्या	NA	३	३		
	सूचना प्रविधि दक्षता अभिवृद्धि तालिम	संख्या	NA	७५	१२५		
प्रतिफल ३.३ : गुणस्तरीय विद्युत सेवाको विस्तार र नवीकरणीय उर्जाको व्यवस्थापन गर्ने	विद्युत उर्जाको खपतका लागि विद्युत चुल्हो अनुदान	परिवार संख्या	०	१००	३५०	• गाउँ वस्तुगत विवरण • अध्ययन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• स्थानीय नीति कानून तर्जुमा हुनेछ • सबै पक्षको सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ ।
	विद्युत जडान तथा मर्मत तालिम	जना	०	४०	७०		
प्रतिफल ३.४ : भवन मादण्ड तयार गरी शुलभ सुरक्षित भवन/आवास निर्माण गर्ने र सुविधायुक्त प्रवर्द्धित बजार क्षेत्रका साथै एकीकृत वस्ती	भवन मापदण्ड/संहिता निर्माण	संख्या	०	१	१	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • अध्ययन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• स्थानीय नीति कानून तर्जुमा हुनेछ • स्थानीय सरोकारवालाको प्रतिवद्धता, सहभागीता, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ ।
	१५ शैयाको अस्पताल निर्माण	संख्या	०	१	१		
	विद्यालय कक्षा कोठा निर्माण	संख्या	NA	१००	२००		
	स्वास्थ्य चौकी निर्माण	संख्या	८	९	९		
	गाउँपालिकाको प्रशासकीय भवन	संख्या	०	१	१		
	बहुउद्देश्यीय सामुदायिक भवन (आश्रय स्थल)	संख्या	१	२	३		

नतिजा श्रृङ्खला	सूचक तथा पुष्ट्याईका आधारहरु					पुष्ट्याईका आधारहरु	जोखिम पक्ष तथा पूर्वानूमान
	सूचक विवरण	इकाई	आधार वर्ष ०७८/७९	लक्ष्य (सम्मको अवस्था) ०८१/८२	०८३/८४		
योजना बनाई कार्यान्वयन गर्ने	अतिथि सत्कार भवन	संख्या	०	१	१		
	शीत भण्डार निर्माण	संख्या	०	१	१		
	प्रहरी चौकी निर्माण	संख्या	४	६	६		
	एकीकृत वस्ती विकासका लागि सम्भाव्यता अध्ययन	संख्या	०	८	८		
	डकर्मी, सिकर्मी दक्षता अभिवृद्धि तालिम	संख्या	NA	५०	१००		
प्रतिफल ३.५ : खेतीयोग्य जमिनमा सिँचाई सुविधाको विकास गर्दै सिँचाई प्रणालीको मर्मत सम्भार सहित दीगो व्यवस्थापन गर्ने	सिँचाई प्रणाली व्यवस्थापन सुदृढीकरण	संख्या	२	७	९	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • अध्ययन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• स्थानीय सरोकारवालाको प्रतिवद्धता, सहभागीता, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । • संघ, प्रदेश र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ
	सिँचाई योजना निर्माण	संख्या	४	७	११		
	कूलो/नहरको मर्मत सम्भार	प्रतिशत	१०	७०	९५		
	वैकल्पिक सिँचाई प्रणालीको अध्ययन, अनुसन्धान तथा डिपि.आर. निर्माण	संख्या	०	१	१		
	सिँचाई व्यवस्थापन तालिम	पटक	०	३	५		
प्रतिफल ३.६ : राप्ती सोनरी गाउँपालिका भित्र बाढी न्यूनीकरणका लागि जनचेतना एवं संस्थागत क्षमताको विकास गर्ने र बाढी पहिरो रोकथाम तथा नियन्त्रणका कार्यक्रमहरु सञ्चालन गर्ने	अनुसूचीमा रहेका १५ स्थानको बाढी नियन्त्रणको लागि अध्ययन तथा तटबन्ध निर्माण	कि.मी.	१०	२०	३०	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • अध्ययन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• स्थानीय सरोकारवालाको प्रतिवद्धता, सहभागीता, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । • संघ, प्रदेश र गैरसरकारी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ
	जोखिमयुक्त स्थान र सुरक्षित स्थानको पहिचान र नक्सांकन	पटक	०	१	१		
	सचेतता तालिम	पटक	०	३	३		
	स्वयम सेवक तालिम प्राप्त जनशक्ति	संख्या	NA	५०	५०		
	प्राकृतिक प्रकोप सम्बन्धी स्थानीय पाठ्यक्रम तर्जुमा र कार्यान्वयन	प्रतिशत	०	१००	१००		
असर ४ : वातावरण र विकास बीच सन्तुलित सम्बन्ध बनाई दीगो विकासमा जोड दिने र प्राकृतिक प्रकोपबाट हुने क्षती न्यूनीकरण गर्ने ।	खुल्ला चउर, बुट्यान, नदी किनार र चरन क्षेत्रमा वृक्षारोपण गरी हरियाली प्रर्वद्धन गर्ने	हेक्टर	NA	२२	३०	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • अध्ययन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• स्थानीय नीति कानून तर्जुमा हुनेछ • संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ । • वन, वातावरण नीतिको पालना हुनेछ ।
	प्राकृतिक प्रकोपबाट हुने क्षति न्यूनीकरण	प्रतिशत	८०	६०	४०		
	सन्तुलित तथा दीगो विकासमा जनचेतना स्तर अभिवृद्धि	प्रतिशत	५०	७०	९०		
प्रतिफल ४.१ : विभिन्न पूर्वाधार तथा आर्थिक विकासका कार्यक्रमहरु सञ्चालन गर्दा दीगो विकासको मान्यता अवलम्बन गरी प्राकृतिक	सामुदायिक वन	संख्या	७४	७८	८०	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • अध्ययन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• स्थानीय नीति कानून तर्जुमा हुनेछ • संघ, प्रदेश, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ । • वन, वातावरण नीतिको पालना
	पोखरी, ताल, जलाशयको संरक्षण र निर्माण	संख्या	५	७	१०		
	नदी कटान क्षेत्रमा वायो इन्जिनियरिङ्ग प्रविधिको प्रयोग	हेक्टर	NA	१०	१२		
	हुलाकी तथा अन्य सडकहरुको दुवै किनारामा वृक्षारोपण	हेक्टर	NA	८	१०		

नतिजा श्रृङ्खला	सूचक तथा पुष्ट्याईका आधारहरु					पुष्ट्याईका आधारहरु	जोखिम पक्ष तथा पूर्वानूमान
	सूचक विवरण	इकाई	आधार वर्ष ०७८/७९	लक्ष्य (सम्मको अवस्था) ०८१/८२	०८३/८४		
सम्पदाहरुको संरक्षणमा स्थानीय प्रविधिको अधिकतम उपयोग गरिनेछ	हरियाली प्रवर्द्धनका लागि पार्क निर्माण	संख्या	२	१०	१६		हुनेछ । ● वातावरण संरक्षण र प्रवर्द्धनमा स्थानीय समुदायको सक्रीय सहभागीता रहनेछ ।
प्रतिफल ४.२ : राप्ती सोनारी गाउँपालिकामा रहेका विभिन्न प्राकृतिक सम्पदाहरु र जैविक विविधताका श्रोतहरुको सूची तैयारी र अद्यावधिक गरिनेछ ।	जलवायुमैत्री कृषि प्रणाली सम्बन्धी नीति निर्माण	संख्या	०	१	१	● गाउँ वस्तुगत विवरण ● सर्वेक्षण प्रतिवेदन ● अध्ययन प्रतिवेदन ● प्रगति/अनुगमन प्रतिवेदन	● वन, वातावरण नीतिको पालना हुनेछ । ● वातावरण संरक्षण र प्रवर्द्धनमा स्थानीय समुदायको सक्रीय सहभागीता रहनेछ ।
	जोखिममा रहेका दुर्लभ वनस्पति र वन्यजन्तुहरु संरक्षण गर्न इकोलोजिकल कार्ययोजना निर्माण र कार्यान्वयन	संख्या	०	१	१		
	जलवायु अनुकूलन पूर्वाधार निर्माण मापदण्ड/नीति	संख्या	०	१	१		
प्रतिफल ४.३ : विपद् व्यवस्थापनमा संस्थागत क्षमता अभिवृद्धि, संस्थागत सहकार्य र विपद् न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि गरिनेछ	जोखिमपूर्ण स्थानमा साइरनको व्यवस्था	संख्या	२	४	५	● गाउँ वस्तुगत विवरण ● सर्वेक्षण प्रतिवेदन ● अध्ययन प्रतिवेदन ● प्रगति/अनुगमन प्रतिवेदन	● स्थानीय नीति कानून तर्जुमा हुनेछ ● संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ । ● विपद जोखिम न्यूनीकरणमाजनचेतना अभिवृद्धि भएको हुनेछ
	वडा स्तरमा विपद् व्यवस्थापन कोषको स्थापना	संख्या	०	९	९		
	विपद् नक्सांकन	संख्या	९	९	९		
	विपद् व्यवस्थापन योजना तर्जुमा	संख्या	०	१	१		
	विपद् पश्चात तत्काल आश्रयका लागि बहुउद्देश्यीय भवन	संख्या	५	७	७		
असर ५ : सहज तथा गुणस्तरीय सेवा प्रवाह मार्फत पालिकावासीहरुलाई सुशासनको प्रत्याभूति गराइनेछ ।	सार्बजनिक लेखापरीक्षण भएका योजना	प्रतिशत	NA	८५	१००	● गाउँ वस्तुगत विवरण ● सर्वेक्षण प्रतिवेदन ● अध्ययन प्रतिवेदन प्रगति/अनुगमन प्रतिवेदन	● स्थानीय नीति कानून तर्जुमा हुनेछ ● स्थानीय सरकारको क्षमता अभिवृद्धि हुनेछ ।
	पालिकाको एप्स प्रयोगकर्ता	प्रतिशत	NA	२५	४०		
	इन्टरनेट सुबिधा भएका वडा कार्यालयहरु	संख्या	९	९	९		
	न्यायिक समितिमा आएका मुद्धाहरुको फछ्र्यौट	प्रतिशत	७५	९०	१००		
	गाँउपालिकाको बार्षिक आन्तरिक आयमा बृद्धि	प्रतिशत	१५.२८	१८	२०		
	वस्तुगत विवरण अद्यावधिक	पटक	०	१	२		
	नतिजामा आधारित अनुगमन तथा मूल्यांकन प्रणालीको प्रयोग	प्रतिशत	०	५०	८०		
	बेरुजु फछ्र्यौटको अबस्था	प्रतिशत	NA	८५	९५		
प्रतिफल ५.१ : सार्वजनिक सेवा प्रवाहलाई पारदर्शीता, जवाफदेहिता र समय सीमा भित्र आवद्ध गरी आन्तरिक तथा बाह्य श्रोतको मितव्ययी र	आम्दानी खर्चको सार्वजनिकिकरण (वार्षिक)	पटक	NA	३	५	● गाउँ वस्तुगत विवरण ● सर्वेक्षण प्रतिवेदन ● अध्ययन प्रतिवेदन ● प्रगति/अनुगमन प्रतिवेदन	● स्थानीय नीति कानून तर्जुमा हुनेछ ● स्थानीय सरकारको क्षमता अभिवृद्धि हुनेछ । ● सेवाग्राहीमैत्री वातावरणमा सेवाहरु प्रवाह हुनेछ ।
	सार्वजनिक सुनुवाई (वार्षिक)	पटक	२	१२	२०		
	सामाजिक परिक्षण भएको योजना/कार्यक्रम (बार्षिक)	संख्या	०	३	५		
	नागरिकबाट आउने मौखिक तथा लिखित गुनासोहरुलाई लिपिबद्ध गर्ने कार्य	प्रतिशत	NA	१००	१००		

नतिजा श्रृङ्खला	सूचक तथा पुष्ट्याईका आधारहरु					पुष्ट्याईका आधारहरु	जोखिम पक्ष तथा पूर्वानूमान
	सूचक विवरण	इकाई	आधार वर्ष ०७८/७९	लक्ष्य (सम्मको अवस्था) ०८१/८२	०८३/८४		
परिणाममुखी ढङ्गले परिचालन एवं उपयोग गरिनेछ ।	पालिकामा गुणस्तर प्रयोगशालाको स्थापना	संख्या	०	०	१		
	संगठन तथा व्यवस्थापन अध्ययन	पटक	१	०	१		
	करका दर र दायरा बारे बिस्तृत अध्ययन	संख्या	०	१	२		
	मध्यकालीन खर्च संरचना तर्जुमा	पटक	०	३	५		
प्रतिफल ५.२ : सामाजिक समावेशिता, जनसहभागीता र समानतामा आधारित विकास प्रक्रिया अवलम्बन गरिनेछ ।	लैससास स्थानीय रणनीति तर्जुमा	संख्या	१	१	१	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • अध्ययन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• स्थानीय सरोकारवालाको प्रतिवद्धता, सहभागीता, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । • स्थानीय सरकारको क्षमता अभिवृद्धि हुनेछ ।
	बार्षिक रुपमा लैङ्गिक उत्तरदायी बजेट परीक्षण	पटक	१	३	५		
	स्थानीय स्तरमा कार्यान्वयन हुने आयोजनामा जनसहभागिताको अंश	प्रतिशत	NA	२०	२५		
	निर्णय प्रक्रियामा महिला सहभागिता	प्रतिशत	३३	३८	४०		
प्रतिफल ५.३ : राष्ट्रसेवकलाई जिम्मेवारी वहनमा थप परिणाममुखी र उत्तरदायी बनाइनेछ ।	शाखा तथा इकाईहरुको कार्य बिबरण तर्जुमा	पटक	०	१	१	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • अध्ययन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• स्थानीय नीति कानून तर्जुमा हुनेछ • स्थानीय सरोकारवालाको प्रतिवद्धता, सहभागीता, सहकार्य एवं सचेतनामा बृद्धि हुनेछ ।
	कर्मचारीहरुको कार्य बिबरण तैयारी तथा परिमार्जन	पटक	०	१	१		
	कार्यसम्पादन मूल्यांकनका आधारमा कर्मचारीहरुलाई पुरस्कृत गर्ने	पटक	१	३	५		
	कार्य सम्पादन सम्झौता (वार्षिक)	पटक	०	३	४		
प्रतिफल ५.४ गाउँपालिकालाई नीति निर्माण, नियमन तथा सहजीकरण गर्ने केन्द्रको रुपमा विकास गरी सेवा प्रवाह लगायतका Core Fuctions मा वडा कार्यालयलाई जिम्मेवार बनाइनेछ ।	पालिका र वडा कार्यालय बीच नेटवर्किङ्ग	संख्या	NA	९	९	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • अध्ययन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• स्थानीय नीति कानून तर्जुमा हुनेछ • स्थानीय सरोकारवालाको प्रतिवद्धता, सहभागीता, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । • स्थानीय सरकारको क्षमता अभिवृद्धि हुनेछ ।
	सुविधायुक्त वडा कार्यालय	संख्या	०	९	९		
प्रतिफल ५.५ : संस्थागत क्षमता अभिवृद्धि र नेतृत्व विकासलाई प्राथमिकता दिइनेछ ।	पालिकाको क्षमता बिकास योजनातर्जुमा	संख्या	०	१	१	• गाउँ वस्तुगत विवरण • अध्ययन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• स्थानीय नीति कानून तर्जुमा हुनेछ • स्थानीय सरोकारवालाको प्रतिवद्धता, सहभागीता, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ ।
	क्षमता विकासबाट लाभान्वीत कर्मचारी	प्रतिशत	NA	१००	१००		
	क्षमता विकासबाट लाभान्वीत जनप्रतिनिधि	प्रतिशत	NA	१००	१००		

३.१३ अपेक्षित उपलब्धी

यो आवधिक विकास योजना कार्यान्वयन पश्चात राप्ती सोनारी गाउँपालिकाले निम्न उपलब्धी हासिल गरेको हुनेछ ।

- पालिकामा विभिन्न आर्थिक गतिविधि सञ्चालन/प्रवर्द्धन भई८प्रतिशतको आर्थिक वृद्धि हासिल हुनेछ ।
- निरुपेक्ष गरिबीको रेखामुनीको जनसंख्या ११ प्रतिशतमा झरेको हुनेछ ।
- कृषि उत्पादकत्व वृद्धि भई प्रति हेक्टर ४.४४ मे.ट. उत्पादन हुनेछ ।
- वडा नं.४ को बैजापुरमा औद्योगिक ग्रामको निर्माण सम्पन्न भई उक्त स्थानमा उद्योगहरुको स्थापना र सञ्चालनको शुरुवात हुनेछ ।
- सार्वजनिक-निजी-सहकारी-साझेदारी मोडलमा खाद्य भण्डार, दुग्ध चिस्यान केन्द्र र शीत भण्डार निर्माण भएको हुनेछ ।
- पर्यटन पद मार्गको लागि यस योजनामा प्रस्तावित सडक निर्माण भई पर्यटन प्रवर्द्धनका विभिन्न पूर्वाधारहरु निर्माण भएका हुनेछन् ।
- पाँच वर्ष माथिको साक्षरता दर ९८.५ प्रतिशत पुगेको हुनेछ ।
- बैजापुरमा १५ शैयाको राप्ती सोनारी अस्पातलको निर्माण सम्पन्न भएको हुनेछ । स्वास्थ्य चौकीहरु स्तरोन्नती भई आधारभूत स्तरका सेवामा सहजता भएको हुनेछ ।
- ६०% पालिकावासीलाई पाइपबाट स्वच्छ खानेपानी सेवा उपलब्ध भएको हुनेछ ।
- गाउँपालिका बालमैत्री पालिका घोषणा भएको हुनेछ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पक्ष विकासका सबै अबयबहरुमा आन्तरिकीकरण भई विभिन्न वर्गहरुले यसको अनुभूति गरेका हुनेछन् ।
- वडा नं. ५ को बिनौनामा बहु-साँस्कृतिक संग्रहालयको निर्माण भएको हुनेछ ।
- पालिका स्तरमा थप ९१ कि.मी. सडक कालो पत्रे भएको हुनेछ ।
- वडा नं.४ को वडा कार्यालय देखि बैजापुर चोक हुँदै सूर्यलालपुर चोक सम्म हुलाकी लोकमार्गको दाँया बाँयाको क्षेत्रलाई सुविधायुक्त आधुनिक शहरको रुपमा विकास गर्न अध्ययन तथा डि.पि.आर. तर्जुमा पश्चात कार्यान्वयनमा गएको हुनेछ ।
- सबै वडा/क्षेत्रमा इन्टरनेट सञ्जालको विस्तार भएको हुनेछ । थप टेलिफोन टावरको व्यवस्थापन भई सञ्चार सेवा भरपर्दो भएको हुनेछ ।
- पालिकावासी सबैको घर-घरमा र विभिन्न प्रतिष्ठानहरुमा विद्युत आपूर्ति सहज भएको हुनेछ ।
- फोहरमैलाको अन्तिम विसर्जनको लागि अध्ययन, साइट छनौट र डि.पि.आर. तर्जुमा भएको हुनेछ ।
- विद्यमान जडिबुटी तथा वन्यजन्तु एवं पंक्षी प्रजातीको अध्ययन अनुसन्धान र तथ्यांक अभिलेखीकरणको कार्य सम्पन्न भएको हुनेछ ।
- पालिका तथा वडा कार्यालयहरु सूचना प्रविधिमैत्री भई पालिकावासीहरुलाई छिटो छरितो एवं चुस्त सेवाहरु प्रवाह गरिएको हुनेछ ।
- जिम्मेवारी, पारदर्शीता र जवाफदेहिता जस्ता पक्षहरुमा स्थानीय सरकार अरु संवेदनशील भएको हुनेछ र जनताले सुशासनको अनुभूति गरेका हुनेछन् ।

परिच्छेद-४
आर्थिक विकास

४.१ कृषि विकास

४.१.१ विद्यमान अवस्था

कूल ग्राहस्थ उत्पादनमा २७% योगदान र ६०.४% जनसंख्या आवद्धता रहेकोले कृषि क्षेत्रलाई आर्थिक समृद्धिको पूर्ण आधार मान्न सकिन्छ । कृषि क्षेत्रको समग्र विकासका लागि २० वर्षे कृषि विकास रणनीति र दीगो विकास लक्ष्यलाई मार्गदर्शनको रुपमा लिइएको छ । कृषि उत्पादनको व्यवसायीकरण, यान्त्रीकरण र विविधिकरण गरी यस क्षेत्रलाई प्रतिस्पर्धी बनाउने र भोकमरीको अन्त्यका लागि खाद्य सुरक्षा तथा पोषणको सुनिश्चितता गर्दै दीगो कृषिको प्रवर्द्धन गर्ने दीगो विकासको लक्ष्य यस आवधिक विकास योजनाले अंङ्गिकार गरेको छ ।

खाद्य सम्प्रभुता सहितको दीगो, प्रतिस्पर्धी एवं समृद्ध कृषि अर्थतन्त्र भन्ने सोँच सहित प्रतिस्पर्धी, जलवायु अनुकूलन, आत्मनिर्भर एवं निर्यातमुखी उद्योगको रुपमा कृषि क्षेत्रलाई रुपान्तरण गर्दै समावेशी र दीगो आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य १५ औं राष्ट्रिय योजनाले लिएको छ ।त्यसैगरी **कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण र औद्योगिकीकरणबाट प्रदेशको समृद्धिमा योगदान** भन्ने सोँच र कृषि क्षेत्रलाई प्रतिस्पर्धी, व्यवसायिक र सम्मानजनक पेशाको रुपमा रुपान्तरण गर्ने लक्ष्य प्रदेशको प्रथम आवधिक योजानले लिएको छ ।

पन्ध्रौ राष्ट्रिय योजनाले आर्थिक वर्ष २०८०/०८१ सम्म ९.६% को वार्षिक आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखेको छ । नेपाल कृषि प्रधान देश भएकोले सो लक्ष्य पुरा गर्न उक्त योजनाले कृषि क्षेत्रले ५.४% योगदान गरी वार्षिक आर्थिक वृद्धि हुने अनुमान गरेको छ । लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाले पनि प्रदेको आर्थिक वृद्धिदर बढाउन कृषिलाई नै पहिलो प्राथमिकतामा राखी रणनीतिहरु निर्धारण गरेको छ ।

राप्ती सोनारी गाउँपालिकामा ९% कृषि योग्य जमिन छ । पालिकाको पार्श्व चित्र अनुसार यस पालिकाका ६१% जनताहरु कृषि पेशामा निर्भर छन् । राष्ट्रिय गौरवको सिक्टा सिँचाई आयोजना यही गाउँपालिकाबाट विस्तार भएपनि सिमित क्षेत्रमा सिँचाई उपलब्ध छ । यस गाउँपालिकाको जनसंख्याको ठूलो हिस्सा कृषिमा निर्भर भए पनि निर्वाहमुखी कृषि प्रणाली विद्यमान छ । एकातर्फ भूमिहिन किसानहरुको संख्या ३% छ भने ५१.१% घर परिवारले ऐलानी जग्गा उपभोग गरिरहेका छन् । कृषिको आधुनिकीकरण नहुनाले कम्बाइन्ड हार्भेस्टर, पावर टिलर, रोटाभेटर, कल्टीभेटर जस्ता आधुनिक उपकरणहरु कृषकहरुले उपभोग गर्न पाएका छैनन् । कृषि उपजहरुको व्यवसायीकरण, यान्त्रिकीकरण र विविधिकरण नहुदा खाद्य सुरक्षा र पोषणको सुनिश्चितता गर्न सकिएको छैन ।

कृषिको आधुनिकीकरण गरी यस क्षेत्रको दीगो विकास गर्न कृषि पेशालाई सम्मानजनक पेशाको रुपमा रुपान्तरण गर्न आवश्यक देखिन्छ । प्रभावकारी सिंचाई प्रणालीको अभाव, परम्परागत निर्वाहमुखी कृषि प्रणाली, उन्नत बिउ विजनको अभाव, सक्रिय जनशक्तिको अभाव, कृषि प्रति युवाशक्तिको विकर्षण आदि कृषि उत्पादन र उत्पादकत्वका बाधक पक्षहरु हुन् । यी व्यवधानहरु हटाई प्रयाप्त सिँचाईको व्यवस्था, कृषिमा व्यवसायीकरण र आधुनिकीकरण, प्राविधिक सहयोग, उन्नत बिउ विजनको व्यवस्था, कृषि उत्पादनमा विशिष्टीकरण, भण्डारण, प्याकेजिङ्ग, ब्राण्डिङको व्यवस्था गरी बजारीकरण गर्न युवाशक्तिलाई उत्प्रेरणा जगाई उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न जरुरी छ ।

अवसर

- यस गाउँपालिकाको माटो र भू-बनोट हेरी कृषिमा विविधिकरण र विशिष्टीकरण गर्दै कृषि, तरकारी तथा फलफूल सुपरजोन, ब्लक तथा पकेट क्षेत्रको पहिचान गर्ने
- धान, गहुँ, मकै, तरकारी, आलु, तेलहन, दलहन र फलफूल खेतीको उत्पादनमा प्राथमिकता दिई आय आर्जन गर्न सकिने ।
- यातायातका सुविधाहरु भएकोले उत्पादनका सामाग्रीहरु बजार पुऱ्याउन सहज भएको ।
- कृषि ऋण, कृषि बीमा र नयाँ प्रविधिको प्रयोगले कृषि उत्पादन तर्फ आकर्षण बन्न सक्ने ।
- प्राङ्गारिक मलको प्रयोग र अर्गानिक उपज प्रति चासो बढ्दै गएकोले पर्या-पर्यटन र कृषि पर्यटनमा लाभ लिन सकिने ।

वडा नं.२ को गहुँ

चुनौती

- छाडा चौपाय र जंगली जनावरहरुको उचित व्यवस्थापन गर्ने ।
- समयमा मल, बिउ प्रयाप्त मात्रामा उपलब्ध गराउने ।
- कृषिकर्मीहरुलाई बैंक तथा वित्तीय संस्थाहरुबाट सहुलियतपूर्ण कर्जामा पहुँच पुऱ्याउने ।
- कृषि पेशालाई सम्मानित तथा मर्यादित बनाई युवा वर्गलाई विदेश पलायन हुनबाट रोक्ने ।
- जग्गाको खण्डीकरण र जग्गा बाझो राख्ने प्रवृत्तिलाई नियन्त्रण गर्ने ।
- कृषि प्रसार सेवा, कृषि सूचना, कृषि बीमा तथा कृषि ऋण जस्ता कार्यक्रमहरुमा साना ग्रामिण किसानहरुको पहुँच पुऱ्याउने ।
- गुणस्तरीय मल, बिउ, किटनासक औषधीको समयमा आपूर्ति गर्ने ।
- संघ, प्रदेश र स्थानीय सरकारको उद्देश्य अनुसारको विनियोजित बजेट समयमै उपलब्ध गरी परिचालन गर्ने ।

दीर्घकालीन सोँच :- राप्ती सोनारीको कृषि अर्थतन्त्रको आधार; युवा स्वरोजगार तथा जीवन स्तरमा सुधार

लक्ष्य :-कृषिजन्य वस्तुको उत्पादन र उत्पादकत्व बढाउँदै रोजगार र खाद्य सुरक्षाको सुनिश्चितता गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने ।

उद्देश्य :-

- कृषि उत्पादनमा आत्मर्निभर हुँदै आयात प्रतिस्थापन र निर्यात वृद्धि गर्ने ।
- कृषि प्रणालीमा सिँचाई तथा यान्त्रिक र प्राविधिक सुविधा बढाई गुणस्तरीय, दीगो र नाफामूलक बनाउने ।
- कृषि व्यवसायलाई वातावरण एवं पर्यटन उन्मुख बनाउँदै कृषिको विविधिकरणबाट यस क्षेत्रलाई परिणाममुखी र प्रतिस्पर्धी बनाउने ।

रणनीति र कार्यनीति

उद्देश्य १ : कृषि उत्पादनमा आत्मर्निभर हुँदै आयात प्रतिस्थापन र निर्यात वृद्धि गर्ने ।	
रणनीति	**कार्यनीति**
• प्रतिस्पर्धी क्षमता विकास गरी खाद्य उत्पादन र उत्पादकत्व वृद्धि भएको हुनेछ ।	• कृषि क्षेत्रको विशिष्टिकरण र कृषक समूह वर्गीकरण गर्दै माटो तथा हावापानी सुहाउँदो खाद्य, तरकारी तथा फलफूल पकेट क्षेत्र बनाई उत्पादकत्व बढाउने । • प्राङ्गारिक मलको प्रयोगद्वारा अर्गानिक तरकारी र फलफूल उत्पादन गर्न प्रोत्साहन गर्ने । • कृषि उपजको बजारीकरण, व्यवसायीकरण र यान्त्रिकीकरणमा पालिकाबाट सहयोग उपलब्ध गराउने ।
उद्देश्य २ : कृषि प्रणालीमा सिँचाई तथा यान्त्रिक र प्राविधिक सुविधा बढाई गुणस्तरीय, दीगो र नाफामूलक बनाउने	
• कृषि क्षेत्रमा निजी, सहकारी तथा सार्वजनिक क्षेत्रको लगानी अभिवृद्धि गरी सिँचाई सुविधा, कृषि यन्त्रको वितरण र प्राविधिक सहयोग उपलब्ध गराउने ।	• निजी तथा सहकारी क्षेत्रको संलग्नता बढाउँदै करार सम्झौतामा आधारित सहकारी खेतीलाई प्राथमिकता दिई खाद्य सुरक्षाको सुनिश्चितता गर्ने । • वित्तीय संस्था र सहकारीबाट कृषकहरुलाई सहुलियत दरमा ऋण उपलब्ध गराइने । • ठूला कृषि फर्म सञ्चालन गर्न चाहने निजी क्षेत्रलाई पूर्वाधार निर्माण, नीतिगत व्यवस्था तथा व्यवसायिक करमा सहुलियत दिने
उद्देश्य ३ : कृषि व्यवसायलाई वातावरण एवं पर्यटन उन्मुख बनाउँदै कृषिको विविधिकरणबाट यस क्षेत्रलाई परिणाममुखी र प्रतिस्पर्धी बनाउने ।	
• कृषक समूहको वर्गीकरण गरी विशिष्टिकृत उत्पादनको प्रवर्द्धन गर्ने	• कृषक, कृषि उद्यमी, कृषक समूह तथा कृषक सहकारी संघको कृषि विविधिकरणको आधारमा वर्गीकरण गर्ने । • कृषि उपजहरुको ब्राण्डिङ र प्रमाणीकरण गर्ने नीति निर्माण गर्ने तथा रैथाने कृषि उपजको प्याटेण्ट राइट दर्ता गर्ने प्रयत्न गर्ने । • कृषि पेशालाई मर्यादित र सम्मानित बनाउन विशेष कार्यक्रम सञ्चालन गर्ने • वातावरणमैत्री कृषि प्रविधिको अवलम्बन गर्ने, गराउने ।

प्रमुख कार्यक्रम

- औद्योगिक कृषि बजार निर्माण कार्यक्रम ।
- खाद्य भण्डारण केन्द्र र शीत भण्डार निर्माण कार्यक्रम ।
- कृषि विकास योजना तर्जुमा
- जैबिक मल उत्पादन कार्यक्रम
- जग्गाको खण्डीकरण र बाझो राख्ने प्रवृतिलाई निरुत्साहित गर्न आवश्यक नीति निर्माण र कार्यान्वयन ।
- कृषक परिचय पत्र वितरण कार्यक्रम।
- व्यवसायिक खेती गर्ने कृषक लक्षित अनुदान तथा प्राविधिक सहयोग कार्यक्रम ।
- कृषक वर्गीकरणको आधारमा कृषकलाई दिइने सेवा सुविधाको स्तर निर्धारण सम्बन्धी निर्देशिका निर्माण ।
- ऐलानी जग्गामा खेती गर्ने कृषकहरुलाई कृषि सेवा सहुलियतको लागि नीति निर्माण ।
- खाद्य सुरक्षा सुनिश्चित गरी निर्यात उन्मुख कार्यक्रमको योजना तर्जुमा ।
- रैथाने धान बाली (रुद्री, गौरी, धनमनी) लाई संरक्षण तथा प्रर्वद्धन कार्यक्रम ।
- कृषि क्षेत्रमा बृहत लगानी गर्ने निजि क्षेत्रमैत्री नीति निर्माण ।
- कृषि उपजको न्यूनतम मूल्य तोकी प्रचार प्रसार र कार्यान्वयन लागि नीति निर्माण ।
- सामूहिक सहकारी खेती सञ्चालन कार्यक्रम ।
- कृषक तालिम सञ्चालन तथा क्षमता विकास कार्यक्रम ।
- कृषि उपज संकलन र बिक्री केन्द्र प्रवर्द्धन कार्यक्रम ।
- कृषक भ्रमण कार्यक्रम ।
- डिजिटल स्वाएल म्यापिङ प्रणाली लागु गरी माटो सुधार कार्यक्रम ।
- किट (मौरी, च्याउ) खेती सञ्चालन र प्रवर्द्धन कार्यक्रम ।
- कृषि बीमालाई प्रभावकारी बनाउन बीमा कम्पनी र कृषकहरुसँग समन्वयात्मक सञ्जाल कार्यक्रम ।

अपेक्षित उपलब्धी

- योजना कार्यान्वयन पश्चात कृषि तथ्यांक अद्यावधिक भएको हुने ।
- कृषक पहिचान तथा वर्गीकरण गरी कृषक परिचय पत्र वितरण भएको हुने ।
- कृषिमैत्री नीति, नियम र निर्देशिकाहरु निर्माण भई लागु भएको हुने, खाद्य भण्डार केन्द्र र सीतगृह निर्माण भएको हुने ।
- कृषिको विशिष्टिकरण गरी पकेट क्षेत्र घोषणा गरिएको हुने ।
- कृषिलाई सम्मानित पेशा बनाई आधुनिकीकरण, यान्त्रिकीकरण र व्यवसायिकरण गरिएको हुने ।
- कृषिको उत्पादन र उत्पादकत्व वृद्धि भएको हुने ।

४.२ पशुपंक्षी विकास

विद्यमान अवस्था

लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाले **आधुनिक र व्यवसायिक पशुपंक्षीपालनबाट प्रदेशको आर्थिक समृद्धि** भन्ने सोँच सहित स्वच्छ र गुणस्तरीय पंक्षीजन्य उत्पादन वृद्धि गरी आत्मनिर्भर हुँदै निर्यात प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ । नेपाल कृषि प्रधान देश भए पनि वर्तमान अवस्थामा दक्षिण एशियाको सबभन्दा कम कृषि उपज हुने देश भएको छ । राष्ट्रिय आंकडामा औसतमा ५.८ वटा पशुपंक्षी प्रति घर पालिएको भएपनि प्रयाप्त पशु आहाराको कमी, समय समयमा पशुपंक्षी लाई लाग्ने संक्रामक रोगहरुको नियन्त्रण तथा सुरक्षित सेड र खोरहरुको कमीले गर्दा पशु सुरक्षामा चुनौती भएको अध्ययनहरुले देखाएका छन् । लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाको तथ्यांक अनुसार दुध ६४ लिटर प्रतिव्यक्ति प्रति वर्ष, मासु १२ किलो प्रति व्यक्ति प्रतिवर्ष र अण्डा ३१ गोटा प्रति व्यक्ति प्रति वर्ष पुग्न सकेको देखिन्छ । राष्ट्रिय तथ्यांक बमोजिम मासु १४ किलो प्रतिवर्ष प्रतिव्यक्ति, दुध ७२ लिटर प्रतिवर्ष प्रतिव्यक्ति र अण्डा ५५ गोटा प्रतिवर्ष प्रतिव्यक्ति उत्पादन भएको देखिन्छ । कुपोषण हटाउन र सन्तुलित आहाराको लागि मासु १८ किलो प्रतिवर्ष प्रतिव्यक्ति, दुध ९१ लिटर प्रतिवर्ष प्रतिव्यक्ति र अण्डा न्यूनतम ४८ गोटा प्रतिवर्ष प्रतिव्यक्ति उपभोग गर्नु जरुरी हुन्छ । यस तथ्यांकले देशमा दुध र मासुको आयात अझै विस्थापित गर्न नसकिएको देखाउँछ ।

कुपोषण हटाउन र सन्तुलित आहाराको लागि पशुपंक्षीको विकास र प्रवर्द्धन गर्न आवश्यक छ । स्वच्छ र गुणस्तरीय पशुपंक्षीजन्य वस्तु उत्पादन गरी राप्ती सोनारी गाउँपालिकालाई आत्मनिर्भर बनाउदै निर्यात प्रवर्द्धन गर्न सकिएको छैन ।राप्ती सोनारी गाउँपालिकाको ठूलो जनसंख्या कृषि तथा पशुपालनमा निर्भर छ । गाउँपालिकाको वस्तुस्थिति विवरण अनुसार ३१.३% कृषक परिवाले गाई, २८.४% कृषक परिवारले भैंसी, ५८.१% कृषक परिवारले बाख्रा, १९.२% कृषक परिवारले सुंगुर तथा बंगुर र २४% कृषक परिवारले कुखुरा पालेको देखिन्छ । एउटै कृषक परिवारले गाई, भैंसी, बाख्रा, सुंगुर, बंगुर तथा कुखुरा पालेको तथ्यांक पनि माथिकै प्रतिशत भित्र समावेश भएकोले पशुपालन व्यवसायिकको जनसंख्या जम्मा ०.५% छ । पालिका भित्र २५७ वटा पशुपंक्षी फम दर्ता भए पनि व्यवसायिक रुपमा क्रियाशील पशुपालक समूह जम्मा ६ वटा छन् । सुधारिएको गोठ, पशु दाना, आहार र घाँस तथा चरन क्षेत्रको विकास, कृत्रिम गर्भाधान र समय-समयमा पशुहरुमा लाग्ने सरुवा रोगको समुचित व्यवस्थापन हुन नसक्दा कृषकहरुले अपेक्षित मात्रामा पशु व्यवसायबाट उचित लाभ लिन सकेका छैनन् । दुग्ध व्यवसायी ६ वटा, २२ वटा भेटनरी पसल व्यवसायी, ४० वटा पोल्ट्रि फार्म र १ वटा माछा उत्पादन केन्द्र हुनुले गाउँपालिका दुध, माछा, मासु, अण्डा उत्पादनमा आत्मनिर्भर हुन सकेको देखिदैन । यहाँको पशुपालन हावापानी तथा प्राकृतिक श्रोतमा निर्भर छ । वैज्ञानिक विधिबाट पशु गोठ/खोरहरुको निर्माण, उन्नत नश्ल सुधार, पशुपंक्षी आहार, पशुपंक्षी सेवा, पशु स्वास्थ्य परामर्श सेवा, पशुपंक्षी बीमाको व्यवस्था, पशुपंक्षी पालकलाई सुलभ ऋणको व्यवस्था, बजारीकरणको व्यवस्था र पशुपंक्षी पालनमा सहकारी प्रणालीको विकास गर्न सके पशुपंक्षी विकासबाट आय आर्जन गर्न सक्ने प्रशस्त सम्भावनाहरु छन् ।

अवसर

- सामुदायिक वनमा आलोपालो गरी क्षेत्र छुट्टाउदै पशुहरुलाई चरीचरणको व्यवस्थागर्न सकिने ।
- गाईपालन, भैंसीपालन, सुंगुर तथा बंगुरपालन, कालीजपालन, टर्कीपालन, कडकनाथ कुखुरापालन, लोकल कुखुरापालन, बट्टाईपालन गरी रोजगारी मार्फत लाभ लिन सकिने अवस्था रहेको ।
- विदेशबाट फर्किएका र गाउँमा बसेका युवाहरुको समूह बनाई पशुपंक्षी पालन गर्न सकिने
- राप्ती सोनारी गाउँपालिकामा कतिपय सीमसार क्षेत्र भएकोले मत्स्य पालन गर्न सकिने ।
- पशुपालन क्षेत्रमा निजी, सहकारी तथा गैहसहकारी क्षेत्रको लगानी गर्दै पशुजन्य वस्तुको उत्पादन मार्फत निर्यात प्रवर्द्धन गरी आय आर्जन गर्न सकिने ।

चुनौती

- पशुपालन व्यवसाय तर्फ युवा वर्गलाई उत्प्रेणा जगाउने ।
- पशु सेवा प्रचार प्रसार, उन्नत नश्ल, भ्याक्सिन, पशुपंक्षी बिउ विजन, बजारीकरण, पशुपंक्षी आहारा, पशुपंक्षी पालकलाई सुलभ ऋण आदिको कुशलतापूर्वक व्यवस्था गर्ने ।
- युवाहरुको विदेश पलायन रोकी पशुपंक्षी विकासलाई दिगो बनाउने ।

दीर्घकालीन सोँच :- पशुपंक्षीपालन तथा मत्स्य विकासको आधार; राप्ती सोनारीका युवाहरुको रोजगार

लक्ष्य :-पशुपंक्षीजन्य उत्पादन र उत्पादकत्व वृद्धिका माध्यमबाट खाद्य सुरक्षा सुनिश्चित गरी रोजगारी सिर्जना र निर्यात बढाउने ।

उद्देश्य :-

- पशुपंक्षी तथा मत्स्यजन्य उत्पादनमा पालिकालाई आत्मनिर्भर बनाउँदै आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने ।
- पशुपंक्षी तथा मत्स्यजन्य व्यवसायलाई वातावरणमैत्री र पर्यटनमैत्री बनाई परिणाममुखी र प्रतिस्पर्धी बनाउने ।

रणनीति र कार्यनीति

उद्देश्य १:पशुपंक्षी तथा मत्स्यजन्य उत्पादनमा पालिकालाई आत्मनिर्भर बनाउँदै आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने ।	
रणनीति	**कार्यनीति**
• प्रतिस्पर्धी क्षमताको विकास गरी खाद्य सुरक्षाको सुनिश्चित गर्ने र पशुपंक्षी तथा मत्स्यजन्य उत्पादन र उत्पादकत्वमा वृद्धि गरी निर्यात प्रवर्द्धन गर्ने ।	• गुणस्तरीय ह्याचिङ्ग मेसिन, अन्य उत्पादन यन्त्रहरु र उन्नत प्रविधिको उपलब्धता सुनिश्चित गर्ने । • सुलभ पशुपालन कर्जाको व्यवस्था गर्ने । • एक वडा एक नमूना पशुपंक्षी फारम कार्यक्रम सञ्चालन गर्ने • पशुपंक्षी जन्य उत्पादनहरुको पहिचान गर्ने, ब्राण्डीङ्ग गर्ने, प्रचार-

	प्रसार गर्ने र बजारीकरण गर्न गाउँपालिकाले सहजीकरण गर्ने । ● पशुपंक्षी तथा विशेष मत्स्यपालन क्षेत्र तोकी आवश्यक सहयोग उपलब्ध गराउने । ● एक वडा एक घाँसेवाली श्रोत ब्लक निर्माण गर्ने । ● पशुपंक्षीको नश्ल सुधार, पौष्टिक दाना, आहारको व्यवस्था, पशुपंक्षी बीमा, पशुपंक्षी स्वास्थ्य सेवा एकीकृत रुपमा ज्ञान केन्द्र मार्फत प्रदान गर्ने ।
● पशुपालन क्षेत्रमा निजी, सहकारी तथा गैर सरकारी क्षेत्रको लगानी अभिवृद्धि गरी पशुजन्य निर्यात प्रवर्द्धन गर्ने ।	● लगानी सुनिश्चितताका लागि वातावरणीय, प्राविधिक, बजार एवं जंगली जनावरबाट हुने जोखिम न्यूनीकरण योजना बनाउने । ● रैथाने जातको पशुपंक्षी को संरक्षण गर्दै उन्नत जातको नश्ल सुधार गरी उत्पादन तथा उत्पादकत्व बढाउने । ● निजी क्षेत्र मार्फत ठूला पशुपंक्षी फार्म सञ्चालन गर्ने गरी लगानी भित्राउने र त्यस्ता फार्म सञ्चालकलाई नीतिगत र व्यवसायिक करमा सहुलियत दिने । ● प्रत्येक वडामा पशुपालन पकेट क्षेत्र स्थापना गरी प्रविधिको सेवा र टेवा पुऱ्याउने ।
उद्देश्य २ : पशुपंक्षी तथा मत्स्यजन्य व्यवसायलाई वातावरणमैत्री र पर्यटनमैत्री बनाई परिणाममुखी र प्रतिस्पर्धी बनाउने ।	
● पशुपालन व्यवसाय प्रवर्द्धनका लागि स्वच्छ वातावरणमा पौष्टिक आहारको व्यवस्था गर्ने र पशुपालकमैत्री नीति निर्माण गर्ने ।	● पशुपालनमैत्री वातावरणका लागि शुद्ध पानी, पौष्टिक आहारको उचित व्यवस्थापन गर्ने । ● दीगो पशु विकासका लागि पशुपंक्षी पालन तथा मत्स्यपालन सम्बन्धी आवश्यक नीति, नियम तर्जुमा गर्ने ।
● पशुपालन व्यवसालयलाई आन्तरिक पर्यटनमैत्री बनाउने ।	● पशुपालन, पंक्षीपालन, मौरीपालन व्यवसायलाई नमूनाको रुपमा अवलोकनयोग्य बनाउने । ● नमूनायोग्य फर्महरुको उत्पादन सहुलियतपूर्ण मूल्यमा अवलोकनकर्तालाई उपलब्ध गराउने ।

प्रमुख कार्यक्रमहरु :-

- दुग्ध संकलन तथा प्रशोधन केन्द्र निर्माण कार्यक्रम ।
- दुग्ध उत्पादन समूह गठन (वडा नं.९, ८, २, ७))
- बाखा श्रोत केन्द्र स्थापना र सञ्चालन ।
- न्यूनतम ३ वटा बाखा पालन पकेट क्षेत्र संचालन
- डालेघाँसको नर्सरी स्थापना कार्यक्रम सञ्चालन ।
- उन्नत खोर, गोठ निर्माणका लागि पूर्वाधार निर्माणमा सहुलियत कार्यक्रम ।
- पशुपंक्षी हाटबजार निर्माण कार्यक्रम ।
- पशुपालक कृषकहरुलाई तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम ।
- पशु सेवा प्रवर्द्धन कार्यक्रम ।
- नश्ल सुधार कार्यक्रम ।
- स्थानीय कुखुरा तथा पंक्षीजन्य वस्तु प्रवर्द्धन कार्यक्रम ।
- ठूला फर्म खोल्ने निजी क्षेत्रलाई प्रोत्साहन कार्यक्रम ।

अपेक्षित उपलब्धी

- पशुपालक कृषकमैत्री नीति निर्माण तथा कार्यान्वयन भएको हुनेछ ।
- हरेक वडामा नमूना पशुपालन फर्म सञ्चालन भएको हुनेछ ।
- लगानी सुनिश्चितताका लागि पशुपंक्षी बीमा तथा न्यूनतम बिक्री मूल्य तोकिएको हुनेछ ।
- पशुपंक्षीपालकलाई सुलभ कर्जाको व्यवस्था भएको हुनेछ ।

- पशु सेवा प्राविधिकको सबै वडामा व्यवस्था भएको हुनेछ ।
- चरन विकास, डालेघाँस, भुईघाँस उत्पादन, नश्ल सुधार, दाना र आवश्यक औषधीको व्यवस्था भएको हुनेछ ।

४.३ घरेलु तथा साना उद्योग

विद्यमान अवस्था

आर्थिक विकासको प्रमुख आधार स्तम्भको रुपमा रहेको उद्योग क्षेत्रलाई संरक्षण र प्रवर्द्धन गरी स्थानीय श्रम, सीप र कच्चा पदार्थमा आधारित लगानीलाई प्राथमिकता दिई औद्योगिक पूर्वाधार विकासमा प्रोत्साहन र परिचालन गर्ने नीति लिन आवश्यक छ ।

आर्थिक समृद्धिका लागि दीगो, रोजगारमूलक र प्रतिफलयुक्त औद्योगिक विकास भन्ने सोँच सहित औद्योगिक क्षेत्रको विकास र विस्तारद्वारा राष्ट्रिय अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान बढाउने लक्ष्य १५ औं योजनाले निर्दिष्ट गरेको छ । लुम्बिनी प्रदेशको आवधिक योजनामा स्थानीय तहको समन्वयमा स्थानीय स्तरमा औद्योगिक ग्राम स्थापना गर्ने, पर्यटकीय वस्तु उत्पादन गर्ने, घरेलु उद्योगको विकास र प्रवर्द्धन गर्ने, वन्यजन्य तथा कृषिजन्य उद्योगहरु स्थापना गरी त्यस्ता उद्योगहरुलाई सहुलियत प्रदान गर्ने कार्यनीति अङ्गिकार गरिएको छ ।

नेपाल जस्ता विकासशील देशहरुको आर्थिक विकासको लागि साना तथा घरेलु उद्योगहरुको अत्यन्त महत्वपूर्ण भूमिका हुन्छ । यस्ता उद्योगहरुले रोजगारी सिर्जना गर्न, स्थानीय क्षेत्रमा पाइने श्रोत साधनको उपयोग गर्न, ठूला उद्योग स्थापना गर्ने पूर्वाधार तयार गर्न, वेदेशी मुद्रा आर्जन गर्न तथा स्थानीय कला र संस्कृतिको संरक्षण गर्न मद्दत पुऱ्याउँछन् । नेपालमा रहेका कूल उद्योग मध्ये साना तथा घरेलु उद्योगहरुले ९८.१७% स्थान ओगटेका छन् र उद्योगमा काम गर्ने कूल कामदारको संख्या मध्ये ८१.७५% लाई रोजगारी दिएका छन् । थोरै पूँजी, कमजोर प्रविधि र निर्यात क्षमता कमजोर भएको मुलुकमा यस्ता उद्योगहरुको महत्व हुन्छ । नेपालको कूल ग्राहस्थ उत्पादनमा घरेलु तथा साना उद्योगको योगदान १५% रहेको छ । पन्ध्रौ योजना र लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाले पनि उद्योग क्षेत्रबाट राष्ट्रिय अर्थतन्त्रको विकास विस्तार गर्ने लक्ष्य निर्धारण गरेको छ ।

गाउँपालिकालाई तीब्र औद्योगिकरण र शीघ्र प्रतिफल प्राप्त हुने योजना बनाई औद्योगिक पूर्वाधार निर्माण गर्नु आवश्यक छ । स्थानीय श्रम, सीप र कच्चा पदार्थमा आधारित लगानीलाई प्राथमिकता दिई राप्ती सोनारी गाउँपालिकामा घरेलु तथा साना उद्योग स्थापना गर्न आवश्यक छ । गाउँपालिकाको अधिकांस क्षेत्र वनले ढाकेको र धेरे सामुदायिक वन भएको कारणले वनजंगलबाट तुलनात्मक लाभका घरेलु तथा साना उद्योग मार्फत वस्तु उत्पादन र प्रवर्द्धन गरी रोजगारीको सिर्जना र आय आर्जन गर्ने सम्भावना प्रवल छ । स्थानीय सरकारले कृषि तथा वन्यजन्य श्रोत, घरेलु तथा साना उद्योगलाई सहुलियत प्रदान गर्ने कार्यनीति निर्माण गरी श्रम बजारमा प्रवेश गर्न चाहने तथा वैदेशिक रोजगारी गुमाएका श्रमिकहरुलाई काम र रोजगारीको सुनिश्चितता गर्दै पालिकाको उत्थानशील अर्थतन्त्र निर्माण गर्नुपर्छ ।

अवसर

- वनजंगल, वनजन्य वस्तुहरुको प्रयोग गरी उद्योग सञ्चालन गरी लाभ लिन सकिने ।
- पालिकाको ठूलो जनसंख्या कृषिमा आधारित भएकोले कृषिजन्य उद्योगहरु सञ्चालन गर्न सकिने ।
- उद्यमशील महिला समूह गठन गरी विभिन्न खालका सामाग्री उत्पादन गरी उद्योग सञ्चालन गर्न सकिने ।
- उद्योगहरुको वर्गीकरण, विविधिकरण र ब्राण्डिङ गरी बाह्य निर्यातबाट आय आर्जन गर्न सकिने ।
- युवा जनशक्तिलाई औद्योगिक उत्पादनमा आकर्षण र परिचालन गर्न सकिने ।

चुनौती

- घरेलु तथा साना उद्योगमैत्री नीतिगत व्यवस्थालाई अनकूल बनाई कार्यान्वयन गर्ने ।
- उद्योग सञ्चालनका लागि आवश्यक पूँजी र कामदारको व्यवस्थापन गर्ने ।
- उद्योग सञ्चालनको लागि निजी क्षेत्रको उत्प्रेणा जगाउने ।

दीर्घकालीन सोँच :- सार्वजनिक, निजी र सहकारी क्षेत्रमा उपलब्ध स्थानीय श्रोत र साधनलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्दै आर्थिक सम्बृद्धि हासिल गर्ने

लक्ष्य :-उद्योगका पूर्वाधार तयार गरी उपभोग्य वस्तुमा आत्मनिर्भर बनी निर्यात र रोजगारी मार्फत आय आर्जन गर्ने

उद्देश्य :-पर्यटन, वन, खाद्य र खनिजमा आधारित उद्योगहरु सञ्चालन र प्रवर्द्धन गरी राप्ती सोनारीलाई निर्यात उन्मुख गाउँपालिका बनाउने ।

रणनीति र कार्यनीति

उद्देश्य : पर्यटन, वन, खाद्य र खनिजमा आधारित उद्योगहरु सञ्चालन र प्रवर्द्धन गरी राप्ती सोनारीलाई निर्यात उन्मुख गाउपालिका बनाउने ।	
रणनीति	**कार्यनीति**
• संघ र प्रदेशसँग समन्वय गरी वनजन्य र खनिजजन्य उद्योगसँग सम्बन्धित आवश्यक नीति, कानून तर्जुमा गर्ने ।	• उद्योग सम्बन्धी नीतिगत व्यवस्था र स्पष्ट कार्यविधि बनाई कार्यान्वयन गर्ने । • पर्यटन, वन र खानीजन्य उद्योग सञ्चालन गर्न उद्योगीमैत्री नीति, नियम बनाई निजी क्षेत्र आकर्षित गर्ने ।
• पर्यटन, वन र खनिजजन्य उद्योगहरु सञ्चालनका लागि पूर्वाधार निर्माण सहित प्रवर्द्धन गर्ने ।	• ठूला होटल, रिसोर्ट र रेष्टुरेण्ट निर्माणलाई प्रोत्साहन गर्ने । • कृषि तथा पशुपालनका विशेष क्षेत्रलाई पर्यटन उद्योग प्रवर्द्धन हुने गरी सञ्चालनमा ल्याउने । • पुर्खौली सीपलाई संरक्षण गरी काठ र वनजन्य वस्तुका विशिष्टिकृत वस्तुहरुको उत्पादनमा जोड दिने । • उद्योगहरुको वर्गीकरण गरी प्राथमिकता अनुसार सहुलियत ऋण उपलब्ध गराउने । • उद्योगीहरुलाई प्रतिस्पर्धी बनाई वजार क्षेत्रको विस्तार गर्न आवश्यक सीप विकास तालिमहरु सञ्चालन गर्ने ।

प्रमुख कार्यक्रम

- औद्योगिक ग्राम निर्माण कार्यक्रम ।
- जडिबुटी प्रशोधन उद्योग प्रवर्द्धन कार्यक्रम ।
- मौवा प्रशोधन उद्योग सञ्चालन कार्यक्रम ।
- आलु चिप्स तथा अचार उद्योग सञ्चालन कार्यक्रम ।
- स्तरीय होटल, रिसोर्ट र रेष्टुरेण्ट निर्माणमा निजी क्षेत्र उत्प्रेरित कार्यक्रम ।
- उत्पादित वस्तुहरुको बिक्री वितरणका लागि स्टल निर्माण कार्यक्रम ।
- थारुहरुको परम्परागत सीपमा आधारितविभिन्न वस्तु उत्पादन प्रवर्द्धन कार्यक्रम ।

४.३.६ अपेक्षित उपलब्धी

- गाउँपालिकामा घरेलु तथा साना उद्योग नीति निर्माण भएको हुनेछ ।
- उद्योगबाट उत्पादित वस्तुहरु पर्यटन प्रवर्द्धनका लागि सहयोगी सिद्ध भएको हुनेछ ।
- वनजन्य उद्योगहरु सञ्चालनका लागि अध्ययन अनुसन्धान भएको हुनेछ ।
- उद्योगहरुको वर्गीकरण र विशिष्टिकरणबाट निर्यात वृद्धि भई रोजगारी मार्फत आय आर्जन वृद्धि भएको हुनेछ ।
- औद्योगिक ग्राम निर्माण भई घरेलु तथा साना उद्योगहरु स्थापना भएका हुनेछन् ।
- गैर कृषि क्षेत्रका आर्थिक गतिविधिहरु सञ्चालनमा आउने छन् ।

४.४ वन पैदावार तथा खनिज सम्पदा

विद्यमान अवस्था

खनिज सम्पदाहरु नविकरण गर्न नपर्ने लुकेका प्राकृतिक सम्पदा हुन् । मानवजातीले आफ्ना आवश्यकताहरु पूरा गर्न प्राचिनकाल देखि यस्तो सम्पदाको उपयोग गर्दै आएको छ । हिमाल, मध्य पहाड र तराई जस्तो भौगोलिक बनौट भएको हाम्रो देशमा मूल्यवान रुख, वृक्ष र जडिबुटीहरु छन् । पूँजी, प्रविधि, सीप, यातायातको पहूँच र नीतिगत अठोट एवं संकल्पको कमीले यस्ता महत्वपूर्ण खनिज, वन पैदावर तथा जडिबुटीहरु उत्खनन् र उपयोग गर्न सकिएको छैन । अध्ययन अनुसन्धान गरी यी वस्तुहरुको उपयोग गर्न सके राष्ट्रलाई समृद्धि तर्फ डोऱ्याउन सकिन्छ । पन्ध्रौ योजनाले आर्थिक वर्ष २०८०/०८१ सम्म कृषि, वन र खानी क्षेत्रबाट २३% को योगदानको लक्ष्य पुरा हुने अपेक्षा गरेको छ भने कूल निर्यातमा वनजन्य तथा जडिबुटी उत्पादनको हिस्सा १०% र कम्तीमा १५ लाख रोजगारी सिर्जना गर्ने लक्ष्य

लिएको छ । त्यसका लागि प्रतिवर्ष १३ करोड क्यूविक फिट काठ उत्पादन गरी काठजन्य उद्योगको विस्तार गर्ने लक्ष्य छ । प्रदेशको प्रथम आवधिक योजनाले पनि वनपैदावार र जडिबुटीको उत्पादकत्व बढाई रोजगारी सिर्जना गर्ने लक्ष्य लिएको छ । त्यसैगरी प्रदेशको प्रथम योजनाले **खनिज क्षेत्रको योगदान वृद्धि गरी आर्थिक रुपान्तरण र सुदृढ अर्थतन्त्रको निर्माण** भन्ने सोँच सहित वातावरणीय सन्तुलनमा खलल नपुग्ने गरी खनिज उद्योगको विकास र विस्तारद्वारा रोजगारी तथा औद्योगिक उत्पादन वृद्धि गर्ने लक्ष्य लिएको छ ।

राप्ती सोनारी गाउँपालिकाको८० प्रतिशत भू-भाग वनजंगलले ढाकेको र ७४ वटा सामुदायिक वन भएको पालिका हो । यस पालिकामा रहेका सामुदायिक वनहरुको प्रचुर उपयोग गरी जनताहरुको आय स्तर वृद्धि गर्न सकिन्छ । सामुदायिक वनको खाली जग्गाहरुमा आँप, लिची, कटहर, मेवा, अम्बा, बेल, चिउरी, कागती, एभोकाडो, बडहर, जस्ता फलफूलहरु र औषधी तथा जडिबुटीजन्य वृक्षहरु दतिवन, बोझो, घ्युकुमारी, सेतो बोझो, कुरिलो निम, कोइरालो, आँक, ठूलोछाप्रे, तेजपत्ता, बादलपाते, कालो हलेदो, आकाशेबेली, लेमनग्रास, गिट्ठा, कामराज, सजिवन, असुरो, महुवा, बकाइलो, पुदीना, अमला, तुलसी, खोटे सल्ला, पिपला, मरिच, रुदिलो, सर्पगंधा तथा निगोलो, बेत, रातकी रानी, रुद्राक्ष, पारिजात, रक्तचन्दन आदि महत्वपूर्ण वृक्षहरुको वृक्षारोपण र खेती गरी प्रसस्त लाभ लिन सकिन्छ । राप्ती सोनारी गाउँपालिकाका विभिन्न वडाहरुको तथ्यांकले हरेक ४-५ वर्षमा गैरकाष्ठ सामुदायिक वनको उत्पादनबाट प्रति सामुदायिक वन काठको छटानी गर्दा ३०-४० लाखसम्म आम्दानी भएको देखाउँछ । अप्रत्यक्ष रुपमा ७४ वटा सामुदायिक वनले कृषकहरुलाई गाईवस्तु पालनका लागि चरीचरन, प्राङ्गारिक मल उत्पादनका लागि स्याउला सोत्तर, घरगोठमा आगलागी हुँदा सामुदायिक वनबाट काठ र खर उपलब्ध गराई विपद्को बेला सेल्टरको व्यवस्था गर्नको लागि योगदान दिएको छ । यस गाउँपालिकाको प्रमुख आन्तरिक आयश्रोतको रुपमा नदीजन्य खानीहरुबाट प्राप्त हुने ढुङ्गा, गिट्टी र बालुवा रहेको छ । गाउँपालिकाले वातावरणीय प्रभाव मूल्यांकन तथा अन्य आवश्यक कानून बनाई ८ वटा क्रसर उद्योगलाई कानूनी दायरा भित्र राख्दै नदीजन्य उत्पादनको निर्यातबाट उल्लेख्य आय वृद्धि गरी रोजगारी सिर्जना एवं विकास निर्माणका कामहरु गर्नसकिन्छ ।

अवसर र चुनौती

अवसर

- काष्ठ पैदावारबाट फर्निचरजन्य उद्योग खोली लाभ लिन सकिने ।
- सामुदायिक वनमा फलफूल तथा औषधीजन्य जडिबुटीको संरक्षण र प्रवर्द्धन गरी निर्यात बढाउन सकिने ।
- गैरकाष्ठ वनजन्य उत्पादनको निर्यात गरी आय आर्जन गर्न सकिने ।
- जडिबुटी संकलन, भण्डारण, प्रशोधन र ब्राण्डिङ गरी रोजगार प्रवर्द्धन र आय आर्जन गर्न सकिने ।
- ढुङ्गा, गिट्टी र बालुवाबाट आन्तरिक राजश्वमा वृद्धि र रोजगारी श्रृजना हुने ।

चुनौती

- वनपैदावार, जडिबुटी र खानीजन्य उत्पादन सहज उपयोगका लागि नीतिगत व्यवस्था गर्ने ।
- अमूल्य काठ तथा जडिबुटीहरुको पहिचान र संरक्षणको व्यवस्थापन गर्ने ।
- ढुङ्गा खानी र गिट्टी, ढुङ्गाको उपयोग गर्दा विपद् तथा वातावरण सन्तुलनको व्यवस्थापन गर्ने ।
- महत्वपूर्ण वन्यजन्य वस्तुहरुको चोरी निकासी नियन्त्रण गर्ने ।

दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य

दीर्घकालीन सोँच :- वनपैदावार, जडिबुटी र खनिज राप्ती सोनारीको पहिचान; आर्थिक वृद्धि र रोजगारीले समृद्धिमा योगदान ।

लक्ष्य :-काष्ठ र गैरकाष्ठ वनपैदावार, औषधीजन्य जडिबुटी तथा नदीजन्य वस्तुहरुको उत्पादनबाट लाभ लिई रोजगारी सिर्जना गर्दै निर्यात मार्फत अर्थोपार्जन गर्ने ।

उद्देश्य :-

- वातावरण सन्तुलन कायम गर्दै नदीजन्य र वनजन्य उद्योगहरु सञ्चालन गरी आय आर्जन गर्ने ।
- नदीजन्य वस्तुहरुको उत्पादन र निर्यातका लागि नीति बनाई रोजगारी र पालिकाको आन्तरिक आम्दानी बढाउदै आवश्यक पूर्वाधार तयार गर्ने ।

रणनीति र कार्यनीति

उद्देश्य १ : वातावरण सन्तुलन कायम गर्दै नदीजन्य र वनजन्य उद्योगहरु सञ्चालन गरी आय आर्जन गर्ने ।	
रणनीति	**कार्यनीति**
• मापदण्ड बमोजिम वनजन्य वस्तुहरुको उत्पादन गरी निर्यात प्रवर्द्धन गर्ने ।	• वनजन्य वस्तुहरुको उत्पादन प्रशोधन तथा निर्यातका लागि आवश्यक कानून र कार्यविधि तयार गर्ने । • वातावरण संरक्षण र प्रकोप प्रभावमा ध्यान दिई बालुवा, गिट्टीको उत्खनन् र प्रयोग गर्ने । • विभिन्न थरीका काठ तथा गैरकाष्ठ पैदावारको निर्यात गर्ने व्यवस्थाका लागि संघ तथा प्रदेश सरकारको समन्वयमा नीति निर्माण गर्ने । • सामुदायिक वनहरुलाई औषधीजन्य जडिबुटीहरुको वर्गीकरण र विशिष्टीकरण गरी जडिबुटी उत्पादन, प्रशोधन गर्दै वस्तुहरु निर्माण गरी रोजगारी एवं आयस्तरमा वृद्धि गर्ने • औषधीजन्य जडिबुटीको पहिचान गरी उद्योग स्थापना, ब्राण्डिङ र बजारीकरण गरिनेछ । • औषधीजन्य जडिबुटीहरु, फलफूलहरुको विशिष्टीकरण गरी सामुदायिक वनहरुमा खेती गर्दै निर्यात मार्फत जनताहरुको जीवनस्तर उकास्ने ।
उद्देश्य २ : नदीजन्य वस्तुहरुको उत्पादन र निर्यातका लागि नीति बनाई रोजगारी र पालिकाको आन्तरिक आम्दानी बढाउदै आवश्यक पूर्वाधार तयार गर्ने ।	
• नदीजन्य वस्तुहरुको दीगो उत्पादन गरी पालिकाको आन्तरिक आय वृद्धि गर्दै पूर्वाधार निर्माण गर्ने ।	• नदीजन्य तथा वन्यजन्य वस्तुहरुको उत्पादन तथा उपयोगको लागि संघ र प्रदेश सरकारसँग समन्वय गरी कानून तर्जुमा गर्ने । • वातावरण र प्रकोप बीचको सन्तुलन कायम गरी नदीजन्य वस्तुहरुको उत्पादन तथा निर्यात मार्फत रोजागरी सिर्जना गर्ने ।

प्रमुख कार्यक्रम

- वन तथा नदीजन्य वस्तुहरुको उत्खनन् र उपयोगको लागि कार्यबिधि तर्जुमा ।
- औषधीजन्य जडिबुटी (Non-timber and Herbal Products) को पहिचान तथा संरक्षणका लागि अध्ययन, तथ्यांक संकलन र अभिलेखांकन कार्यक्रम ।
- महत्वपूर्ण वनस्पति र जडिबुटीहरुको संरक्षण नीति निर्माण कार्यक्रम ।
- वातावरण प्रभाव मूल्यांकनको आधारमा गिट्टी, बालुवा उत्खनन् क्षेत्र तोक्ने कार्यविधि निर्माण ।
- गैरकाष्ठ पैदावारबाट आकर्षक वस्तु उत्पादनका लागि अनुदान कार्यक्रम ।
- वन तथा नदीजन्य पैदावारको वार्षिक तथ्यांक संकलन कार्यक्रम ।
- उत्पादित वस्तुहरु तथा जडिबुटीहरुको प्रचार प्रसार कार्यक्रम ।
- वडा नं.२ र वडा नं.८ मा रहेका २ वटा जडिबुटी उद्योगहरुको स्तरोन्नतीको लागि प्रोत्साहन अनुदान कार्यक्रम ।

अपेक्षित उपलब्धी

- योजना कार्यान्वयन पश्चात राप्ती सोनारी गाउँपालिकामा रहेका महत्वपूर्ण वनस्पति, औषधीजन्य जडिबुटीको तथ्यांक संकलन र अभिलेखीकरण भएको हुनेछ ।
- वन पैदावार तथा नदीजन्य/खानीजन्य वस्तुको उत्पादन तथा निकासीबाट आय आर्जन भएको हुनेछ ।
- वन तथा नदीजन्य वस्तुहरुको उत्पादन र निर्यातका लागि आवश्यक कानून र कार्यविधि निर्माण भएको हुनेछ ।

४.५ पर्यटन विकास

विद्यमान अवस्था

प्राकृतिक एवं साँस्कृतिक सम्पदा र विविधताको कारण पर्यटन क्षेत्र नेपालको अर्थतन्त्रको लागि उच्च सम्भावना बोकेको क्षेत्र हो । यस्ता प्राकृतिक एवं साँस्कृतिक सम्पदाहरुको संरक्षण एवं विविधिकरण गरी पर्यटकीय स्थलको रुपमा विकास गर्ने नीति अंङ्गिकार गर्नु अपरिहार्य छ ।

नेपाल एक आकर्षक, सुरक्षित र मनोरम पर्यटकीय गन्तव्य भन्ने सोँच र विश्व पर्यटन बजारमा नेपाललाई अग्रणी स्थानमा स्थापित गर्ने लक्ष्य लिएको १५ औं योजनाको सारलाई यस आवधिक विकास योजनामा पनि समानजस्यता गर्ने प्रयत्न गरिएको छ ।

त्यसैगरी प्रदेशको प्रथम योजनाले **पर्यटन क्षेत्रको विकास एवं वृद्धि मार्फत आर्थिक समृद्धिमा योगदान** भन्ने सोँच सहित पर्यटन क्षेत्रको प्रवर्द्धनबाट रोजगारी एवं आय आर्जन वृद्धि गरी गरिबी निवारणमा योगदान गर्ने लक्ष्य लिएको छ ।

नेपालको अर्थतन्त्रमा पर्यटन उद्योगको महत्वपूर्ण भूमिका छ । सक्रिय जनसंख्याको २०% जनतालाई यसले रोजगारी दिनुका साथै यस क्षेत्रको कूल ग्राहस्थ उत्पादनमा ३% को योगदान छ । पर्यटन उद्योगलाई योजनाबद्ध र व्यवस्थित बनाउन सके परम्परागत कृषि क्षेलाई सेवा क्षेत्र तर्फ रुपान्तरण गर्दै प्रशस्त रोजगारी सिर्जना गरी आय आर्जन गर्न सकिन्छ । भूकम्प, कोभिड-१९ को प्रभावबाट नेपालले सन् २०११ मा लक्षित गरेको भिजिट २०२० को अपेक्षित लक्ष्य पूरा हुन सकेन, तर पनि देशको आर्थिक समृद्धिको लागि पर्यटन क्षेत्रको विकासलाई सधै महत्व दिनुपर्दछ । लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाले यस प्रदेशलाई मुख्य पर्यटन केन्द्रको रुपमा विकास गरी वार्षिक न्यूनतम १५ लाख वाह्य पर्यटक भित्राउने लक्ष्य लिएको छ । प्रादेशिक सरकारले पर्यटन क्षेत्रमा राखेका लक्ष्य पूरा गर्न स्थानीय सरकार महत्वपूर्ण आधार हुन सक्दछ ।

राप्ती सोनारी गाउँपालिकामा राप्ती पकेरी पुल र सिक्टा बाँध, गौशाला मन्दिर, बाँके राष्ट्रिय निकुञ्ज, ढकेरीको मध्वर्ती सामुदायिक वनको पर्यटकीय पार्क, भुवरभवानी मन्दिर, शिव मन्दिर, कन्याराज, विद्युत पावर हाउस, खैर भन्टी गुफा, मलंगसा मस्जिद, भरैयादेविको मन्दिर, गोपाल मन्दिर, कालिमाटी देउती बज्यै मन्दिर, कुश्मेश्वर मन्दिर, ओरालघारी गुफा, बुच्चापुर हात्तीसार, सिक्टा वन, ढकेरी वनस्पति उद्यान, खर्चे ताल, बैसा पिकनिक पार्क, गाईलेक, सतिभवानी मन्दिर र शम्शेरनञ्ज पार्क जस्ता धार्मिक तथा प्राकृतिक सौन्दर्यतामा आधारित पर्यटन स्थलहरु छन् । उपरोक्त स्थानीय पर्यटन स्थलहरुलाई नजिकका ठाकुरद्वारा, काक्रे विहार, बुलबुले ताल, स्वर्गद्वारी तथा लुम्बिनी र तिलौराकोटसँग अन्तर सम्बन्ध बनाई आन्तरिक तथा बाह्य पर्यटकहरुको राप्ती सोनारी गाउँपालिकामा १-२ दिनको बसाई लम्ब्याउनको लागि पर्यटन पूर्वाधार निर्माण, पर्यटन डकुमेन्ट्री निर्माण गर्नु आवश्यक देखिन्छ । कृषि र पशुपालनको विविधिकरण गरी ब्लक र सुपर जोन तयार गर्दै कृषि पर्यटनको विकास र पालिकाको जनसंख्याको ठूलो हिस्सा थारु समुदायले ओगटेकोले थारु संस्कृतिको प्रवर्द्धन गरी साँस्कृतिक पर्यटन विकासकोपनि त्यतिकै सम्भावना छ



चित्र नं. ४.१ : प्रस्तावित पर्यटन माग

अवसर र चुनौती

अवसर

- जैविक विविधता भएकोले पर्या-पर्यटनको प्रवर्द्धन गर्ने अवस्था रहेको ।
- कृषि पर्यटनको विकास गर्ने अवस्था रहेको ।
- धार्मिक तथा साँस्कृति पर्यटनको सम्भावना रहेको ।
- दृष्यावलोकन सहित प्राकृतिक पर्यटनको सम्भावना रहेको ।
- जंगल सफारी र डुङ्गा सञ्चालन गर्न सक्ने सम्भावना रहेको ।

चुनौती

- पर्यटन पूर्वाधार निर्माणमा आवश्यक लगानीको व्यवस्थापन गर्ने ।
- निजी क्षेत्रलाई आकर्षण गर्ने ।
- पर्यटनलाई विशिष्टिकरण गरी प्रचार प्रसार गर्ने ।
- सार्वजनिक-निजी-सहकारी क्षेत्रको लगानीमा एकीकृत पर्यटन प्रवर्द्धन गर्ने ।

दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य

दीर्घकालीन सोँच :-राप्ती सोनारीमा पर्यटनको विकास; रोजगारी तथा सुदृढ अर्थतन्त्रको निकास

लक्ष्य :-पर्यटनका बहु-आयामहरुको विकास गरी आय आर्जन गर्ने ।

उद्देश्य :-

- राप्ती सोनारीलाई सुरक्षित, गुणस्तरीय र पर्यटनमैत्री पालिका बनाई आकर्षक पर्यटन गन्तव्य स्थलको रुपमा विकास गर्ने ।
- पर्या-पर्यटन, धार्मिक पर्यटन, कृषि पर्यटन, साँस्कृतिक पर्यटन आदिलाई विविधिकरण र विशिष्टिकरण गरी रोजगारी सिर्जना गर्दै प्राप्त लाभलाई समन्यायिक वितरण गर्ने ।

रणनीति र कार्यनीति

उद्देश्य १: राप्ती सोनारीलाई सुरक्षित, गुणस्तरीय र पर्यटनमैत्री पालिका बनाई आकर्षक पर्यटन गन्तव्य स्थलको रुपमा विकास गर्ने	
रणनीति	**कार्यनीति**
• मौलिक इतिहास, संस्कृति, धार्मिक स्थलहरुको संरक्षण र सम्बर्द्धन गरी आन्तरिक तथा बाह्य पर्यटकहरुको आकर्षक गन्तव्य स्थल बनाउने ।	• धार्मिक मठ,मस्जिद, मन्दिरहरु तथा ऐतिहासिक स्थलहरुको संरक्षण एवं प्रवर्द्धन गर्ने । • धार्मिक तथा पर्यटकीय स्थलहरुको प्रचार प्रसार गर्ने । • छिमेकी पालिकाहरुसँगको सहकार्यमा पर्यटन प्याकेज बनाई कार्यान्वयनमा ल्याउने । • एकीकृत पर्यटन गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।
उद्देश्य २ : पर्या-पर्यटन, धार्मिक पर्यटन, कृषि पर्यटन, साँस्कृतिक पर्यटन आदिलाई विविधिकरण र विशिष्टिकरण गरी रोजगारी सिर्जना गर्दै प्राप्त लाभलाई समन्यायिक वितरण गर्ने ।	
• राप्ती सोनारीको जैविक विविधतासँग आवद्ध गर्दै पर्या-पर्यटन, धार्मिक पर्यटन र कृषि पर्यटनको एकीकृत रुपमा विकास गर्ने ।	• पर्यटकीय उपजहरुको विशिष्टिकरण गरी एकीकृत पर्यटन प्रवर्द्धन योजना बनाउने । • सार्वजनिक-निजी-सहकारी साझेदारीमा पर्यटन पूर्वाधार विकास कार्यक्रम सञ्चालन गर्ने । • पर्यटकीय उपजलाई मूल्य श्रृंखलामा आवद्ध गरी स्थानीय स्तरसम्म लाभ वितरण गर्ने । • पर्यटन क्षेत्रको विकासको लागि निजीक्षेत्रमैत्री नीति निर्माण गरी लगानी आकर्षित गर्ने । • राप्ती सोनारीमा पाइने प्राणी, चराचुरुङ्गी, माछा, वनस्पती तथा जडिबुटीको तथ्यांक अभिलेखन गरी प्रचार प्रसार गर्ने । • पर्या-पर्यटकीय तालको संरक्षण प्रवर्द्धन गरी पर्यटनको विकास गर्ने • पर्यटकीय पथ निर्माण गरी आवश्यक पूर्वाधार सहित पर्यटकलाई आकर्षण गर्ने ।

प्रमुख कार्यक्रम

- कुशुमबाट दक्षिण तर्फ सडक निर्माण गरी खर्चे ताल-भुवरभवानी मन्दिर-बिनौना कचनापुर पुल-ढकेरीराष्ट्रिय वनस्पति उद्यान-बाँके राष्ट्रिय निकुञ्जमा जंगल सफारीको ट्रयाक-अगैयाको सिक्टा बाँधमा डुङ्गा सञ्चालन र फिसिङ्ग गर्न पर्यटकीय मार्गको पूर्वाधार निर्माण ।
- पर्यटन योजना निर्माण कार्यक्रम ।
- पर्यटन प्रवर्द्धनका लागि यातायात सञ्जाल निर्माण अध्ययन कार्यक्रम ।
- बागवानी निर्माण तथा वनस्पती उद्यान संरक्षण कार्यक्रम ।
- थारु संस्कृतिको संरक्षण र प्रवर्द्धन कार्यक्रम ।
- होटल, मोटेल, रेष्टुरेण्ट र रिसोर्ट जस्ता पूर्वाधार निर्माणमा निजी क्षेत्रलाई आकर्षित गर्ने कार्यक्रम ।
- वडा नं. २, ३, ४ र ५ मा एग्रो टुरिजम सञ्चालन पूर्वाधार निर्माण कार्यक्रम ।
- वडा नं.८ को नयाँ गाउँमा सञ्चालित होमस्टे पर्यटन प्रवर्द्धन कार्यक्रम ।
- वडा नं.१ को गाईलेकमा ट्रयाकिङ पर्यटन मार्गको लागि पूर्वाधार निर्माण कार्यक्रम ।
- पर्यटन सूचना केन्द्रको स्थापना ।
- कोशेली घर निर्माण तथा संचालन ।
- पर्यटकीय स्थलको डकुमेन्ट्री निर्माण कार्यक्रम ।

अपेक्षित उपलब्धी

- एकीकृत पर्यटन गुरु योजना निर्माण भएको हुनेछ ।
- राप्ती सोनारी गाउँपालिका पर्या-पर्यटन, धार्मिक तथा साँस्कृतिक पर्यटनको सुरक्षित र आकर्षक पर्यटन गन्तव्य स्थल भएको हुनेछ ।
- पर्यटन प्रवर्द्धन मार्फत स्थानीय जनताको रोजगारी र आय आर्जन वृद्धि भएको हुनेछ ।
- गाईलेकमा ट्रयाकिङ पर्यटन मार्गको लागि पूर्वाधार निर्माण भएको हुनेछ ।
- नजिकका ख्याती प्राप्त पर्यटन गन्तव्य स्थलहरुसँग राप्ती सोनारीका पर्यटन स्थलहरुको अन्तर सम्बन्ध स्थापित हुनेछ ।

४.६ सहकारी विकास

विद्यमान अवस्था

सहकारी क्षेत्रले आफ्नो सक्रीय सहभागिता र विकास मार्फत छरिएर रहेको श्रम, सीप, प्रविधि र पूँजीलाई एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारी बृद्धिबाट अर्थतन्त्रलाई योगदान दिन सक्ने भएकोले यस क्षेत्रलाई प्रवर्द्धन र विकास गर्नु सान्दर्भिक छ ।

आर्थिक समृद्धि र सामाजिक रुपान्तरणका लागि गुणात्मक एवं दीगो सहकारी भन्ने सोँच र स्वालम्बन तथा पारस्पारिकताको आधारमा उत्पादनमुखी, दीगो एवं न्यायोचित आर्थिक सम्बन्धको विकास गर्ने लक्ष्य लिएको पन्ध्रौं योजना यस आवधिक विकास योजनाको पनि मार्गदर्शक छ ।

प्रदेशको प्रथम आवधिक योजनाले **समाजवाद उन्मुख समृद्ध अर्थतन्त्र निर्माण** भन्ने सोँच सहित सहकारीको व्यवसायिकता अभिवृद्धि गरी सदस्यहरुको आर्थिक, सामाजिक र साँस्कृतिक उन्नति गर्ने लक्ष्य लिएको छ ।

सहकारीहरुले गरिबी न्यूनीकरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछन् । लैङ्गिक तथा समतामूलक समाज निर्माण गर्न, वेरोजगारी समस्या न्यूनीकरण गर्न, कृषि, पशु तथा व्यापारका लागि पुँजी लगानी गरी जनताको आयस्तर वृद्धि गर्न यस क्षेत्रको अहम भूमिका हुन्छ । सहकारी क्षेत्रको वित्तीय दायित्व मात्र नभएर सामाजिक दायित्व समेत हुने भएकोले दीगो विकास लक्ष्य (२०१५-२०३०) ले पनि यस क्षेत्रको भूमिका महत्वपूर्ण हुने बताएको छ । राज्यको श्रोत र साधनको पहूँच नपुगी पिछडिएको समाज र समुदायको सामाजिक, साँस्कृतिक र आर्थिक उन्नयनका लागि सहकारी क्षेत्र अझ महत्वपूर्ण साधन बन्न सक्छ । पन्ध्रौ योजनाले पनि समाजको सामाजिक, साँस्कृतिक र समावेशी अर्थतन्त्रको प्रवर्द्धनका लागि सहकारी क्षेत्रको भूमिका सहायक हुने उल्लेख गरेको छ । नेपालको संविधान २०७२ बमोजिम अर्थतन्त्रका तीन खम्बा मध्ये सहकारी क्षेत्र एक खम्बा हो । त्यसैले लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाले पनि सहस्राब्दी लक्ष्य,

दीगो विकास लक्ष्य पन्ध्रौ योजनाको लक्ष्य पूरा गर्ने परिपुरक लक्ष्यको रुपमा सहकारी क्षेत्रको भूमिका अहं हुने उल्लेख गरेको छ ।

राप्ती सोनारीको पार्श्वचित्र बमोजिम बचत तथा ऋण सहकारी-१०, साना किसान सहकारी-३, कृषि तथा पशुपालन सहकारी-१०, कृषि तथा पशुपालन महिला उद्यमी सहकारी-१९, वन वातावरण सम्बन्धी सहकारी-१ गरी जम्मा ४३ वटा सहकारी दर्ता भएका छन् । कृषि, पशुपंक्षी, घरेलु तथा साना उद्योग, व्यापार र पर्यटन विकासका लागि सहकारी क्षेत्रले ठूलो योगदान पुऱ्याउन सक्छ । छरिएर रहेको पुँजीलाई सहकारी मार्फत बचत गरी सहुलियत दरमा ऋण र प्राविधिक सहयोग उपलब्ध गराई उत्पादन र उत्पादकत्व बृद्धि गर्दै सहकारीका सदस्यहरुको जीवनस्तर उकास्न सकिन्छ । जनतामा वित्तीय साक्षरताको कमी, सहकारी चेतनाको कमी, सदस्यहरुको सक्रीयतामा कमी, व्यवस्थापकीय र नेतृत्व क्षमताको कमी जस्ता कारणहरुले राप्ती सोनारी गाउँपालिकामा सहकारी क्षेत्रबाट अपेक्षित लाभ लिन सकिएको छैन । सहकारी विकासको लागि नागरिकहरुलाई सहकारी शिक्षा, सूचना र तालिममा पहुँच पुऱ्याई राप्ती सोनारीका जनताहरुको आन्तरिक रोजगारी मार्फत आर्थिक विकास गरी गरिबी निवारणमा योगदान पुऱ्याउन सकिन्छ । राप्ती सोनारी गाउँपालिकाले "टोल-टोलमा कृषक समूह; गाउँ-गाउँमा सहकारी" भन्ने कार्यक्रम विगतका योजनाहरुमा ल्याए पनि त्यसले साकार रुप लिन सकेको छैन । दीगो विकास लक्ष्य, पन्ध्रौ योजनाका लक्ष्य तथा प्रदेश योजनाको लक्ष्य पूरा गरी सहकारीलाई आर्थिक विकासको एक खम्बाको रुपमा उत्पादनमुखी बनाउँदै सहकारीको संख्या वृद्धि गरी एक सहकारी एक उत्पादनको नीति लागु गर्नु र उत्पादित सामाग्रीको बजारीकरण गर्नु आजको आवश्यकताहो ।

अवसर र चुनौती

अवसर

- सहकारी क्षेत्रलाई अर्थतन्त्रको तेस्रो खम्बाको रुपमा संविधानमै व्यवस्था गरिएको ।
- वर्तमान परिप्रेक्षमा सहकारी प्रतिको आकर्षण बढ्दै गएको ।
- कृषकहरु कृषि सहकारी तर्फ उत्प्रेरित भएकोले रोजगारीको अवसर सिर्जना भएको ।
- उद्यम सहकारी सञ्चालनको अभ्यासबाट सहकारीको पूँजी परिचालन गरी उद्यम गर्न उत्प्रेरणा वृद्धि भएको ।

चुनौती

- सहकारीले गर्ने लगानीलाई उत्पादनमूलक क्षेत्रमा लगाउने ।
- नियमनकारी निकायलाई प्रभावकारी बनाउने ।
- सहकारी शिक्षा मार्फत नेतृत्व क्षमताको विकास गर्ने ।
- वित्तीय अनुशासन र संस्थागत सुशासन कायम गर्ने
- संकलित पुँजीको सुरक्षा गर्ने ।
- महिलाहरुको क्षमता अभिवृद्धि गरी विशिष्ट महिला सहकारी स्थापना गर्ने ।

दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य

दीर्घकालीन सोँच :- समृद्धिको आधार सहकारी; हात-हातमा सीप, व्यक्ति-व्यक्तिलाई रोजगारी

लक्ष्य :- सहकारी विकासको माध्यमबाट रोजगारी सिर्जना गरी राप्ती सोनारीलाई आत्मर्निभर बनाउने ।

उद्देश्य :- सहकारी संस्थाहरुलाई व्यवस्थित गरी उत्पादनमा अग्रसर बनाउने

रणनीति र कार्यनीति

उद्देश्य : सहकारी संस्थाहरुलाई व्यवस्थित गरी उत्पादनमा अग्रसर बनाउने	
रणनीति	**कार्यनीति**
• वित्तीय र संस्थागत सुशासनका लागि सुदृढ नीति/कार्यविधि निर्माण गर्दै सहकारीको पुँजीलाई उत्पादनमूलक क्षेत्रमा लगानी गरी रोजगार प्रवर्द्धनबाट जनताहरुलाई आत्मर्निभर बनाउने ।	• वित्तीय अनुशासन कायम गर्न सुदृढ नीति/कार्यविधि बनाई कार्यान्वयन गर्ने । • सहकारी शिक्षाको माध्यमबाट सञ्चालक र सदस्यहरुको नेतृत्व र क्षमता विकास गर्ने । • सहकारीलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने । • व्यक्ति वा समूहबाट उत्पादित विशिष्टिकृत वस्तुहरुको ब्राण्डीङ्ग, प्याकेजिङ्ग, भण्डारण र बजारीकरणको व्यवस्था मिलाउने ।

	• कृषि तथा पशुपालन र पर्यटन क्षेत्रमा लगानी गर्ने व्यक्ति वा समूहलाई सहुलियत दरमा ऋण दिने । • सामाजिक, आर्थिक र समावेशी अर्थतन्त्र निर्माण उन्मुख कार्यक्रम सहकारी मार्फत सञ्चालन गर्ने । • दीगो अर्थतन्त्र निर्माणको लागि सहकारीको भूमिका बारे चेतना अभिवृद्धि गर्ने । • सहकारीमा महिलाहरुको आवद्धता बढाउन उत्प्रेरणा जगाउने । • सहकारी मार्फत एक घर एक रोजगार कार्यक्रम सञ्चालन गर्ने । • सहकारी मार्फत कृषि, पशुपालन, पर्यटन र वैकल्पिक उर्जा उत्पादनमा प्रोत्साहन गर्ने । • पैचो पसल, सहकारी खेती प्रणालीको विकास, बहुमूल्य जडिबुटीको वैज्ञानिक खेतीको विकास गर्ने ।

प्रमुख कार्यक्रम

- एक सहकारी एक उत्पादन कार्यक्रम ।
- एक घर एक सहकारी कार्यक्रम ।
- उत्पादनमा संलग्न सहकारीलाई प्रोत्साहन अनुदान कार्यक्रम ।
- सहकारी चेतना अभिवृद्धि, क्षमता विकास र वित्तीय सुशासन तालिम कार्यक्रम ।
- दुई वा दुई भन्दा बढी सहकारीहरुको संयुक्त लगानीबाट सञ्चालन गरिने नमूना उत्पादन कार्यक्रम (कृषि, पशुपंक्षी पालन, जडिबुटी, पर्यटन क्षेत्र) ।
- सामूहिक कृषि तथा पशुपालन सहकारी सञ्चालन र प्रोत्साहन कार्यक्रम ।
- उत्पादित सामाग्री र उपजहरुको ब्राण्डिङ, प्याकेजिङ, बजारीकरण र भण्डारण गर्ने पूर्वाधार निर्माण कार्यक्रम ।
- साना किसान कृषि सहकारी संस्था विस्तार कार्यक्रम (सबै वडामा) ।
- सहकारी संस्थाको एकीकरण र क्षमता विकास कार्यक्रम ।
- सहकारीलाई उत्पादनसँग आवद्धताका लागि सहजीकरण कार्यक्रम ।
- सहकारीमा महिलाहरुको आबद्धता लक्षित सशक्तिकरण कार्यक्रम ।

अपेक्षित उपलब्धी

- योजना कार्यान्वयन पश्चात राप्ती सोनारीमा सहकारी संस्थाहरुको संख्या बढेको हुनेछ ।
- सहकारीको विविधिकरण भएको हुनेछ ।
- सहकारी मार्फत महिला, दलित र पिछडिएका वर्गहरुको सशक्तिकरण भएको हुनेछ ।
- उत्पादनमा संलग्न सहकारीले तालिम, प्राविधिक सहयोग र अनुदान प्राप्त गरेका हुनेछन् ।
- सहकारी मार्फत उद्यम गरी रोजगारी सिर्जना भएको हुनेछ ।

४.७ वाणिज्य तथा आपूर्ति

विद्यमान अवस्था

अर्थतन्त्रमा व्यापार तथा वाणिज्य क्षेत्रको महत्वपूर्ण भूमिका रहन्छ । त्यसैगरी अत्यावश्यक वस्तु तथा सेवाको सहज र निर्वाध आपूर्ति गरी नागरिकको दैनिक जीवनलाई सहज बनाउनु तीन तहकै सरकारको दायित्व हो । उपलब्ध श्रोत, सीप, पूँजी र प्रविधिको उपयोगबाट प्रतिस्पर्धी र तुलनात्मक लाभ भएका वस्तु उत्पादन, आन्तरिक उपभोग र बजारीकरण गर्न सकेमा यस क्षेत्रले स्थानीय अर्थतन्त्रलाई समेत टेवा पुऱ्याई आपूर्तिमा समेत सहजता हुन्छ ।

आर्थिक समृद्धिका लागि निर्यात प्रवर्द्धन, आयात व्यवस्थापन र व्यापार सन्तुलन भन्ने सोँच र अर्थतन्त्रमा वाणिज्य क्षेत्रको योगदान अभिवृद्धि गर्ने लक्ष्य लिएको १५ औं योजनाले आपूर्ति तर्फ **प्रभावकारी, सहज आपूर्ति प्रणाली तथा उपभोक्ता हकको संरक्षण** भन्ने सोँचका साथ गुणस्तरीय वस्तु तथा सेवाको सहज, सर्वसुलभ आपूर्ति गरी आपूर्ति प्रणालीमा नागरिकको पहूँच सहज बनाउने लक्ष्य लिएको छ ।

प्रदेशको प्रथम आवधिक योजनाले **वाणिज्य क्षेत्रको विस्तार र सहज आपूर्तिको व्यवस्था मार्फत आर्थिक समृद्धिमा सहयोग** भन्ने साँच सहित प्रादेशिक व्यापार प्रवर्द्धन गरी गुणस्तरीय वस्तुहरुको सर्वसुलभ रुपमा आपूर्ति हुने व्यवस्था मिलाउने लक्ष्य लिएको छ ।

यातायात र सञ्चार सञ्जालको विकासले नेपाली अर्थतन्त्रमा व्यापार र वाणिज्य क्षेत्रले आर्थिक वृद्धि र विकासमा महत्वपूर्ण भूमिका खेलेको छ । स्थानीय सीप, पुँजी र प्रविधिको प्रयोग गरी प्रतिस्पर्धी र गुणस्तरयुक्त वस्तुहरुको उत्पादन गर्न सकेमा आन्तरिक उपभोगमा आत्मनिर्भर भई आयात विस्थापन र निर्यात प्रवर्द्धन गर्न सकिन्छ । आर्थिक वर्ष २०७६/०७७ मा नेपाली अर्थतन्त्रमा थोक तथा खुद्रा व्यापार क्षेत्रको अंश कूल ग्राहस्थ उत्पादनमा १३.९% रहेको छ । आयात वृद्धिको प्रतिशतलाई न्यूनीकरण गरी निर्यात वृद्धि दरलाई उच्च बनाउन सकेमा व्यापार घाटा कम हुँदै जान्छ । सस्तो श्रम र कच्चा पदार्थको अधिकतम उपयोग गरी प्रतिस्पर्धी वस्तु तथा सेवा उत्पादन गरी आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्नु आवश्यक छ ।

जनचेतनाको अभिवृद्धिसँगै राप्ती सोनारी गाउँपालिकाको सबै वार्डका अधिकांश टोलहरुमा कच्ची सडकको पहूँच भएकोले यहाँका जनताहरुमा व्यवसायिक अवधारणाको विकास भएको छ । गाउँपालिकाको पार्श्वचित्र अनुसार यहाँका ९५% जनताहरुले सडक सुविधा लिइरहेका छन् । यातायातको सुविधा र पालिकासँग नजिक रहेका कोहलपुर, नेपालगञ्ज, रुपहिडिया जस्ता व्यापारिक केन्द्र र नाकाहरुबाट राप्ती सोनारी गाउँपालिकाले वाणिज्य र आपूर्तिको क्षेत्रमा प्रयाप्त लाभ लिन सक्छ । पालिकामा ठूलो आन्तरिक आम्दानीको श्रोत नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी र बालुवाको व्यापार उच्च छ । यसको अलावा कृषि र पशुजन्य उत्पादनको बिक्री दोस्रो व्यापारको श्रोत हो । नदीजन्य पदार्थको अवैध उत्खनन् तथा ओसार प्रसार नियन्त्रण गरी अवैध क्रेसर उद्योगलाई कानूनको दायरामा ल्याई नियमन गर्ने, अन्य व्यापार व्यवसायलाई स्वच्छ र प्रतिस्पर्धी बनाउने, नियमित बजार अनुगमन गर्ने, व्यापार पूर्वाधार तयार गरी कृषि तथा मत्स्यजन्य उपजको प्रदर्शनी र बिक्री स्थलको निर्माण गर्ने, पशु हाटबजार बिक्री केन्द्रको पूर्वाधार तयार गर्ने, उत्पादनमा गुणस्तर नीति निर्माण गरी उपभोक्ता हितको संरक्षण गर्ने, व्यापार, वाणिज्य र आपूर्तिको सञ्जाल निर्माण गरेमा यस पालिकाका वस्तु तथा सेवा उत्पादनकर्ता, बिक्रेता र उपभोक्ताहरुमा उत्प्रेरणा जागी रोजगार मार्फत आर्थिक समृद्धि हासिल गर्न सकिन्छ ।

अवसर र चुनौती

अवसर

- सडक पहूँचको सुविधा भएकोले उत्पादित वस्तुहरुलाई आन्तरिक खपतको अलवा कोहलपुर, नेपालगञ्ज, रुपहिडिया जस्ता बजारहरुमा निर्यात गर्न सकिने ।
- जैविक विविधताले सम्पन्न गाउँपालिका भएकोले कृषि, जडिबुटी तथा वनपैदावार जस्ता उद्योगहरु सञ्चालन गरी निर्यात वृद्धि गर्दै व्यापार प्रवर्द्धन गर्न सकिने ।
- घरेलु तथा साना उद्योग सञ्चालन गरी विशिष्टिकृत वस्तुहरुको उत्पादन र निर्यातबाट व्यापार वृद्धि र आयात प्रतिस्थापन गर्न सकिने ।

चुनौती

- सडक यातायात, उद्योग, पर्यटन क्षेत्रको पूर्वाधार निर्माणमा आवश्यक लगानीको व्यवस्थापन गरी व्यापार विस्तार गर्ने ।
- युवाहरुको विदेश पलायनले गर्दा सक्रीय जनसंख्यामा आएको न्यूनतालाई कृषि, उद्योग, व्यापार र पर्यटन प्रवर्द्धनको क्षेत्रमा व्यवस्थापन र परिपूर्ति गरी व्यापारको आयतन बढाउने ।
- बजारको माग बमोजिम विशिष्टिकृत वस्तुहरुको पहिचान गरी आधुनिक प्रविधिको प्रयोगद्वारा उत्पादन, वितरण र प्रचार प्रसार गरी व्यापार प्रवर्द्धन गर्ने ।
- कृषिजन्य उत्पादनमा आत्मनिर्भर भए पनि भारतबाट आयत विस्थापन गर्ने ।

दीर्घकालीन साँच, लक्ष्य, उद्देश्य

दीर्घकालीन साँच :- राप्ती सोनारीको आर्थिक समृद्धिका लागि निर्यात प्रवर्द्धन, आयात प्रतिस्थापन र व्यापार सन्तुलन ।

लक्ष्य :- आत्मर्निभर अर्थतन्त्रका लागि वाणिज्य क्षेत्र मार्फत रोजगारी र आय आर्जनमा अभिवृद्धि गर्ने ।

उद्देश्य :- खाद्यान्न, पशुपंक्षीजन्य उत्पादन, फलफूल, तरकारी, जडिबुटी जस्ता आधारभूत उपभोग्य वस्तुहरुको उत्पादन गरी वस्तु र सेवाको निर्यातबाट आय आर्जन गर्ने ।

रणनीति र कार्यनीति

उद्देश्य : खाद्यान्न, पशुपंक्षीजन्य उत्पादन, फलफूल, तरकारी, जडिबुटी जस्ता आधारभूत उपभोग्य वस्तुहरुको उत्पादन गरी वस्तु र सेवाको निर्यातबाट आय आर्जन गर्ने ।	
रणनीति	**कार्यनीति**
• गुणस्तरीय वस्तुहरुको उत्पादन, संकलन, भण्डारण, ब्राण्डिङ्ग र बजारीकरण गरी त्यस्ता वस्तुहरुको आन्तरिक उपभोग र निर्यात गर्ने ।	• राप्ती सोनारीको पहिचान हुने अर्गानिक खाद्यान्न, औषधीजन्य जडिबुटी तथा अन्य विशिष्टिकृत वस्तुहरुको पहिचान गरी बजार माग बमोजिम वस्तु र सेवा बिक्री गरी निर्यात प्रवर्द्धन गर्ने । • प्राविधिकहरुको सहयोगमा गुणस्तरीय सामान उत्पादन गर्न कृषक र उद्योगीहरुलाई तालिमको व्यवस्था गर्ने । • सूचना प्रविधि र विद्युतीय व्यापारको विकास र विस्तार गरी स्थानीय उत्पादनको प्रचार प्रसार गर्ने । • व्यापार व्यवसायमा कार्टेलिङ र विचौलिया पद्धतिलाई न्यूनीकरण गरी उत्पादकलाई प्रत्यक्ष फाइदा हुने नीति निर्माण गर्ने । • सडकको स्तरउन्नती गरी व्यापारिक मार्ग पहिचान गरी उत्पादित वस्तुहरुको भण्डारण र बजारीकरणका लागि हाटबजारहरुको निर्माण गर्ने । • उपभोक्ताहरुलाई वस्तु र सेवाको बिक्री गर्दा दररेटमा समानता बनाउन अनिवार्य मूल्य सूची राख्ने नीति निर्माण गरी कार्यान्वयन गर्ने । • बजार अनुगमनलाई प्रभावकारी बनाउने । • उपभोक्ताको हित संरक्षण गर्ने ।

प्रमुख कार्यक्रम

- एक वडा एक हाटबजार पूर्वाधार निर्माण तथा सञ्चालन कार्यक्रम ।
- राप्ती सोनारीको पहिचान दिलाउने विशिष्टिकृत कृषि तथा औगोगिक उत्पादनका वस्तुहरुको प्रचार प्रसार कार्यक्रम ।
- वाणिज्य तथा आपूर्ति क्षेत्रलाई अनुशासित र दीगो बनाउन आवश्यक नीति/कार्यविधि तर्जुमा ।
- कृषि उपज, जडिबुटी तथा स्थानीय श्रोत साधनबाट उत्पादित वस्तुहरुको प्रदर्शनी कार्यक्रम ।
- कोशेली घर निर्माण कार्यक्रम ।
- सूचना, प्रविधि र विद्युतीय व्यापार मार्फत स्थानीय उत्पादनको प्रचार प्रसार कार्यक्रम ।
- उत्पादित वस्तुहरुको सुरक्षित भण्डारणका लागि शीत भण्डार निर्माण कार्यक्रम ।
- निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापनको तथ्यांक अभिलेखीकरण कार्यक्रम ।
- वस्तु उत्पादक कृषक तथा उद्योगीहरुलाई प्रत्यक्ष लाभ दिन विचौलिया निरुत्साहित गर्ने कार्यविधि निर्माण ।
- वैज्ञानिक नापतौल प्रणालीको प्रयोग तथा बजार अनुगमन कार्यक्रम ।

अपेक्षित उपलब्धी

- योजना कार्यान्वयन पश्चात राप्ती सोनारीमा कृषि तथा औद्योगिक उत्पादनमा वृद्धि भई आन्तरिक रुपमा केही उपभोग्य वस्तुहरुमा आत्मनिर्भर भएको हुनेछ ।
- व्यापार प्रवर्द्धन र निर्यातमा वृद्धि भएको हुनेछ ।
- उत्पादित वस्तुले बजारमा आफ्नो पहिचान स्थापित गरेको हुनेछ ।
- उपभोक्ताहरुले गुणस्तरीय वस्तुहरु सर्वसुलभ रुपमा प्राप्त गरेका हुनेछन् ।
- व्यापार तथा वाणिज्य मार्फत रोजगार सिर्जना भई जनताको आयस्तर वृद्धि भएको हुनेछ ।

४.८ श्रम तथा रोजगार र गरिबी निवारण

विद्यमान अवस्था

हाम्रो संविधानले रोजगारी र श्रमको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । श्रम तथा रोजगारीलाई गरिबी निवारण एवं आर्थिक विकासको मुख्य आधारको रुपमा लिइन्छ । यही तथ्यलाई मनन् गरी शीपमूलक श्रमशक्तिको

विकास गरिनु पर्दछ । उत्पादनमूलक क्षेत्रमा रोजगारी सिर्जना गरी उपलब्ध युवा श्रमशक्तिको उद्योग, व्यापार, पर्यटन, शिक्षा, स्वास्थ्य जस्ता सेवा क्षेत्रमा उपयोग गर्न सकिए अर्थतन्त्रको संरचनात्मक परिवर्तनमा योगदान पुग्न जान्छ । वैदेशिक रोजगारीबाट तत्कालका लागी गरिबी निवारणमा केही सकारात्मक प्रभाव देखिए पनि यसको जोखिम पक्षको विश्लेषण गरी आन्तरिक रोजगारी सिर्जना मार्फत वैदेशिक रोजगारीलाई निरुत्साहित गर्नुपर्दछ । रोजगारी र श्रमलाई उचित व्यवस्थापन गर्न व्यवसायिक श्रमशक्तिको विकास गर्ने, श्रमिक उद्यमी बीच सु-सम्बन्ध कायम गर्ने, पूँजी, शीप, प्रविधि र अनुभवको स्वदेशमा उपयोग गर्ने, मर्यादित कामको अवसर सुनिश्चित गर्ने जस्ता नीतिको कार्यान्वयन गरिनुपर्दछ ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई रोजगारीको हकको व्यवस्था गर्नुका साथै सामाजिक सुरक्षा तथा रोजगारीलाई संघ र प्रदेशको साझा अधिकार सूचिमा राखेकोछ । स्थानीय तहलाई बेरोजगारीको तथ्यांक संकलनको जिम्मेवारी दिएको छ । राप्ती सोनारी गाउँपालिकाको २०७५ को घरधुरी सर्वेक्षण प्रतिबेदन अनुसार गाउँपालिकाको कूल जनसंख्याको ४.७ प्रतिशत बैदेशिक रोजगारमा रहेको, करिव ४.१ प्रतिशत नोकरीमा आवद्ध रहेको तथा १२.७ प्रतिशत जनसंख्या गैरसरकारी निकायमा, उद्योग तथा व्यापारमा २.१ प्रतिशत, व्यवसायिक तथा प्राविधिक कार्यमा ०.३ प्रतिशत आवद्ध रहेको देखिन्छ । प्राप्त तथ्यांकलाई विश्लेषण गर्दा ४४.२ प्रतिशत जनसंख्या कृषि व्यवसायमा आवद्ध भई रोजगार रहेको देखिन्छ । कृषि पेशालाई व्यवसायिकरण गर्न नसकिएका कारण हाल स्थानीय स्तरमा रोजगारीका अवसरहरु श्रृजना गर्न नसकिएको यर्थाथतालाई आत्मसात गर्दै आगामी दिनहरुमा कृषि तथा पशुपालनलाई निर्वाहमुखि प्रणालीबाट व्यवसायिकरण तर्फ उन्मुख बनाउनु पर्ने देखिन्छ ।

सामाजिक सुरक्षा र साामजिक न्याय प्रदान गर्दै सबै लिङ्ग, क्षेत्र र समुदाय भित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने नीति हाम्रो संविधानले अङ्गिकार गरेको छ । गरिबी निवारणलाई विकास प्रयासको प्राथमिकतामा राखी दशैं योजना देखि गरिबीलाई आय गरिबी, मानवीय गरिबी र सामाजिक बञ्चितीकरण गरी ३ आयममा विभाजन गरिएको छ । गरिब लक्षित कार्यक्रमहरु लक्षित वर्गमा पुऱ्याउन गरिब घरपरिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम पनि अगाडि बढेको छ । हाम्रा विगतका प्रयासले गर्दा नेपालको समग्र गरिबी र मानव विकास सूचकांकमा उल्लेख्य सुधार भएपनि गरिबी निवारण र आर्थिक असमानता न्यूनीकरणमा आशातित सफलता प्राप्त हुन सकेको छैन । दीगो विकासको लक्ष्यमा उल्लेख गरिए अनुसार सबै ठाउँबाट सबै प्रकारको गरिबी अन्त्य गर्नु हाम्रो अपेक्षा हो । गरिबी न्यूनीकरण अन्तर सम्बन्धित विषय भएकोले यस क्षेत्रमा सरकारी, सहकारी, सामुदायिक, निजी र गैर सरकारी क्षेत्र एवं विकास साझेदारहरुको समन्वयनात्मक भूमिका आवश्यक छ ।

अवसर र चुनौती

अवसरहरु

- बैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई उद्यमशील कार्यमा संलग्न गराई गाउँमा नै बस्ने बातावरण सिर्जना गर्न सकिने ।
- महिला उद्यमीहरुको संख्यामा बृद्धि र उत्प्रेरित भैरहेको अवस्था रहेको ।
- गरिब तथा बेरोजगार युवाहरुलाई सीपमूलक तालिम, प्रविधि र पुँजी उपलब्ध गराई उद्यमशील कार्यमा संलग्न गराई आत्मनिर्भर बनाउन सकिने ।
- ठूला बजार क्षेत्र नजिक भएकोले उत्पादित बस्तुको विक्री वितरणमा सहज हुँदा रोजगारीको अवसर भएको ।
- आन्तरिक आर्थिक गतिविधिहरुमा बृद्धि भैरहेको ।
- गाउँपालिकाबाट गरिवी निवारण सम्बन्धी बिशेष कार्यक्रम सञ्चालन गरी कार्यान्वयन गर्न सकिने ।
- उपलब्ध स्रोत साधन र सुबिधामा गरिवको पहूँच सुनिश्चित एवं बृद्धि गरी गरिवी निवारण गर्ने ।

चुनौतीहरु

- बेरोजगारीको यथार्थ तथ्यांक नहुँदा जनशक्ति व्यवस्थापन योजना निर्माण गरी कार्यान्वयन गर्ने ।
- बेरोजगारहरुलाई व्यवसायिक तालिम, सीप र प्रविधि उपलब्ध गराई दक्षता अभिबृद्धि गर्ने ।
- गरिवीको रेखामुनीको जनसंख्या बढी भएकोले आवश्यक लगानीका लागि श्रोत, साधनको व्यवस्थापन गर्ने ।
- गरिवीको पहिचान गरी वास्तविक स्थितिको तथ्यपरक ढङ्गले कार्यान्वयन गर्ने ।
- स्रोत साधन र सेवा तथा विकास निर्माणमा गरिब परिवारको पहुँच र सहभागिता सुनिश्चित गर्ने ।
- पहिचान भएका गरिबहरुलाई रोजगारका अवसरहरु उपलब्ध गराउने ।

दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य

दीर्घकालीन सोँच : रोजगारीका अवसरहरु श्रृजना गरी दक्ष जनशक्तिको व्यवस्थापन मार्फत गरिबी निवारण ।

लक्ष्य : दक्ष जनशक्तिको उत्पादन तथा आन्तरिक रोजगारीको श्रृजना गरी गरिबी निवारण गर्ने ।

उद्देश्य : स्थानीय स्तरमा आवश्यक पर्ने जनशक्ति व्यवस्थापन सम्वन्धी योजना निर्माण गर्दै रोजारी मार्फत गरिबी निवारण गर्ने ।

रणनीति र कार्यनीति

उद्देश्य : स्थानीय स्तरमा आवश्यक पर्ने जनशक्ति व्यवस्थापन सम्वन्धी योजना निर्माण गर्दै रोजगारी मार्फत गरिबी निवारण गर्ने ।	
रणनीति	**कार्यनीति**
• श्रममूलक जनशक्तिको आंकलन तथा यस्तो जनशक्तिलाई उत्पादनमुखी बनाई उद्यमशीलता प्रबर्द्धनको माध्यमबाट स्वरोजगार/रोजगारीमा जोड दिने ।	• बेरोजगारी सम्वन्धी तथ्यांक संकलन तथा प्रशोधन गरी अद्यावधिक गर्ने । • आवश्यक क्षेत्रगत जनशक्तिको आँकलन तथा सीपयुक्त शिक्षा मार्फत दक्षता अभिवृद्धि गर्ने । • विभिन्न संघ संस्थाहरुको सहकार्यमा विभिन्न स्वरोजगारमूलक तालिमहरुको सञ्चालन गर्ने । • कृषि तथा पशुपालन सम्वन्धी र अन्य प्राविधिक जनशक्ति उत्पादनको लागि CTEVT अन्तरगत प्राविधिक शिक्षालय सञ्चालन गर्ने । • विद्यालयमा प्राविधिक शिक्षा सञ्चालनको लागि आवश्यक सहयोग उपलब्ध गराइने । • व्यवसायिक तथा प्राविधिक शिक्षा उपलव्ध गराई स्थानीय युवाहरुलाई उद्यमशीलता तर्फ उत्प्रेरित गर्ने । • घरेलु तथा साना उद्योग सञ्चालनको लागि पूर्वाधार तयार गर्न आवश्यक सहयोग उपलव्ध गराइने । • कृषि, पशुपालन तथा पर्यटन क्षेत्रसँग सम्वन्धित दक्ष जनशक्ति उत्पादनमा जोड दिइने ।
• आवश्यक नीति तर्जुमा गरी गरिबी निवारणलाई विकास निर्माणका गतिविधिहरुसँग आवद्ध गर्ने र गाउँपालिका स्तरमा रोजगारीका अवसरहरुको वृद्धि गर्ने ।	• गरिबी निबारण सम्वन्धी नीति तर्जुमा गरी कार्यान्वयन गर्ने । • गाउँपालिकाबाट आफ्नो क्षेत्र भित्रका मानव विकासमा पछि परेका घरपरिवार पहिचान तथा विवरण अद्यावधिक गरी परिचय पत्र प्रदान गर्ने । • गाउँपालिकामा सञ्चालन गरिने सबै खाले विकास निर्माणका गतिविधिहरुमा विपन्न परिवारहरुलाई प्राथमिकता दिने । • विकास निर्माणका गतिविधिहरुमा श्रममुलक प्रविधिको प्रयोगमा जोड दिने । • केन्द्र, प्रदेश तथा स्थानीय स्तरवाट सञ्चालन गरिने गरिबी निवारणका कार्यक्रमहरु एकीकृत रुपमा सञ्चालन गर्ने । • कृषि, पशुपालन तथा पर्यटन व्यवसायलाई गरिबी निवारण तर्फ उन्मुख गर्ने । • गरिवी निवारणका लागि स्थानीय स्तरमा उपलव्ध रैथाने ज्ञान सीप, पेशा एवं व्यवसायको पहिचान गर्नुका साथै विपन्न परिवारहरुलाई निशुल्क सीपमूलक तालिम प्रदान गर्ने । • सामूहिक रुपमा लघु उद्यम सञ्चालन गर्न इच्छुक गरिव घरपरिवारलाई प्रोत्साहन गर्ने । • उद्यमी बन्न चाहने गरीबहरुलाई परिचय पत्रको आधारमा अनुदानको व्यवस्था मिलाउने । • पर्यटनको विकास एवं प्रवर्द्धन गरी रोजगारी सिर्जना मार्फत

	गरिबीनिवारण गर्न गाउँपालिका क्षेत्रमा कम्तिमा ४ स्थानमा घरबास (Home Stay) कार्यक्रम संचालनका लागि गरिवी परिचय पत्रको आधारमा प्राथमिकता दिई आत्मनिर्भर बन्न सहयोग पुऱ्याउने । ● अति विपन्न परिवारलाई प्राथमिकता दिदै एक परिवार एक रोजगारको अवधारणा अवलम्वन गर्ने । ● सीप तथा प्रविधि हस्तान्तरण मार्फत स्वरोजगारमूलक व्यवसाय स्थापनामा सहयोग गर्ने ।

प्रमुख कार्यक्रम

- गाउँपालिकाको जनशक्तिको योजना तर्जुमा ।
- वडा नं. ६ मा लाइफ स्टकसँग सम्बन्धित प्राविधिक शिक्षा सञ्चालन कार्यक्रम ।
- वडा नं.७ मा वन विज्ञानसँग सम्बन्धित प्रविधिक शिक्षा सञ्चालन कार्यक्रम ।
- महिला तथा युवाहरुका लागि उद्यमशीलता तालिम सञ्चालन ।
- कृषि, वन तथा पर्यटन प्रबर्द्धनमा आधारित उद्योग स्थापनामा सहयोग तथा सहजीकरण कार्यक्रम ।
- गरिब परिवार लक्षित आय आर्जन कार्यक्रम ।
- बेरोजगार युवा तथा गरिब परिवारहरुको तथ्याङ्क अद्यावधिक कार्यक्रम ।
- गरिब परिवारले उत्पादन गरेका बस्तुहरु बिक्री वितरण सहजीकरण कार्यक्रम ।
- लघु उद्यम समूह सञ्चालन र प्रोत्साहन कार्यक्रम ।
- सामाजिक परिचालन मार्फत आय आर्जनका लागि बचत संकलन तथा परिचालन कार्यक्रम ।
- अति विपन्न परिवारलाई एक परिवार एक रोजगार कार्यक्रम ।

अपेक्षित उपलब्धी

- गाउँपालिकामा आवश्यक पर्ने जनशक्ति योजना निर्माण भएको हुनेछ ।
- दक्ष जनशक्ति उत्पादन भई रोजगारीका अवसरहरु श्रृजना भएका हुनेछन् ।
- श्रम शक्तिको उपलव्धता अभिबृद्धि भएको हुनेछ ।
- महिला तथा युवाहरुका लागि स्वरोजगार सम्वन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ ।
- घरेलु र साना उद्योग सञ्चालन भई उद्यमशीलताको विकास भएको हुनेछ ।
- अति विपन्न परिवारहरु पहिचान गरी परिचय पत्र बितरण भएको हुनेछ ।
- गरिव लक्षित बिशेष कार्यक्रम सञ्चालन भई गरिवी न्यूनिकरण भएको हुनेछ ।
- उपलब्ध स्रोत साधन र सेवा सुबिधामा गरिवको पहुँच बृद्धि भएको हुनेछ ।
- तालिम, सीप र प्रबिधि मार्फत सशक्तिकरण गरी गरिवहरुलाई रोजगार र उद्यमशीलतामा संलग्न हुने अवसर प्राप्त भएको हुनेछ ।

तालिका नं. ४.१ : आर्थिक विकास नतिजा खाका

नतिजा श्रृखंला	सूचक तथा पुष्ट्याईका आधारहरु					पुष्ट्याईका आधारहरु	जोखिम पक्ष तथा पूर्वानूमान
	सूचक विवरण	इकाई	आधार वर्ष ०७८/७९	लक्ष्य (सम्मको अवस्था)			
				०८१/८२	०८३/८४		
कृषि विकास							
लक्ष्य : कृषिजन्य वस्तुको उत्पादन र उत्पादकत्व बढाउँदै रोजगार र खाद्य सुरक्षाको सुनिश्चितता गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने ।	गरिबीको रेखामुनी रहेको जनसंख्या	प्रतिशत	१७.८*	१४	११	• गाउँ वस्तुगत विवरण • अध्ययन प्रतिवेदन • मूल्याङ्कन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• आवश्यक श्रोतको निरन्तरता हुनेछ । • मौसम कृषि उत्पादन अनुकूल हुनेछ ।
	कृषि उत्पादकत्व (प्रमुख बाली)	मे.ट/प्रति हेक्टर	३.७	४.१	४.४४		
	खाद्यान्न (धान, गहूँ, जौ, मकै,) उत्पादन	मे.ट.	३३३३८	३७०००	४००००		
	प्रति व्यक्ति खाद्य उत्पादन	के.जी.	४९४	५४८	५९२		
असर १ : कृषि उत्पादनमा आत्मर्निभर हुँदै आयात प्रतिस्थापन र निर्यात वृद्धि गर्ने ।	गैर कृषि क्षेत्र (उद्यम, व्यापार र जागिर पेशामा निर्भर) मा भएको परिवार	संख्या	८०००	९५००	१०५००	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• आवश्यक श्रोतको निरन्तरता हुनेछ • मौसम कृषि उत्पादन अनुकूल हुनेछ ।
	उत्पादन र बजारीकरण सहकारीमा आवद्ध सदस्य	प्रतिशत	५०	५८	६५		
	सक्रीय व्यवसायिक कृषि फर्म	संख्या	४५	५०	५५		
	कम्पोष्ट र जैविक मल उत्पादन	मे.ट.	१५००	१८००	२०००		
	कोल्ड स्टोर	संख्या	१	२	२		
	स्मार्ट कृषि गाउँ	संख्या	१	२	३		
	कृषिको सुपर जोन	संख्या	१	२	३		
	कृषि उपज संकलन तथा बजार प्रवर्द्धन केन्द्र	संख्या	१	५	८		
	व्यवसायिक कृषि नर्सरी	संख्या	२५	२८	३०		
प्रतिफल १.१ : प्रतिस्पर्धी क्षमता विकास गरी खाद्य उत्पादन र उत्पादकत्व वृद्धि भएको हुनेछ ।	पकेट क्षेत्रबाट मकैको बिउ उत्पादन	मे.ट.	८	१२	१५	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• आवश्यक श्रोतको निरन्तरता हुनेछ । • मौसम कृषि उत्पादन अनुकूल हुनेछ ।
	आलु उत्पादन	मे.ट.	३००	६००	८००		
	अदुवा, वेसार र अन्य मसला उत्पादन	मे.ट.	५०	७५	१००		
	फलफूल उत्पादन	मे.ट.	१००	२००	३५०		
	तरकारी उत्पादन	मे.ट.	२१०	३५०	४५०		
	दलहन उत्पादन	मे.ट.	११००	१४००	१५५०		
	तेलहन उत्पादन	मे.ट.	७५०	९००	१०००		
	मसलाजन्य वस्तु उत्पादन	मे.ट.	२६०	३५०	४५०		
	मकै उत्पादन	मे.ट.	१७००	२२००	२५००		
	धान उत्पादन	मे.ट.	२१०००	२५०००	२८०००		
	गहूँ र जौ उत्पादन	मे.ट.	१३०००	१५०००	१८०००		
असर २ : कृषि प्रणालीमा सिँचाई तथा यान्त्रिक र प्राविधिक सुविधा बढाई कृषि व्यवसायलाई गुणस्तरीय, दीगो र नाफामूलक बनाउने ।	मौसमी वर्षामा आधारित खेतमा सिँचाई सुविधा भएका घरधुरी	प्रतिशत	७०	७५	८०	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन, सिंचाई कार्यालयका प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• आवश्यक श्रोतको निरन्तरता हुनेछ । • सिंचाई प्रणाली व्यवस्थित भएको हुनेछ ।
	कृषि प्राविधिक	संख्या	५२	६१	६१		
	अगुवा वा व्यवसायिक कृषक	संख्या	६०	८०	१००		
	कृषि यन्त्र (टिलर, कर्नसेलर, स्प्रेयर आदि)	संख्या	१००	२००	३००		
	सक्रीय व्यवसायिक कृषि समूह	संख्या	७८	९६	१०५		

नतिजा श्रृखंला	सूचक तथा पुष्ट्याईका आधारहरु					पुष्ट्याईका आधारहरु	जोखिम पक्ष तथा पूर्वानूमान
	सूचक विवरण	इकाई	आधार वर्ष ०७८/७९	लक्ष्य (सम्मको अवस्था)			
				०८१/८२	०८३/८४		
	व्यवसायिक कृषि सहकारी	संख्या	२२	३१	३१		
	प्रयोगमा आएका सिँचाई प्रविधि (कूलो, नहर, बोरिङ, लिफ्ट आदि) प्रयोग गर्ने घरधुरी	संख्या	५४३०	६०००	७०००		
	कृषि सेवा केन्द्र	संख्या	३	३	४		
प्रतिफल २.१ : कृषि क्षेत्रमा निजी, सहकारी तथा सार्वजनिक क्षेत्रको लगानी अभिवृद्धि गरी सिँचाई सुविधा, कृषि यन्त्रको वितरण र प्राविधिक सहयोग उपलब्ध भएको हुनेछ	बाह्रै महिना सिँचाई हुने कृषक घरधुरी	प्रतिशत	४४	७०	९४	• गाउँ वस्तुगत विवरण • मूल्याङ्कन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• आवश्यक श्रोतको निरन्तरता हुनेछ । • कृषक सहभागिता हुनेछ ।
	मिनि पावर टिलर, कर्न सेलर तथा स्प्रेयर	गोटा	NA	१२०	१५०		
असर ३ : कृषि व्यवसायलाई वातावरण र पर्यटन उन्मुख बनाउँदै कृषिको विविधिकरणबाट यस क्षेत्रलाई परिणाममुखी र प्रतिस्पर्धी बनाइनेछ	कृषिका विभिन्न पकेट क्षेत्र	संख्या	६	१२	१५	• गाउँ वस्तुगत विवरण • मूल्याङ्कन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• आवश्यक श्रोतको निरन्तरता हुनेछ । • कृषक सहभागिता हुनेछ
	पकेट क्षेत्रलाई सुपरजोनमा बृद्धि	संख्या	०	१	२		
	कृषि पर्यटन सञ्चालन स्थान	संख्या	७	८	९		
	अर्गानिक खेति उत्पादन क्षेत्र	हेक्टर	NA	७	९		
प्रतिफल ३.१ : कृषक समूहको वर्गीकरण गरी विशिष्टिकृत उत्पादनको प्रवर्द्धन भएको हुनेछ	धानको बिउ पकेट क्षेत्र	संख्या	०	१	१	• गाउँ वस्तुगत विवरण • मूल्याङ्कन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• आवश्यक श्रोतको निरन्तरता हुनेछ । • कृषक सहभागिता हुनेछ
	तरकारी पकेट क्षेत्र	संख्या	३	५	७		
	फलफूल पकेट क्षेत्र	संख्या	१	२	२		
	मकै पकेट क्षेत्र	संख्या	२	४	५		
पशुपंक्षी विकास							
लक्ष्य : पशुपंक्षी जन्य उत्पादन र उत्पादकत्व वृद्धिका माध्यमबाट खाद्य सुरक्षा सुनिश्चित गरी रोजगारी सिर्जना र निर्यात बढाउने	पशुपंक्षीका विभिन्न श्रोतबाट मासु उत्पादन	मे.ट.	४५३	५००	६००	• गाउँ वस्तुगत विवरण • अध्ययन प्रतिवेदन • मूल्याङ्कन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• आवश्यक श्रोतको निरन्तरता हुनेछ । • पशुपालनमा कृषक तथा स्थानीय सरकारको लगानीमा वृद्धि हुनेछ
	वार्षिक अण्डा उत्पादन	गोटा	२३४५२५०	२५०००००	२७०००००		
	वार्षिक दूध उत्पादन	मे.ट.	२७६०	३०००	३२००		
	प्रति व्यक्ति दूधको उपभोग (वार्षिक)	लिटर	५०	७५	९१		
	प्रति व्यक्ति अण्डा (वार्षिक)	गोटा	३५	४०	४८		
	प्रति व्यक्ति मासु (वार्षिक)	के.जी.	७	१३	१८		
असर १ : पशुपंक्षी तथा मत्स्यजन्य उत्पादनमा पालिकालाई आत्मनिर्भर बनाउँदै आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने ।	क्रियाशील पशुपालक समूह	संख्या	६	१५	२४	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• आवश्यक श्रोतको निरन्तरता हुनेछ । • पशुपालनमा कृषक तथा स्थानीय सरकारको लगानीमा वृद्धि हुनेछ
	पशुपालक कृषक ज्ञान केन्द्र	संख्या	१	४	६		
	मत्स्यपालन केन्द्र	संख्या	४	६	८		
प्रतिफल १.१ : प्रतिस्पर्धी क्षमताको विकास गरी खाद्य सुरक्षाको सुनिश्चित गर्न र पशुपंक्षी तथा मत्स्यजन्य उत्पादन र उत्पादकत्वमा वृद्धि गरी निर्यात प्रवर्द्धन भएको हुनेछ ।	अगुवा कृषकहरुलाई तालिम (वार्षिक)	संख्या	NA	२७०	४५०	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• आवश्यक श्रोतको निरन्तरता हुनेछ । • पशुपालन व्यवसाय सम्मानित भएको हुनेछ ।
	पशुपंक्षी फार्म	संख्या	२५७	३००	३२५		
	दाना तथा मिनरल सप्लिमेण्ट उद्योग	संख्या	१	२	३		

नतिजा श्रृखंला	सूचक तथा पुष्ट्याईका आधारहरु					पुष्ट्याईका आधारहरु	जोखिम पक्ष तथा पूर्वानूमान
	सूचक विवरण	इकाई	आधार वर्ष ०७८/७९	लक्ष्य (सम्मको अवस्था) ०८१/८२	०८३/८४		
प्रतिफल १.२ : पशुपालन क्षेत्रमा निजी सहकारी तथा गैर सरकारी क्षेत्रको लगानी अभिवृद्धि गरी पशुजन्य निर्यात प्रवर्द्धन भएको हुनेछ ।	गैर सरकारी संस्थासँग सहकार्य	संख्या	१	२	३	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन, सिंचाई कार्यालयका प्रतिवेदन् • प्रगति/अनुगमन प्रतिवेदन	• आवश्यक श्रोतको निरन्तरता हुनेछ । • पशुपालन व्यवसाय सम्मानित भएको हुनेछ ।
	पालिका बाहिर निर्यात हुने बोका/खसी, भेंडा (वार्षिक)	संख्या	५६२८	६५००	७२००		
	ह्याचिङ मेसिन	संख्या	०	१	२		
	दूध डेरी	संख्या	६	७	९		
	मासु पसल	संख्या	११७	१२५	१३०		
	भेटेनरी पसल	संख्या	२२	२५	३०		
	पशुपंक्षी औषधालय	संख्या	NA	६	१०		
	सुधारिएको गोठ र खोरहरु	संख्या	९	३०	५०		
असर २ : पशुपंक्षी तथा मत्स्यजन्य व्यवसायलाई वातावरणमैत्री र पर्यटनमैत्री बनाई परिणाममुखी र प्रतिस्पर्धी बनाउने ।	घाँस वाली श्रोत ब्लक	संख्या	०	७	९	• गाउँ वस्तुगत विवरण • मूल्याङ्कन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• आवश्यक श्रोतको निरन्तरता हुनेछ । • पशुपालन व्यवसाय सम्मानित भएको हुनेछ ।
	ज्ञान केन्द्र मार्फत एकीकृत पशुपंक्षी सेवा	संख्या	१	३	५		
	पशुपंक्षी हाटबजार	संख्या	०	१	२		
	माछा उत्पादन केन्द्र	संख्या	१	३	५		
	मौरी उत्पादन पकेट क्षेत्र	संख्या	१	३	५		
प्रतिफल २.२ : पशुपंक्षीपालन व्यवसायलाई आन्तरिक पर्यटनमैत्री बनाइनेछ ।	आन्तरिक अवलोकनमैत्री फर्म	संख्या	NA	१०	१५	• गाउँ वस्तुगत विवरण • मूल्याङ्कन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• आवश्यक श्रोतको निरन्तरता हुनेछ । • निजी क्षेत्रको लगानी वृद्धि भएको हुनेछ ।
	सुविधा सम्पन्न पशुपंक्षी फर्म	संख्या	NA	७	१०		
घरेलु तथा साना उद्योग							
लक्ष्य : उद्योगका पूर्वाधार तयार गरी उपभोग्य वस्तुमा आत्मनिर्भर बनी निर्यात र रोजगारी मार्फत आय आर्जन गर्ने ।	औद्योगिक ग्राम	संख्या	०	१	१	• गाउँ वस्तुगत विवरण • अध्ययन प्रतिवेदन • मूल्याङ्कन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• आवश्यक श्रोतको निरन्तरता हुनेछ । • निजी क्षेत्रको लगानी वृद्धि भएको हुनेछ ।
	जडिबुटी प्रशोधन उद्योग	संख्या	२	३	४		
असर १ : पर्यटन, वन, खाद्य र खनिजमा आधारित उद्योगहरु सञ्चालन र प्रवर्द्धन गरी राप्ती सोनारीलाई निर्यात उन्मुख गाउपालिका बनाउने	ढुङ्गा, गिट्टी तथा बालुवासँग सम्बन्धित क्रसर उद्योग	संख्या	३	३	३	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• आवश्यक श्रोतको निरन्तरता हुनेछ । • निजी क्षेत्रको लगानी वृद्धि भएको हुनेछ ।
	जैविक मल उत्पादन उद्योग	संख्या	०	१	२		
	घरेलु तथा साना उद्योगको संख्या	संख्या	NA	१५	२०		
प्रतिफल १.१ : संघ र प्रदेशसँग समन्वय गरी वनजन्य र खनिजजन्य उद्योगसँग सम्बन्धित आवश्यक नीति, कानून तर्जुमा भएको हुनेछ ।	उद्योगमैत्री नीति/कार्यविधि तर्जुमा	संख्या	०	१	१	• गाउँ वस्तुगत विवरण • अध्ययन प्रतिवेदन • मूल्याङ्कन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• आवश्यक श्रोतको निरन्तरता हुनेछ । • निजी क्षेत्रको लगानी वृद्धि भएको हुनेछ ।

नतिजा श्रृखंला	सूचक तथा पुष्ट्याईका आधारहरु					पुष्ट्याईका आधारहरु	जोखिम पक्ष तथा पूर्वानूमान
	सूचक विवरण	इकाई	आधार वर्ष ०७८/७९	लक्ष्य (सम्मको अवस्था)			
				०८१/८२	०८३/८४		
प्रतिफल १.२ : पर्यटन, वन र खनिजजन्य उद्योगहरु सञ्चालन गर्ने पूर्वाधार निर्माण भएको हुनेछ	स्तरीय होटल, मोटल, रेष्टुरेण्ट र रिसोर्ट	संख्या	NA	५	७	• गाउँ वस्तुगत विवरण • अध्ययन प्रतिवेदन • मूल्याङ्कन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• आवश्यक श्रोतको निरन्तरता हुनेछ । • निजी क्षेत्रको लगानी वृद्धि भएको हुनेछ ।
	वन, खानी र खनिजजन्य वस्तुहरुको अध्ययन अनुसन्धान	संख्या	०	१	२		
वन पैदावार तथा खनिज सम्पदा							
लक्ष्य : काष्ठ र गैरकाष्ठ वनपैदावार, औषधीजन्य जडिबुटी तथा नदीजन्य वस्तुहरुको उत्पादनबाट लाभ लिइ रोजगारी सिर्जना गर्दै निर्यात मार्फत अर्थोपार्जन गर्ने ।	प्रति सामुदायिक वनबाट वडाले लिएको वार्षिक आम्दानी	हजारमा	८०	१२०	१५०	• गाउँ वस्तुगत विवरण • अध्ययन प्रतिवेदन • मूल्याङ्कन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• स्थानीय तहमा वन, वन पैदावार र खनिज सम्बन्धी नीति तर्जुमा भएको हुनेछ । • जडिबुटी उत्पादनमा सरकारी संयन्त्रसँग समन्वय भएको हुनेछ
	सामुदायिक वनबाट प्रत्यक्ष वा परोक्ष रोजगारी सिर्जना	संख्या	११००	१३००	१५००		
	नदीजन्य वस्तुबाट रोजगार सिर्जना	संख्या	४००	४५०	५००		
असर १ : वातावरण सन्तुलन कायम गर्दै नदीजन्य र वनजन्य उद्योगहरु सञ्चालन गरी आय आर्जन गर्ने ।	वातावरण प्रभाव मूल्यांकन नीति तर्जुमा	संख्या	१	१	२	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• स्थानीय तहमा वन, वन पैदावार र खनिज सम्बन्धी नीति तर्जुमा भएको हुनेछ । • जडिबुटी उत्पादनमा सरकारी संयन्त्रसँग समन्वय भएको हुनेछ
	जडिबुटी प्रशोधन उद्योग	संख्या	२	३	४		
	काष्ठ र गैरकाष्ठ उद्योग	संख्या	NA				
	नदीजन्य वस्तुमा आधारित उद्योग	संख्या	३	३	३		
प्रतिफल १.१ : मापदण्ड बमोजिम वनजन्य वस्तुहरुको उत्पादन गरी निर्यात प्रवर्द्धन गर्ने ।	नदीजन्य वस्तुहरुको निकासी नीति र मापदण्ड तर्जुमा	संख्या	०	१	१	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• स्थानीय तहमा वन, वन पैदावार र खनिज सम्बन्धी नीति तर्जुमा भएको हुनेछ । • जडिबुटी उत्पादनमा सरकारी संयन्त्रसँग समन्वय भएको हुनेछ
	महत्वपूर्ण जडिबुटीको तथ्यांक अभिलेखांकन	संख्या	०	१	२		
	सामुदायिक वनमा फलफूल तथा जडिबुटीखेती	वडा संख्या	१	७	९		
असर २ : नदीजन्य वस्तुहरुको उत्पादन र निर्यातका लागि नीति बनाई रोजगारी र पालिकाको आन्तरिक आम्दानी बढाउदै आवश्यक पूर्वाधार तयार गर्ने	नदीजन्य वस्तुको निकासी तथ्यांकअभिलेखांकन (वार्षिक)	संख्या	०	३	५	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• स्थानीय तहमा नदीजन्य वस्तु सम्बन्धी नीति तर्जुमा भएको हुनेछ । • नदीजन्य वस्तु उत्पादनमा प्रदेश सरकारसँग समन्वय भएको हुनेछ
	नदीजन्य श्रोतको अध्ययन	पटक	०	१	२		
प्रतिफल २.१ : नदीजन्य वस्तुहरुको दीगो उत्पादन गरी पालिकाको आन्तरिक आय वृद्धि गर्दै पूर्वाधार निर्माण गर्ने ।	पालिकामा उपलब्ध नदीजन्य पदार्थको तथ्यांक संकलन	पटक	०	३	५	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन, सिंचाई कार्यालयका प्रतिवेदन् • प्रगति/अनुगमन प्रतिवेदन	• अनुगमन मूल्यांकन प्रभावकारी हुनेछ । • नदीजन्य पदार्थको उत्खनन् सम्बन्धी व्यवस्थित अध्ययन भएको हुनेछ ।
	नदीजन्य वस्तुमा आधारित उद्योगहरुको अनुगमन/नियमन	पटक	NA	६	१०		

नतिजा श्रृखंला	सूचक तथा पुष्ट्याईका आधारहरु					पुष्ट्याईका आधारहरु	जोखिम पक्ष तथा पूर्वानूमान
	सूचक विवरण	इकाई	आधार वर्ष ०७८/७९	लक्ष्य (सम्मको अवस्था)			
				०८१/८२	०८३/८४		
पर्यटन विकास							
लक्ष्य : पर्यटनका बहु-आयामहरुको विकास गरी आय आर्जन गर्ने	पर्यटनका बहुआयामहरुको पहिचान	संख्या	४	६	७	• गाउँ वस्तुगत विवरण • अध्ययन प्रतिवेदन • मूल्याङ्कन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• पर्यटन प्रवर्द्धन सम्बन्धी स्थानीय नीति तर्जुमा भएको हुनेछ । • स्थानीय सरकार र निजी क्षेत्रको लगानी वृद्धि भएको हुनेछ ।
	आन्तरिक पर्यटक आगमन	संख्या	NA	२०००	५०००		
	बाह्य पर्यटक आगमन	संख्या	NA	१५०	२००		
असर १ : राप्ती सोनारीलाई सुरक्षित, गुणस्तरीय र पर्यटनमैत्री पालिका बनाई आकर्षक पर्यटन गन्तव्य स्थलको रुपमा विकास गर्ने ।	पर्यटकीय सूचना केन्द्र	संख्या	०	१	१	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• पर्यटन प्रवर्द्धन सम्बन्धी स्थानीय नीति तर्जुमा भएको हुनेछ । • स्थानीय सरकार र निजी क्षेत्रको लगानी वृद्धि भएको हुनेछ ।
	पर्यटन मार्ग पूर्वाधार निर्माण	संख्या	०	०	१		
	पर्यटन एप्स/सफ्टवेयर निर्माण	संख्या	०	१	१		
	स्तरीय होटल, मोटल, रेष्टुरेण्ट, पर्यटक विश्राम स्थल	संख्या	NA	५	७		
	पर्यटन टुर गाइड र ट्राभल तालिम लिएको जनशक्ति	प्रतिशत	१	५	७		
	होमस्टे सञ्चालन	संख्या	२	३	४		
असर २ : पर्या-पर्यटन, धार्मिक पयर्टन, कृषि पर्यटन आदिलाई विविधिकरण र विशिष्टिकरण गरी रोजगारी सिर्जना गर्दै प्राप्त लाभलाई समन्यायिक वितरण गरिनेछ ।	राप्ती सोनारीमा जंगल सफारी सम्भावना अध्ययन	संख्या	०	१	१	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन, सिंचाई कार्यालयका प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• पर्यटन प्रवर्द्धन सम्बन्धी स्थानीय नीति तर्जुमा भएको हुनेछ । • स्थानीय सरकार र निजी क्षेत्रको लगानी वृद्धि भएको हुनेछ ।
	स्थानीय श्रोत, साधन र सीपबाट उत्पादन गर्ने विशिष्ट पर्यटकीय सामाग्री उत्पादन उद्योग	संख्या	NA	३	५		
प्रतिफल २.१ : राप्ती सोनारीको जैविक विविधतासँग आवद्ध गर्दै पर्या-पर्यटन, धार्मिक पर्यटन र कृषि पर्यटनको एकीकृत रुपमा विकास गरिनेछ	प्रचार प्रसार भएका पर्यटक स्थल	संख्या	५	८	१०	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन, सिंचाई कार्यालयका प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• पर्यटन प्रवर्द्धन सम्बन्धी स्थानीय नीति तर्जुमा भएको हुनेछ । • स्थानीय सरकार र निजी क्षेत्रको लगानी वृद्धि भएको हुनेछ ।
	पर्यटन प्रचार सामाग्री (अडियो, भिडियो, श्रव्यदृष्य, बुकलेट आदि)	प्रकाशन संख्या	०	३	५		
	पर्यटन गुरुयोजना तर्जुमा	संख्या	०	१	१		
सहकारी विकास							
लक्ष्य : सहकारी विकासको माध्यमबाट रोजगारी सिर्जना गरी राप्ती सोनारीलाई आत्मर्निभर बनाउने	विभिन्न प्रकृतिका सहकारीमा प्रत्यक्ष रोजगारी	संख्या	८५	१००	१२५	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• स्थानीय सहकारी नीति तर्जुमा भएको हुनेछ । • एक घर एक सहकारी नीति कार्यान्वयनमा आएको हुनेछ
	कृषि तथा पशुपालन महिला उद्यमी सहकारीमा आबद्ध सदस्य	संख्या	१५००	२०००	२३००		
	साना किसान सहकारीमा आबद्धता	सख्या	८००	१०००	१२००		
असर १ : सहकारी संस्थाहरुलाई व्यवस्थित गरी उत्पादनमा अग्रसर बनाइनेछ ।	नेतृत्व र क्षमता विकास तालिम	संख्या	NA	२७०	४५०	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• स्थानीय सहकारी नीति तर्जुमा भएको हुनेछ । • एक घर एक सहकारी नीति
	सहकारी शिक्षा तथा वित्तीय साक्षरता तालिम	संख्या	NA	४५०	७५०		

नतिजा श्रृखंला	सूचक तथा पुष्ट्याईका आधारहरु					पुष्ट्याईका आधारहरु	जोखिम पक्ष तथा पूर्वानूमान
	सूचक विवरण	इकाई	आधार वर्ष ०७८/७९	लक्ष्य (सम्मको अवस्था)			
				०८१/८२	०८३/८४		
	सहकारीबाट उत्पादनमूलक समूह निर्माण	संख्या	NA	९०	१५०		कार्यान्वयनमा आएको हुनेछ
प्रतिफल १.१ : वित्तीय र संस्थागत सुशासनका लागि सुदृढ नीति/कार्यविधि निर्माण गर्दै सहकारीको पुँजीलाई उत्पादनमूलक क्षेत्रमा लगानी गरी रोजगार प्रवर्द्धनबाट जनताहरु आत्मर्निभर भएका हुनेछन् ।	सहकारी सुशासनका लागि नीति तर्जुमा	संख्या	०	१	१	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• स्थानीय सहकारी नीति तर्जुमा भएको हुनेछ । • एक घर एक सहकारी नीति कार्यान्वयनमा आएको हुनेछ
	सहकारीबाट उद्योग क्षेत्रमा लगानी	संख्या	NA	५	८		
	विभिन्न प्रकृतिका सहकारी	संख्या	४३	४५	५०		
वाणिज्य तथा आपूर्ति							
लक्ष्य : आत्मर्निभर अर्थतन्त्रका लागि वाणिज्य क्षेत्र मार्फत रोजगारी र आय आर्जनमा अभिवृद्धि गर्ने ।	व्यापार क्षेत्रमा संलग्न जनसंख्या	प्रतिशत	२.१	४	८	• गाउँ वस्तुगत विवरण • अध्ययन प्रतिवेदन • मूल्याङ्कन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• गाउँपालिकाबाट नीति तर्जुमा गरी सहजीकरण भएको हुनेछ
	व्यापार व्यवसाय मार्फत रोजगारी	संख्या	NA	३००	५००		
असर १ : खाद्यान्न, पशुपंक्षीजन्य उत्पादन, फलफूल, तरकारी, जडिबुटी जस्ता आधारभूत उपभोग्य वस्तुहरुको उत्पादन गरी वस्तु र सेवाको निर्यातबाट आय आर्जन गरिनेछ ।	उत्पादन, माग तथा आपूर्तिको अध्ययन	संख्या	०	१	२	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• गाउँपालिकाबाट नीति तर्जुमा गरी सहजीकरण भएको हुनेछ
	कार्टेलिङ्ग तथा बिचौलीया निरुत्साहन नीति तर्जुमा	संख्या	०	१	१		
	मूल्य सूची व्यवस्थापन कार्यविधि तर्जुमा	संख्या	०	१	१		
	बजार अनुगमन	पटक	NA	६	१०		
प्रतिफल १.१: गुणस्तरीय वस्तुहरुको उत्पादन, संकलन, भण्डारण, ब्राण्डिङ्ग र बजारीकरण गरी त्यस्ता वस्तुहरुको आन्तरिक उपभोग र निर्यात गरिनेछ ।	निगालो, बाँस, काठ र कृषि तथा पशुजन्य उत्पादनको प्रदर्शनी (वार्षिक)	संख्या	NA	३	५	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• बजार अनुगमन तथा मूल्यांकन प्रभावकारी भएको हुनेछ ।
	प्रमुख बजारहरु	संख्या	२६	२८	२८		
	कोशेली घर बिक्री कक्ष	संख्या	०	०	१		
	आयातित वस्तु र निर्यात भएका वस्तुहरुको तथ्यांक अभिलेखाकंन	पटक	०	३	५		
श्रम तथा रोजगार							
लक्ष्य : दक्ष जनशक्तिको उत्पादन तथा आन्तरिक रोजगारीको श्रृजना गरी गरिबी निवारण गर्ने ।	गरिबीको रेखामुनीको जनसंख्या	प्रतिशत	१७*	१४	११	• गाउँ वस्तुगत विवरण • अध्ययन/मूल्याङ्कन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• जनशक्ति उत्पादनका लागि आवश्यक मानव श्रोत समेतको व्यवस्थापन भएको हुनेछ ।
	बैदेशिक रोजगारमा गएको जनसंख्या	प्रतिशत	४.७	४	३.५		
	गरिबी निवारणसँग सम्बन्धित संस्थाहरु भएको वडा	संख्या	२	६	९		
	अर्थतन्त्रका विभिन्न क्षेत्रमा रोजगारी सिर्जना (वार्षिक)	संख्या	NA	३०००	५०००		
असर १ : स्थानीय स्तरमा आवश्यक पर्ने जनशक्ति	सीपमूलक तालिम प्राप्त	संख्या	NA	४००	५००	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन	• स्थानीय रोजगार नीति तर्जुमा भएको हुनेछ ।
	प्रबिधिक जनशक्ति उत्पादन	संख्या	NA	१६०	२४०		

नतिजा श्रृखंला	सूचक तथा पुष्ट्याईका आधारहरु					पुष्ट्याईका आधारहरु	जोखिम पक्ष तथा पूर्वानूमान
	सूचक विवरण	इकाई	आधार वर्ष ०७८/७९	लक्ष्य (सम्मको अवस्था)			
				०८१/८२	०८३/८४		
व्यवस्थापन सम्वन्धी योजना निर्माण गर्दै रोजगारी मार्फत गरिबी निवारण गर्ने ।	निरपेक्ष गरिब परिवारको पहिचान	वडा संख्या	०	९	९	• प्रगति/अनुगमन प्रतिवेदन	• जनशक्ति उत्पादनका लागि आवश्यक मानव श्रोत समेतको व्यवस्थापन भएको हुनेछ ।
प्रतिफल १.१ : श्रममूलक जनशक्तिको आंकलन तथा यस्तो जनशक्तिलाई उत्पादनमुखी बनाई उद्यमशीलता प्रबर्द्धनको माध्यमबाट स्वरोजगार/रोजगारीमा जोड दिने ।	व्यवसायिक कृषि पेशामा आवद्ध जनसंख्या	प्रतिशत	५	८	१०		
	CTEVT मार्फत आधारभूत प्राविधिक जनशक्ति उत्पादन	संख्या	NA	३००	५००		
प्रतिफल १.२ : आवश्यक नीति तर्जुमा गरी गरिबी निवारणलाई विकास निर्माणका गतिविधिहरुसँग आवद्ध गर्ने र गाउँपालिका स्तरमा रोजगारीका अवसरहरुको वृद्धि गर्ने ।	गरिबी न्यूनीकरण योजना तर्जुमा	संख्या	०	१	१	• गाउँ वस्तुगत विवरण • अध्ययन/मूल्याङ्कन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• जनशक्ति उत्पादनका लागि आवश्यक मानव श्रोत समेतको व्यवस्थापन भएको हुनेछ ।
	विकास निर्माण कार्यमा रोजगारीलाई आवद्धता गर्ने नीति तर्जुमा	संख्या	०	१	१		

परिच्छेद-५
सामाजिक विकास

५.१ शिक्षा

विद्यमान अवस्था

समाजको दीगो शान्ति र समृद्धिका लागि शिक्षा क्षेत्रलाई महत्वपूर्ण माध्यमको रुपमा स्वीकार गरिएको छ । हाम्रो संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रुपमा स्वीकार गरेको छ । त्यसैगरी आधारभूत तहसम्मको शिक्षामा पहूँच तथा आधारभूत तहलाई अनिवार्य र निशुल्क शिक्षा, माध्यमिक तहसम्म निशुल्क शिक्षा पाउने हक सुनिश्चित गरिएको छ । साथै शिक्षा पद्धतिलाई प्राविधिक, व्यवसायिक, सीपमूलक तथा रोजगारमूलक बनाउँदै शिक्षामा सरकारको लगानी अभिवृद्धि गर्ने, खोज र अनुसन्धानमा आधारित उच्च शिक्षाको विकास गर्ने र निजी क्षेत्रलाई नियमन एवं सहजीकरण गरी आवश्यक व्यवस्थापन गर्ने नीति अंङ्गिकार गरिनु पर्दछ ।

नेपालको संबिधानले आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन स्थानीय तहलाई र उच्च तथा प्राविधिक शिक्षाको व्यवस्थापनको अधिकार प्रदेश सरकारलाई दिएको छ । राप्ती सोनारी गाउँपालिकाको घरधुरी सर्वेक्षण २०७५ अनुसार पाँच बर्ष र सो भन्दा माथिको जनसंख्याको साक्षरता दर ८५.३० प्रतिशत मध्ये महिला साक्षरता ८१ प्रतिशत तथा पुरुष साक्षरता दर ८९.५० प्रतिशत रहेको थियो । गाउँपालिकाको शिक्षा शाखाका अनुसार हाल यस गाउँपालिकाको साक्षरता दर ९६.३४ प्रतिशत रहेको छ । हाल राप्ती सोनारी गाउँपालिकामा सामुदायिक तर्फ ५४ तथा संस्थागत तर्फ १८ गरी जम्मा ७२ वटा बिद्यालयहरु संचालनमा रहेका छन् । जसमध्ये माध्यमिक तहको पढाई हुने विद्यालय- २२ (११ वटामा +२), आधारभूत तहसम्मको पढाई हुने बिद्यालय-५० र सामुदायिक तथा संस्थागत बाल विकास केन्द्र ७२ वटा रहेका छन् । त्यस्तै गाउँपालिकामा उच्च शिक्षा प्रदानगर्ने क्याम्पसहरुको संख्या २ रहेको छ । राप्तीसोनारी गाँउपालिकाको एक मात्र माध्यमिक बिद्यालयमा प्राविधिक शिक्षा तर्फको कृषि बिषयको पढाई भैरहेकोछ । हाल सम्म यस राप्तीसोनारी गाउँपालिकामा प्राविधिक शिक्षालय तथा सीप विकास केन्द्रहरु स्थापना भएका छैनन् ।

राप्ती सोनारी गाउँपालिका शिक्षा शाखाका अनुसार पाँच वर्षदेखि १५ वर्षसम्मका विद्यालय जाने उमेरका बालबालिकाहरु मध्ये हाल ३१९ जना बालवालिकाहरु बिद्यालयको पहुँच बाहिर रहेका छन् । बि.स २०७७ को बिवरण अनुसार पाँच वर्ष देखि १५ वर्षसम्मका (कक्षा १ देखि १० सम्म) बिद्यालय जाने बालबालिकाको संख्या १५४०३ रहेको छ । यसरी बिद्यालयको पहुँच बाहिर रहेका बालवालिकाहरुको सङ्ख्या अहिले पनि करिव २.०२ प्रतिशत रहेको छ । आगामी बर्षहरुमा गाउँपलिकाले बिशेष कार्यक्रम संचालनगरी बिद्यालय बाहिर रहेका सबै बालवालिकाहरुलाई शिक्षको मुलधारमा ल्याउनुपर्ने हुन्छ ।

गाउँपालिकाको वर्तमान शैक्षिक अवस्थालाई मध्यनजर गर्दा आगामी दिनहरुमा शिक्षा क्षेत्रमा सुधार गर्नुपर्ने प्रसस्तै विषयहरु छन् । हाल तैयार हुन लागेको गाउँपालिकाको आवधिक विकास योजनाले विद्यालयहरुको भौतिक पूर्वाधार विकासका साथै आधारभूत तहका अन्य सुविधाहरुको व्यवस्थापन गर्न सके शिक्षा क्षेत्रमा भएको लगानीको सही सदुपयोग भएको मानिनेछ ।

सामाजिक, आर्थिक रुपान्तरणका लागि मानव संसाधनको विकास भन्ने साँच र गुणस्तरीय शिक्षा मार्फत सिर्जनशील, दक्ष, प्रतिस्पर्धी र उत्पादनशील मानव श्रोतको विकास गर्ने लक्ष्य १५ औं योजानले लिएको छ । त्यसैगरी प्रथम प्रादेशिक योजनाले समतामूलक गुणस्तरीय शिक्षाको माध्यमबाट सक्षम, नैतिकवान र समर्पित जनशक्तिको विकास गर्ने साँचका साथ आफ्ना गतिविधिहरु सञ्चालनमा ल्याएको छ । त्यस्तै दिगो विकासको लक्ष्यले समेत समावेशी र गुणस्तरीय शिक्षाका साथै सबैलाई जीवनभर अध्ययनको अवसर उपलव्ध गराउने उद्देश्य लिएको छ । यीनै लक्ष्य, उद्देश्यसँग तादाम्यता राख्दै यस आवधिक योजनामा शिक्षा विकास तर्फका लक्ष्य, उद्देश्य निर्धारण गरिएको छ ।

लक्ष्मी माध्यमिक विद्यालय वडा नं. २

अवसर र चुनौती

अवसर

- नेपालको संबिधानले शिक्षालाई मौलिक हकको रुपमा व्यवस्था गरेको ।
- विद्यालय तहको शिक्षाको व्यवस्थापन स्थानीय तहलाई दिइएको तथा पालिकाको शिक्षामा लगानी बढ्दै गरुको ।
- अभिभावकहरुमा शिक्षाको जागरण रहेको, व्यवसायिक शिक्षा तर्फ अभिभावक तथा विद्यार्थीको अभिरुचि बढ्दै गएको ।
- गुणस्तरिय भौतिक पूर्वाधार विकासलाई प्राथमिकता
- शिक्षण सिकाई क्रियाकलापमा ICT प्रयोग, नविनतम प्रविधिको प्रयोगले शिक्षालाई सहज बनाएको ।
- नक्सांकनको आधारमा विद्यालय सञ्चालन गर्ने गरिएको ।
- सामुदायिक सक्रियता
- स्थानीय कानूनी सक्रियता
- सबै बिद्यालयहरुमा खेल मैदानको उपलब्धता, अतिरिक्त क्रियाकलापको नियमितता ।
- हाल गाउँपालिकामा क्याम्पस-२, मा.वि.तहका बिद्यालयहरु-२२, आधारभूत तहका बिद्यालयहरु-५० तथा ७२ बालविकास केन्द्र सञ्चालनमा रहेका ।
- गाउँपालिकाको साक्षरता दर ९६.३४ प्रतिशत रहेको ।

चुनौति

- गुणस्तर सुनिश्चितताकालागि उपयुक्त मानव संसाधन व्यवस्थापन गर्न ।
- बालमैत्री सिकाई वातावरण
- समन्यायीक श्रोत साधन वितरण
- समतामूलक पहुँच सुनिश्चितता
- अपाङ्गता भएका बालबालिकाका लागि शिक्षामा सहज पहुँच पुऱ्याउन
- सीमान्तकृत, विपन्न तथा पिछडिएका समुदायका बालबालिकाहरुलाई विद्यालयमा ल्याउने ।
- समावेशी तथा लैङ्गिकमैत्री शिक्षण तथा सिकाईको बातावरण कायम गर्ने ।
- नविनतम प्रविधि उपयोगका लागि अनुकूल भौतिक पूर्वाधार र सोही अनुरुपको जनशक्ति व्यवस्थापन गर्ने ।
- विद्यालय छाड्ने दरमा कमी ल्याउने ।
- शिक्षा क्षेत्रलाई राजनीतिमुक्त बनाउने ।
- अनुगमन पद्धतिलाई प्रभावकारी बनाउदै कमजोर विद्यालय व्यवस्थापनलाई व्यवस्थित र सुदृढ गराउने ।
- विद्यालयमा भौतिक पूर्वाधारका साथै न्यूनतम आधारभूत तहका सुविधाहरुको व्यवस्था मिलाउन ।
- निशुल्क माध्यमिक तहको शिक्षा सुनिश्चितता

दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य

दीर्घकालीन सोँच :- सामाजिक तथा आर्थिक रुपान्तरणका लागि गुणस्तरीय शिक्षा ।

लक्ष्य :- मागमा आधारित दक्ष तथा नैतिकवान जनशक्ति विकास गर्ने ।

उद्देश्य :- सबै तहको शिक्षामा बालबालिकाहरुको पहूँचमा बृद्धि गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्ने ।

रणनीति र कार्यनीति

उद्देश्य : सबै तहको शिक्षामा बालबालिकाहरुको पहूँचमा बृद्धि गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्ने ।	
रणनीति	**कार्यनीति**
• सबै तहको शिक्षामा बालबालिकाहरुको पहूँचमा बृद्धि गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने ।	• शिक्षाको गुणस्तर कायम राख्न शिक्षकहरुलाई आवश्यकता अनुसार आधुनिक प्रविधिको प्रयोग, नैतिक शिक्षा तथा व्यवसायिक शिक्षाका विविध विधामा तालिम तथा अन्तरक्रिया कार्यक्रमहरु सञ्चालन गर्ने • सवै विद्यालयहरुमा आवश्यक न्यूनतम मापदण्ड (पुस्तकालय, प्रयोगशाला, खेल मैदान, पानी सहितको शौचालय) सहितको भौतिक पूर्वाधारको व्यवस्था मिलाइनेछ । • सूचना प्रविधिको प्रयोगलाई प्राथमिकताका साथ लागु गरिनेछ ।

	• हाल माध्यमिक तह सञ्चालन भएका विद्यालयको स्तरोन्नती गरिनेछ • आधारभुत तहको स्थानीय पाठ्यक्रम निर्माण गर्दा नैतिक, प्राविधिक तथा प्रविधियुक्त शिक्षाका विषयवस्तु समावेश गरिनेछ • कृषि, पशुपालन विषयलाई केन्द्रित गरी प्राविधिक शिक्षालयको स्थापना गरिनेछ । • अतिविपन्न, सीमान्तकृत तथा पछाडि परेका वर्गका विद्यार्थीहरुलाई विशेष प्रोत्साहन गरिनेछ । • विद्यालय तहमा विद्यार्थीहरु टिकाउन विविध कार्यक्रमहरु सञ्चालन गरिनेछ । • भौतिक पूर्वाधार निर्माण गर्दा अपाङ्ग मैत्री/छात्र छात्रा मैत्री पूर्वाधारको विकासका गरिनेछ । निर्माण भैसकेका पूर्वाधारहरुमा स्वही अुसारको व्यवस्था मिलाइने छ ।
• शैक्षिक सुशासनका न्यूनतम मापदण्डहरु तर्जुमा गरी कार्यान्वयन गर्ने ।	• शिक्षामा सवैको पहूँच अभिबृद्धि गर्न र गुणस्तरीय शिक्षा सर्वसुलभ बनाउन कानून तथा कार्यविधि/मापदण्डको आवश्यकता अनुसार परिमार्जन गरी लागु गरिनेछ । • शैक्षिक सूचना प्रणालीलाई प्रभावकारी बनाइनेछ । • कार्य क्षमता मूल्यांकनको आधारमा शिक्षकहरुलाई पुरस्कृत गरिनेछ । • विद्यालयहरुको अनुगमन प्रणालीलाई सुदृढ गरिनेछ ।

प्रमुख कार्यक्रम

- २५ विद्यालयमा ट्रष्ट भवन विस्थापन कार्यक्रम ।
- थप १२ माध्यमिक विद्यालयमा ICT ल्याब स्थापना
- २ वटा श्रोत कक्षा स्थापना तथा सञ्चालन
- एक आवासिय माध्यमिक बिद्यालयको स्थापना ।
- विद्यार्थी संख्याको आधारमा बिद्यालय नक्सांकन तथा विद्यालय कोटा वितरण कार्यक्रम
- थप ३ माध्यमिक बिद्यालयहरुमा प्राविधिक धारको कक्षा संचालन ।
- ५ बर्षे गाउँ शिक्षा योजना निर्माण तथा कार्यान्वयन ।
- बिद्यालयहरुमा थप २०० कक्षा कोठा निर्माण/मर्मत संभार ।
- बालविकास केन्द्रहरुलाई शैक्षिक सामाग्रीहरुको व्यवस्थापन कार्यक्रम ।
- सबै विद्यालयमाहरुमा स्वच्छ खानेपानी तथा लैङ्गिकमैत्री शौचालयको व्यवस्थापन ।
- विद्यालयमा कार्यरत शिक्षकहरुलाई मागमा आधारित आधारभुत तथा पुनर्ताजगी तालिम कार्यक्रम
- शैक्षिक संस्थाहरुको नियमित अनुगमन तथा मूल्यांकन कार्यक्रम ।
- आधारभूत तहमा स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन
- शिक्षक तालिम सञ्चालनको लागि पालिका स्तरमा सुविधा सम्पन्न तालिम हलको व्यवस्था ।
- २ वटा बिद्यालयहरुमा सामुदायिक पुस्तकालय निर्माण तथा व्यवस्थापन ।
- साक्षरोत्तर तथा निरन्तर कार्यक्रम सञ्चालन ।
- स्थानीय शिक्षा नियमावली निर्माण तथा कार्यान्वयन ।
- शिक्षक तथा व्यवस्थापन समितिका पदाधिकारीहरुको क्षमता विकास कार्यक्रम ।
- १० विद्यालयहरुका खेल मैदानको स्तरोन्नती तथा मर्मत संभार कार्यक्रम ।

अपेक्षित उपलब्धी

- आधारभूत सुविधा सहितका विद्यालय भवन (पुस्तकालय, शौचालय, कक्षाकोठा, विद्युत, खानेपानी, खेल मैदान, बिज्ञान तथा कम्प्युटर प्रयोगशाला, पुस्तकालय, प्राथमिक उपचार सेवा) निर्माण तथा मर्मत सुधार भै शिक्षणका लागि अनुकूल वातावरणको श्रृजना भएको हुनेछ ।
- अति विपन्न लक्षित विद्यार्थीहरुको लागि सञ्चालित विशष प्याकेज कार्यक्रमबाट विद्यालय छाड्ने दरमा कमी आएको हुनेछ ।

- शैक्षिक सुशासनका न्यूनतम मापदण्डहरुको विकास तथा कार्यान्वयन मार्फत शिक्षाको गुणस्तर कायम गरिएको हुनेछ ।

५.२ स्वास्थ्य सेवा

विद्यमान अवस्था

हाम्रो संबिधानले नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने मौलिक हकको व्यवस्था गरेको छ । स्वस्थ तथा उत्पादनशील मानव संसाधनको महत्वलाई दृष्टिगत गरी गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवामा समतामूलक पहूँचको लागि तीनै तहको सरकारले आफ्नो दायित्व लिई यस क्षेत्रमा लगानी गर्न आवश्यक छ ।

नेपालको संबिधानले आधारभूत स्वास्थ्य र सरसफाई स्थानीय तहको अधिकार सूची भित्र र स्वास्थ्य सेवालाई प्रदेशको अधिकार सूची भित्र राखेको छ । हाल राप्ती सोनारी गाउँपालिकाले १,२,४,५,७,९ नम्वर वडाहरुमा रहेका साविकका प्राथमिक स्वास्थ्य चौकीहरु र वडा नं ३ को सिसुवा, वडा नं ६ को शिदनवा तथा वडा नं ८ को शम्सेरगञ्जमा रहेका आधारभूत स्वास्थ्य केन्द्रहरु तथा वडा नं १ मा रहेको सामुदायिक स्वास्थ्य केन्द्रहरु बाट स्वास्थ्य सेवा प्रवाह गरिरहेको छ । त्यसैगरी गत बर्ष मात्र वडा नं ४ को बैजापुरमा रहेको स्वास्थ्य चौकीलाई स्तरोन्नती गरी १५ शैयाको अस्पतालमा स्तरोन्नती गरिएबाट जनतामा थप उर्जा मिलेको छ । गाउँपालिकाको बिभिन्न स्थानमा रहेका २० वटा गाउँघर क्लिनिक तथा ३४ वटा खोप केन्द्रहरु बाट समेत समय समयमा स्वास्थ्य सम्वन्धी सेवा प्रवाह भैरहेको छ । गाउँपालिकाको बिगत ३ आ.व कौ तथ्यांक अनुसार पालिकामा खोपको कभरेज संघीय तथा प्रादेशिक औसतसंघीय तथा प्रादेशिक औसत भन्दा कम रहेको छ । त्यसैगरी मातृ मृत्यु दर तथा शिशु मृत्यु दर समेत संघीय तथा प्रादेशिक भन्दा निकै कम देखिन्छ । पछिल्ला दिनहरुमा स्वास्थ्य चेतनामा आएको परिवर्तन तथा स्वास्थ्य सेवाका क्षेत्रमा भएको लगानी तथा सेवा विस्तारले जनताको स्वास्थ्य अवस्थामा सकारात्मक परिवर्तनहरु आइरहेको पाईन्छ ।

गाउँपालिकाको तथ्यांम अनुसार आ.व २०७७/७८ मा स्वास्थ्य संस्थामा सुत्केरी गराउने महिलाहरु ६२% रहेका छन् । हाल गाउँपालिकाका सवै छ वटा स्वास्थ्य चौकीहरुबाट प्रसुती सेवा प्रदान गरिदै आएको छ । गाउँपालिकाका सवै स्वास्थ्य संस्थाहरुको स्वीकृत स्थाई दरवन्दी ३६ जनाको रहेकोमा हाल स्थाई ४३ जना तथा करारमा २ जना चिकित्सक सहित ६ जना गरी जम्मा ४९ जना कर्मचारीहरु कार्यरत रहेको अवस्था छ । हाल गाउँपालिकाको स्वास्थ्य अवस्थामा सकारात्मक परिवर्तन देखिएको छ । प्रत्येक बार्डहरुमा स्वास्थ्य चौकीहरुले सेवा प्रदान गरेका छन्, तर जटिल प्रकृतिका रोगको उपचारको लागि जिल्ला सदरमुकाम नेपालगञ्ज तथा कोहलपुर धाउनुपर्ने बाध्यता भने अहिले पनि विद्यमान छ । हाल निर्माणाधिन रहेको १५ सैयाको अस्पतालले आफ्नो सेवा संचालनमा ल्याएपछि सो समेत कम हुने बिशवास गरिएको छ ।

स्वस्थ, उत्पादनशील, जिम्मेवार र सुखी नागरिक भन्ने सोँच र सबै तहमा सबल स्वास्थ्य प्रणालीको विकास र विस्तार गर्दै जनस्तरमा गुणस्तरीय स्वास्थ्य सेवाको पहूँच सुनिश्चित गर्ने लक्ष्य १५ औं योजनाले लिएको छ भने प्रदेशको पहिलो आवधिक योजनाले सवै नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवाहरु सर्वसुलभ रुपमा उपलव्ध गराउने लक्ष्य रहेको छ । त्यसैगरी दीगो विकासका लक्ष्य ३ अनुसार सन् २०३० सम्ममा सवै उमेर समूहका मानिसहरुको स्वस्थ जीवन सुनिश्चित गर्ने रहेको छ । यी माथिका लक्ष्यहरुलाई दृष्टिगत गरी राप्ती सोनारी गाउँपालिकाले आफ्नो लक्ष निर्धारण गर्नुपर्ने हुन्छ ।

राप्ती सोनारी अस्पताल, वडा नं.४

अवसर र चुनौती

अवसर

- स्वास्थ्य चौकीहरुको व्यवस्थापनको जिम्मा स्थानीय सरकारलाई दिइएको तथा सबै वडाहरुमा स्वास्थ्य संस्थाहरु स्थापना भै सकेका ।
- वडा नं ४ को बैजापुरमा १५ शैयाको अस्पताल स्थापना गर्ने योजना कार्यान्वयन भैरहेको ।

- जनताहरुमा स्वास्थ्य सम्वन्धी जनचेतना अभिबृद्धि हुदै गरेको ।
- स्वास्थ्य क्षेत्रमा सरकारको लगानी बृद्धि हुदै गएको ।
- स्थानीय स्तरमा समेत निजी क्षेत्रबाट दक्ष जनशक्ति सहितको सेवा उपलव्ध हुने गरेको ।
- स्थानीय स्तरमा रहेका विभिन्न संघ संस्थाहरुको सहयोगमा स्वास्थ्य सचेतना जस्ता प्रचार प्रसारका कार्यहरु सञ्चालन गर्ने गरेको ।
- स्थानीय क्षेत्रमा उपलब्ध जडिबुटीहरुको व्यवस्थापन गरी आयुर्वेद चिकित्सा प्रणालीलाई समेत विस्तार गर्न सकिने
- समुदाय स्तरमा संस्थागत सञ्जाल व्यवस्थाले काममा सहजता भएको ।
- स्वास्थ्य तथ्यांक व्यवस्थापनमा ICT को प्रयोगले तथ्यांक व्यवस्थापनमा सहज भएको छ ।

चुनौती

- आवश्यक दक्ष जनशक्ति तथा आधुनिक उपकरण सहितको सेवा उपलव्ध गराउन अझै कठिन छ ।
- स्वास्थ्य क्षेत्रमा समातामूलक पहुँच स्थापित गर्न ।
- भौगोलिक विकटताका कारण बर्षातको समयमा स्वास्थ्य चौकीहरुबाट प्रसुती सेवा लगायतका अन्य सेवा सुलभ रुपमा प्रदान गर्ने ।
- स्वास्थ्य सूचना प्रणालीलाई व्यवस्थित बनाउन ।
- अन्धविश्वास तथा रुढीवादी परम्पराको अन्त्य गर्न ।
- निशुल्क वितरण गरिने औषधीहरु आवश्यकता अनुसार उपलव्ध गराउन ।
- स्वास्थ्य सेवा प्रवाह सम्वन्धी नियमन तथा अनुगमनमा प्रभावकारीता ल्याउन ।
- विपन्न तथा पछाडि परेका बर्गहरुमा सुरक्षित मातृत्व तथा परिवार नियोजन जस्ता कार्यक्रमको सेवा पुऱ्याउने ।

दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य

दीर्घकालीन सोँच :-समृद्ध समाजको लागि स्वास्थ्य नै पहिलो आधार ; स्वस्थ्य नागरिक राप्ती सोनारी को पूर्वाधार ।

लक्ष्य :- सर्वसुलभ एवं गुणस्तरीय स्वास्थ्य सेवा मार्फत राप्ती सोनारी वासीको स्वास्थ्य स्थितिमा सुधार ल्याउने ।

उद्देश्य :- पालिकावासीलाई सवै खालका स्वास्थ्य सेवाहरु सहज तथा सर्वसुलभ रुपमा उपलव्ध गराउने ।

रणनीति र कार्यनीति

उद्देश्य १: पालिकावासीलाई सवै खालका स्वास्थ्य सेवाहरु सहज तथा सर्वसुलभ रुपमा उपलव्ध गराउने ।	
रणनीति	**कार्यनीति**
• जनतालाई आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने ।	• स्वास्थ्य सम्वन्धी आवश्यक कानून/कार्यविधि तथा मापदण्ड तैयार गरी कार्यान्वयन गरिनेछ । • महादेवपुरीर खासकुश्मा स्वास्थ्य चौकीहरुको भवन मापदण्ड अनुरुपको भौतिक पूर्वाधार एवं उपकरणको व्यवस्था र अन्यस्वास्थ्य चौकीहरुमा आवश्यक उपकरणहरुको व्यवस्था गरिनेछ । • सवै स्वास्थ्य संस्थाहरुमा दरवन्दी अनुसारको जनशक्तिको व्यवस्था गरिनेछ • आवश्यकता अनुसार स्वास्थ्य शिविरहरु सञ्चालन गरिनेछ • हाल न्युन रहेको शिशु, बाल तथा मातृ मृत्यु दरलाई यथावत राख्न प्रजनन् स्वास्थ्य, सुरक्षित मातृत्व एवं बाल तथा शिशु सेवाहरु सञ्चालन गरिनेछ । • गाउँ तहमा कार्यरत महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई प्रोत्साहन तथा क्षमता अभिबृद्धि कार्यक्रमहरु सञ्चालन गरिनेछ । • बालवालिका, गर्भवती महिला तथा जेष्ठ नागरिकलाई स्वास्थ्य सेवामा प्राथमिकता दिइनेछ । • आयुर्बेद चिकित्सा, प्राकृतिक योग जस्ता चिकित्सा पद्दतिलाई समन्वयात्मक रुपमा अगाडी बढाइनेछ । • बिजयपुरमा स्थापना भएको १५ शैयाको अस्पताल बाट आगामी दिनहरुमा विशिष्टिकृत सेवा समेत प्रवाह गरिनेछ । • स्वास्थ्य संस्थाहरुमा आधुनिक स्वास्थ्य उपकरणहरुको व्यवस्थापनका साथै

	स्वास्थ्य सेवालाई प्रविधिमैत्री बनाइनेछ । ● स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको दक्षता अभिबृद्धिका लागि विभिन्न तालिम तथा अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ । ● स्वास्थ्यका विविध विधाहरुमा सरोकारवालाहरुसँग छलफल, अभिमुखीकरण तथा सचेतना कार्यक्रमहरु सञ्चालन गरिनेछ । ● विभिन्न प्रकारका महामारी तथा सर्ने तथा नसर्ने रोग बारे जनचेतना अभिबृद्धिका साथै उपचारात्मक सेवालाई प्रभावकारी बनाइनेछ । ● सरकारी, गैह्र सरकारी र निजी क्षेत्रको समन्वयमा गाउँपालिका स्तरमा स्वास्थ्य सम्वन्धी लगानीको वातावरण सिर्जना गरिनेछ । ● स्वास्थ्य, सरसफाई, आहार बिहार, खानेपानी जस्ता कार्यक्रमहरुलाई स्वास्थ्य सेवासँग एकीकृत गरी सञ्चालन गर्न जनजागरणका गतिविधिहरु सञ्चालन गरिनेछ ।
● गर्भवती तथा प्रसुती सेवालाई प्रभावकारी बनाउने ।	● नियमित गर्भ जाँच गराउने, तोकिएको तालिका अनुसार खोप तथा पोषण सेवा लिने आमाहरुलाई प्रोत्साहन गरिनेछ । ● सवै वडाहरुका बर्थिङ सेन्टरहरु बाट गुणस्तरिय सेवा प्रवाह गरिनेछ । ● एम्बुलेन्स सेवालाई प्रभावकारी बनाउन आवश्यकतानुसार संख्या थप गरिनेछ ।

प्रमुख कार्यक्रम

- महादेवपुरी रखासकुश्मा स्वास्थ्य चौकीहरुको मापदण्ड अनुरुपको भवन निर्माण कार्यक्रम ।
- पालिका भित्र रहेका गाउँघर क्लिनिक तथा खोप केन्द्रहरुको भौतिक संरचना विस्तार ।
- गाउँपालिकाको वडा नं ४ मा निर्माणधिन १५ शैयाका राप्ती सोनारी अस्पताल निर्माण (क्रमागत) ।
- कचनापुर स्वास्थ्य चौकीको स्तरोन्नती तथा सबै स्वास्थ्य चौकीमा रहेका वर्थिङ्ग सेन्टरहरुको स्तरोन्नती कार्यक्रम
- गाउँपालिका केन्द्रमा औषधी भण्डारण केन्द्रको स्थापना तथा Coldchain Room को व्यवस्थापन ।
- थप एम्बुलेन्स सेवा सञ्चालन ।
- प्रोटोकल अनुसार ANC/PNC सेवा लिने आमाहरुलाई यातायात तथा पोषण भत्ताका लागि सहयोग कार्यक्रम ।
- आमा समूह तथा सामुदायिक महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई थप प्रोत्साहन र पुरस्कार।
- विभिन्न प्रकारका महामारी तथा सरुवाजन्य रोग नियन्त्रणकालागि सचेतनामूलक कार्यक्रम ।
- विद्यालयहरुमा स्वास्थ्य शिक्षा सम्वन्धी अनुशिक्षण ।
- स्वास्थ्य संस्थाहरुमा गुणस्तरीय, प्रविधिमैत्री प्रयोगशाला निर्माण तथा सञ्चालन ।
- २ स्थानमा सामुदायिक योग/आरोग्य केन्द्रको स्थापना तथा सञ्चालन ।
- जेष्ठ नागरिक, असहाय, शारीरिक असक्त तथा दीर्घ रोगीको उपचारका लागि निशुल्क स्वास्थ्य शिविर सञ्चालन ।
- दीर्घ रोगीका लागि निशुल्क औषधीको व्यवस्था ।
- गम्भिर खालका रोगको उपचारको लागि विपन्न वर्गलाई आर्थिक सहयोग कार्यक्रम ।
- स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीहरुको क्षमता अभिबृद्धि कार्यक्रम ।
- जनस्वास्थ्य तथा पोषण सम्बन्धी जनचेतना कार्यक्रम ।
- स्वास्थ्यकर्मी तथा व्यवस्थापन समितिका पदाधिकारी बीच छलफल तथा अन्तरक्रिया कार्यक्रम ।

अपेक्षित उपलब्धी

- गाउँपालिकाको बार्ड नं ४ स्थित बैजापुरमा आगामी ३ वर्ष भित्रमा औषधी, औजार/उपकरण, प्रयोगशाला र आवश्यक जनशक्ति सहितको १५ शैयाको अस्पताल सञ्चालन भएको हुनेछ ।
- स्वास्थ्य चौकी भवन निर्माण हुन बाँकी भवन तत्काल निर्माण हुने तथा स्वास्थ्य चौकीहरुमा आवश्यक उपकरण तथा दक्ष जनशक्तिको व्यवस्था भै गुणस्तरिय सेवा प्रबाह भएको हुनेछ ।
- गाउँपालिकाका सवै बडा कार्यालयहरुबाट एम्वुलेन्स सेवा सञ्चालन भएको हुनेछ ।
- हाल स्वास्थ्य संस्थामा सुत्केरी गराउने दर ६२ बाट योजना अवधिमा ७९.६ प्रतिशतमा पुगेको हुनेछ ।

- गाउँपालिकामा शिशु, बाल तथा मातृ मृत्युदर न्यनु रहेकोमा योजना अवधिभर यसलाई कायम राखिनेछ, तथा स्वास्थ्य संस्थाहरुबाट थप गुणस्तरीय सेवा प्रवाह भएको हुनेछ ।
- असाहाय, असक्त, ५ बर्ष मुनीका बालबालिका तथा जेष्ठ नागरिकहरुलाई प्राथमिकता दिई स्वास्थ्य सेवा प्रदान गरिने छ ।

५.३ महिला, जेष्ठ नागरिक तथा फरक क्षमता

५.३.१ महिला

हाम्रो संविधानले लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्प सहित महिलालाई बिना भेदभाव समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हक, समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक लगायत मौलिक हकको प्रत्याभूति गरेको छ ।

राप्ती सोनारी गाउँपालिकाको घरधुरी सर्भेक्षण २०७५ अनुसार पालिकाको कूल जनसंख्या ६७२९४ मध्ये महिलाको जनसंख्या ३३१२६ रहेको छ, यो कूल जनसंख्याको ४९.२३ प्रतिशत हो । स्वही सर्भेक्षण अनुसार पाँच बर्ष र सो भन्दा माथिको जनसंख्याको साक्षरता दर ८५.३० प्रतिशत मध्ये महिला साक्षरता ८१.०० प्रतिशत तथा पुरुष साक्षरता दर ८९.५० प्रतिशत रहेको थियो । हाल यस गाउँपालिकाको साक्षरता दर ९६.३४ प्रतिशत रहेको छ ।

महिलालाई संविधान प्रदत्त हक, अधिकारको प्रत्याभूति दिलाउन गाउँपालिकाले महिला सशक्तिकरणका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । बिगतमा महिला बिकास कार्यक्रम मार्फत गठन गरिएका ३ वटा महिला सहकारीहरुमा करिव ३६०० महिला आवद्ध भएकाछन् । गाउँपालिकाबाट आयोजना गर्ने विभिन्न कार्यक्रमहरुमा महिलाको उपस्थिति संख्यात्मक रुपमा उल्लेख्य देखिएता पनि निर्णय प्रक्रियामा महिलाहरुको सहभागीता अहिले पनि कमजोर छ । अर्थपूर्ण सहभागीता बिना केवल गणपूरक संख्या पुऱ्याउन महिलाहरुलाई विभिन्न कार्यक्रमहरुमा सहभागी गराउने गरिएकोले पनि महिला सशक्तिकरणको पाटोमा उल्लेख्य प्रगति हुन नसकेको यथार्थ हो । गाउँपालिकामा भएको छलफल अनुसार अझै पनि महिलाहरु विभिन्न प्रकारका हिंसाको सामना गर्न बाध्य भएको अवस्था बिध्यमान छ ।

लैङ्गिक समतामूलक राष्ट्र भन्ने सोँच र महिलाको समान तथा अर्थपूर्ण सहभागीता सहित सारभूत समानता कायम गर्ने लक्ष्य १५ औं योजनाले अंङ्गिकार गरेको छ भने प्रदेशिक योजनाले विकासका हरेक क्रियाकलापहरुमा महिला र पुरुषको समान सहभागीता सुनिश्चित गर्ने लक्ष्य लिएकोछ । यीनै लक्ष्यहरुसँग तादाम्यता राखी यस योजनामा महिला विकास सम्बन्धी लक्ष्य, उद्देश्य निर्धारण गरिएको छ ।

अवसर र चुनौती

अवसर

- नेपालको संबिधानमा महिलाको हकलाई मौलिक हकको रुपमा स्थापित गरिएको ।
- कानूनी रुपमै स्थानीय तहदेखि केन्द्रसम्म महिला प्रतिनिधित्वको सुनिश्चित गरिएको ।
- स्थानीय स्तरमा महिलाका सवालहरुको बारेमा व्यापक छलफल हुने वातावरण बनेको ।
- महिलाहरुको नेतृत्वमा स्थानीय स्तरमा सामाजिक तथा आर्थिक गतिविधिहरु सञ्चालन हुने गरेका ।
- लैङ्गिक विकास, महिला सशक्तिकरण, समावेशी र समतामूलक बिकास जस्ता बिषयहरु राष्ट्रिय नीतिको रुपमा कार्यान्वयन भैसकेको ।
- पालिका स्तरमा एकल महिला सुरक्षा कोष स्थापना भएको ।
- गाउँपालिकाले महिला लक्षित उद्यमशीलता सम्वन्धी तालिमहरु प्रदान गर्दै आएको छ ।

चुनौती

- सामाजिक क्षेत्रमा अन्धविश्वास, कुरिती, कुप्रथा, बिध्यमान हुदा महिला हिंसा तथा सामजिक बिभेदको अन्त्य गर्न ।
- विद्यमान अवस्थामा समेत महिला तथा पुरुष बीच विभेद बिद्यमान रहेको ।
- अति बिपन्न तथा सीमान्तकृत बर्गका महिलाहरुलाई शिक्षा, स्वास्थ्य तथा रोजगारीको क्षेत्रमा पहूँच अभिबृद्धि गरी विकासका गतिविधिहरुमा मूलप्रवाहीकरण गर्ने ।
- समस्याहरु पहिचान हुदा समेत यस क्षेत्रमा पालिकाको लगानी कम रहनु, विनियोजित बजेट समेत खर्च गर्न नसक्नु ।

दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य

दीर्घकालीन सोँच : महिला तथा पुरुष वीचमा रहेका विभेदहरुको अन्त्य गरी समतामूलक समाजको स्थापना गर्ने ।

लक्ष्य : सबै गतिविधिहरुमा महिला पुरुषको समान सहभागीता सुनिश्चित गर्ने ।

उद्देश्य : सशक्तिकरणको माध्यमबाट हरेक क्रियाकलापहरुमा महिलाहरुको अर्थपूर्ण सहभागीतालाई सुनिश्चित गर्नु ।

रणनीति र कार्यनीति

उद्देश्यः सशक्तिकरणको माध्यमबाट हरेक क्रियाकलापहरुमा महिलाहरुको अर्थपूर्ण सहभागीतालाई सुनिश्चित गर्नु ।	
रणनीतिहरु	**कार्यनीतिहरु**
• महिला सशक्तिकरणका लागि विभिन्न क्रियाकलापहरुमा महिलाको अर्थपूर्ण सहभागीता मार्फत क्षमता अभिवृद्धि गर्ने	• महिला सहभागीता सुनिश्चितताका लागि आवश्यक नीतिगत तथा कानूनी व्यवस्था गरी कार्यान्वयन गरिनेछ । • योजनाको अन्त्य सम्म गाउँपालिकाबाट सञ्चालन गरिने हरेक गतिविधिहरुमा कम्तीमा ४० प्रतिशत महिलाहरुको सहभागीता सुनिश्चित गरिनेछ । • सकारात्मक विभेद माफर्त विकासका विविध गतिविधिहरुमा महिला सहभागीतामा सुनिश्चित गरिनेछ । • विपन्नता स्तरीकरणका आधारमा प्रत्येक वडामा अति बिपन्न महिलाहरुका समूह गठन गरी परिचालन गरिनेछ । • महिलाहरुमा रहेको परम्परागत सीप प्रवर्द्धन गर्नुको साथै महिला उद्यमशीलता प्रवर्द्धन गर्न विभिन्न निकायसँगको समन्वयमा महिला उद्यमशीलता केन्द्रको स्थापना गरी सञ्चालनमा ल्याइनेछ • महिलाहरुका लागि सेवा प्रवेश सम्वन्धी कक्षाहरु सञ्चालन गरिनेछ • एकल महिलाहरुका लागि एकल महिला सुरक्षा कोष मार्फत मागमा आधारित स्वरोजगारमूलक कार्यक्रहरु सञ्चालन गरिनेछ । • महिला सशक्तिकरण तथा नेतृत्व विकास सम्वन्धी क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ । • महिला सहकारीहरुको सुदृढिकरण गरी महिलाहरुकोलागि बिभिन्न रोजगारमुलक तालिमहरु संचालन गरिनेछ । • स्थानीय व्यवसायी महिलाद्धार उत्पादित व्यवसायिक उत्पादनलाई प्रदेश तथा राष्ट्रिय स्तरको वजारमा पहिचान गराउने तर्फ सहजिकरण गरिनेछ । • लवशेर् जोड लदइनेछ
• महिला हिंसा न्यूनिकरण गर्ने ।	• अति बिपन्न तथा पछाडि परेका महिलाहरुलाई लक्षित गरी वडा तहमा सामुदायिक मेलमिलापकर्ता मार्फत कानूनी साक्षरता अभियान सञ्चालन गरिनेछ । • हिंसामा परेका महिलाहरुको उद्धारका लागि आपतकालीन कोष स्थापना गरिनेछ । • विभिन्न निकायहरुको सहयोग तथा समन्वयमा आपतकालीन आश्रय स्थल निर्माण गरी व्यवथित गरिनेछ ।

प्रमुख कार्यक्रम

- विपन्न तथा पछाडि परेका महिलाहरुको समूह गठन, बचत संकलन तथा परिचालन कार्यक्रम ।
- महिला अधिकार तथा कानूनी साक्षरता अभियान ।
- महिला हिंसा न्यूनिकरणका लागि आपतकालीन कोष स्थापना ।
- एकल महिला सुरक्षा कोष स्थापना तथा परिचालन ।
- एकल महिलाका लागि स्वरोजगारमूलक कार्यक्रम संचालन ।

- विपन्न महिलाहरुका लागि उद्यमशीलता तथा स्वरोजगार सम्वन्धी तालिम सञ्चालन ।
- महिलाहरुका लागि सरकारी सेवा प्रवेश सम्वन्धी कक्षा सञ्चालन ।
- महिलाहरुका लागि नेतृत्व विकास तालिम सञ्चालन ।

अपेक्षित उपलब्धी

- महिलाहरुको सामाजिक, आर्थिक तथा राजनीतिक अवस्थामा सुधार भैं समाजमा महिलाहरुको सम्मान बढ्नुका साथै नेतृत्वमा समेत पहूँच अभिबृद्धि भएको हुने ।
- महिलाहरुमा रहेको परम्परागत सीप र महिला उद्यमशीलता प्रवर्द्धन भई स्वरोजगारमूलक उद्यमको विकास भएको हुनेछ ।
- विभिन्न सचेतनामूलक कार्यक्रमबाट महिला हिंसाका घटनामा उल्लेख्य कमी आएको हुनेछ ।
- विभिन्न सरोकारवालाहरुको सहयोग र समन्वयमा पालिका तहमा आपतकालीन आश्रय स्थल निर्माण भई सञ्चालनमा आएको हुनेछ ।
- महिला उद्यमशीलता केन्द्रको मार्फत लघु उद्यमहरु संचालन भै रोजगारी सिर्जना भएको हुने ।

५.३.२ जेष्ठ नागरिक

विद्यमान अवस्था

हाम्रो संविधानले राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको प्रत्याभूति हुने गरी जेष्ठ नागरिकको हकलाई मौलिक हकको रुपमा व्यवस्थित गरेको छ । यस अनुसार सामाजिक सुरक्षा भत्ता लगाएतका अन्य सेवाहरु सरकारबाट प्रदान हुदै आएको छ । जेष्ठ नागरिकको जीवन सहज, सुरक्षित एवं सम्मानित बनाई सामाजिक न्याय प्रदान गर्ने कार्यमा तीनै तहका सरकारको समन्वयात्मक भूमिका रहनु पर्दछ ।

जेष्ठ नागरिकको संरक्षण र सम्मानित जीवनको प्रत्याभूति भन्ने सोँच र जेष्ठ नागरिकको जीवन सम्मानित, सुरक्षित र व्यवस्थित बनाई उनीहरुको ज्ञान, सीप र अनुभवलाई राष्ट्रले उपयोग गर्ने लक्ष्य पन्ध्रौ योजनाले निर्दिष्ट गरेको छ भने प्रादेशिक योजनामा सवै जेष्ठ नागरिकहरुले आधारभुत सेवा प्राप्तगरी सम्मानपूर्वक जीवन निर्वाह गर्न सक्ने स्थिति सिर्जना गर्ने लक्ष लिएको छ । राप्ती सोनारी गाउँपालिकाले केन्द्रीय तथा प्रादेशिक सोँच तथा लक्ष्यहरुलाई यस आवधिक योजनामा आत्मसात गर्ने प्रयास गरेको छ ।

राप्ती सोनारी गाउँपालिकामा ७० बर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुको संख्या २६०५.रहेको छ । नेपाल सरकारले वि.स.२०५२ देखि जेष्ठ नागरिकहरुको सम्मान स्वरुप सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको छ । शुरुमा रु. १५०।- बाट शुरु गरिएको सामाजिक सुरक्षाको रकमलाई हाल रु.४०००।- मा पुऱ्याइएको छ । अति विपन्न तथा पछाडि परेको समुदायका जेष्ठ नागरिकहरुलाई यो प्रावधानले जीविकोपार्जनमा अत्यन्तै सहयोग पुऱ्याएको छ । बदलिदो पारिवारिक परिवेशसँगै हिजोको संयुक्त परिवारको संस्कार हराउदै गएको र छोरा-छोरीहरुले जेष्ठ नागरिकहरुलाई रेखदेख तथा स्याहार सम्भार गर्ने प्रचलनमा कमी आएको देखिएको छ । जेष्ठ नागरिकहरुलाई अन्य नागरिक सरह समाजमा स्थापित गर्न र उनीहरुको शारीरिक, मानसिक एवं भावनात्मक विकासको लागि विशेष कार्यक्रम मार्फत सम्वोधन गर्नुपर्दछ । साथै उहाँहरुमा रहेको ज्ञान तथा सीपको उपयोग गर्न सकेमा जेष्ठ नागरिकहरुको सम्मान हुने तथा समृद्धिको यात्रामा समेत थप योगदान पुग्नेछ ।

अवसर र चुनौती

अवसर

- राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको प्रत्याभूति हुने गरी जेष्ठ नागरिकहरुको हकलाई मौलिक हकको रुपमा व्यवस्थित गरेको ।
- जेष्ठ नागरिकहरुमा भएको ज्ञान सीप तथा अनुभवलाई पालिकाको आर्थिक, सामाजिक रुपान्तरणमा उपयोग गर्न सकिने ।

चुनौती

- जेष्ठ नागरिकको हेरचाह, खानपिन, स्वास्थ्य उपचार, मनोरञ्जन र आश्रयको व्यवस्था गरी उनीहरुलाई सामाजिक सुरक्षा र संरक्षण प्रदान गर्न ।
- शिक्षित तथा सम्पन्न परिवारमा समेत जेष्ठ नागरिकहरु प्रति देखाइने सद्भावमा कमी हुदै गएको ।
- जेष्ठ नागरिकहरुलाई प्रदान गरिने सामाजिक सुरक्षा भत्ताको सहजरुपमा उपलब्ध गराउन ।

दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य

दीर्घकालीन सोँच :- जेष्ठ नागरिकहरुको समाजमा सम्मानित जीवनयापनको अनुभूति

लक्ष्य :- जेष्ठ नागरिकहरुले समाजमा आधारभूत सेवा सहित सम्मानित जीवनयापन गर्ने स्थिति सिर्जना गर्ने ।

उद्देश्य :- जेष्ठ नागरिकको लागि समाजमा विभेदरहीत जीवनयापन गर्ने वातावरण तैयार गर्ने ।

रणनीति र कार्यनीति

उद्देश्य १ : जेष्ठ नागरिकको लागि समाजमा विभेदरहीत जीवनयापनको वातावरण तयार गर्ने ।	
रणनीति	**कार्यनीति**
• जेष्ठ नागरिकहरुलाई समाजमा सम्मानित जीवनयापन गर्न सामाजिक सुरक्षा सहितको संरक्षण प्रदान गर्ने ।	• विभिन्न निकायहरुको समन्वय तथा सहकार्यमा प्रत्येक वडामा सुविधायुक्त जेष्ठ नागरिक दिवा मिलन केन्द्रहरुको स्थापना तथा सञ्चालन गरिनेछ । • ८० बर्ष माथीका जेष्ठ नागरिक केन्द्रित घरदैलोमा निशुल्क स्वास्थ्य परीक्षण तथा परामर्श सेवा सञ्चालन गरिनेछ । • असाहय, अशक्त, एकल एवं जोखिममा परेका जेष्ठ नागरिकहरुको लागि जेष्ठ नागरिक संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ । • जेष्ठ नागरिकहरुमा भएको ज्ञान सीप तथा अनुभवलाई पालिकाको आर्थिक, सामाजिक रुपान्तरणमा उपयोग गरिनेछ । • पालिकाका विविध गतिविधिहरुमा जेष्ठ नागरिकको सहभागीता सुनिश्चित गरिनेछ । • समाजमा विशेष योगदान पुऱ्याउने जेष्ठ नागरिकहरुलाई सम्मान गरिनेछ ।

प्रमुख कार्यक्रम

- ७५ बर्ष माथीका जेष्ठ नागरिक केन्द्रित स्वास्थ्यकर्मी सहितको घरदैलो कार्यक्रम ।
- २ स्थानमा सुविधायुक्त जेष्ठ नागरिक मिलन केन्द्रको स्थापना र सञ्चालन ।
- जेष्ठ नागरिक सम्मान कार्यक्रम ।

अपेक्षित उपलब्धी

- समाजमा जेष्ठ नागरिकहरुले सम्मानित जीवनयापन गर्ने वातावरण सिर्जना भएको हुनेछ ।
- जेष्ठ नागरिकहरुमा भएको ज्ञान सीप तथा अनुभवलाई पालिकाको आर्थिक, सामाजिक रुपान्तरणमा उपयोग गरिएको हुनेछ ।

५.३.३ फरक क्षमता

विद्यमान अवस्था

अपाङ्गता वा फरक क्षमता भएका व्यक्तिको नागरिक, राजनैतिक, आथिर्क, सामाजिक तथा साँस्कृतिक अधिकार सहितको सम्मानजनक जीवन यापनको अधिकारलाई कानूनले संरक्षण र प्रवर्द्धन गरेको छ भने समानुपातिक समावेशी र सहभागीतामूलक सिद्धान्तको आधारमा राज्यको निकायमा सहभागीताको हक समेत हाम्रो संविधानले प्रत्याभूति गरेको छ ।

शारीरिक असक्तता भएका व्यक्तिको मर्यादित र आत्मनिर्भर जीवन भन्ने सोँच र सेवा, सुविधा, साधन र श्रोतमा अपाङ्गता भएका व्यक्तिको पहूँच स्थापित गरी आर्थिक, सामाजिक सशक्तिकरण गर्दै सम्मानपूर्वक जीवनयापनको वातावरण सिर्जना गर्ने लक्ष्य पन्ध्रौ योजनाको रहेको छ । त्यसैगरी प्रादेशिक योजनाले समेत अपाङ्गता भएका ब्यक्तिहरुलाई घर तथा समाजमा सम्मानजनक र सहज ढंगले जीवनयापन गर्ने वातावरण तैयार गर्ने लक्ष राखेको छ । राप्ती सोनारी गाउँपालिकामा वर्तमानमा कूल शारीरिक असक्तहरुको संख्या ७३३ छ । नेपाल सरकारले बि.स २०५२ देखि अपाङ्गहरुलाई सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरी वितरण गर्दै आएको छ । अति विपन्न तथा पछाडि परेको समुदायका अपाङ्गहरुलाई यो प्रावधानले जीविकोपार्जनमा अत्यन्तै सहयोग पुऱ्याएको छ । समाजमा अपाङ्गहरुले अहिले पनि अन्य नागरिक सरह सम्मानका साथ जीवनयापन गर्ने वातावरण छैन । आगामी दिनहरुमा अपाङ्गहरुलाई पनि अन्य

नागरिक सरह सम्मानपूर्वकको जीवनयापन गर्ने वातावरणमा उनीहरुमा रहेको ज्ञान, सीप र अनुभवलाई पालिकाको विकासमा लगाउनु पर्दछ ।

अवसर र चुनौती

अवसर

- नेपालको संबिधानले अपाङ्गता भएका नागरिकहरुको हकलाई मौलिक हकको रुपमा व्यवस्थित गरेको ।
- राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको प्रत्याभूति हुनेगरी सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरिएको ।
- अपाङ्गता भएका नागरिकहरुमा भएको ज्ञान सीप तथा अनुभवलाई पालिकाको आर्थिक, सामाजिक रुपान्तरणमा उपयोग गर्न सकिने ।
- गाउँपालिकाको सवै वडाहरुमा अपाङ्गता सञ्जाल र गाउँपालिका स्तरी सञ्जाल समेत गठन भैसकेकोले आफ्ना मागहरु गाउँपालिकामा पुर्याउन सहज भएको ।

चुनौती

- अपाङ्गता भएका व्यक्तिलाई समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरुको जीवनयापनका लागि आवश्यक पर्ने ज्ञान तथा सीपमूलक तालिमको व्यवस्था गरी स्वरोजगार बनाउने ।
- अपाङ्गता भएका व्यक्तिलाई सपाङ्ग सरह समाजमा स्थापित गर्ने ।
- अपाङ्गमैत्री भौतिक पूर्वाधारहरुको व्यवस्था गर्ने ।

दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य

दीर्घकालीन सोँच : अपाङ्गता भएका नागरिकहरुको समाजमा सम्मानित जीवनयापनको प्रत्याभूति ।

लक्ष्य : अपाङ्गता भएका नागरिकहरुको लागि समाजमा विभेदरहीत जीवनयापनको वातावरण तैयार गर्ने ।

उद्देश्य : अपाङ्गता भएका नागरिकहरुको लागि आधारभूत सेवा सहित सम्मानित जीवनयापनको वातावरण तयार गर्ने ।

रणनीति र कार्यनीति

उद्देश्य : अपाङ्गता भएका नागरिकहरुको लागि आधारभूत सेवा सहित सम्मानित जीवनयापनको वातावरण तयार गर्ने	
रणनीति	**कार्यनीति**
• अपाङ्गता भएका नागरिकहरुको जीवनयापनका लागि सहज वातावरण श्रृजना गर्ने ।	• असाहय, अशक्त, एकल एवं जोखिममा परेका अपाङ्ग नागरिकहरुलाई विशेष सुरक्षा कार्यक्रम सञ्चालन गरिनेछ । • विभिन्न सीपमूलक तालिमहरु सञ्चालन गरी अपाङ्गता भएका व्यक्तिहरुलाई स्वरोजगार बनाइनेछ । • अपाङ्ग नागरिकहरुमा भएको ज्ञान सीप तथा अनुभवलाई पालिकाको आर्थिक, सामाजिक रुपान्तरणमा उपयोग गरिनेछ । • पालिकास्तरमा रहेको सञ्जाल मार्फत पालिकाका विविध गतिविधिहरुमा अपाङ्ग नागरिकहरुको सहभागीताको सुनिश्चितता गरिनेछ । • समाजमा बिशेष योगदान पुऱ्याउने अपाङ्ग नागरिकहरुलाई सम्मान गरिनेछ • राज्यले प्रदान गर्ने सेवा सुविधाहरुमा सहज पहुँचका लागि अपाङ्ग परिचय पत्र वितरणलाई विशेष प्राथमिकता दिइनेछ । • पालिकामा निर्माण हुने पूर्वाधार योजनाहरु अपाङ्गमैत्री बनाईनेछ । • पूर्ण अपाङ्ग मागरिकहरुलाई सेवा प्रवाहमा पहिलो प्राथमिकता दिइनेछ ।

प्रमुख कार्यक्रम

- असक्तता सञ्जाल निर्माण तथा क्षमता बिकास कार्यक्रम ।
- असक्त भएका व्यक्तिको पहिचान गरी परिचय पत्र वितरण ।
- असक्त नागरिकहरुलाई सम्मान कार्यक्रम ।
- असक्तनागरिकहरुका लागि विशेष सुरक्षा कार्यक्रम ।
- असक्त नागरिकहरुलाई मध्यनजर गरी स्वरोजगारमूलक व्यवसाय छनौट तथा उद्यमशीलता तालिम ।

- अति विपन्न असक्तता भएका व्यक्तिहरुलाई उद्यम स्थापनामा बिशेष सहयोग कार्यक्रम ।

अपेक्षित उपलब्धी

- अपाङ्गता भएका व्यक्तिलाई परिचयपत्र वितरण गरी वर्गीकरण अनुसार सुविधा उपलब्ध भएको हुनेछ ।
- समाजमा विद्यमान असमानता, विभेद र उत्पीडन न्यूनीकरण गर्दै अपाङ्गता भएका व्यक्तिलाई शिक्षा, स्वास्थ्य, पोषण, मनोरञ्जन लगायतका सुविधाहरु उपलब्ध भएको हुनेछन् ।
- आगामी दिनहरुमा सरकारी कार्यालय, शैक्षिक संस्था तथा सार्बजनिक स्थलहरुमा निर्माण गरिने भौतिक संरचनाहरु अपाङ्गमैत्री हुनेछन् ।

५.४ दलित, उत्पीडित वर्ग उत्थान

विद्यमान अवस्था

आर्थिक, सामाजिक, राजनैतिक एवं प्रशासनिक दृष्टिले पछाडि परेका दलित वर्गहरुलाई संविधानले समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिता हुन पाउने हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ । यी वर्ग तथा बसोवास गर्ने क्षेत्रहरुको उत्थान र विकासका लागि संविधानतः दलित आयोगको समेत व्यवस्था गरिएको छ । आर्थिक, सामाजिक र राजनैतिक विकासका प्रत्येक गतिविधिहरुमा समावेश गर्न सकिए मात्र शक्ति, श्रोत र अवसरमा सवैको न्यायोचित साझेदारी हुन सक्दछ । नेपालको संविधानमा व्यवस्था भए अनुसार राज्यका निर्देशक सिद्धान्तको सामाजिक न्याय र समावेशीकरण सम्वन्धी नीतिले पनि पछाडि परेका जातजाती, बर्गलाई मूलप्रवाहीकरण र अधिकार सम्पन्न गराउने व्यवस्था गरेको छ ।

सामाजिक एवं आर्थिक रुपले पछाडि परेकाहरुलाई समावेशी सिद्धान्तका आधारमा गाउँपालिकाका विभिन्न निकाय र क्षेत्रहरुमा सहभागी हुन पाउने संवैधानिक हकलाई सुनिश्चित गर्नु राप्ती सोनारी गाउँपालिकाको प्रमुख दायित्व हो । गाउँपालिकाको बहुलतायुक्त सामाजिक स्वरुपलाई पूँजीको रुपमा स्थापित गरी विकासमा अत्यधिक लाभ उठाउन सामाजिक समावेशीकरणलाई प्रमुख माध्यमको रुपमा ग्रहण गर्न आवश्यक छ । **राज्यका सबै नागरिकको उपस्थिति र अर्थपूर्ण सहभागितामा समावेशी विकास** भन्ने सोँच र मानव विकास सूचकांकको आधारमा पछाडि परेका समुदायको सशक्तिकरण र समानुपातिक विकासको लक्ष्य पन्ध्रौ योजनाले लिएको छ । पहिलो प्रादेशिक योजनाले समेत समावेशी सिद्धान्त अवलम्वन गरी संमृद्धि हासिल गर्ने लक्ष लिएको छ ।

गाउँपालिकाबाट बि.स २०७५ मा गरिएको घरधुरी सर्भेक्षण अनुसार राप्ती सोनारी गाउँपालिकामा जम्मा १२६७७ घरधुरी रहेकोमा दलित घरधुरी संख्या १०८९ रहेकाछन् । नौ वटै वडाहरु रहेको राप्ती सोनारी गाउँपालिकाका सबै वडाहरुमा दलितहरुको बसोबास देखिन्छ भने दलितहरुको बढी जनसंख्या भएका वडाहरुमा १,२ र ७ रहहेका छन् । यस गाउँपालिकामा शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रहरुमा अन्य जातजातीहरुको तुलनामा ब्राहमण, क्षेत्रीहरु त्था जनजातिहरुको पहुँच बढी देखिन्छ । यस अर्थमा गाउँपालिकामा बसोवास गर्ने दलित लगायतका अन्य जातजातिहरुको शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा लगायतका क्षेत्रहरुमा उनीहरुको पहूँच तुलनात्मक रुपमा कम रहेको छ । आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको क्षेत्र तथा बर्गको उत्थानका लागि गरिबी न्यूनीकरण सम्वन्धी विशेष कार्यक्रमहरु सञ्चालन गरी उनीहरुलाई विकासको मूलप्रवाहमा समावेश गरी अगाडी बढ्नुपर्ने देखिन्छ । संविधानत नेपाल छुवाछुतमुक्त राज्य भएता पनि व्यवहारमा अझैपनि छुवाछुत प्रथा पूर्णरुपमा हटिसकेको अवस्था भने छैन । अत छुवाछुत जस्तो सामाजिक कुरीतिलाई हटाउनका लागि जनचेतना अभिबृद्धि गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरिनु पर्दछ ।

अवसर र चुनौती

अवसर

- राज्यकै मूल कानूनले समावेशी सिद्धान्तलाई अंगिकार गरेको ।
- बर्तमानमा रहेका विभिन्न ऐन, नीति, नियम र कानूनहरु सामाजिक समावेशीताका आधारमा तर्जुमा भएको ।
- तीनै तहको सरकारमा सामाजिक समाबेशीताका आधारमा प्रतिनिधिहरुको व्यवस्था गरिएको ।
- सदियौंदेखिको सामाजिक सद्भाव र एकतालाई कायम गरी सामाजिक रुपान्तरण गर्न सकिने अवस्था रहेको ।
- दलित, उत्पीडित वर्गको उत्थानका लागि कार्यरत बिभिन्न संघ संस्थाको समन्वयमा सामाजिक सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गर्न सकिने ।

- राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको प्रत्याभूति हुनेगरी दलित, उत्पीडित वर्गका लागि सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरिएको ।
- दलित, उत्पीडित वर्गहरुमा भएको ज्ञान सीप तथा अनुभवलाई पालिकाको आर्थिक, सामाजिक रुपान्तरणमा उपयोग गर्न सकिने ।

चुनौती

- समाजमा रहेको परम्परागत सोंच, चिन्तन सामाजिक बिकृति बिसंगतीहरुलाई एकै पटक निर्मुल गर्न ।
- विद्यमान आर्थिक तथा सामाजिक गरिवीलाई न्यूनीकरण गरी समतामूलक र समावेशी समाजको निर्माण गर्ने ।
- सामाजिक बिकृति, बिसंगती र बिभेदको अन्त्य गरी सभ्य समाजको निर्माण गर्ने ।
- एउटै जाती भित्र पनि हुनेखानेहरुबाट अति विपन्न तथा असहाय माथी हुने दमनलाई निरुत्साहित गर्ने ।

दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य

दीर्घकालीन सोँच : जातीय विभेदको अन्त्य गरी सभ्य समाजको निर्माण ।

लक्ष्य : सामाजिक, आर्थिक तथा राजनीतिक बिकासका सवै क्रियाकलापहरुमा समतामूलक पहुँच स्थापना गर्ने ।

उद्देश्य : राज्यका श्रोत, साधन, अवसर तथा लाभमा दलित वर्गको समतामुलक पहुँच सुनिश्चित गर्ने ।

रणनीति र कार्यनीति

उद्देश्यः राज्यका श्रोत, साधन, अवसर तथा लाभमा दलित वर्गको समतामुलक पहुँच सुनिश्चित गर्ने ।	
रणनीति	**कार्यनीति**
• बिशेष नीति तथा कार्यक्रमहरु मार्फत दलित समुदायहरुलाई विकासका गतिविधिहरुमा सहभागी गराउनुका साथै सशक्तिकरण गरिनेछ ।	• राज्यका श्रोत, साधन, अवसर तथा लाभमा दलित वर्गको पहूँच सुनिश्चित गर्न सकारात्मक बिभेद नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ । • सामाजिक रुपमा पछाडि परेका र पारिएका दलित वर्ग तथा समुदायका व्यक्तिहरुलाई स्वरोजगारमूलक कार्यक्रम मार्फत रोजगारीको अवसर श्रृजना गरिनेछ । • सामाजिक तथा आर्थिक रुपमा पछाडि परेका दलित समुदायका सदस्यहरुलाई क्षमता अभिबृद्धि कार्यक्रहरु सञ्चालन गरिनेछ । • दलित समुदायका सदस्यहरुलाई लक्षित गरी व्यवसायिक तथा सीपमूलक तालिमहरु सञ्चालन गरिनेछ । • दलित बर्गले विगतमा सञ्चालन गर्दै आएका परम्परागत सीप तथा व्यवसायहरुको संरक्षण तथा प्रवर्द्धन गरिनेछ । • पालिका तहमा दलित सञ्जाल निर्माण गरी स्थानीय स्तरमा सञ्चालन हुने सवै क्रियाकलापहरुमा सहभागीता गराइनेछ । • अति विपन्न तथा पछाडि परेका दलित बस्ती पहिचान गरीनेछ । • दलित बर्ग उत्थानका बिशेष कोषको व्यवस्था गरिनेछ र अति विपन्न तथा सिमान्तकृत दलित परिवारकालागि बिशेष कार्यक्रम संचालन गरिनेछ ।

प्रमुख कार्यक्रम

- सकारात्मक विभेद सहितको सामाजिक समाबेशीकरण सम्बन्धी स्थानीय नीति तर्जुमा तथा कार्यान्वयन ।
- दलित सञ्जाल निर्माण तथा परिचालन ।
- दलित बर्ग उत्थान बिशेष कोषको स्थापना तथा संचालन ।
- परम्परागत सीप तथा व्यवसायहरुमा नया प्रविधि प्रयोग मार्फत संरक्षण तथा प्रवर्द्धन कार्यक्रम ।
- दलित/उत्पीडित लक्षित सीपमूलक तथा व्यवसायिक तालिम सञ्चालन ।
- क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन ।
- दलित बर्ग लक्षित सेवा प्रबेश सम्वन्धी कक्षा सञ्चालन ।
- अतिविपन्न, शारीरिक असक्त तथा असहाय दलितकालागि बिशेष संरक्षण कार्यक्रम (शिक्षा, स्वास्थ्य, रोजगारीमा) ।

अपेक्षित उपलब्धी

- पछाडि परेका तथा पारिएका दलित समुदाय तथा व्यक्तिहरुको सामाजिक तथा आर्थिक विकासका लागि सकारात्मक विभेद नीति तर्जुमा गरी कार्यान्वयनमा आएको हुनेछ ।

- सामाजिक तथा आर्थिक रुपमा पछाडि परेका दलित बर्ग तथा समुदायका सदस्यहरुको क्षमता अभिबृद्धि भई स्थानीय तहको श्रोत, साधन तथा प्रवाह गरिने सेवा, सुविधामा उनीहरुको पहुँच अभिबृद्धि भएको हुनेछ ।

५.५ आदिवासी जनजाती विकास

विद्यमान अवस्था

आर्थिक, सामाजिक, राजनैतिक एवं प्रशासनिक दृष्टिले पछाडि परेका आदिवासी तथा जनजातीहरुलाई संविधानले समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागीता हुन पाउने हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ । यी वर्ग तथा बसोवास गर्ने क्षेत्रहरुको उत्थान र विकासका लागि संविधानतः आदिबासी तथा जनजाती आयोगको समेत व्यवस्था गरिएको छ । सवै जातजाती तथा बर्गका मानिसहरुलाई राज्यका आर्थिक, सामाजिक र राजनैतिक विकासका प्रत्येक गतिविधिहरुमा समावेश गर्न सकिए मात्र शक्ति, श्रोत र अवसरमा सवैको न्यायोचित साझेदारी हुन सक्दछ । नेपालको संविधानमा व्यवस्था भए अनुसार राज्यका निर्देशक सिद्धान्तको सामाजिक न्याय र समावेशीकरण सम्वन्धी नीतिले पनि पछाडि परेका जातजाती, बर्गलाई मूलप्रवाहीकरण र अधिकार सम्पन्न गराउने व्यवस्था गरेको छ ।

राज्यका सबै नागरिकको उपस्थिति र अर्थपूर्ण सहभागीतामा समावेशी विकास भन्ने सोँच र मानव विकास सूचकांकको आधारमा पछाडि परेका समुदायको सशक्तिकरण र समानुपातिक विकासको लक्ष्य पन्ध्रौ योजनाले लिएको छ । पहिलो प्रादेशिक योजनाले समेत समावेशी सिद्धान्त अवलम्वन गरी समृद्धि हासिल गर्ने लक्ष लिएको छ । गाउँपालिकाको बहुलतायुक्त सामाजिक स्वरुपलाई पुँजीको रुपमा स्थापित गरी विकासमा अत्यधिक लाभ उठाउन सामाजिक समावेशीकरणलाई प्रमुख माध्यमको रुपमा ग्रहण गर्न आवश्यक भएकोले आदिवासी जनजाती विकास योजनाका लक्ष्य, उद्देश्य र कार्यक्रम त्यसै तर्फ केन्द्रित गरिएको छ ।

गाउँपालिकाको २०७५ को घरधुरी सर्वेक्षण अनुसार राप्ती सोनारी गाउँपालिकामा जम्मा १२६७७ घरधुरी रहेकोमा आदिवासी तथा जनजातीहरुको घरधुरी संख्या ६८७०.रहेको छ, जुन कुल घरधुरीको ५४.२० % हो । नौ वटा वडाहरु रहेको राप्ती सोनारीका सबै वडाहरुमा जनजातीहरुको बसोबास रहेकोछ । राप्ती सोनारी गाउँपालिकामा जनजातीहरुमा बिशेषत थारु जातीको बाहुल्यता छ । यस गाउँपालिकाका कुल घरधुरी मध्ये ४२.३ प्रतिशत थारु जातीका रहेका छन् । यस गाउँपालिकामा आगामी दिनहरुमा आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको क्षेत्र तथा बर्गको उत्थानका लागि गरिबी न्यूनीकरण सम्वन्धी विशेष कार्यक्रमहरु सञ्चालन गरी उनीहरुलाई विकासको मूलप्रवाहमा समाबेश गरी अगाडि बढ्नु पर्ने हुन्छ ।

अवसर र चुनौती

अवसर

- नेपालको संबिधानले समावेशी सिद्धान्तलाई अंगिकार गरेको र विभिन्न ऐन, नीति, नियमहरु समेत सामाजिक समावेशीताका आधारमा तर्जुमा भएको अवस्था रहेको ।
- तीनै तहको सरकारमा सामाजिक समाबेशीताका आधारमा प्रतिनिधिहरुको व्यवस्था गरिएको ।
- आदिवासी तथा जनजातीहरुको उत्थानका लागि कार्यरत बिभिन्न संघ संस्थाको समन्वयमा सामाजिक सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गर्न सकिने अवस्था रहेको ।

चुनौती

- समाजमा रहेको परम्परागत सोंच, चिन्तन र बिचारलाई परिर्वतन गर्ने ।
- सामाजिक बिकृति, बिसंगति र बिभेदको अन्त्य गरी सभ्य समाजको निर्माण गर्ने ।

दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य

दीर्घकालीन सोँच : समावेशी तथा समतामूलक विकास मार्फत राप्ती सोनारीलाई समृद्ध बनाउने ।

लक्ष्य : आर्थिक, सामाजिक बिकासका क्रियाकलापहरुमा आदिवासी जनजातीको समतामूलक पहुँच स्थापित गर्ने ।

उद्देश्य : राज्यका श्रोत, साधन, अवसर तथा लाभमा आदिवासी तथा जनजातीहरुको समान पहुँच सुनिश्चित गर्ने ।

रणनीति र कार्यनीति

उद्देश्यः राज्यका श्रोत, साधन, अवसर तथा लाभमा आदिबासी तथा जनजातीहरुको समान पहुँच सुनिश्चित गर्ने ।	
रणनीति	**कार्यनीति**
• आवश्यक नीति तथा कार्यक्रमहरु मार्फत आदिवासी जनजातिहरुलाई विकासका विभिन्न गतिविधिहरुमा सहभागी गराउने ।	• सकारात्मक विभेदलाई मध्यनजर गरी सामाजिक समावेशीकरण सम्बन्धी स्थानीय नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ । • सामाजिक तथा आर्थिक रुपमा पछाडि परेका आदिबासी जनजाती समुदायका सदस्यहरुलाई क्षमता अभिबृद्धि कार्यक्रहरु सञ्चालन गरिनेछ । • अति बिपन्न व्यक्तिहरुलाई लक्षित गरी व्यवसायिक तथा सीपमूलक तालिमहरु सञ्चालन गरिनेछ ।

प्रमुख कार्यक्रम

- वडा तहमा आदिवासी जनजाती संजाल तथा पालिका तहमा समन्वय समिति गठन तथा क्षमता अभिवृद्धि कार्यक्रम ।
- आदिवासी जनजाति संग्राहलय प्रवर्द्धन कार्यक्रम।
- स्वरोजगारमूलक व्यवसाय छनौट तथा उद्यमशीलता तालिम ।
- अति विपन्न आदिवासी जनजातीहरुलाई उद्यम स्थापनामा सहयोग ।
- आदिवासी जनजातिहरुका लागि सेवा प्रबेश कक्षा सञ्चालन ।

अपेक्षित उपलब्धी

- आदिवासी जनजातीहरुको सामाजिक, आर्थिक तथा राजनीतिक अवस्थामा सुधार भई समाजमा उनीहरुको सम्मान बढ्नुका साथै नेतृत्वमा समेत पहुँच अभिबृद्धि भएको हुनेछ ।
- आदिवासी जनजातीहरुमा रहेको परम्परागत सीप तथा ज्ञानको उपयोग गर्दै उद्यमशीलतामा अभिबृद्धि भएको हुनेछ ।

५.६ बालबालिका, वाल अधिकार तथा वाल संरक्षण

विद्यमान अवस्था

संविधानले बालबालिकाको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरी बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता जस्ता विषय समेटी सर्वाङ्गीण विकासको प्रत्याभूत गरेको छ । दीगो विकास लक्ष्यमा गुणस्तरीय शिक्षा तथा स्वास्थ्य, सुरक्षित, पहूँचयोग्य हरित सार्वजनिक स्थलमा पहूँच, बालबालिका विरुद्ध हुने सबै प्रकारका विभेद, शोषण, दुर्व्यव्यहार र हिंसाको अन्त्य गरी सशक्त गर्ने जस्ता परिमाणात्मक लक्ष्य किटान गरिएको छ ।

बाल अधिकार सुनिश्चित भएको बालमैत्री समाज भन्ने सोँच र बालबालिकालाई सबै प्रकारको हिंसा, दुर्व्यव्यहार र शोषणबाट मुक्त गरी राष्ट्र निर्माणका लागि योग्य र सक्षम नागरिकको रुपमा विकास गर्ने लक्ष्य पन्धौं योजनाले निर्दिष्ट गरेको छ । त्यसैगरी प्रदेशको प्रथम आवधिक योजनाले **बाल अधिकारको पूर्ण सुनिश्चितता प्रदान गर्दै सक्षम र सबल नागरिक तयार** भन्ने सोँच सहित सबैको सहकार्यमा बालबचाउ, संरक्षण, विकास र अर्थपूर्ण सहभागीता सुनिश्चित गर्ने लक्ष्य राखेको छ । यही पृष्ठभूमिमा बालविकास सम्बन्धी लक्ष्य, उद्देश्य र कार्यक्रम तर्जुमा भएका छन् । २०७५ को घरधुरी सर्भेक्षण अनुसार मराप्ती सोनारी गाउँपालिकामा १९ बर्ष मुनिका बालबालिका तथा किशोर किशोरीहरुको जनसंख्या करिव ४० प्रतिशत रहेकोछ । वालबालिका, युवा, किशोर किशोरीहरुलाई राज्यको तर्फवाट आवश्यक सुरक्षा र संरक्षण प्रदान गर्नु आवश्यक छ । उनीहरुलाई अन्य नागरिक सरह समाजमा स्थापित गर्न र उनीहरुको शारीरिक, मानसिक एवं भावनात्मक विकासको लागि विशेष कार्यक्रम मार्फत सम्वोधन गर्नुपर्दछ । बालबालिकाहरुलाई मनोवैज्ञानिक ढंगले व्यवहार गरेर उनीहरुको अधिकार र हीतको सुनिश्चितता गरिनु पर्दछ । गाउँपालिकाले बिद्यालय तह तथा समुदायस्तरमा बालबालिकाहरुलाई विभिन्न क्लवहरुमा आबद्ध गराई उनीहरुको क्षमता विकास गर्दै आएको छ । सबै वडाहरुमा बाल क्लवहरु गठन गरिएको र पालिका स्तरमा पालिकास्तरिय संजाल गठन गरी कृयाशिल रहेको अवस्था छ । बालवालिकाहरुका हक, अधिकार र कर्तव्य प्रति सचेत रहि सवै वडाहरुमा बाल अधिकार संरक्षण समितिहरु ग्ठनको थालनि गरिएको र यसलाई पालिका तहमा समेत समिति बनाई अगाडी

बढाउने सोचमा रहेको अवस्था छ । पालिकामा हाल २ वटा किशोरी क्लवहरु गठन भै कृयाशिल रहेका छन् । हाल पालिकामा २८ जना अभिभावक बिहिन बालबालिका रहेका र उनिहरु व्डा नं ५ मा रहेको अनाथ बाल बालिका हेरचाह केन्द्रमा रहेका छन् । पालिकाका वडा नं ३, ६ र ७ नं वडाहरु बाल बिवाह मुक्त घोषणा भै सकेका तथा बाँकी वडाहरुमा यो प्रकृया अगाडी बढाइएको अवस्था रहेको छ । पालिकाले बालबालिका तथा किशो किशोरीहरुकालागि बिभिन्न कार्यक्रमहरु संचालन गरिरहेको भएता पनि यी गतिबिधिहरु प्रयाप्त भने छैनन् । आजका बालबालिका भोलीका राष्ट्रका कर्णधारका रुपमा रहेको हुँदा उनीहरुलाई उचित बाताबरण तथा अवसर प्रदान गर्नु गाउँपालिकाको कर्तव्य तथा दायित्व हुनेछ । यसैलाई मध्यनजर गरी गाउँपालिकाले आफ्ना गतिबिधिहरु संचालन गर्दै आइरहेको छ ।

अवसर र चुनौती

अबसर

- नेपालको संबिधानले बालबालिकाको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको ।
- गाउँपालिकाको नीति तथा कार्यक्रमहरुमा बालबालिकाको क्षेत्रमा विभिन्न कार्यक्रमहरु सञ्चालन भएको ।
- बिद्यालय तह लगायत वडा स्तरमा समेत बाल क्लवहरु गठन भई क्रियाशील रहेको । वडा तथा पालिका स्तरिय बाल संजाल गठन गरिएको ।
- वडातहमा हाल किशारी क्लवहरु गठन भै संचालनमा रहेका ।
- वडा नं ५ मा अनाथ बाल बालिका हेरचाह केन्द्र संचालनमा रहेको ।
- हाल सम्म ३ वटा वडाहरु बालबिबाह मुक्त घोषण भै सकेका ।
- वडा स्तरिय तथा पालिका स्तरिय बाल अधिकार संरक्षण समितिहरु गठनको प्रकृयामा रहेका ।

चुनौती

- समाजमा बाल बिबाह, बालयौन दुर्व्यबहार तथा बाल श्रमको प्रयोग जस्ता विकृति विद्यमान रहेको ।
- अनाथ तथा असहाय एवं जोखिममा परेका बालबालिकाहरुको संरक्षण ।
- बलवालिकाहरुको हितमा संचालन हुने गतिविधीहरु (निर्णय प्रक्रिया देखी लाभ वितरण सम्मका कार्यक्रमहरु) मा बालबालिकाहरुको अर्थपूर्ण सहभागीताको सुनिश्चित गर्न ।
- बालमैत्री पूर्वाधारहरु निर्माण गरी सञ्चालनमा ल्याउने ।
- धुम्रपान तथा मध्यपान जस्ता विकृतिबाट बालबालिकालाई सुरक्षित राख्ने ।
- स्वास्थ्य, पोषण, शिक्षा, मनोरञ्जन लगायतका आधारभूत सुविधाहरुमा बालबालिकाको पहूँच सुनिश्चित गर्ने ।

दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य

दीर्घकालीन सोँच : आजका बालबालिका भोलिका सक्षम र सवल नागरिक ।

लक्ष्य : बालबालिकाहरुको अर्थपूर्ण सहभागीताको सुनिश्चित गर्ने ।

उद्देश्य : बालअधिकारको पूर्ण प्रत्याभूति हुने गरी बाल विकास सम्वन्धी क्रियाकलापहरु सञ्चालन गर्ने ।

रणनीति र कार्यनीति

उद्देश्यः: बालअधिकारको पूर्ण प्रत्याभूति हुने गरी बाल विकास सम्वन्धी क्रियाकलापहरु सञ्चालन गर्ने ।	
रणनीति	**कार्यनीति**
• बालबालिकाहरुको हक हीत संरक्षणका लागि आवश्यक नीति, कानून तथा कार्यविधिहरुको तर्जुमा तथा कार्यान्वयन गर्ने ।	• बालबालिकाहरुको हक हीत संरक्षणका लागि आवश्यक नीति तथा कार्यविधिको तर्जुमा गरी कार्यान्वयन गरिनेछ । • स्थानीय तहमा कार्यरत विभिन्न संघ संस्थाहरुसँगको समन्वय तथा सहकार्यको वातावरणमा बालविकास सम्बन्धी कार्यहरु सञ्चालन गरिनेछ । • बाल हिंसाबिरुद्ध निशुल्क कानूनी उपचारको व्यवस्था मिलाइनेछ ।
• बालवालिका सम्वन्धी बिबिध गतिविधीहरु (निर्णय प्रक्रिया देखी लाभ वितरण सम्मका कार्यक्रमहरु) मा बालबालिकाहरुको अर्थपूर्ण सहभागीताको सुनिश्चित गर्ने ।	• बालमैत्री स्थानीय शासनको अवधारणालाई कार्यान्वयन गरी आगामी ५ बर्ष भित्र बालमैत्री गाउँपालिका घोषणा गरिनेछ । • अनाथ बालबालिकाहरुको पालन पोषण, शिक्षा तथा स्वास्थ्यको व्यवस्था मिलाइनेछ । • वडा तह तथा बिद्यालयहरुमा बाल क्लबको स्थापना तथा सञ्चालनमा

	सहयोग पुऱ्याइनेछ । ● आगामी ३ बर्ष भित्र बाल बिवाह तथा बाल श्रम मुक्त गाउपालिका घोषण गरिने छ । ● बिद्यालय बाहिर रहेका बालबालिकाहरुलाई आवश्यकता अनुसार बाल क्लबहरु गठन गरी बाल अधिकारका लागि परिचालन गरिनेछ ।

प्रमुख कार्यक्रम

- बाल बिकास कोषको व्यवस्थापन ।
- वडा तथा बिद्यालय तहमा बाल क्लबहरु तथा बाल सञ्जाल निर्माण, परिचालन तथा सुदृढीकरण ।
- बाल हिंसा बिरुद्ध निशुल्क कानूनी उपचार ।
- अनाथ बाल बालिका हेरचाह केन्द्र संचालनमा सहयोग ।
- बाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यक्रम ।
- बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम ।
- बालमैत्री पालिका घोषणा कार्यक्रम ।
- बाल संरक्षण समितिको परिचालन तथा सुढृढिकरण ।

अपेक्षित उपलब्धी

- आगामी ३ बर्ष भित्र बाल बिवाह तथा बाल श्रम मुक्त गाउपालिका घोषण गरिएको हुनेछ । ।
- राप्ती सोनारी गाउँपालिका आगामी ५ बर्ष भित्र बालमैत्री गाउँपालिका घोषणा भएको हुनेछ ।
- शिक्षा, स्वास्थ्य, पोषण तथा मनोरञ्जन लगायतका सुविधाहरुमा बालबालिकाको पहूँच पुगेको हुनेछ ।
- बालबालिकाहरुको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थाहरु बीच समन्वय कायम भई बालअधिकार संरक्षणमा संयुक्त रुपमा अघि बढेका हुनेछन् ।
- राप्ती सोनारी गाउँपालिकामा नयाँ बन्ने सबै पुर्वाधारहरु योजनाहरु बालमैत्री अवधारणामा बन्नेछन् ।

५.७ युवा, खेलकूद तथा संस्कृति

५.७.१ युवा

विद्यमान अवस्था

युवाको सर्वाङ्गीण विकास, सशक्तिकरण र युवा उद्यमशीलताका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगाएतका क्षेत्रमा विशेष अवसर प्रदान गर्ने संवैधानिक व्यवस्था अनुरुप राष्ट्रिय विकासमा युवा सहभागीताको वातावरण सुनिश्चितता गर्नु आजको आवश्यकता हो ।

युवाको सर्वाङ्गीणविकास, राष्ट्र निर्माणको प्रमुख आधार भन्ने सोँच र स्वस्थ, सकारात्मक सोँचयुक्त, उद्यमशील, सिर्जनशील, अधिकार प्रति सचेत र कर्तव्य प्रति प्रतिबद्ध युवा शक्तिको विकास र परिचालन गर्ने लक्ष्य पन्ध्रौ योजनाले अंङ्गिकार गरेको छ । लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाले जनसांख्यिक लाभांश हासिल हुने गरी सक्रीय युवाशक्तिलाई प्रदेशको विकासमा अधिकतम परिचालन गर्ने प्रमुख उद्देश्य सहित रणनीति/कार्यनीति तय गरेको छ । राष्ट्रिय तथा प्रदेश योजनाका यीनै लक्ष्यसँग तादाम्यता राख्दै यस योजनामा युवा तर्फका लक्ष्य, उद्देश्य र कार्यक्रमहरु निर्देशित भएका छन् ।

आर्थिक रुपमा गाँउमा उच्च शिक्षा हासिल गर्ने अवसर नहुँदा बाहिर जाने र गाँउमा रोजगारीको अबसर नहुँदा पुन फर्केर गाँउमा नआउने समस्या शिक्षित युवाहरुमा पाइन्छ । २०७५ को तथ्यांक अनुसार राप्ती सोनारी गाउँपालिकाबाट बैदेशिक रोजगारीमा जाने युवाहरुको संख्या कूल जनसंख्याको ४.७ प्रतिशत छ भने स्वदेश भित्रै ज्याला मजदुरी गर्नेको संख्या करिव १३ प्रतिशत रहेको छ । बैदेशिक रोजगारी तथा ज्याला मजदुरीमा जानेहरु करिव सवै ६० बर्ष तलको जनसंख्या रहेको छ । गाँउमा रोजगारीको अवसर नहुँदा रोजगारीका लागि गाउँबाट पलायन हुने अवस्था अहिले पनि विद्यमान छ । युवाहरुमा रहेको सीप र लगनशीलताको उच्च कदर गर्दै उनीहरुलाई विभिन्न्न आर्थिक क्रियाकलापहरुमा सहभागी गराउन सके मात्र गाउँको सामाजिक, आर्थिक विकासका साथै युवाशक्ति गाउँबाट पलायन हुनबाट रोक्न सकिनेछ ।

अवसर र चुनौती

अबसर

- बैदेशिक रोजगारबाट फर्किएका युवाहरुको अनुभव, ज्ञान र सीपलाई आर्थिक गतिविधिहरुमा सदुपयोग गर्न सक्ने ।
- विद्यमान युवा परिचालन नीति तथा सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा सहुलियतपूर्ण ऋणहरुबाट युवाहरुलाई आफ्नै गाउँ ठाउँको विकासमा परिचालित हुने अवस्था रहेको ।
- गाउँपालिकाबाट हाल बैदेशिक रोजगार वा ज्याला मजदुरीमा जाने युवा जनशक्तिलाई स्थानीय स्तरमा रोकी स्थानीय स्तरमा रोजगारीका अवसरहरु श्रृजनागर्न सक्ने अवसर रहेको ।

चुनौती

- युवाहरुलाई गाउँमै बसी आर्थिक उपार्जन सहितको सम्मानित जीवन विताउन सकिन्छ भन्ने बिश्वासको वातावरण बनाउे ।
- युवा परिचालन, रोजगारी श्रृजना र बिकास गतिबिधिहरुलाई एकीकृत रुपमा कार्यान्वयन गर्ने ।

दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य

दीर्घकालीन सोँच :- युवाको सर्वाङ्गीण विकास, समृद्ध राप्ती सोनारीको प्रमुख आधार ।

लक्ष्य :- स्वास्थ्य, सिर्जनशील तथा सकारात्मक सोँच भएका युवाहरुको विकास गरी विकासमा परिचालन गर्ने ।

उद्देश्य :- युवाहरुको क्षमता विकास गरी स्वरोजगार बनाउने ।

रणनीति र कार्यनीति

उद्देश्य : युवाहरुको क्षमता विकास गरी स्वरोजगार बनाउने ।	
रणनीति	**कार्यनीति**
• प्राविधिक तथा व्यवसायिक शिक्षा मार्फत युवाहरुको सीप बिकास गरी विकास निर्माणका गतिबिधिहरुमा परिचालन गर्ने ।	• गाउँपालिकामा युवा स्वरोजगार कोषको स्थापना गरी परिचालन गरिनेछ । • गाउँपालिकामा सीप विकास प्रशिक्षण केन्द्र तथा प्राविधिक शिक्षालय स्थापना गरी युवाहरुलाई प्राबिधिक शिक्षा र सीपमूलक तालिम मार्फत दक्ष, उद्यमशील र आत्मनिर्भर बनाइनेछ । • युवाहरुलाई गाउँपालिकाको नीति निर्माण, निर्णय प्रक्रियामा सहभागी गराउनुका साथै बिभिन्न आर्थिक तथा सामाजिक क्रियाकलापमा संलग्न गराइनेछ । • स्थानीय स्तरमा युवाहरुको संलग्नमा साझेदारीमा कार्यक्रमहरु सञ्चालन गरिनेछ । • युवा सम्वन्धी काम गर्ने स्थानीय स्तरका संघ संस्थाहरुको क्षमता विकास गरिनेछ । • युवाहरुको क्षमता अभिबृद्धिका लागि देशका विभिन्न स्थानहरुमा अध्ययन तथा अवलोकन गराइनेछ ।

प्रमुख कार्यक्रम

- युवा स्वरोजगार कोष स्थापना तथा परिचालन ।
- युवा साझेदारी कार्यक्रम ।
- ग्रामीण युवा उद्यमशीलता तथा सीप बिकास तालिम कार्यक्रम ।
- लागु औषध नियन्त्रण कार्यक्रम ।
- कृयाशील युवा क्लवहरुको संरक्षण तथा सुदृढीकरण कार्यक्रम ।

अपेक्षित उपलब्धी

- व्यवसायिक तथा सीपमूलक तालिम मार्फत युवाहरुमा दक्षता एवं उद्यमशीलता अभिबृद्धि भई स्वरोजगार बनेका हुनेछन् ।
- गाउँपालिकाको नीति निर्माण तथा निर्णय प्रक्रियामा युवाहरुको अर्थपूर्ण सहभागीता भई युवामैत्री वातावरणको सिर्जना भएको हुनेछ ।

५.७.२ खेलकूद

विद्यमान अवस्था

राष्ट्रिय एकता सुदृढ गर्ने र अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय पहिचान कायम गर्ने माध्यमको रुपमा खेलकूद क्षेत्रको महत्वपूर्ण गरिमा हुन्छ । त्यसैगरी शारीरिक तन्दुरुस्ती, सामाजिक, मानसिक र संवेगात्मक पक्षको सन्तुलित विकासमा समेत खेलकूदको महत्वपूर्ण भूमिका रहन्छ । खेलकूद विकासका लागि तीनै तहको लगानी आवश्यक छ । नेपालको संबिधानमा समेत खेलकूदलाई तीनै तहका सरकारको साझा सूचीमा राखिएकोछ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा व्यवस्था भए अनुसार स्थानीय स्तरका खेलकूद संरचनाको निर्माण, सञ्चालन तथा विकासको जिम्मा स्थानीय तहलाई दिइएकोछ ।

स्वच्छ, व्यवसायिक र प्रविधिमैत्री खेलकूद अभिवृद्धि भन्ने साँच र खेलकूदको विकास र विस्तार गरी स्वस्थ, सक्षम र अनुशासित नागरिक तैयार पार्दै अन्तर्राष्ट्रिय जगतमा राष्ट्रको सम्मान अभिवृद्धि र पहिचान गर्ने लक्ष्य पन्ध्रौ योजनाले राखेको छ भने प्रादेशिक योजनाले **खेलकूद क्षेत्रको समग्र विकास गरी युवाहरुको व्यक्तित्व विकास तथा मुलुकको अन्तर्राष्ट्रिय रुपमा पहिचान** भन्ने साँच सहित राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरका खेलाडीहरु उत्पादन गर्ने लक्ष्य लिएको छ । स्थानीय तह देखिनै खेलकूदको संस्थागत विकास एवं पूर्वाधार निर्माण गरी **सबैका लागि खेलकूद** अभियानलाई सार्थकता दिन आवश्यक छ । गाउँपालिकाले तय गरेको नारालाई सार्थक बनाउन थप लगानीको आवश्यक देखिन्छ । स्वस्थ्य, अनुशासित तथा सिर्जनशील नागरिक उत्पादन गर्नु तथा खेलकूदको माध्यमबाट प्रदेश तथा राष्ट्रिय स्तरमा गाउँपालिकालाई चिनाउन सक्ने अवसरको सदुपयोग गरिनु पर्दछ । गाउँपालिकामा स्तरीय खेल मैदानहरुको व्यवस्था गर्न सकिएको अवस्था छैन । खेलकूदलाई छुट्टै नहेरी स्वास्थ्य एवं पर्यटन प्रवर्द्धनसँग आबद्ध गरी लैजान सके अझ बढी प्रभावकारी हुनेछ ।

अवसर र चुनौती

अबसर

- खेलकूदमा बालबालिका तथा युवाको रुची बढ्दै गएको ।
- स्थानीय स्तरका युवाको जनसंख्या उल्लेख्य रहेको ।
- खेलकूदमा सरकारको लगानीमा क्रमशः बृद्धि भइरहेको ।

चुनौती

- खेलकूदलाई आयसँग लगायत अन्य क्षेत्रसँग आबद्ध गरी प्रवर्द्धन गर्न नसकिएको ।
- खेलकूदको लागि आवश्यक भौतिक पूर्वाधारको व्यवस्थापन गर्ने ।
- खेलकूदलाई पेशाको रुपमा लिने वातावरण तैयार नभएको ।

दीर्घकालीन साँच, लक्ष्य, उद्देश्य

दीर्घकालीन साँच : युवाहरुको शान; खेलकूदको माध्यमबाट राप्ती सोनारी को पहिचान ।

लक्ष्य : स्वस्थ्य तथा सिर्जनशील खेलाडी उत्पादन गरी खेलकूद विकासमा टेवा पुऱ्याउने ।

उद्देश्य : खेलकूद पुर्वाधारको विकासका साथै स्वस्थ्य तथा सिर्जनशील खेलाडी उत्पादन गरी खेलकूदको समग्र विकास गर्ने ।

रणनीति र कार्यनीति

उद्देश्य : खेलकूद पुर्वाधारको विकासका साथै स्वस्थ्य तथा सिर्जनशील खेलाडी उत्पादन गरी खेलकूदको समग्र विकास गर्ने ।	
रणनीति	**कार्यनीति**
• खेल विकासका लागि खेलकूद पूर्वाधारको निर्माण गरी प्रतियोगिताहरु सञ्चालन गर्ने ।	• खेलकूद विकासका लागि कानूनी तथा संस्थागत संरचनाको व्यवस्था गरिनेछ । • गाउँपालिकामा बहुउद्देश्यीय कभर्ड हल सहितको प्रदेश स्तरको खेल मैदान निर्माण तथा आवश्यकता अनुसार वडाहरुमा खेलमैदान निर्माण गर्दै लगिनेछ । • न्युनतम आवश्यकता अनुसारका खेलकूद मैदानहरु नभएका बिद्यालयहरुमा जग्गाको उपलब्धता अनुसार खेल मैदानको स्तरोन्ती गरिनेछ ।

	• बालबालिका तथा युवाहरुको क्षमता पहिचान गरी प्रशिक्षणको व्यवस्था गरिनेछ । • शिक्षा शाखाको समन्वयमा बार्षिक रुपमा खेलकूद क्यालेण्डर बनाई विभिन्न खेलकूद प्रतियोगिता सञ्चालन गरिनेछ । • मापदण्ड बनाई विभिन्न स्तरमा विजयी खेलाडीहरुलाई सम्मान गरिनेछ । • स्थानीय स्तरमा खेलिने खेलहरुको जगेर्ना गरिनेछ । • खेलकूदलाई आय आर्जनसँग आवद्ध गरिनेछ । • पालिका स्तरीय खेलकूद विकास समिति गठन गरी परिचालन गरिनेछ
• खेलकूदलाई अन्य क्रियाकलापहरुसँग आबद्ध गर्ने ।	• खेलकूदलाई स्वास्थ्य तथा आन्तरिक पर्यटन प्रवर्द्धनसँग आबद्ध गरिनेछ । • बिद्यालय तहमा खेलकूद शिक्षलाई अनिवार्य गरी बालबालिकालाई स्वस्थ्य अनुशासित बनाउन उत्प्रेरित गरिनेछ । • खेलकूदलाई दैनिक जीवनसँग आबद्ध गर्न विभिन्न छलफल तथा अन्तरक्रियाको आयोजना गरिनेछ ।

प्रमुख कार्यक्रम

- खेलकुद बिकासकालागि आवश्यक संस्थागत संरचना निर्माण तथा क्षमता विकास ।
- राष्ट्रपती रनिङ सिल्ड तथा अध्यक्ष कप प्रतियोगिता संचालन कार्यक्रम ।
- बिभिन्न विधाका खेल प्रशिक्षक उत्पादन कार्यक्रम ।
- विद्यालय खेलमैदान स्तरोन्नती कार्यक्रम ।
- बहुउद्देश्यीय कभर्ड हल सहितको खेलमैदान निर्माण ।
- वडा स्तरीय खेल मैदान निर्माण ।

अपेक्षित उपलब्धी

- आवश्यकतानुसारका खेलकूद पूर्वाधारको विकास भई नियमित रुपमा कार्यक्रमहरु सञ्चालन भएको हुनेछ ।
- स्थानीय स्तरमा रहेका बालबालिका तथा युवाहरुको क्षमता विकास भई प्रदेश तथा राष्ट्रिय स्तरका खेलाडीहरु उत्पादन भएका हुनेछन् ।
- स्थानीय स्तरमा नियमित रुपमा प्रशिक्षण कार्यहरु सञ्चालन भएका हुनेछन् ।

५.७.३ संस्कृति

विद्यमान अवस्था

हाम्रा समृद्ध मूर्त तथा अमूर्त सम्पदाहरु राष्ट्रिय एकता सवलीकरण गर्ने माध्यमका रुपमा रहेका छन् । परम्परागत संस्कृतिको जगेर्ना गरी हाम्रो संस्कृतिको मौलिकतालाई अक्षुण्ण राख्दै ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक सम्पदाहरुको संरक्षण र सम्वर्द्धन गर्नु हाम्रो दायित्व हो । **साँस्कृतिक विविधतामा गौरव गर्ने एकताबद्ध नेपाली समाज** भन्ने साँच र सबै मौलिक संस्कृतिको संरक्षण, सम्वर्द्धन र विकास गर्दै राष्ट्रिय एकता मजबुद बनाउने लक्ष्य पन्ध्रौ योजनाले लिएको छ । त्यसैगरी प्रादेशिक योजनाले समेत मुलुकमा बोलिने सबै भाषा तथा संस्कृतिको उचित संरक्षण, सम्बर्द्धन र विकास गर्ने लक्ष लिएको छ । राप्ती सोनारी गाउँपालिकाले समेत आफ्नो क्षेत्रभित्र बोलिने भाषा तथा संस्कृति एवं साँस्कृतिक सम्पदाहरुको संरक्षण तथा सम्बर्द्धनका

भुवर भवानी मन्दिर, वडा नं.३

कार्यक्रमहरु योजनामा समावेश गरिनु पर्दछ । ऐतिहासिक र साँस्कृतिक धरोहरको रुपमा रहेका सम्पदाहरुको संरक्षण र सम्बर्द्धन गरी भावी पुस्ताहरुलाई हस्तान्तरण गरिनु पर्दछ ।

राप्ती सोनारी गाउँपालिकामा मुख्यतया थारु, क्षेत्री, मगर, विश्वकर्मा मुसलमान लगायतका जातजातीको बसोवास रहेको छ । यस गाउँपालिकामा करिव ४३ प्रतिशत थारु जातीको बसोवास रहेको छ । यहाँ बोलिने मुख्य भाषा नेपाली थारु, मगर भाषा हुन् । यस पालिकामा विभिन्न समुदायहरुको बसोवास रहेकाले आ-आफ्नै रहन सहन तथा संस्कृति रहेको छ । नेपालको संबिधानले पनि मौलिक हकको रुपमा भाषा र संस्कृति सम्बन्धी हकको व्यवस्था गरेको छ । यहाँ मनाइने मुख्य चाडपर्वहरुमा हिन्दुहरुले दशै, तिहार, माघी, होली, श्रीपञ्चमी, शिवरात्री, रामनवमी, धुरीया पुजा मनाउने गर्दछन् भने कृश्चियनहरुले क्रिसमस डे तथा इस्लाम धर्मावलम्वीहरु मुहर्रम, रामजान, इद उल फित्र तथा बकर इद जस्ता चाड पर्वहरु मनाउने गरेको पाइन्छ । मेला पर्वहरुमा माघी मेला, शिवरात्री, गौशाला मेला, तिज महोत्सव तथा भरी माता मेला जस्ता प्रमुख मेलाहरु लाग्ने गरेका छन् ।

अवसर र चुनौती

अवसर

- भाषा, संस्कृति र साँस्कृतिक सम्पदाहरुको संरक्षण तथा सम्वर्द्धनका लागि तीनै तहका सरकारहरुको दायित्व रहेको
- समुदायहरुमा आफ्नो भाषा, संस्कृति तथा साँस्कृतिक सम्पदाहरुको संरक्षण तथा सम्वर्द्धनमा चाँसो बढ्दै गएको ।
- परम्परागत रीतिरिवाज, रहन सहन तथा संस्कृति एवं धार्मिक सम्पदाहरुको संरक्षण जस्ता कार्यहरुलाई पर्यटन प्रवर्द्धनसँग जोडेर लैजाने प्रचलनको थालनी भै सकेको छ ।

चुनौती

- ऐतिहासिक, साँस्कृतिक एवं धार्मिक सम्पदाहरुको संरक्षण र व्यवस्थापनका लागि आवश्यक साधन श्रोतको व्यवस्था गर्ने ।
- विभिन्न भाषा, संस्कृति तथा रहन सहनलाई साझा सम्पत्तिको रुपमा प्रवर्द्धन गर्ने ।

दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य

दीर्घकालीन सोँच :- राप्ती सोनारीको गौरव र शान; साँस्कृतिक विविधताको उत्कृष्ट पहिचान ।

लक्ष्य :- सबै भाषा, संस्कृति एवं ऐतिहासिक सम्पदाहरुको संरक्षण तथा सम्वर्द्धन गर्दै पर्यटन विकास गर्ने ।

उद्देश्य :- विभिन्न संस्कृति तथा ऐतिहासिक, धार्मिक, साँस्कृतिक सम्पदाहरुको पहिचान गरी संरक्षण गर्ने ।

रणनीति र कार्यनीति

उद्देश्यः विभिन्न संस्कृति तथा ऐतिहासिक, धार्मिक, साँस्कृतिक सम्पदाहरुको पहिचान गरी संरक्षण गर्ने ।	
रणनीति	**कार्यनीति**
• स्थानीय भाषा, संस्कृतिको संरक्षण तथा सम्वर्द्धन गर्ने ।	• स्थानीय भाषा, संस्कृतिको संरक्षण तथा सम्वर्द्धनका लागि स्थानीय संघ संस्थाहरुसँग सहकार्य गरिनेछ । • बिद्यालय तहमा लोक गीत तथा लोक नृत्य प्रशिक्षण गराइनेछ । • परम्परागत लोक संस्कृतिको संरक्षणका लागि सम्बन्धित समूह/संस्थासँग सहकार्य गरिनेछ । • लोक संस्कृतिको संरक्षण तथा सम्वर्द्धनका लागि विभिन्न प्रतियोगिताहरु सञ्चालन गरिनेछ । • विभिन्न जातजातीहरुको मौलिकता झल्किने वस्तुहरु र ऐतिहासिक युद्ध सामाग्री सहितको साँस्कृतिक संग्राहलयको स्थापना गरिनेछ । • स्थानीय स्तरमा लाग्ने धार्मिक मेला तथा जात्राहरुका संरक्षण तथा प्रवर्द्धन गरिनेछ ।
• ऐतिहासिक, धार्मिक एवं साँस्कृतिक स्थल तथा सम्पदाहरुको पहिचान तथा संरक्षण गर्ने ।	• सम्पदा संरक्षणका लागि आवश्यक कानूनी तथा संस्थागत संरचनाको व्यवस्था गरिनेछ । • स्थानीय स्तरमा कार्यरत सामुदायिक संघ संस्थाहरुको सहकार्यमा सम्पूर्ण ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक सम्पदाहरुको पहिचान, अभिलेखिकरण, पुनर्निर्माण तथा संरक्षण गरी प्रचार प्रसार गरिनेछ । • सम्पदा स्थलको संरक्षण तथा सम्वर्द्धनमा प्रतिकूल असर नपर्ने गरी

	यस्ता सम्पदा स्थलहरुलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ । ● दाहसंस्कार गरिने घाटहरुको उचित व्यवस्थापन गरिनेछ ।

प्रमुख कार्यक्रम

- विभिन्न धार्मिक स्थल तथा मठ मन्दिरहरुको संरक्षण तथा सम्वर्द्धन कार्यक्रम ।
- भाषा, संस्कृति सम्वर्द्धन कार्यक्रम ।
- ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक सम्पदाहरुको पहिचान, अभिलेखीकरण तथा प्रचार प्रसार कार्यक्रम ।
- लोक संस्कृतिको संरक्षण तथा सम्वर्द्धनका लागि साँस्कृतिक महोत्सव आयोजना ।
- बहु-साँस्कृतिक संग्रहालयको स्थापना ।
- विद्यालय तहमा लोक गीत तथा लोक नृत्य प्रतियोगिता कार्यक्रम ।
- घाट व्यवस्थापन कार्यक्रम ।

अपेक्षित उपलब्धी

- राप्ती सोनारी गाउँपालिकामा रहेका सबै धार्मिक तथा साँस्कृतिक सम्पदाहरुको पहिचान, अभिलेखीकरण, प्रचार प्रसार तथा संरक्षण सम्वर्द्धन भएको हुनेछ ।
- स्थानीय स्तरमा बोलिने भाषा तथा संस्कृतिको संरक्षण भएको हुनेछ ।
- ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक सम्पदाहरुको पहिचान, सरक्षण तथा सम्वर्द्धनमा स्थानीय धार्मिक/सामुदायिक संघ संस्था सक्रीय रुपमा परिचालित भएका हुनेछ ।

५.८ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

विद्यमान अवस्था

आर्थिक, सामाजिक, राजनैतिक एवं प्रशासनिक दृष्टिले पछाडि परेका विभिन्न लक्षित वर्गहरु (महिला, दलित, आदिवासी, जनजाती, मधेसी, थारु, मुस्लिम, पिछडा वर्ग, सीमान्तकृत, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रुपले विपन्न खस आर्य) लाई संविधानले समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिता हुन पाउने हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ । यी वर्ग तथा क्षेत्रहरुको उत्थान र विकासका लागि संविधानतः विभिन्न आयोगहरुको समेत व्यवस्था गरिएको छ । जातीय, भाषिक, धार्मिक, लैङ्गिक, आर्थिक, सामाजिक र राजनैतिक आधारमा विकासका प्रत्येक गतिविधिहरुमा समावेश गर्न सकिए मात्र शक्ति, श्रोत र अवसरमा सवैको न्यायोचित साझेदारी हुन सक्दछ । नेपालको संविधानमा व्यवस्था भए अनुसार राज्यका निर्देशक सिद्धान्तको सामाजिक न्याय र समावेशीकरण सम्वन्धी नीतिले पनि राज्यका पछाडी परेका बर्गलाई मूलप्रवाहीकरण र अधिकार सम्पन्न गराउने व्यवस्था गरेको छ ।

राज्यका सबै नागरिकको उपस्थिति र अर्थपूर्ण सहभागितामा समावेशी विकास भन्ने सोँच र मानव विकास सूचकांकको आधारमा पछाडि परेका समुदायको सशक्तिकरण र समानुपातिक विकासको लक्ष्य पन्ध्रौ योजनाले लिएको छ । पहिलो प्रादेशिक योजनाले समेत समावेशी सिद्धान्त अवलम्वन गरी प्रदेश एवं सबै नागरिकहरुको संमृद्धि हासिल गर्ने लक्ष लिएको देखिन्छ । दिगो विकास लक्षमा सन् २०३० सम्ममा सबै पुरुष तथा महिला विशेषगरी गरिब तथा जोखिमपूर्ण स्थितिमा रहेका व्यक्तिहरुको आर्थिक स्रोतहरूमाथि समान अधिकार सुनिश्चित गर्नुका साथै आधारभूत सेवामा पहुँच तथा भूमि र अन्य प्रकारका सम्पत्ति, उत्तराधिकार, प्राकृतिक स्रोतहरू, उपयुक्त नयाँ प्रविधि र वित्तीय सेवा, लघु वित्तल गायतमा स्वामित्व र नियन्त्रण सुनिश्चित गर्ने गरी लक्ष निर्धारण गरिएकोछ ।

राप्ती सोनारी गाउँपालिकामा मुख्यतः थारु, क्षेत्री, मगर, बिश्वकर्मा, मुसलमान परियार्र लगायतका जातजातिको बसोवास रहेको छ । शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रहरुमा अन्य जातजातिहरुको तुलनामा क्षेत्री तथा थारुहरुको पहुँच बढी भएको देखिन्छ । यसवाट यो भन्न सकिन्छ की यस गाउँपालिकामा बसोवास गर्ने दलित, लगायतका अल्पसंख्यक जातजातिहरुको शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा लगायतका क्षेत्रहरुमा पहूँच तुलनात्मक रुपमा कम रहेको छ । यसरी पछाडी परेको बर्गको उत्थानका लागि विशेषत उनीहरुको क्षमतामा अभिबृद्धि गरी शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा लगायतका क्षेत्रहरुमा उनीहरुको पहूँच अभिबृद्धि गनुपर्ने हुन्छ । आर्थिक तथा सामाजिक रुपमा पछाडी परेको क्षेत्र तथा बर्गको उत्थान कालागि गरिबी न्युनीकरण सम्वन्धी विशेष कार्यक्रमहरु सञ्चालन गरी

उनीहरुलाई समेत विकासको मूलप्रवाहमा समाबेश गर्न सके मात्र समाबेशीकरणको अर्थ रहने हुन्छ । यसैलाई ध्यानमा राखी तीनै तहका सरकारबाट ती बर्गहरुका लागि विभिन्न लक्षित कार्यक्रमहरु पनि सञ्चालनमा आएका छन् ।

संविधानत नेपाल छुवाछुतमुक्त राज्य भएता पनि व्यवहारमा अझै पनि छुवाछुत प्रथा पूर्णरुपमा हटिसकेको अवस्था भने छैन । बर्तमान अवस्थामा यो समस्याबाट राप्ती सोनारी गाउँपालिका अछुतो रहन सक्ने स्थिति छैन । वास्तवमा छुवाछुत जस्तो सामाजिक कुरितीलाई हटाउनका लागि जनचेतना अभिबृद्धि गर्ने खालका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने हुन्छ ।

महिला, दलित अपाङ्गता भएका व्यक्ति र आर्थिक रुपले विपन्न, सामाजिक एवं आर्थिक रुपले पछाडि परेकाहरुलाई समावेशी सिद्धान्तका आधारमा गाउँपालिकाका विभिन्न निकाय र क्षेत्रहरुमा सहभागी हुन पाउने संवैधानिक हकलाई सुनिश्चित गर्नु राप्ती सोनारी गाउँपालिकाको प्रमुख दायित्व भित्र पर्दछ । गाउँपालिकाको बहुलतायुक्त सामाजिक स्वरुपलाई पुँजीको रुपमा स्थापित गरी विकासमा अत्याधिक लाभ उठाउन लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रमुख माध्यमको रुपमा ग्रहण गर्न आवश्यक छ ।

चुनौती र अवसर

अवसरहरु

- राज्यकै मुल कानूनले समावेशी सिद्धान्तलाई अंगिकार गरेको ।
- बर्तमानमा विभिन्न ऐन, नीति, नियम र कानूनहरु सामाजिक समावेशिताका आधारमा तर्जुमा भएको ।
- तीनै तहको सरकारमा सामाजिक समाबेशीताका आधारमा जनप्रतिनिधिहरुको व्यवस्था गरिएको ।
- सामाजिक बिकृति, बिसंगती र बिभेदको अन्त्य गरी सामाजिक रुपान्तरण गर्ने कार्यमा गाउँपालिकाको प्रतिबद्धता रहेको ।
- सदियौं देखिको सामाजिक सद्भाव र एकतालाई कायम गरी सामाजिक रुपान्तरण गर्न सकिने अवस्था विद्यमान रहेको ।
- बिभिन्न संघ संस्थाको समन्वयमा सामाजिक सशक्तिकरणका कार्यक्रमहरु संचालन गरी सामाजिक रुपान्तरण सम्वन्धी कार्य संचालन गर्न सकिने ।
- गाउँपालिका यसै आर्थिक बर्ष २०७८/७९ मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनिति तैयार भई सकेको छ ।

चुनौतीहरु

- परम्परागत सोंच, चिन्तन र बिचारबाट उत्पन्न सामाजिक बिकृति र बिसंगतिलाई हटाउने ।
- आपसी सम्मान र सहयोगको वातावरण कायम गर्ने ।
- विद्यमान गरिवीलाई न्यूनीकरण गरी समतामूलक र समावेशी समाजको निर्माण गर्ने ।
- कानूनको प्रभावकारी कार्यान्वयन गरी बिधिको शासन कायम गर्ने ।
- सामाजिक बिकृति, बिसंगती र बिभेदको अन्त्य गरी सभ्य समाजको निर्माण गर्ने ।

दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य

दीर्घकालीन सोँच :- समतामुलक तथा समावेशी विकास मार्फत राप्ती सोनारीलाई समृद्ध बनाउने ।
लक्ष्य :- सकारात्मक विभेद नीति अवलम्वन गरी सामाजिक समावेशीकरणको लक्ष हासिल गर्ने ।
उद्देश्य :- उपलब्ध श्रोत, साधन, अवसर तथा लाभमा सवैको पहूच सुनिश्चित गर्ने ।

रणनीति र कार्यनीति

उद्देश्य १: उपलब्ध श्रोत, साधन, अवसर तथा लाभमा सवैको पहूच सुनिश्चित गर्ने ।	
रणनीति	**कार्यनीति**
• सामाजिक तथा आर्थिक रुपमा पछाडी परेका बर्गहरुको उत्थानकालागि सकारात्मक विभेदको नीति अबलम्वन गरी उपलब्ध साधन, श्रोतमा उनीहरुको पहूँच सुनिश्चित गर्ने ।	• लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी रणनितिक योजना कार्यान्वयनमा ल्याइनेछ । • सामाजिक तथा आर्थिक रुपमा पछाडी परेका बर्ग तथा समुदायलाई लक्षित गरी सकारात्मक विभेद नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । • सामाजिक तथा आर्थिक रुपमा पछाडि परेका बर्ग तथा

	समुदायका सदस्यहरुलाई क्षमता अभिबृद्धि कार्यक्रमहरु सञ्चालन गरिनेछ । ● बञ्चितीमा परेका समुदाय र व्यक्तिहरुलाई लक्षित गरी व्यवसायिक तथा सीपमूलक तालिमहरु सञ्चालन गरिनेछ ● लक्षित वर्गको लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ । ● लैङ्गिक उत्तरदायी बजेट प्रणालीको संस्थागत विकास गरिनेछ । ● सामाजिक रुपमा पछाडि परेका र पारिएका वर्ग तथा समुदायका लागि विभिन्न अवसर प्रदान गर्दै आत्मनिर्भर र स्वरोजगार बनाइनेछ ।

प्रमुख कार्यक्रम

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी स्थानीय नीति तर्जुमा तथा कार्यान्वयन ।
- लैङ्गिक उत्तरदायी बजेट परिक्षण कार्यक्रम ।

अपेक्षित उपलब्धी

- पछाडि परेको समुदाय तथा व्यक्तिहरुको सामाजिक तथा आर्थिक विकासका लागि सकारात्मक विभेद नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको हुनेछ ।
- सामाजिक तथा आर्थिक रुपमा पछाडी परेका बर्ग तथा समुदायका सदस्यहरुको क्षमता अभिबृद्धि भएको हुनेछ ।
- स्थानीय तहको श्रोत, साधन तथा प्रवाह गरिने सेवा, सुविधामा उनीहरुको पहूँच अभिबृद्धि भएको हुनेछ ।
- बार्षिक रुपमा लैङ्गिक उत्तरदायी बजेट परीक्षणभै प्राप्त सुझाबहरु कार्यान्वयन भएका हुनेछन् ।

५.९ खानेपानी तथा सरसफाई

विद्यमान अवस्था

प्रत्येक नागरिकलाई खानेपानी तथा सरसफाईको अधिकार हाम्रो संविधानले मौलिक हककै रुपमा व्यवस्था गरेको छ । खानेपानी तथा सरसफाई सेवाले मानव जीवनमा बहु-आयामिक प्रभाव पार्ने अवस्था त छ नै, यसबाट बाल मृत्युदर कम भै सरदर आयु बृद्धि गर्नमा मद्दत पुग्ने, नागरिकको समग्र स्वास्थ्य स्थितिमा सुधार भै उत्पादनशील मानव संसाधनको विकास हुने र सामाजिक रहन सहनमा अनुकूल सुधार गर्न योगदान पुग्दछ ।

स्वच्छ, सुरक्षित, सर्वसुलभ र दीगो खानेपानी तथा सरसफाई सेवा भन्ने सोँच र सबैलाई आधारभूत स्तरको खानेपानी तथा सरसफाई सेवाको पहूँच सुनिश्चित गर्दै गुणस्तरीय सेवा अभिवृद्धि गर्ने लक्ष्य पन्ध्रौ योजनाले अंङ्गिकार गरेको छ । त्यस्तै प्रादेशिक योजनाले प्रदेशका सवै वस्तीहरुमा स्वच्छ र भरपर्दो खानेपानी पुऱ्याउने र सवै प्रकारका फोहरको प्रभावकारी व्यवस्थापन गर्ने लक्ष लिएको छ । दीगो विकासका लक्षमा सन् २०३० सम्ममा सबैलाई स्वच्छ खानेपानी र सरसफाई पुऱ्याउने लक्ष्य तोकिएको छ । राप्ती सोनारी गाउँपालिकाले समेत यीनै लक्ष्य, उद्देश्यलाई ध्यानमा राखी खानेपानी तथा सरसफाई सम्वन्धी लक्ष्य, उद्देश्य तथा कार्यक्रहरु तय गर्नुपर्ने हुन्छ ।

खानेपानी र सरसफाई आधारभूत आवश्यकता भित्र पर्दछन् । अधिकांश रोगहरु पानी तथा पानीजन्य कारण र सरसफाईका कारणले हुने गर्दछन् । जनचेतनाको अभावमा अहिले पनि कतिपय गाउँ वस्तीहरुमा शुद्ध खानेपानीको अभावमा समय समयमा झाडापखला लगायतका रोगहरु लाग्ने गरेको पाइन्छ ।

वातावरण संरक्षण, सरसफाई र फोहरमैला व्यवस्थापन अन्योन्याश्रित छन् । फोहरमैलाको उचित व्यवस्थापनबाट प्रदुषण नियन्त्रण गर्न सकिन्छ । सड्ने र नसड्ने फोहरलाई श्रोतमै वर्गीकरण गरी सड्ने फोहरलाई प्राङ्गारिक मलको रुपमा कृषि कार्यमा पुनःप्रयोग गर्न सकिन्छ भने नसड्ने फोहरलाई पुनचक्रीय विधिबाट पुनर्प्रयोग गर्न सकिन्छ । फोहरमैलाको उचित व्यवस्थापनका लागि जनचेतना अभिवृद्धिका साथै व्यापक रुपमा जनपरिचालन गर्न अपरिहार्य छ । स्वच्छ, स्वस्थ वातावरणमा बाँच्न पाउने नागरिकको हकलाई प्रत्याभूत गर्न साझा प्रतिबद्धता, मानव वस्तीबाट निस्कने फोहरको उचित व्यवस्थापन, प्लाष्टिकजन्य फोहरको नियन्त्रण र व्यवस्थापन, प्रदुषण गर्नेबाट उचित दायित्व बहन जस्ता पक्षहरुमा ध्यान जान जरुरी छ ।

सफा स्वच्छ वातावरण भन्ने सोँच र फोहरमैला व्यवस्थापन गरी नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गर्ने भन्ने लक्ष्य पन्ध्रौ योजनाले लिएको छ ।

स्वच्छ, सफा वातावरण कायम गरी जनताको जीवन स्वस्थ बनाई सक्रिय, क्रियाशील र सिर्जनशील नागरिक तयार गर्न ग्रामीण क्षेत्र, साना बजार क्षेत्र र शहर उन्मुख क्षेत्रहरुमा पनि फोहरमैला व्यवस्थापन गर्न जरुरी छ । सङक्रामक महामारी हुन नदिन ठोस तथा तरल फोहरलाई व्यवस्थापन गर्नुपर्ने हुन्छ । यसको उचित व्यवस्थापन र पुनचक्रीय विधिबाट विकसित देशहरुले मल, उर्जा र नयाँ वस्तुहरु बनाई प्रशस्त आय आर्जन गरे जस्तै पालिकाले पनि यस तर्फ विशेष ध्यान पुऱ्याउनु पर्दछ ।

राप्ती सोनारी गाउँपालिकाले आफ्ना नागरिकहरुलाई शुद्ध खानेपानी उपलव्ध गराउन प्रयत्नशील छ । गाउँपालिकामा हाल खानेपानी सम्वन्धी एकिन तथ्यांक अभावका कारण त्यहाको वास्तविक अवस्था चित्रण गर्न गाह्रो छ , तथापी २०७५ को घरधुरी सर्भेक्षणको तथ्यांकलाई आधारमान्दा करिव ७९ प्रतिशत घरधुरीहरुले निजी सतही टयूवेलको पानी प्रयोग गरेका छन् भने करिव १० प्रतिशत घरधुरीले मात्र पाइपबाट बितरण गरिएको पानी प्रयोग गरेको देखिन्छ । नेपालमा साधारणतया पाइपबाट बितरित धाराको पानीलाई सुरक्षित पिउने पानीको रुपमा लिइन्छ । यसरी घरधुरीको हिसावले हेर्दा करिब ९० प्रतिशत जनता अहिले पनि शुद्ध खानेपानीको सुविधाबाट बञ्चित रहेको अवस्था छ । आगामी दिनहरुमा गाउँपालिकाले हालको खानेपानी प्रणालीलाई थप व्यवस्थित गर्दै बाँकी रहेको जनसंख्यालाई समेत शुद्ध खानेपानीको आपूर्ति गर्नुपर्ने हुन्छ । हाल गाउँपालिकामा विभिन्न निकायहरु मार्फत निर्माण भइरहेका विभिन्न आयोजनाहरु सम्पन्न भए पछि मात्र यहाँका जनतालाई भरपर्दो रुपमा खानेपानी आपूर्ति भएको हुनेछ । सरसफाई तर्फ गाउँपालिका खुल्ला दिशामुक्त गाउँपालिका घोषणा भै सकेको छ । तथापि यसको निरन्तरता तथा पूर्ण सरसफाईयुक्त गाउँपालिका बनाउने लक्ष्य भने त्यती सहज देखिदैन । शौचालयको विद्यमान स्थितिलाई हेर्दा करीव ४० प्रतिशत घरहरुमा पक्की शौचालय र ६० प्रतिशत घरमा सामान्य शौचालयहरु निर्माण भएका देखिन्छन् । पूर्ण सरसफाईको हिसावले यस गाउँपालिकामा उल्लेख्य कार्यक्रम सञ्चालन भएको पाइदैन । टोल-टोलमा फोहर संकलन गर्न बाल्टी, टोकरी तथा डोको वितरण गरिएको भएता पनि पालिकाका मुख्य बजार क्षेत्रहरुमा समेत ठोस फोहोर विर्सजन र नालीको राम्रो व्यवस्थापन भएको छैन । हाल पालिकाको केन्द्रमा रहेको अगैया बजारको फोहर संकलनकोलागि एक थान ओ रिक्सा परिचालनमा ल्याएको छ । हाल गाउँपालिका तहको खानेपानी तथा सरसफाई सम्वन्धी क्षेत्रगत योजना निर्माणको प्रक्रियामा रहेको छ । तसर्थ गाउँपालिकाले बन्दै गरेका आवधिक तथा क्षेत्रगत योजनामा स्वास्थ्य, खानेपानी र सरसफाईलाई एकीकृत रुपमा हेरी योजना बनाउन सके मात्र यसको सार्थकता हुनेछ ।

निर्माणाधीन खानेपानी टंकी, वडा नं. ३

अवसर र चुनौती

अवसर

- करिव सबै घरधुरीहरुमा कच्ची/पक्की शौचालय बनिसकेको अवस्था ।
- प्रदेश सरकारको सहयोगमा पालिकाको खानेपानी तथा सरसफाई योजना बन्ने चरणमा रहेको ।
- पालिकामा लिफ्टीङ प्रबिधि मार्फत ओभरहेड टंकीमा पानी पठाई एक घर एक धाराको अवधारणामा आधारित खानेपानी योजनाहरुको निर्माण कार्य भैरहेको ।
- सड्ने खालका फोहरबाट अर्गानिक मल उत्पादन गरी कृषि क्षेत्रमा उत्पादकत्व बढाउन सकिने ।
- सड्ने फोहरबाट वायोग्यास उत्पादन गरी उर्जाको रुपमा प्रयोग गर्न सकिने ।
- प्लाष्टिकजन्य वस्तुहरुको संकलनबाट Recycling गरी प्लाष्टिकका अन्य सामानहरु बनाउन सकिने ।
- नसड्ने फोहर, बोत्तल, सीशा, प्लाष्टिकजन्य वस्तुहरु बिक्री गरी आय आर्जन गर्न सकिने ।
- मानव वस्तीबाट टाढाको अनुत्पादक स्थानमा फोहरको अन्तिम विसर्जन स्थल (Landfill Site) बनाउन सकिने ।

चुनौती

- करिव १० प्रतिशत घर धुरीहरुमा मात्र पाइपद्वारा पानी उपलब्ध भएको ।
- स्वच्छ खानेपानीबाट बञ्चित ९० प्रतिशत जनतालाई स्वच्छ खानेपानीको व्यवस्थापन गर्ने ।
- बिद्यालय तथा स्वास्थ्य चौकी जस्ता संबेदनशील संस्थाहरुमा खानेपानीको उचित प्रवन्ध गर्ने ।
- ठोस फोहर विसर्जनको लागि आवश्यक व्यवस्थापन गर्ने ।
- निर्माण भएर पनि प्रयोगमा नल्याइएका शौचालयहरुको व्यवस्थापन ।
- प्लाष्टिकजन्य वस्तुको प्रयोगमा निरुत्साहन गर्ने ।
- सार्वजनिक स्थलमा निर्माण हुने शौचालयको उचित व्यवस्थापन गर्ने ।

दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य

दीर्घकालीन सोँच :- "राप्ती सोनारीको कार्यतालिका,स्वच्छ खानेपानी सहितको पूर्ण सरसफाई युक्त पालिका" ।

लक्ष्य :- सर्वसुलभ स्वच्छ खानेपानी तथा सरसफाईको माध्यमबाट जनस्वास्थ्यमा सुधार गर्ने ।

उद्देश्य :- आधारभूत स्तरको खानेपानी तथा सरसफाईका सेवामा सबैको पहूँच सुनिश्चित गर्ने ।

रणनीति र कार्यनीति

उद्देश्य १: आधारभूत स्तरको खानेपानी तथा सरसफाईका सेवामा सबैको पहूँच सुनिश्चित गर्ने ।	
रणनीति	**कार्यनीति**
• सबै जनतामा आधारभूत तहको खानेपानीको सेवा पुऱ्याउने ।	• हाल सञ्चालनमा रहेका खानेपानी योजनाहरुको निर्माण तथामर्मत सम्भार गरिनेछ • पानीको श्रोतको खोजी गरी खानेपानीको चरम अभाव रहेका वस्तीहरुमा स्वच्छ खानेपानीको सुविधा पुऱ्याइनेछ । • लागत सहभागीता व्यहोर्न नसक्ने अति बिपन्न वस्तीहरुमा स्वच्छ खानेपानी व्यवस्थापनका लागि लागत सहभागीता विना योजना सञ्चालन गरिनेछ । • सार्बजनिक धाराको सट्टा एक घर एक धाराको अबधारणा अवलम्वन गरिनेछ । • स्थानीय स्तरमा रहेका कार्यालयहरुमा सेवाग्राहीले उपभोग गर्ने गरी स्वच्छ पिउने पानीको व्यवस्था मिलाइनेछ । • स्थानीय स्तरमा गठन भएका सामुदायिक संघ संस्घाहरु परिचालन गरी पानीजन्य रोगहरु बारे जानकारीमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
• सबै जनतामा आधारभूत तहको सरसफाई सेवा पुऱ्याउने ।	• हाल शौचालय नभएका तथा भएर पनि प्रयोगमा नल्याइएका घरधुरीहरुको पहिचान गरी शौचालय निर्माणका लागि प्रोत्साहन गरिनेछ । • पालिकावासीहरुले हाल प्रयोग गरिरहेका कच्ची शौचालयहरु पक्कीमा स्तरोन्नती गरिनेछ । • प्रत्येक वडाको १/१ ठाउँमा फोहोर संकलन केन्द्र स्थापना गरी फोहोरमैलाको व्यवस्थापन गरिनेछ । • सार्वजनिक कार्यक्रमहरुमा उत्पन्न फोहरको व्यवस्थापनका लागि आयोजकलाई नै जिम्मेवार बनाइनेछ । • वजार केन्द्रहरुमा सार्वजनिक शौचालय निर्माणमा गरिनेछ । • प्रत्येक वडामा स्वास्थ्य संस्थाको संयोजनमा सरसफाई सम्बन्धी चेतनामूलक कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गरिनेछ । • प्रत्येक महिनाको एक दिन मुख्य बजार क्षेत्रहरुमा सरसफाई अभियान संचालन गरिनेछ । • टोल विकास संस्थाहरुलाई सरसफाई अभियानमा परिचालन गरिनेछ ।

प्रमुख कार्यक्रम

- पुराना खानेपानी योजनाहरुको मर्मत सम्भार कार्यक्रम ।
- एक घर एक धारा कार्यक्रम संचालनका लागि नयाँ ओभरहेड टंकी निर्माण तथा पाइपलाइन बिस्तार कार्यक्रम ।
- पालिका स्तरमा खानेपानी मर्मत संभार कोष स्थापना ।
- प्रत्येक वडामा फोहरमैला संकलन केन्द्रको स्थापना ।
- फोहरमैला व्यवस्थापनको लागि ट्याक्टर खरिद कार्यक्रम ।
- हाल प्रयोगमा रहेका कच्ची शौचालयहरुको स्तरोन्नती कार्यक्रम ।
- मुख्य बजार केन्द्र तथा सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय निर्माण ।
- खानेपानी तथा सरसफाई सम्बन्धी जनचेतना कार्यक्रम ।
- फोहरमैलाको अन्तिम विसर्जनका लागि Landfill Site छनौट, अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयारी
- पूर्ण सरसफाइयुक्त पालिका घोषणा कार्यक्रम ।

अपेक्षित उपलब्धी

- एक घर एक धाराको अवधारणा अन्तरगत आगामी ५ बर्ष भित्र ७५ प्रतिशत घरधुरीमा धारा जडान भएका हुनेछन् ।
- गाउँपालिकाका सवै जनतामा स्वच्छ खानेपानीको सुविधा पुगेको हुनेछ ।
- योजना अवधिमा ९० प्रतिशत घरधुरीमा पक्की शौचालय निर्माण भएका हुनेछन् ।
- जनचेतना अभिबृद्धि कार्यक्रम सञ्चालन गरी पानी तथा पानीजन्य रोगबाट फैलने रोहरुमा उल्लेख्य ह्रास आएको हुनेछ ।
- गाउँपालिका पूर्ण सरसफाइयुक्त पालिका घोषणा भएको हुनेछ ।

तालिका नं. ५.१ : सामाजिक विकासको नतिजा खाका

नतिजा श्रृङ्खला	सूचक तथा पुष्ट्याईका आधारहरु					पुष्ट्याईका आधारहरु	जोखिम पक्ष तथा पूर्वानूमान
	सूचक विवरण	इकाई	आधार वर्ष ०७८/७९	लक्ष्य (सम्मको अवस्था) ०८१/८२	०८३/८४		
शिक्षा विकास							
लक्ष्य : मागमा आधारित दक्ष तथा नैतिकवान जनशक्ति विकास गर्ने ।	साक्षरता दर	प्रतिशत	९६.३४	९७.५०	९८.५०	• गाउँ वस्तुगत विवरण अध्ययन प्रतिवेदन • मूल्याङ्कन प्रतिवेदन • बार्षिक प्रगति/अनुगमन प्रतिवेदन	• संघ, प्रदेश र स्थानीय तहबाट आवश्यक श्रोतको सुनिश्चितता हुनेछ । • आवश्यक ऐन, नियम र शिक्षा सम्बन्धी नीति तर्जुमा भएको हुनेछ । • स्थानीय समुदायबाट निरन्तर सहयोग प्राप्त हुनेछ ।
	कक्षा १० को विद्यार्थी उतिर्ण दर	प्रतिशत	१००	१००	१००		
	१० ं +२ मा अध्ययनरत बिद्यार्थीको उत्तिर्ण दर	प्रतिशत	NA	७५	८५		
असर १ : सबै तहको शिक्षामा बालबालिकाहरुको पहूँचमा बृद्धि गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्ने ।	मध्यम स्तरको प्राविधिक जनशक्ति उत्पादन (वार्षिक)	संख्या	०	१५०	२५०		
	शिक्षक विद्यार्थी अनुपात (मा.वि.तह)	अनुपात	१:७१	१:५५	१:४०		
	बिद्यालय बाहिर रहेका ५ देखि १५ बर्ष उमेरका बालबालिका	प्रतिशत	२.०२	००	००		
प्रतिफल १.१ सबै तहको शिक्षमा बालबालिकाहरुको पहूँचमा बृद्धि गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने ।	बालमैत्री शौचालय भएका बिद्यालय	संख्या	२२	५०	७२		
	बिज्ञान प्रयोगशाला स्थापना भएका बिद्यालय	संख्या	८	१५	२०		
	कम्प्युटर प्रयोगशाला भएका विद्यालय	संख्या	१०	१५	२२		
	इन्टरनेट सुबिधा उपयोग गर्ने बिद्यालय	संख्या	२७	३५	४५		
	खेल मैदान भएका बिद्यालयहरु	संख्या	७२	७२	७२		
	अपाङ्गमैत्री पूर्वाधार भएका बिद्यालय	संख्या	०	१०	२०		
	प्राविधिक धारका विद्यालय	संख्या	१	२	३		
	बिद्यालय स्तरमा गठन भएका बाल क्लब	संख्या	१३	२३	४०		
	उच्च शिक्षा प्रदान गर्ने क्याम्पस	संख्या	२	२	२		
प्रतिफल १.२ : शैक्षिक सुशासनका न्यूनतम मापदण्डहरु तर्जुमा गरी कार्यान्वयन गर्ने ।	शिक्षा विकास योजना तर्जुमा	पटक	०	१	१		
	शिक्षा ऐन निर्माण	पटक	०	१	१		
	गाउँ शिक्षा सूचना प्रणाली अद्यावधिक (वार्षिक)	पटक	३	९	१५		
स्वास्थ्य सेवा							
लक्ष्य : सर्वसुलभ एवं गुणस्तरीय स्वास्थ्य सेवा मार्फत राप्ती सोनारी बासीको स्वस्थ्य स्थितिमा सुधार ल्याउने	बाल मृत्युदर (प्रतिहजार जन्ममा)	संख्या	४५**	३०	२०	• गाउँ वस्तुगत विवरण अध्ययन प्रतिवेदन • मूल्याङ्कन प्रतिवेदन • बार्षिक प्रगति/अनुगमन प्रतिवेदन	• संघ, प्रदेश र स्थानीय तहबाट आवश्यक श्रोतको सुनिश्चितता हुनेछ । • आवश्यक ऐन, नियम र स्वास्थ्य सम्बन्धी नीति तर्जुमा भएको हुनेछ । • स्थानीय समुदायबाट निरन्तर सहयोग प्राप्त हुनेछ ।
	स्वास्थ्य संस्थामा सुत्केरी गराउने गर्भवती	प्रतिशत	६२	७०	७९.६०		
	मातृ मृत्युदर (प्रति लाखमा)	संख्या	७२**	५८	५०		
असर १ : पालिकावासीहरुलाई सवैखालका स्वास्थ्य सेवाहरु सहज तथा सर्वसुलभ रुपमा उपलव्ध गराइनेछ ।	स्वास्थ्य संस्थामा पुग्न लाग्ने औषत समय	मिनेट	४५	३०	३०		
	एकीकृत बिशेषज्ञ सेवा मार्फत लाभान्वित जनसंख्या (बार्षिक)	संख्या	NA	७५०	१२५०		
	प्रति व्यक्ति/प्रति वर्ष स्वास्थ्यमा भएको खर्च	रु.	७६०	१०००	१२००		
प्रतिफल १.१ : जनतालाई आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिनेछ ।	हाल सञ्चालनमा रहेका एम्बुलेन्सहरु	संख्या	५	६	७		
	स्थायी दरबन्दी अनुसारको कर्मचारी पदपूर्ति	प्रतिशत	१००	१००	१००		
प्रतिफल १.२ : गर्भवती तथा प्रसुती सेवालाई प्रभावकारी बनाइनेछ ।	पालिकामा रहेका बर्थिङ सेन्टरहरु	संख्या	९	९	९		
	चारै पटक गर्भ जाँच गराउने गर्भबती	प्रतिशत	७४	८०	८५		

नतिजा श्रृङखला	सूचक तथा पुष्ट्याईका आधारहरु					पुष्ट्याईका आधारहरु	जोखिम पक्ष तथा पूर्वानूमान
	सूचक विवरण	इकाई	आधार वर्ष ०७८/७९	लक्ष्य (सम्मको अवस्था) ०८१/८२	०८३/८४		
	महिला विकास						
लक्ष्य : सबै गतिविधिहरुमा महिला पुरुषको समान सहभागीता सुनिश्चित गर्ने	निर्णय प्रक्रियामा महिला सहभागिता	प्रतिशत	३३	३८	४०	• गाउँ वस्तुगत विवरण • अध्ययन प्रतिवेदन • मूल्याङ्कन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• आवश्यक श्रोतको सुनिश्चितता हुनेछ • महिला सहभागिता र सशक्तिकरण सम्बन्धी आवश्यक नीति तर्जुमा भएको हुनेछ
असर १ : सशक्तिकरणको माध्यमबाट हरेक कृयाकलापहरुमा महिलाहरुको अर्थपूर्ण सहभागीतालाई सुनिश्चित गर्ने ।	महिला सशक्तिकरण तथा नेतृत्व विकास कार्यक्रममा महिलासहभागिता	संख्या	NA	२००	३००		
प्रतिफल १.१ : महिला सशक्तिकरणका लागि विभिन्न क्रियाकलापहरुमा महिलाको अर्थपूर्ण सहभागीता मार्फत क्षमता अभिवृद्धि गरिनेछ ।	अति विपन्न तथा पछाडी पारिएका महिलाहरुको समूह गठन तथा परिचालन	संख्या	NA	६	९		
	एकल महिला सुरक्षा कोष स्थापना तथा परिचालन	पटक	१	३	५		
	सरकारी सेवा प्रवेश सम्बन्धी पक्षमा सहभागि महिला	जना	NA	७५	१२५		
	घरेलु हिंसा पीडित महिलाहरुका लागि आपत्कालीन आश्रय स्थल	संख्या	NA	१	१		
	जेष्ठ नागरिक						
लक्ष्य : जेष्ठ नागरिकहरुले समाजमा आधारभूत सेवा सहित सम्मानित जीवनयापन गर्ने स्थिति सिर्जना गर्ने ।	जेष्ठ नागरिकहरुको विभिन्न सेवामा पहुँच	प्रतिशत	४०	६०	७५	• गाउँ वस्तुगत विवरण अध्ययन प्रतिवेदन • मूल्याङ्कन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• आवश्यक श्रोतको सुनिश्चितता हुनेछ । • जेष्ठ नागरिक सहभागिता र सशक्तिकरण सम्बन्धी आवश्यक नीति तर्जुमा भएको हुनेछ
असर १ : जेष्ठ नागरिकको लागि समाजमा विभेदरहीत जीवनयापन गर्ने वातावरण तैयार गर्ने ।	पालिका स्तरमा जेष्ठ नागरिकहरुको सञ्जाल	संख्या	०	१	१		
प्रतिफल १.१ : जेष्ठ नागरिकहरुलाई समाजमा सम्मानित जीवनयापन गर्न सामाजिक सुरक्षा सहितको संरक्षण प्रदान गर्ने ।	जेष्ठ नागरिक मिलनकेन्द्रको स्थापना तथा व्यबस्थापन	संख्या	०	१	२		
	जेष्ठ नागरिकको सम्मान कार्यक्रम	पटक	१	३	५		
	फरक क्षमता						
लक्ष्य : अपाङ्गता भएका नागरिकहरुकोलागि समाजमा बिभेदरहित जिवनयापन गर्ने बातावरण तैयार गर्ने ।	पालिकामा निर्माण गरिएका अपाङ्ग मैत्री भवन	संख्या	NA	१०	२०	• गाउँ वस्तुगत विवरण • अध्ययन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• आवश्यक श्रोतको सुनिश्चितता हुनेछ । • अशक्तहरुको सहभागिता र सशक्तिकरण सम्बन्धी आवश्यक नीति तर्जुमा भएको हुनेछ
असर १ : अपाङ्गता भएका नागरिकहरुले समाजमा आधारभुत सेवा सहित सम्मानित जीवनयापन गरेका हुनेछन्	पालिका स्तरमा अपाङ्ग संजाल निर्माण तथा परिचालन	पटक	१	१	१		
	अपाङ्गता भएका व्यक्तिहरुबाट उद्यम स्थापना बाट	संख्या	NA	२०	५०		

नतिजा श्रृङखला	सूचक तथा पुष्ट्याईका आधारहरु					पुष्ट्याईका आधारहरु	जोखिम पक्ष तथा पूर्वानूमान
	सूचक विवरण	इकाई	आधार वर्ष ०७८/७९	लक्ष्य (सम्मको अवस्था) ०८१/८२	०८३/८४		
	रोजगारी श्रृजना						
प्रतिफल १.१ : अपाङ्गता भएका नागरिकहरुलाई जिवनयापनकालागि सहज बातावरण श्रृजना गर्ने ।	अपाङ्गता भएका व्यक्तिहरुलाई सम्मान कार्यक्रम (बार्षिक)	पटक	१	३	५		
	अपाङ्गता भएका व्यक्तिहरुबाट उद्यम स्थापनामा	संख्या	०	९	१८		
	दलित, उत्पीडित वर्ग उत्थान						
लक्ष्य : सामाजिक, आर्थिक तथा राजनितिक बिकासका सवै कृयाकलापहरुमा समतामुलक पहुँच स्थापना भएको हुने ।	क्षमता अभिबृद्धि कार्यक्रमबाट लाभान्वीत	संख्या	NA	१५०	२५०	• गाउँ वस्तुगत विवरण अध्ययन प्रतिवेदन • मूल्याङ्कन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• आवश्यक श्रोतको सुनिश्चितता हुनेछ । • दलित, उत्पीडित वर्गको सहभागिता र सशक्तिकरण सम्बन्धी आवश्यक नीति तर्जुमा भएको हुनेछ
असर १ : राज्यका श्रोत, साधन, अवसर तथा लाभमा दलित वर्गको समान पहुँच सुनिश्चित गरिने	दलित, उत्पीडित वर्गको नेतृत्व तहमा सहभागिता	प्रतिशत	१०	१२	१५		
प्रतिफल १.१ : आवश्यक निती तथा कार्यक्रमहरु मार्फत दलित समुदायहरुलाई विकास गतिविधीहरुमा सहभागी गराउने ।	पालिका स्तरमा दलित संजाल निर्माण तथा परिचालन	पटक	१	१	१		
	सरकारी सेवा प्रवेश सम्वन्धी कक्षामा सहभागि महिला (बार्षिक)	जना	०	७५	१२५		
	दलित, उत्पीडित वर्गले संचालन गरेको व्यवसायहरु	संख्या	NA	४५	९०		
	आदिवासी जनजाती विकास						
लक्ष्य : सामाजिक, आर्थिक तथा राजनितिक बिकासका सवै कृयाकलापहरुमा समतामुलक पहुँच स्थापना भएको हुने	व्यवसाय छनौट तथा उद्यमशीलता तालिम बाट लाभान्वित व्यक्ति	संख्या	NA	१५०	२५०	• गाउँ वस्तुगत विवरण • अध्ययन प्रतिवेदन • मूल्याङ्कन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• श्रोतको सुनिश्चितता हुनेछ • आदिवासी जनजाती वर्गको सहभागिता र सशक्तिकरण सम्बन्धी आवश्यक नीति तर्जुमा भएको हुनेछ
असर १ : राज्यका श्रोत, साधन, अवसर तथा लाभमा आदिवासी वर्गको समान पहुँच सुनिश्चित गरिने	संगठित नेतृत्व तहमा आदिवासी तथा जनजातीको सहभागिता (पालिका स्तरमा)	प्रतिशत	५०	५५	६०		
प्रतिफल १.१ : आवश्यक नीति तथा कार्यक्रमहरु मार्फत आदिबासी तथा जनजातिहरुलाई विकास गतिविधीहरुमा सहभागी गराउने ।	पालिका स्तरमा संजाल निर्माण तथा परिचालन	पटक	१	१	१		
	सरकारी सेवा प्रवेश सम्वन्धी कक्षामा सहभागि आदिवासी तथा जनजातिहरु (बार्षिक)	जना	१	७५	१२५		
	आदिवासी तथा जनजातिहरुले संचालन गरेको व्यवसायहरु -थप)	संख्या	NA	४५	९०		
	बालबालिका, वाल अधिकार तथा वाल संरक्षण						
लक्ष्य : बालबालिकाहरुको अर्थपुर्ण सहभागिताको सुनिश्चित गरिने छ	बाल मैत्री शासन भएका बडाहरु	संख्या	०	६	९	• गाउँ वस्तुगत विवरण • अध्ययन प्रतिवेदन • मूल्याङ्कन प्रतिवेदन • प्रगति/अनुगमन	• आवश्यक श्रोतको सुनिश्चितता हुनेछ । • बालबालिकाको सहभागिता र सशक्तिकरण सम्बन्धी
असर १ : बालअधिकारको पुर्ण प्रत्याभुति हुनेगरी बाल बिकास सम्वन्धी	बालश्रम मुक्त वडाहरु	संख्या	३	९	९		
	अनाथ बालबालिकाहरुकालागि संरक्षण सम्वन्धी	संख्या	०	१	१		

नतिजा श्रृङखला	सूचक तथा पुष्ट्याईका आधारहरु					पुष्ट्याईका आधारहरु	जोखिम पक्ष तथा पूर्वानूमान
	सूचक विवरण	इकाई	आधार वर्ष ०७८/७९	लक्ष्य (सम्मको अवस्था) ०८१/८२	०८३/८४		
कृयाकलापहरु संचालन गरिने छ	कानुन					प्रतिवेदन	आवश्यक नीति तर्जुमा भएको हुनेछ।
प्रतिफल १.१ : बालबालिकाहरुको हक हित संरक्षणकालागि आबस्यक नीति, निर्माण भई विभिन्न गतिविधिहरुमा बालबालिकाहरुको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्ने	बिद्यालय तहमा गठन भएका बालक्लव	संख्या	६	१२	१६		• परिवार तथा बिद्यालय बाल अधिकार प्रति संवेदनशील हुनेछन्।
	समुदाय स्तरमा गठन भएका बाल क्लव	संख्या	७	१०	१४		
	बाल क्लवमा सहभागी बालबालिका	संख्या	१३१६	१७००	२०००		
	अनाथ बाल बालिका हेरचाह केन्द्र संचालन	संख्या	१	१	१		
	युवा विकास						
लक्ष्य : स्वास्थ्य,सीर्जनशील तथा सकारात्मक सोँच भएका युवाहरुको विकास गरी विकासमा परिचालन गर्ने	बैदेशिक रोजगारमा गएको युवा जनसंख्या	प्रतिशत	४.७	४	३.५	• गाउँ वस्तुगत विवरण • मूल्याङ्कन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• आवश्यक श्रोतको सुनिश्चितता हुनेछ। • युवा सहभागिता र नेतृत्व सम्बन्धी आवश्यक नीति तर्जुमा भएको हुनेछ।
	युवा स्वरोजगार श्रृजनामा पालिकाको लगानी	रु.लाखमा	NA	१८.००	२०.००		
	युवा द्वारा संचालित उद्यमहरु	संख्या	NA	१५	२५		
प्रतिफल १.१ : प्राविधिक तथा व्यवसायिक शिक्षा मार्फत युवाहरुको सीप बिकास गरी विकास निर्माणका गतिबिधिहरुमा परिचालन गर्ने।	युवा क्लव तथा संजाल	संख्या	१२	१४	१८		
	व्यवसायिक तालिम प्राप्त युवा	संख्या	NA	७५	१२५		
	खेलकूद विकास						
लक्ष्य : स्वस्थ्य तथा सिर्जनशील खेलाडी उत्पादन गरी खेलकूद विकासमा टेवा पुऱ्याउने।	खेलकूदमा पालिकाको लगानी	रु.लाखमा	NA	१६.५	२२.३०	• गाउँ वस्तुगत विवरण • अध्ययन प्रतिवेदन • मूल्याङ्कन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• आवश्यक श्रोतको सुनिश्चितता हुनेछ। • खेलकूद सम्बन्धी आवश्यक नीति तर्जुमा भएको हुनेछ • युवाहरु स्वफुर्त रुपमा परिचालित भएका हुनेछन्
असर १ : खेलकूद पुर्वाधारको विकासका साथै स्वस्थ्य तथा सिर्जनशील खेलाडी उत्पादन गरी खेलकूदको समग्र विकास गर्ने।	पालिका स्तरीय खेलकुद प्रतियोगिता (वार्षिक रुपमा)	पटक	२	६	१०		
	गाउँपालिकाबाट प्रशिक्षित खेलाडीहरु	संख्या	NA	१५०	२५०		
प्रतिफल १.१ : खेल विकासका लागि खेलकूद पूर्वाधारको निर्माण गरी प्रतियोगिताहरु सञ्चालन गर्ने।	विद्यालय बाहिरका खेल मैदान	संख्या	९	९	९		
	पालिकामा रहेका कभर्डहल	संख्या	०	०	१		
	खेलकूद मैदान भएका विद्यालयहरु	संख्या	७२	७२	७२		
	संस्कृति संरक्षण तथा प्रवर्द्धन						
लक्ष्य : सबै भाषा, संस्कृति एवं ऐतिहासिक सम्पदाहरुको संरक्षण तथा सम्वर्द्धन गर्दै पर्यटन विकास गर्ने।	बहु-साँस्कृतिक संग्राहलयको स्थापना	संख्या	०	१	१	• गाउँ वस्तुगत विवरण • अध्ययन प्रतिवेदन • मूल्याङ्कन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• आवश्यक श्रोतको सुनिश्चितता हुनेछ। • सस्कृति संरक्षण तथा प्रवर्द्धन सम्बन्धी आवश्यक नीति तर्जुमा भएको हुनेछ • स्थानीय समुदायहरु संस्कृति संरक्षणमा स्वफुर्त रुपमा परिचालित भएका
असर १ : विभिन्न संस्कृति तथा ऐतिहासिक, धार्मिक, साँस्कृतिक सम्पदाहरुको पहिचान गरी संरक्षण गर्ने।	थारु संग्राहलय स्थापना तथा संरक्षण	संख्या	१	१	१		
	भाषा कला, संस्कृति र साहित्य सम्वन्धी तथ्यांक अभिलेखन	पटक	०	१	२		
प्रतिफल १.१ : स्थानीय भाषा, संस्कृतिको संरक्षण तथा सम्वर्द्धन गर्ने।	साँस्कृतिक प्रतियोगिता आयोजना	पटक	NA	३	५		
	विद्यालय स्तरमा लोक नृत्य प्रतियोगिता	पटक	NA	३	५		

नतिजा श्रृङखला	सूचक तथा पुष्ट्याईका आधारहरु					पुष्ट्याईका आधारहरु	जोखिम पक्ष तथा पूर्वानूमान
	सूचक विवरण	इकाई	आधार वर्ष ०७८/७९	लक्ष्य (सम्मको अवस्था) ०८१/८२	०८३/८४		
प्रतिफल १.२ : ऐतिहासिक-सांस्कृतिक एवै धार्मिक स्थल तथा संपदाहरुको पहिचान तथा संरक्षण गर्ने ।	ऐतिहासिक-सांस्कृतिक एवै धार्मिक स्थल तथा संपदा सम्वन्धी अध्ययन तथा अनुसन्धान	पटक	०	१	१		हुनेछन् ।
	लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण						
लक्ष्य : सकारात्मक विभेद नीति अवलम्वन गरी सामाजिक समावेशीकरणको लक्ष हासिल गर्ने ।	सकारात्मक विभेद नीति तर्जुमा	संख्या	०	१	१	• गाउँ वस्तुगत विवरण अध्ययन प्रतिवेदन • मूल्याङ्कन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• आवश्यक श्रोतको सुनिश्चितता हुनेछ । • लैससास सम्बन्धी आवश्यक नीति तर्जुमा भएको हुनेछ । • सम्वन्धित वर्ग र समुदायहरु अधिकार प्राप्तीका लागि सचेत र सक्रीय रहने छन् ।
असर १ : श्रोत, साधन, अवसर तथा लाभमा सवैको समान पहुँच सुनिश्चित गर्ने ।	लैंगिक बजेट परीक्षण (वार्षिक)	पटक	०	३	५		
प्रतिफल १.१ : सामाजिक तथा आर्थिक रुपमा पछाडी परेका बर्गहरुको उत्थानकालागि सकारात्मक विभेदको नीति अबलम्वन गरी उपलब्ध साधन, श्रोतमा उनीहरुको पहूँच सुनिश्चित गर्ने ।	अति बिपन्न लक्षित नीति तथा कार्यबिधि निर्माण	संख्या	०	१	१		
	अतिबिपन्न घरधुरी पहिचान	पटक	०	१	१		
	खानेपानी तथा सरसफाई						
असर १ : आधारभूत स्तरको खानेपानी तथा सरसफाईका सेवामा सबैको पहूँच सुनिश्चित गर्ने ।	आधारभुत तहको खानेपानी उपलब्ध घरभुरी	प्रतिशत	९.७	५०	७०	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• आवश्यक श्रोतको सुनिश्चितता हुनेछ । • सम्बन्धित समुदायहरुको सक्रीय सहभागिता रहने छ
	खानेपानी तथा सरसफाई सम्वन्धी जनचेतना कार्यक्रम बाट लाभान्वित थप जनसंख्या	संख्या	NA	३०००	५०००		
प्रतिफल १.१ : सबै जनतामा आधारभूत तहको खानेपानीको सेवा पुऱ्याइनेछ ।	एक घर एक धारा अर्न्तगत धारा बितरण गरिएको घरधुरी	प्रतिशत	२.७	४५	६०		
प्रतिफल १.२ : सबै जनतामा आधारभूत तहको सरसफाई सेवा पुऱ्याइनेछ ।	पक्की शौचालय भएका घरघुरी	प्रतिशत	४०	६०	७५		
	बालमैत्री शौचालय धएका बिद्यालयहरु	संख्या	२२	५२	७२		
	फोहोर विसर्जन केन्द स्थापना तथा संचालन	संख्या	०	१	२		
	पक्की शौचालय भएका बिद्यालय	संख्या	७२	७२	७२		

परिच्छेद-६
भौतिक पूर्वाधार विकास

६.१ सडक तथा यातायत क्षेत्र

विद्यमान अवस्था

नेपालको संविधानले निर्दिष्ट गरे अनुसार तीनै तहका सरकारको अधिनस्त रहने सडक सञ्जालको विकास तथा विस्तार गर्ने जिम्मेवारी पनि सम्बन्धित सरकारको मातहतमा रहने व्यवस्था छ । यातायातको व्यवस्थित सञ्जाल र प्रणालीको विकासबाट मात्र सामाजिक आर्थिक एकीकरण र क्षेत्रीय सन्तुलन कायम राख्न सम्भव हुन्छ । पन्ध्रौ योजनाको **सघन, सन्तुलित, सुलभ, सुरक्षित, गुणस्तरीय एवं दीगो सडक पूर्वाधारको विकास** भन्ने सोँच र सडक सञ्जालको विस्तार गरी आर्थिक, सामाजिक विकास तथा व्यापार सहजीकरण मार्फत आर्थिक समृद्धि हासिल गर्ने भन्ने सोही योजनाको निर्दिष्ट लक्ष्यबाट यो आवधिक विकास योजना प्रेरित छ ।

लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाले **अन्तर्राष्ट्रिय मापदण्ड सहितका यातायात पूर्वाधारको सञ्जाल विकास सहितको समृद्ध प्रदेश** भन्ने दीर्घकालीन सोँच र सबै वस्तीहरुमा स्तरीय सडक सञ्जालसँगै सुलभ र भरपर्दो यातायात सुविधाको विस्तार गर्ने लक्ष्य लिएको छ ।

"हाम्रो सडक हाम्रै लगानी" भन्ने यस गाउँपालिकाको नारा रहेको छ । आर्थिक वर्ष २०७६/०७७ को वार्षिक विकास योजनामा गाउँपालिका भित्रका सडकको विद्यमान अवस्थाको पहिचान गरी सडक सञ्जाल गुरुयोजना तयार गर्ने र भौतिक निर्माण अन्तरगत साना स्थानीय सडक ग्राभेल गर्ने, नाला निर्माण एवं स्तरोन्नती भइसकेका सडकलाई कालो पत्रे गर्ने नीति लिने भन्ने थियो तर हालसम्म सडक यातायात गुरुयोजना तयार भएको छैन । योजनाबद्ध र वातावरणमैत्री पूर्वाधार दीगो विकासको पहिलो आधार भन्ने नारालाई मूर्त रुप दिन रणनैतिक महत्वका सडकहरुको क्रमागत आयोजनालाई उच्च प्राथमिकता दिई वातावरणमैत्री संरचनाको निर्माणमा जोड दिइनेछ भन्ने यस राप्ती सोनारी गाउँपालिकाको नीति रहेको छ । यसै नीति अन्तरगत राप्ती किनारा वारीपारीका गाउँहरुमा सडक पूर्वाधार विकासलाई दीगो एवं भरपर्दो बनाउन उच्च प्राथमिकता दिइएको छ ।

राप्ती सोनारी गाउँपालिकामा सबै स्तरका सडकको जम्मा लम्बाई करिब २७६ कि.मी. (राष्ट्रिय राजमार्ग बाहेक) छ । यी सडकहरु प्रायःग्राभेल र कच्ची अवस्थामा छन्, यस्ता सडकहरुको आवश्यक मापदण्ड तोकिएको छैन र सडकको चौडाई आवश्यकता भन्दा निकै कम छ । पूर्व पश्चिम लोकमार्ग (महेन्द्र राजमार्ग) ६१.५ कि.मी.र पूर्व पश्चिम हुलाकी सडक १८ कि.मी. यस गाउँपालिका भित्र पर्ने राष्ट्रिय राजमार्गहरु हुन् ।वडा नं.६ र ७ हुँदै जाने हुलाकी लोकमार्गस्थानीय वडावासीहरुको लागि, स्थानीय विकासका लागि र नेपालगञ्ज बजारसँगको सम्पर्कका लागि वरदान सावित भएको छ । त्यस बाहेक वडा नं.७ मा १० कि.मी. कृषि सडकले सडक सञ्जालमा थप उपलब्धी र सहज गराएको छ । अगैया-बैजापुर-फत्तेपुर सडक (२५ कि.मी. उत्तर दक्षिण हुलाकी मार्ग समेत) र माछेबार जिरो देखि शम्शेरगञ्जसम्म १७ कि.मी. सडक मध्ये १४ कि.मी. सडक हालसम्म कालो पत्रे भइसकको र बाँकी ३ कि.मी. सडक पनि कालो पत्र हुने क्रममा रहेकोछ । भविष्यमा शम्शेरगञ्ज देखि राभ्रा विमानस्थलसम्म १४ कि.मी. सडक निर्माण गरी अगैया देखि सिधै विमानस्थल जाने ३१ कि.मी. सडक डि.पि.आर. गरी निर्माण गर्न सकेमा रणनैतिक महत्वको हुनेछ । माथि उल्लेखित दुई वटा रणनैतिक सडकहरु राप्ती सोनारी गाउँपालिकाको लागि अति महत्वपूर्ण सडकको रुपमा लिइएको छ ।

सबै वडा केन्द्रमा सडकको पहूँच पुगे पनि वडाको केन्द्र देखि गाउँपालिकाको केन्द्रसम्म सार्वजनिक यातायातको सुविधा भने छैन । यस गाउँपालिका भित्र बाहिरबाट आउने बस सेवा तथा पालिकाका विभिन्न वडाहरुमा चल्ने अटो बाहेक अन्य सार्वजनिक सवारी साधनहरु सञ्चालनमा छैनन् । वर्षातको समयमा ठाउँ-ठाउँमा हिलोभई सडक अवरुद्ध हुन जादा बाह्रै महिना सडक यातायात सुचारु हुन सक्ने स्थिति छैन । राप्ती सोनारी गाउँपालिका भित्र पर्ने विभिन्न समूहका प्रमुख सडकहरु, तीनको लम्बाई र वडागत विवरण तलको तालिकामा उल्लेख गरिएको छ । सडक आयोजनाहरुको विस्तृत विवरण अनुसूचीमा समावेश गरिएको छ ।

उत्तर दक्षिण हुलाकी सडक, वडा नं. ७

नाली सहितको निर्माणाधीन हुलाकी लोकमार्ग, वडा नं. ४

तालिका नं.६.१ : राप्ती सोनारी गाउँपालिकाको प्रमुख सडकहरु

वाड नं.	सडकको किसिम लम्बाई (किलोमिटर)					जम्मा कि.मी.	सडकको संख्या
	पूर्व पश्चिम राजमार्ग	हुलाकी लोकमार्ग	मुख्य सडक	रिङ्गरोड	लिंक रोड		
१	२७	०	२१	१०	१०.५		लिंक रोड १० वटा, मुख्य सडक २ वटा (दाङ्गको भौवा नाका जोड्ने १ र खोकरी धमाका १)
२	२३	०	१७	०	१२		लिंक रोड १२ वटा, मुख्य सडक १
३	०	१	४.५	०	२४		लिंक रोड २६ वटा, मुख्य सडक १
४	०	४.५	०	०	२५		लिंक रोड १५ वटा, मुख्य सडक १
५	०	८	०	०	१९		लिंक रोड १२ वटा, मुख्य सडक १
६	०	१५	०	०	२६		लिंक रोड २० वटा, मुख्य सडक १, हुलाकी सडक १
७	०	१	१०	०	२५		लिंक रोड १७ वटा, मुख्य सडक (कृषि) १, हुलाकी सडक १
८	८	०	२	३	१७		लिंक रोड १९ वटा, मुख्य सडक १
९	३.५	०	०	१४	१५.५		लिंक रोड १२ वटा
जम्मा	**६१.५**	**२८.५**	**५४.५**	**२७**	**१७४**	**२७६**	

श्रोत : SIRACSसर्भेक्षण-२०७८

राप्ती सोनारी गाउँपालिकाको आवधिक योजना तर्जुमाको क्रममा स्थलगत अवलोकन र व्यापक अन्तरक्रियाबाट विभिन्न समूहका सडकहरु प्राथमिकतामा राखिएकोमा सोही सडकहरु मध्येबाट तल उल्लेखित १२वटा सडकहरु प्रथम प्राथमिकतामा लिइएको छ । यी सडकहरुको लम्बाई १०३ किलोमीटर रहेको छ भने यी सडकहरुले सबै वडा केन्द्रहरु जोड्दछन् । यी मध्ये ४४.५ किलोमीटर लम्बाईका ८ वटा मुख्य सडकहरु हुन् भने १० किलोमीटर लम्बाईको कृषि सडक १ वटा र २७ किलोमीटर लम्बाईका ३ वटा रिङ्गरोड रहेकाछन् । उपलब्ध साधन श्रोतको व्यवस्थापन गरी यी सडकहरु प्राथमिकताका आधारमा विद्यमान मापदण्ड अनुसार निर्माण गर्न उपयुक्त हुने देखिएको छ ।



चित्र नं. ६.१ : प्राथमिकता प्राप्त सडकहरु

तालिका नं.६.२ : प्राथमिता क्रममा रहेका सडकहरुको विवरण

क.सं.	सडकको नाम	लम्बाई	किसिम	वडा नं.	कैफियत
१	अगैया-नारायणपुर सडक	४.५	मुख्य सडक	३	प्रथम प्राथमिकता
२	नारायणपुर-बैजापुर-फत्तेपुर कुण्डा (हुलाकी लोकमार्ग)	२०.५	हुलाकी लोकमार्ग	३-६	प्रथम प्राथमिकता
३	माछेबार जिरो-कचनापुर-शम्शेरगञ्ज सडक	१७	मुख्य सडक	२	प्रथम प्राथमिकता
४	कुसुम-भवानीयापुर देखि दाङ्गको भौवा नाका जोड्ने सडक	१२	मुख्य सडक	१	प्रथम प्राथमिकता
५	सोहनपुर देखि भर्था हुँदै नरैनापुर जोड्ने कृषि सडक	१०	कृषि सडक	७	प्रथम प्राथमिकता
६	खोकरी देखि भमका जोड्ने सडक	९	मुख्य सडक	१	दोश्रो प्राथमिकता
७	ससस्त्र प्रहरी कार्यालय देखि बाँके राष्ट्रिय निकुञ्ज कार्यालय जोड्ने भित्री सडक	२	मुख्य सडक	८	दोश्रो प्राथमिकता
८	बालापुरको रिङ्गरोड	३	रिङ्गरोड	८	प्रथम प्राथमिकता
९	कुसुम-बैरिया-भवानीयापुर रिङ्गरोड	१०	रिङ्गरोड	१	प्रथम प्राथमिकता
१०	वडा नं.९ को रिङ्गरोड	१४	रिङ्गरोड	९	प्रथम प्राथमिकता
११	गाउँपालिका स्तरीय लिंक रोड	१७४	लिंक रोड	१-९	तेस्रो प्राथमिकता
१२	भारतको सीमासम्म जोडिएका गाउँहरुसम्म जोड्ने सडक (नयाँ ट्र्याक खोल्ने)	५०	नयाँ ट्र्याक	४	चौथो प्राथमिकता
१३	सडकको नियमित मर्मत सम्भार	२५५.५	मर्मत सम्भार	१-९	प्रथम प्राथमिकता

श्रोत : SIRACSसर्भेक्षण-२०७८

नोट : माथि उल्लेखित १२ वटा सडकहरु मध्ये रणनैतिक सडक २९.५ कि.मी., २९ कि.मी.लम्बाईका ३ वटा रिङ्गरोड र १० कि.मि.लम्बाईको कृषि सडक समेत गरी जम्मा ९१ कि.मी. सडक प्रथम प्राथमिकता प्राप्त सडक हुन् ।

यस राप्ती सोनारी गाउँपालिका भित्र पूर्व पश्चिम लोकमार्ग ६१.५ कि.मी. र पूर्व पश्चिम हुलाकी लोकमार्ग २०.५ कि.मी., कृषि सडक १० कि.मी. र उत्तर दक्षिण हुलाकी सडक ८ कि.मी. समेत गरी जम्मा १०० कि.मी. राष्ट्रिय सडक सञ्जाल भित्र पर्दछ र यसको निर्माणको जिम्मेवारी केन्द्र सरकारसँग रहेको छ । यस गाउँपालिका भित्रका मुख्य सडकहरुमा अगैया (माछेबार जिरो)-कचनापुर-शम्शेरगञ्ज सडक (१७ कि.मी), अगैया-नारायणपुर सडक लम्बाई ४.५ कि.मी.तथा कुसुम-भवानीयापुर-भौवा नाका दाङ्ग १२ कि.मी.समेत पर्दछन् । माथि उल्लेखित माछेबार जिरो देखी कचनापुर हुँदै भविष्यमा राम्रा एरपोर्टसम्म ३१ कि.मी.मा विस्तार भएपछि उक्त सडक वडा नं.२ को लागि लाइफ लाईन सडकको रुपमा लिन सकिन्छ । जुन सडकहरु प्रदेश स्तरीय रणनैतिक सडक हुन् र यिनीहरुको निर्माण कार्य पनि सोही बमोजिम भइरहेको छ ।

पूर्व पश्चिम हुलाकी लोकमार्ग-सडक सीमा ३० मीटर)

मुख्य सडकहरु-सडक सीमा १२ मीटर

रिङ्गरोड-सडक सीमा १० मीटर (वडा नं.१, ८ र ९)

भित्री सडकहरु (लिंक रोड समेत) सडक सीमा ६ मीटर

पालिकामा निर्माण भइसकेका पक्की पुलहरुको विवरण यस प्रकार छ ।

- कचनापुर-बिनौना राप्ती पुल ५०० मीटर (वडा नं.२ र ५)
- सिक्टा सिँचाई व्यारेज पुल(वडा नं.२ र ६ जोड्ने)
- सिंघैया नालामा पक्की पुल (वडा नं.७)
- महुवा टोल चुकेनालामा पक्की पुल (वडा नं.८)
- कमैया डाँडाँमा पुल निर्माण (वडा नं.४)
- माछेबार जिरो, कचनापुर, शम्शेरगञ्ज सडकमा निर्माण भएको पक्की पुल (वडा नं.२)
- मोरङ्गा सोता पक्की पुल (हुलाकी सडक) वडा नं.३

मोरङ्गा सोता निर्माणाधीन पक्की पुल

नयाँ निर्माण गर्नुपर्ने पक्की पुलहरु :

- वडा नं.१ को कुसुम देखी राप्ती पारी जोड्ने राप्ती नदीमा पुल-१ (१८० मीटर)

- महादेवा गाउँ जोड्ने झिझरी खोलामा पक्की पुल ८० मीटर (वडा नं.९)
- पञ्चैया खोलामा पक्की पुल-१, वडा नं.५ (४० मीटर)
- बेदुवा नालामा पक्की पुल-१, वडा नं.४ (२० मीटर)

यस गाउँपालिकामा निर्माण सम्पन्न भइसकेका झोलुङ्गे पुलहरु निम्नानुसार छन् ।

- राप्ती नदी झोलुङ्गे पुल (खासकुश्मा, भवानीपुर, वडा नं.१)
- राप्ती नदी झोलुङ्गे पुल (लौकी, वडा नं.१)
- राप्ती नदी झोलुङ्गे पुल (भम्का, वडा नं.१)
- राप्ती नदी झोलुङ्गे पुल (अमुवा, वडा नं.१)
- खोला झोलुङ्गे पुल (वडा नं.८)
- झिझरी खोला झोलुङ्गे पुल (वडा नं.९)
- परुवा खोला झोलुङ्गे पुल निर्माण (वडा नं.१)

यस गाउँपालिका भित्र नयाँ नर्माण गर्नुपर्ने झोलुङ्गे पुलहरु निम्नानुसार छन् ।

- राप्ती नदीमा चप्परगौरी देखि चुनासम्म (वडा नं.१)
- झोलुङ्गे पुल (वडा नं.९)

अवसर र चुनौती

अवसर

- राप्ती सोनारी गाउँपालिकाको मध्य भाग भएर राष्ट्रिय राजमार्गहरु (पूर्व पश्चिम र हुलाकी) गएकोले यी राजमार्गहरु यस गाउँपालिकाको आर्थिक विकासमा मेरुदण्डको रुपमा रहेको ।
- ९ वटै वडामा सडक यातायाता पुगेको हुनाले यातायातको पहुँच भएको ।
- महत्वपूर्ण सडकलाई जोड्ने पक्की पूल निर्माणको लागि केन्द्र सरकार र प्रदेश सरकारको सहयोग उपलब्ध भएको,
- केन्द्र र प्रदेश सरकारको लागतमा पुलहरु निर्माण भइरहेको । (सिक्टा ब्यारेज, मदुवाको पुल, सिधनिया पुल, मोरङ्गा पुल आदी)

चुनौती

- महत्वपूर्ण सडकको स्तरोन्नती सहित कालो पत्रे गर्न आवश्यक श्रोतको व्यवस्थापन गर्ने ।
- आधुनिक बसपार्कको निर्माण सहित यातायातको साधनलाई व्यवस्थित गर्ने ।
- प्रकोप व्यवस्थापन र वातावरण संरक्षणका मापदण्ड पालना गरी सडक पुल निर्माण गर्ने ।
- छरिएर रहेको वस्ती जोड्नलाई सडक निर्माण गर्न बढी लगानी गर्नुपर्ने ।
- खोलानाला बढी भएकोले धेरै पुलहरु निर्माण गर्नुपर्ने र कटानको समस्या भएको ।

दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य

दीर्घकालीन सोँच :- सडक पूर्वाधारको विकास; शुलभ, सुरक्षित र भरपर्दो यातायात ।

लक्ष्य :- गुणस्तरीय सडक सञ्जालको विकाससबाट आर्थिक तथा सामाजिक अवसरहरुमा सबै पालिकावासीहरुमा पहुँच पुऱ्याउने ।

उद्देश्य :- दीगो भरपर्दो सुरक्षित र वातावरणमैत्री सडक सञ्जालको विस्तार गर्दै आर्थिक लाभ तथा सामाजिक विकाससँग आवद्ध गर्ने ।

रणनीति र कार्यनीति

उद्देश्य : दीगो, भरपर्दो, सुरक्षित र वातावरणमैत्री सडक सञ्जालको विस्तार गर्दै आर्थिक तथा सामाजिक विकाससँग आवद्ध गर्ने ।	
रणनीति	**कार्यनीति**
• गाउँपालिका भित्र पर्ने रणनैतिक तथा रिङ्गरोड सडकहरुको स्तरोन्नतीका	• RTMP (Road Transport Master Plan) तुरुन्त तयार गर्ने ।

लागि केन्द्र तथा प्रदेश सरकारसँग समन्वय गर्दै गाउँपालिका स्तरीय सडक तथा पक्की पुलहरु निर्माण गरी विकास गर्ने ।	• RTMPअनुसार सडकको स्तर वर्गीकरण गरी ROW (Right of Way) (सडक अधिकार क्षेत्र) तोकी हुलाकी सडकलाई स्तरोन्नती तथा सौन्दरीयकरण गर्न केन्द्र सरकारसँग समन्वय गर्ने । • सुविधा सम्पन्न बसपार्क निर्माणको लागि प्रदेश सरकारसँग अनुरोध गर्ने । • हरेक सडकको छेउमा आवश्यकता अनुसार बस बिसौनि निर्माण गर्ने । • प्रत्येक सडक निर्माण गर्दा नाली सहित स्तरयुक्त डिजाइन सडक निर्माण गर्ने । • सडक निर्माण गर्दा आवश्यक आधुनिक प्रविधिको प्रयोग गरी दीगो, भरपर्दो र उचित भार वहन क्षमताको सडक, पुल, पुलेसा र दुर्घटना कम हुने सडक निर्माण गर्ने ।

प्रमुख कार्यक्रम

- गाउँपालिका स्तरीय रोड ट्रान्सपोर्ट मास्टर प्लान (RTMP) तयार गर्ने ।
- **नाली सहित मापदण्ड अनुसारको ९१ कि.मी. सडक कालो पत्रे कार्यक्रम ।**

➢ **प्रथम प्राथमिकता प्राप्त ८० कि.मी. सडक कालो पत्रे कार्यक्रम ।**

- माछेबार जिरो-कचनापुर-शम्शेरगञ्ज १७ कि.मि. (वडा नं.२) मध्ये ६ कि.मी.
- अगैया-नारायणपुर सडक ४.५ कि.मि. (वडा नं.३)
- नारायणपुर-बैजापुर-बिनौना-फत्तेपुर (कुण्डा) हुलाकी लोकमार्ग २०.५ कि.मी (वडा नं.३, ४, ५, ६)
- कुसुम-बैरिया-भवानीयापुर रिङ्गरोड १० कि.मि. (वडा नं.१)
- बालापुर रिङ्गरोड ३ कि.मि. (वडा नं.८)
- सोहनपुर देखि भर्था हुँदै नरैनापुर जोड्ने कृषि सडक १० कि.मि. (वडा नं.९)
- रिङ्गरोड १४ कि.मि. (वडा नं.९)
- कुसुम-भवानीयापुर देखि दाङ्गको भौवा नाका जोड्ने सडक १२ कि.मी. (वडा नं.१)

➢ **दोश्रो प्राथमिकता प्राप्त ११ कि.मी. सडक कालो पत्रे कार्यक्रम ।**

- खोकरी देखी धमका जोड्ने सडक ९ कि.मि. (वडा नं.१)
- ससस्त्र प्रहरी कार्यालय देखि बाँके राष्ट्रिय निकुञ्ज कार्यालय जोड्ने भित्री सडक २ कि.मि. (वडा नं.८)

तेश्रो प्राथमिकता प्राप्त १७४ कि.मी. लिंकरोड ग्राभेल स्तर निर्माण गर्ने कार्यक्रम (बजेटको स्थिति अनुसार क्रमश कालो पत्रे गर्दै जाने) ।

- मधुई गाउँ देखी मधुवा जोड्ने सडक १.५ कि.मि. (वडा नं.२)
- हरियापुर गाउँ जोड्ने सडक १.५ कि.मि. (वडा नं.२)
- नारायणपुर-ठूलोखैरी-गणेश ओलीको घरसम्म सडक कालो पत्रे गर्ने २ कि.मि. (वडा नं.३)
- बुद्धचोक-सूर्यलालपुर हुँदै धरमपुर जोड्ने सडक कालो पत्रे गर्ने ३ कि.मि. (वडा नं.४)
- हुलाकी सडक देखी जुरतानी, सन्तपुर सडक कालो पत्रे गर्ने ३ कि.मि. (वडा नं.५)
- चिनरीचोक देखी ललहीसम्म सडक कालो पत्र गर्ने ३ कि.मि. (वडा नं.५)
- मैदानपुर देखी आधारभूत स्वास्थ्य केन्द्रसम्म सडक कालो पत्र गर्ने ३ कि.मि. (वडा नं.६)
- पद्माहा देखी गाउँ भरीसम्म सडक कालो पत्रे गर्नुपर्ने २.५ कि.मि. (वडा नं.६)
- हुलाकी सडक निगुवाटार देखी नयाँवस्ती डिसम्बरपुरसम्म सडक कालो पत्र गर्ने १.५ कि.मि. (वडा नं.७)

- पोखराथान चोक देखी पिपलचौतारा हुँदै हुलाकी सडकसम्म सडक कालो पत्र गर्ने २.५ कि.मि. (वडा नं.७)
- हुलाकीसडक देखी झगरीया हुँदै कृषि सडकसम्म सडक कलो पत्रे गर्ने २ कि.मि. (वडा नं.७)
- पालिका भित्र पर्ने टोल वस्तीहरु जोड्ने अन्य सबै सडक (अनुसूचीमा भएका) ग्राभेल गर्ने १४८.५ कि.मि.

प्राथमिकता प्राप्त पक्की पुलहरु

- वडा नं.१ को कुसुम देखी राप्ती पारी जोड्ने राप्ती नदीमा पुल-१ (१८० मीटर)
- महादेवा गाउँ जोड्ने झिझरी खोलामा पक्की पुल ८० मीटर (वडा नं.९)
- पञ्चैया खोलामा पक्की पुल-१, वडा नं.५ (४० मीटर)
- बेदुवा नालामा पक्की पुल निर्माण-१, वडा नं.४ (२० मीटर)

झोलुङ्गे पुल निर्माण २ वटा

- चप्परगौरी देखि चुना राप्ती नदी झोलुङ्गे पुल (वडा नं.१)
- वडा नं.९ को खोलामा झोलुङ्गे पुल

नयाँ ट्र्याक खोल्ने ५० कि.मी.

- भारतको सीमासम्म जोडिएका गाउँहरु (महेशपुर, गुर्दनगौरी, बासखोली, खैरभट्टीसम्म बाटोको ट्र्याक खोल्ने ५० कि.मि. (वडा नं.४)

सडक मर्मत सम्भार

- गाउँपालिका स्तरीय २५५.५ कि.मि. सडकहरु बाह्रै महिना सञ्चालन योग्य बनाउनका लागि मर्मत सम्भार कार्यक्रम ।

सुविधा सम्पन्न बस पार्क निर्माण

- वडा नं.३ को उपयुक्त स्थानमा जग्गा प्राप्त गरी बस टर्मिनल निर्माण कार्यक्रम ।
- वडा नं.८ को राजमार्ग छेउँमा सुविधा सम्पन्न मिनि बस पार्क निर्माण कार्यक्रम ।
- कुसुम, अगैया, शम्शेरगञ्ज, ढकेरीमा स्तरयुक्त सेड सहितको बस प्रतिक्षालय निर्माण कार्यक्रम ।

अपेक्षित उपलब्धी

- गाउँपालिका स्तरीय मापदण्ड सहितको सडक सञ्जाल योजना तयार हुनेछ ।
- ९१ कि.मि. मुख्य सडकहरु तोकिएको स्तरमा ५ वर्ष भित्र सडक सीमा निर्धारण भई नाली सहित कालो पत्रे हुनेछन् ।
- भारतको सीमासम्म जोडिएका गाउँहरु (महेशपुर, गुर्दनगौरी, बासखोली, खैरभट्टीसम्म बाटोको ५० कि.मि. (वडा नं.४) नयाँ ट्र्याक खोलिनेछ ।
- गाउँपालिका भित्रका वडा केन्द्र जोड्ने सडकहरु बाह्रै महिना सहज रुपमा सवारी साधन चल्ने हुनेछन् ।
- वडा केन्द्र देखि टोलमा पुग्ने केही मुख्य सडकहरु कम्तिमा कालो पत्रे स्तरको भएको हुनेछ र अन्य टोलका सडकहरु स्तरोन्नती गरी ग्राभेल स्तरको हुनेछन् ।
- कम्तिमा ४ वटा पक्की पुल निर्माण भएका हुनेछन् ।
- २ वटा झोलुङ्गे पुलहरु निर्माण सम्पन्न भएका हुनेछन् ।
- वडा नं.३ को उपयुक्त स्थानमा जग्गा प्राप्त गरी बस टर्मिनल निर्माण भएको हुनेछ ।
- वडा नं.८ को राजमार्ग छेउँमा सुविधा सम्पन्न मिनि बस पार्क निर्माण भएको हुनेछ ।।
- कुसुम, अगैया, शम्शेरगञ्ज र ढकेरीमा स्तरयुक्त सेड सहितको बस प्रतिक्षालय निर्माण भएको हुनेछ ।

६.२ सञ्चार तथा सूचना प्रविधि

विद्यमान अवस्था

वाक तथा प्रकाशन स्वतन्त्रता, सञ्चार तथा सूचनाको हकलाई नेपालको संविधानले मौलिक हकको रुपमा व्यवस्थित गरेको छ । सञ्चार तथा सूचना प्रविधि क्षेत्रलाई मर्यादित, व्यवसायिक, सबल र सक्षम बनाउने दायित्व लिई जनतालाई सूचना तथा सञ्चारसँग सम्बन्धित अत्याधुनिक सेवा प्रवाह गर्ने र सूचना प्रविधि सम्बन्धी ज्ञान, शीप र क्षमताको विकास गरी सूचना प्रविधिलाई अर्थतन्त्रको महत्वपूर्ण अङ्गको रुपमा विकास गर्नु आजको आवश्यकता हो । **सूचना प्रविधियुक्त राष्ट्र** भन्ने साँच र आम सञ्चार तथा सूचना प्रविधिमा सबै नागरिकको पहूँच तथा उच्चतम उपयोग सुनिश्चित गरी आम नागरिकको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउने लक्ष्य पन्ध्रौ योजनाको रहेको छ । लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाले **सूचना तथा सञ्चार प्रविधिमा सहज पहूँच र उपयोग मार्फत आर्थिक र सामाजिक समुन्नति** भन्ने साँच सहित सबै वस्तीहरुमा टेलिफोन र इन्टरनेटको सहज पहूँच पुऱ्याउने लक्ष्य राखेको छ । सञ्चारमैत्री सरकार र विकासमैत्री सञ्चारको अवधारणा अनुसार गाउँपालिकाको विकासमैत्री समाचार प्रकाशन, प्रसारणमा एफ.एम. रेडियो, टेलिभिजन, पत्र पत्रिका लगायत स्थानीय सञ्चारको साधनसँग समन्वय गरी स्थानीय सञ्चारकर्मीलाई त्यस प्रकारण सामाग्री उत्पादन र प्रसारण गर्न प्रोत्साहन गर्ने नीति राप्ती सोनारी गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक विकास कार्यक्रमको नीति रहेको छ । त्यही सञ्चार नीति अन्तरगत डिजिटल बोर्ड मार्फत गाउँपालिकाको सूचना प्रवाहमा सरलता ल्यानुका साथै डिजिटल नागरिक वडापत्रको सुरुवात गरी मोबाइल एप्लिकेशनबाटै गुनासो र उजुरी दिने व्यवस्था मिलाइनेछ ।

वर्तमान समयलाई सूचना प्रविधिको युगको रुपमा लिइन्छ ।तसर्थ सूचना प्रविधिलाई अर्थतन्त्रको महत्वपूर्ण अंगको रुपमा विकास गर्ने र पालिकावासीहरुलाई सूचना प्रविधिको उपयोगमा सहजता ल्याउने गाउँपालिकाको प्रमुख दायित्व हो । सञ्चार तथा सूचना प्रविधिको प्रयोगले विभिन्न तथ्यांक/सूचनाहरुको सहज उपलब्धताको साथै गाउँपालिका र वडा कार्यालयहरु, विद्यालय, स्वास्थ्य संस्था लगायत अन्य सरकारी र गैर सरकारी क्षेत्रको कामलाई छिटो छरितो र चुस्त, दुरुस्त रुपमा सम्पादन गर्न मद्दत गर्दछ । विभिन्न एप्सहरुको निर्माण गरी अनलाइन सेवाहरु प्रदान गर्ने, विभिन्न सफ्टवेयरको प्रयोगबाट जटिल विषयवस्तुलाई सामान्य रुपमा रेकर्ड गरी भण्डारण गर्ने, प्रतिवेदन गर्ने, ठूला-ठूला फाईलहरु सुरक्षित राख्ने जस्ता कार्यबाट कागजरहीत कार्यालय सञ्चालन प्रणालीलाई व्यवहारमा उतार्न सकिन्छ । यस गाउँपालिका भित्र सञ्चार सुविधा तथा टेलिभिजन, रेडियो जस्ता साधनहरुको राष्ट्रिय, क्षेत्रीय प्रसारणबाट आंशिक रुपमा उपयोग गरिएको छ । मोबाइल र इन्टरनेटको सुविधा भए पनि आवश्यक टावर र केवल लाइनहरु नहुँदा सेवा सहज छैन । समृद्ध राप्ती सोनारीको वार्षिक बुलेटीन प्रकाशित हुँदै आएको छ । उक्त बुलेटीनमा गाउँपालिकाका विभिन्न गतिविधिका साथै बजेट, नीति, योजना र कार्यक्रम सम्बन्धी जानकारी तथा वडा भित्रका विविध समस्या र सम्भावनाहरु बारे जन धारणा समेत समावेश गर्ने गरिएको छ । गाउँपालिकाको आफ्नै वेवसाइट रहेको तथा नियमित अद्यावधिक गरी उपयोगी सामाग्री राख्ने गरिएको छ । यस पालिकामा अतिरिक्त हुलाक ३ सहित ६ वटा हुलाक केन्द्रहरु छन् ।

गाउँपालिकाका सूचना तथा सञ्चार सम्बन्धी नीतिहरु

- उपलब्ध बजेटको आधारमा प्राथमिकता निर्धारण गरी गाउँपालिकाको हरेक वडाहरुको प्रोफाइल तयार गर्ने ।
- गाउँपालिका र हरेक व्यक्ति बीच इमेल मार्फत जोडिने गरी इमेललाई नियमित अपडेट गर्ने ।
- गाउँपालिका तथा हरेक वडा कार्यालय बीच डिजिटल सूचना आदान प्रदान गर्ने गरी इन्टरनेटको विकास गर्ने ।
- गाउँपालिका र प्रत्येक वडामा सूचना अधिकारी तोक्ने ।

अवसर र चुनौती

अवसर

- नेपालको संबिधानमा नागरिकहरुलाई सञ्चारको हक र सूचनाको हक सम्बन्धी व्यवस्था रहेको ।
- सूचना तथा सञ्चार सम्बन्धी विद्यमान नीति तथा कानूनहरु सूचनामैत्री रहेको ।
- एक ठाउँमा विकास/उत्पादन भएको सूचना प्रविधिलाई अर्को स्थानमा किफायती ढङ्गमा सजिलैसँग उपयोग गर्न सक्ने अवस्था रहेको ।
- पालिकाका कामहरु डिजिटल रुपमा व्यवस्थित हुँदै गएको ।

- डिजिटल साक्षरता बढ्दै गएको, युवाहरु सूचना प्रविधि प्रति उत्साहका साथ आकर्षित भइरहेको ।

चुनौती

- पालिकाका सम्पूर्ण विद्यालय तथा स्वास्थ्य संस्थामा इन्टरनेट सुविधा विस्तार गरी प्रविधिमैत्री शिक्षण सिकाई र प्रविधिमैत्री उपचारको व्यवस्थापन गर्ने ।
- गाउँपालिका एवं यसका शाखाहरु र वडा कार्यालयहरुका बीच नेटवर्किङ गर्ने र यी कार्यालयहरुको काम डिजिटल रुपमा सञ्चालन गर्ने ।
- गाउँपालिका भित्र सञ्चालित कार्यक्रमहरुलाई रेडियो लगायत अन्य सञ्चार माध्यमद्वारा प्रचार प्रसार गरी स्थानीय जनतालाई सुसूचित गराउने ।
- इन्टरनेट सेवालाई सहज बनाई विभिन्न एप्स, सफ्टवेयर, वेवसाइट जस्ता प्रविधि मार्फत सेवा ग्राहीलाई अनलाइन सेवा उपलब्ध गराउने ।

दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य

दीर्घकालीन सोँच : सूचना प्रविधिको विकास, गाउँपालिकाको समृद्धिको आधार ।

लक्ष्य : सूचना तथा सञ्चार प्रविधिलाई सबैको पहूँचमा पुऱ्याई जनजीवन सहज बनाउने ।

उद्देश्य : सूचना तथा सञ्चार प्रविधिलाई सुरक्षित, भरपर्दो र आकर्षण क्षेत्रको रुपमा विकास गर्ने ।

रणनीति र कार्यनीति

उद्देश्य : सूचना तथा सञ्चार प्रविधिलाई सुरक्षित, भरपर्दो र आकर्षण क्षेत्रको रुपमा विकास गर्ने ।	
रणनीति	**कार्यनीति**
• सूचना तथा सञ्चार प्रविधिलाई सबैको पहूँचमा पुऱ्याउने	• गाउँपालिका भित्रका सबै विद्यालय तथा स्वास्थ्य केन्द्रहरुमा इन्टरनेट सेवा जडान गरी सेवा प्रवाहको व्यवस्था गरिनेछ । • गाउँपालिका र वडा केन्द्रका सम्पूर्ण कार्यालयहरुमा इन्टरनेट सेवा उपलब्ध गराउने र पालिका र वडाहरु बीच नेटवर्किङ गरिनेछ । • युवा स्वरोजगार लक्षित सूचना प्रविधि तालिम र दक्षता अभिवृद्धि गरिनेछ । • नेपाल दूरसञ्चार कम्पनिको सहकार्यमा टेलिफोन टावर थप गरी मोबाइल नेटवर्क भरपर्दो बनाइनेछ । • निजी क्षेत्रसँगको सहकार्यमा इन्टरनेट सेवा, स्थानीय रेडियो, टि.भी. जस्ता सञ्चार साधनको विकासमा जोड दिइनेछ । • सम्बन्धित कर्मचारीहरुलाई दक्षता अभिवृद्धि गरी प्रविधिमैत्री बनाइनेछ ।

प्रमुख कार्यक्रम

- इन्टरनेट सेवा विस्तार तथा सुदृढीकरण सामाग्री खरिद तथा वितरण
- ल्याण्डलाइन विस्तार/जडान
- राप्ती वारी र पारी २ वटा टेलिफोन टावर स्थापना
- वडा नं.८ को बालापुरमा मोबाइल टावर स्थापना
- लालपुर गाउँमा सञ्चारको क्षमता अभिवृद्धिको लागि टावर निर्माण
- दक्षता अभिवृद्धि स्वरोजगार तालिम

अपेक्षित उपलब्धी

- सञ्चार सुविधालाई प्रभाकारी बनाउन गाउँपालिकामा थप २ वटाटेलिफोन तथा इन्टरनेट टावरको निर्माण भएको हुनेछ ।
- गाउँपालिका र यसका शाखा कार्यालय, वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था, पुस्तकालय, वाचनालय र अन्य गैसस कार्यालयहरुमा इन्टरनेट सुविधाको पहूँच भएको हुनेछ ।
- सूचना प्रविधि सम्बन्धी तालिम र ज्ञानबाट युवाहरु स्वरोजगार भएका हुनेछन् ।

- गाउँपालिकाको गतिविधिहरु एफ.एम. रेडियो सहित अन्य सञ्चार माध्यम मार्फत प्रसारित भई जनता सुसूचित भएको हुनेछन् ।
- कम्तीमा १०० वटा ल्याण्डलाइन टेलिफोन विस्तार भएको हुनेछ ।

६.३ विद्युत्त तथा उर्जा

विद्यमान अवस्था

आर्थिक वृद्धि र आर्थिक रुपान्तरणको एक महत्वपूर्ण साधनको रुपमा जल विद्युतलाई लिने गरिन्छ । अन्तरसरकार, सार्वजनिक निजी साझेदारीमा हुने लगानी यस क्षेत्रमा प्रवाह भैरहदा पछिल्ला दिनमा विद्युत उत्पादन उल्लेख्य रुपमा बढ्दै गएको छ । हाल अधिकांश स्थानीय तहमा विद्युतीय पूर्वाधार पुगेको अवस्था छ । त्यसैगरी दीगो विकास तथा लक्ष्य प्राप्तिका लागि दीगो उर्जाको अवधारणा अनुसार हरिततन्त्रलाई प्रवर्द्धन गर्न बैकल्पिक/नवीकरणीय उर्जा क्षेत्रको विकास हुन समेत आवश्यक छ । विद्युत प्रसारण लाइन नपुगेका ग्रामीण क्षेत्रमा स्थानीय तहसँगको सहकार्यमा समेत उर्जा सेवा पुऱ्याउन र आयातित उर्जा माथिको निर्भरता कम गर्न वैकल्पिक उर्जाको प्रवर्द्धन र विकास जरुरी छ ।

जल विद्युतको दीगो र भरपर्दो विकास मार्फत मुलुकको समृद्धिमा योगदान भन्ने सोँच र जल विद्युतको तीब्र उत्पादन गरी उर्जा सुरक्षा सुनिश्चित गर्ने तथा नवीकरणीय उर्जाको उत्पादन र उपयोगमा दक्षता बढाई स्वच्छ उर्जामा पहूँच पुऱ्याउने लक्ष्यका साथ पन्ध्रौ योजनाका कार्यक्रमहरु तय भएका छन् ।

लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाले स्वच्छ उर्जाको रुपमा जलविद्युतको उत्पादन र यसको अधिकतम सदुपयोग गरी आर्थिक समृद्धिमा योगदान पुऱ्याउने लक्ष्य सहित विद्युतमा सबै जनताको पहूँच पुऱ्याउने उद्देश्य राखेको छ । त्यसैगरी जैविक उर्जाको प्रवर्द्धन गर्ने सोँच राखेको यस योजनामा वायोग्यास, वायु उर्जा जस्ता नविकरणीय उर्जाको श्रोतमा अग्रणी बन्ने लक्ष्य समेत राखिएको छ ।

दीगो विकासका लागि दीगो उर्जाको अवधारणा, हरित गृह ग्यासबाट वातावरणमा पर्ने असर र न्यूनीकरण तथा अनुकूलन मार्फत हरित अर्थतन्त्रलाई प्रवर्द्धन गर्नु आजको आवश्यकक्ता हो । राप्ती सोनारी गाउँपालिकाको भारतको सीमानामा पर्ने वडा नं.१ र ४ का जनतालाई पालिकाको उज्यालो कार्यक्रममा पहूँच पुऱ्याउन गाउँपालिकाले अनुदान दिने नीति बनाई वैकल्पिक उर्जाको व्यवस्थापन गर्नुपर्दछ ।

विद्युत तथा उर्जाको उपयोग वर्तमान युगमा हरेक क्रियाकलापको लागि अपरिहार्य छ । नविकरणीय उर्जाको विकास राम्ररी नभएको परिप्रेक्षमा राप्ती सोनारी गाउँपालिकामा जलविद्युत शक्ति नै उर्जाको महत्वपूर्ण श्रोत हो ।यस पालिकामा ९०% घरपरिवारले बत्तीको रुपमा विद्युतको प्रयोग गरेका छन् । बाँकी घरपरिवारले मट्टितेल, सोलार तथा बायो ग्याँसबाट वैकल्पिक उर्जाको प्रयोग गरेको देखिन्छ ।

यस गाउँपालिकामा ११४८६ घरपरिवार (९१.३%) ले खाना पकाउनको लागि इन्धनको रुपमा काठ दाउराको प्रयोग गरेका छन् भने ६५६ घरपरिवार (५.२%) ले एल.पि.ग्यास तथा अन्यले मट्टितेल र बायो ग्याँस प्रयोग गरेका छन् । वर्तमानमा लोड सेडिङ्ग हटे पनि यस पालिकामा नियमित र गुणस्तरीय विद्युत आपूर्ति हुन सकेको छैन ।आगामी ५ वर्ष भित्र राप्ती सोनारी गाउँपालिकाई उज्यालो गाउँपालिकाको रुपमा घोषणा गर्ने गरी आर्थिक रुपमा सम्पन्न र समृद्ध गाउँपालिकाको रुपमा विकास गर्नको लागि विद्युत खपतलाई बढाई हरेक आर्थिक क्रियाकलापमा विद्युतको प्रयोगबाट उत्पादन बढाउनु पर्दछ । यही पृष्ठभूमिमा यस योजनामा विद्युत तथा उर्जा विकास सम्बन्धी लक्ष्य, उद्देश्य र कार्यक्रमहरु तय भएका छन् ।

अवसर र चुनौती

अवसर

- विद्युतको राष्ट्रिय उत्पादन क्रमश बढदै गई विद्युतमा आत्मनिर्भर हुने अवस्थामा रहेको ।
- सार्वजनिक-निजी-साझेदारीमा घर-घरमा सौर्य उर्जा उपलब्ध गराई उज्यालो गाउँपालिका कार्यक्रममा सहयोग पुऱ्याउन सकिने ।
- विद्युत खपत बढाएर परनिर्भरता र कार्बन उत्सर्जन कम गर्ने अवसर रहेको ।
- विद्युत उर्जाको प्रयोगबाट सिँचाई, खानेपानी, चिस्यान केन्द्रको निर्माण गरी सेवा तथा उत्पादन बढाउने ।

चुनौती

- पालिकावासी सबैलाई भरपर्दो र गुणस्तरीय विद्युत सेवा उपलब्ध गराउने ।

- पुराना पोलहरुको विस्थापन गर्ने तथा नयाँ ट्रान्सफर्मर जडान गर्ने ।
- विद्युत खपतलाई बढाई उत्पादनशील कार्यमा लगाउने ।

दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य

दीर्घकालीन सोँच :- विद्युतको अधिकतम सदुपयोग र प्रयोगबाट आर्थिक समृद्धि ।

लक्ष्य :- जलविद्युत र नविकरणीय उर्जा उत्पादन र प्रयोग क्षमतामा अभिवृद्धि गरी आर्थिक विकासमा टेवा पुऱ्याउने ।

उद्देश्य :- सबै जनताको पहूँचमा विद्युत सेवा पुऱ्याई नविकरणीय उर्जा समेतबाट प्रकाश, उर्जा र विभिन्न आर्थिक गतिविधिहरु सञ्चालन गरी उत्पादन तथा रोजगारी वृद्धि गर्ने ।

रणनीति र कार्यनीति

उद्देश्य : सबै जनताको पहूँचमा विद्युत सेवा पुऱ्याई नविकरणीय उर्जा समेतबाट प्रकाश, उर्जा र विभिन्न आर्थिक गतिविधिहरु सञ्चालन गरी उत्पादन तथा रोजगारी वृद्धि गर्ने ।	
रणनीति	**कार्यनीति**
• गुणस्तरीय विद्युत सेवाको विस्तार र नविकरणीय उर्जाको व्यवस्थापन गर्ने	• संघीय र प्रदेश सरकारसँगको समन्वयमा गुणस्तरीय विद्युत पोलहरु र सव स्टेसनहरु निर्माण गर्ने आवश्यक पहल गर्ने । • विद्युत सेवा नपुगेका सबै घरमा प्राथमिकताका साथ विद्युत सेवा उपलब्ध गराउने । • गाउँपालिका केन्द्र र यसका शाखाहरु, वडा केन्द, विद्यालय, स्वास्थ्य चौकी र मुख्य मुख्य बजार केन्द्रहरु (Market center)मा सौर्य वत्ती जडान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । • नवीकरणीय उर्जाको प्रयोग मार्फत रोजगारी सिर्जना गरिनेछ ।

प्रमुख कार्यक्रम

- विद्युत विस्तार/विद्युत पोल सुधार तथा वितरण कार्यक्रम
- मुख्य चोकमा सोलार लाईटको स्थापना
- विद्युत उपयोगको खपतको लागि विद्युत चुल्हो अनुदान
- विद्युत जडान तथा मर्मत सम्भार तालिम/स्वरोजगार

अपेक्षित उपलब्धी

- अगामी ५ वर्ष भित्र गाउँपालिकाका सम्पूर्ण घरहरुमा विद्युत सेवा उपलब्ध भएको हुनेछ ।
- आगामी ३ वर्ष भित्र गाउँपालिकाका महत्वपूर्ण सबै स्थानहरुमा सौर्य बत्ती जडान भएको हुनेछ ।
- विद्युत जडान तथा मर्मत सम्भार सम्बन्धी तालिम उपलब्ध गराई युवाहरुलाई स्वरोजगारमा टेवा पुगेको हुनेछ ।
- विद्युत उपयोगको खपतको लागि ३५० घरपरिवारलाई निशुल्क विद्युत चुल्हो अनुदान वितरण भएको हुनेछ ।

६.४ भवन तथा वस्ती विकास

विद्यमान अवस्था

२०७२ सालको विनासकारी भूकम्प र यसबाट भएको क्षतिलाई दृष्टिगत गरी राष्ट्रिय भवन संहितालाई कार्यान्वयन गर्नु, विद्यमान घरहरु आवश्यकतानुसार सवलीकरण गर्नु, वातावरणीय दृष्टिले स्वच्छ, वित्तीय दृष्टिले सम्भाव्य र प्राविधिक दृष्टिले उपयुक्त र सुरक्षित भवन निर्माण प्रविधिको प्रयोग गर्नु, परम्परागत निर्माण प्रविधि र वास्तुकलाको जर्गेना गर्नु आजको आवश्यकता हो । नेपालको संविधानले आवासको हकलाई मौलिक हकको रुपमा व्यवस्थित गरी सबै नागरिकलाई सुरक्षित र वातावरणमैत्री आवास अधिकारको सम्मान सहित आवासबिहीन नागरिकहरुलाई आवास सुविधा उपलब्ध गराउने व्यवस्था गरेको छ । त्यसैगरी अव्यवस्थित बसोवासलाई योजनाबद्ध एवं व्यवस्थित वस्ती विकास गर्ने नीतिगत व्यवस्था समेत छ । जोखिमयुक्त स्थानमा छरिएर बसेका घरपरिवारलाई एकीकृत वस्तीमा स्थानान्तरण गर्नुपर्ने अवस्था पनि विद्यमान रहेको स्थिति छ ।

सुरक्षित किफायति, वातावरणमैत्री भवन र एकीकृत आवास तथा वस्ती भन्ने सोँचका साथ किफायति, वातावरणमैत्री भवन निर्माण एवं एकीकृत योजनाबद्ध वस्ती विकासको माध्यमबाट दीगो आवास व्यवस्था गर्ने लक्ष्य पन्ध्रौ योजनाले लिएको छ ।

लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाले **सबैको लागि सुरक्षित तथा व्यवस्थित आवासको सुनिश्चितता** भन्ने दीर्घकालीन सोँच सहित जोखिमपूर्ण वस्ती स्थानान्तरण, स्थानीय सामग्री तथा प्रविधिको समुचित प्रयोग र एकीकृत वस्ती विकास मार्फत सु-व्यवस्थित आवास र वस्ती विकास गर्ने लक्ष्य लिएको छ । राप्ती सोनारी गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक विकास कार्यक्रममा आफ्नो भवन नभएका वडालाई भवन निर्माण गरी आफ्नै भवनबाट कार्यालय सञ्चालन गर्ने भनि कार्यक्रम समावेश गरिएको छ । त्यस्तै आर्थिक वर्ष २०७७/०७८ को वार्षिक विकास कार्यक्रममा आधुनिक सुविधा सम्पन्न गाउँपालिका कार्यालयको प्रशासनिक भवन निर्माण गर्ने भनि समावेश गरिएको छ ।

भू-उपयोग सम्बन्धी योजना नहुँदा वस्ती वृद्धि हुँदै जाँदा जनतालाई भौतिक, आर्थिक र सामायिजक पूर्वाधार जुटाउन गाह्रो पर्दछ । दीर्घकालीन सोँचका आधारमा गाउँ क्षेत्रको भू-उपयोगका लागिआवास क्षेत्र, बजार क्षेत्र, चउर, पार्क, खेलमैदान, बालउद्यान, कृषि क्षेत्र र हरित क्षेत्र छुट्याई शहरी योजना तयार गर्ने यस गाउँपालिकाको नीति रहेको छ । यही नीतिको आधारमा भवन निर्माण तथा वस्ती विकास गरिनुपर्दछ । गाउँपालिकाको वर्तमान अवस्थालाई हेर्दा बैजापुर (वडा नं.४) मा गाउँपालिकाकै गौरवको आयोजनाको रुपमा १६ करोड रुपैयाको लागतमा १५ शैयाको अस्पताल निर्माण हुँदै छ । वडा नं.५ को बिनौनामा ढल निकासको काम भएको छ, पक्की स्वास्थ्य चौकी भवन निर्माण भएको छ, ३ वटा वर्थिङ सेन्टर तयार भएका छन् । वडा नं.६ को फत्तेपुरमा बाँके शहीद स्मृति पार्क भवन तयार भएको र पर्यटन सभागृह निर्माण भएको छ, थारु संग्रहालय निर्माणको चरणमा रहेको छ । त्यस्तै वडा नं.७ मा वर्थिङ सेन्टर निर्माण भएको छ भने वडा नं.८ मा ४ वटा सामुदायिक विद्यालय भवन र १ वटा थारु संग्रहालय निर्माण भएको छ । यस बाहेक सबैभन्दा महत्वपूर्ण कार्य वडा नं.६ र ७ मा जनता आवास कार्यक्रम अन्तरगत ६८ वटा भवन निर्माण भई विपन्न, दलित र मुस्लिम समुदायमा हस्तान्तरण भएको छ । वडा नं.४ को साइपुरमा नवनिर्मित बहुउद्देश्यीय आश्रय केन्द्र भवन निर्माण भई सम्पन्न भएको छ । हरेक नागरिकको आवास, सामुदायिक भवनहरु तथा सरकारी भवनहरु सुरक्षित, स्वास्थ्यकर, वातावरणमैत्री, भूकम्प प्रतिरोधी तथा किफायती हुनुपर्दछ । त्यस्तै स्थानीय भवनहरु परम्परागत शैली झल्कने पहिचान सहितको हुनु पनि महत्वपूर्ण मानिन्छ । गाउँपालिकाले राष्ट्रिय भवन निर्माण संहितालाई ध्यानमा राखेर भवन निर्माण कार्यविधि बनाई कार्यान्वयन गर्नुपर्दछ । छरिएर रहेका घरवस्ती र बाढी, नदी कटानबाट जोखिममा रहेका वस्तीहरुलाई स्थानान्तरण गरी एकीकृत वस्ती निर्माण गर्न उत्तिकै आवश्यक छ ।राप्ती सोनारी गाउँपालिका घरधुरी सर्भेक्षण-२०७५ अनुसार पालिका भित्र जम्मा घरधुरी १२५८७ रहेकोमा फुसको छानो भएका ३१२७, टायर झिंगटीको छाना ३८९३, जस्ता पाताका ३५६५ र पक्की ढलान भएका २००२ घरहरु रहेका छन् । यस गाउँपालिका भित्र ३५२२ पक्की घर र ९६५ कच्ची घरहरु रहेका छन् । हाल फुसको छानालाई क्रमश विस्थापन गरी जस्तापाताको छानाको घर निर्माण नीति लिइएको छ । भू-उपयोगको योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने र वस्ती स्थानान्तरण तथा वस्ती विकासको सम्भाव्यता अध्ययन गरी केन्द्र तथा प्रदेश सरकारसँगको सहकार्यमा एकीकृत वस्ती विकासको योजना कार्यक्रम अगाडि बढाउन आवश्यक देखिन्छ ।

निर्माणाधीन लक्ष्मी सामुदायिक बहुमुखी क्याम्पस, वडा नं. २



चित्र नं. ६.२ : बसोवास तथा नमूना शहर

अवसर र चुनौती

अवसर

- सरकारी र सामुदायिक भवन निर्माणमा केन्द्र तथा प्रदेश सरकारसँगको समन्वयबाट श्रोत उपलब्ध हुने अवस्था रहेको ।
- राप्ती सोनारी गाउँपालिकाको बीच भागबाट पूर्व पश्चिम लोकमार्ग जाने र निर्माण सामाग्रीको प्रसस्त उपलब्धता भएकोले निर्माण कार्यमा सहजता हुने ।
- जोखिमयुक्त वस्ती बारे जनतामा जागरण आएको ।

चुनौती

- जोखिमयुक्त र छरिएका वस्तीहरुलाई स्थानान्तरण गराई एकीकृत वस्ती निर्माण गर्ने ।
- राप्ती नदी कटानबाट विद्यमान वस्ती सुरक्षित गर्ने ।
- राष्ट्रिय भवन निर्माण आचार संहिता अनुरुप भवन निर्माण मापदण्ड लागु गर्ने।
- गरिबी र न्यून आयले गर्दा सुरक्षित र सुविधायुक्त घर बनाई आवास व्यवस्थापन गर्ने ।

दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य

दीर्घकालीन सोँच : सबैको लागि सुरक्षित र व्यवस्थित आवासको सुविधा ।

लक्ष्य : सुरक्षित, सुविधायुक्त, कम खर्चिलो, वातावरणमैत्री, प्रविधियुक्त भवन आवास निर्माण तथा वस्ती विकास गर्ने ।

उद्देश्य :जोखिमयुक्त र छरिएर रहेका वस्तीहरुलाई स्थानान्तरण गरी एकीकृत वस्ती विकासको योजना तयार गर्ने ।

रणनीति र कार्यनीति

उद्देश्य : जोखिमयुक्त र छरिएर रहेका वस्तीहरुलाई स्थानान्तरण गरी एकीकृत वस्ती विकासको योजना तयार गर्ने	
रणनीति	**कार्यनीति**
• भवन मापदण्ड तयार गरी सुलभ सुरक्षित भवन/आवास निर्माण गर्ने र सुविधायुक्त प्रर्वर्द्धित बजार क्षेत्रका साथै एकीकृत वस्तीको योजना बनाई कार्यान्वयन गर्ने ।	• भवन निर्माण मापदण्ड निर्माण गरी कार्यान्वयन गर्ने । • स्थानीय कामदारको दक्षता अभिवृद्धि गर्ने । • स्थानीय निर्माण सामाग्रीको अधिकतम प्रयोग गरी भवन निर्माण गर्ने । • स्थानीय भू-उपयोग योजना निर्माण गरी वातावरणमैत्री भवनहरु निर्माण गर्ने । • जोखिमयुक्त र छरिएर रहेका घर वस्तीहरुको पहिचान गरी तथ्यांक तयार गर्ने । • एकीकृत वस्तीको लागि उपयुक्त जग्गाको व्यवस्थापन गरी सम्भाव्यता अध्ययन गर्ने । • वडा नं.४ को वडा कार्यालय देखि बैजापुर चोक हुँदै सूर्यलालपुर चोक सम्मनमूना शहरको रुपमा विकास गर्ने ।

प्रमुख कार्यक्रम

- सार्वजनिक, सामुदायिक तथा निजी भवन निर्माणको लागि भवन निर्माण मापदण्ड/संहिता तर्जुमा
- १५ शैयाको राप्ती सोनारी हस्पिटल निर्माण
- २०० वटा कक्षा कोठा निर्माण
- महादेवपुरी स्वास्थ्य चौकी भवन निर्माण (वडा नं.९)
- गाउँपालिकाको प्रशासनिक भवन निर्माण
- अतिथि सत्कार भवन निर्माण
- मिनि कोल्ड स्टोर निर्माण (आलु भण्डारण) वडा नं.८
- वडा नं.२, ८ र ९ लाई समेट्ने गरी वडा नं.२ को टिकुलीपुरमा तथा वडा नं.६ को खल्लाटपरीमा बहुउद्देश्यीय सामुदायिक भवन निर्माण ।
- वडा नं.७ र अगैयामा प्रहरी चौकी निर्माण
- नमूना शहर विकास (वडा नं.४ को वडा कार्यालय बैजापुर चोक देखि सूर्यलालपुर चोक सम्म हुलाकी लोकमार्गको दाँया बाँया १.८ किलोमिटर)
- एकीकृत वस्ती र अमरुवा वस्ती स्थानान्तरण सम्बन्धी सम्भाव्यता अध्ययन
- प्रवर्द्धित बजार तथा वस्ती विकास सम्भाव्यता अध्ययन
- निर्माण कर्मीहरुको दक्षता अभिवद्धि तालिम

अपेक्षित उपलब्धी

- राप्ती सोनारी गाउँपालिकाको लागि भवन मापदण्ड/संहिता तयार भई लागु भएको हुनेछ ।
- गाउँपालिका भवन, १५ शैयाको हस्पिटल, स्वास्थ्य चौकी लगायत अन्य सामुदायिक भवनहरु आगामी तीन वर्ष भित्र मापदण्ड अनुसार निर्माण भएका हुनेछन् ।
- दक्षता वृद्धि तालिम मार्फत स्थानीय कामदार र प्रविधिको प्रयोगमा दक्षता वृद्धि भएको हुनेछ ।
- सम्पूर्ण नयाँ भवनहरु भूकम्प प्रतिरोधि, सुरक्षित, सुविधायुक्त, किफायती र वातावरणमैत्री हुनेछन् ।
- विपद्को बेला आश्रय स्थलको लागि वडा नं.२ को टिकुलिपुरमा तथा वडा नं.६ को खल्लाटपरीमा बहुउद्देश्यीय सामुदायिक भवन निर्माण भएको हुनेछ ।

- जोखिमयुक्त र छरिएर रहेका वस्तीहरुको तथ्यांक संकलन भई एकीकृत वस्तीको सम्भाव्यता अध्ययन गरी ती वस्तीहरुलाई स्थानान्तरण गर्ने योजना निर्माण भएको हुनेछ ।
- वडा नं.४ को वडा कार्यालय देखि बैजापुर चोक हुँदै सूर्यलालपुर चोकसम्म १.८ किलोमिटर लम्बाईमा नमूना शहरको रुपमा विकास गर्न डि.पि.आर. तयार भई ५ वर्ष भित्रसम्पूर्ण भौतिक सुविधा सम्पन्न नमूना शहरनिर्माण भएको हुनेछ ।
- अन्यआठ बजार क्षेत्रलाई सु-व्यस्थित गर्न सम्भाव्यता अध्ययन भएको हुनेछ ।
- वडा नं.७ र अगैयामा १-१ वटा प्रहरी चौकी निर्माण भएका हुनेछन् ।
- विद्यालयको लागि २०० वटा कक्षा कोठा निर्माण भएका हुनेछन् ।

६.५ सिँचाई

विद्यमान अवस्था

कृषिको उत्पादकत्व र उत्पादन बढाउन सिँचाईको दीगो व्यवस्थापन गर्न जरुरी हुन्छ । कृषि योग्य भूमिमा बाह्रै महिना सिँचाई सुविधा पुऱ्याउने व्यवस्थाका लागि तीनै तहको सरकार बीच आपसी सामान्जस्यता र लगानीको खाँचो छ । सिँचाई पूर्वाधार निर्माणमा रणनीतिक महत्वका ठूला सिँचाई संघीय सरकारबाट, मझौला सिँचाई प्रदेश सरकारबाट र साना सिँचाई आयोजना स्थानीय सरकारको लगानीबाट निर्माण तथा व्यवस्थित गरिनु पर्दछ ।

दीगो एवं भरपर्दो सिँचाई सुविधा उपलब्ध गराई कृषि उत्पादन र उत्पादकत्व वृद्धिमा योगदान भन्ने सोँच र लक्ष्य सहित पन्ध्रौ योजना अघि बढेको अवस्था छ ।

त्यसैगरी **कृषि उत्पादकत्व वृद्धिको लागि प्रयाप्त सिँचाई सुविधा भएको प्रदेश** भन्ने सोँच सहित कृषियोग्य भूमिमा भरपर्दो एवं दीगो सिँचाईको व्यवस्थापन गरी कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिमा योगदान पुऱ्याउने लक्ष्य लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाले लिएको छ ।

आधुनिक र व्यवसायिक कृषिको विस्तार एवं उत्पादकत्व वृद्धिको लागि अन्य कुराको अतिरिक्त भरपर्दो सिँचाई सुविधाको आवश्यकता पर्दछ ।राप्ती सोनारी गाउँपालिकाको कूल क्षेत्रफलको ९% अर्थात १०४१८२ हेक्टर मध्ये ९५८२ हेक्टर मात्र खेतीयोग्य जमित रहेको छ । यो गाउँपालिका प्राय तराईको समथर भागमा पर्ने र राप्ती नदी जस्ता ठूला नदीको किनारका फाँटहरु भएकोले यहाँ धान, गहुँ, आलु जस्ता अन्नवालीहरु प्रसस्त उत्पादन हुन्छन् । माथि उल्लेखित अन्नवालीको लागि बाह्रै महिना सिँचाईको अत्यन्त जरुरी पर्दछ । सौभाग्यवस यस गाउँपालिकाको अगैयामा सिक्टा सिँचाईको राष्ट्रिय गौरवको योजनारहेको छ । यो योजनाबाट बाँके जिल्लामा जम्मा ४२७६६ हेक्टर जमिनमा सिँचाई सुविधा पुऱ्याउने लक्ष्य रहेको छ । सिक्टा सिँचाई पश्चिमी नहर लगभग निर्माण भईसकेको छ र यो नहर, राप्ती सोनारी गाउँपालिकाको वडा नं.२, ८ र ९ हुँदै पश्चिम बाँके तर्फ लगिएको छ तर यो नहर राप्ती सोनारी गाउँपालिका भित्र गहिरो गरी लगिएको कारणले यसबाट यी वडामा सिँचाई सुविधा उपलब्ध छैन ।तैपनि लिफ्टिङ प्रविधिबाट सिँचाईको सुविधा प्राप्त गर्न सकिने लक्ष्य भने कायमै रहेको छ । हाल वडा नं.२, ८ र ९ मा विभिन्न ठाडा खोला र स्यालो ट्युबेल तथा आकाशे पानीबाट सिँचाई हुँदै आएको अवस्था छ । सिक्टा सिँचाईको पूर्वी नहर भने राप्ती सोनारी गाउँपालिकाको वडा नं.३, ४, ५, ६ र ७ हुँदै नरैनापुर तर्फ लगिएको छ । यो नहर हाल निर्माणकै चरणमा रहेकोले पानी वितरण नभएपनि निकट भविष्यमा माथि उल्लेखित ५ वटा वडाको लागि यो बरदान सावित हुनेछ । हाल वडा नं.३ र ४ मा गुरुवा खोला, बड्का खोला र मोरङ्गा खोलाबाट सिँचाई हुने गरेको छ । वडा नं.१ मा सिँचाईको लागि बोरिङ वितरण गरिनुका साथै खोकरी मझौला सिँचाई आयोजना तथा खासकुश्मा सिँचाई उप-योजना सञ्चालित छन् । वडा नं.२ को लागि सिक्टा पश्चिमी नहरबाट लिफ्ट सिँचाई योजनाको लक्ष्य रहेको भएता पनि हाल स्यालो ट्युबेल मार्फत सिँचाई गरिदै आएको छ । त्यस बाहेक खैरी खोलाबाट कूलो बनाई ४५० हेक्टर जमिनमा सिँचाई हुँदै आएको छ । वडा नं.४ को खेतीयोग्य जमिनमा भलैया, पथरहिया सिँचाई प्रणाली, बैजापुर सिँचाई योजना र रिहार सिँचाई योजना बैजापुरबाट सिञ्चित हुँदै आएको छ । वडा नं.५ को लागि बल्छिया सिँचाई योजना बिनौना (२०० हेक्टर), घुमैया सिँचाई उप-आयोजना बिनौना (२०० हेक्टर), बनथुरिया खोला (२०-३० बिगाह), चौधरीया खोला (२०-३० बिगाह), चिलरिया खोला (५० बिगाह) तथा टडुवा सिँचाई (२० बिगाह) बाट सिँचाई हुँदै आएको छ । वडा नं.६ को हकमा इन्टेकबाट २५० बिगाह (वडा नं.७ समेत) सिञ्चित हुँदै आएको छ भने अन्य ठाउँमा भूमिगत जलउपयोग गरी बोरिङ र स्यालो ट्युबेलबाट सिँचाई हुँदै आएको छ । वडा नं.७ को लागि इन्टेकबाट सिँचाई सुविधा बाहेक अन्य नहर

नभएको अवस्था छ । वडा नं.७ को सबै खेतीयोग्य जमिनमा लालपुर, देउपुरा र पिपरहवा बाहेक अन्य सबै ठाउँमा सिक्टा सिँचाईको शाखा कूलोहरुबाट सिञ्चित हुने अवस्था छ । यस वडामा सिँचाईको अन्य माध्यममा बोरिङ सिँचाई प्रणाली रहेको छ । वडा नं.८ मा सिक्टा सिँचाईको शाखा कूलो बाँडफाँड गरी लिफ्ट सिँचाई गर्ने कार्यक्रम रहेको छ । वडा नं. ८ कै पेरानी र धर्मौतीमा २ वटा डिप बोरिङ गरिएको छ । वडा नं.९ को हकमा जम्मा घरधुरी मध्ये ३७८ घरधुरीले सिँचाईको लागि कूलो प्रयोग गर्दछन्, ९०२ घरधुरीले आकाशे पानीको भरमा खेती गर्दछन् भने ३९३ घरधुरीले पम्पसेट प्रयोग गर्दछन् । राप्ती सोनारी गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ को विकास कार्यक्रममा स्यालो ट्युबेल, डिप बोरिङ माध्यमलाई सिँचाईको प्राथमिकतामा राखिएको थियो । घरधुरी सर्भेक्षण-२०७५ अनुसार राप्ती सोनारी गाउँपालिकामा सिँचाई सुविधा भएका घरधुरी ४४% र सिँचाई सुविधा नभएका घरधुरी ५६% रहेको तथ्यांक रहेको छ । सिँचाईका माध्यम कूलो, नहर, बोरिङ र मौसमी सिँचाई भएता पनि वडा नं.१ मा सिँचाईको सुविधा धेरै कम भएको देखिन्छ भने वडा नं. ५, ६ र ७ मा ५०% भन्दा बढी सिँचाई सुविधा रहेको छ । नहरको सुविधा भएका यस गाउँपालिकाका वडाहरु ३, ६ र ७ हुन् भने गाउँपालिकाको उत्तरी भागका वस्तीहरुमा विभिन्न साना र ठूला खोला तथा भूमिगत पानीले सिँचाई गर्न सकिन्छ । खासगरी यस गाउँपालिका भित्रको सिँचाईको माध्यमहरु सिक्टा सिँचाई आयोजना मूल शाखा, पुरै राप्ती सोनारी शाखा र नहरका अन्य शाखाहरु, कूलो, नाला र जंगली खोलाहरु तथा राप्ती नदीको पानी हो । सिँचाई मन्त्रालयको केन्द्रीय नीतिमा तराईको सिँचाईको लागि सौर्य उर्जाको प्रयोग गरी लिफ्टिङ गर्ने र स्यालो ट्युबेल तथा डिप बोरिङबाट जमिन सिञ्चित गर्ने रहेको छ ।

सिक्टा सिँचाई आयोजनाको बाँध, वडा नं. २-३

सिक्टा सिँचाई आयोजना-निर्माणाधीन पूर्वी नहर

अवसर र चुनौती

अवसर

- सिँचाईको उपयुक्त व्यवस्थापनबाट कृषिमा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।
- सिँचाईका लागि राष्ट्रिय सिक्टा सिँचाई योजना यसै गाउँपालिका भित्र रहेको ।
- प्रसस्त कृषियोग्य जमिन विद्यमान रहेको ।
- कृषिमा आश्रित जनसंख्याको बाहुल्यता रहेको ।

चुनौती

- ठाडा खोला नालाहरुमा हिउँदमा पानी कम हुँदा वडा नं. १, २, ८ र ९ मा वर्षैभरी सिँचाई सुविधा उपलब्ध गराउने ।
- सिक्टा योजनाको पश्चिमी नहर गहिरो हुँदा स्थानीय स्तरमा सिँचाई सुविधा उपलब्ध गराउने ।
- निर्माण भइसेकका योजनाहरुको प्रभावकारी व्यवस्थापन गर्ने ।

दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य

दीर्घकालीन सोँच : भरपर्दो सिँचाई प्रणालीबाट उत्पादन र उत्पादकत्वमा वृद्धि ।

लक्ष्य : दीगो सिँचाई सेवा मार्फत कृषकहरुको आय स्तरमा वृद्धि गर्ने ।

उद्देश्य : कृषियोग्य जमिनमा सिँचाईको विस्तार गरी बाह्रै महिना सिँचाई सुविधा पुऱ्याउने तथा सिँचाई प्रणालीको व्यवस्थापनलाई सुदृढ बनाउने ।

रणनीति र कार्यनीति

रणनीति	कार्यनीति
• खेतीयोग्य जमिनमा सिँचाई सुविधाको विकास गर्दै सिँचाई प्रणालीको मर्मत सम्भार सहित दीगो व्यवस्थापन गर्ने ।	• सिँचाईको सम्भावना भएको खेतीयोग्य जमिनमा क्रमश सिँचाई सुविधा विस्तार गरिनेछ । • वैकल्पिक सिँचाई प्रणालीको सम्भाव्यता अध्ययन गरिनेछ । • उपभोक्ता समितिको दक्षता अभिवृद्धि गरी जिम्मेवार बनाइनेछ । • कृषि र सिँचाई कार्यक्रमलाई एकीकृत रुपमा सुदृढ गरिनेछ । • निर्माण सम्पन्न भई सञ्चालनमा आएका सिँचाई प्रणालीलाई नियमित मर्मत, सम्भार र दीगो व्यवस्थापनका लागि उपभोक्ता समितिलाई परिचालन गरिनेछ ।

प्रमुख कार्यक्रम

- फत्तेपुर सिंचाई नहरको बाँध निर्माण ।
- सिक्टा पश्चिमी नहरबाट लिफ्ट सिँचाई योजना कार्यान्वयन गर्ने (वडा नं.२, ८ र ९) ।
- स्यालो ट्युबेल/बोरिङबाट सिँचाई गर्ने कार्यक्रमलाई निरन्तरता दिने (वडा नं.१, २, ६, ७ र ८)।
- हाल चालु रहेका ७ वटा सिँचाई योजनालाई सुधार गर्ने ।
  - ➢ खोकरी सिँचाई योजनालाई विस्तार गर्ने (वडा नं.१) ।
  - ➢ राप्ती नदीको पानी बिद्युत उर्जाबाट लिफ्टगरी वडा नं.१ र वडा नं ४ को विभिन्न फाँटहरुमा वितरण गर्ने ।
  - ➢ खैरी खोला सिँचाई आयोजनालाई विस्तारित र व्यवस्थित गर्ने(वड नं.२) ।
  - ➢ बल्छिया सिँचाई योजना (वडा नं.५) ।
  - ➢ घूमैया सिँचाई योजना (वडा नं.५) ।
  - ➢ बनौरिया सिंचाई योजना वडा नं ५
  - ➢ छरछरुवा सिंचाई योजना वडा नं ५
- कूलो/नहरको मर्मत सम्भार ।
- वैकल्पिक सिँचाई प्रणालीको अध्ययन अनुसन्धान तथा डि.पि.आर. निर्माण ।
- सिँचाई व्यवस्थापन तालिम ।

अपेक्षित उपलब्धी

- ५ वर्ष भित्र गाउँपालिकाको ९४% खेतीयोग्य जमिनमा सिँचाई सुविधा पुगेको हुनेछ ।
- सिक्टा सिँचाई योजना सम्पन्न भई उक्त सिँचाई योजनाको पूर्वी नहरबाट राप्ती पारीका (वडा नं.३, ४, ५, ६ र ७) सिँचाई सुविधा प्राप्त भएको हुनेछ भने पश्चिमी नहर (वडा नं.२, ८ र ९) बाट लिफ्टिङ प्रणालीको विकास भई सिँचाई सुविधा प्राप्त भएको हुनेछ ।
- राप्ती नदीबाट लिफ्टिङ प्रणालीको विकास र डिप तथा स्यालो ट्युबेल प्रणालीबाट सिँचाई सुविधा प्राप्त भएको हुनेछ (वडा नं.१ र ४) ।
- वैकल्पिक सिँचाई प्रणाली (पोखरी, लिफ्टिङ) को अध्ययन अनुसन्धान र डि.पि.आर. भएको हुनेछ ।
- निर्माण सम्पन्न भएका सिँचाई कूलोहरुको मर्मत, सम्भार लगायत सम्पूर्ण व्यवस्थापनका लागि सम्बन्धित उपभोक्ता समितिहरु सशक्त रुपले परिचालन भएका हुनेछन् ।
- उपभोक्ता समिति लगायत सरोकारवालालाई आवश्यक तालिम र प्रविधिबाट प्रशिक्षित गरिएको हुनेछ ।

६.६ नदी नियन्त्रण

विद्यमान अवस्था

राप्ती नदीबाट वर्षेनी हुने नदी कटान तथा बाढीको कारणबाट यो पालिका बढी जोखिममा रहेको छ । पालिकाको उत्तर पूर्वी भाग चुरे भू-धरातलीय स्वरुप र केही भिरालो भएको कारणले पहिरोको जोखिम भएपनि मानव वस्तीहरुमा

पहिरोको जोखिम न्यून छ ।यस गाउँपालिकाको बीच भागबाट बग्ने राप्ती नदीबाट हुने कटान र डुबान यहाँको प्रमुखसमस्याको रुपमा रहेको छ भने अन्य ठाडा खोलाहरुबाट पनि वर्षेनी कटानर वस्ती डुबान हुने समस्या रहँदा यस गाउँपालिमा नदी नियन्त्रण र वस्ती संरक्षण गर्ने कार्य प्रमुख चुनौतीको रुपमा रहेको छ ।

खासगरी राप्ती नदीबाट डुबान तथा कटान हुन्छ भने खहरे खोलाहरुबाट धेरै विनास भएको देखिन्छ । राप्ती सोनारी गाउँपालिकाको वडा नं.२, ३, ४, ५, ६ र ७ को तटीय क्षेत्र बाढी र डुबानको क्षेत्र हो । गत वर्षहरुमा बैजापुरमा आधा दर्जन घर भत्काएको तथा वडा नं.४, ५, ६ र ७ का चाँचरफर्का, चिलिया, राजपुर, बुद्धचोक र लटनीयाका गाउँहरु डुबानमा परेका थिए भने तरुवा खोला, चिलरिया र मोरङ्गवा खोलामा पनि बाढी आउने गरेको छ । डुबानमा परेका समुदायहरुलाई आकस्मिक आश्रयस्थलको लागि साइपुरमा बहुउद्देश्यीय आश्रय केन्द्रको भवन निर्माण भइसकेको छ र सो भवनको उद्घाटन पनि गरिएको छ । वडा नं.२, ८ र ९ लाई समेट्ने गरी वडा नं.२ को टिकुलिपुर वा आसपासमा बाढी पिडीतको आश्रयको लागि बहुउद्देश्यीय सामुदायिक भवन निर्माण गर्नुपर्ने देखिन्छ । वडा नं.२ को कचनापुर गाउँमा नागरिक सचेतता तथा बाढीको सूचनाको लागि साइरन टावर निर्माण गरी सञ्चालनमा आएको अवस्था छ । वडा नं.७ को डुबान क्षेत्र हुने ठाउँ सर्रा, भवानीयापुर, वसन्तपुर, पहाडीपुर, गेजुवाको भर्था, खल्ला झगडिया, पिपरहवा, देउपुरा हुन् । राप्ती नदीको वडा नं.१, २, ३, को विभिन्न स्थानमा तटबन्ध निर्माण गरिएको छ । त्यस्तै सिक्टा सिँचाईको सहयोगमा ठाडो खोलाहरुमा पनि (वडा नं.२) मा तटबन्ध गरिएको छ । वडा नं.२ मा मात्र प्रत्येक वर्ष करिब २० बिगाह जमिन कटान हुँदै आएको स्थानीयहरुको भनाई रहेको छ । वडा नं.२ को कचनापुरको पूर्वी बेल्टको राप्ती नदीमा (खैरी खोला, मधुवा, बिनौना जोड्ने पुलसम्म) ADB को सहयोगमा जनताको तटबन्ध कार्यक्रम अन्तरगत ८ किलोमिटर तटबन्ध निर्माण भएको छ । बाँकी ४ किलोमिटर राजापुर गाउँसम्म त्यहि प्रकारको तटबन्ध गर्नुपर्ने देखिन्छ । त्यस्तै वडा नं.१ अन्तरगत प्रेमनगर-सिक्टा तटबन्ध गरिएको छ, बैरिया खोलामा तटबन्ध तथा भम्का वस्ती संरक्षणको लागि भम्का खोलामा तारजाली लगाइएको छ । बाढी,डुबान तथा नदी कटान समेतबाट हुने विपद्मा उद्धार तथा राहतका लागि पालिका स्तरमा र प्रत्येक वडामा विपद् व्यवस्थापन कोष स्थापना गरी रकम विनियोजन गरिएको छ । गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समितिबाट उद्धार, राहत तथा पुनर्संस्थापना सम्बन्धी कार्यमा नागरिकलाई सहायता उपलब्ध गराउने गरिएकोछ । नदी नियन्त्रण सम्बन्धी कार्यमा आवश्यक योजना सहित उल्लेख्य श्रोतको आवश्यकता पर्ने हुँदा सो को अभावमा प्रभावकारी कार्य हुन सकेको छैन । अतः नदी नियन्त्रणका लागि गाउँपालिकाले संघ तथा प्रदेश सरकारसँग समेत समन्वयात्मक भूमिका निर्वाह गरी यस सम्बन्धी कार्यहरुलाई अगाडि बढाउन आवश्यक छ ।

राप्ती नदी कटानको परिदृष्य

नदी नियन्त्रण सम्बन्धी कार्य गर्दा प्रभावित परिवारलाई प्रतिस्थापन गर्ने र रोकथामको लागि वृक्षारोपण तथा वायो इन्जिनियरिङ्ग, ग्याभियन जाली तथा मेसिनरी वाल निर्माण, तटबन्ध निर्माण जस्ता कार्यहरु गरिनु पर्दछ । यही पृष्ठभूमिमा नदी नियन्त्रण सम्बन्धी कार्यक्रमहरु तय भएका छन् । नदी नियन्त्रण कार्यको लागि निम्न ३ प्रकारका कार्यक्रमहरु सिँचाई मन्त्रालयबाट पनि सञ्चालनमा आएको देखिन्छ ।

राप्ती नदी तटबन्ध, वडा नं. ६

१. जनसहभागितामा आधारित जनताको तटबन्ध कार्यक्रम

२. जल उत्पन्न प्रकोप न्यूनीकरण सहयोग कार्यक्रम ।

३. आपतकालीन तथा बाढी पहिरो पुनर्निर्माण विशेष कार्यक्रम ।

बैजापुर, बिनौना, फत्तेपुर र कचनापुर गाउँहरु बाढीबाट बढीप्रभावित क्षेत्रहरु हुन् । बाढीको समयमा निम्न ठाउँहरुलाई तत्काल सुरक्षित स्थलको रुपमा प्रयोग गर्न सकिन्छ ।

क.सं.	गाउँ	सुरक्षित स्थान
१	फत्तेपुर	ननकौपुर, सोनपुर, मोहनपुर, भेलुनिया र जंगलको छेउ ।
२	बिनौना	मोटर बाटोको छेउ ।
३	कचनापुर	टिकलिपुर
४	फत्तेपुर वडा नं.७	पोखराथान मन्दिरको सुरक्षित क्षेत्र

अवसर र चुनौती

अवसर

- सम्भावित विपद्हरुमा जनताहरु अभ्यस्त भइसकेकोले विपद् व्यवस्थापनमा सहज हुने ।
- वातावरणमैत्री संरचना बनाई प्रकृतिलाई बचाउनु पर्छ भन्ने सोँचको विकास हुँदै गरेको ।

चुनौती

- राप्ती नदीको बहावको तीब्रता।
- बाढी नियन्त्रण संरचना निर्माणका लागि आवश्यक बजेटको व्यवस्थापन गर्ने ।
- विपद् व्यवस्थापनलाई प्राथमिकतामा नराख्ने प्रवृत्ति रहेको ।
- बिना अध्ययन नदीजन्य पदार्थको उत्खनन् र ओसार पसारलाई नियन्त्रण गर्ने ।

दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य

दीर्घकालीन सोँच : बाढीबाट सुरक्षित गाउँवस्ती, हाम्रो समृद्धि ।

लक्ष्य : बाढीको जोखिम कम गरी सुरक्षित पालिका बनाउने ।

उद्देश्य : बाढीबाट उत्पन्न विपद्को समुचित व्यवस्थापन गर्ने ।

रणनीति र कार्यनीति

उद्देश्य : बाढीबाट उत्पन्न विपद्को समुचित व्यवस्थापन गर्ने ।	
रणनीति	**कार्यनीति**
• राप्ती सोनारी गाउँपालिका भित्र बाढी न्यूनीकरणका लागि जनचेतना एवं संस्थागत क्षमताको विकास गर्ने र बाढीबाट हुने प्रकोपको रोकथाम तथा नियन्त्रणका कार्यक्रमहरु सञ्चालन गर्ने ।	• विद्यालय तहको पाठ्यपुस्तकमा प्राकृतिक विपत्ति र मानव सिर्जित विपत्ति विषय समावेश गरी सचेतना बढाइनेछ । • २ वर्षको एक पटक मनसुनी वर्षा शुरु हुनुभन्दा पहिले सबै वडा तथा विद्यालयहरुमा विपद् व्यवस्थापन दिवस मनाउने र बाढी पहिरो जस्ता विपद् न्यूनीकरण बारे जनचेतना अभिवृद्धि गर्ने । • भू-उपयोगको नीति निर्माण गरी जोखिम क्षेत्रको पहिचान गर्ने र जोखिममा रहेको वस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने योजना निर्माण गर्ने । • विपद् व्यवस्थापनसँग सम्बन्धित संस्थाहरु जस्तै जाईका, नेपाल रेडक्रस, गृह मन्त्रालय जस्ता केन्द्रीय विपद् व्यवस्थापन निकायसँग समन्वय र सहकार्य गरी नियन्त्रण, रोकथामका कार्यक्रमहरु सञ्चालन गर्ने । • विपद्को पूर्वानुमान सम्बन्धी सूचना प्रणालीको विकास गरिनेछ । • विपद् पछिको पुनर्स्थापनाको लागि संस्थागत र भौतिक पूर्वाधारको व्यवस्थापन गर्ने ।



चित्र नं.६.३ : नदी नियन्त्रण

प्रमुख कार्यक्रम

- जोखिमयुक्त स्थानको पहिचान सहित सुरक्षित स्थानको नक्सांकन/सम्भाव्यता अध्ययन तथा अमरुवा बस्ती स्थानान्तरणको अध्ययन समेत ।
- बाढी नियन्त्रणको अध्ययन डि.पि.आर. तयार गरी तटबन्ध निर्माण ।
- लालपुर र नरैनापुरको सीमानामा हुलाकी सडक रहेको पुल निर पानीको निकास नभएकोले तटबन्ध गरी सिंघैया नालामा पुऱ्याउनु पर्ने (वडा नं.७) ।
- सिंघैया नालालाई गहिरो बनाएर फरेन्दा नयाँ वस्ती र ननकपुर गाउँलाई जोगाउन २ किलोमिटर तटबन्ध गर्नुपर्ने
- सचेतनामूलक तालिम
- स्वयम सेवक तालिम/उद्धार सामाग्री खरिद
- विद्यालयको पाठ्पुस्तकमा प्राकृतिक प्रकोप सचेतता सम्बन्धी विषय समावेश गर्ने ।

अपेक्षित उपलब्धी

- सबै गाउँवासी र विद्यार्थीहरुले प्राकृतिक प्रकोप र प्रकोप व्यवस्थापनका बारेमा ज्ञान प्राप्त गरी सचेत भएका हुनेछन् ।
- विपद् व्यवस्थापनका लागि केन्द्रीय निकायका साथै विभिन्न संघ संस्थाहरुसँग सहकार्य र समन्वय भएको हुनेछ ।
- बढी जोखिमयुक्त नदी कटान मध्ये १५ वटा स्थानमा नदी नियन्त्रण भएको हुनेछ ।
- गाउँपालिका भित्रका सबै खोलाको तटबन्धको लागि अध्ययन गरी डि.पि.आर तयार भएको हुनेछ ।
- जोखिमयुक्त स्थान र सुरक्षित स्थानको पहिचान सहित सम्भाव्यता अध्ययन/नक्सांकन भएको हुनेछ ।
- विपद्को बेलामा तालिम प्राप्त स्वंय सेवकहरु परिचालित भई विपद् न्यूनीकरण भएको हुनेछ ।

तालिका नं.६.३ : भौतिक पूर्वाधारको नतिजा खाका

नतिजा श्रृंखला	सूचक तथा पुष्ट्याईका आधारहरु					पुष्ट्याईका आधारहरु	जोखिम पक्ष तथा पूर्वानूमान
	सूचक विवरण	इकाई	आधार वर्ष ०७८/७९	लक्ष्य (सम्मको अवस्था) ०८१/०८२	०८३/८४		
	सडक तथा यातायत क्षेत्र						
लक्ष्य : गुणस्तरीय सडक सञ्जालको विकासबाट आर्थिक तथा सामाजिक अवसरहरुमा पालिकावासीको पहूँच पुऱ्याउने ।	सडकमा पहूँच भएको जनसंख्या	प्रतिशत	९५	९७	१००	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • प्रगती प्रतिवेदन • गा.पा.को बुलेटीन	• केन्द्र सरकार, प्रदेश सरकार र स्थानीय निकायको सहकार्य हुनेछ र प्रत्येक वर्ष बजेट वृद्धि हुँदै जानेछ ।
असर १ : दीगो, भरपर्दो, सुरक्षित र वातावरणमैत्री सडक सञ्जालको विस्तार गर्दै आर्थिक तथा सामाजिक विकाससँग आवद्ध गर्ने ।	बाह्रै महिना यातायात सुचारु सडक	प्रतिशत	५०	८०	१००	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • प्रगती प्रतिवेदन • गा.पा.को बुलेटिन	• केन्द्र सरकार, प्रदेश सरकार र स्थानीय निकायको सहकार्य हुनेछ र प्रत्येक वर्ष बजेट वृद्धि हुँदै जानेछ ।
प्रतिफल १.१ : गाउँपालिका भित्र पर्ने रणनैतिक सडकहरुको स्तरोन्नतीका लागि केन्द्र, प्रदेशसँग समन्वय गर्दै गाउँपालिका स्तरीय अन्य महत्वपूर्ण सडकहरुको स्तरोन्नती, पक्की पुल तथा झोलुङ्गे पुल समेतको निर्माण तथा विकास गर्ने	सडक सञ्जाल योजना निर्माण	संख्या	०	१	१	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • प्रगती प्रतिवेदन	• प्रदेश सरकार, केन्द्र सरकार तथा स्थानीय निकायको समन्वय हुनेछ । राजनैतिक स्थिरता तथा हरेक वर्ष लगानी वृद्धि भएको हुनेछ ।
	नाली सहित सडक कालो पत्रे	कि.मी	२०	७०	१११		
	नयाँ कच्ची सडक निर्माण गर्ने (नयाँ निर्माण ५० कि.मी.)	कि.मी.	०	२५	५०		
	सडकको साल बसाली मर्मत सम्भार	कि.मी.	२५५.५	२५५.५	२५५.५		
	बसपार्क अध्ययन तथा निर्माण	संख्या	०	१	२		
	सुविधायुक्त प्रतिक्षालय	संख्या	०	२	४		
	पक्की पुल निर्माण	संख्या	७	९	११		
	झोलुङ्गे पुल निर्माण सम्पन्न	संख्या	७	९	९		
	सञ्चार तथा सूचना प्रविधि						
लक्ष्य : सूचना तथा सञ्चार प्रविधिलाई सबैको पहूँचमा पुऱ्याई जनजीवन सहज बनाउने ।	मोबाइल प्रयोग गर्ने घरपरिवार	प्रतिशत	९२	९५	१००	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • प्रगती प्रतिवेदन	• प्रदेश सरकार, केन्द्र सरकार तथा स्थानीय निकायको समन्वय हुनेछ • राजनैतिक स्थिरता तथा हरेक वर्ष लगानी वृद्धि भएको हुनेछ ।
	जनतामा डिजिटल साक्षरता तथा सूचना प्रवाहको अवस्था (१६-५० वर्ष उमेर समूह)	प्रतिशत	०.५	२०	५०		
असर : सूचना तथा सञ्चार प्रविधिलाई सुरक्षित, भरपर्दो र आकर्षण क्षेत्रको रुपमा विकास गर्ने ।	गाउँपालिकाका कामहरु डिजिटल रुपमा व्यवस्थापन	कार्यालय संख्या	१०	१०	१०	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • प्रगती प्रतिवेदन	• प्रदेश सरकार, केन्द्र सरकार तथा स्थानीय निकायको समन्वय हुनेछ • राजनैतिक स्थिरता तथा हरेक वर्ष लगानी वृद्धि भएको हुनेछ ।
	इन्टरनेट सेवामा पहुँच परिवार	प्रतिशत	४९.४**	७०	८५		
प्रतिफल : सूचना तथा सञ्चार प्रविधिलाई सबैको पहूँचमा पुऱ्याउने ।	ल्याण्डलाइन विस्तार/जडान	संख्या	०	१००	१००	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन	• प्रदेश सरकार, केन्द्र सरकार तथा स्थानीय निकायको
	टेलिफोन टावर स्थापना	गोटा	०	२	२		

नतिजा श्रृंखला	सूचक तथा पुष्ट्याईका आधारहरु					पुष्ट्याईका आधारहरु	जोखिम पक्ष तथा पूर्वानूमान
	सूचक विवरण	इकाई	आधार वर्ष ०७८/७९	लक्ष्य (सम्मको अवस्था) ०८१/०८२	०८३/८४		
	मोबाइल टावर	गोटा	NA	३	३	• प्रगती प्रतिवेदन	समन्वय हुनेछ • राजनैतिक स्थिरता तथा हरेक वर्ष लगानी वृद्धि भएको हुनेछ ।
	दक्षता अभिवृद्धि तालिम	संख्या	०	७५	१२५		
	विद्युत तथा उर्जा विकास						
लक्ष्य : जलविद्युत र नविकरणीय उर्जा उत्पादन र प्रयोग क्षमतामा अभिवृद्धि गरी आर्थिक विकासमा टेवा पुऱ्याउने	विद्युत सेवा उपलब्ध घरधुरी	प्रतिशत	९०	९७	१००	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • प्रगती प्रतिवेदन	• प्रदेश सरकार, केन्द्र सरकार तथा स्थानीय तहको समन्वय तथा आवश्यक कानून तर्जुमा हुनेछन् । • सरोकारवालाहरुको प्रतिबद्धता तथा सहयोगमा वृद्धि हुनेछ ।
असर : सबै जनताको पहूँचमा विद्युत सेवा पुऱ्याई नविकरणीय उर्जा समेतबाट प्रकाश, उर्जा र विभिन्न आर्थिक गतिविधिहरु सञ्चालन गरी उत्पादन तथा रोजगारी वृद्धि गर्ने ।	दाउरा प्रयोग गर्ने घरपरिवार संख्या	प्रतिशत	९१.३	७०	५०	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • प्रगती प्रतिवेदन	• प्रदेश सरकार, केन्द्र सरकार तथा स्थानीय तहको समन्वय तथा आवश्यक कानून तर्जुमा हुनेछन् । • सरोकारवालाहरुको प्रतिबद्धता तथा सहयोगमा वृद्धि हुनेछ ।
प्रतिफल : गुणस्तरीय विद्युत सेवाको विस्तार र नविकरणीय उर्जाको व्यवस्थापन गर्ने	विद्युत उर्जाको खपतका लागि विद्युत चुल्हो अनुदान	परिवार संख्या	०	१००	३५०	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • प्रगती प्रतिवेदन	• प्रदेश सरकार, केन्द्र सरकार तथा स्थानीय तहको समन्वय तथा आवश्यक कानून तर्जुमा हुनेछन् । • सरोकारवालाहरुको प्रतिबद्धता तथा सहयोगमा वृद्धि हुनेछ ।
	विद्युत जडान तथा मर्मत तालिम	जना	०	४०	७०		
	भवन तथा वस्ती विकास						
लक्ष्य : सुरक्षित, सुविधायुक्त, कम खर्चिलो, वातावरणमैत्री, प्रविधियुक्त भवन आवास निर्माण तथा वस्ती विकास गर्ने ।	सुरक्षित वस्तीमा वसोवास गर्ने घरपरिवार	प्रतिशत	NA	५०	९०	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • प्रगती प्रतिवेदन	• स्थानीय सरकारबाट नीति र कानून तर्जुमा हुनेछन् । • स्थानीय सरोकारवालाको प्रतिबद्धता, समन्वय र सहकार्य एवं साझेदारीमा वृद्धि हुनेछ । • हरेक वर्ष बजेटमा वृद्धि हुँदै जानेछ ।
असर : जोखिमयुक्त र छरिएर रहेका वस्तीहरुलाई स्थानान्तरण गरी एकीकृत वस्ती विकासको योजना तयार गर्ने ।	व्यवस्थित नमूना शहर	गोटा	०	०	१	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • प्रगती प्रतिवेदन	• स्थानीय सरकारबाट नीति र कानून तर्जुमा हुनेछन् । • स्थानीय सरोकारवालाको प्रतिबद्धता, समन्वय र सहकार्य एवं साझेदारीमा वृद्धि हुनेछ ।
	एकीकृत वस्ती विकासको सम्भाव्यता अध्ययन	संख्या	०	८	८		

नतिजा श्रृंखला	सूचक तथा पुष्ट्याईका आधारहरु					पुष्ट्याईका आधारहरु	जोखिम पक्ष तथा पूर्वानूमान
	सूचक विवरण	इकाई	आधार वर्ष ०७८/७९	लक्ष्य (सम्मको अवस्था) ०८१/०८२	०८३/८४		
							• हरेक वर्ष बजेटमा वृद्धि हुँदै जानेछ ।
प्रतिफल : भवन मापदण्ड तयार गरी सुलभ सुरक्षित भवन/आवास निर्माण गर्ने र सुविधायुक्त प्रर्वर्द्धित बजार क्षेत्रका साथै एकीकृत वस्तीको योजना बनाई कार्यान्वयन गर्ने ।	भवन मापदण्ड/संहिता निर्माण	संख्या	०	१	१	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • प्रगती प्रतिवेदन	• स्थानीय सरकारबाट नीति र कानून तर्जुमा हुनेछन् । • स्थानीय सरोकारवालाको प्रतिबद्धता, समन्वय र सहकार्य एवं साझेदारीमा वृद्धि हुनेछ । • हरेक वर्ष बजेटमा वृद्धि हुँदै जानेछ ।
	१५ शैयाको हस्पिटल निर्माण	संख्या	०	१	१		
	कक्षा कोठा निर्माण	संख्या	NA	१००	२००		
	स्वास्थ्य चौकी निर्माण	संख्या	८	९	९		
	गाउँपालिकाको प्रशासकीय भवन निर्माण	संख्या	०	१	१		
	बहुउद्देशीय सामुदायिक भवन (आश्रय स्थल) निर्माण	संख्या	१	२	३		
	अतिथि सत्कार भवन निर्माण	संख्या	०	१	१		
	शीत भण्डार निर्माण	संख्या	०	१	१		
	प्रहरी चौकी निर्माण	संख्या	४	६	६		
	डकर्मी, सिकर्मी दक्षता अभिवृद्धि तालिम	संख्या	NA	५०	१००		
	सिँचाई विकास						
लक्ष्य : दीगो सिँचाई सेवा मार्फत कृषकहरुको आय स्तरमा वृद्धि गर्ने ।	बाह्रै महिना सिँचाई हुने क्षेत्र	प्रतिशत	४४	७०	९४	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • प्रगती प्रतिवेदन	• संघीय प्रणाली अनुसार संघ, प्रदेश स्थानीय सरकारबाट नीति र कानून तर्जुमा हुनेछन् । • स्थानीय सरोकारवाला र उपभोक्ता समितिहरुको प्रतिबद्धता, समन्वय र सहकार्य एवं सक्रीयतामा वृद्धि हुनेछ • हरेका वर्ष बजेटमा वृद्धि हुँदै जानेछ
असर : कृषियोग्य जमिनमा सिँचाईको विस्तार गरी बाह्रै महिना सिँचाई सुविधा पुऱ्याउने तथा सिँचाई प्रणालीको व्यवस्थापनलाई सुदृढ बनाउने ।	सिँचाई प्रणालीव्यवस्थापन सुदृढीकरण	संख्या	२	७	९	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • प्रगती प्रतिवेदन	• संघीय प्रणाली अनुसार संघ, प्रदेश स्थानीय सरकारबाट नीति र कानून तर्जुमा हुनेछन् । • स्थानीय सरोकारवाला र उपभोक्ता समितिहरुको प्रतिबद्धता, समन्वय र सहकार्य एवं सक्रीयतामा वृद्धि हुनेछ • हरेका वर्ष बजेटमा वृद्धि हुँदै
प्रतिफल : खेतीयोग्य जमिनमा सिँचाई सुविधाको विकास गर्दै सिँचाई प्रणालीको मर्मत सम्भार सहित दीगो व्यवस्थापन गर्ने ।	सिँचाई योजना निर्माण	संख्या	४	७	११	• गाउँ वस्तुगत विवरण • सर्वेक्षण प्रतिवेदन • प्रगती प्रतिवेदन	• संघीय प्रणाली अनुसार संघ, प्रदेश स्थानीय सरकारबाट नीति र कानून तर्जुमा हुनेछन् । • स्थानीय सरोकारवाला र
	कूलो/नहरको मर्मत सम्भार	प्रतिशत	१०	७०	९५		
	वैकल्पिक सिँचाई प्राणालीको अध्ययन, अनुसन्धान तथा डि.पि.आर. निर्माण ।	संख्या	०	१	१		

नतिजा श्रृंखला	सूचक तथा पुष्ट्याईका आधारहरु					पुष्ट्याईका आधारहरु	जोखिम पक्ष तथा पूर्वानूमान
	सूचक विवरण	इकाई	आधार वर्ष ०७८/७९	लक्ष्य (सम्मको अवस्था) ०८१/०८२	०८३/८४		
	सिँचाई व्यवस्थापन तालिम	पटक	०	३	५		उपभोक्ता समितिहरुको प्रतिबद्धता, समन्वय र सहकार्य एवं सक्रीयतामा वृद्धि हुनेछ ● हरेका वर्ष बजेटमा वृद्धि हुँदै जानेछ
	नदी नियन्त्रण तथा पहिरो नियन्त्रण						
लक्ष्य : बाढीको जोखिम कम गरी सुरक्षित पालिका बनाउने ।	जनचेतना अभिवृद्धि	प्रतिशत	NA	५०	९०		● केन्द्र तथा प्रदेश सरकार र स्थानीय सुरक्षा निकायसँग समन्वय र सहकार्य हुनेछ । ● स्थानीय सरकारबाट नीति र कानून तर्जुमा हुनेछन् ● स्थानीय सरोकारवाला र उपभोक्ता समितिहरुको प्रतिबद्धता, समन्वय र सहकार्य एवं सक्रीयतामा वृद्धि हुनेछ ● हरेका वर्ष बजेटमा वृद्धि हुँदै जानेछ
असर : बाढीबाट उत्पन्न विपद्को समुचित व्यवस्थापन गर्ने ।	नदी कटानबाट संरक्षित क्षेत्र	लम्बाई कि.मी.	१०	२०	३०		
प्रतिफल : राप्ती सोनरी गाउँपालिका भित्र बाढी न्यूनीकरणका लागि जनचेतना एवं संस्थागत क्षमताको विकास गर्ने र बाढी पहिरो रोकथाम तथा नियन्त्रणका कार्यक्रमहरु सञ्चालन गर्ने ।	अनुसूचीमा रहेका १५ स्थानको बाढी नियन्त्रणको लागि अध्ययन तथा तटबन्ध निर्माण	कि.मी.	१०	२०	३०	● गाउँ वस्तुगत विवरण ● सर्वेक्षण प्रतिवेदन ● प्रगती प्रतिवेदन	
	जोखिमयुक्त स्थान र सुरक्षित स्थानको पहिचान र नक्सांकन	पटक	०	१	१		
	सचेतता तालिम	पटक	०	३	३		
	स्वयम सेवक तालिम प्राप्त जनशक्ति	संख्या	NA	५०	५०		
	प्राकृतिक प्रकोप सम्बन्धी स्थानीय पाठ्यक्रम तर्जुमा र कार्यान्वयन	प्रतिशत	०	१००	१००		

परिच्छेद-७
वन, वातावरण संरक्षण एवं विपद् व्यवस्थापन

७.१ वन विकास तथा वातावरण संरक्षण

७.१.१ वन विकास

विद्यमान अवस्था

वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता र जलाधार व्यवस्थापनलाई समेट्ने वन क्षेत्र हाम्रो महत्वपूर्ण प्राकृतिक सम्पदा हो । पर्या-पर्यटन, जलविद्युत, कृषि, पशुपालन, स्वच्छ वातावरण र जडिबुटीमा आधारित उद्योगसँग वन क्षेत्र सम्बन्धित छ । काठ, दाउरा, जडिबुटी, हरित उद्यम तथा पर्या-पर्यटन समृद्धिको आधार भएकोले यस्तो महत्वपूर्ण प्राकृतिक श्रोत व्यवस्थापनमा स्थानीय समुदायको सहभागिता, पहूँच र न्यायोचित वितरण आजका आवश्यकता हुन् ।

पन्ध्रौ योजनाले **वन क्षेत्रको दीगो व्यवस्थापन र उद्यमशीलताबाट समृद्धि र सुखमा योगदान** भन्ने सोँच सहित वन क्षेत्रको दीगो र सहभागितामूलक व्यवस्थापनबाट वातावरणीय सन्तुलन र दीगो विकास कायम राख्ने लक्ष्य किटान गरेको छ ।

त्यसैगरी **रोजगारी र आय आर्जन हुने गरी वनको दीगो व्यवस्थापन** भन्ने सोँच र वनपैदावारहरुको समुचित प्रयोगबाट रोजगारी र आय आर्जनमा वृद्धि गर्ने लक्ष्य प्रदेशको प्रथम आवधिक योजनाले लिएको छ ।

वन अत्यन्त महत्वपूर्ण प्राकृतिक श्रोत हो । आजसम्म पनि वनबाट उपलब्ध उर्जाले सम्पूर्ण खपत उर्जाको ७५% स्थान ओगटेको छ । कृषि, पशुपालन, सिँचाई र कैयन वनमा आधारित उद्योगहरुका लागि वनको विकास, संरक्षण र प्रवर्द्धन अपरिहार्य छ । वनको विकासमा उचित व्यवस्थापन गर्न सके पर्या-पर्यटनमा टेवा पुगी आय आर्जन गर्न सकिन्छ ।

नेपालको सन्दर्भमा सरकारी तथ्यांक बमोजिम वि.सं.२०२१ सालसमम कूल जमिनको ४५.६% भू-भाग जंगल क्षेत्रले ओगटेको थियो (राष्ट्रिय योजना आयोग, सन् २०११) । यो प्रतिशत घटेर हाल बुट्यान, नाङ्गाडाँडाँ, चरन, पर्ति र नदी उकास समेत गरी ४०% को हाराहारीमा झरेको छ । विश्वव्यापी रुपमा जंगल क्षेत्र घट्दै गएकोले वातावरण प्रदुषण, जलवायु परिवर्तन भै समग्र जनजीवन प्रभावित हुँदै गएको छ । नेपालले पनि वन विकास र यसको संरक्षण र प्रवर्द्धनका लागि सन् २०१५ लाई आधार वर्ष मानेर सन् २०३० सम्म ३% जंगल क्षेत्र वृद्धि गर्ने प्रतिबद्धता गर्दै संयुक्त राष्ट्र संघ सामु हस्ताक्षर गरेको छ । वन क्षेत्रको उचित व्यवस्थापन र वितरण सम्बन्धी नीतिगत/कानूनी समस्याले गर्दा हाल नेपालमा मलेसिया, इन्डोनेसिया, वर्मा, भियतनाम, न्यूजीलैंड, डेनमार्क, अफ्रिका र अष्ट्रेलियाबाट अरबौंका काठहरु आयात भइरहेकोले राष्ट्रको धन विदेशिएको अवस्था छ ।

राप्ती सोनारी गाउँपालिकाको पूर्व देखि पश्चिमसम्मको उत्तरी क्षेत्रदेशकै गौरबको रुपमा रहेको बाँके राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रले ढाकिएको छ । यी ठूला वन क्षेत्रहरुका अतिरिक्त अन्य ठूला साना सामुदायिक वनहरु पनि यस पालिकामा रहेका छन् । पालिकाको कूल भू-भागको ७९.७९% जमिन घना वन क्षेत्रले ओगटेको छ । गाउँपालिकाका ९ वटा वडाहरुमा ७४ वटा सामुदायिक वन उपभोक्ता समितिहरु गठन भै क्रियाशीलरहेका छन् । त्यसैगरी यस पालिकाको ५.८७% झाडी तथा घासे मैदान क्षेत्रको रुपमा रहेको छ।वन संरक्षण र प्रवर्द्धनका लागि नेपाल पक्षबाट गरिएका सम्झौता, नेपालले संयुक्त राष्ट्र संघ समक्ष गरेको प्रतिबद्धता र वन तथा वनजन्य सम्पदाहरुबाट आय आर्जन गरी समृद्धि ल्याउन पनि राप्ती सोनारी गाउँपालिकाले वन क्षेत्रको विस्तार,विकास, संरक्षण र सम्वर्द्धन गर्न जरुरी छ । प्राकृतिक सौन्दर्यताले भरिपूर्ण र राप्ती सोनारी गाउँपालिकाको गहनाको रुपमा रहेको बाँके राष्ट्रिय निकुञ्ज नेपाल सरकार मातहत रहेको छ । यस निकुञ्जको संरक्षण तथा प्रवर्द्धनमा स्थानीय पालिकाको पनि महत्वपूर्ण योगदान रहने हुँदा नेपाल सरकारबाट आवश्यक कार्यक्रमहरु तय गरी गा.पा.सँग समन्वयात्मक रुपमा कार्यान्वयन गर्नुपर्ने देखिएको छ ।

अवसर र चुनौती

अवसर

- वन जंगलको विस्तार र संरक्षण गरी जडिबुटीको संकलन, प्रशोधन र बजारीकरण गर्न सकेमा समृद्धिमा मद्दत पुग्ने ।

- यस पालिकामा हाल विद्यमान सामुदायिक वन उपभोक्ता समितिको संख्या ७४ रहेको र वन क्षेत्रविस्तार गरी सामुदायिकीकरण गरिएमा स्थानीय जन समुदायको आय स्तरमा वृद्धि हुने ।
- खाली जग्गा नाङ्गा डाँडाँहरुमा जडिबुटी खेती तथा वृक्षारोपण गरी लाभ लिन सकिने र वातावरणमा सकारात्मक प्रभाव पर्ने ।
- यस पालिकाको पूर्व उत्तर देखि पश्चिम उत्तर तर्फको सम्पूर्ण भागमा राष्ट्रिय निकुञ्ज रहेको हुँदा यसबाट वातावरणमा सकारात्मक प्रभाव पर्नुका साथै अन्य विविध लाभ लिन सकिने अवस्था रहेको ।
- यस पालिकाको ५.८७% झाडी तथा घासे मैदान क्षेत्र भएकोले उक्त भू-भागमा वृक्षारोपण गरी १५ औं योजनाले राखेको परिणाममुखी लक्ष्य बमोजिम प्रति हेक्टर ४५० रुखहरु हुर्काउन सकिने ।
- वनजंगलको विस्तार र संरक्षण गरी जडिबुटीको प्रशोधन र बजारीकरण गर्न सकेमा समृद्धि हासिल हुनसक्ने ।
- वन्यजन्यमा आधारित उद्योगहरु सञ्चालन गरी रोजगारी र आय आर्जन गर्न सकिने ।

चुनौतीहरु

- वन्यजन्य उत्पादनको चोरी निकासी र वन्यजन्तुको अवैध शिकार नियन्त्रण गर्ने ।
- वन्यजन्तु र मानव बीचको सम्बन्धमा दरार उत्पन्न भई वर्षेनी हुने मानवीय क्षतीलाई नियन्त्रण गर्ने ।
- वर्षेनी लाग्ने डढेलो तथा आगलागी नियन्त्रण गर्ने ।
- महत्वपूर्ण जडिबुटीको पहिचान गरी संरक्षण गर्ने ।
- नजिकै अन्तर्राष्ट्रिय खुला सीमाना रहेको कारणले महत्वपूर्ण जडिबुटी, काठ, वन्यजन्तु समेतको चोरी निकासीलाई नियन्त्रण गर्ने ।
- सामुदायिक वनहरु बीच बेलाबखत देखिने आन्तरिक विवाद र समुदाय एवं राष्ट्रिय निकुञ्ज बीच देखिने विवादको निराकरण गर्ने ।
- वर्षेनी लाग्ने डढेलो तथा आगलागी नियन्त्रण गर्ने ।
- अनियन्त्रित डोजरको प्रयोगबाट वन संरक्षणमा परेको चापलाई व्यवस्थापन गर्ने ।
- वन र वातावरण सम्बन्धी व्यापक चेतनाको विकास गर्ने ।

दीर्घकालीन सोँच :- हरियो वन राप्ती सोनारीको दीगो धन
लक्ष्य :- वन क्षेत्रको संरक्षण र प्रवर्द्धन गरीआय आर्जनको दीगो श्रोत बनाउने ।
उद्देश्य :- वन क्षेत्रलाई आय आर्जनको दीगो श्रोतको रुपमा विकास गर्ने ।

रणनीति र कार्यनीति

उद्देश्य : वन क्षेत्रलाई आय आर्जनको दीगो श्रोतको रुपमा विकास गर्ने ।	
रणनीति	**कार्यनीति**
• वनको विकास र संरक्षण गरी वनमा आधारित उद्योग मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गरी रोजगारी सिर्जना गर्ने ।	• टिकाउ र हरियाली प्रवर्द्धन गर्ने विरुवा रोप्न नाङ्गाडाँडाहरु र खाली चउर निजी क्षेत्रलाई लीजमा दिन आवश्यक कानून बनाइनेछ । • वनजन्य उपादन र उत्पादकत्व वृद्धि गरी वन पैदावारमा आधारित उद्योगहरु खोल्ने, रोजगारी सिर्जना गर्ने र आय आर्जनमा टेवा पुऱ्याइनेछ । • सामुदायिक वन उपभोक्ता समूहलाई सक्रीय बनाइने छ । • वनजन्य Timberर Non-timber काठहरुकोअवैध कारोवार नियन्त्रण गरिनेछ । • नाङ्गा डाँडाँ, खाली चउर र नदी कटान तथा भू-क्षय हुने क्षेत्रमा व्यापक रुपमा वृक्षारोपण गर्न स्थानीय समुदायलाई परिचालन गरिनेछ ।

प्रमुख कार्यक्रम

- नदी कटान तथा भू-क्षय नियन्त्रणको लागि वृक्षारोपण कार्यक्रम (वायो इन्जिनियरिङ्ग) (वडा नं.१,२,४,५,६,७)
- नर्सरी निर्माण कार्यक्रम (५ ठाउँमा)
- वन विस्तार र संरक्षण सम्बन्धी कार्यविधि तर्जुमा ।
- पानीको मुहान सुकाउने बिरुवाहरूको क्रमागत प्रतिस्थापन कार्यक्रम ।

- सामुदायिक वन उपभोक्ता समितिलाई क्षमता विकास कार्यक्रम
- डढेलो नियन्त्रण तथा जनचेतना कार्यक्रम
- निजी जग्गामा वृक्षारोपण गर्ने व्यक्ति तथा समूहलाई प्रोत्साहन कार्यक्रम
- निकुञ्ज संरक्षित वन क्षेत्रको प्रबर्द्धनका लागि समन्वय र सहकार्य गरी सह-आयोजना संचालन कार्यक्रम
- नाँगा डाँडाँ, खाली चउर र बुट्यान क्षेत्रमा वृक्षारोपण कार्यक्रम
- पालिका भित्र उपलब्ध हुने महत्वपूर्ण जडिबुटीहरुको अध्ययन, अनुसन्धान र अभिलेखांकन कार्यक्रम ।

अपेक्षित उपलब्धी

- काठजन्य वस्तु र वन्यजन्यमा आधारित उद्योगबाट उत्पादन र उत्पादकत्वमा वृद्धि भई आय आर्जन हुनेछ ।
- वनको दीगो व्यवस्थापन र जडिबुटी जस्ता वन्यजन्य उत्पादनबाट रोजगारी सिर्जना भई गरिबी न्यूनीकरण हुनेछ ।
- हरियाली क्षेत्रको विस्तार भई पर्यावरणीय सन्तुलन र पर्या-पर्यटनलाई टेवा पुगेको हुनेछ ।

७.१.२ वातावरण संरक्षण

विद्यमान अवस्था

प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक संविधानमा व्यवस्थित रहेको छ । वातावरण संरक्षण गर्ने कार्य तीनै तहका सरकारको जिम्मेवारी भित्र पर्ने भएकोले यसको उचित व्यवस्थापन पनि प्राथमिकताका साथ गरिनु पर्दछ । ध्वनी, जल, जमिन र वायुसँग सम्बन्धित प्रदुषण रोकथाम र नियन्त्रणका लागि मापदण्ड निर्धारण भई कार्यान्वयनमा आएको अवस्था छ । वातावरण संरक्षणमा जनचेतना अभिवृद्धि, फोहरमैला व्यवस्थापन, हरियाली प्रवर्द्धन गर्ने कार्यका लागि विशेष योजना सहित व्यापक जनपरिचालनको आवश्यकता हुन्छ । वातावरण व्यवस्थापन बहु-आयामिक विषय भएकोले यसमा विभिन्न क्षेत्रको सहयोग र सहकार्य जरुरी हुन्छ । पन्ध्रौ योजनाले **सफा, स्वच्छ र हरित वातावरण** भन्ने सोँच र प्रदुषण नियन्त्रण, फोहरमैला व्यवस्थापन र हरियाली प्रवर्द्धन गरी नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकारको सुनिश्चितता गर्ने लक्ष्य किटान गरेको छ ।

त्यसैगरी भू-स्खलन नियन्त्रण र भू-संरक्षण कायम गर्दै वातावरणीय सन्तुलन कायम गर्ने प्रमुख उद्देश्य सहित हरियाली प्रवर्द्धन गर्ने, नदी तटको उचित व्यवस्थापन गर्ने, नाङ्गाडाँडाहरुमा वृक्षारोपण गर्ने, डढेलो नियन्त्रणका लागि अग्नी रेखा निर्माण गर्ने, चरन क्षेत्रको संरक्षण गर्ने जस्ता कार्यनीतिहरु लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनामा निर्दिष्ट गरिएका छन् ।

पृथ्वीमा पाइने हावा, पानी, मौसम र पर्यावरण एक अर्कामा अन्तर सम्बन्धित छन् । मानवजातीले आफु जिउने क्रममा प्रयोग गरेका वस्तुहरु र प्राकृतिक श्रोतहरुबाट पैदा हुने फोहरमैलाले प्रदुषण बढाई वातावरणलाई प्रभाव पार्दछ । विश्वमा बढ्दो प्रतिस्पर्धा र व्यापार विस्तारका कारणले कारखानाबाट पैदा हुने कार्वन, धुलो, रसायन, धुँवा आदिले वातावरण असन्तुलन बनाएको छ । विगत तीन दशक देखि यता विश्वका सबै देशहरुको ध्यान भूमण्डलीय वातावरणको संरक्षण तर्फ गएकोले नेपाल लगायत थुप्रै देशहरुले संयुक्त राष्ट्र संघ सामु वातावरण संरक्षणका लागि प्रतिबद्धता गर्दै अन्तर्राष्ट्रिय सम्झौतामा हस्ताक्षर गरेका छन् । दीगो विकास लक्ष्य नं.६ ले सबै नागरिकलाई सफा र स्वच्छ पिउने पानी उपलब्ध गराउने र लक्ष्य नं.१५ ले वनको दीगो व्यवस्थापन गर्ने, मरुभूमिकरणको विरुद्ध संघर्ष गर्ने र जैविक विविधतामा हानी हुन नदिने विषयहरुलाई प्राथमिकीकरण गरेको छ ।

वातावरण संरक्षणको मूल आधार वन विकास हो । पानीको श्रोत वन हो । वनको संरक्षण गर्न नसक्दा भू-स्खलन हुने, पानीको मूलहरु सुक्ने, जैविक विविधतामा ह्रास हुने गर्दछ । प्रदुषित वायुमा नाइट्रोजन अक्साइड, सल्फरडाई अक्साइड, हाइड्रोजनफ्लोराइड र अन्य गह्रौं खनिज तत्वहरु रहेका हुन्छन् । यी तत्वहरुले प्राणी र वनस्पतीहरु माथि नकारात्मक प्रभाव पारेका हुन्छन् । तर वनका वृक्षहरुले यी तत्वहरुमा हुने रसायनलाई शुद्धिकरण गरी अक्सिजन दिइरहेका हुन्छन् । वृक्षहरुले नै ग्रीन हाउस ग्यासको प्रभाव घटाई जमिनको तहमा हुने ओजोन तहलाई न्यूनीकरण गर्दछन् ।

वातावरण संरक्षण र फोहरमैला व्यवस्थापन अन्योन्याश्रित छन् । फोहरमैलाको उचित व्यवस्थापनबाट प्रदुषण नियन्त्रण गर्न सकिन्छ । सड्ने र नसड्ने फोहरलाई श्रोतमै वर्गीकरण गरी सड्ने फोहरलाई प्राङ्गारिक मलको रुपमा कृषि कार्यमा पुनःप्रयोग गर्न सकिन्छ भने नसड्ने फोहरलाई पुनचक्रीय विधिबाट पुनर्प्रयोग गर्न सकिन्छ । फोहरमैलाको उचित व्यवस्थापनका लागि जनचेतना अभिवृद्धिका साथै व्यापक रुपमा जनपरिचालन गर्न अपरिहार्य छ । स्वच्छ, स्वस्थ वातावरणमा बाँच्न पाउने नागरिकको हकलाई प्रत्याभूत गर्न साझा प्रतिबद्धता, मानव वस्तीबाट निस्कने फोहरको

उचित व्यवस्थापन, प्लाष्टिकजन्य फोहरको नियन्त्रण र व्यवस्थापन, प्रदुषण गर्नेबाट उचित दायित्व बहन जस्ता पक्षहरुमा ध्यान जान जरुरी छ ।

सफा स्वच्छ वातावरण भन्ने सोँच र फोहरमैला व्यवस्थापन गरी नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गर्ने भन्ने लक्ष्य पन्ध्रौ योजनाले लिएको छ ।

स्वच्छ, सफा वातावरण कायम गरी जनताको जीवन स्वस्थ बनाई सक्रिय, क्रियाशील र सिर्जनशील नागरिक तयार गर्न ग्रामीण क्षेत्र, साना बजार क्षेत्र र शहर उन्मुख क्षेत्रहरुमा पनि फोहरमैला व्यवस्थापन गर्न जरुरी छ । सङ्क्रामक महामारी हुन नदिन ठोस तथा तरल फोहरलाई व्यवस्थापन गर्नुपर्ने हुन्छ । यसको उचित व्यवस्थापन र पुनचक्रीय विधिबाट विकसित देशहरुले मल, उर्जा र नयाँ वस्तुहरु बनाई प्रशस्त आय आर्जन गरे जस्तै पालिकाले पनि यस तर्फ विशेष ध्यान पुऱ्याउनु पर्दछ ।

वातावरण संरक्षण र फोहरमैला व्यवस्थापन अन्योन्याश्रित छन् । फोहरमैलाको उचित व्यवस्थापनबाट प्रदुषण नियन्त्रण गर्न सकिन्छ । सड्ने र नसड्ने फोहरलाई श्रोतमै वर्गीकरण गरी सड्ने फोहरलाई प्राङ्गारिक मलको रुपमा कृषि कार्यमा पुनःप्रयोग गर्न सकिन्छ भने नसड्ने फोहरलाई पुनचक्रीय विधिबाट पुनर्प्रयोग गर्न सकिन्छ । फोहरमैलाको उचित व्यवस्थापनका लागि जनचेतना अभिवृद्धिका साथै व्यापक रुपमा जनपरिचालन गर्न अपरिहार्य छ । स्वच्छ, स्वस्थ वातावरणमा बाँच्न पाउने नागरिकको हकलाई प्रत्याभूत गर्न साझा प्रतिबद्धता, मानव वस्तीबाट निस्कने फोहरको उचित व्यवस्थापन, प्लाष्टिकजन्य फोहरको नियन्त्रण र व्यवस्थापन, प्रदुषण गर्नेबाट उचित दायित्व बहन जस्ता पक्षहरुमा ध्यान जान जरुरी छ ।

सफा स्वच्छ वातावरण भन्ने सोँच र फोहरमैला व्यवस्थापन गरी नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गर्ने भन्ने लक्ष्य पन्ध्रौ योजनाले लिएको छ ।

स्वच्छ, सफा वातावरण कायम गरी जनताको जीवन स्वस्थ बनाई सक्रिय, क्रियाशील र सिर्जनशील नागरिक तयार गर्न ग्रामीण क्षेत्र, साना बजार क्षेत्र र शहर उन्मुख क्षेत्रहरुमा पनि फोहरमैला व्यवस्थापन गर्न जरुरी छ । सङ्क्रामक महामारी हुन नदिन ठोस तथा तरल फोहरलाई व्यवस्थापन गर्नुपर्ने हुन्छ । यसको उचित व्यवस्थापन र पुनचक्रीय विधिबाट विकसित देशहरुले मल, उर्जा र नयाँ वस्तुहरु बनाई प्रशस्त आय आर्जन गरे जस्तै पालिकाले पनि यस तर्फ विशेष ध्यान पुऱ्याउनु पर्दछ ।

राप्ती सोनारी गाउँपालिकाको ९.३२% जमिन कृषि र आवादी क्षेत्रले ढाकेको छ भने बाँकी क्षेत्रमा वन, घाँसे मैदान, पोखरी, खोला नालाहरु छन् । यस पालिकाको कूल जनसंख्या ६७२९४ छ । चप्परगौरी, गाभर, कुसुम, सिक्टा, अगैया, गोबरपुर, कचनापुर, बेलासपुर, भवानीयापुर, नारायणपुर, नवलपुर, उज्यालो बजार, बैजापुर, बिनौना, मोहनपुर, शान्तिपुर, बसन्तपुर, पिप्रहवा, सिसमघारी, बालापुर, ओभरी, ढकेरी, महादेवा, खैरानी जस्ता घनावस्ती भएका क्षेत्रहरु यस पालिकामा पर्दछन् । गाउँपालिकामा रहेका ७४ वटा सामुदायिक वनहरु यी वस्तीहरुको नजिक छन् र समुदाय स्तरबाटै यी वनहरुको संरक्षण गरिएको अवस्था एकातर्फ छ भने अर्को तर्फ राष्ट्रिय गौरबकै रुपमा रहेको बाँके राष्ट्रिय निकुञ्जका अधिकांश भाग यस पालिकामा पर्ने हुँदा यसबाट वातावरण संरक्षणमा राम्रो प्रभाव परेको छ । तर मुख्य वस्ती तथा बजारहरुको बीचबाट आवात जावत गर्ने कच्ची बाटाहरु र निर्माणाधीन पूर्व पश्चिम हुलाकी लोकमार्गबाट समेत निस्कने धुलो धुवाँले वायु प्रदुषण भै वातावरणमा केही असर परेको देखिन्छ ।

राप्ती सोनारी गाउँपालिकाको अधिकांश भागमा ग्रामीण पातलो वस्ती भएको हुनाले फोहरमैलाको प्रदुषणबाट वर्तमान अवस्थामा ठूलो चुनौती त छैन, तैपनि घनावस्ती र स-साना बजार क्षेत्रमा फोहरमैलाको उचित व्यवस्थापन तथा ढल निकासको व्यवस्थित विकास गर्न सकिएको छैन । विभिन्न बजार क्षेत्र, पार्क तथा मनोरञ्जन क्षेत्र, विभिन्न मठ-मन्दिर तथा साँस्कृतिक स्थलहरुमा फ्याकिने सीशाका बोतलहरु तथा फुटेका टुक्राहरु र अन्य थुप्रै प्लाष्टिकजन्य वस्तुहरुको व्यवस्थापन गर्न र नियमन गर्न सकिएकोछैन । मेला लाग्ने स्थलहरु र मानिसको भेला हुने अन्य सार्वजनिक स्थानमा सार्वजनिक शौचालयहरु पनि व्यवस्थापन गर्न सकिएको छैन। बजार केन्द्रहरुको विस्तार र विभिन्न आर्थिक गतिविधिहरुको विस्तारबाट उत्सर्जन हुने फोहरमैलाको उचित व्यवस्थापन गरी गाउँपालिकालाई फोहरमुक्त बनाउने सन्दर्भमा आवश्यक पर्ने लैण्डफिल्ड साइट तोकी व्यवस्थापन हुन आवश्यक छ । स्वस्थ, स्वच्छ वातावरण बनाई सभ्य, सुसंस्कृत राप्ती सोनारीका जनताको परिचय दिन पनि वातावरण संरक्षण र फोहरमैलाको उचित व्यवस्थापन गरिनु पर्दछ ।

अवसर तथा चुनौती

अवसर

- पालिकाको उत्तर पूर्व देखि पश्चिम उत्तरको अधिकांश भू-भाग राष्ट्रिय निकुञ्ज क्षेत्रले ढाकिएको र ७४ वटा सामुदायिक वन क्षेत्रबाट समेत हरियाली प्रवर्द्धन गरी वातावरण संरक्षणमा सघाउ पुगेको ।
- राप्ती नदीको दुबै किनार (वडा नं.१-९ सम्म) मा जनपरिचालनबाट व्यापक वृक्षारोपण गरी नदी कटान नियन्त्रण गर्ने ।
- सबै सामुदायिक वन उपभोक्ता समितिहरु वन वातावरण संरक्षणमा परिचालित भइरहेको ।
- वन जंगल क्षेत्रमा डढेलो नियन्त्रण गर्ने संयन्त्र निर्माण गरी व्यवस्थापन गर्ने ।
- चरन क्षेत्र छुट्टाएका ठाउँहरु, नाङ्गा डाँडाहरु र हरेक मोटर बाटोको छेउँमा वृक्षारोपण गर्दा प्रदुषण कम भै स्वच्छ वातावरण कायम राख्न सकिने ।
- आयोजना सञ्चालन गर्नुपूर्व वातावरणीय प्रभावको मूल्यांकन गरी त्यसको प्रतिवेदन कार्यान्वयनबाट वातावरण सन्तुलनको दीगो व्यवस्थापन हुने ।
- सड्ने खालका फोहरबाट अर्गानिक मल उत्पादन गरी कृषि क्षेत्रमा उत्पादकत्व बढाउन सकिने ।
- मानव वस्तीबाट टाढाको अनुत्पादक स्थानमा फोहरको अन्तिम विसर्जन स्थल (Landfill Site) बनाउन सकिने ।

चुनौती

- डोजर प्रयोग गरी अव्यवस्थित बाटो निर्माण गर्ने कार्यलाई व्यवस्थित गर्ने ।
- वातावरण संरक्षणमा चेतना स्तर बृद्धि गर्ने ।
- प्लाष्टिकजन्य पदार्थको अत्याधिक प्रयोगलाई नियन्त्रण र व्यवस्थापन गर्ने ।
- सार्वजनिक स्थलमा निर्माण हुने शौचालयको उचित व्यवस्थापन गर्ने ।
- फोहरमैला व्यवस्थापनमा व्यापक जनचेतनाको विकास गर्ने ।

दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य

दीर्घकालीन सोँच :- राप्ती सोनारीको सान; स्वच्छ, सफार हरित वातावरण मार्फत दीगो विकासको अभियान

लक्ष्य :- पालिकावासीको स्वच्छ, स्वास्थ र सुरक्षित वातावरणमा बाँच्न पाउने अधिकारको सुनिश्चितता गर्ने ।

उद्देश्य :- वातावरण संरक्षण र विकास व्यवस्थापनलाई आन्तरिकीकरण गर्ने

रणनीति र कार्यनीति

उद्देश्य : वातावरण संरक्षण र विकास व्यवस्थापनलाई आन्तरिकीकरण गर्ने	
रणनीति	**कार्यनीति**
• वातावरण संरक्षण मापदण्ड बमोजिम प्रदुषण न्यूनीकरण गरी स्वस्थ नागरिक मार्फत आर्थिक र सामाजिक क्षेत्रमा सकारात्मक परिणाम प्राप्त गर्ने ।	• भू-उपयोग नीति/योजना तर्जुमा गरी सो अनुसार भूमिको उपयोग गरिनेछ । • वातावरण नीति र वन तथा वातावरण सम्बन्धी आवश्यक कानून तर्जुमा गर्ने । • नाङ्गाडाँडा, चउर, मोटर बाटोको छेउ, नदी-कटान र बुट्यान क्षेत्रमा आकर्षक विरुवाहरु रोपी हरियाली प्रवर्द्धन कायम गर्ने । • **एक घर एक विरुवा कार्यक्रम** लाई प्रभावकारी रुपमा कार्यान्वयन गरीहरियाली प्रवर्द्धन र स्वच्छ वातावरण कायम गर्ने । • नदी, सडक र अन्य खुला क्षेत्रमा प्रदुषित वातावरणलाई शुद्धिकरण गर्ने नीति बनाई कार्यान्वयन गर्ने । • भू-स्खलन र प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने । • डोजर व्यवस्थापनका लागि कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने । • वस्ती तथा बजारबाट उत्सर्जन हुने प्लाष्टिकजन्य फोहरहरुको व्यवस्थापन गर्ने । • वातावरण संरक्षण र फोहरमैला व्यवस्थापनमा जनचेतना

	सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।
• फोहरमैला व्यवस्थापन नीति निर्माण गरी दीगो रुपमा फोहरमैलाको व्यवस्थापनबाट स्वच्छ, सफा वातावरण निर्माण गर्ने ।	• फोहरमैला व्यवस्थापन नीति निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ • फोहरमैलाको दीगो व्यवस्थापनको लागि योजना निर्माण गरी कार्यान्वयन गरिनेछ । • फोहरमैला व्यवस्थापन समितिको गठन गरी क्रियाशील बनाइनेछ • हरेक टोल विकास संस्थाहरुलाई फोहरमैला व्यवस्थापनमा परिचालन गरिनेछ । • उपयुक्त स्थानमा ल्याण्ड फिल्ड साइटको अध्ययन र डि.पि.आर. तयार गरिनेछ । • फोहरमैला व्यवस्थापनका लागि आवश्यक उपकरणको व्यवस्थापन गरिनेछ । • फोहरमैला व्यवस्थापन समिति र जनसहभागीताको व्यापक परिचालन गरी स्वच्छ सफा वातावरण कायम गरिनेछ । • विभिन्न जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

प्रमुख कार्यक्रम

- भू-उपयोग नीति/योजना तर्जुमा कार्यक्रमा ।
- हरियाली प्रवर्द्धन तथा पार्क निर्माण कार्यक्रम (सबै वडाहरुमा) ।
- प्लास्टिकजन्य वस्तुहरूको प्रयोग न्यूनीकरण गर्ने तथा प्लाष्टिकजन्य फोहरमुक्त क्षेत्र घोषणा कार्यक्रम ।
- विषादी एवं रासायनिक पदार्थ प्रयोगमा न्यूनीकरण कार्यक्रम ।
- वातावरण संरक्षण नीति तथा कार्यविधि निर्माण ।
- डोजर संचालन तथा व्यवस्थापन कार्यविधि तर्जुमा ।
- नदीजन्य पदार्थको उत्खनन र प्रयोग सम्बन्धी कार्यको लागि नीति तथा कार्यविधि निर्माण ।
- प्रत्येक मोटर बाटोको छेउँमा वृक्षारोपण गरी हरियाली पथ निर्माण कार्यक्रम ।
- डढेलो नियन्त्रणका लागि जनशक्ति निर्माण कार्यक्रम ।
- आगजनी र वायु प्रदुषणले वातावरणमा पार्ने प्रभाव रोक्न सचेतना कार्यक्रम ।
- सार्वजनिक स्थान तथा नदी किनारामा वृक्षारोपण कार्यक्रम ।
- फोहरमैला व्यवस्थापन योजना तथा नीति निर्माण ।
- फोहरमैला व्यवस्थापन सचेतना कार्यक्रम ।
- फोहरमैला व्यवस्थापन संकलन केन्द्रहरु तोक्ने र उपकरण खरिद कार्यक्रम ।
- ल्याण्ड फिल्ड साइट अध्ययन-डि.पि.आर. ।
- साँस्कृतिक तथा धार्मिक केन्द्र, बजार केन्द्र तथा बस स्टेशन (बस बिसौनी, जीपपार्क) मा सार्वजनिक शौचालय निर्माण कार्यक्रम ।
- प्रत्येक घर घरमा एक घर एक टोकरी कार्यक्रम ।
- निरन्तर सरसफाई अभियान कार्यक्रम ।

अपेक्षित उपलब्धी

- वन विस्तार तथा संरक्षण र प्रवर्द्धन भएको हुनेछ ।
- भू-स्खलन नियन्त्रण, वृक्षारोपण, हरियाली पथ निर्माण र वातावरणीय प्रभाव मूल्यांकनको कार्यान्वयनबाट स्वच्छ, सफा र प्रदुषण रहित वातावरण कायम भएको हुनेछ ।
- प्लाष्टिकजन्य पदार्थको प्रयोग तथा यत्रतत्र फ्याँक्ने प्रवृत्तिमा उल्लेख्य रुपमा कमी आएको हुनेछ ।
- योजना कार्यान्वयन पश्चात गाउँपालिका फोहरमैलामुक्त गाउँपालिका भएको हुनेछ ।
- फोहरमैलाको अन्तिम विसर्जन स्थल (Landfill Site) को अध्ययन भएको हुनेछ ।

७.२ जैविक विविधता

विद्यमान अवस्था

जैविक विविधताको दृष्टिले हाम्रो देश सम्पन्न छ । यहाँको पारिस्थितिकीय प्रणाली विभिन्न प्रकारका वन, वनस्पति वर्ग, वनस्पति प्रजाती र प्राणी प्रजातीले समग्र eco-system गतिशील छ । विभिन्न संरक्षित क्षेत्र, अन्तर्राष्ट्रिय महत्वका सीमसार क्षेत्र, सामुदायिक वन क्षेत्र र निजी खेतवारीमा रहेका लाखौ वन तथा कृषि वनबाट जैविक विविधताको संरक्षण भैरहेको छ ।

पन्ध्रौ योजनाले जैविक विविधताको दीगो र सहभागितामूलक व्यवस्थापनबाट वातावरणीय सन्तुलन तथा पर्या-पर्यटनको विकास गरी अर्थतन्त्रमा यस क्षेत्रको योगदानको वृद्धि गर्ने लक्ष्य राखेको छ ।

लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाले जैविक विविधताको दीगो व्यवस्थापन गरी पर्या-पर्यटन प्रवर्द्धन गर्ने र जैविक प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने कार्यनीति लिएको देखिन्छ ।

राप्ती सोनारीगाउँपालिका समुन्द्र सतहबाट १२३६ मीटरको उचाइसम्म रहेको र क्षेत्रफलको हिसाबमा १०४१.८२ वर्ग किलोमिटर क्षेत्रफल भित्र फैलिएको कारणबाट हावापानी, वनस्पती, वन्यजन्तु तथा चराचुरुङ्गीहरुमा विविधता रहेको छ । समशीतोष्ण हावापानी भएको राप्ती सोनारी गाउँपालिकामा वार्षिक औषत वर्षा १३१७ मि.लि.र वार्षिक औषत तापक्रम २५ डिग्री सेल्सीयस रहन्छ ।यस पालिकाको बीच भागबाट बाह्रै महिना अबिरल रुपमा बहने राप्ती नदीले उष्णयाममा पनि स्थानीयवासीलाई केही शीतलता प्रदान गर्दछ । राप्ती र बबई नदी बिचको चुरे पहाड, नदी तटीय स-सना उपत्यकाहरु र भावर तथा तराईको समथर भू-बनोटमा फैलिएको र यस पालिकाको अधिकांश भाग ओगटेको बाँके राष्ट्रिय निकुञ्ज जैविक विविधताको दृष्टिले अत्यन्त महत्वपूर्ण छ । यस निकुञ्जमा आठवटा पारिस्थितिकीय प्रणाली, १२४ वनस्पति प्रजाति, ३०० भन्दा बढी प्रजातिका पन्छी, ५८ प्रजातिका माछा, ३२ प्रजातिका स्तनधारी, २२ प्रजातिका सरीसृप तथा छ प्रजातिका उभयचरहरु पाइन्छन् । सालक, हुँडार, चौका, जङ्गली हात्ती र पाटेबाघ जस्ता संरक्षित स्तनधारी वन्यजन्तु, कालो गरुड र राजधनेशजस्ता पन्छी र अजिङ्गर, सुनगोहोरो जस्ता संरक्षित घस्रने वन्यजन्तु यस निकुञ्जमा रहेका छन् । जिकुञ्जमा बाघ र हात्ती सहित चित्तल, जरायो, लगुना, बँदेल, नीलगाई, चितुवा, भालु लगायतका जनावर छन् । यस क्षेत्रमा ११ प्रजातिका दुर्लभ तथा सङ्कटापन्न स्तनधारी र ५० प्रजातिका अन्तर्राष्ट्रिय स्तरमै दुर्लभ मानिएका पन्छी अभिलेख गरिएका छन् । बर्दिया राष्ट्रिय निकुञ्जसँग पनि जोडिएको हुँदा ठूला वन्यजन्तुका लागि यो महत्वपूर्ण वासस्थान पनि हो । जंगल क्षेत्रको ९० प्रतिशत भाग साल, कर्मा, खयर र सिसौ जातका रुखहरुले भरिएको छ । वातारण संरक्षणमा एक महत्वपूर्ण कोसेढुङ्गा मानिएको बाँके राष्ट्रिय निकुञ्जको अद्वितीय र अनुपम जैविक विविधता संरक्षण गर्ने मूल उद्देश्य रहेको छ ।राष्ट्रिय निकुञ्ज तथा आसपासका अन्य सामुदायिक क्षेत्रमा पनि विभिन्न प्रजातीका वन्यजन्तु र चराहरु पाइन्छन् ।

वासस्थान, खानेकुराको अभाव, वन अतिक्रमण तथा मानवीय चाँप र वन्यजन्तुको आफ्नै अस्वस्थ समस्या जस्ता कारणले मानव तथा वन्यजन्तु बीचको सम्बन्ध अनुकूल हुन नसक्दा वर्षेनी वन्यजन्तुबाट मानिस माथि आक्रमण गरी घाइते तथा मृत्यु हुने, बाली नालीको उल्लेख्य नोक्सानी गर्ने र स्वयम वन्यजन्तुहरु पनि असुरक्षित भई उल्लेख्य रुपमा मारिने जस्ता घटनाहरुबाट यो पालिका निकै पीडित अवस्थामा छ । यो समस्याको दीगो समाधानका लागि केन्द्र तथा प्रदेश सरकारसँग समन्वय गरी आवश्यक नीति र कार्यक्रमका साथ अघि बढ्न जरुरी देखिन्छ ।

वनस्पति प्रजाती संरक्षणमा ढकेरी वनस्पति उद्यान

यस पालिकाको वडा नं.९ ढकेरीमा संघीय सरकार मातहत वनस्पति उद्यान सञ्चालनमा रहेको छ । ५ हेक्टर क्षेत्रफलमा फैलिएको यस उद्यानमा करिब ४०० प्रजातिका वनस्पति रहेका छन् । यी मध्ये १२१ प्रजातिका झार वनस्पति, बुट्यान प्रजातिका ८३, रुख प्रजातिका ५६ र २९ प्रजातिका लहराहरु संरक्षण गरिएको छ । उद्यानमा दुर्लभ, लोपोन्मुख तथा रैथाने वनस्पति प्रजातिको संकलन तथा संरक्षण गर्ने, स्वदेशी शोभनीय फूल विरुवाहरुको अध्ययन तथा अनुसन्धान गर्ने, फूल विरुवाहरु रोपण तथा उत्पादन गरी वनस्पति उद्यानलाई आकर्षक र मनमोहक

बनाउने प्रयास गरिएको छ । जैविक विविधताको संरक्षण गर्ने उद्देश्यबाट स्थापित यो उद्यान भित्र श्रीखण्ड बगैचा, वानास्पतिक पारिवारिक बगैचा, शैक्षिक बाटीका, जडिबुटी नर्सरी, क्याक्टस् हाउस आदि रहेका छन् । यो उद्यान विद्यार्थी,वन-वैज्ञानिक एवं अनुसन्धानकर्तालाई अध्ययन केन्द्रको रुपमा रहनुको साथै जैविक विविधता र पर्या-पर्यटकीय दृष्टीले समेत अति नै महत्वपूर्ण रहेको छ ।

पालिका क्षेत्रमा थुप्रै महत्वपूर्ण औषधीजन्य जडिबुटीहरु र वनमा आधारि त उद्योगहरुलाई चाहिने थुप्रै कच्चा पदार्थहरु पनि उपलब्ध छन् ।जैविक विविधताले भरीपूर्ण भएको गाउँपालिकालाई सहभागीतामूलक व्यवस्थापनबाट वातावरणीय सन्तुलन र दीगो विकासमा ध्यान दिई वनजन्य उद्यम तथा पर्या-पर्यटनमा विकास गर्न जरुरी छ । त्यसैगरी जैविक विविधताको समुचित संरक्षण, व्यवस्थापन रसदुपयोग गरी वातावरणीय सन्तुलन कायम गर्न पनि त्यतिकै जरुरी छ ।

यस पालिकामा जैविक विविधताका मुख्य श्रोतहरु निम्नानुसार छन् :

- बाँके राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र (विभिन्न प्रजातीका वन वनस्पति, चराचुरुङ्गी तथा जीवजन्तुहरु)
- विभिन्न ७४ वटा सामुदायिक वन (विभिन्न प्रजातीका वन वनस्पति, चराचुरुङ्गी तथा जीवजन्तुहरु)
- राष्ट्रिय वनस्पति उद्यान तथा अनुसन्धान केन्द्र (विभिन्न प्रजातीका जडिबुटी तथा विरुवाहरु) ।
- राप्ती नदी (विभिन्न प्रजातीका माछा, सरिसृप तथा उभयचर प्राणीहरु) ।
- तीन वर्ग किलोमिटरमा फैलिएको र सीमसार क्षेत्रको रुपमा रहेको खर्चे तालमा अजिंगर, गोही र माछाको वासस्थान छ ।
- सिक्टा सिँचाई बाँधमा गोही लगायतका जलचर प्राणी तथा जीवजन्तुहरु छन् ।
- अन्य तालहरु (कुण्डा ताल, पोखरा ताल आदिमा विभिन्न प्रजातीका माछा तथा जीवजन्तुहरु छन्) ।

अवसर

- जलवायु तथा जैविक विविधताले भरिपूर्ण यस पालिकामा वन्यजन्तु, चराचुरुङ्गी,वन वनस्पति एवं औषधीजन्य जडिबुटीको संरक्षण र प्रवर्द्धन गर्न सकेमा पालिकावासीहरुको जीवनस्तरमा सुधार आउने ।
- पर्या-पर्यटनको माध्यमबाट आय-आर्जन गर्न सकिने ।
- जैविक विविधताको संरक्षण एवं प्रवर्द्धनबाट रोजगारी सिर्जनाका साथै वातावरण सन्तुलन कायम गर्न सकिने ।

चुनौती

- जल तथा जलाधार क्षेत्रको योजनाबद्ध संरक्षण र प्रवर्द्धन गर्ने ।
- वन्यजन्तु र चराचुरुङ्गीहरुको अबैध चोरी शिकारी नियन्त्रण गर्ने ।
- मानव र वन्यजन्तु बीच पारस्परिक सह-अस्तित्वको सम्बन्ध कायम गर्ने ।
- वन्यजन्तुबाट हुने मानवीय क्षति र बालीनालीको नोक्सानी नियन्त्रण गर्ने ।
- वन्यजन्तुहरु उपर मानवीय पक्षबाट हुने हानी नोक्सानी नियन्त्रण गर्ने ।
- वनजन्य वनस्पती र जडिबुटीहरुहरुको अवैध चोरी नियन्त्रण गर्ने ।

दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य

दीर्घकालीन सोँच :- वातावरण सन्तुलनका लागि जैविक विविधताको संरक्षण र प्रवर्द्धन ।

लक्ष्य :-जैविक विविधितायुक्त सम्पदाको संरक्षण र प्रवर्द्धन गर्दै वातावरणीय सन्तुलन कायम गर्ने ।

उद्देश्य :- जैविक विविधताको संरक्षण गर्दै उत्पादन र उत्पादकत्व बढाई समन्यायिक वितरण गर्ने ।

रणनीति र कार्यनीति

उद्देश्य : जैविक विविधताको संरक्षण गर्दै उत्पादन र उत्पादकत्व बढाई समन्यायिक वितरण गर्ने ।	
रणनीति	**कार्यनीति**
• वनस्पति, वृक्ष, जडिबुटी, लोपोन्मुख र अन्य प्रजातीका चरा तथा जनावरको सुरक्षित आश्रय स्थल बनाउने र संरक्षण गर्ने ।	• जैविक विविधता झल्काउने वनस्पती उद्यानको निर्माण गर्ने । • पर्या-पर्यटन मार्फत आय आर्जन गरी जनताको जीवनस्तर उकास्ने • संरक्षित क्षेत्र तथा विभिन्न सामुदायिक वनहरुमा पोखरीहरु

	निर्माण गरी पशुपंक्षीमैत्री तथा हरियाली सहितको वन प्रवर्द्धन गर्ने ● जैविक विविधताको संरक्षण गर्न जनचेतना अभिवृद्धि गर्ने । ● जैविक विविधताको उपयोग गरी सहभागितामूलक पद्धतिबाट पर्या-पर्यटनको विकास गर्ने । ● जैविक विविधताको संरक्षण गर्न कानून र कार्यविधि बनाई कार्यान्वयन गर्ने ।
● विद्यमान मानव तथा वन्यजन्तु बीचको असहज सम्बन्धमागम्भिर भई पारस्परिक सह-अस्तित्वको रुपमा पुनर्स्थापित गर्न प्रयत्नशील रहने ।	● वन क्षेत्रका आसपासमा माछापालन, मौरीपानल, फलफूल लगायतका वैकल्पिक कृषि खेतीलाई जोड दिने । ● घरपालुवा जनावरहरुलाई सुरक्षित खोरको व्यवस्थापन गर्ने । ● राष्ट्रिय निकुञ्ज मार्फत कार्यान्वयनमा ल्याइएको मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन कार्यविधि-२०७१, मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन कोष सञ्चालन कार्यविधि-२०७३ लाई पूर्ण कार्यान्वयनमा ल्याइनेछ ● हिंसक वन्य-जन्तुबाट बच्ने उपाय, राहत कोष परिचालन लगायतका विषयहरुमा व्यापक जनचेतनाका कार्यक्रमहरु सञ्चालन गर्ने । ● निकुञ्जसँग समन्वय गरी मानव-वन्यजन्तु द्वन्द्व भएका स्थानहरुमा पूर्वसूचना प्रणाली जडान गर्न सहयोग गर्ने । ● क्षति न्यूनिकरण गर्न निर्माण भएका पूर्वाधारहरुको संरक्षण गर्ने । ● कृषिबाली, मानव र घरपालुवा जनावरहरुको बीमाको लागि प्रोत्साहन गर्ने । ● लोकमार्गहरुमा गुड्ने गाडीको निश्चित गतिका लागि राडारयुक्त संयन्त्र जडान गरी गति तथा हर्न नियन्त्रण गर्ने । ● राष्ट्रिय निकुञ्ज तथा संररिक्षत वन क्षेत्रको सीमानामा काडे तारवार लगाई स्थानीय समुदायको बालीनाली संरक्षण र जंगली जीवन्तुको सुरक्षा प्रदान गर्न संघीय सरकार तथा प्रदेश सरकारसँग समन्वयात्मक पहल गर्ने ।

प्रमुख कार्यक्रमहरु

- जैविक विविधता झल्काउने वनस्पति उद्यान निर्माण कार्यक्रम (वडा नं.५) ।
- विद्यमान पोखरीहरुको संरक्षण कार्यक्रम
- विद्यमान जडिबुटी तथा वन्यजन्तु एवं पंक्षी प्रजातीको अध्ययन अनुसन्धान तथा अभिलेखीकरण कार्यक्रम ।
- जडिबुटी पहिचान तथा संरक्षण कार्यक्रम ।
- वन्यजन्तु तथा पंक्षी संरक्षण कार्यक्रम ।
- वन उपभोक्ता समितिलाई जैविक विविधता संरक्षण र प्रवर्द्धन गर्न जनचेतना/अभिमुखीकरण कार्यक्रम ।
- जैविक विविधता संरक्षण र प्रवर्द्धनका लागि कानून, कार्यविधि निर्माण ।
- पर्या-पर्यटनको पूर्वाधार तयार गर्न पर्यटन योजना निर्माण कार्यक्रम ।
- खर्चे ताल संरक्षण कार्यक्रम ।
- कम्दी करिडोर जोड्ने जैविक मार्गमा सामुदायमा आधारित कृषि वन सम्भाव्यता अध्ययन कार्यक्रम ।

अपेक्षित उपलब्धी

- विद्यमान वन्यजन्तु, चराचुरुङ्गी, रुख,वनस्पती तथा औषधीजन्य जडिबुटीहरु लोप हुन नदिई तिनीहरुको संरक्षण र प्रवर्द्धन भएको हुनेछ ।

- जैविक विविधताको प्रवर्द्धन हुने गरी विभिन्न वनस्पती उद्यानहरुको निर्माण भएको हुनेछ ।
- जैविक विविधताको उपयोग गरी पर्या-पर्यटनको पूर्वाधार निर्माण भएको हुनेछ ।
- मानव-वन्यजन्तु बीचको असहज सम्बन्ध पारस्पारिक सह-अस्तित्वको आधारमा पुनर्स्थापित भएको हुनेछ ।

७.३ पार्क तथा खुल्ला क्षेत्र

विद्यमान अवस्था

पोखरी, चौतारी, खुला चउर, पार्क तथा पिकनीक स्थल बालबालिका, युवा तथा जेष्ठ नागरिकका लागि खाली समय व्यतित गर्ने, मनोरञ्जन गर्ने सामाजिक मिलन केन्द्रहरु हुन् । पार्क तथा यस्ता खुला क्षेत्रहरु आकर्षक बनाउन सके वातावरण सन्तुलनमा सघाउ पुग्नुका साथै पर्यटकहरुको मनोरञ्जन (Recrcational) गर्ने स्थल भई उनीहरुको यस तर्फ आकर्षण हुन सक्दछ । यसको अतिरिक्त प्राकृतिक प्रकोपको बेला यस्ता क्षेत्रहरु तत्कालका लागि मानवीय आश्रय स्थलको रुपमा प्रयोगमा ल्याइने हुँदा योजनामा यस्ता क्षेत्रको महत्व हुनु स्वभाविकै हो ।

बैसा पिकनिक पार्क, वडा नं. ३

राप्ती सोनारी गाउँपालिकाको वडा नं.९ स्थित ढकेरीमाराष्ट्रिय वनस्पति उद्यान तथा अनुसन्धान केन्द्र रहेको छ । यस उद्यानका अतिरिक्त वडा नं.३ को बैसानामा थारु संग्रहालय तथा पिकनिक पार्क, वडा नं.६ मा शहीद स्मृती पार्क, वडा नं.८ को शम्शेरगञ्जमा पर्यटकीय पार्क, वडा नं.९ को ढकेरीमा रिम्ना पिकनिक पार्क लगायतका पार्कहरु निर्माण भई सञ्चालनमा रहेका छन् ।गाउँपालिकाको कूल भू-भागको ५.८७% घासे मैदान तथा बुट्यान क्षेत्र मध्ये उक्त क्षेत्रको २०% क्षेत्रमा पोखरी, चौतारी, पार्क र पिकनिक स्थलहरु निर्माण गर्दा बालबालिका, युवा, प्रौढहरु र पर्यटकहरुका लागि यस्ता स्थानहरु मनोरञ्जनका केन्द्र हुन सक्दछन् । यसका साथै यस्ता पार्कहरु प्रकोपको बेला मानवीय क्षति हुनबाट बचाउने आश्रय स्थल हुनुका साथै वातावरण सन्तुलनमा समेत कामयावी हुन सक्दछन् ।

अवसर

- खाली चौर र खुल्ला भू-भाग उल्लेख्य हुँदा यस्ता खुला क्षेत्र व्यवस्थित गरी बालबालिका, युवा तथा ज्येष्ठ नागरिकका लागि मनोरञ्जन केन्द्र बनाउन सकिने ।
- वातावरण सन्तुलनका लागि सहयोगी हुने ।
- प्राकृतिक प्रकोप को बेला आश्रय स्थल बनाई मानवीय क्षति कम गर्न सकिने ।
- मनोरञ्जन स्थल भै पर्यटक समेत आकर्षित हुने ।

चुनौती

- सार्वजनिक जमिनहरुको अतिक्रमण रोक्ने ।
- व्यवस्थित पार्कहरु निर्माणका लागि आवश्यक साधन श्रोतको व्यवस्थापन गर्ने ।

दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य

दीर्घकालीन सोँच :- स्वच्छ वातावरण, आकर्षक पार्क; विपद् व्यवस्थापन तथा पर्यटनको पूर्वाधार ।

लक्ष्य :-सुन्दर पार्क तथा खुला मैदानको व्यवस्थापनबाट स्वस्थ तथा स्वच्छ वातावरण कायम गर्ने ।

उद्देश्य :-राप्ती सोनारीलाई स्वच्छ वातावरण र मनोरम केन्द्रको रुपमा विकास गर्ने ।

रणनीति र कार्यनीति

उद्देश्य : राप्ती सोनारीलाई स्वच्छ वातावरण र मनोरम केन्द्रको रुपमा विकास गर्ने ।	
रणनीति	**कार्यनीति**
• पार्क तथा खुला क्षेत्रको निर्माण तथा व्यवस्थापन गरी प्रत्येक वस्तीलाई मनोरम बनाउने र आपत्कालीन अवस्थामा आश्रय केन्द्रको रुपमा स्थापित गर्ने ।	• प्रत्येक वार्डमा कम्तिमा एक वडा एक पार्क निर्माणको नीति लिइनेछ । • उपयुक्त पिकनिक स्थलहरुको छनौट गरी निर्माण तथा व्यवस्थापन गरिनेछ । • सुन्दर पार्क र पिकनिक स्थलहरुमा फोहर तथा प्रदुषण हुन नदिन युवा क्लब तथा आमा समूहहरु परिचालन गरिनेछ । • प्राकृतिक प्रकोपको बेला मानवीय क्षति कम गराउन र तत्काल उद्धारको लागि खुला चउर व्यवस्थित गरी उपयोगमा ल्याइने छ । • खुला क्षेत्रको संरक्षण गर्न जग्गा संरक्षण नीति/कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ । • पुराना चौतारीहरुको संरक्षण गर्दै नयाँ चौतारी निर्माण गरी सीतल छहारी दिने वर, पिपल र स्वामी जस्ता वृक्षहरु रोपण गर्न सामुदायिक संघ संस्थाहरु परिचालन गरिनेछ ।

प्रमुख कार्यक्रम

- सतिभवानी मन्दिर परिसरमा पार्क निर्माण कार्यक्रम (वडा नं.१) ।
- बाँके शहीद स्मृती पार्क स्तरोन्नती कार्यक्रम (वडा नं.६) ।
- अमुवा खोला झरनाको दृष्य देखिने पिकनिक स्थल निर्माण कार्यक्रम (वडा नं.६) ।
- पोखरा माता मन्दिर परिसर भित्र पार्क निर्माण कार्यक्रम (वडा नं.७) ।
- पर्यटकीय पार्क स्तरोन्नती कार्यक्रम (वडा नं.८, शम्शेरगञ्ज)
- हात्तीसार पार्क निर्माण कार्यक्रम (वडा नं.९) ।
- बैसा पार्कमा पिकनिक स्थल सेड र अन्य पूर्वाधार निर्माण कार्यक्रम ।
- वडा नं.१ मा पिकनिक स्थल सेड र अन्य पूर्वाधार निर्माण कार्यक्रम ।
- बालमैत्री बाल-उद्यान निर्माण (वडा नं.४ मा) ।
- पार्क निर्माण कार्यक्रम (वडा नम्बर १-९ सम्म) ।
- वनस्पति उद्यान निर्माण कार्यक्रम (वडा नम्बर ५ मा) ।

अपेक्षित उपलब्धी

- राप्ती सोनारीको प्रत्येक वडामा पार्कहरु निर्माण भएको हुने ।
- पुराना सुस्ताउने चौतारीहरुको संरक्षण र केही नयाँ चौतारीहरु निर्माण भएको हुने ।
- खुला क्षेत्रहरुको खोजी र संरक्षण भएको हुने ।
- मनोरञ्जनको लागि पिकनिक स्थलहरु निर्माण भई प्रयोगमा आएको हुने ।
- वातावरण सन्तुलनमा सकारात्मक प्रभाव परेको हुनेछ ।

७.४ सीमसार तथा जलाधार क्षेत्र

विद्यमान अवस्था

जैविक विविधता कायम गर्न र वातावरण सन्तुलित बनाउन सीमसार तथा जलाधर क्षेत्रको संरक्षण गर्नुपर्दछ । पानीका मूल सुक्न नदिने गरी वृक्षहरुको संरक्षण र व्यवस्थापन गर्ने, उक्त क्षेत्रको नजिक सडक निर्माण गर्दा भू-कम्पन नहुने साधनहरु प्रयोग गर्ने, पानीका श्रोतहरुको Recharge हुने गरी विकास निर्माणका कामहरु गर्ने, पानीको दीगो

व्यवस्थापन हुने गरी पोखरी र तालहरुको निर्माण गर्ने, वर्षातको पानी संकलन हुने गरी पोखरी र तालतलैया निर्माण गर्ने जस्ता कार्यहरु सीमसार तथा जलाधार क्षेत्रको संरक्षण गर्ने विधिहरु हुन् । सीमसार र जलाधार क्षेत्रको संरक्षण गर्दा जलवायु स्थीरता, कृषि उपजमा वृद्धि, प्राणी र वनस्पतीलाई आवश्यक पर्ने पानी प्रयाप्त भै वातावरण सन्तुलन कायम हुन्छ ।

हाम्रो देशमा सीमसार संरक्षण, नदी किनार संरक्षण, क्षतिग्रस्त भूमिको पुनर्स्थापन, पानीको मुहान संरक्षण जस्ता कार्यहरु मार्फत जलाधार व्यवस्थापनमा टेवा पुगिरहेको अवस्था छ । यस क्षेत्रको संरक्षण र प्रवर्द्धनबाट वातावरण सन्तुलनका साथै पर्या-पर्यटनमा समेत टेवा पुग्दछ । पन्ध्रौ योजनाले जलाधारको दीगो र सहभागिमूलक व्यवस्थापनबाट वातावरणीय सन्तुलन र दीगो विकास कायम राख्ने लक्ष्य लिएको छ । प्रदेशको प्रथम आवधिक योजनाले जलाधार क्षेत्रको समुचित संरक्षण, व्यवस्थापन र सदुपयोगबाट वातावरणीय सन्तुलन कायम गर्ने लक्ष्य लिएको छ भने जलाधार क्षेत्र तथा सीमसार क्षेत्रको संरक्षण र प्रयोगलाई प्राथमिकतामा राख्ने कार्यनीति लिएको छ ।

राप्ती सोनारी गाउँपालिका समशीतोष्ण हावापानी क्षेत्रमा पर्दछ । चुरे तथा भावरमा समशीतोष्ण प्रजातिका रुख विरुवाहरु भएको कारणले यस क्षेत्रमा उल्लेख्य पानीका श्रोत तथा मूलहरु छैनन् । त्यसैले चुर भावर जलाधार क्षेत्रबाट उत्तर दक्षिण तिर बग्ने खोलाहरु बर्खायाममा मात्र पानीले भरिन्छन् र सुख्खायाममा प्रायशः सुख्खा नै रहन्छन् । पालिकाको बीच भागबाट बग्ने राप्ती नदी प्यूठान जिल्लाको झिमरुक र माडी जस्ता ठूला खोलाहरुको संगमबाट दक्षिण पश्चिम बहदै आएकोछ । यसको जलाधार क्षेत्रमा नदीका दुबै तर्फका भिराला धरातल तथा चुरे एवं होचा पहाडहरु पर्दछन् । यस गाउँपालिकाका अधिकांश मानिस तथा घरपालुवा जनावरहरुलाई भूमिगत पानीको श्रोत (ट्युबेल) बाट पिउने पानीको व्यवस्थापन गरिएको छ भने सिँचाई सुविधा तर्फ बोरिङ तथा स्यालो ट्युबेल अधिकतम रुपमा प्रयोग हुनका साथै हाल राप्ती सतह सिँचाई तथा लिफ्टीङ प्रणालीबाट समेत सिँचाई सुविधा उपलब्ध भइरहेकोछ । यस पालिकामा विभिन्न सीमसार क्षेत्रहरु समेत रहेका छन् तरयस्ता महत्वपूर्ण जलाधार तथा सीमसार क्षेत्रहरुको उचित संरक्षण गरी पानीको उचित व्यवस्थापन र जैविक विविधताको संरक्षण गर्न सकिएको अवस्था छैन । यस पालिकामा निम्नानुसारका सीमसार तथा जलाधार क्षेत्रहरु छन् ।

सीमसार क्षेत्र

- खर्चे ताल सीमसार क्षेत्र, वडा नं.१
- कचनापुर गुरुवा खोला सीमसार, वडा नं २
- बिनौना, चाचरफर्का सीमसार, वडा नम्बर ५
- सर्रा सीमसार, वडा नम्बर ६
- महिमानपुर सीमसार, वडा नम्बर ६
- गाईलेक झरना वडा नं.७



चित्र नं.७.१ : सीमसार क्षेत्र

जलाधार क्षेत्रहरु

- राप्ती नदी जलाधार क्षेत्र (चुरे तथा भावर समेतकाक्षेत्रहरु)
- करेकुवा खोला जलाधार क्षेत्र, वडा नं ३
- पथरहिया खोला जलाधार क्षेत्र, वडा नम्बर ४
- गोजरहवा खोला जलाधार क्षेत्र, वडा नम्बर ४
- भूत्हुवा खोला जलाधार क्षेत्र, वडा नम्बर ५

अवसरहरु

- जंगल क्षेत्रको भूभाग उल्लेख्य हुँदा सीमसार/जलाधार क्षेत्रलाई टेवा पुगेको ।
- सीमसार क्षेत्रमा पानी दिगो रुपमा रहने पोखरीहरु बनाई थुप्रै प्रजातिका जीवजन्तुको बसाईसराई र लुप्तता रोक्न सकिने ।
- सीमसार र जलाधार क्षेत्रको संरक्षण गरी ठूला ताल पोखरी निर्माण गरी पिउने पानी र सिंचाई प्रणाली व्यवस्थित गर्न सकिने ।
- पानीका मूल फुटाउने खालका विरुवाहरुको पहिचान गर्दै वृक्षारोपण गरी श्रोत बढाउन सकिने अवस्था रहेको ।

चुनौती

- सडक निर्माण गर्दा सीमसार तथा जलाधार क्षेत्रमा पर्ने प्रभाव सम्वन्धी वातावरणीय प्रभाव मूल्याङ्कनलाई कार्यान्वयन गर्ने ।
- जलवायु परिवर्तनमा अनुकूलन कायम गर्ने ।
- सीमसार तथा जलाधार क्षेत्र सम्बद्ध सार्वजनिक जग्गा संरक्षण गर्ने ।

दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य

दीर्घकालीन सोँच :- संरक्षित मूल, सीमसार तथा जलाधार;जलवायु अनुकूलनको आधार ।

लक्ष्य :-सीमसार तथा जलाधार क्षेत्रको दीगो रुपमा संरक्षण गरी वातावरण सन्तुलन कायम गर्ने ।

उद्देश्य :-सीमसार तथा जलाधार क्षेत्रको संरक्षण र व्यवस्थापन गरी पानीका श्रोतहरुको संरक्षण तथा प्रवर्द्धन गर्ने ।

रणनीति र कार्यनीति

उद्देश्य : सीमसार तथा जलाधार क्षेत्रको संरक्षण र व्यवस्थापन गरी पानीका श्रोतहरुको संरक्षण तथा प्रवर्द्धन गर्ने	
रणनीति	**कार्यनीति**
• वातावरणमैत्री सीमसार र जलाधार क्षेत्र संरक्षण गरी पारिस्थितिक प्रणाली (Eco-system) मा सन्तुलन कायम गर्दै यस्ता श्रोतको समुचित उपयोग गर्ने ।	• जलाधार र सीमसार क्षेत्र संरक्षण नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ । • विद्यमान जलाधार तथा सीमसार क्षेत्रमापानीका मूल संरक्षण गर्न वृक्षारोपण गरिनेछ । • विकास निर्माणको काम गर्दा वातावरण प्रभाव मूल्यांकन प्रतिवेदनलाई कडाइका साथ कार्यान्वयन गरिनेछ । • विभिन्न वनहरुमाआफ्नो वासस्थान बनाएका विभिन्न प्रजातीका जीवजन्तु र चराचुरुङ्गीहरुलाई प्रयाप्त पानी पुग्ने गरी पोखरीहरु निर्माण गरिनेछ । • सीमसार तथा जलाधार क्षेत्रको संरक्षणमा सामुदायिक वन तथा संघ संस्थाहरु परिचालन गरिनेछ ।

प्रमुख कार्यक्रम

- विभिन्न स्थानहरुमा पोखरी निर्माण कार्यक्रम ।
- पानीका मूल भएका स्थानहरुमा वृक्षारोपण कार्यक्रम ।
- जलाधार क्षेत्र संरक्षण कार्यक्रम ।
- विद्यमान सीमसार क्षेत्रमा जलभण्डार अध्ययन तथा निर्माण कार्यक्रम ।
- अन्य तालहरुको संरक्षण कार्यक्रम ।

अपेक्षित उपलब्धी

- योजना पश्चात राप्ती सोनारीका सीमसार तथा जलाधार क्षेत्रको संरक्षण र प्रवर्द्धन भई पानीको आपूर्तिमा सहजता हुनेछ ।
- जैविक विविधताको दीगो संरक्षण भई पर्यटन विकास र सन्तुलित वातावरण कायम गर्न टेवा पुगेको हुनेछ ।

७.५ जलवायु परिवर्तन तथा अनुकूलन रणनीति

विद्यमान अवस्था

जलवायु परिवर्तन विश्वव्यापी रुपमा देखा परेको एउटा गम्भीर समस्या हो । नेपालले कूल हरित गृह ग्यासको करिब ०.०२७ प्रतिशत मात्र उत्सर्जन गरे पनि वायुमण्डलीय तापक्रम वृद्धिका कारण जलवायु परिवर्तनको असर हामीले धेरै भोग्दै आएका छौ । यस्तो तापमानलाई न्यूनीकरण गर्ने हाम्रा सेताम्य हिमाल उल्टै पग्लिएर खाली हुँदै छन् । जलवायु परिवर्तनको कारण कृषि, जलश्रोत, जैविक विविधता, मानव स्वास्थ्य तथा बसोवासमा प्रतिकूल प्रभाव पर्न थालेको छ । जलवायु परिवर्तन नीति, २०६७ कार्यान्वयनका लागि राष्ट्रिय अनुकूलन कार्यक्रम २०६७ र स्थानीय अनुकूलन योजना २०६८ अनुरुप स्थानीय स्तरमा जलवायु परिवर्तन अनुकूलनका कार्यक्रम सञ्चालन हुँदै आएका छन् । विभिन्न सरोकारवाला बीच प्रभावकारी समन्वयबाट मात्र जलवायु परिवर्तनका प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न सकिने भएकाले अनुकूलनका कार्यक्रम तर्जुमा र कार्यान्वयन आजको आवश्यकता हो ।

जलवायु उत्थानशील समाजको निर्माण भन्ने साँच र जलवायु परिवर्तन अनुकूलन क्षमता अभिवृद्धि तथा प्रतिकूल प्रभावको न्यूनीकरणबाट दीगो समाज निर्माणमा योगदान गर्ने लक्ष्य पन्ध्रौ योजनाको रहेको छ ।

प्रदेशको प्रथम आवधिक योजनाले **जलवायु परिवर्तनबाट हुने हानी र नकारात्मक प्रभाव न्यून गर्ने** भन्ने साँच लिएको छ भने जलवायु परिवर्तन अनुकूलन हुने गरी आर्थिक गतिविधि सञ्चालन गर्ने प्रमुख उद्देश्य लिएको छ । त्यसैगरी जलवायु परिवर्तन अनुकूलनका विषयवस्तुलाई विद्यमान योजनामा मूल प्रवाहिकरण गर्ने रणनीति/कार्यनीति समेत योजनाले अङ्गिकार गरेको छ ।

वन अतिक्रमण गरी काठहरुको चोरी निकासी, चुरे विनास, जैविक विविधताको विनास, प्राकृतिक प्रकोप, शहरीकरण, औद्योगीकरण तथा जलाधार क्षेत्रको संरक्षण नहुनाले जलवायु परिर्वतन र अनुकूलनमा प्रभाव पारी अतिवृष्टि, अनावृष्टि

हुने, तापक्रम बढ्ने, मौसम परिवर्तन हुने, हावापानी प्राणी र वनस्पतीको जीवनमैत्री नहुने हुन्छ । हावापानी अनुकूलन नभए प्राणी, वनस्पती, कृषि उत्पादनलाई असर गर्छ ।

राप्ती सोनारी गाउँपालिकामा जलवायु परिवर्तनको प्रभाव स्पष्ट रुपमा देखा नपरे पनि यसका केही संकेतहरु देखा पर्न थालेका छन् । तापक्रम र वर्षामा आएको भिन्नता, नयाँ-नयाँ किटाणुहरुको उत्पत्ति, लामखुट्टेको उत्पत्ति, पानीका श्रोतहरुमा कमि, रैथाने जातको विउहरुबाट खेती नहुनु आदि जलवायु परिवर्तनका सूचकहरु हुन् । जलवायु परिवर्तनका यी सूचकहरुले कृषि, वन, वन्यजन्तु तथा चराचुरुङ्गी, मानव वस्ती तथा अन्य क्षेत्रमा पारेको प्रभाव वारे अध्ययन, अनुसन्धान गरी जलवायु अनुकूलन रणनीतिलाई कार्यान्वयन गर्न जरुरी छ ।

अवसर र चुनौती

अवसर

- जलवायु परिवर्तन सम्बन्धी जनचेतना अभिवृद्धि गरी अनुकूलन कार्यक्रम सञ्चालन गर्न सकिने ।
- जलवायु अनुकूलन कार्यक्रम सञ्चालनबाट जैविक विविधता र जलाधार संरक्षण सम्बन्धी कार्य प्रभावकारी बनाउन सकिने ।

चुनौती

- जलवायु परिवर्तनबाट प्राणी, वनस्पती र मानव जातीलाई पार्ने प्रभावका बारेमा अध्ययन गरी वास्तविक स्थिति उजागर गर्ने ।
- जलवायु परिवर्तन सम्बन्धी तथ्यांक संकलन गरी अनुकूलन कार्यक्रम सञ्चालन गर्ने ।

दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य

दीर्घकालीन सोँच :- जलवायु अनुकूलन; स्वच्छ वातावरणमा दीगो विकास व्यवस्थापन ।

लक्ष्य :- दीगो र वातावरणमैत्री विकासद्धारा जलवायु परिवर्तनलाई न्यूनीकरण गर्दै अनुकूलन बनाउने ।

उद्देश्य :- बढ्दो तापक्रम र जलवायु परिवर्तन न्यूनीकरणका लागि हरियाली प्रवर्द्धन, जैविक विविधता एवं जलाधार क्षेत्रको संरक्षण गरी जलवायु अनुकूलनका लागि टेवा पुऱ्याउने ।

रणनीति र कार्यनीति

उद्देश्य : बढ्दो तापक्रम र जलवायु परिवर्तन न्यूनीकरणका लागि हरियाली प्रवर्द्धन, जैविक विविधता एवं जलाधार क्षेत्रको संरक्षण गरी जलवायु अनुकूलनका लागि टेवा पुऱ्याउने ।	
रणनीति	**कार्यनीति**
• जलवायु परिवर्तनमा अनुकूलनताप्रवर्द्धन गरी वातावरणमैत्री पालिका बनाउने ।	• जलवायु अनुकूलन योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ • जलवायु प्रतिकूलताबाट श्रृजित प्रकोप व्यवस्थापन गर्न पूर्व तयारी र सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । • जलवायु तथा मौसम केन्द्रको स्थापना गरिनेछ । • जैविक विविधता र जलाधार क्षेत्रको संरक्षण गरी भू-मण्डलीय तापक्रमको प्रभाव न्यूनीकरण गरिनेछ । • जलवायु परिवर्तन र अनुकूलन सम्बन्धी तथ्यांक संकलन गरी कृषि, वन र मानव वस्तीमा परेको प्रभाव सम्बन्धी अध्ययन अनुसन्धान गरिनेछ । • वन, जैविक विविधता, जलाधार क्षेत्र, पानीका मूल र सीमसार क्षेत्रको संरक्षण गरिनेछ । • जलवायु अनुकूलन सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

प्रमुख कार्यक्रम

- जलवायु परिवर्तन र अनुकूलन सम्बन्धी सचेतना कार्यक्रम ।
- इकोलोजिकल कार्ययोजना निर्माण र कार्यान्वयन ।

- जैविक विविधता र जलाधार क्षेत्रको संरक्षण कार्यक्रम ।
- जलवायु तथा मौसम केन्द्रको स्थापना ।
- वातावरण प्रभाव मूल्यांकनको प्रभावकारी कार्यान्वयन ।
- प्राकृतिक र मानव निर्मित ताल तथा जलाधार क्षेत्र संरक्षण र प्रवर्द्धन कार्यक्रम ।
- सुधारिएको चुलो, वायो ग्यास वितरण तथा जडान कार्यक्रम ।
- डढेलो नियन्त्रण कार्यक्रम ।
- जलवायु अनुकूलन पूर्वाधार निर्माण मापदण्ड/नीति ।

अपेक्षित उपलब्धी

- योजना कार्यान्वयन पश्चात राप्ती सोनारी गाउँपालिकामा बढ्दो तापक्रम न्यूनीकरणमासहजता हुनेछ ।
- जलवायु अनुकूलनका प्रयत्नबाट वन, वन्यजन्तु, पशुपंक्षी तथा मानव वस्तीमा सकारात्मक प्रभाव परेको हुनेछ ।

७.६ विपद् व्यवस्थापन

विद्यमान अवस्था

कमजोर भू-बनौट तथा भू-धरातल, मौसमी विषमता तथा जलवायु परिवर्तन, अव्यवस्थित पूर्वाधार विकास एवं निर्माण, पटक पटक दोहरिने बहु-प्रकोपका घटनाहरु जस्ता प्राकृतिक एवं गैर प्राकृतिक विपद्बाट हामी अत्यधिक जोखिम अवस्थामा छौं । भूकम्पीय जोखिमको दृष्टिले ११ औं तथा बाढी पहिरोमा ३० औं अति जोखिम मुलुकको रुपमा हाम्रो देश रहेको अवस्थाले हामी संवेदनशील क्षेत्रमा छौ भन्ने आंकलन हुन्छ । प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने नीति लिई विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई स्थानीय सरकारले जिम्मा लिदै संघ तथा प्रदेश सरकारसँग सहकार्य गर्न जरुरी छ । यसका लागि विपद् व्यवस्थापन सम्बन्धी छुट्टै योजना तर्जुमा गर्न समेत आवश्यक हुन्छ ।

विपद् जोखिमबाट सुरक्षित र उत्थानशील नेपाल भन्ने सोँच सहित सबै प्रकारका प्राकृतिक एवं गैर प्राकृतिक विपद् घटनाबाट सिर्जित मानवीय, भौतिक, आर्थिक, सामाजिक, साँस्कृतिक र वातावरणीय क्षति कम गर्ने लक्ष्य पन्ध्रौ योजनाले लिएको छ ।

लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाले **विपद्को घटना र यसको असर एवं प्रभाव न्यूनीकरण भएको अवस्था** भन्ने दीर्घकालीन सोँच सहित प्राकृतिक प्रकोप तथा विपद्बाट सिर्जित हानी र नकारात्मक प्रभाव न्यून गर्ने लक्ष्य लिएको छ बाढी, पहिरो, भूकम्प, आगलागी, सर्पदंश, चट्याङ तथा संक्रामक रोगहरुबाट सर्ने महामारी आकस्मिक प्राकृतिक विपत्तिहरु हुन् । विपद् पूर्वको तयारी व्यवस्थापन, विपद्कै समयमा गर्नुपर्ने उद्धार तथा राहत व्यवस्थापन र विपद् पश्चात गर्नुपर्ने पुनर्स्थापना जस्ता कार्यहरु विपद् व्यवस्थापनमा पर्दछन् । यसको समयमै उचित व्यवस्थापन गर्नु स्थानीय सरकारको मुख्य जिम्मेवारी पनि हो ।

राप्ती सोनारी गाउँपालिका चुरे र भावर क्षेत्रको काखमा अवस्थित समथर क्षेत्र भएको पालिका हो । यस पालिकाको पूर्व उत्तर सीमाना दाङ्ग तथा सल्यान जिल्लासँग जोडिएको छ र उत्तरी क्षेत्र सम्पूर्ण रुपमा जंगलले ढाकिएको र केही भिरालो पनि छ । बाँके राष्ट्रिय निकुञ्ज, मभ्यवर्ती क्षेत्र लगायतका विभिन्न वनजंगलहरु, पालिकाको बीच भागबाट अविरल बगिरहने राप्ती नदी र विशेष गरी उत्तरबाट दक्षिण तिर बग्ने मोराङ्गवा, तीन मुहान, सिघाइया, भैंसा बुडवा, इमालिया, छोटा, उल्टो, बैरिया, गबर, अमृता, गेरुवा, मिमरी, चगाई, परुवा सोता, तरुवा, चिलरिया जस्ता खोलाहरुर यी नदी खोलाका जलाधार क्षेत्रहरु भएको यस पालिकाको हावापानीमा केही विविधता पनि छ । राप्ती नदीमा आउने बाढीबाट डुबान तथा कटान, वर्षायाममा ठाडा खोलाहरुको बाढीबाट हुने क्षति, सडक दुर्घटनाबाट निरन्तर भइरहने धनजनकोक्षति, आगलागीबाट हुने वन, वनस्पति, वन्यजन्तु तथा धनजनको क्षति, जंगली जनावरहरुको आक्रमणबाट हुने धनजनको क्षति, हावाहुरी, चट्याङ,लु जस्ता प्रकोपबाट हुने क्षति, महामारी तथा फैलिने रोगहरुबाट हुने विभिन्न प्रकोपहरुबाट यो पालिका समस्याग्रस्त छ । बाढी तथा डुबानबाट अति जोखिमयुक्त यो पालिकामा २०७१ साल, २०७४ साल र २०७८ सालको बाढी तथा कटानबाटबढी क्षति भएको अवस्था छ । विशेष गरी वडा नं.२, ४, ५, ६ र ७ का अमरुवा, चाचरफर्का, चिलिया, राजपुर, बुद्धचोक, लटकनीया, फत्तेपुर समेतका गाउँहरु कटान डुबानमा पर्दछन् । वर्षायाममाम ठाडा खोलाहरुमा आउँने बाढीबाट पनियस पालिकाका विभिन्न वडाका वस्तीहरु डुबान कटानमा पर्दछन् । हाल संघीय सरकार, प्रदेश सरकार र स्थानीय स्तरबाट समेत नदी कटान तथा बाढी पस्ने क्षेत्रमा तटबन्ध निर्माण

सम्बन्धी कार्यहरु पनि भइरहेको छ रयो कार्य प्रभावकारी रुपमा अगाडी बढाउन जरुरी छ ।मध्यवर्ती क्षेत्रको सीमान्त क्षेत्रमा रहेका वडा वस्तीहरु, वडा नं.४ को भाटा क्षेत्र र वडा नं.६ मा समेत विभिन्न जंगली जनावरहरुबाट मानवीय क्षति (घाइते तथा मृत्यु) हुनका साथै बालीनालीको पनि उत्तिकै नोक्सानी हुने गर्दछ । यद्यपी उपलब्ध साधन श्रोतको आधारमा जंगल किनारहरुमा तारजाली घेरावार निर्माण सम्बन्धी कार्य अगाढी बढाइएको छ तर श्रोत न्यून रहँदा यो कार्यलाई प्रभावकारी बनाउन सकिएको छैन । यस पृष्ठभूमिमा पालिकाले विपद् व्यवस्थापन योजना निर्माण गरी विपद् प्रतिकार्य, पुनर्स्थापन र पुनर्निमाणका कार्यहरु तर्फ योजनाबद्ध ढङ्गले लाग्नु पर्दछ ।

यस पालिकामा विगत २ वर्ष देखि विपद् व्यवस्थापनमा क्षमता अभिवृद्धि मार्फत उत्थानशील समुदाय परियोजना (विशेष गरी पालिकाको वडा नं.६ र ७ मा)सञ्चालनमा रहयो । यस कार्यक्रमबाट ९ वटै वडामा वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन, यी समितिको क्षमता विकासमा सहयोग, विपद् संकटासन्नता नक्सांकन तालिम र नक्सांकन, सबै वडाको विपद्, संकटासन्नता तथा क्षमता विश्लेषणमा सहयोग, स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना निर्माणमा सहयोग, सडक नाटक तालिम तथा जनचेतना, विपद् सम्बन्धी जनचेतनाको लागि रेडियो जिङ्गल प्रसारण, वडा विपद् व्यवस्थापन समितिहरुलाई पूर्व सूचना प्रणाली सञ्चालनका लागि सामाग्री र सूचना बोर्ड निर्माणमा सहयोग, बहुउद्देश्यीय आपत्कालीन आश्रयस्थल निर्माण सहयोग, राप्ती नदीको तटबन्धनमा बाँस, कास, कुश, नेपियर जातका विरुवाहरुको वृक्षारोपण, ३ वटा सामुदायिक वनलाई बहुमूल्य विरुवा वृक्षारोपण सहयोग जस्ता कार्यक्रमहरु सञ्चालन गरी विपद् व्यवस्थापनमा क्षमता अभिवृद्धि र उत्थानशील क्रियाकलापहरु सञ्चालन गरिएका छन् । यसबाट विपद् व्यवस्थापनमा सकारात्मक योगदान पुगेको देखिन्छ ।

यो पालिका सर्पदशंबाट पनि सुरक्षित छैन । पालिकाको वडा नं.८ को शम्शेगञ्जमा नेपाली सेना र स्थानीय समुदायको सक्रीयतामा विगत वर्षहरु देखि सर्पदंश उपचार केन्द्र स्थापना गरी सञ्चालनमा ल्याएको अवस्था छ । तर आवश्यक पर्ने अक्सिजन तथा भेन्टीलेटर लगायतका उपकरण, दक्ष जनशक्ति र श्रोतको अभाव देखिदा सो को व्यवस्थापन हुन जरुरी देखिएको छ । विपद्को समयमा तत्काल मानवीय उद्धारका लागि केही सुरक्षित स्थानको जरुरी हुन्छ । यस्ता स्थानमा विपद् पीडित व्यक्तिहरुलाई तत्कालै स्थानान्तरण गरी जीवन बचाउन विशेष प्रथमिकता दिनुपर्दछ । यस पालिकामा देहायका खाली स्थानहरु सुरक्षित क्षेत्रको रुपमा रहेको अध्ययनको क्रममा देखिएको छ ।

खाली तथा सुरक्षित क्षेत्र

- फत्तेपुर गाउँका लागि ननकौपुर, सोहनपुर, मोहनपुर, भेलुनिया र जंगलको छेउ ।
- बिनौना गाउँका लागि मोटर बाटोको छेउ ।
- कचनापुर गाउँका लागि टिकलीपुर
- फत्तेपुर वडा नं.७ का लागि पोखरास्थान मन्दिर क्षेत्र

राप्ती नदी कटानको

विपद पर्व सचना सञ्चार

राप्ती नदी तटबन्ध वडा नं ६

अवसर तथा चुनौती

अवसर

- विपद् व्यवस्थापनमा सरोकारवाला संघ-संस्था, जनप्रतिनिधि एवं कर्मचारीहरूको सक्रिय सहभागिता रहेको
- बिपद् ब्यबस्थापन योजना, प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयन गरी क्षति न्यूनीकरण गर्न सकिने अवस्था रहेको
- आपतकालिन समयमा सहयोग/परोपकार गर्ने संस्कृति विद्यमान रहेको ।
- ९ वटै वडामा विपद् व्यवस्थापन समितिको गठन र विपद् संकटासन्नता नक्सांकन तयार भएको ।
- पूर्व सूचना प्रणाली सञ्चालनका लागि सामाग्री, सूचना बोर्ड तथा केही ठाउँमा आपत्कालीन साइरन जडान गरिएको ।
- आपत्कालीन अवस्थामा नेपाली सेना, ससस्त्र प्रहरी तथा जनपद प्रहरी, नेपाल रेडक्रस सोसाइटी तथा विभिन्न सामाजिक संघ-संस्थालाई तुरुन्त परिचालन गर्न सक्ने स्थिति विद्यमान रहेको ।

चुनौती

- राप्ती नदीबाट हुने डुबान तथा कटानबाट मासरुपमा पीडित हुने जनतालाई तत्काल उद्धारका लागि आश्रय दिने कार्य र कटान रोक्ने कार्य ।
- Ambulance, विपद् सूचना केन्द्र, विपद् सूचना साबधानी जस्ता यन्त्र साधनहरूको व्यवस्थापन गर्ने कार्य
- मानव सिर्जित कारणबाट हुने घटनालाई व्यवस्थापन गर्ने ।
- ट्राफिक सतर्कता र आगलागी, फोहरमैला आदिबाट पर्ने असरका सम्बन्धमा व्यापक जनचेतना वृद्धि गर्ने ।
- भूकम्प, चट्याङ जस्ता विपद्का घटना घट्दा अपनाउनु पर्ने सतर्कता सम्बन्धी जनचेतना वृद्धि गर्ने ।
- वन्यजन्तु आक्रमणबाट हुने मानवीय तथा धनसम्पत्तिको क्षति नियन्त्रण गर्ने ।

दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य

दीर्घकालीन सोँच :- विपद् व्यवस्थापनमासशक्त तयारी; विपद् उत्थानशील राप्ती सोनारी ।

लक्ष्य :- विभिन्न विपद्जन्य घटनाबाट हुने क्षतिहरुको न्यूनीकरण गर्ने ।

उद्देश्य :- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न विपद् उत्थानमैत्री पद्धतिको सुदृढ़णीकरण गर्ने ।

रणनीति र कार्यनीति

उद्देश्य : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न विपद् उत्थानमैत्री पद्धतिको सुदृढ़णीकरण गर्ने ।	
रणनीति	**कार्यनीति**
• विपद् जोखिम तथा क्षति न्यूनीकरण गरी उत्थानशीलता अभिवृद्धि गर्ने ।	• विपद् न्यूनीकरणका लागि विपद् व्यवस्थापन तथा प्रतिकार्य योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ । • ९ वटै वडाका विपद् व्यवस्थापन समितिहरुलाई क्षमता अभिवृद्धि गरी क्रियाशील बनाइनेछ । • विपद् प्रतिकार्यमा विभिन्न सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी तथा सामाजिक संघ संस्थालाई परिचालन गरिनेछ । • विपद् पश्चातको उद्धार, राहत तथा व्यवस्थापन कार्यको पूर्व तैयारी गरिनेछ । • विपद् व्यवस्थापन राहत सामाग्रीको संकलन तथा भण्डारणको व्यवस्था गरिनेछ । • विपद्मा परेका जनतालाई औषधी, मनोचिकित्सा, सुरक्षित अस्थायी आवास उपलब्ध गराइनेछ । • सबै वडाहरुमा विपद् व्यवस्थापन कोषहरु निर्माण गरी समय-समयमा आवश्यक रकम थप गरी परिचालन गरिनेछ । • डढेलो, आगलागी, बाढी, सर्पदंश, वन्यजन्तु आक्रमण जस्ता अति जोखिमयुक्त प्रकोपहरुबाट बच्न बचाउन व्यापक रुपमा जनचेतनाका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

• अति जोखिमयुक्त प्रकोपहरुलाई न्यूनीकरण गर्न समन्वयात्मक रुपमा साधन श्रोतको परिचालन गर्ने ।	• संघीय सरकार, प्रदेश सरकार र स्थानीय स्तरबाट समेत नदी कटान तथा डुबान नियन्त्रणका लागि उपलब्ध साधन श्रोतको समन्वयात्मक रुपमा परिचालन गरिनेछ । • नदी कटान क्षेत्रहरुमा विशेष जातका विरुवाको वृक्षारोपण गर्न सामुदायिक वन लगायतका संघ-संस्थाहरु परिचालन गरिनेछ । • राष्ट्रिय निकुञ्ज तथा सामुदायिक वन उपभोक्ता समितिसँग समन्वय गरी मध्यवर्ती क्षेत्र लगायतका राष्ट्रिय वन तथा अन्य सामुदायिक वनहरुमा वन्यजन्तु नियन्त्रणका लागि तारजाली लगाई घेरावार गरिनेछ । • वन्यजन्तुबाट हुने हानी नोक्सानीको क्षतिपूर्तिका लागि बीमा लगायत आवश्यक श्रोतहरुको उचित व्यवस्थापन र परिचालन गर्न राष्ट्रिय निकुञ्ज कार्यालय, प्रदेश सरकार र संघीय सरकारसँग समन्वयात्मक पहल गरिनेछ ।

प्रमुख कार्यक्रम

- समग्र पालिकाको विपद् व्यवस्थापन योजना तर्जुमा ।
- राप्ती नदी नियन्त्रण कार्यक्रम वडा नम्बर १, २, ३, ४, ५, ६, ७
- नदी कटान/डुबानबाट प्रभावित वडा नं.२ को अमरुवा वस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कार्यक्रम ।
- विपद् व्यवस्थापनका लागि वडागत प्रतिकार्य योजना निर्माण (९ वटै वडामा)
- विपद्को समयमा तत्काल आश्रयको लागि बहुउद्देश्यीय भवन निर्माण (वडा नं. २ र ६ मा) ।
- खाद्य कपडा र भाँडावर्तन बैंक स्थापना कार्यक्रम ।
- गाउँ बिपद् ब्यबस्थापन समिति र वडा विपद् व्यवस्थापन समितिहरुको क्षमता विकास कार्यक्रम
- विपद् नक्सांकन कार्यक्रम
- डढेलो नियन्त्रण कार्यक्रम
- आपत्कालीन अवस्थामा परिचालित हुन तालिमयुक्त जनशक्ति तयारी ।
- आपत्कालीन अवस्थामा शीघ्र सूचना तथा सञ्चार प्रणालीव्यवस्थापन कार्यक्रम ।
- प्रत्येक वडामा विपद् व्यवस्थापन कोषको स्थापना (९ वटै वडाहरुमा) ।
- वन्यजन्तु नियन्त्रका लागि तारजाली/घेरावार कार्यक्रम (वडा नं.१, २, ४, ६, ८, ९) ।
- सर्पदंश उपचार केन्द्र प्रवर्द्धन कार्यक्रम (वडा नं.८, शम्शेरगञ्ज) ।
- प्रकोप न्यूनीकरणका लागि जनचेतना कार्यक्रम ।

अपेक्षित उपलब्धी

- योजना कार्यान्वयन पश्चात जोखिमयुक्त विपद्हरुलाई न्यूनीकरण गर्न सहज भएको हुनेछ ।
- विपद् न्यूनीकरणमा जनचेतना अभिवृद्धि भएको हुनेछ ।
- विपद् व्यवस्थापन सम्बन्धी आवश्यक नीतिहरु तर्जुमा भई कार्यान्वयनमा आएका हुनेछन् ।
- सबै वडामा विपद् व्यवस्थापन कोष स्थापना भई परिचालित भएको हुनेछ ।

तालिका नं.७.१ : वन, वातावरण संरक्षण एवं विपद् व्यवस्थापन नतिजा खाका

नतिजा श्रृखंला	सूचक तथा पुष्ट्याईका आधारहरु					पुष्ट्याईका आधारहरु	जोखिम पक्ष तथा पूर्वानूमान
	सूचक विवरण	इकाई	आधार वर्ष ०७८/७९	लक्ष्य (सम्मको अवस्था) ०८१/८२	०८३/८४		
वन विकास							
लक्ष्य : वन क्षेत्रको संरक्षण र प्रवर्द्धन गरी आय आर्जनको दीगो श्रोत बनाउने ।	विद्यमान जंगल क्षेत्र प्रवर्द्धन	हेक्टर	८३१३०	८३१५२	८३१६०	• गाउँ वस्तुगत विवरण • अध्ययन प्रतिवेदन • मूल्याङ्कन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• आवश्यक श्रोतको सुनिश्चितता हुनेछ । • वन विकास सम्बन्धी स्थानीय नीति तर्जुमा भएको हुनेछ । • सरोकारवाला समुदायहरु वन विकास, संरक्षण तथा प्रवर्द्धनका लागि सक्रीय रहने छन् ।
असर १ : वनलाई आय आर्जनको दीगो श्रोत बनाउने ।	बुट्यान तथाखुल्ला चउर क्षेत्रमा वृक्षारोपण गर्ने	हेक्टर	NA	२२	३०		
	सामुदायिक वन उपभोक्ता समिति	संख्या	७४	७८	८०		
प्रतिफल १.१ : वनजन्य उपादन र उत्पादकत्व वृद्धि गरी वन पैदावारमा आधारित उद्योगहरु खोल्ने, रोजगारी सिर्जना गर्ने र आय आर्जनमा टेवा पुऱ्याउने ।	वन विस्तार र संरक्षण सम्बन्धी कार्यविधि तर्जुमा	संख्या	०	१	१		
	महत्वपूर्ण जडिबुटीहरुको अध्ययन, अनुसन्धान र अभिलेखांकन	संख्या	०	१	२		
वातावरण संरक्षण							
लक्ष्य : पालिकावासीको स्वच्छ, स्वास्थ र सुरक्षित वातावरणमा बाँच्न पाउने अधिकारको सुनिश्चितता गर्ने ।	खुल्ला चउर, बुट्यान, नदी किनार र चरन क्षेत्रमा वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गर्ने	हेक्टर	NA	२२	३०	• गाउँ वस्तुगत विवरण • अध्ययन प्रतिवेदन • मूल्याङ्कन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• आवश्यक श्रोतको सुनिश्चितता हुनेछ । • वातावरण संरक्षण सम्बन्धी स्थानीय नीति तर्जुमा भएको हुनेछ । • सरोकारवाला समुदायहरु वातावरण संरक्षणका लागि सक्रीय रहने छन् ।
	सन्तुलित तथा दीगो विकासमा जनचेतना स्तर अभिवृद्धि	प्रतिशत	५०	७०	९०		
असर १ : वातावरण संरक्षण र विकास व्यवस्थापनलाई आन्तरिकीकरण गर्ने	वातावरण संरक्षणसँग सम्बन्धित स्थानीय कानून	संख्या	०	१	१		
	वातावरणमैत्री योजना तर्जुमा तथा कार्यान्वयनमा अन्तर निकाय समन्वय	संख्या	०	१	१		
प्रतिफल १.१ : वातावरण संरक्षण मापदण्ड बमोजिम प्रदुषण न्यूनीकरण गरी स्वस्थ नागरिक मार्फत आर्थिक र सामाजिक क्षेत्रमा सकारात्मक परिणाम प्राप्त गर्ने ।	प्रदुषकले तिर्नुपर्छ भन्ने नीति	संख्या	०	१	१		
	वातावरण संरक्षणसँग सम्बन्धित सन्देशमूलक प्रचार सामाग्री प्रकाशन	पटक	०	३	५		
	हरियाली प्रवर्द्धनका लागि पार्क निर्माण	संख्या	२	१०	१६		
	पोखरी, ताल, जलाशयको संरक्षण र निर्माण	संख्या	५	७	१०		
प्रतिफल १.२ फोहरमैला व्यवस्थापन नीति निर्माण गरी दीगो रुपमा फोहरमैलाको व्यवस्थापनबाट स्वच्छ, सफा वातावरण निर्माण गर्ने ।	फोहरमैला व्यवस्थापन योजना/नीति निर्माण	संख्या	०	१	१		
	निरन्तर सरसफाई अभियान कार्यक्रम (मासिक)	संख्या	०	३६	६०		
	फोहरमैला व्यवस्थापन समिति	संख्या	१	७	७		
	फोहरमैला व्यवस्थापनको लागि ल्याण्ड फिल्ड साइट छनौट र अध्ययन	संख्या	०	१	१		
जैविक विविधता							
लक्ष्य : जैविक विविधितायुक्त सम्पदाको संरक्षण र प्रवर्द्धन गर्दै	जोखिममा रहेका दुर्लभ वनस्पति र ecological कार्य योजना निर्माण र	संख्या	०	१	१	• गाउँ वस्तुगत विवरण • अध्ययन प्रतिवेदन	• आवश्यक श्रोतको सुनिश्चितता हुनेछ ।

नतिजा श्रृखंला	सूचक तथा पुष्ट्याईका आधारहरु					पुष्ट्याईका आधारहरु	जोखिम पक्ष तथा पूर्वानूमान
	सूचक विवरण	इकाई	आधार वर्ष ०७८/७९	लक्ष्य (सम्मको अवस्था)			
				०८१/८२	०८३/८४		
वातावरणीय सन्तुलन कायम गर्ने ।	कार्यान्वयन					• मूल्याङ्कन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• जैविक विविधता संरक्षण सम्बन्धी स्थानीय नीति तर्जुमा भएको हुनेछ । • सरोकारवाला समुदायहरु जैविक विविधता संरक्षण तथा प्रवर्द्धनका लागि सक्रीय रहने छन् ।
असर १ : जैविक विविधताको संरक्षण गर्दै उत्पादन र उत्पादकत्व बढाई समन्यायिक वितरण गर्ने ।	जैविक विविधता संरक्षण सम्बन्धी स्थानीय नीति तर्जुमा	संख्या	०	१	१		
	वन्य-जन्तुबाट आक्रमण भई मानव मृत्यु वार्षिक	संख्या	४	०	०		
	वन्य-जन्तुबाट आक्रमण भई मानव घाइते वार्षिक	संख्या	३०	२०	१०		
	सडकमा गुड्ने गाडी तथा मानिसद्वारा प्रत्याक्रमण हुँदा मारिने जनावर (वार्षिक औषत)	संख्या	४७	३०	२०		
प्रतिफल १.१ : वनस्पति, वृक्ष, जडिबुटी, लोपोन्मुख र अन्य प्रजातीका चरा तथा जनावरको सुरक्षित आश्रय स्थल बनाउने र संरक्षण गर्ने ।	पोखरी, ताल, जलाशयको संरक्षण र निर्माण	संख्या	५	७	१०		
	वन्यजन्तु, चराचुरुङ्गी र जडिबुटीको तथ्यांक संकलन र अभिलेखीकरण	संख्या	०	१	२		
प्रतिफल १.२ : विद्यमान मानव तथा वन्यजन्तु बीचको असहज सम्बन्धमा गम्भिर भई पारस्परिक सह-अस्तित्वको रुपमा पुनर्स्थापित गर्न प्रयत्नशील रहने ।	मानव र जंगली जनावर बीचको द्वन्द निराकरण नीति निर्माण	संख्या	०	१	१		
	मानव-वन्यजन्तु द्वन्द्व भएका स्थानहरुमा पूर्वसूचना प्रणाली जडान	संख्या	०	१	१		
पार्क तथा खुल्ला क्षेत्र							
लक्ष्य : सुन्दर पार्क तथा खुला मैदानको व्यवस्थापनबाट स्वस्थ तथा स्वच्छ वातावरण कायम गर्ने ।	पार्क तथा खुल्ला क्षेत्र संरक्षण तथा प्रवर्द्धन	हेक्टर	NA	५००	७००	• गाउँ वस्तुगत विवरण • अध्ययन प्रतिवेदन • मूल्याङ्कन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• आवश्यक श्रोतको सुनिश्चितता हुनेछ । • पार्क तथा खुल्ला क्षेत्र संरक्षण तथा विकास सम्बन्धी स्थानीय नीति तर्जुमा भएको हुनेछ । • सरोकारवाला समुदायहरु पार्क तथा खुल्ला क्षेत्रको विकास, संरक्षण तथा प्रवर्द्धनका लागि सक्रीय रहने छन् ।
असर १ : राप्ती सोनारीलाई स्वच्छ वातावरण र मनोरम केन्द्रको रुपमा विकास गर्ने ।	वनस्पति उद्यान	संख्या	१	२	२		
	पिकनिक स्थल	संख्या	३	५	६		
प्रतिफल १.१ : पार्क तथा खुला क्षेत्रको निर्माण तथा व्यवस्थापन गरी प्रत्येक वस्तीलाई मनोरम बनाउने र आपत्कालीन अवस्थामा आश्रय केन्द्रको रुपमा स्थापित गर्ने ।	सार्वजनिक जग्गा संरक्षण नीति तर्जुमा	संख्या	०	१	१		
	पार्क निर्माण	संख्या	२	१०	१६		
	बाल उद्यान	संख्या	०	१	१		
सीमसार तथा जलाधार क्षेत्र							
लक्ष्य : सीमसार तथा जलाधार क्षेत्रको दीगो रुपमा संरक्षण गरी वातावरण	सीमसार क्षेत्रको संरक्षण तथा प्रवर्द्धन	संख्या	NA	४	६	• गाउँ वस्तुगत विवरण • अध्ययन प्रतिवेदन • मूल्याङ्कन प्रतिवेदन	• आवश्यक श्रोतको सुनिश्चितता हुनेछ । • सीमसार तथा जलाधार क्षेत्र

नतिजा श्रृखंला	सूचक तथा पुष्ट्याईका आधारहरु					पुष्ट्याईका आधारहरु	जोखिम पक्ष तथा पूर्वानूमान
	सूचक विवरण	इकाई	आधार वर्ष ०७८/७९	लक्ष्य (सम्मको अवस्था) ०८१/८२	०८३/८४		
सन्तुलन कायम गर्ने						• प्रगति/अनुगमन प्रतिवेदन	संरक्षण सम्बन्धी स्थानीय नीति तर्जुमा भएको हुनेछ। • सरोकारवाला समुदायहरु सीमसार तथा जलाधार क्षेत्रको संरक्षण तथा प्रवर्द्धनका लागि सक्रीय रहने छन्।
असर १ : सीमसार तथा जलाधार क्षेत्रको संरक्षण र व्यवस्थापन गरी पानीका श्रोतहरुको संरक्षण तथा प्रवर्द्धन गर्ने।	जलाधार क्षेत्रहरुको संवेदनशीलता मापदण्ड र सूचक तर्जुमा	संख्या	०	१	१		
	पोखरी, ताल, जलाशयको संरक्षण र निर्माण	संख्या	५	७	१०		
प्रतिफल १.१ : वातावरणमैत्री सीमसार र जलाधार क्षेत्र संरक्षण गरी पारिस्थितिक प्रणाली (Eco-system)मा सन्तुलन कायम गर्दै यस्ता श्रोतको समुचित उपयोग गर्ने	विद्यमान सीमसार क्षेत्रमा जलभण्डार अध्ययन	संख्या	०	१	१		
	संवेदनशील र संरक्षित जलाधार क्षेत्रको व्यवस्थापकीय योजना तर्जुमा	संख्या	०	१	१		
जलवायु परिवर्तन तथा अनुकूलन रणनीति							
लक्ष्य : दीगो र वातावरणमैत्री विकासद्धारा जलवायु परिवर्तनलाई न्यूनीकरण गर्दै अनुकूलन बनाउने।	हरियाली प्रवर्द्धन	हेक्टर	८३१३०	८३१५२	८३१६०	• गाउँ वस्तुगत विवरण अध्ययन प्रतिवेदन • मूल्याङ्कन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन	• स्थानीय सरकारले जलवायु अनुकूलन रणनीतिलाई विशेष प्राथमिकता दिनेछ। • योजना तथा कार्यक्रमहरु समयबद्ध तवरले कार्यान्वयन भएका हुने छन्। • आवश्यक श्रोतको सुनिश्चितता हुनेछ। • सरोकारवाला समुदायहरु जलवायु परिवर्तन तथा अनुकूलन रणनीति बारे सचेत हुनेछन्।
	पोखरी, ताल, जलाशयको संरक्षण र प्रवर्द्धन	संख्या	५	७	१०		
	जलवायु अनुकूलनका लागि चेतना अभिवृद्धि	प्रतिशत	५०	७०	९०		
असर १ : बढ्दो तापक्रम र जलवायु परिवर्तन न्यूनीकरणका लागि हरियाली प्रवर्द्धन, जैविक विविधता एवं जलाधार क्षेत्रको संरक्षण गरी जलवायु अनुकूलनका लागि टेवा पुऱ्याउने	परम्परागत उर्जा प्रयोग गर्ने घरधुरी	प्रतिशत	९१.३	७०	५०		
	धुवाँ रहित चुलो प्रयोग गर्ने घरधुरी	प्रतिशत	२०	५०	६०		
	ठूला आयोजनामा वायो इञ्जिनियरिङ्ग प्रविधिको प्रयोग	संख्या	NA	२	२		
प्रतिफल १.१ : जलवायु परिवर्तनमा अनुकूलनता प्रवर्द्धन गरी वातावरणमैत्री पालिका बनाउने।	जलवायुमैत्री कृषि प्रणाली सम्बन्धी नीति निर्माण	संख्या	०	१	१		
	जोखिममा रहेका दुर्लभ वनस्पति र वन्यजन्तुहरु संरक्षण गर्न इकोलोजिकल कार्ययोजना निर्माण र कार्यान्वयन	संख्या	०	१	१		
	जलवायु अनुकूलन घर निर्माण मापदण्ड नीति	संख्या	०	१	१		
	मौसमी घटनाहरुको अभिलेखीकरण	संख्या	०	३	५		
	जलवायु परिवर्तन र अनुकूलन नीति तर्जुमा	संख्या	०	१	१		
	जलवायु परिवर्तन र अनुकूलन सचेतना कार्यक्रम	संख्या	०	३	५		
विपद् व्यवस्थापन							
लक्ष्य : विभिन्न विपद्जन्य घटनाबाट हुने क्षतिहरुको न्यूनीकरण गर्ने।	प्रकोप व्यवस्थापन उत्थानशील कार्यक्रमबाट संकटासन्नतामा परेका परिवार मध्ये लाभान्वित परिवार	प्रतिशत	२०	४०	५०	• गाउँ वस्तुगत विवरण अध्ययन प्रतिवेदन • मूल्याङ्कन प्रतिवेदन	• जनचेतना स्तरमा वृद्धि भएको हुनेछ। • मध्यवर्ती क्षेत्र र स्थानीय

नतिजा श्रृखंला	सूचक तथा पुष्ट्याईका आधारहरु					पुष्ट्याईका आधारहरु	जोखिम पक्ष तथा पूर्वानूमान
	सूचक विवरण	इकाई	आधार वर्ष ०७८/७९	लक्ष्य (सम्मको अवस्था)			
				०८१/८२	०८३/८४		
	वन्यजन्तु आक्रमणबाट मानवीय क्षति (मृत्यु)	संख्या	४	०	०	• प्रगति/अनुगमन प्रतिवेदन	समुदाय बीचको सम्बन्ध सुमुधुर रहेको हुनेछ । • योजना तथा कार्यक्रमहरु समयबद्ध तवरले कार्यान्वयन भएका हुनेछन् • स्थानीय सरकारले विपद् व्यवस्थापनलाई विशेष प्राथमिकता दिनेछ । • आवश्यक श्रोतको सुनिश्चितता हुनेछ ।
	वन्यजन्तु आक्रमणबाट मानवीय क्षति (घाइते)	संख्या	३०	२०	१०		
	वन्यजन्तुबाट बालीनाली क्षति	हेक्टर	५	३	१		
असर १ : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न विपद् उत्थानमैत्री पद्धतिको सुदृढृणीकरण गर्ने ।	तालिम प्राप्त स्वयं सेवक समूह	संख्या	०	३	७		
	विपद् व्यवस्थापन समिति	संख्या	१	१	१		
	विपद् व्यवस्थापनका लागि गठन गरिएका वार्ड प्रतिकार्य इकाई	संख्या	२	६	९		
प्रतिफल १.१ : विपद् जोखिम तथा क्षति न्यूनीकरण गरी उत्थानशीलता अभिवृद्धि गर्ने	विपद् व्यवस्थापन योजना तर्जुमा	संख्या	०	१	१		
	वडागत विपद् प्रतिकार्य योजना	संख्या	२	५	९		
	खुल्ला क्षेत्र र सुरक्षित स्थल	संख्या	९	१४	२०		
प्रतिफल १.२ : अति जोखिमयुक्त प्रकोपहरुलाई न्यूनीकरण गर्न समन्वयात्मक रुपमा साधन श्रोतको परिचालन गर्ने ।	जोखिमपूर्ण स्थानमा साइरन (सूचना प्रणाली)	संख्या	२	४	५		
	राप्ती नदी तटबन्ध निर्माण	कि.मी.	१०	१४	१८		
	ठाडा खोला तटबन्ध निर्माण	कि.मी.	२	७	१२		
	विपद् पश्चात आश्रयको लागि बहुउद्देश्यीय भवन निर्माण	संख्या	५	७	७		

परिच्छेद-८
संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन

८.१ सस्ंथागत सुशासन तथा क्षमता विकास

विद्यमान अवस्था

नेपालको सबिधानमा राज्यका नीति अर्न्तगत सार्बजनिक शासनलाई स्वच्छ, सक्षम, निंपक्ष, पारदर्शी भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउंदै राज्यबाट प्रदान गरिने सेवा सुबिधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सशासनको प्रत्याभुति गर्ने कुरा उल्लेख छ ।

जनताको आवश्यकता, आकांक्षामा हुने परिवर्तन, सरकारले निर्वाह गर्नु पर्ने भूमिका, स्रोत र साधनको उपलब्धता, सूचना र प्रविधिको विकास, कार्य प्रणालीमा परिवर्तनको लागि दवाव जस्ता कारणले संगठनका काम, कार्य प्रक्रिया, संगठन संरचना आदिमा समय समयमा पुनरावलोकन गरी समय सापेक्ष बनाउन आवश्यक छ । गाउँपालिकाबाट हुने सेवा प्रवाहको प्रभावकारीता र गुणस्तरीयताको प्रतिबिम्ब प्रत्यक्ष सेवा प्रवाहमा संलग्न पदाधिकारी तथा कर्मचारीहरुको कार्यदक्षता तथा कार्यशैलीमा देखिने गर्दछ । बास्तबमा ऐन, नियम, निर्देशिका, कार्यविधी, योजना आदि जती राम्रो भए पनि त्यसको कार्यान्वयन पक्ष राम्रो भएन भने लक्ष अनुसारको नतिजा प्राप्ती हुन सक्दैन । संस्थागत सुशासन कायम गर्न नसकिएको अवस्थामा जस्तोसुकै क्षमतावान जनशक्ति एवं सांगठनिक संरचना भएपनि संस्थाले आफ्नो लक्ष हासिल गर्न सक्दैन र सधै जनताबाट आलोच्य हुनुपर्दछ । सांगठनिक संरचना र क्षमता विकासलाई छुट्टै नहेरी कार्यसम्पादनसँग जोडिएका अन्तर सम्बन्धित पक्षहरु जस्तै सुशासन प्रवर्द्धन, नीति निर्माण, मानव स्रोत, वित्तीय अवस्था, पूर्वाधार विकास तथा योजना व्यवस्थापन, कार्यप्रक्रिया जस्ता विषयहरुलाई लाई एकीकृत रुपमा हेर्नुपर्ने हुन्छ । पारदर्शीता, जवाफदेहिता एवं जनउत्तरदायी सरकार सुशासनका आधारभुत सिद्धान्त हुन् । गाउँपालिकबाट सम्पादन गरिने प्रत्येक क्रियाकलापहरुको बारेमा नागरिकलाई सुसूचित गराउने जिम्मेवारी स्वयं गाउँपालिकाको हो ।

गाउँपालिकावाट गरिने सेवा प्रवाहमा जनताको समान र सहज पहूँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गराउन समय समयमा सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परिक्षण, सामाजिक परीक्षण जस्ता क्रियाकलापहरु सञ्चालन गरिएता पनि पर्याप्त भने छैनन् । गाउँपालिकाबाट सञ्चालन गरिने गतिविधिको वारेमा गाउँपालिकाको वेवसाईट, बुलेटिन तथा प्रत्यक्ष जनताहरुसँग छलफलका कार्यक्रमहरु सञ्चालन गरी जानकारी गराउने गरिएको भएता पनि आगामी दिनहरुमा यसलाई अझ बढी प्रविधिमैत्री तथा भरपर्दो वनाउदै लैजानु पर्ने हुन्छ ।

गाउँपालिकाबाट हुने सेवा प्रवाहमा देखिने अनियमितता, ढीलासुस्ति, बिकृति र बिसंगतिको अन्त्य गरी भ्रष्टाचारमुक्त गाउँपालिका निर्माणको महान कार्यमा राप्ती सोनारी गाउँपालिका अगाडी बढिरहेको छ । पालिकाबाट प्रवाह हुने सेवा सुबिधालाई कानून सम्मत ढंगले सरल, सहज र पारदर्शी बनाई जनप्रतिनिधि र कर्मचारीहरुलाई जनमुखी, उत्तरदायी र जिम्मेवार बनाई सुशासनको प्रत्याभुती हुने गरी कार्यक्रमहरु सञ्चालन गरिनु पर्दछ । आगामी दिनहरुमा राप्ती सोनारी गाउँपालिका भ्रष्टाचारको क्षेत्रमा शून्य सहनशीलताको नीति अवलम्बन गरी सुशासन कायम गर्न प्रतिबद्ध हुनुपर्दछ ।

सञ्चारका माध्यमहरु जस्तै स्थानीय रेडीयो, पत्रपत्रिका, कार्यालयको सूचना पाटी, कार्यालयबाट प्रकाशन गरिने बुलेटिन तथा गाउँपालिकाकै वेभसाईट सूचना प्रवाहका प्रमुख माध्यमहरु भएकोले सञ्चार माध्यमको प्रयोग गरी पालिकनबाट भएगरेका गतिविधिहरु जनसमक्ष पुर्‍याउनु पर्ने दायित्व स्वयं गाउँपालिकाको हुन्छ ।

मानव स्रोत विकासमा जनप्रतिनिधि तथा कर्मचारीको शीप, क्षमता, ज्ञान, तालिम सहितको दक्षता अभिवृद्धि हो । शीप, क्षमता, ज्ञान एवं दक्षता भएको खण्डमा समूहमा वसेर काम गर्न सक्ने र लक्ष्यतर्फ संगठनलाई सहज रुपमा डोऱ्याउन सकिने हुन्छ । राप्ती सोनारी गाउँपालिकाका जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको क्षमता, ज्ञान, दक्षता, शैक्षिक योग्यता सम्वन्धी डाटा वेस तैयार भैनसकेको अवस्था छ । संगठन विकासको लागि हालसम्म गाउँपालिकाको रणनीतिक एवं जनशक्ति विकाश योजना वनिसकेको छैन । हरेक वर्ष क्षमता विकासको निम्ति केही रकम वार्षिक वजेटवाट छुट्याइएको देखिन्छ । सो बजेटवाट क्षमता अभिबृद्धि सम्वन्धी केही कार्यक्रमहरु सञ्चालन गरिएता पनि यो पर्याप्त छैन । गाउँपालिकामा कार्यरत कर्मचारीहरुको क्षमता पहिचान गरी आवश्यकता अनुसारका क्षमता अभिबृद्धिका क्रियाकलापहरु सञ्चालन गरी तालिम र प्रविधियुक्त बनाई उनीहरुको कार्यदक्षता अभिवृद्धि गरी सेवा प्रवाहलाई छिटो, छरितो, निष्पक्ष, पारदर्शी एवं प्रभावकारी बनाउनुपर्ने आवश्यकता छ ।

सेवा प्रवाहमा सरलता र सहजता ल्याई छिटो छरितो तथा प्रभावकारी वनाउन पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकासले मात्र हुदैन, सेवा प्राप्त गर्ने सेवाग्राहीहरुको समेत क्षमता अभिबृद्धि गर्न आवश्यक छ । यसै कुरालाई मध्यनजर गरी आगामी आर्थिक वर्षदेखि लागु हुने गरी तर्जुमा गरिएको यस आवधिक विकास योजनामा सेवाग्राहीहरुको लागि समेत क्षमता विकासका गतिविधिहरु समेत समावेश गरी कार्यान्वयन गरिनु पर्दछ । **परिणाममुखी र जनसेवी सार्वजनिक प्रशासन तथा विकास व्यवस्थापन** भन्ने सोँच सहित जवाफदेही, व्यवसायिक र सक्षम सार्वजनिक प्रशासनबाट सार्वजनिक सेवा प्रतिको जनविश्वास अभिवृद्धि गर्ने र विकासलाई नतिजा मूलक बनाउने लक्ष्य पन्ध्रौ योजनाले लिएको छ ।

प्रदेशको प्रथम आवधिक योजनामा **जनताले वस्तविक रुपमै अनुभूत गर्ने गरी भ्रष्टाचारमुक्त असल शासनको प्रत्याभूति र सदाचारयुक्त समाजको निर्माण** भन्ने सोँच लिएको छ भने सार्वजनिक क्षेत्रमा हुने भ्रष्टाचार र अनियमितता नियन्त्रण गरी सुशासन सुनिश्चित गर्ने लक्ष्य रहेको छ । त्यसैगरी सरकारी सेवालाई जवाफदेही, जन-उत्तरदायी र पारदर्शी बनाई विधिको शासन र सुशासन कायम गर्ने उद्देश्य पनि योजनामा रहेको छ ।

संबैधानिक एवं कानूनी अधिकारको सफलतापूर्वक कार्यान्वयन गर्न स्थानीय तहहरु रुपान्तरणकारी, सबल र सक्षम भई सेवा प्रवाहलाई प्रभावकारी बनाई सुशासनमा गुणात्मक परिर्वतन गरी सेवाग्राहीलाई सुशासनको पूर्ण अनुभूति दिलाउनु सक्नुपर्ने हुन्छ । त्यसकालागि मौजुदा साँगठनिक संरचनाको पुनरावलोकन गरी चुस्त दुरुस्त सेवा प्रवाहका लागि आवश्यक जनशक्तिको व्यवस्था गर्नुपर्दछ । यसै सन्दर्भमा स्थानीय विकास तथा सेवा प्रवाह सम्बन्धी नयाँ अवधारणा, सोँच, अभ्यास तथा स्थानीय तहको अधिकार तथा जिम्मेवारीमा वढोत्तरी र नीति नियममा समेत परिमार्जन भइरहेको अवस्था छ । स्थानीय सरकार सन्चालन ऐनको दफा ८३ बमोजिम गाउँपालिकाको आफ्नो कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा विषयगत शाखा तथा इकाईहरु रहेको संगठन संरचना कायम गर्ने तथा उक्त संगठन संरचनामा हरेक वडाको संगठन संरचना समेत समावेश गर्नुपर्ने व्यवस्था छ । कर्मचारी समायोजनको कार्य सम्पन्न भै राप्ती सोनारी गाउँपालिकाले संगठन तथा व्वस्थापन अध्ययन गरीसकेको तर स्विकृत भै नसकेको अवस्था छ । अत नेपाल सरकारबाट तत्कालीन अवस्थामा स्वीकृत संगठन संरचना अनुसारनै कार्य सञ्चालन हुदै आएको छ । हाल राप्ती सोनार गाउँपालिकामा प्रशासन, योजना तथा अनुगमन शाखा, आर्थिक प्रशासन शाखा, पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा, आर्थिक विकास शाखा, स्वास्थ्य तथा सामाजिक विकास शाखा, शिक्षा एवं युवा तथा खेलकूद शाखासमेत जम्मा ६ वटा शाखाहरु कायम गरी कार्य सम्पादन हुँदै आएको छ । साथै कार्य विशिष्टिकरणको आधारमा शाखाहरु अन्तरगत रहने गरी उप-शाखाहरु समेत कायम गरिएको छ । हाल सञ्चालनमा रहेका शाखाहरु तथा ती शाखाहरुमा कार्यरत कर्मचारीहरुको विस्तृत कार्य विवरण तयार भै सकेको भएतापनि कार्यान्वयनमा आएको छैन । आगामी दिनहरुमा प्रस्तावित शाखा तथा कार्यरत कर्मचारीहरुको बिस्तृत कार्यविवरण स्विकृत गरी लागु गर्नुपर्नेछ ।

आ.व २०७७/७८ को स्थानीय सरकार संस्थागत स्वमूल्याङ्कनको नतिजामा राप्ती सोनारी गाउँपालिकाले ४९% अंक प्राप्त गरेको छ । उक्त मूल्याङ्कनमा मुख्यतया शासकीय प्रवन्ध, संगठन प्रशासन, बजेट तथा योजना तर्जुमा, वित्तीय तथा आर्थिक व्यवस्थापन, भौतिक पुर्वाधार, सेवा प्रवाह लगायत अन्तरसम्वन्धित विषयहरु समावेश गरिएको छ । प्राप्त नतिजा लाई आधार लिंदा गाउँपालिकाले आगामी दिनहरुमा सुधार गर्नुपर्ने क्षेत्रहरु प्रशस्तै रहेको देखिन्छ ।

गाउँपालिकामा सेवा ग्राहीहरुको पहिलो प्रवेशद्वार नै वडा कार्यालयहरु भएको हुँदा त्यहाबाट हुने सेवा प्रवाहलाई प्राथमिकताकासाथ हेरिनुपर्ने हुन्छ । गाउँकार्यपालिकाको कार्यालयबाट हाल प्रवाह हुदै आएका सेवाहरुलाई विशिष्टिकृत गरी विस्तारै वडा कार्यालयहरुलाई हस्तान्तरण गर्ने र पालिकाले नीति निर्माण, नियमन, सहजीकरण तथा समन्वय जस्ता विषयमा केन्द्रित हुने नीति लिइएको छ । यसले हाल भन्दै आएको **सिंहदरवारको अधिकार गाउँ-गाउँमा** भन्ने नारालाई सार्थकता दिन मद्दत पुग्नेछ ।

वडाहरुवाट हुने सेवा प्रवाहका क्षेत्र, त्यहाँको जनसंख्या, सेवाग्राहीको चाँप आदिलाई मध्यनजर गरी वडा कार्यालयको दरवन्दी स्विकृत गर्नु पर्दछ । राप्ती सोनारी गाउँपालिकामा हाल कुनै वडामा पाँचौ तहको वडा सचिव तथा कुनै वडामा चौथो तहको वडा सचिबबाट कार्य सञ्चालन भएकोमा वडा स्तरमा रहने कर्मचारीहरुको दरवन्दीमा एकरुपता कायम गर्न आवश्यक छ । वडा कार्यालयबाट प्रवाहहुने सेवाहरुलाई विश्लेषण गर्दा प्रत्येक वडामा कम्तिमा पाँचौ स्तरको वडा सचिव एक जना, पाँचौ तहकै प्राविधिक एक जना, सहायक स्तर चौथो तहको एक जना कार्यालय सहायक सहितको संगठनात्मक संरचना वनाउन आवश्यक छ । वडाहरुमा एकीकृत बहु-सेवा पद्धति लागु गरी

कम्प्युटर, फोटोकपी, इन्टरनेट, दर्ता चलानी जस्ता कामका लागि छुट्टै जनशक्ति नराखी एउटै कर्मचारीवाट धेरै किसिमको काम गर्ने, गराउने परिपाटीको विकास गर्नुपर्दछ । आगामी दिनमा आवश्यकता अनुसार परिमार्जन गर्ने गरी हाललाई वडा तहमा देहाय बमोजिमको सांगठनिक संरचना प्रस्ताव गरिएको छ ।

वडा कार्यालयको प्रस्तावित सांगठनिक संरचना



चित्र नं. : वडा कार्यालयको प्रस्तावित सांगठनिक संरचना

कर्मचारीहरुलाई प्रत्येक आर्थिक बर्षमा निजले सम्पादन गर्नुपर्ने कामको विस्तृत कार्य विवरण तयार गरी सोही आधारमा निजसँग बार्षिक रुपमा कार्य सम्पादन सम्झौता गर्दा सेवा प्रवाहलाई अझ बदी भरपर्दो र प्रभावकारी वनाउन सकिने हुँदा आगामी आर्थिक बर्ष २०७९/८० गाउँकार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वीच र प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरु बीच गरिनेछदेखि लागुहुने गरी प्रत्येक शाखा/इकाई तथा कर्मचारीको विस्तृत कार्य विवरण तैयार गरी कर्मचारीहरुसँग कार्य सम्पादन सम्झौता गर्ने प्रावधान लागु गरिनेछ ।

गाउँपालिकामा हालसम्म मानवश्रोत योजना र वृत्ति विकास योजना वनेको छैन । संविधान र कानूनवाट क्षेत्राधिकार र जिम्मेवारी थपिए अनुसार कार्यसम्पादन गर्न थप शीप, ज्ञान, दक्षता आवश्यक छ । यस सम्बन्धी ठोस योजना नवनेकोले कार्यसम्पादन गर्न चूनौतीपूर्ण देखिन्छ । अतः गाउँपालिकाले जनप्रतिनिधि तथा कर्मचारीहरुको तालिम आवश्यकता पहिचान गरी क्षमता विकासका गतिविधिहरु सञ्चालन गर्नुपर्ने हुन्छ ।

गाउँपालिकाको आफ्नो नयाँ कार्यालय भवन बनिनसकेको अवस्थामा बिगतमा सिक्टा सिंचाई आयोजनाले हस्तान्तरण गरेको भवनहरुबाट कार्य सम्पादन हुदै आएको छ । चुस्त दुरुस्त तथा गुणस्तरीय सेवा प्रवाहका लागि उपलव्ध भौतिक पूर्वाधारले समेत प्रभाव पार्ने हुँदा यसमा ध्यान जानु आवश्यक छ । त्यसैगरी पर्याप्त सुविधा सहितको कार्यकक्ष निर्माणमा ध्यान दिन जरुरी देखिन्छ ।

सेवा प्रवाहका लागि आवश्यक कार्यकक्षका साथै न्यूनतम भौतिक उपकरण्हरुको समेत व्यवस्थापन हुन जरुरी छ । यसका लागि आवश्यक कम्प्युटर, प्रिन्टर, फोटोकपि मेशिन, स्क्यानर, इन्टरनेट सुविधा उपलव्ध हुनु आवश्यक छ । गाउँपालिकामा निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरुसँगको छलफलमा यस प्रकारका भौतिक उपकरणहरु हाल उपलव्ध रहेको तथा यी उपकरणहरु केही पुराना तथा केही जीर्ण अवस्थामा रहेकोले केही नयाँ थप तथा केहीको नियमित मर्मत संभारको आवश्यकता रहेको देखिन्छ । गाउँपालिकाका सवै ९ वटै वडाहरुले आफ्नै भवनबाट सेवा प्रवाह गरिरहेको अवस्था छ । विगतमा गा.वि.स. कार्यालय सञ्चालन गर्दै आएका र हाल वडा कार्यालयमा परिणत भएका भवनहरुको मर्मत संभार तथा थप उपकरणहरुको लागि समेत योजनामा बजेट व्यवस्था गरिनु पर्दछ ।

अवसर र चुनौती

अबसरहरु

- बिगतको मन्त्रालयबाट स्वीकृत दरवन्दी अनुसारका कर्मचारीहरुको पदपुर्ति भैसकेको ।
- सवै वडामा आफ्नै भवन सहितका कार्यालयहरु स्थापना भै सेवा प्रवाह गएको ।
- सेवा प्रवाह सम्वन्धमा जनतामा सकारात्मक प्रभाव परेको ।

- नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ लगायतका अन्य बिभिन्न ऐन कानूनमा सार्बजनिक सेवा प्रवाहमा सुशासन प्रवर्द्धन सम्बन्धी प्रावधान रहेको ।
- नेपाल सरकारले सेवा प्रवाह सम्वन्धी मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याएको तथा स्थानीय स्तरमा समेत सुशासन सम्वन्धी नीति, नियम र कार्यविधि निर्माण गरी कार्यान्वयन गर्न सकिने अवस्था रहेको ।
- सूचना प्रविधिको अधिकतम प्रयोग गरी सेवा प्रवाह सम्वन्धी कार्यहरुलाई प्रविधियुक्त बनाई छिटो, छरितो र पारदर्शी रुपमा सम्पदान गर्न सकिने अवस्था रहेको ।
- पदाधिकारी तथा कर्मचारीहरुलाई सुशासन सम्वन्धी तालिम प्रदान गरी उनीहरुको कार्यदक्षता अभिवृद्धि गरी स्वच्छ, निष्पक्ष, जनमुखी र भ्रष्टाचारमुक्त सरकार सञ्चालन गर्न सकिने अवस्था रहेको ।
- शासन व्यवस्था प्रति जनताको पूर्ण विश्वास, निर्वाचित जनप्रतिनिधि प्रति भरोसा, विकासमा सहभागी हुन ईच्छुक जनता तथा प्राकृतिक श्रोतको उपलब्धता भएको ।

चुनौतीहरु

- जनप्रतिनिधि र कर्मचारीको जिम्मेवारी अनुसार भूमिका निर्वाह गर्न सक्ने आवश्यक ज्ञान सीपयुक्त जनशक्तिको व्यवस्थापन गर्ने ।
- कार्यसम्पादनका लागि आवश्यक ऐन, नियम, निर्देशिका, कार्यविधि तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने
- गाउँपालिकाको आफ्नै नयाँ तथा व्यवस्थित कार्यालय भवन र पर्याप्त भौतिक उपकरण तथा क्षमताबान जनशक्तिको व्यवस्थापन गर्ने ।
- कार्यचाप, कार्यबोझ र सेवा प्रवाहका आधारमा आवश्यक कर्मचारी दरबन्दी व्यवस्थापन गरी परिचालन गर्ने ।
- सवै वडाहरुमा कार्यालयहरु स्थापना भै सेवा प्रवाह भैरहेको भएतापनि जनशक्ति तथा भौतिक उपकरणहरुको व्यवस्थापन गर्ने ।
- जनप्रतिनिधि र कर्मचारीको जिम्मेवारी अनुसार भूमिका निर्वाह गर्न आवश्यक ज्ञान सीपयुक्त जनशक्ति व्यवस्थापन गर्ने ।

दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य

संबैधानिक एंव कानूनी अधिकारको सफल कार्यान्वयन गर्न गाउँपालिकामा उपलब्ध श्रोत तथा साधनको अधिकतम परिचालन गरी दक्ष तथा क्षमतावान जनशक्ति मार्फत सहज सेवा प्रवाहको माध्यमबाट पालिकाबासीलाई सुशासनको प्रत्याभुती दिलाउन निम्न सोँच, लक्ष तथा उद्देश्यहरु निर्धारण गरिएको छ ।

दीर्घकालीन सोँच : समृद्धिमैत्री शासन पद्धति; सुशासनमैत्री दक्ष, सहयोगी र नैतिकबान जनशक्ति ।

लक्ष्य : चुस्त संस्थागत संरचना मार्फत शीघ्र तथा गुणस्तरीय सेवा प्रवाह भै जनतामा सुशासनको प्रत्याभुति भएको हुने ।

उद्देश्य :

- प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक कानून तर्जुमा र उत्प्रेरित जनशक्तिको व्यवस्थापन गर्ने ।
- भ्रष्टाचार नियन्त्रणमा शून्य सहनशीलताको नीति अवलम्वन गरी विकासका सवै आयमलाई लागत र गुणस्तरका दृष्टीले उत्कृष्ट नतिजा हासिल गर्न सदैव क्रियाशील रहने ।
- सेवा प्रवाहलाई चुस्त, दुरुस्त र समय सापेक्ष बनाउन आवश्यक जनशक्ति, भौतिक पूर्वाधार एवं उपकरणहरुको को व्यवस्थापन गरिने ।

रणनीति र कार्यनीति

उपलब्ध श्रोत तथा साधनको अधिकतम उपयोग गरी दक्ष एवं क्षमतावान जनशक्ति मार्फत सहज सेवा प्रवाहको माध्यमबाट नागरिकहरुलाई सुशासनको प्रत्याभूति दिलाउन निम्न रणनीति तथा कार्यनीतिहरु अवलम्वन गरिनेछ ।

उद्देश्य १ : प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक कानून तर्जुमा र उत्प्रेरित जनशक्तिको विकास गर्ने ।	
रणनीति	**कार्यनीति**
• आवश्यक नीति तथा कानून तर्जुमा गरी कार्यान्वयनका लागि उत्प्रेरित जनशक्तिको व्यस्थापन गर्ने ।	• संविधानले व्यवस्था गरेका एकल अधिकारको अभ्यास गर्न तर्जुमा हुन बाँकी रहेका कानूनहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याउने । • सकरात्मक सोँच सहितको उत्प्रेरित जनशक्ति (जनप्रतिनिधि

	तथा कर्मचारी) निर्माणका लागि समय सापेक्ष प्रशिक्षणको व्यवस्था गर्ने ।
उद्देश्य २ : भ्रष्टाचार नियन्त्रणमा शून्य सहनशीलताको नीति अवलम्वन गरी विकासका सवै आयमलाई लागत र गुणस्तरका दृष्टीले उत्कृष्ट नतिजा हासिल गर्न सदैव क्रियाशील रहने ।	
रणनीति	**कार्यनीति**
• पालिका तथा वडाबाट प्रवाह गरिने सेवालाई पारदर्शी, मितव्ययी र गुणस्तरीय बनाई भ्रष्टाचारको सवालमा शून्य सहनशीलताको नीति अवलम्वन गर्दै जनउत्तरदायी स्थानीय सरकारको प्रत्याभूति गराउने ।	• गाउँपालिकाबाट हुने आर्थिक कारोवारलाई पारदर्शीरुपमा सञ्चालन गरिनेछ । • जवाफदेहीताका औजारहरु-सार्वजनिक सुनुवाई तथा सार्वजनिक लेखापरीक्षण जस्ता गतिविधिहरुलाई कार्यान्वयन गरिनुका साथै नागरिकबाट आउने लिखित तथा मौखिक सुझाव तथा गुनासोहरुलाई व्यवस्थित गरिनेछ । • विद्युतीय शासन प्रणलीको अवलम्वन गरी सार्वजनिक सेवालाई गुणस्तरीय, मितव्ययी तथा पहूँचयोग्य बनाईनेछ । • गाउँपालिकाबाट सार्वजनिक हितमा गरिने सबै निर्णयहरु तथा विकास गतिविधिहरुका बारेमा विभिन्न सञ्चार माध्यमको प्रयोग गरी जनतालाई सुसूचित गरिनेछ ।
उद्देश्य : ३ सेवा प्रवाहलाई चुस्त, दुरुस्त र समय सापेक्ष बनाउन आवश्यक जनशक्ति, भौतिक पूर्वाधार एवं उपकरणहरुको को व्यवस्थापन गरिने ।	
रणनीति	**कार्यनीति**
• आवश्यक जनशक्तिको व्यवस्थापन सहित कर्मचारीहरुको कार्यसम्पादनलाई सेवा प्रवाह संग आवद्ध गरिने ।	• संगठनात्मक स्वरुप स्वीकृत गरी जनशक्तिको व्यवस्था गरिनेछ । • पालिकामा कार्यरत जनशक्तिको क्षमता अभिबृद्धि गरिनेछ । • गाउँपालिकामा रहने प्रत्येक शाखा तथा इकाईहरु र त्यहाँ कार्यरत कर्मचारीहरुको कार्य विवरण स्विकृत गरी कार्यान्वयनमा ल्याइनेछ । • कार्य सम्पादनका सूचकहरु विकास गरी कर्मचारीहरुसँग कार्य सम्पादन सम्झौता गरिनेछ । • कार्यसम्पादन मूल्यांकनका आधारमा कर्मचारीहरुलाई पुरस्कृत गरिनेछ ।
• समृद्धिमैत्री शासन पद्धतिमा टेवा पुऱ्याउन आवश्यक भवन, फर्निचर,सवारी साधन, प्रविधि र यान्त्रिक उपकरणको व्यवस्था गर्ने ।	• नविनतम प्रविधिको प्रयोगका साथै आवश्यक फर्निचर, यान्त्रिक उपकरण सहितको गाउँपालिकाको कार्यालय भवन निर्माण गरिनेछ । • हालका वडा कार्यालयहरुमा आवश्यक फर्निचर, यान्त्रिक उपकरण तथा आवश्यक प्रविधिको व्यवस्था गरिनेछ । • सेवा प्रवाहलाई सूचना प्रविधिको प्रयोगबाट सहज र सुलभ बनाइदै लगिनेछ । • वडा कार्यालयहरुलाई सेवा प्रवाहको सशक्त प्रवेश विन्दु (Powerful Entry Point) को रुपमा विकास गरिनेछ ।

प्रमुख कार्यक्रम

- एकल अधिकार क्षेत्र अन्तरगतका विषयको बाँकी कानून, नीति तथा कार्यबिधिहरु तर्जुमा ।
- सार्वजनिक सुनुवाई, सार्वजनिक लेखापरीक्षण कार्यविधि तयारी ।
- सेवा प्रवाह सम्वन्धमा चौमासिक रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन ।
- चौमासिक रुपमा प्रगति समीक्षा कार्यक्रम ।
- गाउँकार्यपालिका तथा प्रत्येक वडाहरुमा नागरिक वडापत्रको व्यवस्था (गाउँपालिकामा डिजिटल बोर्ड) तथा अध्यावधिक ।

- व्यक्तिगत घटनादर्ता सम्वन्धमा बस्ती स्तरमा छलफल तथा अन्तरक्रिया कार्यक्रम ।
- वडा तहमा एकीकृत घुम्ती सेवा सञ्चालन ।
- सेवाग्राही सन्तुष्टि सर्वेक्षण कार्यविधि तैयार गरी कार्यक्रम संचालन तथा सार्वजनिकीकरण ।
- गाउँपालिकाको साङ्गठनिक तथा व्यवस्थापन अध्ययन प्रतिवेदनको स्वीकृति तथा कार्यान्वयन ।
- गाउँपालिकको क्षमता विकास योजना निर्माण तथा कर्मचारी तथा जनप्रतिनिधि क्षमता विकास कार्यक्रम ।
- गाउँसभा तथा कार्यपालिकाबाट गठन गरिएका बिभिन्न समितिहरुको कार्य विवरण सहितको कार्यविधि तर्जुमा तथा कार्यान्वयन ।
- कर्मचारीहरुको कार्यसम्पादन सम्झौताका लागि सूचकहरु निर्माण/परिमार्जन ।
- गाउँपालिकाको कार्यालय भवन निर्माण (पूर्वाधारमा समावेश भएको)
- वडाकार्यालयहरुको मर्मत संभार कार्यक्रम ।
- गाउँपालिका तथा वडा कार्यालयमा भौतिक उपकरण, इन्टरनेट सेवा लगायत फर्निचर तथा फर्निसिङको व्यवस्था
- आवधिक योजनाको मध्यावधिक समिक्षा तथा नयाँ योजना निर्माण
- सेवा प्रबाहमा प्रविधिको प्रयोग ।
- बार्षिक योजना तथा बुलेटिन प्रकासन ।

अपेक्षित उपलब्धी

- गाउँपालिकाबाट प्रवाह गरिने सेवालाई सहज र सरल तवरले प्रवाह गर्न आवश्यक पर्ने कानून तथा नीति, नियमहरुको तर्जुमा भएको हुनेछ ।
- सेवा प्रवाहका लागि आवश्यक जनशक्तिको व्यवस्थापन मार्फत सेवा प्रवाहमा पारदर्शीता कायम गर्दै जनतालाई सुशासनको प्रत्याभुति गराइनेछ ।
- गाउँपालिकाको क्षमता विकास योजना तयार भै सेवा प्रवाहमा संलग्न कर्मचारी तथा पदाधिकारीहरुको ज्ञान तथा सीप अभिबृद्धिका लागि क्षमता विकासका कार्यक्रमहरु सञ्चालन भएको हुनेछन् ।
- परदर्शीताका औजारहरु जस्तै सार्वजनिक सुनुवाई, सार्वजनिक लेखापरीक्षण तथा सामाजिक परीक्षण जस्ता गतिविधिहरु सञ्चालन भएका हुनेछन् ।
- गाउँपालिकाबाट सार्वजनिक हितमा हुने गरेका निर्णयहरु तथा विकास गतिविधिहरुको बारेमा विभिन्न सञ्चार माध्यमको प्रयोग गरी जनसमक्ष पुऱ्याउने कार्य पद्धतिको रुपमा स्थापित भएको हुनेछ ।
- सांगठनिक संरचनामा व्यबस्था भए अनुसारको जनशक्तिको पदपुर्ति गरिने छ र उक्त जनशक्तिलाई आवश्यकता अनुसारका क्षमता अभिबृद्धि गरी सेवा प्रवाहमा सुधार भएको हुनेछ ।
- कर्मचारीहरुसँग कार्यसम्पादन सम्झौता गरी काम गर्ने पद्धतिको विकास भएको हुनेछ तथा कामको आधारमा पुरस्कार तथा दण्डको व्यवस्था गरिएको हुनेछ ।

८.२ वित्तीय सुशासन

विद्यमान अवस्था

वित्तीय सुशासन आर्थिक अनुशासन एवं सभ्य समाजको द्योतक हो । वित्तीय अनुशासनलाई प्रभावकारी रुपमा आत्मसात गर्न सके आर्थिक समृद्धिको लक्ष्य प्राप्ति सम्भव हुनुका साथै नागरिकले सरकारलाई हेर्ने दृष्टिकोणमा समेत सकारात्मक परिवर्तन आउछ । छनौट भएका कार्यक्रम तथा आयोजनाहरुको खर्चको व्यवस्थापन, आयोजनाको ठेक्का पट्टामा हुने अस्वस्थ प्रतिस्पर्धालाई नियन्त्रण गरी पारदर्शी र प्रविधिमैत्री प्रतिस्पर्धाको व्यवस्था, प्रभावकारी आन्तरिक लेखापरीक्षण, नियमितता, मितव्ययिता, औचित्यता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण, समयमै बेरुजु फछर्यौट, पारदर्शी खरिद प्रक्रिया, आम्दानी खर्चको विवरण सावर्जनिकीकरण तथा पारदर्शीता, राजश्व र व्ययको अनुमान तथा स्वीकृति, बैकिङ प्रणाली मार्फत भुक्तानी जस्ता औजारहरु वित्तीय सुशासनका लागि अपरिहार्य छन् ।

प्रदेशको प्रथम आवधिक योजनाले विकास कार्यक्रमहरुमा सार्वजनिक लेखापरीक्षणलाई अनिवार्य बनाउने रणनीति सहित विकास आयोजनाहरुमा होर्डिङ्ग बोर्ड राख्ने व्यवस्था अनिवार्य गर्ने, प्रभावकारी अनुगमन, सार्वजनिक सुनुवाई तथा सार्वजनिक लेखापरीक्षणको व्यवस्था गर्ने, आर्थिक कारोवार हुने सरकारी कार्यालयहरुमा सिसिटिभी जडान गरी अनुगमन गर्ने जस्ता कार्यनीतिहरु तय गरेको छ ।

प्रशासनिक सुशासन सगसगै वित्तीय सुशासन अपरिहार्य छ । वित्तीय सुशासन कायम गर्न सकेमा मात्र पालिकाबाट प्रबाह गरिने सेबाहरु प्रति जनबिश्वास बढ्नेछ । पालिका मार्फत छनौट गरिएका आयोजनाहरुमा खर्चको व्यवस्थापन तथा कार्यान्वयनमा पारदर्शिता र प्रविधिमैत्री ढंगले प्रतिस्पर्धाको आधारमा गर्ने, खरिद् प्रकृयालाई नियम संगत ढंगले पारदर्शी बनाउने र वित्तीय प्रणालीलाई सुदृढीकरण गर्न सकेमात्र वित्तीय सुशासन कायम गर्न सकिन्छ । यसको साथै राजश्व र व्ययको अनुमान, लेखापरिक्षण प्रणाली र वित्तीय प्रणालीलाई नियमित र प्रभावकारी वनाउन आवश्यक छ । गाउँपालिकाका सम्पूर्ण वित्तीय कारोवारलाई वैकिङ प्रणाली मार्फत संचालन गर्न आधुनिक प्रविधियुक्त इन्टरनेटको व्यवस्था समेत गर्नुपर्दछ ।

अवसर र चुनौती

अवसरहरु

- वार्षिक रुपमा गा.पा परिषद्बाट राजश्व र व्ययको अनुमान पेश र स्वीकृत गरी विभिन्न शीर्षकमा वजेट विनियोजन हुने गरेको ।
- संघ र प्रदेश सरकारवाट प्राप्त अनुदानवाट विभिन्न विकास आयोजना सञ्चालन भइरहेको ।
- ठेक्का पट्टा र खरिद प्रक्रिया नियम संगत तथा पारदर्शी बनाई समयमा नै कार्यसम्पादन गर्न सकिने ।
- सम्पूर्ण आर्थिक कारोवारलाई बिद्युतीय माध्यमबाट सञ्चालन गरी बिद्युतीय सुशासन कायम गर्ने ।
- जनप्रतिनिधि र कर्मचारीलाई बित्तीय सुशासन सम्बन्धी तालिम प्रदान गरी कार्य क्षमतामा बृद्धि गर्ने ।
- गा.पा.का सम्पूर्ण बित्तीय कारोवारहरुमा सुशासन कायम गरी नमूना गा.पा. निर्माण गर्ने ।
- बेरुजुलाई नियमित एवं सम्परीक्षण गरी कमगर्दे लैजाने ।

चुनौतीहरु

- सार्वजनिक खरिद प्रक्रिया जटिल रहेको तथा बेरुजु बढ्दै गएको । खरिद प्रक्रिया नियमसंगत, व्यवस्थित र पारदर्शी बनाउने ।
- संघ र प्रदेशवाट प्राप्त अनुदान समयमै निकासा गरी विकास आयोजनाहरुको निर्धारित समयमा ठेक्का पट्टा गरी सम्पन्न गर्ने ।
- वार्षिक राजश्व र व्ययको अनुमान यर्थाथपरक बनाई राजश्व संकलन तथा परिचालनलाई पारदर्शी र प्रभावकारी बनाउने ।
- सम्पूर्ण आर्थिक कारोवारलाई विद्युतीय माध्यमद्धारा सञ्चालन गर्ने ।
- आन्तरिक राजश्वबाट प्रशासनिक खर्च व्यवस्थापन गर्ने ।

दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य

दीर्घकालीन सोँच : गाउँपालिकाको समृद्धि ,बित्तीय सुशासन मार्फत आन्तरिक आयमा वृद्धि; ।

लक्ष्य: गाउँपालिकाका सम्पूर्ण आर्थिक क्रियाकलापहरुलाई मितब्ययी तथा पारदर्शी बनाई बिकास गतिविधिहरुमा जन विश्वास आर्जन गर्ने ।

उद्देश्य : गाउँपालिकाको आय र ब्ययलाई व्यवस्थित र पारदर्शी बनाई वित्तीय सुशासन कायम गर्ने ।

रणनीति र कार्यनीति

उद्देश्य : गाउँपालिकाको आय र ब्ययलाई व्यवस्थित र पारदर्शी बनाई वित्तीय सुशासन कायम गर्ने ।	
रणनीति	**कार्यनीति**
• वित्तीय व्यवस्थापनमा संस्थागत सुदृढीकरणका साथै वित्तीय पारदर्शीतामा जोड दिने ।	• गाउँपालिकामा रहेको बेरुजु फछ्र्यौटका लागि आवश्यक व्यबस्था मिलाई आगामी दिनहरुमा शून्य वेरुजुको अबधारणा अवलम्वन गरिनेछ । • करका दर र दायरालाई व्यवस्थित गर्न राजश्व सम्भाव्यता अध्ययन गरी कार्यान्वयन गरिनेछ । • वित्तीय व्यवस्थापनमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिनेछ । • गा.पा.को विकास आयोजनाहरुको ठेक्का-पट्टा निर्धारित समय भित्रै गर्ने तथा विद्युत्तीय बोलपत्रको दायरालाई विस्तार गरी पारदर्शी बनाइनेछ । • निर्धारित समय अगाबै काम सम्पन्न गर्नेलाई प्रोत्साहन गर्ने ब्यबस्था

	गरिनेछ । ● आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण गरिनेछ ।
● बार्षिक योजना तर्जुमा गर्दा आवधिक योजनालाई मुख्य आधारको रुपमा ग्रहण गर्ने ।	● आवधिक योजनाबाट निर्देशित भई वार्षिक वजेट तर्जुमा गरिनेछ । ● प्रत्येक बर्ष मध्यकालीन खर्च संरचना तयार गरी कार्यान्वयनमा ल्याईनेछ । ● बार्षिक नीति तथा कार्यक्रम तय गर्दा आवधिक योजनालाई मुख्य आधारमानी गरिनेछ ● लाभ र लागतको विश्लेषण सहित योजना तथा कार्यक्रम अवधि यकिन गरी वार्षिक बजेट विनियोजन गरिनेछ ।

प्रमुख कार्यक्रम

- बार्षिक योजना तर्जुमा तथा सभाबाट स्विकृत ॥
- राजस्व सुधार कार्य योजना तयारी तथा अध्यावधिक ।
- मध्यकालीन खर्च संरचना तर्जुमा (बार्षिक रुपमा) ।
- लेखा प्रणाली सुदृढीकरण कार्यक्रम ।
- राजश्व शाखा सुदृढिकीकरण कार्यक्रम ।
- आन्तरिक नियन्त्रण प्रणालीको विकास तथा सुदृढिकरण ।
- बेरुजु अभिलेखीकरण तथा फछ्र्यौट कार्यक्रम ।
- बार्षिक खरिद योजना तथा खरिद गुरु योजना तयारी ।

अपेक्षित उपलब्धी

- राजस्व सुधार कार्य योजना तयार भै राजस्वमा बृद्धि भएको हुनेछ ।
- सार्वजनिक आय ब्यय ब्यवस्थित र पारदर्शी भएको हुनेछ ।
- प्राथमिकताको आधारमा बिकास आयोजनाहरुमा बजेट बिनियोजन भएको हुनेछ ।
- गाउँपालिकाका सम्पूर्ण वित्तीय कारोवारहरु बिद्युतीय माध्यमद्धारा सञ्चालन भएका हुनेछन् ।
- राजश्व संकलन र परिचालन क्षमतामा बृद्धि भएको हुनेछ ।
- कर्मचारीहरुलाई वित्तीय सुशासन सम्बन्धी तालिमको ब्यवस्था गरी क्षमता अभिबृद्धि भएको हुनेछ ।
- विकास आयोजनाहरुमा खर्च हुने बजेट निर्धारित समयमा निकासा गरी समयमा नै काम सम्पन्न गर्ने परिपाटिको विकास भएको हुनेछ ।

८.३ न्याय प्रणाली

विद्यमान अवस्था

न्यायलाई सबैको पहूँचयोग्य, अनुमायोग्य र विश्वसनीय बनाउनु आवश्यक छ । संविधानमै व्यवस्था भए अनुरुप नागरिक स्वतन्त्रता, मानव अधिकार र मानवीय मूल्य मान्यताको सम्मान, संरक्षण सहित निष्पक्ष, सर्वसुलभ, मितव्ययी, प्रभावकारी र जन उत्तरदायी न्याय प्रणालीको सुनिश्चितता गर्नु आजको आवश्यकता हो । न्याय प्रणालीको प्रस्थान विन्दु स्थानीय तहको न्यायिक समितिलाई न्याय सम्पादन र व्यवस्थापनमा सक्षम एवं प्रणालीबद्ध बनाई प्रभावकारीता ल्याउनु आजको आवश्यकता हो ।

पन्ध्रौ योजनाले **स्वतन्त्र, निष्पक्ष, पहूँचयोग्य, सक्षम र विश्वसनीय न्याय प्रणाली** भन्ने दीर्घकालीन सोँच र सो अनुसारको लक्ष्य लिएको छ । **हिंसारहित, सुरक्षित र न्यायपूर्ण समाज निर्माण** भन्ने दीर्घकालीन सोँच लिएको प्रदेशको प्रथम आवधिक योजनाले स्थानीय तहको न्यायिक समितिको संस्थागत क्षमता अभिवृद्धि गर्ने, प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना र सहजीकरण गर्ने, सामाजिक जागरणका कार्यक्रम सञ्चालन गर्ने, सामाजिक भेद्भाव, आय असमानता र गरिबी हटाउन सरोकारवालाहरुसँग सहकार्य र समन्वय गर्ने, घरेलु तथा लैङ्गिक हिंसा नियन्त्रणका लागि प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रम सञ्चालन गर्ने कार्यनीतिहरु तय गरिएको छ ।

स्थानीय तहमा न्यायिक कार्य सम्पादन सम्पन्धी ज्ञान र सीपको अभावमा शुरुमा काम गर्न केही असहज महसूस गरिएता पनि विस्तारै समितिका पदाधिकारी एवं कर्मचारीहरुको क्षमता अभिबृद्धि भई हाल केही सहज भएको अवस्था छ । स्थानीय सरकार संचानल ऐन, २०७४ मा समितिको क्षेत्राधिकार बारे प्रष्ट उल्लेख भएको तथा गाउँपालिका स्वयंले समितिको कार्यविधि बनाई कार्यान्वयन गर्ने प्रावधान भए अनुसार हाल कार्यविधि बनाई कार्यान्वयनमा ल्याइएको छ ।

अवसर र चुनौती

अवसरहरु

- नेपालको संबिधानमै स्थानीय तहमा न्यायिक कार्यसम्पादनका लागि न्यायिक समितिको व्यबस्था भएको ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ मा न्यायिक समितिको क्षेत्राधिकार बारे प्रष्टरुपमा उल्लेख भएको ।
- गाउँपालिकामा न्यायिक समिति गठन भै न्यायिक कार्यसम्पादनको कार्य अगाडी बढिरहेको ।
- न्यायिक समितिबाट सम्पादित कार्यहरुबाट जनतामा सकारात्मक सन्देश प्रवाह भएको ।

चुनौतीहरु

- स्थानीय तहमा न्याय सम्पादन प्रणालीलाई पद्धतिको रुपमा विकास गर्ने ।
- न्यायिक कार्य सम्पादनका लागि पर्याप्त ज्ञान तथा सीपको व्यवस्थापन गर्ने ।
- आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने ।

दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य

दीर्घकालीन सोँच : राप्ती सोनारीको प्रतिबद्धता; स्वतन्त्र, निष्पक्ष र सहज न्याय सम्पादनमा अग्रसरता ।

लक्ष्य : स्वतन्त्र, निष्पक्ष तथा सहजरुपमा न्याय पाउने अवस्था सिर्जना गर्ने ।

उद्देश्य : पालिकावासीहरुलाई सहज रुपमा स्वतन्त्र, निष्पक्ष तथा बिश्वसनीय न्यायिक सेवा उपलव्ध गराउने ।

रणनीति र कार्यनीति

उद्देश्य : पालिकावासीहरुलाई सहज रुपमा स्वतन्त्र, निष्पक्ष तथा बिश्वसनीय न्यायिक सेवा उपलव्ध गराउने ।	
रणनीति	**कार्यनीति**
• न्यायिक कार्यसम्पादनका लागि संस्थागत सुदृढीकरण र क्षमता विकासमा जोड दिने ।	• आवश्यक कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याइनेछ । • प्रत्येक वडाहरुमा सामुदायिक मेलमिलाप केन्द्रको गठन गरी कार्यान्वयनमा ल्याइनेछ । • न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको लागि क्षमता अभिबृद्धि तालिम सञ्चालन गरिनेछ । • स्थानीय स्तरमा कानूनी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

प्रमुख कार्यक्रम

- आवश्यक ऐन नियम कार्यविधि, निर्देशिका तर्जुमा ।
- न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिबृद्धि कार्यक्रम ।
- सामुदायिक मेलमिलाप केन्द्रको स्थापना तथा मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि कार्यक्रम ।
- स्थानीय स्तरमा कानूनी सचेतना कार्यक्रम सञ्चालन ।

अपेक्षित उपलब्धी

- न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको क्षमतामा अभिबृद्धि भई न्याय सम्पादनमा सहजता हुनेछ ।
- सवै वडाहरुमा मेलमिलाप केन्द्रहरु गठन भई मेलमिलापकर्ताहरुको सहयोगमा मेलमिलापका कार्यहरु सम्पादन भएका हुनेछन् ।
- स्थानीय स्तरमा कानूनी सचेतना कार्यक्रम सञ्चालन भई गाउँपालिकामा विभिन्न बैमनष्यताका घटनाहरुमा कमी आएको हुनेछ ।

८.४ नविनतम प्रविधिको प्रयोग

विद्यमान अवस्था

नवीनतम प्रविधिलाई देशको विकासँग आवद्ध गर्दै यस सम्बन्धी खोज, आविस्कार, उत्खनन् र विकासमा लगानी गर्न आवश्यक छ । स्वच्छ वातावरण, शिक्षा, स्वास्थ, पूर्वाधार, सूचना तथा सञ्चार, सेवा, लगाएतको क्षेत्रमा नवीन प्रविधिको प्रयोग गरी सुखी एवं समृद्ध राष्ट्र निर्माणमा टेवा पुऱ्याउन आवश्यक छ । परम्परागत प्रविधि तथा उदीयमान नवीन प्रविधिका उपलब्धीलाई हाम्रो आवश्यकता परिपूर्तिमा उपयोग गर्न आवश्यक छ ।

उत्पादनसँग प्रविधि तथा नवपर्वतन भन्ने साँच र नवीनतम प्रविधिलाई उत्पादनमा आवद्ध गर्दै समृद्धि हासिल गर्ने साँच पन्धौ योजनाले लिएको छ । त्यसैगरी शासकीय सुधार अन्तरगत **आधुनिक प्रविधिमा आधारित विधिको शासन** भन्ने साँच सहित सार्वजनिक निकायका काम कारवाहीलाई प्रविधिमैत्री बनाई जनसहभागिता र जनविश्वासमा अभिवृद्धि गर्ने उद्देश्य उक्त योजनाले अङ्गिकार गरेको छ ।

लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाले सूचना प्रविधिको प्रयोग गरी सरकारी कामकाज छिटो छरितो ढङ्गले सम्पादन गर्ने, विद्युतीय शासन प्रणालीको अवलम्बन गरी प्रशासनिक कार्यहरुलाई सहज बनाउने, मोबाइल एप्स मार्फत जनगुनासो संकलन र व्यवस्थापन गर्ने जस्ता कार्यनीतिहरु तय गरेको छ ।

राप्ती सोनारी गाउँपालिकामा नविनतम प्रविधिको प्रयोग गरी शिक्षा, स्वास्थ्य लगायत अन्य विभिन्न क्षेत्रका सेवाहरुलाई सहज र विश्वसनीय बनाउन सकिएको छैन । यसका लागि विभिन्न क्षेत्रमा सहज इन्टरनेटको विस्तार गरी प्रयोगमा ल्याउन सकेमा मात्र नविनतम ज्ञानको विस्तार र गुणस्तरमा सुधार गर्न नसकिने अवस्था आउँछ । अतः पालिकाले नविनतम प्रविधिको प्रयोगमा विशेष ध्यान दिन जरुरी छ ।

अवसर र चुनौती

अवसर

- भू-मण्डलीयकरणले गर्दा सहज रुपमा यस्तो प्रविधि भित्राउन सकिने ।
- शिक्षामा पहूँचको कारणले युवा पिढी सूचना प्रविधिमा बढी अभ्यस्त र लालायित रहेको ।
- नयाँ प्रविधियुक्त स्मार्ट मोबाइलको उल्लेख्य विस्तार भएको ।
- आर्थिक सामाजिक क्षेत्रमा नविनतम प्रविधिको प्रयोगबाट फाइदा लिन सक्ने अवस्था रहेको ।
- विभिन्न सफ्टवेयर मार्फत विभिन्न सेवाहरु लिन/दिन सकिने ।

चुनौती

- नविनतम प्रविधिलाई उत्पादनसँग जोड्ने गरी विस्तार र प्रयोग गर्ने ।
- पुरानो पिढीमा आवश्यक ज्ञानको अभावमा यस्तो प्रविधि प्रयोग बारे चासो नलिने अवस्था रहेको ।
- नविनतम प्रविधिको समुचित प्रयोग र व्यवस्थापन गर्ने ।
- नविनतम प्रविधिलाई आत्मसात गरी नयाँ नयाँ खोजी गर्ने प्रवृत्ति बढाउने ।
- विज्ञान प्रविधि शिक्षालाई अनुसन्धानमुखी बनाउने ।

दीर्घकालीन साँच, लक्ष्य, उद्देश्य

दीर्घकालीन साँच : प्रविधिको सहज पहूँच र उपयोगबाट आर्थिक, सामाजिक समुन्नती ।

लक्ष्य : पालिका भित्र इन्टरनेटको सहज पहूँच पुऱ्याई प्रविधिमैत्री वातावरण कायम गर्ने ।

उद्देश्य : सूचना प्रविधिको व्यवस्थित प्रयोग गरी सेवा प्रवाहमा सहजता र आर्थिक समृद्धिमा सहयोग पुऱ्याउनु ।

रणनीति र कार्यनीति

उद्देश्य : सूचना प्रविधिको व्यवस्थित प्रयोग गरी सेवा प्रवाहमा सहजता र आर्थिक समृद्धिमा सहयोग पुऱ्याउनु ।	
रणनीति	**कार्यनीति**
• सूचना प्रविधिको विकास र पहूँचका लागि संस्थागत व्यवस्था गर्ने र यसलाई आर्थिक, सामाजिक विकासको क्षेत्रमा व्यवपक प्रयोग गर्ने	• सूचना प्रविधि सम्बन्धी कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । • पालिकाको काम, कारवाही र सेवा प्रवाह लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रयोगलाई एकीकृत प्रणालीको रुपमा विकास गरिनेछ । • सूचना प्रविधिमा ज्ञान, सीपयुक्त आवश्यक दक्ष जनशक्तिको

	व्यवस्था गरिनेछ । ● वडा वस्तीहरुमा इन्टरनेट सुविधा पुऱ्याउन सेवा प्रदायक कम्पनीहरुलाई प्रोत्साहन गरिनेछ । ● विद्यालय तथा क्याम्पसमा इन्टरनेट सेवा पुऱ्याउन प्राथमिकता दिइनेछ । ● मोबाइल एप तथा वेवसाइट मार्फत राम्रा अभ्यासहरुको जानकारी गराइनेछ ।

प्रमुख कार्यक्रम

- सूचना प्रविधि सम्बन्धी कानून तर्जुमा ।
- विद्युतीय हाजिरी व्यवस्थापन ।
- विद्युतीय शासन प्रवर्द्धन कार्यक्रम ।
- मोबाइल एपमा आधारित सेवा प्रवाह कार्यक्रम ।
- पालिका तथा वडा कार्यालय बीच नेटवर्किङ ।
- पालिका क्षेत्र भित्र इन्टरनेट सेवा विस्तार ।

अपेक्षित उपलब्धी

- सबै वडा/वस्तीहरुमा भरपर्दो इन्टरनेट सेवा पुगेका हुनेछ ।
- सूचना प्रविधिको प्रयोगबाट छिटो छरितो सेवा प्रवाह भई विद्युतीय सुशासन कायम भएको हुनेछ ।
- मोबाइल एप तथा वेवसाइट मार्फत पालिकाका विभिन्न गतिविधिहरु बारे जानकारी प्राप्त गर्ने भरपर्दो माध्यम हुनेछ ।

८.५ शान्ति सुरक्षा

विद्यमान अवस्था

शान्ति र सु-व्यवस्था सुशासन र विकासका लागि अपरिहार्य शर्त हो, स्थीरता र विकासको आधार हो । सुरक्षाको चुनौतीबाट प्रतिरक्षा गर्दै नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण, शान्तिपूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चितता तथा उद्यम, व्यापार व्यवसायको सुरक्षाको प्रभावकारी प्रबन्ध गर्नु राज्यको संवैधानिक दायित्व हो । कानूनको प्रभावकारी कार्यान्वयनबाट अपराध नियन्त्रण गरी प्रत्येक नागरिकलाई सुखी तुल्याउन तथा सामाजिक-आर्थिक विकासका लागि भरपर्दो आधार निर्माणका लागि शान्ति सुरक्षा सम्बन्धी व्यवस्थालाई समयानुकूल प्रभावकारी बनाउनु पर्ने हुन्छ ।

पन्ध्रौ योजनाले **मानवीय सुरक्षा सहितको विकास र समृद्धिका लागि शान्ति सुरक्षाको पूर्ण प्रत्याभूति र सम्वर्द्धन गर्ने** लक्ष्य लिएको छ । प्रदेशको प्रथम आवधिक योजनाले **शान्त, सम्यमित, हिंसारहित र न्यायपूर्ण समाज** भन्ने साँच सहित प्रदेशमा शान्ति सुरक्षाको प्रत्याभूति गराउने लक्ष्य र प्रदेशमा अमन चयन कायम गर्ने उद्देश्य लिएको छ ।

समृद्ध राप्ती सोनारीको परिकल्पनालाई सार्थक वनाउनका लागि नागरिक सुरक्षा सहितको शान्तिपूर्ण बातावरण आवश्यक पर्दछ । कुनै पनि आर्थिक गतिविधिहरु संचालनका लागि लगानिकर्ताको पहिलो शर्तका रुपमा स्थानीय स्तरको शान्तिपूर्ण वातावरण नै प्रमुख रहन्छ । समाजमा घट्ने हत्या, हिंसा, बलत्कार, अपहरण, मानव बेचविखन, चोरी डकैती जस्ता अपराधिक गतिविधिहरु नियन्त्रण गरी शान्ती स्थापना गर्नु सरकारको कर्तव्य हुन आउछ । यद्यपि सवै तहको शान्ति स्थापना गर्ने कार्य केन्द्रीय सरकारको भएता पनि स्थानीय सरकारको भूमिका पनि महत्वपुर्ण रहन्छ । गाउँपालिकामा शान्ति सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्न, शान्तिपूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चिताका साथै स्थानीय स्तरमा संचालन हुने विकाश निर्माणका गतिविधिहरुलाई सुचारु गराउने दायित्व समेत स्थानीय सरकारको हुने हुँदा राप्ती सोनारी गाउँपालिकाको इलाका प्रहरी कार्यालयहरु तथा प्रहरी चौकीहरुसँगको सहयोग र समन्वयमा शान्ति सुरक्षा सम्बन्धी कार्यलाई सुझबुझका साथ अगाडी बढाइरहेको अवस्था छ । यस कार्यमा स्थानीय स्तरमा गठन भएका सामुदायिक संघ संस्थाहरुले समेत अहं भूमिका निर्वाह गरिरहेका छन् ।

अवसर र चुनौती

अवसरहरु

- गाउँपालिकाका बिभिन्न स्थानमा इलाका प्रहरी कार्यालयहरु तथा प्रहरी चौकीहरु स्थापना भै सकेको ।
- वडा स्तरमा गठन गरिएका सामाजिक संघ संस्थाहरुको भूमिका सकारात्मक रहेको ।
- पालिकावासी जनताहरु आपसी मेलमिलाप र सद्भाव कायम गरी गाउँ समाजमा सदियौं देखि शान्ति कायम गर्न अभ्यस्त रहेको ।

चुनौतीहरु

- गाउँपालिकाका सम्पूर्ण जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गरी शान्तिपूर्वक बाँच्न पाउने अधिकारको सुनिस्चित गर्ने ।
- गाउँपालिकाको भूगोल ठूलो रहेकोले मौजुदा संगठन र जनशक्तिबाट शान्ति सुरक्षा कायम गर्ने ।
- विभिन्न अपराधिक गतिविधिलाई नियन्त्रण गर्ने ।

दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य

दीर्घकालीन सोँच आगामी ५ बर्षको तालिका, शान्त र सुरक्षित गाउँपालिका ।

लक्ष्य : गाउँपालिकाका सम्पूर्ण जनतालाई आभास हुने गरी शान्ति सुव्यवस्था कायम गर्ने।

उद्देश्य : शान्ति सुरक्षा र सुव्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्ने ।

रणनीति र कार्यनीति

उद्देश्यः शान्ति सुरक्षा र सुव्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्ने ।	
रणनीति	**कार्यनीति**
• गाउँपालिकामा शान्ति सुरक्षा तथा सुव्यवस्था कायम गरी बिधिको शासन स्थापना गर्ने ।	• गाउँपालिकामा रहेका इलाका प्रहरी कार्यालयमा तथा प्रहरी चौकीहरुमा आवश्यक स्रोत, साधनको व्यस्थापन सहित प्रविधियूक्त जनमुखी प्रहरी प्रशासन परिचालन हुनेछ । • स्थानीय स्तरमा सामुदायिक प्रहरी इकाई स्थापना गरी विभिन्न निकाय र जनतासँगको समन्वयमा परिचालन गरिनेछ । • गाउँपालिकामा रहेका विभिन्न महत्वपूर्ण भौतिक, साँस्कृतिक, पूरातात्विक वस्तु, भवन, पूर्वाधार आदिमा विशेष सुरक्षा प्रवन्ध मिलाइनेछ । • शान्ति सुरक्षा तथा सु-व्यवस्थामा स्थानीय स्तरमा गठन भएका सामुदायिक संघ संस्थाहरुलाई समेत परिचालन गरिनेछ ।

प्रमुख कार्यक्रम

- प्रहरी चौकी भवन निर्माण कार्यक्रम वडा नं ७ ।
- प्रहरी तथा सुरक्षा प्रशासनलाई प्रविधियुक्त बनाउन आवश्यक सहयोग ।
- शान्ति सुरक्षा सम्वन्धी स्थानीय व्यक्तित्वहरु तथा संघ संस्थाहरुसँग अन्तरक्रिया तथा समन्वय बैठक ।
- सामुदायिक प्रहरी कार्यक्रम ।
- लागु पदार्थ तथा दुर्व्यसन नियन्त्रण तथा सचेतना कार्यक्रम ।

अपेक्षित उपलब्धी

- गाउँपालिका क्षेत्र भित्र शान्ति सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण भई लगानी मैत्री वातावरण स्थापना भएको हुनेछ ।
- योजना अवधि भित्र स्थानीय स्तरमा सामुदायिक प्रहरी इकाई स्थापना गरी परिचालन भएको हुनेछ ।
- प्रहरी प्रशासन स्रोत, साधन र प्रविधियुक्त भएको हुनेछ ।

८.६ अनुगमन तथा मूल्यांकन पद्धतिमा सुधार

विद्यमान अवस्था

विकास प्रक्रियालाई नतिजा मूलक र पारदर्शी बनाई सार्वजनिक जवाफदेहिता सुनिश्चित गर्न अनुगमन तथा मूल्यांकनको महत्वपूर्ण भूमिका हुन्छ । त्यसैले विकास नीति, योजना, कार्यक्रम तथा आयोजनाको प्रभावकारी

कार्यान्वयनका लागि अनुगमन तथा मूल्यांकनका विभिन्न औजारहरु प्रयोग गरिन्छ । विकास आयोजनाहरुको व्यवस्थित अनुगमन तथा मूल्यांकनका लागि राष्ट्रिय अनुगमन तथा मूल्यांकन दिग्दर्शन, २०७५ र प्रदेश अनुगमन तथा मूल्यांकन दिग्दर्शन, २०७५ समेत कार्यान्वयनमा छन् ।

अनुगमन तथा मूल्यांकनको सवालमा पन्ध्रौ योजनाले **नतिजामूलक अनुगमन तथा मूल्यांकन व्यवस्था मार्फत शासकीय सुधार** भन्ने सोँच एवं लक्ष्य अङ्गिकार गरेको तथा लुम्बिनी प्रदेशको पहिलो आवधिक योजनाले **प्रभावकारी अनुगमन तथा मूल्यांकन प्रणाली मार्फत कार्यान्वयन एवं जवाफदेहिताको सुनिश्चितता** गर्ने सोंच राखेको छ । यसरी राष्ट्रिय तथा प्रादेशिक योजनाहरुले लिएको सोंच र लक्ष्यहरुलाई बल पुग्नेगरी राप्ती सोनारी गाउँपालिकाले आफ्नो सोंच तथा लक्ष निर्धारण गर्नुपर्दछ ।

अनुगमन तथा मूल्यांकन आन्तरिक तथा तेश्रो पक्ष मार्फत गरिन्छ, जसबाट योजना तथा कार्यक्रमको असर र प्रभावको जानकारी हुनुका साथै आवश्यक पृष्ठपोषण प्राप्त गर्न सकिन्छ । यस पद्धतिलाई छिटो, छरितो र व्यवस्थित बनाउन नवीन प्रविधिको प्रयोग हुन आवश्यकता देखिएको छ ।

कुनै पनि कार्यक्रम, आयोजना, नीति तथा निर्णयहरुको समेत प्रभावकारी कार्यान्वयनका साथै त्यसमा कार्यान्वयनकर्ताको जवाफदेहिता सुनिश्चित गर्ने माध्यमका रुपमा अनुगमन तथा मूल्यांकनको महत्वपुर्ण भूमिका रहन्छ । स्थानीय तहमा सञ्चालन हुने विकास निर्माणका गतिविधिहरुमा अनुगमन तथा मूल्यांकन पद्धतिलाई संस्थागत गर्न गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा एक अनुगमन समितिको व्यवस्था गरिएको छ । उक्त समितिले गाउँपालिका अन्तरगत सञ्चालन गरिने विकास निर्माणका गतिविधिहरुको अनुगमन गरी तत्काल सुधारका लागि राय सुझाव दिने तथा गाउँपालिकामा प्रतिवेदन पेश गनुपर्ने व्यवस्था छ । अनुगमन तथा मूल्यांकन पद्धतिलाई विश्वसनीय तथा भरपर्दो गराउन अनुगमन तथा मूल्यांकनका बस्तुगत सूचकहरु विकास गरी सो को आधारमा अनुगमन कार्य गर्न सकिएको छैन । अनुगमन तथा मूल्यांकनको लागि संरचनागत विकास गरिएता पनि प्रभावकारीरुपमा कार्यान्वयन हुन नसक्दा आयोजनाहरुको कार्यान्वयन अवस्था कमजोर रहने गरेको छ ।

वर्तमान अवस्थामा अनुगमन तथा मूल्यांकनलाई आन्तरिक रुपमा मात्र सिमित नगरी ठूला तथा प्रविधिमैत्री आयोजनाको तेश्रो पक्षको परिचालन मार्फत समेत गरिने गरिन्छ । यसबाट योजना तथा कार्यक्रमको असर र प्रभावको जानकारी हुनुका साथै आवश्यक पृष्ठपोषण प्राप्त गर्न सकिन्छ । वर्तमान अवस्थामा अनुगमन तथा मूल्यांकन पद्धतिलाई छिटो, छरितो र व्यवस्थित बनाउन नवीन प्रविधिको समेत प्रयोग हुन आवश्यक छ ।

चुनौती र अवसरहरु

अवसरहरु

- नेपालको संविधानमै अनुगमन तथा मूल्यांकन सम्वन्धी प्रष्ट व्यवस्था गरिएको ।
- अनुगमन तथा मूल्यांकनलाई प्रभावकारी बनाउन हालको अनुगमन तथा मूल्यांकन समितिलाई बढी क्रियाशील बनाउने ।
- अनुगमन तथा मूल्यांकन पद्धतिमा प्रबिधिको प्रयोग मार्फत प्रविधिमैत्री बनाउन सकिने ।
- स्थानीय स्तरमा क्रियाशील संघ संस्थाहरुको सहयोग लिन सकिने ।

चुनौतीहरु

- अनुगमन तथा मूल्यांकन सम्वन्धी संरचनागत व्यवस्थालाई प्रभावकारी रुपमा परिचालन गर्ने ।
- स्थानीय स्तरमा भएको जनशक्तिमा अनुगमन तथा मूल्यांकन सम्वन्धी कार्यमा उत्प्रेरित गर्ने ।
- अनुगमन तथा मूल्यांकन पद्धतिलाई सूचनामैत्री बनाउने ।
- लाभान्वित व्यक्तिहरुमा आयोजना प्रतिको अपनत्व भावनाको विकास गर्ने ।
- अनुगमन तथा मूल्यांकन पद्धतिलाई नतिजामा आधारित गर्ने ।

दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य

दीर्घकालीन सोँच : कामको गुणस्तरमा सुनिश्चितता, अनुगमन तथा मूल्यांकन प्रणालीमा प्रभावकारीता ।

लक्ष्य : बिकास निर्माणका योजनाहरुमा गुणस्तरीयता र जवाफदेहितालाई सुनिश्चित गरी तथ्यपरक नीति निर्माणलाई संस्थागत गर्ने ।

उद्देश्य : अनुगमन तथा मूल्यांकन प्रणालीमा प्रभावकारिता ल्याई बिकास निर्माण लगायतका गतिबिधिहरुमा गुणस्तरीयता कायम गर्ने ।

रणनीति र कार्यनीति

उद्देश्यः अनुगमन तथा मूल्यांकन प्रणालीमा प्रभावकारिता ल्याई बिकास निर्माण लगायतका गतिबिधिहरुमा गुणस्तरीयता कायम गर्ने ।	
रणनीति	**कार्यनीति**
• आवश्यक कानूनी व्यवस्था सहित अनुगमन तथा मूल्यांकन पद्धतिलाई नतिजामा आधारित गराई अनुगमन तथा मूल्यांकनबाट प्राप्त सुझावहरुलाई पृष्ठपोषणको रुपमा लिने ।	• अनुगमन तथा मूल्यांकनका लागि आवश्यक कार्यविधि तैयार गरी बिज्ञ सहितको संस्थागत संरचना तैयार गरी कार्यान्वयनमा ल्याइनेछ । • वार्षिक कार्यक्रम सञ्चालन गर्नु पूर्व कार्यक्रम कार्यान्वयन कार्ययोजना कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयन गरिनेछ • कार्यक्रम कार्यान्वयनको क्रममा आउने जनगुनासाहरु तथा प्रविधिक कठिनाईहरुलाई तत्काल संवोधन गर्ने व्यवस्था मिलाइनेछ । • अनुगमन तथा मूल्यांकनबाट प्राप्त सुझावहरुलाई पृष्ठपोषणको रुपमा लिई सुधार गर्दै लगिनेछ । • नतिजा मा आधारित अनुगमन तथा मूल्यांकन पद्धतिका सूचकहरुको विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।
• अनुगमन तथा मूल्यांकनमा खटिने जनशक्तिको क्षमता विकास गरी आवश्यक साधन, श्रोतयुक्त बनाउने ।	• पदाधिकारी तथा कर्मचारीहरुलाई नतिजा मा आधारित अनुगमन तथा मूल्यांकन पद्धति बारे प्रशिक्षण गरी परिचालन गरिनेछ । • अनुगमन तथा मूल्यांकनका लागि आवश्यक श्रोत, साधनको सुनिश्चित गरिनेछ ।

प्रमुख कार्यक्रम

- बिज्ञ सहितको प्रभावकारी संयन्त्रको व्यवस्था तथा परिचालन ।
- नतिजा मा आधारित अनुगमन तथा मूल्यांकन पद्धतिका सूचकहरु सहितको कार्यविधि तर्जुमा ।
- अनुगमन तथा मूल्यांकनमा खटिने पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास कार्यक्रम ।
- आर्थिक बर्षको सुरुमा बार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना तयारी ।
- गाउँपालिकामा गुणस्तर प्रयोगशालाको स्थापना तथा संचालन ।
- उपभोक्ता समितिका पदाधिकारीहरुलाई क्षमता विकास कार्यक्रम ।

अपेक्षित उपलब्धी

- बिज्ञ सहितको प्रभावकारी संयन्त्रको विकास गरी अनुगमन तथा मूल्यांकनलाई संस्थागत गरिएको हुनेछ ।
- नतिजा मा आधारित अनुगमन तथा मूल्यांकन पद्धतिको विकास भएको हुनेछ ।
- कार्यपालिकाको नियमित बैठकमा अनुगमन तथा मूल्यांकन सम्वन्धी प्रतिवेदनहरुको समीक्षा गर्ने पद्धतिको विकास हुनेछ ।
- गाउँपालिकामा गुणस्तर प्रयोगशालाको स्थापना भै निर्माण सामाग्री तथा बस्तुको परिक्षण गरिएको हुनेछ ।

८.७ तथ्यांक प्रणाली

विद्यमान अवस्था

नेपालको संविधान अनुसार तीनै तहका सरकारहरुले आ-आफ्नो विषयगत कार्यक्षेत्र अन्तरगतका तथ्यांक उत्पादन र आपूर्ति गर्दछन् । यस्ता तथ्यांकहरु विकास र समृद्धिको लागि सरकारका नीति, योजना तर्जुमा, अनुगमन तथा मूल्यांकनका लागि र विभिन्न कार्यक्रमहरुको कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्न वस्तुगत आधार हुन सक्दछन् । **विश्वसनीय तथ्यांक उत्पादन गरी नियमित आपूर्तिको व्यवस्था गर्ने** सोँच पन्ध्रौ योजनाले लिएको छ । यस्तै प्रदेशको प्रथम आवधिक योजनामा **नीति निर्माण र योजना तर्जुमाका लागि प्रमाणिक, आधिकारिक एवं विश्वसनीय तथ्यांकको उपलब्धता** भन्ने सोँच सहित गुणस्तरीय, भरपर्दो तथा व्यवस्थित तथ्यांक प्रणाली स्थापना गर्ने लक्ष्य राखिएको छ ।

स्थानीय तहबाट तर्जुमा गरिने नीति, कार्यक्रम तथा योजना तर्जुमाका लागि भरपर्दो तथा विश्वसनीय तथ्यांकको आवश्यकता पर्दछ । भरपर्दो तथ्यांकको अभावमा विद्यमान स्थितिको यथार्थ विश्लेषण गर्न सकिदैन । राप्ती सोनारी

गाउँपालिकाले २०७५ मा सेवा प्रदायक संस्था मार्फत तथ्यांक संकलन तथा प्रशोधन गरी वस्तुस्थिति विवरण प्रकाशन गरेको छ । प्रकाशित वस्तुस्थिति विवरणमा गाउँपालिकाको सामाजिक, आर्थिक, शैक्षिक एवं अन्य पक्षहरुको समावेश गरिएको छ । यो वस्तुस्थिति विवरणलाई भरपर्दो र विश्वसनीय बनाउन आगामी वर्षहरुमा अरु व्यवस्थित गर्न आवश्यक छ । हाल गाउँपालिकामा सूचना तथा अभिलेख केन्द्रको स्थापना भएको छैन । गाउँपालिकाको संस्थागत संरचनामा सूचना तथा अभिलेख केन्द्रको व्यवस्था गरी कर्मचारीलाई तथ्यांक संकलन तथा प्रशोधन मार्फत वास्तविक सूचना जनसमक्ष पुऱ्याउन जवाफदेही बनाइनु पर्दछ ।

वर्तमान अवस्थामा राप्ती सोनारी गाउँपालिका सूचना प्रविधिको प्रयोगमा बामे सर्दैछ । सूचना प्रविधिको प्रयोगका लागि सोही अनुसारको जनशक्ति पनि आवश्यक हुन्छ । त्यसैले गाउँपालिकाले कर्मचारीहरुलाई प्रविधिको प्रयोग सम्वन्धी ज्ञान र सीप हस्तान्तरण गर्नु आवश्यक छ । यसका लागि कर्मचारीहरुलाई क्षमता विकासका कार्यक्रम सञ्चालन गरी विश्वसनीय तथ्यांक उत्पादन र वितरणमा सुनिश्चितता ल्याउन जरुरी छ ।

चुनौती र अवसर

अवसरहरु

- गाउँपालिकाका विभिन्न शाखा र वडा कार्यालयहरुमा आवश्यक पर्ने तथ्यांक संकलन गरी अद्यावधिक गर्ने ।
- उपलब्ध जनशक्ति र प्रविधिको प्रयोगद्धारा तथ्यांक संकलन र विश्लेषण गर्न सकिने अवस्था रहेको ।
- केन्द्रीय तथ्यांक विभाग लगायत अन्य सम्बद्ध निकायको संयोजनमा तथ्यांक अद्यावधिक गर्न सकिने ।

चुनौतीहरु

- दक्ष जनशक्ति र आधुनिक प्रविधिको प्रयोग गरी गाउँपालिकाले वास्तविक र भरपर्दो तथ्यांक संकलन गरी अद्यावधिक गर्ने ।
- अद्यावधिक तथ्यांकको विश्लेषण गरी गा.पा.को वास्तविक स्थिति उजागर गर्ने ।
- वास्तविक तथ्यांकहरुको आधारमा नीति निर्माण तथा विकास आयोजनाहरु छनौट तथा सञ्चालन गरी सम्पन्न गर्ने ।

दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य

दीर्घकालीन सोँच : सूचनामा आधारीत कार्यव्यवस्था, राप्ती सोनारीका प्रतिवद्धता ।
लक्ष्य : नीति निर्माण तथा योजना तर्जुमाका लागि विश्वसनीय तथा आधिकारीक तथ्यांकको उपलव्धता भएको हुने ।
उद्देश्य : गाउँपालिकामा आवश्यक तथ्यांक संकलन, प्रशोधन, भण्डारणको व्यवस्थापन गर्ने ।

रणनीति र कार्यनीति

उद्देश्य : गाउँपालिकामा आवश्यक तथ्यांक संकलन, प्रशोधन, भण्डारण र व्यवस्थापन गर्ने ।	
रणनीति	**कार्यनीति**
• तथ्यांक संकलन, प्रशोधन, भण्डारण र व्यवस्थापनका लागि प्रभावकारी संयन्त्रको विकास गरी यस कार्यलाई परिणाममुखी बनाउने ।	• तथ्यांक संकलन, प्रशोधन तथा प्रकाशनका लागि आवश्यक संयन्त्रको निर्माण गरी क्रियाशील बनाइनेछ । • गाउँपालिकामा सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा व्यवस्थापन गरी तथ्यांकलाई व्यवस्थित गरिनेछ । • सूचना संकलन, प्रशोधन तथा प्रकाशनलाई प्रविधिमैत्री बनाइनेछ • भौगोलिक सूचना प्रणाली (GIS) को प्रयोग गरी क्षेत्रगत तथ्यांकहरु (Spatial Data) को व्यवस्थापन गरिनेछ । • तथ्यांकहरुलाई विद्युतीय प्रविधि र अन्य माध्यमद्वारा सार्वजनिक गरी वितरणको व्यवस्था मिलाइनेछ । • कार्यक्रम, आयोजना सञ्चालन सम्बन्धी तथ्यांकलाई परिणाममुखी बनाइनेछ । • गा.पा.मा अनुसन्धानमा आधारित तथ्याङ्क संकलन प्रणालीको विकास गरिनेछ । • प्रत्येक २/२ वर्षमा पालिकाको वस्तुस्थिति विवरण अद्यावधिक गरिनेछ

प्रमुख कार्यक्रम

- आवश्यक जनशक्ति सहितको सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा व्यवस्थापन ।
- गाउँपालिका र वडा स्तरको क्षेत्रगत तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषण एवं प्रकाशन ।
- गाउँपालिकाको वेबसाइट अद्यावधिक गरी वार्षिक कार्यक्रम बुलेटिन, विविध प्रकाशन र सूचनाहरु सार्वजनिकीकरण
- तथ्याङ्क संकलन, भण्डारण तथा प्रशोधनको क्षेत्रमा काम गर्ने कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम ।
- भौगोलिक सूचना प्रणाली (GIS) को प्रयोग गरी स्थानगत तथ्यांक तथा नक्सा अद्यावधिक कार्यक्रम ।

अपेक्षित उपलब्धी

- तथ्यांक प्रणालीलाई व्यवस्थित र भरपर्दो बनाउन आवश्यक कार्यविधि सहितको संयन्त्र निर्माण भएको हुनेछ ।
- दक्ष जनशक्ति र आधुनिक प्रविधिको प्रयोग गरी पालिका स्तरको तथ्यांक तथा भौगोलिक सूचना प्रणाली (GIS) मा आधारित नक्साहरु अद्यावधिक भएका हुनेछन् ।
- भरपर्दो तथ्यांकको आधारमा मात्र विकास निर्माणका कार्यहरु सञ्चालन भएका हुनेछन् ,
- पालिकाको वस्तुस्थिति विवरण अद्यावधिक भएको हुनेछ ।

८.८. सामुदायिक-गैसस-साझेदारी

विद्यमान अवस्था

जनताका सामाजिक रुपान्तरण, समृद्धि तथा आर्थिक विकासमा साझेदारको रुपमा गैर सरकारी संस्थाहरुको (गैससहरुको) महत्वपूर्ण भूमिका रहेको छ । दीगो विकासको लक्ष्यले पनि नागरिक समाजको साझेदारीलाई समावेश गरेको छ । हाम्रो संविधानले सामुदायिक संघ संस्था तथा गैर सरकारी संस्थाहरुको लगानी र भूमिकालाई जवाफदेही र पारदर्शी बनाउन त्यस्ता संस्थाको स्थापना, स्वीकृति, सञ्चालन, नियमन र व्यवस्थापनका लागि एकद्वार प्रणाली अपनाउने र राष्ट्रिय आवश्यकता र प्राथमिकता प्राप्त क्षेत्रमा संलग्न गराउने व्यवस्था गरेको छ । सामुदायिक संघ संस्था तथा गैससलाई विकास प्रयासमा सहयात्रीको रुपमा योगदानको वातावरण निर्माण गरी उनीहरुबाट प्रवाह हुने श्रोतको उपयोगलाई पारदर्शी बनाई सामाजिक परिचालन मार्फत सेवा प्रवाह गरी जनताको जीवनस्तर सुधारमा जोड दिनु आजको आवश्यकता हो । **गैर सरकारी संस्थालाई मर्यादित, पारदर्शी र व्यवस्थित रुपमा परिचालन गर्दै सामाजिक तथा आर्थिक विकास गर्ने** लक्ष्य पन्ध्रौ योजनाले लिएको छ । लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनामा बालबालिका संरक्षणको क्षेत्रमा, भाषा संस्कृति संरक्षण तथा प्रवर्द्धनमा, साँस्कृतिक सम्पदा संरक्षणमा, विभिन्न चेतनामूलक कार्यक्रम तथा सामाजिक परिचालनमा, वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा वातावरण संरक्षणमा, सरसफाई सम्बन्धी अभियानमा, विभिन्न लक्षित वर्गहरुको क्षमता अभिवृद्धि जस्ता कार्यक्रमहरुमा गैसस तथा सामुदायिक संस्थाहरुसँग साझेदारी तथा सहकार्य गर्ने रणनीति/कार्यनीति व्यवस्थित गरिएका छन् ।

हाल राप्ती सोनारी गाउँपालिकालाई कार्य क्षेत्र बनाई ..... वटा गैससहरु कार्यरत रहेका छन् । गाउँपालिकासँग ती संघ संस्थाहरुको समन्वय तथा सहकार्यको अवस्था राम्रो रहेको छ । गैर सरकारी संस्थाहरुले आफ्ना बार्षिक कार्यक्रमहरु गाँउ सभामा पेश गरी स्वीकृत गराई कार्यान्वयन गर्ने प्रावधान रहेको भएतापनि हाल सम्म त्यस्तो हुन सकेको छैन । गाउँपालिकाले गैर सरकारी संस्थासँगको सहकार्यलाई अझ बढी फराकिलो वनाउदै लैजानुपर्ने हुन्छ ।

गाउँपालिकाले सवै वडाहरुका टोल बस्तीहरु समेटी टोल विकास संस्थाहरु गठन गरी ती संस्थाहरु मार्फत विभिन्न सामाजिक परिचालन तथा सशक्तिकरणका गतिविधिहरु सञ्चालन गरी अति विपन्न तथा बञ्चितीमा परेका व्यक्तिहरुलाई विकासको मूलधारमा ल्याउन आवश्यक पहल गर्न सकिन्छ । त्यस्तै गाउँपालिकामा क्रियाशील रहेका परम्परागत समूहहरु तथा समुदायमा आधारित संस्थाहरु युवा क्लब तथा आमा समूहहरुसँगको सहकार्यलाई निरन्तरता दिनुपर्दछ । यस्ता प्रकारका समुदायमा आधारित संस्थाहरु गाउँपालिकाको सामाजिक पुँजीका रुपमा रहेका छन् । यस्ता संस्थाहरुसंगको सहकार्यको वातावरणलाई अझ बढी सुदृढ र मजवुत पार्दै ती संस्थाहरु मार्फत विभिन्न राष्ट्रिय अभियान लगायतका सामाजिक रुपान्तरणका कार्यहरुमा परिचालन गर्नुपर्ने हुन्छ । विगतमा समुदाय स्तरमा गठन भएका सामुदायिक संस्थाहरु र सहकारी संस्थाहरुसंग संकलित आर्थिक पुँजीलाई एकीकृत गरी साझेदारीमा परिचालन गर्न सके जनताको जीवन स्तरमा सुधार ल्याई आर्थिक सम्बृद्धिको सपना साकार गर्न सहन हुनेछ ।

चुनौती र अवसर

अवसरहरु

- हाल राप्ती सोनारी गाउँपालिकालाई कार्यक्षेत्र बनाएर विभिन्न गैर सरकारी संस्थाहरुले कार्य गरिरहेको ।
- स्थानीय स्तरमा रहेका सामुदायिक संघ संस्थाहरु संगको सहकार्य सकारात्मक रहेको ।
- सबै वडामा टोल विकास संस्थाहरु गठन गरी परिचालन गर्न सकिने अवस्था रहेको ।
- विभिन्न आमा समूहहरु तथा युवा क्लबहरु सहकार्यका लागि उत्प्रेरित रहेको ।

चुनौतीहरु

- गैससहरुलाई गाउँपालिकाको एउटै छातामुनि ल्याई परिचालन गर्ने ।
- गैससहरुले आफ्नो बार्षिक कार्यक्रमहरु पालिकाको सभाबाट स्वीकृत गराई कार्यान्वयनमा जाने ।
- स्थानीय आमा समूह, युवा क्लबहरुलाई आवश्यक साधन, श्रोतको व्यवस्थापन गर्ने ।

दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य

दीर्घकालीन सोँच : जवाफदेही र पारदर्शी सामुदायिक तथा गैर सरकारी संघ संस्था ।

लक्ष्य : गैसस तथा सामुदायिक संस्थाहरुका गतिविधिहरुलाई पारदर्शि गरी पालिकाको आर्थिक, सामाजिक रुपान्तरणको कार्यमा परिचालन गर्ने ।

उद्देश्य : पालिकाको आर्थिक तथा सामाजिक रुपान्तरणमा गैसस तथा सामुदायिक संस्थाहरुको श्रोत तथा साधनहरुको एकिकृत रुपमा परिचालन गर्ने ।

रणनीति र कार्यनीति

उद्देश्य : पालिकाको आर्थिक तथा सामाजिक रुपान्तरणमा गैसस तथा सामुदायिक संस्थाहरुको श्रोत तथा साधनहरुको एकिकृत रुपमा परिचालन गर्ने ।	
रणनीति	**कार्यनीति**
• गैसस तथा विभिन्न सामुदायिक संस्थाहरुलाई जिम्मेवार र उत्तरदायी बनाई सामाजिक, आर्थिक क्षेत्रमा परिचालन गर्ने ।	• गैसस तथा सामुदायिक संस्था परिचालनका लागि आचार संहिता तर्जुमा गरिनेछ । • गैससहरुको कार्यक्रम तथा बजेट पालिका परिषद्बाट अनिवार्य स्वीकृत गराई कार्यान्वयन गरिनेछ । • पालिका भित्र कार्यरत अन्तर्राष्ट्रिय गैससहरुलाई संघीय सरकारसँगको समन्वयमा सामाजिक, आर्थिक क्षेत्रमा अधिकतम परिचालन गरिनेछ । • गैससलाई सञ्चालित कार्यक्रमहरुको पारदर्शीता र पालिका प्रति जवाफदेही बनाइनेछ । • आमा समूह, युवा क्लब, परम्परागत सामुदायिक संस्थाहरुलाई सम्भव भएसम्मको श्रोत उपलब्ध गराई सामाजिक, आर्थिक क्षेत्रमा परिचालन गरिनेछ । • टोल विकास संस्थाको गठन एवं परिचालन सम्बन्धी कार्यविधि तर्जुमा गरी वातावरण संरक्षण, प्रकोप व्यवस्थापन तथा सरसफाई जस्ता कार्यमा परिचालन गरिनेछ ।

प्रमुख कार्यक्रम

- गैसस तथा सामुदायिक संस्था परिचालनका लागि आचार संहिता निर्माण ।
- टोल विकास संस्थाको गठन र परिचालन सम्बन्धी कार्यविधि तर्जुमा ।
- अन्य संघ संस्थाहरुसँगको सहकार्यका लागि श्रोत व्यवस्थापन बारे अन्तरकृया कार्यक्रम ।

अपेक्षित उपलब्धी

- गैसस तथा सामुदायिक संस्था परिचालन सम्बन्धी आचार संहिता तथा कार्यविधि तर्जुमा भएको हुनेछ ।
- गैससहरु पारदर्शी र जवाफदेही भई परिचालन भएका हुनेछन् ।
- सामुदायिक संस्थाहरु तथा टोल विकास संस्थाहरुले स्थानीय सामाजिक, आर्थिक विकासका गतिविधिहरुमा आ-आफ्नो क्षेत्रबाट अपनत्व लिएका हुनेछन् ।

तालिका नं. ८.१ : संस्थागत विकास, सेवा प्रवाह तथा सुशासनको नतिजा खाका

नतिजा श्रृङ्खला	सूचक तथा पुष्ट्याईका आधारहरु					पुष्ट्याईका आधारहरु	जोखिम पक्ष तथा पूर्वानूमान
	सूचक विवरण	इकाई	आधार वर्ष ०७८/७९	लक्ष्य (सम्मको अवस्था) ०८१/८२	०८३/८४		
	संथागत सुशासन तथा क्षमता विकास						
लक्ष्य : चुस्त संस्थागत संरचना मार्फत शीघ्र तथा गुणस्तरीय सेवा प्रवाह भै जनतामा सुशासनको प्रत्याभुति भएको हुने	सार्वजनिक लेखापपरिक्षण भएका योजना	प्रतिशत	NA	८०	९५	● गाउँ वस्तुगत विवरण ● अध्ययन प्रतिवेदन ● मूल्याङ्कन प्रतिवेदन ● प्रगति/अनुगमन प्रतिवेदन	● योजना तथा कार्यक्रमहरु समयबद्ध तवरले कार्यान्वयन भएका हुनेछन् ● आवश्यक श्रोतको सुनिश्चितता हुनेछ । ● जनप्रतिनिधि तथा कर्मचारीहरु सेवा प्रवाह तथा सुशासन प्रवर्द्धनका लागि प्रतिबद्ध रहनेछन् ● तीनै तहका सरकार बीच सुमधुर समन्वय रहनेछ ।
	संस्थागत स्वमुल्यांकनमा पालिकाको अंक	प्रतिशत	४९.००	७५.००	८५.००		
	स्विकृत दरवन्दीमा स्थाई पदपुर्ति	प्रतिशत	८०	१००	१००		
असर १ : प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक कानून तर्जुमा र उत्प्रेरित जनशक्तिको विकास गर्ने ।	गाउँपालिकाले स्वीकृत गरेका ऐन, नीति तथा कार्यबिधिहरु	संख्या	६१	१००	११५		
प्रतिफल १.१ : आवश्यक नीति तथा कानून तर्जुमा गरी कार्यान्वयनका लागि उत्प्रेरित जनशक्तिको व्यस्थापन गर्ने ।	पालिकाको क्षमता बिकास योजना निर्माण	पटक	०	१	१		
	बिभिन्न क्षमता बिकास गतिविधिबाट लाभान्वित पदाधिकारी तथा कर्मचारीहरु	प्रतिशत	४५	६०	७५		
असर २ : भ्रष्टाचार नियन्त्रणमा शून्य सहनशीलताको नीति अवलम्वन गरी विकासका सवै आयमलाई लागत र गुणस्तरका दृष्टीले उत्कृष्ट नतीजा हासिल गर्न सदैव क्रियाशील रहने ।	सार्वजनिक सुनुवाई (बार्षिक)	पटक	NA	९	१५		
	सामाजिक परिक्षण भएको योजना/कार्यक्रम	संख्या	०	२	४		
	आम्दानी खर्चको सार्वजनिकिकरण (बार्षिक)	पटक	०	९	१५		
	क्षमता बिकास कार्यक्रम बाट लाभान्वीत पदाधिकारी तथा कर्मचारी (बार्षिक)	प्रतिशत	NA	६०	७०		
प्रतिफल २.१ : पालिका तथा वडाबाट प्रवाह गरिने सेवालाई पारदर्शी, मितव्ययी र गुणस्तरीय बनाई भ्रष्टाचारको सवालमा शून्य सहनशीलताको नीति अवलम्वन गर्दै जनउत्तरदायी स्थानीय सरकारको प्रत्याभूति गराउने	नागरिक बाट आउने मौखिक तथा लिखित गुनासोहरु फछ्यौट	प्रतिशत	१००	१००	१००		
	मोवाईल एप्सको प्रयोग गर्ने जनसंख्या	प्रतिशत	NA	२५	४०		
	आम्दानी खर्चको सार्वजनिकिकरण (बार्षिक)	पटक	NA	९	१५		
	नागरिक पृष्ठपोषण तथा सुझाव संकलन कार्य (बार्षिक)	पटक	०	३	५		
असर ३ : सेवा प्रवाहलाई चुस्त, दुरुस्त र समय सापेक्ष बनाउन आवश्यक जनशक्ति, भौतिक पूर्वाधार एवं उपकरणहरुकोको व्यवस्थापन गरिने	पालिकाको एप्स प्रयोगकर्ता	प्रतिशत	NA	२५	४०	● गाउँ वस्तुगत विवरण ● प्रगति/अनुगमन प्रतिवेदन	● योजना तथा कार्यक्रमहरु समयबद्ध तवरले कार्यान्वयन भएका हुनेछन् ● आवश्यक श्रोतको सुनिश्चितता हुनेछ ● जनप्रतिनिधि तथा कर्मचारीहरु सेवा प्रवाह तथा सुशासन प्रवर्द्धनका लागि प्रतिबद्ध रहनेछन् ● तीनै तहका सरकार बीच सुमधुर समन्वय रहनेछ ।
	पालिकामा प्राप्त गुनासो फछ्यौतको अबस्था	प्रतिशत	NA	८०	१००		
	इन्टरनेट सुबिधा भएका वडा कार्यालयहरु	संख्या	९	९	९		
प्रतिफल ३.१ : आवश्यक जनशक्तिको व्यवस्थापन सहित कर्मचारीहरुको कार्यसम्पादनलाई सेवा प्रवाह संग आवद्ध गरिने ।	संगठन तथा व्यवस्थापन अध्ययन प्रतिवेदनको स्विकृति	पटक	०	१	१		
	कर्मचारीहरुको कार्य बिबरण तैयारी तथा परिमार्जन	पटक	०	१	१		

नतिजा श्रृङ्खला	सूचक तथा पुष्ट्याईका आधारहरु					पुष्ट्याईका आधारहरु	जोखिम पक्ष तथा पूर्वानूमान
	सूचक विवरण	इकाई	आधार वर्ष ०७८/७९	लक्ष्य (सम्मको अवस्था) ०८१/८२	०८३/८४		
	कार्यसम्पादन मूल्यांकनका आधारमा कर्मचारीहरुलाई पुरस्कृत गर्ने (बार्षिक)	पटक	१	३	५		
	कार्य संपादन सम्झौताको (वार्षिक)	पटक		३	५		
प्रतिफल ३.२ : समृद्धिमैत्री शासन पद्धतिमा टेवा पुऱ्याउन आवश्यक भवन, फर्निचर, सवारी साधन, प्रविधि र यान्त्रिक उपकरणको व्यवस्था गर्ने	गाँउपालिकाको आफ्नै कार्यालय भवन निर्माण	पटक	NA	१	१		
	सेवा प्रवाह मा प्रयोग भएका सूचना प्रविधि	संख्या	१	४	७		
	पालिका र वडाकार्यालय बिच नेटवर्किङ्ग	पटक					
	पालिकामा रहेका आफ्नै सवारी साधन	संख्या	२	२	२		
	वित्तीय सुशासन						
लक्ष्य : गाउँपालिकाका सम्पूर्ण आर्थिक क्रियाकलापहरुलाई मितव्ययी तथा पारदर्शी बनाई बिकास गतिविधिहरुमा जन विश्वास आर्जन गर्ने ।	वित्तीय तथा आर्थिक व्यवस्थापनमा गाउँपालिकाको अवस्था (LISA) को परिणाम अनुसार)	प्राप्त अंक	७.५	९	११	• अध्ययन, मूल्याङ्कन प्रतिवेदन • प्रगति/अनुगमन प्रतिवेदन • सर्वेक्षण प्रतिवेदन	• योजना तथा कार्यक्रमहरु समयबद्ध तवरले कार्यान्वयन भएका हुनेछन् • आवश्यक श्रोतको सुनिश्चितता हुनेछ । • जनप्रतिनिधि तथा कर्मचारीहरु पारदर्शीता तथा सुशासन प्रवर्द्धनका लागि प्रतिबद्ध रहनेछन्
असर १ : गाउँपालिकाको आय र व्ययलाई व्यवस्थित र पारदर्शी बनाई वित्तीय सुशासन कायम गर्ने ।	गाँउपालिकाको बार्षिक बजेटमा आन्तरिक आयको हिस्सा	प्रतिशत	१५.६८	१७.०४	१८.५८		
	पालिकामा सहकारी, तथा निजि क्षेत्रको लगानी	हजारमा	NA	२४२.००	२९२.८२		
	तोकिएको समयमा सभामा बजेट पेश भै स्विकृति	पटक	१	३	५		
प्रतिफल १.१ : वित्तीय व्यवस्थापनमा संस्थागत सुदृढीकरणका साथै वित्तीय पारदर्शीतामा जोड दिने ।	करका दर र दायरा बारे बिस्तृत अध्ययन एवं राजश्व सुधार योजना निर्माण	पटक	०	१	२		
	बेरुजुको अध्याबधिक गर्ने कार्य (बार्षिक)	पटक	०	३	५		
	गाउँपालिकाको कूल बार्षिक बजेट	लाखमा	८८५८.०२	१२४०१.७६	१५००६.१३		
	गाँउँ पालिकाको बार्षिक आन्तरिक आय	लाखमा	१३५३.८४	२३२८.८८	२८१७.९४		
	गाउँपालिकाको बार्षिक वास्तविक खर्च	प्रतिशत	८१.१७	९०.०	९८.००		
	नियमानुसार आम्दानी खर्चको सार्बजनिकरण (चौमासिक)	पटक	NA	१३	१५		
प्रतिफल १.२ : बार्षिक योजना तर्जुमा गर्दा आवधिक योजनालाई मुख्य आधारको रुपमा ग्रहण गर्ने	नतिजामा आधारीत योजना तर्जुमा	पटक	०	३	५		
	मध्यकालीन खर्च संरचना तर्जुमा	पटक	०	३	५		
	न्याय प्रणाली						
लक्ष्य : स्वतन्त्र, निष्पक्ष तथा सहजरुपमा न्याय पाउने अवस्था सिर्जना गर्ने ।	न्याय समितिबाट उजुरी फछ्र्यौट	प्रतिशत	७०	८०	९०	• गाउँ वस्तुगत विवरण • अध्ययन/ मूल्याङ्कन प्रतिवेदन • प्रगति/अनुगमन	• आवश्यक श्रोतको सुनिश्चितता हुनेछ । • न्यायिक समितिका पदाधिकारीहरुको क्षमता विकास हुनेछ ।
असर १ : पालिकावासीहरुलाई सहज रुपमा स्वतन्त्र, निष्पक्ष तथा बिश्वसनीय न्यायिक	कानुनी सचेतिकरण कार्यक्रमा सहभागी (बार्षिक)	जना	०	३००	५००		

नतिजा श्रृङ्खला	सूचक तथा पुष्ट्याईका आधारहरु					पुष्ट्याईका आधारहरु	जोखिम पक्ष तथा पूर्वानूमान
	सूचक विवरण	इकाई	आधार वर्ष ०७८/७९	लक्ष्य (सम्मको अवस्था) ०८१/८२	०८३/८४		
सेवा उपलव्ध गराउन	आवश्यक निति, कार्यबिधि निर्माण	पटक		१	१	प्रतिवेदन	
प्रतिफल १.१ : न्यायिक कार्यसम्पादनका लागि संस्थागत सुदृढीकरण र क्षमता विकासमा जोड दिने ।	बार्षिक कानुनी सचेतना कार्यक्रम सञ्चालन	पटक	०	३	५		
	सामुदायिक मेलमिलाप केन्दे स्थापना तथा सञ्चालन	संख्या	०	९	९		
	नविनतम प्रविधिको प्रयोग						
लक्ष्य : पालिका भित्र इन्टरनेटको सहज पहूँच पुऱ्याई प्रविधिमैत्री वातावरण कायम गर्ने ।	इन्टरनेट सेवा उपभोग गर्ने घरधुरी	प्रतिशत	NA	१०	२०	• गाउँ वस्तुगत विवरण • प्रगति/अनुगमन प्रतिवेदन	• आवश्यक श्रोतको सुनिश्चितता हुनेछ । • जनप्रतिनिधि तथा कर्मचारीहरु प्रविधि मार्फत सेवा प्रवाह गर्न जिम्मेवार रहनेछन् । • प्रविधियुक्त जनशक्तिको उपलब्धता भएको हुनेछ ।
	गाँउपालिकाको मोबाइल एप्स प्रयोगकर्ता	प्रतिशत	१	७	१५		
असर १ : सूचना प्रविधिको व्यवस्थित प्रयोग गरी सेवा प्रवाहमा सहजता र आर्थिक समृद्धिमा सहयोग पुऱ्याउनु ।	पालिकासँग नेटवर्किङ्ग गरिएका वडाहरु	संख्या	९	९	९		
	गाँउपालिकामा प्रयोग गरिएका सफ्टवयर	संख्या	१०	१३	१५		
प्रतिफल १.१ : सूचना प्रविधिको विकास र पहूँचका लागि संस्थागत व्यवस्था गर्ने र यसलाई आर्थिक, सामाजिक विकासको क्षेत्रमा व्यवपक प्रयोग गर्ने	सूचना प्रविधि सम्बन्धी कानून तर्जुमा	पटक	०	१	१		
	मोबाइल फोन सुविधा प्रयोगकता घरधुरी	प्रतिशत	NA	५०	८०		
	इन्टरनेट सुबिधा उपयोग गर्ने बिद्यालय	संख्या	२७	३५	४५		
	इन्टरनेट सुबिधा भएका बडा कार्यालयहरु	संख्या	९	९	९		
	सि.सि क्यामरा जडान भएका वडा कार्यालयहरु	संख्या	०	९	९		
	शान्ति सुरक्षा						
लक्ष्य : गाउँपालिकाका सम्पूर्ण जनतालाई आभास हुने गरी शान्ति सुव्यवस्था कायम गर्ने	शान्ति सुरक्षा स्थापनाकालागि स्थापना भएका संस्थाहरु	संख्या	७	९	११	• गाउँ वस्तुगत • प्रगति/अनुगमन प्रतिवेदन	• स्थानीय समुदाय र सुरक्षा निकाय बीच सुमधुर सम्बन्ध भएको हुनेछ । • आवश्यक श्रोतको सुनिश्चितता हुनेछ । • सुरक्षा सम्वेदनशीलता प्रति स्थानीय समुदाय र सम्बद्ध पक्ष सचेत रहेको हुनेछ ।
असर १ : शान्ति सुरक्षा र सुव्यवस्था कायम गरी राप्ती सोनारी बासिहरुको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्ने ।	अन्तरक्रिया तथा समन्वय बैठक	पटक	NA	१२	२०		
	इलाका प्रहरी कार्यालय स्थापना	संख्या	२	२	२		
प्रतिफल १.१ : गाउँपालिकामा शान्ति सुरक्षा तथा अमनचयन कायम गरी बिधिको शासन स्थापना गर्ने ।	इलाका प्रहरी कार्यालय	संख्या	२	२	२		
	सामुदायिक प्रहरी इकाईको स्थापना	संख्या	०	२	४		
	अनुगमन तथा मूल्यांकन पद्धतिमा सुधार						
लक्ष्य : कार्यक्रम तथा आयोजनाहरुमा गुणस्तरीयता र जवाफदेहितालाई सुनिश्चित गरी तथ्यपरक नीति निर्माणलाई संस्थागत गर्ने ।	अनुगमन तथा मूल्यांकन सम्वन्धी कार्यविधि निर्माण	पटक	०	१	१	• गाउँ वस्तुगत विवरण • अध्ययन प्रतिवेदन • मूल्याङ्कन प्रतिवेदन • प्रगति/अनुगमन	• नतिजामा आधारित अनुगमन तथा मूल्यांकन पद्धति प्रति पालिकाको प्रतिबद्धता रहेको हुनेछ • अनुगमनमा खटिने पदाधिकारी तथा
	अनुगमन तथा मूल्यांकनका लागि नतीजामा आधारित सूचकहरुको निर्माण	पटक	०	१	१		

नतिजा श्रृङ्खला	सूचक तथा पुष्ट्याईका आधारहरु					पुष्ट्याईका आधारहरु	जोखिम पक्ष तथा पूर्वानूमान
	सूचक विवरण	इकाई	आधार वर्ष ०७८/७९	लक्ष्य (सम्मको अवस्था) ०८१/८२	०८३/८४		
असर १ : अनुगमन तथा मुल्यांकन प्रणालीमा प्रभावकारीता ल्याई बिकास निर्माण लगायतका गतिबिधिहरुमा गुणस्तरीयता कायम भएको हुने	पालिकामा गुणस्तर प्रयोगशालाको स्थापना	पटक	०	०	१	प्रतिवेदन	विषय विज्ञको क्षमता अभिवृद्धि भएको हुनेछ । ● आवश्यक श्रोतको सुनिश्चितता हुनेछ ।
प्रतिफल १.१ : आवश्यक कानूनी व्यवस्था सहित अनुगमन तथा मूल्यांकन पद्धतिलाई नतीजामा आधारित गराई अनुगमन तथा मूल्यांकनबाट प्राप्त सुझावहरुलाई पृष्ठपोषणको रुपमा लिने ।	बार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना तयारी	पटक	०	३	५		
	अनुगमन तथा मुल्यांकन प्रतिबेदन माथी कार्यपालिकाको बैठकमा छलफल (बार्षिक)	पटक	०	१२	२०		
	अनुगमन तथा मूल्यांकन कार्यविधि तयारी तथा स्विकृति	पटक	NA	१	१		
प्रतिफल १.२ : अनुगमन तथा मूल्यांकनमा खटिने जनशक्तिको क्षमता विकास गरी आवश्यक साधन श्रोतयुक्त बनाउने ।	अनुगमन तथा मूल्यांकनमा खटिने कर्मचारी तथा पदाधिकारीहरुको लागि क्षमता बिकास कार्यत्रलम संचालन (बार्षिक)	पटक	NA	३	५		
	अनुगमन तथा मुल्यांकनमा लगानी	लाखमा	NA	१३.५३	७१.३७		
	तथ्यांक प्रणाली						
लक्ष्य : नीति निर्माण तथा योजना तर्जुमाका लागि विश्वसनिय तथा आधिकारीक तथ्यांकको उपलब्धता भएको हुने	भौगोलिक सूचना प्रणाली (GIS) को प्रयोग गरी क्षेत्रगत तथ्यांकहरु (Spatial Data) को व्यवस्थापन (बार्षिक) कार्य	पटक	०	३	५	● गाउँ वस्तुगत विवरण ● प्रगति/अनुगमन प्रतिवेदन ● बार्षिक प्रगती प्रतिवेदन	● आवश्यक श्रोतको सुनिश्चितता हुनेछ । ● जनप्रतिनिधि तथा कर्मचारीहरु तथ्यांक प्रणाली अद्यावधिक गरी सूचनामा आधारित योजना/कार्यक्रम तर्जुम गर्न प्रतिबद्ध रहनेछन् ।
असर १ : गाउँपालिकामा आवश्यक तथ्यांक संकलन, प्रशोधन, भण्डारणको व्यवस्थापन गर्ने ।	पार्श्वचित्र तयारीको लागि सुचना संकलन, प्रशोधन तथा भण्डारण	पटक	०	१	१		
	स्थानीय स्तरको सुचनाको अध्यावधिक गर्ने कार्य (बार्षिक)	पटक	०	३	५		
प्रतिफल १.१ :तथ्यांक संकलन, प्रशोधन, भण्डारण र व्यवस्थापनका लागि प्रभावकारी संयन्त्रको विकास गरी यस कार्यलाई परिणाममुखी बनाउने ।	सुचना व्यबस्थापन सम्वन्धी नीति तथा कार्यबिधी तयारी	पटक	०	१	१		
	सूचना तथा अभिलेख केन्द्रको स्थापना	पटक	०	१	१		
	पालिकाको पार्श्वचित्रको प्रकाशन	पटक	१	२	२		
	सामुदायिक-गैसस-साझेदारी						
लक्ष्य : गैसस तथा सामुदायिक संस्थाहरुलाई मर्यादित, पारदर्शी र व्यवस्थित गरी आर्थिक, सामाजिक विकासमा सरिक गराउने ।	सहकारी गैससहरु तथा अन्यको को लगानी	रु हजार	NA	२४२००	२९३००	● अध्ययन प्रतिवेदन ● प्रगति/अनुगमन प्रतिवेदन	● गैससको वार्षिक बजेट तथा कार्यक्रम सभाबाट पारित गरी गैससहरु पालिका प्रति जिम्मेवार भएका हुनेछन् । ● पालिकाले आवश्यक समन्वय,
	गैससहरुको कार्य क्षेत्र	वडाहरु	९	९	९		

नतिजा श्रृङ्खला	सूचक तथा पुष्ट्याईका आधारहरु					पुष्ट्याईका आधारहरु	जोखिम पक्ष तथा पूर्वानूमान
	सूचक विवरण	इकाई	आधार वर्ष ०७८/७९	लक्ष्य (सम्मको अवस्था) ०८१/८२	०८३/८४		
असर १ : गैसस तथा विभिन्न सामुदायिक संस्थाहरुलाई जवाफदेही र पारदर्शी बनाई सामाजिक, आर्थिक क्षेत्रमा व्यवस्थित रुपमा परिचालन गर्ने ।	सभाबाट कार्यक्रम स्विकृत गराई कार्यक्रम संचालन गर्ने गैससहरु	प्रतिशत	०	१००	१००		सहजीकरण तथा नियमन गरेको हुनेछ ।
प्रतिफल १.१ : गैसस तथा विभिन्न सामुदायिक संस्थाहरुलाई जिम्मेवार र उत्तरदायी बनाई सामाजिक, आर्थिक क्षेत्रमा परिचालन गर्ने ।	सामुदायिक संस्था गैसस तथा अगैससहरु संगको अन्तरकृया (बार्षिब)	पटक	०	६	१०		
	गैसस तथा सामुदायिक संस्था परिचालन आचार संहिता निर्माण	पटक	०	१	१		
	टोल विकास संस्था गठन तथा परिचालनभएका वडाहरु	संख्या	०	९	९		

परिच्छेद-९
वित्तीय विश्लेषण

९.१ पालिकाको विगत ३ बर्षको वजेट विश्लेषण

९.१.१ स्थानीय तहको सार्वजनिक वित्त सम्बन्धी व्यवस्था

राज्यको पुनर्संरचना पश्चात संवैधानिक हैसियत प्राप्त स्थानीय सरकारको विकास योजना सम्बन्धी कार्यक्रमहरु अघि बढाउँदा गाउँपालिकाको सार्वजनिक वित्तको अवस्था र तत्सम्बन्धी नीतिहरुको विश्लेषण गर्न आवश्यक हुन्छ । स्थानीय तहको सार्वजनिक वित्तीय अवस्था र वार्षिक नीति तथा बजेट आवधिक योजना तर्जुमाको प्रमुख आधार र सरोकारको विषय हो । वर्तमान स्थानीय तहहरु आफ्नो वित्तीय नीति आफै तर्जुमा गर्न सक्ने, आफ्नो वार्षिक वजेट र आवधिक विकास योजना आफै निर्माण र कार्यान्वयन गर्न सक्ने गरी अधिकार र दायित्वका हिसाबले अग्र भागमा रहेका छन् । यसै सन्दर्भमा राप्ती सोनारी गाउँपालिकाको समष्टिगत आर्थिक तथा वित्तीय अवस्थाको विश्लेषण सहित यस पक्षको सुदृढीकरणका लागि आफ्नै वित्तीय नीति र कार्यक्रम तय गर्ने अभ्यास गर्नुपर्ने हुन्छ । आन्तरिक राजश्व न्यून हुनु र आन्तरिक ऋण एवं वैदेशिक सहयोग प्राप्त गरी परिचालन गर्ने अभ्यास नहुँदा वर्तमान अवस्थामा स्थानीय तहको समष्टिगत वित्तीय तथा आर्थिक क्षेत्र साँघुरो रहेकोले प्रायशः पालिकाहरु संघीय तथा प्रदेश सरकारको विभिन्न अनुदान र राजश्व बाँडफाँडमा भर पर्नुपर्ने अवस्थामा रहेका छन् ।

वित्तीय संघीयताको सैद्धान्तिक र व्यवहारिक प्रयोगको सर्न्दभमा स्थानीय तहको वजेट तथा कार्यक्रमहरुमा खर्चको बाँडफाँड र राजश्व उठाउने अधिकार स्थानीय तहले प्राप्त गरेका छन् । यस अन्तरगत खर्चका विभिन्न क्षेत्रहरुमा राजश्व उठाउने अधिकार दिइएको छ । संघीय र प्रदेश तहका सार्वजनिक खर्चका विभिन्न क्षेत्र र शीर्षकहरु स्थानीय तहमा पनि लागु हुन्छ भने स्थानीय तहमा उठाउन सकिने कर तथा अन्य गैर कर राजश्वका शीर्षकहरुलाई कानूनतः स्पष्ट पारिएको अवस्था छ । स्थानीय तहको समग्र आय व्ययको संरचनाले स्थानीय तहको सार्वजनिक वित्त जनाउँने हुँदा यस अन्तरगत सार्वजनिक खर्च र राजश्वका शीर्षक तथा दरहरु, अन्तर सरकारी वित्त, सार्वजनिक ऋण (आन्तरिक, बाह्य) तथा सहयोग (अनुदान) परिचालन, जनसहभागीता परिचालन, सार्वजनिक निजी सहकारी साझेदारी जस्ता विषयहरु पर्दछन् । सार्वजनिक खर्च अन्तरगत प्राप्त हुने श्रोतहरुमा आन्तरिक राजश्व, अन्तर सरकारी वित्त तथा राजश्व वाँडफाँडबाट प्राप्त हुने रकम र बैदेशिक अनुदान सहायतावाट प्राप्त हुने रकम पर्दछन् । रकम खर्च नपुग भएको अवस्थामा घाटा वित्त व्यवस्था हुने र यसका लागि आन्तरिक ऋण परिचालन गरी खर्च व्यवस्थापन गर्नुपर्ने अवस्था सिर्जना हुन्छ ।

९.१.२ सार्वजनिक खर्च विश्लेषण

राप्ती सोनारी गाउँपालिकाको सार्वजनिक खर्चको ढाँचालाई मूलतः दुई भागमा विभाजन गरिएको छ-चालु खर्च र पुँजीगत खर्च । चालु खर्च अन्तरगत गाउँपालिकाका प्रशासनिक कर्मचारी तथा पदाधिकारीहरुको तलब भत्ता तथा अन्य सेवा सुविधाहरुमा हुने खर्चहरु पर्दछन् भने संघीय सरकारको शसर्त अनुदानमा आधारित शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, उर्जा, खानेपानी जस्ता क्षेत्रगत कार्यक्रमका सञ्चालन खर्चहरु पर्दछन् । पुँजीगत अन्तरगत आर्थिक विकास, पूर्वाधार विकास, सामाजिक विकास, संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन, वातावरण संरक्षण एवं विपद् व्यवस्थापनका क्षेत्रमा हुने पुँजीगत (पुँजी निर्माणका) खर्चहरु पर्दछन् ।

गाउँपालिकाबाट प्राप्त बिबरण अनुसार आर्थिक वर्ष २०७६/०७७ मा कूल सार्वजनिक खर्च तर्फ ८३३८.७१ लाख विनियोजन भएको मध्ये चालु खर्च तर्फ रु ४८७८.४४ लाख (५८.५० %) र पुँजीगत खर्च तर्फ ३४६०.२७ लाख (४१.५० %) विनियोजन भएको देखिन्छ । उक्त विनियोजित रकम मध्ये चालु खर्च ३९३२.१३ लाख (८०.६०%) र पुँजीगत खर्च तर्फ १९७४.८१ लाख (५७.०७ %) यथार्थ खर्च भएको देखिन्छ । त्यसै गरी आ.व २०७७/७८ मा कूल सार्वजनिक खर्च तर्फ ९३९०.१७ लाख विनियोजन भएको मध्ये चालु खर्च तर्फ रु ५७१२.९५ लाख (६०.८३ %) र पुँजीगत खर्च तर्फ ३६७७.२१ लाख (३९.१७ %) विनियोजन भएको देखिन्छ । उक्त विनियोजित रकम मध्ये चालु खर्च ४७५०.०१ लाख (८३.१४%) र पुँजीगत खर्च तर्फ २९४७.३४ लाख (८०.१५%) यथार्थ खर्च भएको देखिन्छ ।

चालु आ.व.२०७८/०७९ को प्रस्तावित कूल ८७४७.३२ लाख मध्ये ६१००.०८ लाख (६९.७३ %) चालु खर्च र २६४७.२३ लाख (३०.२७ %) पुँजीगत खर्च तर्फ विनियोजन भएको देखिन्छ ।

आ.व.२०७६/०७७ र आ.व.२०७७/०७८ मा भएको कूल पुँजीगत खर्च मध्ये आर्थिक विकास तर्फ क्रमश ७६.८१ लाख (३.८९%) र १००.०० लाख (३.३९%), सामाजिक विकास तर्फ १९४.०० लाख (९.८२%) र १५१.८८ लाख (५.१५%), पूर्वाधार विकास तर्फ १५६४.०० लाख (७९.२०%) र २५२०.०० लाख (८५.५०%), वातावरण तथा विपद् व्यवस्थापन तर्फ ८०.०० लाख (४.०५%) र १०.८६ लाख (०.३६%) र संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फ ६०.०० लाख (३.०३%) र १६४.८५ लाख (५.५९%) खर्च भएको देखिन्छ ।

चालु आ.व.२०७८/०७९ मा कूल पुँजीगत खर्च मध्ये आर्थिक विकासमा ११०.०० लाख (४.१५%), सामाजिक विकासमा २५३.५० लाख (९.५७%), पूर्वाधार विकासमा २१०१.७३ लाख (७९.३९%), वातावरण तथा विपद् व्यवस्थापन तर्फ १००.०० लाख (३.७७ %) र संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फ ८२.०० लाख (३.०९%) खर्च प्रस्ताव गरेको देखिन्छ ।

अघिल्लो आ.व.को तुलनामा आ.व.२०७७/०७८ मा कूल खर्च ३०.३० प्रतिशतले वृद्धि भएको देखिन्छ । उल्लेखित खर्च तर्फ राजश्व बाँडफाँड तथा समानीकरण अनुदानमा आधारित खर्च आ.व.२०७६/०७७ मा २९३७.८० लाख, आ.व.२०७७/०७८ मा २३७०.४६लाख र आ.व.२०७८/०७९ मा ३५८४.०४ लाख छ ।

यसैगरी सशर्त अनुदानमा आधारित खर्च उक्त तीन आ.व.को क्रमशः २५०७.०८ लाख, ३१८०.९५लाख र ३२०१.१४ लाख विनियोजन भएको देखिन्छ । यी खर्चहरुलाई चालु खर्च शीर्षकको अंगका रुपमा उल्लेख गरिएको छ । खर्चको विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं.९.१ : गाउँपालिकाको सार्वजनिक खर्चको विवरण (आ.व.२०७६/०७७–२०७८/७९) (रकम रु.लाखमा)

क.सं	शिर्षक	आ.व. २०७६/०७७		आ.व. २०७७/०७८		आ.व. २०७८/०७९ (प्रस्तावित)		बृद्धि दर %
		रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत	
	कूल ब्यय	**५९०६.९५**	**१००.०**	**७६९७.३५**	**१००.०**	**८७४७.३२**	**१००.०**	
१.	**चालु खर्च**	**३९३२.१३**	**६६.५६**	**४५५९.०१**	**५९.२२**	**६१००.०९**	**६९.७३**	
१.१	आन्तरिक श्रोत, राजश्व बांडफांडमा आधारित खर्च	१४२५.०५		१३७८.०६		२८९८.९५		
१.२	सशर्त अनुदानमा आधारित खर्च	२५०७.०८		३१८०.९५		३२०१.१४		
२.	**पुंजीगत खर्च**	**१९७४.८१**	**३३.४४**	**२९४७.३४**	**४०.७८**	**२६४७.२३**	**३०.२७**	
२.१	**आर्थिक विकास**	**७६.८१**		**१००.००**		**११०.००**		
	कृषि तथा पशु	४२.८१		५५.००		६५.००		
	उद्योग तथा बाणिज्य	१०.००		१०.००		१८.००		
	पर्यटन	२०.००		३०.००		२३.००		
	सहकारी	४.००		५.००		४.००		
२.२	**सामाजिक विकास**	**१९४.००**		**१५१.८८**		**२५३.५०**		
	शिक्षा	१०२.९८		२५.००		८६.००		
	स्वास्थ्य	२८.७५		२५.००		८०.००		
	खानेपानी र सरसफाई	४६.२७		८५.८८		५९.५०		
	युवा, खेलकुद	१०.००		८.००		२०.००		
	लैससास	४.००		४.००		३.००		
	संस्कृति प्रवर्द्धन	२.००		४.००		५.००		
२.३	**पूर्वाधार विकास**	**१५६४.००**		**२५२०.००**		**२१०१.७३**		
	सडक तथा पुलपुलेसा	९८५.९५		९३३.१८		१०१५.३२		
	सिंचाई तथा तटवन्ध	८६.७३		५४.९७		११८.६०		
	भवन तथा शहरी विकास	३२६.३९		६२३.२१		४६६.७३		
	उर्जा विद्युत र विद्युतीकरण	५१.४२		४२६.२१		२५.००		
	अन्य पूर्वाधार	११३.५१		४८२.४३		४७६.०८		
२.४	**बन, बातावरण तथा विपद् व्यवस्थापन**	**८०.००**		**१०.८६**		**१००.००**		
२.५	**संस्थागत विकास, सेवा प्रवाह र शुशासन**	**६०.००**		**१६४.८५**		**८२.००**		

स्रोतः गाउँपालिकाको तीन आ.व.को वार्षिक बिकास योजना पुस्तिका तथा लेखा शाखाको प्रतिबेदन ।

९.१.३ राजश्व तथा आयश्रोत विश्लेषण

राप्ती सोनारी गाउँपालिकाको राजश्व शीर्षक अन्तरगत आन्तरिक राजश्व र विगत आर्थिक वर्षमा खर्च हुन नसकेको मौज्दात रकमलाई समावेश गरेको देखिन्छ । आ.व.२०७६/०७७ मा आन्तरिक राजश्व अन्तरगत जम्मा १४४६.६४ लाख रहेको देखिन्छ, भने आर्थिक वर्ष २०७७/०७८ मा आन्तरिक राजश्व तथा मौज्दात तर्फ १८५०.७९ लाख रहेको छ । त्यसैगरी आ.व.२०७८/७९ को लागि आन्तरिक राजश्व तथा नगद मौज्दात शीर्षकमा १८६२.८४ लाख प्रस्ताव गरिएको छ । राजश्व तर्फ आ.व. २०७६/०७७ र २०७७/०७८ मा राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम क्रमश १३०४.८२ लाख र ११७०.४५ लाख रहयो भने आ.व.२०७८/०७९ मा १७८३.०१ लाख आम्दानी प्रस्ताव गरिएको छ । अन्तर सरकारी वित्तीय हस्तान्तरण शीर्षक अन्तरगत आ.व.२०७६/०७७ मा ४२६३.३१ लाख, आ.व.२०७७/०७८ मा ५१७६.५६ लाख आम्दानी रहयो भने आ.व.२०७८/०७९ लागि ५२१२.१७ लाख प्रस्ताव गरिएको छ । राजश्व तथा आयश्रोतको विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं.९.२ : गाउँपालिकाको राजश्व तथा आयस्रोतको विवरण (आ.व.२०७६/०७७–२०७८/७९)

क्र.सं.	शिर्षक	आ.व. २०७६/०७७		आ.व. २०७७/०७८		आ.व. २०७८/०७९ (प्रस्तावित)		बृद्धि दर
		रकम रु. लाखमा	प्रतिशत	रकम रु. लाखमा	प्रतिशत	रकम रु. लाखमा	प्रतिशत	
१.	**आय विवरण**	**७०१४.७८**	**१००**	**८१९७.८०**	**१००**	**८८५८.०२**	**१००**	
१.१	**आन्तरिक राजश्व र नगद मौज्दात**	**१४४६.६४**	**२०.६२**	**१८५०.७९**	**२२.५७**	**१८६२.८४**	**२१.०३**	
१.१.१	आन्तरिक राजश्व	५४४.५७		३२३.०५		१३५३.८४		
१.१.२	गत वर्षको नगद मौज्दात	९०२.०७		१५२७.७४		५०९.००		
१.२	**राजश्व बाँडफाँडबाट प्राप्त रकम**	**१३०४.८२**	**१८.६१**	**११७०.४५**	**१४.२८**	**१७८३.०१**	**२०.१२**	
१.३	**अन्य आय**	**००**		**००**		**००**		
१.४	**अन्तर सरकारी बित्तीय हस्तान्तरण**	**४२६३.३१**	**६०.७७**	**५१७६.५६**	**६३.१५**	**५२१२.१७**	**५८.८५**	
१.४.१	**संघीय सरकार**	**४०११.०८**		**४९०९.०**		**४८३४.७०**		
	समानीकरण अनुदान	१५८४.००		१६१९.००		१७१९.००		
	शसर्त अनुदान (चालु)	२४२७.०८		३१९०.००		३०१९.७०		
	शसर्त अनुदान (पूँजीगत)	००		००		९६.००		
	समपुरक अनुदान	००		००		००		
	विशेष अनुदान	००		१००.००		००		
१.४.२	**प्रदेश सरकार**	**२५२.२३**		**२६७.५६**		**३७७.४७**		
	समानीकरण अनुदान	४८.९८		५९.०६		८२.०३		
	शसर्त अनुदान (चालु)	८०.००		१४८.५०		५.४४		
	शसर्त अनुदान (पूँजीगत)	००		००		८०.००		
	विशेष अनुदान (चालु)	५२.००		६०.००		६०.००		
	समपुरक अनुदान (पूँजीगत)	७१.२५		००		१५०.००		
१.५	**अन्तर स्थानीय तहबाट प्राप्त**	**००**		**००**		**००**		
१.६	**जनसहभागीता**	**००**		**००**		**००**		
	नगद सहभागीता	००		००		००		
	श्रम तथा बस्तुगत सहभागीता	००		००		००		
१.७	**बैदेशिक सहायता (अनुदान)**	**००**		**००**		**००**		
१.८	**गैरसरकारी संस्थाको सहयोग परिचालन**	**००**		**००**		**००**		
१.९	**सार्वजनिक ऋण**	**००**		**००**		**००**		
	आन्तरिक ऋण	००		००		००		
	बैदेशिक ऋण	००		००		००		

स्रोतः गाउँपालिकाको तीन आ.व.को वार्षिक बिकास योजना पुस्तिका तथा लेखा शाखाको प्रतिबेदन ।

९.२ आवधिक योजनाको बजेट अनुमान

लगानी तथा श्रोत आंकलन/प्रक्षेपण र कार्यक्रमगत बजेट

राप्ती सोनारी गाउँपालिकाको आवधिक योजनामा उल्लेखित कार्यक्रमहरु कार्यान्वयन गर्न ठूलो परिमाणमा खर्च र लगानीको आवश्यकता पर्दछ । यो प्रथम पाँच वर्षे योजनाका कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक पर्ने स्रोतको आंकलनमा सामान्य तथ्याङ्कीय बिधि अवलम्बन गरी प्रक्षेपण गरिएको छ । खासगरी गाउँपालिकाको विद्यमान आम्दानीको श्रोत, अन्तर सरकारी वित्तीय हस्तान्तरणको अवस्था, थप राजश्व परिचालन हुन सक्ने सम्भाव्य क्षेत्रहरु, निजी क्षेत्र तथा सार्वजनिक निजी सहकारी क्षेत्रको लगानी सम्भावनाको आँकलन, गैरसरकारी संस्थाहरुको सहभागीता र स्थानीय जनसहभागीता समेतको विश्लेषण गरी पाँच वर्षको लागि आवश्यक खर्च, लगानी र सम्भाव्य श्रोतहरुको प्रक्षेपण क्रमशः उल्लेख गरिएको छ ।

योजना अवधिमा हुने कूल खर्च र लगानीमा अन्तर सरकारी वित्तीय हस्तान्तरणको मूख्य भूमिका रहने प्रक्षेपण गरिएको छ । योजना अवधिको लागि आवश्यक पर्ने कूल लगानी ६२४२०.१५ लाख मध्ये संघ र प्रदेश तहबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदानहरुबाट खर्च हुने कार्यक्रमहरुमा कूल ३५९१८.६७ लाख (५७.५४%) व्यवस्थापन हुने देखिन्छ । खर्च र लगानिका स्रोतहरु मध्ये आन्तरिक श्रोतबाट ११५९७.०४ लाख (१८.५८%), राजश्व बाँडफाँडबाट ११९.७४ लाख, (१९.१८%) प्राप्त हुने अनुमान गरिएको छ । त्यसैगरी जनसहभागीता तर्फ ४८८.४१ लाख (०.७८%), गैरसरकारी संस्थाहरुको सहयोग परिचालनबाट १२२१.०२ लाख (१.९६%) रकम परिचालन हुने प्रक्षेपण गरिएको छ । त्यसैगरी योजना अबधिमा निजी क्षेत्र एवं सार्वजनिक निजी सहकारी क्षेत्रले विभिन्न कार्यक्रममा गर्ने लगानी १२२१.०२ लाख (१.९६%) हुने अनुमान गरिएको छ । प्रस्तुत अनुमान आंकलन गर्दा वार्षिक १० देखि २० प्रतिशतसम्म वृद्धि गरी प्रक्षेपण गरिएको छ ।

हालसम्म यस गाउँपालिकामा सम्पत्ति कर नलगाई भूमि तथा मालपोत कर मात्र लगाई आएको देखियो । आन्तरिक राजश्वको दायरालाई फराकिलो बनाउन आ.व.२०७९/०८०मा सम्पत्ति कर सम्बन्धी सम्पूर्ण प्रक्रिया पूरा गरी आ.व.२०८०/८१ देखि सम्पत्ति कर लगाउने व्यवस्थाको प्रस्ताव गरी सोही आधारमा रकम प्रक्षेपण गरिएको छ । योजना अवधिमा आन्तरिक तथा विभिन्न श्रोतबाट प्राप्त हुने रकमको प्रक्षेपण देहायका तालिकामा उल्लेख गरिएको छ

तालिका नं.९.३ : आन्तरिक आय प्रक्षेपण (रु.लाखमा)

राजश्व संकेत	शीर्षक	आधार बर्ष आ.व.०७८/७९	आ.व. ०७९/८०	आ.व. ०८०/८१	आ.व. ०८१/८२	आ.व. ०८२/८३	आ.व. ०८३/८४
११३१३	सम्पत्ति कर	०.००	०.००	५०.००	५५.००	६०.५०	६६.५५
११३१४	भूमिकर/मालपोत	१०.००	७०.००	४०.००	४४.००	४८.४०	५३.२४
११३२१	घरबहाल कर	१५.००	१८.००	१९.८०	२१.७८	२३.९६	२६.३५
११३२२	बहाल विटौरी कर	०.००	१५.००	१६.५०	१८.१५	१९.९७	२१.९६
११४७९	अन्य मनोरञ्जन कर	०.००	५.००	५.५०	६.०५	६.६६	७.३२
११४७२	बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर	०.००	५.००	५.५०	६.०५	६.६६	७.३२
१४२१३	अन्य बिक्रीबाट प्राप्त रकम	१२४५.८४	१५५७.३०	१८६८.७६	२०५५.६४	२२६१.२०	२४८७.३२
१४२२९	अन्य सेवा शुल्क	३५.००	४०.००	४४.००	४८.४०	५३.२४	५८.५६
१४२४२	नक्सा पास दस्तुर	५.००	७.००	७.७०	८.४७	९.३२	१०.२५
१४२४३	सिफारिश दस्तुर	२०.००	२२.००	२४.२०	२६.६२	२९.२८	३२.२१
१४२४४	व्यक्तिगत घटना दर्ता दस्तुर	१.००	१.५०	१.६५	१.८२	२.००	२.२०
१४२४५	नाता प्रमाणित दस्तुर	१.००	१.५०	१.६५	१.८२	२.००	२.२०
१४२४९	अन्य दस्तुर	०.००	३.००	३.३०	३.६३	३.९९	४.३९
१४२५३	व्यवसाय रजिष्ट्रेशन दस्तुर	६.००	७.००	७.७०	८.४७	९.३२	१०.२५
१४३१२	प्रशासनिक दण्ड, जरिवाना जफत	१०.००	१२.००	१३.२०	१४.५२	१५.९७	१७.५७
१५१११	बेरुजु	५.००	७.००	७.७०	८.४७	९.३२	१०.२५
३२१२१	नगद अल्या	५०९.००	०.००	०.००	०.००	०.००	०.००
जम्मा		**१८६२.८४**	**१७७१.३०**	**२११७.१६**	**२३२८.८८**	**२५६१.७६**	**२८१७.९४**

तालिका नं.९.४ : लगानीका विभिन्न श्रोतहरुको प्रक्षेपण (रु.लाखमा)

क्र.सं	शिर्षक	आधार बर्ष आ.व. ०७८/७९	आ.व. ०७९/८०	आ.व. ०८०/८१	आ.व. ०८१/८२	आ.व. ०८२/८३	आ.व. ०८३/८४	कूल आय तथा लगानी	प्रतिशत
१.	**कूल आय तथा लगानी**	**८८५८.०२**	**१००९६.००**	**११२७४.३३**	**१२४०१.७६**	**१३६४१.९४**	**१५००६.१३**	**६२४२०.१५**	**१००.००**
१.१	**राजश्व र नगद मौज्दात**	**१८६२.८४**	**१७७१.३**	**२११७.१६**	**२३२८.८७६**	**२५६१.७६३६**	**२८१७.९४**	**११५९७.०४**	**१८.५८**
१.१.१	आन्तरिक राजश्व	१३५३.८४	१७७१.३०	२११७.१६	२३२८.८८	२५६१.७६	२८१७.९४	११५९७.०४	
१.१.२	गत वर्षको नगद मौज्दात	५०९.००	०	०	०	०	०	०.००	
१.२	**राजश्व बाँडफाँडबाट प्राप्त रकम**	**१७८३.०१**	**१९६१.३१**	**२१५७.४४**	**२३७३.१९**	**२६१०.५०**	**२८७१.५६**	**११९७४.००**	**१९.१८**
१.३	**अन्तर सरकारी बित्तिय हस्तान्तरण**	**५२१२.१७**	**५८८३.३९**	**६४७१.७३**	**७११८.९०**	**७८३०.७९**	**८६१३.८७**	**३५९१८.६७**	**५७.५४**
१.३.१	नेपाल सरकारबाट प्राप्त समानीकरण अनुदान	१७१९.००	१८९०.९०	२०७९.९९	२२८७.९९	२५१६.७९	२७६८.४७	११५४४.१३	
	नेपाल सरकारबाट प्राप्त शसर्त अनुदान चालु	३०१९.७०	३३२१.६७	३६५३.८४	४०१९.२२	४४२१.१४	४८६३.२६	२०२७९.१३	
	नेपाल सरकारबाट प्राप्त शसर्त अनुदान पुजीगत	९६.००	१०५.६०	११६.१६	१२७.७८	१४०.५५	१५४.६१	६४४.७०	
	नेपाल सरकारबाट प्राप्त समपुरक अनुदान	०.००	१००.००	११०.००	१२१.००	१३३.१०	१४६.४१	६१०.५१	
	नेपाल सरकारबाट प्राप्त विशेष अनुदान	०.००	५०.००	५५.००	६०.५०	६६.५५	७३.२१	३०५.२६	
	नेपाल सरकार जम्मा	**४८३४.७०**	**५४६८.१७**	**६०१४.९९**	**६६१६.४९**	**७२७८.१३**	**८००५.९५**	**३३३८३.७२**	
१.३.२	प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान	८२.०३	९०.२३	९९.२६	१०९.१८	१२०.१०	१३२.११	५५०.८८	
	प्रदेश सरकारबाट प्राप्त शसर्त अनुदान चालु	५.४४	५.९८	६.५८	७.२४	७.९६	८.७६	३६.५३	
	प्रदेश सरकारबाट प्राप्त शसर्त अनुदान पुजीगत	८०.००	८८.००	९६.८०	१०६.४८	११७.१३	१२८.८४	५३७.२५	
	प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान	१५०.००	१६५.००	१८१.५०	१९९.६५	२१९.६२	२४१.५८	१००७.३४	
	प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान	६०.००	६६.००	७२.६०	७९.८६	८७.८५	९६.६३	४०२.९४	
	प्रदेश सरकार जम्मा	**३७७.४७**	**४१५.२२**	**४५६.७४**	**५०२.४१**	**५५२.६५**	६०७.९२	२५३४.९४	
१.४	**अन्तर स्थानीय तहबाट प्राप्त**	**०.००**	**०.००**	**०.००**	**०.००**	**०.००**	**०.००**	**०.००**	**०.००**
१.५	**जनसहभागीता**	**०.००**	**८०.००**	**८८.००**	**९६.८०**	**१०६.४८**	**११७.१३**	**४८८.४१**	**०.७८**
